# कर्णाली प्रदेशसभा
# नवौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २०७८ पौष २८ गते
# बुधवार
# (बैठक संख्या-१)

<u>राष्ट्रिय धुन.</u>

**माननीय सभामुखः**-माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको पहिलो बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश प्रमुखको कार्यालयबाट प्रदेशसभाको नवौं अधिवेशन आह्वानसम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरा वाचन गरेर सुनाउँदछु।

विषयः प्रदेशसभाको अधिवेशन आह्वान सम्बन्धमा ।

श्री प्रदेशसभा सचिवालय

कर्णाली प्रदेश

वीरेन्द्रनगर सुर्खेत

कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूबाट मिति २०७८ नौ २२ मा भएको आदेशअनुसार नेपालको संविधानको धारा १८३ को उपधारा १ बमोजिम कर्णाली प्रदेशसभाको नवौं अधिवेशन मिति २०७८ साल ९ महिना २८ गते बुधवार दिनको तीन बजे कर्णाली प्रदेशसभा भवन वीरेन्द्रनगर सुर्खेतमा बस्ने गरी आह्वान भएको व्यहोरा अनुरोध गर्दछु ।

आज्ञाले

ठाकुर प्रसाद सिग्देल

सचिव

मितिः २०७८ साल ९ महिना २२ गते ।

माननीय सदस्यहरू प्रदेश प्रमुखको कार्यालयबाट मन्त्रिपरिषद् गठनसम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरा वाचन गरेर सुनाउँदछु ।

विषयः मन्त्रिपरिषद् गठन सम्बन्धमा ।

श्री प्रदेशसभा सचिवालय कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेत, माननीय प्रदेश प्रमुख श्री तिलक परियारज्यूले माननीय मुख्यमन्त्री श्री जीवनबहादुर शाहीको नेतृत्वमा मिति २०७८ साल ७ महिना १६ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको

धारा १६८ को उपधारा ९ बमोजिम मिति २०७८ साल ८ गते देहायअनुसार नियुक्ति हेरफेर र कार्यविभाजन गरी मन्त्रिपरिषद् गठन गर्नु भएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

| क्र.सं. | नामथर | पदनाम | कार्यविभाजन |
|---|---|---|---|
| १ | श्री जीवनबहादुर शाही | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्कोकार्यालय<br>उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय<br>भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय<br>आन्तरिक मामिला तथा कानूनमन्त्रालय<br>जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय<br>सामाजिक विकास मन्त्रालय |
| २ | श्री चन्द्रबहादुर शाही | मन्त्री | भूमि, व्यवस्था, कृषि तथा सहकारीमन्त्रालय |
| ३ | श्री बिन्दमान विष्ट | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय |

ठाकुर प्रसाद सिग्देल
सचिव
मितिः २०७८/९/२६

माननीय सदस्यहरू प्रदेशसभाको नवौं अधिवेशन शुभारम्भको पहिलो बैठक दलको तर्फबाट धारणा राख्नको लागि समय निर्धारण गरेको छु । सर्वप्रथममाननीय श्री यामलाल कंडेल ।

**माननीय श्री यामलाल कंडेलः** सभामुख महोदय, संवैधानिक व्यवस्थाअनुसार आज हामी कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको पहिलो बैठकमा उपस्थित छौं । गएको अधिवेशनपछि वा आठौं अधिवेशनबाट नवौं अधिवेशनसम्म आइपुग्दा कतिपय परिस्थितिहरू कतिपय अवस्थाहरू कतिपय संरचनाहरू बदलिएको अवस्था देखिन्छ । संसद्को प्रमुख प्रतिपक्ष दलको नाताले संवैधानिक बाध्यताका कारणले आज सभामुखमार्फत्सभासमक्ष देखा भेट हुने एउटा परिस्थिति बन्यो नै । यदि संवैधानिक बाध्यता हुँदैनथ्यो भने सायद यो भेटघाट त्यही संवैधानिक व्यवस्थाले गरेको मिति तिरै जान्थ्यो होला तर हाम्रो संविधानले बाध्यात्मक व्यवस्था गरेकै कारणले गर्दा आज हामी सबै यो प्रदेशसभाअन्तर्गत यो नवौं अधिवेशनमा उपस्थित भएका छौं । सम्झने हो भने त धेरै कुरा नगरेपनि हुन्थ्यो जस्तो लाग्छ । यो संसद्को गरिमाका हिसाबले, यसको मर्यादाका हिसाबले आफ्ना केही कुराहरू, भनाइहरूराख्नु मैले सान्दर्भिक ठान्दछु । हुन

त हाम्रो कार्यकालको अब पाँचौं वर्षमा प्रवेश गर्दै गरेको एउटा अवस्थाको निकट छौं। संसद् चल्नुपर्ने, नचलाउनुपर्ने, चल्नुपर्ने, संसद्भित्र विभिन्न संरचनाहरू हुनुपर्ने, नपर्ने कुराहरू पनि छलफल गर्नुपर्ने अवस्था पनि देखिन्छ । तर पनि म भन्न चाहन्छु, आफ्नो तर्फबाट दलको तर्फबाट दलको विश्वासका आधारबाट यसको मर्यादा बढाउनका निम्ति, यसको प्रभावकारिता बढाउनका निम्ति, व्यवहारहरूलाई तपसिलमा राखेर आफ्ना धारणा र दृष्टिकोणहरू बनाउनुपर्ने हुन्छ । हामी त धारणा राख्ने न हो, सुझाव राख्ने न कुरा हो, राख्दा हामी सबैको मर्यादा, हामीले प्रयास गरेको संरचनाको मर्यादा बढ्छ भन्ने मलाई लाग्छ । गर्नेले नगरेपछि सुझाव लिनेले त्यसलाई गम्भीरतापूर्वक नलिएपछि सम्बन्धितले मात्रै सजाय पाउने कुरा रहँदो रहेनछ । जनप्रतिनिधिहरूको पङ्क्तिमा नेकपा एमालेका सांसदहरूको पङ्क्तिमा उपस्थित हुनपर्दा जनताको तहबाट कतिपय गुनासाहरूसजायहरू भोग्नुपर्ने परिस्थिति निर्माण हुँदो रहेछ । आठौं अधिवेशनबाट नवौं अधिवेशनसम्म आइपुग्दा सरकारको संरचना बदलिएको यदि सदनमार्फत्पहिलोचोटि देखाभेट हुने परिस्थिति निर्माण भयो । जो सरकारको नेतृत्व गर्नु भएको छ उहाँलाई म दलका तर्फबाट बधाई भन्न चाहन्छु । गएको अठौं अधिवेशनमा सभामुखज्यू पनि त्यसको साक्षी हुँदै हुनुहुन्छ । आजका मुख्यमन्त्रीज्यू पनि त्यसका मध्यस्थकर्ता हुँदै हुनुहुन्छ । त्यस्तै हठात् र त्यस्तै कुराबाट राम्रो भइरहेको छ भने हाम्रो भन्नु केही छैन। प्रतिपक्ष हो जसले जनताका कुरा उठाउँछ । देश दुनियाँमा घटेका कतिपय कुराहरू पनि उठाउँछ। जिम्मेवारीमा हुनुपर्नेले त्यसको समाधान पहल कदमी लिनुपर्ने हो । सभाधानका उपायहरू खोज्नुपर्ने हो । तर हामीले समाधान दिँदा दिँदै पनि बिहान ८ बजे बैठक बोलाएर जाने कुरा भए पनि रातको ९-१० बजेसम्म पनि बैठक बस्ने कुरा हुँदा हुँदै पनि हठाहत संसद् बन्द गरेर अध्यादेशका माध्यमबाट त्यतिबेलाको सरकार अगाडि बढ्यो । सरकारलाई अध्यादेश ल्याउन छुट छ, व्यवस्था छ, भनेर त्यो बाटो रोजेको भए पनि केही भनिन्थेन । त्यस कारणले मैले अघिको भनेको हो कि बैठक केका निम्ति अैपचारिकता पूरा गर्नका निम्ति कि यी बैठकमार्फत् हामीले प्रतिनिधित्व जनतालाई आश्वस्त र विश्वस्त बनाउने यो संस्थाप्रति विश्वास र प्रभावकारिता बढाउनका निम्ति मलाई लाग्छ विपत्तिका बाबजुद पनि छलफलहरू हुने गर्दछन् । तर अवस्था त्यस्तो देखियो, त्यसपछि अर्को सरकार मात्र बदलिएन, जनताको जनादेशका आधारबाट हैन, जनमतका आधारबाट हैन, भइरहेको कानूनी व्यवस्थाका आधारबाट हैन, नेपालको राजनीतिक इतिहासमा लोकतान्त्रिक मूल्य र मान्यताको पैरवी गर्दै गएको राजनीतिक पार्टीको नेतृत्व नेपाली कांग्रेसको नेतृत्वमा सङ्घीय सरकार चलिरहेको

अवस्थामा सरकार बनाउन, संख्या पुऱ्याउन सजिलो भयो होला, समयक्रममा त्यसको समीक्षा हुन्छ नै त्यसले लोकतन्त्रलाई कति सुदृढ गऱ्यो । त्यसले संसदीय व्यवस्थालाई नै कसरी सुदृढ गऱ्यो । र हिजोका कतिपय कुराहरूलाई सुदृढ गऱ्यो थाहा भएन । अध्यादेशमार्फत कानून ल्याएर नयाँ पार्टी निर्माण गर्ने ढोका नेपाली कांग्रेसको नेतृत्वमा रहेको सरकारले गऱ्यो त्यही ढोकाबाट छिरेर नयाँ पार्टी निर्माण भए जस्तै हाम्रो प्रदेशसभामा पनि नयाँ नाम गरेको पार्टी देखा परेको अवस्थालाई अन्यथा वा अनदेखा गर्न म पनि सक्दैन । जो मान्छे नयाँ पार्टीमा सामेल भइराख्नुभएको छ धेरै टिप्पणी गर्न चाहँदैन म अहिले उहाँहरूले आफ्नो नीति विचार र कार्यक्रमका आधारबाट हैन त्यही व्यवस्था एकचोटि हाम्रो पार्टीका अध्यक्ष पूर्व प्रधानमन्त्री सम्माननीय केपी ओलीले गर्न खोज्दा के गरियो भन धेरै चर्चा गर्नु पर्दैन । त्यस कारणले केही संरचनाहरू बदलिएका छन्, सम्बन्धहरू बदलिएका छन् । बदलिएका संरचना र सम्बन्धहरू कसरी अगाडि प्रकट हुन्छ त्यसअनुसार नेकपा एमालेले आफ्नो धारणा र दृष्टिकोण बनाउने कुरा म राख्नचाहन्छु । यी घटनाक्रमका आधारबाट कुनै आग्रह वा पूर्वाग्रहका आधारबाट विचार बनाउँदैन नेकपा एमाले संसदीय दलले को कता लाग्नु हुन्छ को के गर्नु हुन्छ त्यसका आधारबाट विचार र दृष्टिकोण बनाउदैन । तिनले हिजो के भनिरहेका थिए के गरिरहेका थिए, यो सभाको रेकर्डमा त्यो सुरक्षित छन् जस्तो लाग्छ । त्यस कारणले म फेरि पनि भन्न चाहन्छु । यद्यपि यो बिचमा संवैधानिक बाध्यता थियो नै नयाँ मुख्यमन्त्री नियुक्त भएको ३० दिन भित्र विश्वासको मत लिने कुरा संवैधानिक व्यवस्था थियो नै त्यो नेकपा एमाले राम्रोसँग जानकारी राख्दछ । तर मलाई यस्तो लागिरहेको छ कि त्यो हाम्रो मामिला हो कोसँग ? किन सरोकारको विषय, सबैलाई थाहा थियो हाम्रो पूर्व निर्धारित कार्यक्रम थियो नेकपा एमालेको १०औं महाधिवेशन पूर्वनिर्धारित पूर्व प्रचारित थियो । त्यहीभित्र संवैधानिक व्यवस्थाअनुसार विश्वासको मत लिने कुरा पनि सम्बन्धितलाई जानकारी भएकै कुरा हो भन्ने मलाई लाग्छ । म आज आफ्ना विचारराख्नचाहन्छु । यसको पनि प्रयोग हाम्रै देशमा विभिन्न प्रदेशमा विभिन्न ढङ्गले गरिरहेकै अवस्था पनि सम्बन्धितहरू जानकार नै हुनुहुन्छ। त्यो संसद् जानकारी छ त्यो सरकार जानकार हुनुपर्ने हो । सामान्य परामर्शसमेत नभएको अवस्थाबाट हामीले के देख्यौं भने उहाँहरू बेरोकटोकका साथ आफ्नो बाटो हिँडि राख्नुभएको छ । रोक्न त सकिँदैन रोक्ने चेष्टा पनि गरिँदैन । तर यो संसद्भित्रको प्रभावकारिता विनासंवाद, विनासल्लाह चले नै प्रभावकारिता हुन्छ भन्ने लागिरहेको छ भने मेरो भन्नु केही छैन । हामी हाम्रो तर्फबाट यो संसद्को मर्यादा हामी यो संसद्को

कामकारबाही, संसद्को काम कारबाही मात्र हैन हामीले देखेको कुरा सरकारको पनि कामकारबाहीलाई सकारात्मक पार्ने कुरामा हाम्रो कुनै अन्यथा सोच छैन । तर म फेरि पनि भने असारको ३० गतेदेखि आज पहिलोचोटि देखाभेट हुने परिस्थिति आज संवैधानिक बाध्यताले गराइरहेको छ । यस्तो अवस्थामा फेरि पनि म भन्न चाहन्छु । हाम्रो समय जति बाँकी छ प्रभावकारी गर्ने कुरा गर्नु राम्रो हुन्छ । जति छ, यद्यपि अहिले के राम्रो काम गर्ने के नराम्रो काम गर्ने भन्ने कुरा आफ्नो ठाउँमा छ । आफूले के पाइन्छ, पाइन्छ ठिक छ पाइन्न आफ्नो बाटो लाग्ने संस्कृति हुर्किरहेको छ । पाइन्छ ठिक छ पाइँदैन आफ्नो बाटो लाग्ने, त्यो अवस्था र संख्या हुँदा हुँदै पनि त्यो बाटो पदमा नहिँडेको पात्र म तपाईंहरूको बिचमा छु । यति भन्ने हक म राख्छु । संख्या र पद हुँदा हुँदै पनि, यहीं बिचमा थुप्रै जनसरोकारवालाहरूका कुरा उठे, सरकारमै रहेका मानिसहरूका बारेमा पनि कुरा उठे तर त्यो सरकारलाई ती कुराले छुँदै छोएन। उल्टै सरकारका घोषित मान्छेहरूले त्यसको बचाउ गर्ने परिस्थिति निर्माण भयो । के कुनै मूल्य र मान्यताको संरक्षण गर्नु पर्दैन, के कुनै सीमा र दायरालाई पालना गर्नु पर्दैन । एक छिन त नपर्न सक्छ । म अहिले के उठे भन्न चाहन्नँ, तर मलाई संसद् वा जनप्रतिनिधि वा सरकारलाई निर्लज्जित पार्ने कतिपय घटना, कतिपय चर्चाहरू र वातावरण बन्दा, त्यसलाई हतोत्साहित गर्ने कुरा हैन उत्साहित गर्ने गरी कतिपय विगतमा आफूलाई बहादुरीका साथ लडिरहेको त्यो क्षेत्रको लिङ्ग र जातका निम्ति लडिरहेकाहरूले पनि सगौरव रक्षाका निम्ति आफूलाई तयार पार्ने परिस्थिति निर्माण भयो। यस्तो अवस्थामा आज हामी नवौं अधिवेशनको शुभारम्भको दिनमा उपस्थित छौं र म दलको तर्फबाट आफ्नो धारणा राखिरहेको छु । हामीले विगतका जति वर्ष थिए, सबै मिल्दा मिल्दै त हामीले काम गर्न सकेनौं एक समय यस्तो थियो संसद्भित्र के सत्ता पक्ष के प्रतिपक्ष नचिनिने गरी एउटै थियो त्यस्तो बेला त काम गर्न सकेनौं काम भएने आज मुलुक अभिलेखमा त धेरै पार्टी छन् नजरअन्दाज गर्न चाहन्नँ । व्यवहारमा जम्मा दुईओटा पार्टी छन् एउटा नेकपा एमाले र अर्को गठबन्धन नाम गरेको अर्को पार्टी यद्यपि अभिलेखमा त धेरै छन् । एउटाको नेतृत्व सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाले गरी राख्नुभएको छ हाम्रो पार्टीको अध्यक्ष केपी शर्मा ओलीले एउटाको नेतृत्व गरी राख्नुभएको छ । मुलुकको जन्म जम्मा दुई भागमा विभाजित छ अभिलेखमा त धेरै पार्टी छन् म नजरअन्दाज गर्न चाहन्नँ । व्यवहारमा जम्मा दुई ओटा पार्टी छन्, मोर्चाबन्दी कुरा छ यस्तो अवस्थामा हाम्रो जस्तो प्रदेशमा कसरी राम्रो काम गर्ने होला, नयाँ सरकारको कुरा त सुन्न बाँकी नै छ । अहिले नै म

टिप्पणी गर्न चाहँदैन । सरकारको नेतृत्व गरेर आउनु भएको छ । उहाँले संसद्मा आफ्ना कुराहरू पक्कै पनि समय क्रममा राख्नु नै हुनेछ । अहिले नै मैले टिप्पणी गर्ने कुरा हतारो हुन्छ । यस्तो को बिचमा कसरी राम्रो काम गर्ने होला बजेट दुई तीन ओटाशीर्षकमा विभक्त भएर, समयक्रममा हामीले भोलि छलफल चलाउँला हामीले विगतका सबै बजेट अधिवेशनमा हामीले त्यो छलफल चलाएकै थियौं। मुख्यमन्त्री रोजगार कार्यक्रमका आधारबाट जे निर्देशिका मैले प्राप्त गरेको छु, सत्तामा सामेल हुने साथीहरू त खुसी नै हुनुहोला जस्तो लाग्छ । के त्यो तरिकाले सुशासनको, के त्यो तरिकाले मितव्ययिताको, के त्यो तरिकाले अनियमिततालाई रोक्न सकिन्छ ? किनभने संसद्को प्रारम्भ भएको हुनाले जनताको तर्फबाट मैले कुरा राख्नु मैले आफ्नो दायित्व र कर्तव्य ठान्दछु ।

हाम्रो बजेटको उल्लेखनीय हिस्सा रहेको पुँजीगत रकम दान, दातव्यमा बाँड्ने गरी कार्यविधि प्राप्त भएको छ । पुँजीगत खर्चको उल्लेखनीय हिस्सा दान, दातव्यमा दिने गरी कार्यविधि बनाएर, हुन त अहिले मेरो नजरमा त एउटै पार्टी हुनुहुन्छ त्यसको नाम हो गठबन्धन तर त्यसभित्र अभिलेखको हिसाबले भिन्दा भिन्दै हुनुहुन्छ । तर मुलत त्यति बेलाको नेतृत्व गर्ने पार्टीलाई प्रतिनिधित्व गर्ने गरी कुनै स्थानीय तहको भूमिका र दायित्व नराखीकन, जनताले चुनेको कर्णाली प्रदेशका माननीयहरूको भूमिका नराखीकन जोलाई जहाँ मन लाग्द त्यहाँ दान, दातव्य दिने गरी व्यवस्था गरेर बजेट वितरण गरेको र योजना छनोट गरेको कुरा छर्लङ्गै छ । म त्यताप्रति सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । यस्तै कुरालाई समर्थन गर्दै अहिलेको सरकार रहेछ भन्ने थाहा पाए भने त्यति बेला म दलका धारणाराख्नेछु । मलाई विश्वास छ कहिलेको मुख्यमन्त्रीज्यूले लगातार तीन वर्षसम्म विचार राखेको कुरा के राख्नुभएको थियो त्यो यो संसद्मा अभिलेख सुरक्षित छ ।

के राख्नुभएको थियो, के छ त्यो सुरक्षित छ । त्यसका आधारबाट मैले विश्वास व्यक्त गर्न चाहन्छु कि त्यो पद त्यो बाटो उहाँले अवलम्बन गर्नु हुन्न । बिग्रिसकेको कुरा त बिग्रीसक्यो तर बाँकी कुरा सुधार्ने कुरामा उहाँले अगाडिबढ्ने कुरा गर्दा उहाँको कुरा हो। त्यस्तै अर्को निकै विवाद र छलफलका पछि पूर्वाधार विशेष कार्यक्रम बनाइयो अहिले नयाँ संशोधन भएको छ भन्ने मैले सुनेको छु पढ्न पाएको छैन । तर पुरानो कुराका आधारबाट हेर्ने हो भने विवाधिन हुने सांसद, जनप्रतिनिधि कार्यविधि मुख्यमन्त्री केन्द्रित उस्तै परे २४सै ओटा निर्वाचित क्षेत्रको नेता कोही हो भने त्यो मुख्यमन्त्री हुने गरी कार्यविधि बनाएको अवस्थाको कार्यविधि मैले पढेको हो । सबैलाई थाहा छकि

त्यो सांसद केन्द्रित हो भने त्यसका कारणले त्यसमा यति मात्रै भने संशोधन भएको वा गर्ने अरे भन्ने सुनिरहेको छु यसमा पनि उहाँको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । सरकारी दायित्व निर्माण भइसकेपछि बजेट निर्माण गर्दा त्यो दायित्वको रकम त्यो बजेटमा उल्लेख गर्नुपर्ने त्यो सरकारको दायित्व र कर्तव्य हो । तर आफ्नो गल्ती कमजोरी छोप्नका निम्ति अहिले विनियोजन गरेको बजेटबाट कटौती गर्ने गरी जे व्यवस्था गरिएको छ त्यसमा सरकारले गम्भीरतापूर्वक ध्यान दिन जरुरी छ ।

तेस्रो कुरा हाम्रो अधिवेशनमा डल्लो बजेट भनेर निकै चर्चा भएको एउटा शब्द हो । एउटा मन्त्रालयको एउटा जिल्ला स्तरीय कार्यालयमा त्यो डल्लो बजेटलाई एउटा वा दुई योजनामा हैन कि एउटा जिल्लामा तीन सय बढी योजना पार्ने गरी ५ लाख ७ लाखका बजेट व्यवस्था गरेको अवस्था रहेछ । एउटा जिल्लामा एउटा कार्यालयमा ५ लाख देखि १० लाखका योजना छान्ने सरकारमा रूपान्तरित भएको रहेछ अहिले प्रदेश सरकार । अब भन्नुहोस्, यो कर्णालीमा विकास गर्नेभन्दा पनि विकास खाने भन्ने मान्यता छ अहिले पनि बुढापाकाहरूले यो वर्ष त विकास खानै पाइएन भन्नु हुँदो रहेछ। यसले विकास गर्नेलाई बढवा दियो कि विकास खानेलाईभन्दा कार्यालयको साथीहरूहाकिमहरू भन्नुहुन्छ यो ५ लाख र ७ लाखको म कहाँ अनुगमन गर्दै जाने कहाँ काममा देखाउने यसबाट के बुझिन्छ भने सरकारी साधन र स्रोतलाई पार्टीका सदस्यहरू बढाउने गरी खुलेआम सरकारका मान्छेहरूले प्रचार गरिरहेका छन् । के के गर्नुहुन्छ साधन स्रोत हाम्रो केही अपत्ति छैन किन कि नेकपा एमाले विचार सिद्धान्त र कार्यक्रमका आधारबाट आफ्नो जनमतलाई कायम गर्दै प्रभावलाई विस्तार गर्दै आएको पार्टी हो । आज राज्यको ढुकुटी प्रयोग गरेर सरकारको तहबाट पाँच लाख र सात लाखका योजनाहरू एक हैन ३ सय एउटा जिल्लामा दिँदा प्रदेशभरिका योजनाको संख्या गर्ने हो भने त्यो हजारौँमा पुग्दो रहेछ । मेरा तर्फबाट दलको तर्फबाट म सरकारलाई भन्न चाहन्छु राम्रो काम गर्नुहोस् हामी सहयोग गर्न तयार छौँ । तर यस्तो किसिमको कामको समर्थन गर्न सकिँदैन हामीलाई अविलम्ब अब संसद् चलेको छ यस्ता योजना प्रदेशभरि कति छन् ? कुन मन्त्रालयका कति छन् ? हामीलाई अब सांसद सुसूचित हुन पाउनु पर्‍यो । कति छन् त अब मैले भने म अस्ति मात्रै पूर्वाधार विशेष कार्यक्रमअन्तर्गत सहभागी हुन निर्देशनालय पुगेको थिएँ मैले सोधे हाकिम साब के छ त अवस्थाभन्दा उहाँले भन्नुभयो ३ सयभन्दा बढी योजना छन् हजुर । उहाँले त जिल्लाभरि भन्नुभयो मैले मेरो निर्वाचन क्षेत्र १४ ओटा वडाको दिनुस् न त जिल्लैभरिको किन लाने अहिले दिनुस् न त भनेर हेरेको ७ लाख, ५ लाख समाजलाई चाहिने योजना

छैनन् घरलाई चाहिने योजना मात्रै छन् । भन्नुस् समाजलाई चाहिने साझा हुन्छन् अलि ठूला हुन्छन् घरलाई चाहिने भनेको आफ्नो घरको अगाडिको आँगन।अहिले पूर्वाधार विकास मन्त्रालय पनि माननीयमुख्यमन्त्रीज्यूले समालिराख्नुभएको छ । मैले दृष्टान्त पेश गरे मेरो निर्वाचन क्षेत्रभित्र तोकिएका योजनाहरू मैले हेरे ५ लाख र ७ लाखका छन् ती समाजलाई चाहिने, साझा योजना छैनन् आ-आफ्ना घरमा जाने योजना छन् । के कर्णाली प्रदेशको आवश्यकता यहीं हो, यहीं हो प्राथमिकता काँक्रिविहार जाने बाटो अलपत्र छ । यद्यपि अहिले सम्झौता र टेण्डर भयो, तेलपानी भुरीगाउँ जाने सडकमा गएको वर्ष अर्थ कटिङ गरे अहिले पैसा छैन अलपत्र छ अहिले बगेर जान्छ । यहीं पर पदमार्ग भनियो आधा गराइयो, हेरेको हेरै अवस्था छ। एउटा सहिद पार्क बनाउने कुरा गरियो त्यो हेरेको हेरै छ । नियमित गर्नुपर्ने योजनामा बजेट कटौती छ भरणपोषणका बजेटहरूमा रकम विनियोजना गरेको अवस्था छ अब भन्नुहोस् के लाई समर्थन गर्ने ? सरकार कुन बाटो हिंड्ने ? त्यस कारणले मैले सामाजिक सञ्जालबाटै सुनेको थिए हाम्रो विश्वासको मत लिँदा माननीय मुख्यमन्त्रीले भन्नुभएको थियो आफ्ना घटक दलहरूलाई विश्वास दिलाउनका निम्तिपनि भन्नुपर्ने बाध्यता थियो होला उहाँलाई यो हिजो कै निरन्तरता हो । हिजो कै निरन्तरताभन्दा यहीं पनि निरन्तरता हो यहीं हिजोकै भरणपोषणको बजेटमा निरन्तरताका साथ अहिलेकै सरकार हिँडिरहने कुरा स्वयम उहाँले फेरि आवश्यक पर्दा भन्नु भएछ भने त्यति बेला दलका तर्फबाट प्रतिक्रिया व्यक्त गरौंला । त्यस कारणले मैले सिम्बोलिक रूपमा, साङ्केतिक रूपमा, केही कुरा आज प्रारम्भमा मैले राखे । यस्तो अवस्थामा एउटा प्रतिपक्ष जनताको निर्वाचित सांसद ६ महिनामा भेट्ने परिस्थिति संसद् र सरकार र प्रमुखप्रतिपक्षी दलको बिचमा हुने अवस्था कायम राखेर नै प्रदेश सरकार प्रदेशको विकास निर्माणमा राम्रो हुन्छ भने हामीलाई धेरै हतारो छैन । हैन त्यो त बेठीक हुन्छ भन्ने लाग्छ भने त्यो सम्बन्धितको कुरा हो । त्यस कारणले मैले आज यी भन्नका निम्ति भनिरहेको हैन विरोध गर्नका निम्ति विरोध उठाइरहेको हैन अनौपचारिक हिसाबमा भन्ने हो भने कोही पनि माननीय सदस्यहरूका बिचमा असहमत हुनुपर्ने कुरा नेकपा एमालेको तर्फबाट हामीले उठाइरहेका छैनौं । सरकार छ त केवल अभिलेखमा छ सरकार व्यवहारमा अनुभूति गर्ने अवस्था छैन । सरकार छ त केवल अभिलेखमा छ व्यवहारमा अनुभूति हुने गरी आउनुस् नेकपा एमालेको सहयोग रहन्छ । तर अभिलेखमा छ । हुन त कतिपय ठाउँमा म त्यसका निम्ति त कर्णाली प्रदेश सरकारलाई धन्यवाद नै दिन चाहन्छु मान्छे टिकाउन, गठबन्धन टिकाउन झ्याल झ्यालमा मन्त्रालयको साइनबोर्ड

टाँगेको दृष्य पनि देखिन्छ । हिम्मतका साथ उहाँले थारै मन्त्रालय भएर चलाईराख्नुभएको छ यस्तै गरी चलाइराख्नुस् हाम्रो शुभकामना छ। कमसेकम पैसा त अलि अलि बच्छ हुन त बाटै भरणपोषणमा भइसकेपछि कसले कति भत्ता खाए, कसले कति खर्च गरे त्यसको चर्चा गर्नु के अर्थ छ। राज्यको साधन, स्रोत र संरचनाको दुरूपयोग गरेर गठबन्धन टिकाउने बाटोमा हिँडेपछि अरूको अपेक्षा गर्नु त्यो जरुरी छैन  तर एउटा सम्मानित सभामा जिम्मेवारी बोधका साथ आफ्नो तर्फबाट सुझाव राख्नु मैले आफ्नो ठान्दछु । बाटो त त्यो समाइसक्यो अब गठबन्धन कायम गर्न संरचनाको दुरूपयोग गरेर, साधन र स्रोतको दुरूपयोग गरेर गर्न सक्दा त्यो गठबन्धन टिकिरहन्छ राम्रो काम गर्नु पर्‍यो भन्नुभयो भने राम्रो काम गरौं भन्ने एक्लो पर्ने परिस्थितिको अवस्था देख्छु । यस्तो अवस्थामा राम्रो काम गर्नुस् हाम्रो सहयोग समर्थन हुन्छ नै तर यी मुद्दामा बेखबर भएर अरू बेलामा टुलुटुलु चलिरहेको भएपनि संसद् चलिरहेको बेला एमाले टुलुटुलु हेरेर बस्न सक्दैन । किनकि त्यहाँ जे गरे पनि हुने मानसिकता र संस्कृतिमा हुर्किएकाहरूलाई धेरै कुरा भन्नु केही अर्थ नै छैन तर नयाँ मुख्यमन्त्रीज्यू आउनुभएको छ कार्यकाल केही बिताइसक्नु भएको छ सन्जोगले एउटा सार्वजनिक कार्यक्रममा देखा भेट भएको थियो आमने सामने एक दिन एउटा सानो विषयमा टेलिफोन संवाद भएको थियो । अब सदन चल्ने भएपछि त कमसेकम यहाँ त भेटघाट हुने अवस्था त हुने नै भयो । आफैं खोज्दै जाने कुरा त भएन तर फेरि पनि म भन्न चाहन्छु बाँकी समयमा सकारात्मक सन्देश दिने गरी हामी भूमिका खेल्न तयार छौं तर उठिरहेका विषयप्रति अनदेखा गरेर जाने कुरा मलाई लाग्छ छलफल गरौं । यी नै कुरा संक्षिप्तमा राखेर आज शुभारम्भको दिन भए पनि जे विषय नेकपा एमालेको संसदीय दलको तर्फबाट यहाँ पहिलो दिन नै ध्यानाकर्षण गर्ने कुरा गरिएको छ तिनी कुरामा अहिले यो वा त्यो भन्न चाहन्छ सरकार प्रमुखको गम्भीरतापूर्वक ध्यानाकर्षण हुनेछ उहाँ सुधारको बाटोमा हिंड्नु भयो हाम्रो सहयोग समर्थन हुन्छ निरन्तरताको बाटोमा हिंड्नुभयो भने त्यति बेलै आफ्ना थप कुरा राखिने छ । धन्यवाद ।

<u>माननीय सभामुख</u>ः-माननीय श्री देवी ओली समय ७ मिनेट ।

<u>माननीय श्री देवी ओली</u>ः- समाभुख महोदय, कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको पहिलो बैठकमा उपस्थित छौं हामीहरू । राष्ट्रिय राजनीतिमा फेरबदल आएको कुरा सबैका सामु जगजाहेर नै छ । लामो समय नेपालमा सशस्त्रसङ्घर्षको पीडाबाट गुर्जिएको नेपाली समाज, नेपाली जनताका बिचमा विस्तृत शान्ति सम्झौता गरेर देशलाई एउटा शान्तिपूर्ण वातावरणमा लिनको निम्ति २०६३ मंसिर ५ गते त्यसैको जगमा

बसेर संविधानसभा लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता निर्माणको निम्ति नेपालका राजनीतिक दलहरूले खेलेको भूमिका स्मरण गर्दै त्यो खाल खण्डमा जनु प्रकारका सङ्घीयता र लोकतन्त्र, सङ्घीयलोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका निम्ति २०६२/०६३ को जनआन्दोलन सशस्त्रसङ्घर्षबाट गुज्रिदै यो व्यवस्था प्राप्तिको निम्ति नेपाली जनताले गरेको बलिदानी त्यो कुर्वानी आज पनि जिउँदा सहिदका रूपमा बाँचिरहेका ती अपाङ्गहरूको आत्मालाई साक्षीराख्ने हो भने संसद्को कार्यकालको समीक्षा गर्ने घडि हामी चार वर्षमा पुगेका छौं यो अवस्था र स्थितिबाट सबैले संविधानको कार्यान्वयन, सङ्घीयताको संस्थागत विकासका र त्यसको निरन्तरताका निम्ति आत्मसमीक्षाको घडीमा रहेको कुरा म यहाँ स्मरण गराउन चाहन्छु ।

सभामुख महोदय, हो विश्व राजनीति घटनाक्रमलाई पनि हामी सबैले नियालेर हेरेकै छौं र नेपालको लामो राजनीतिक इतिहास पनि हामीले भोगेकै छौं । आज कोही कसैलाई यो वा त्यो ढङ्गले कटाक्ष गर्नुभन्दा पनि नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी कर्णाली प्रदेशसभा दलको तर्फबाट म यो धारणा राख्नचाहन्छु । कि आज हामी सहकार्य, सहमति र सहअस्तित्वलाई स्वीकारेर अघि बढ्नुको विकल्प हामी देख्दैनौं । किनभने यो प्रदेश निर्माणको सिलसिलामा, यो प्रदेशको नामकरण यो प्रदेशको राजधानीको टुङ्गो लागाउने क्रम देखि लिएर चार वर्ष गुजार्दासम्मका सहकार्यहरूलाई हेर्दाखेरि कर्णालीको बहुआयामिक गरिबीको रेखामुनि रहेका सम्पूर्ण नागरिकहरूको आशा अपेक्षालाई हामीले कतिसम्म पूरा गर्न सक्यौं भन्ने कुरा हामी सबैले समीक्षा गर्न जरुरी छ । त्यस कारणले पनि हामीले विगतको समीक्षाबाट बाँकी रहेका दिनहरूमा सहमतिका साथ अघि बढ्नुपर्ने, सहकार्यका साथ अगाढि बढ्नुपर्ने, लोकतान्त्रिक अभ्यासलाई आन्तरिक व्यक्ति व्यक्तिका मन मात्र नभएर त्यसको स्वच्छ अभ्यास गर्नुपर्ने घडीमा हामी छौंभन्ने लाग्छ त्यस कारण पनि आज यो प्रदेशसभाको नवौं अधिवेशनको प्रथम बैठकमा बाँकी समयहरूमा वितेका समयको समीक्षा गर्दै सबै राजनीतिक पार्टीहरूले हाम्रो प्रदेशमा रहेको बहुआयामिक गरिबी र राष्ट्रिय स्तरमा देखिएको आर्थिक तरलतालाई सबैले ध्यानमा राखेर सबैले सुशासन कायम गर्नका निम्ति र हाम्रो यो गरिमामय सदनको शिर उचो राख्नका निम्ति संविधान कार्यान्वयनको निम्ति जे जति अपुगताहरू रहे त्यसको समीक्षा गरेर अघि बढ्नु हामीले आवश्यकता हामीलेमहसुस गरेका छौं ।

सभामुख महोदय,

यहाँ सहमतिका आधारमा हिजोका कार्यक्रमहरूअगाडि बढ्ने सिलसिलामा कर्णालीका नागरिकहरूको प्रतिव्यक्ति आय बढाउनका निम्ति हामीले सुरुवात कसरी गऱ्यौं र आज हामी कुन ठाउँमा आएका छौं,भोलि हामी कहाँ पुग्ने भन्ने कुरा सरकारको तर्फबाट सरकारले गर्छ । संसद्को तर्फबाट पनि त्यो कुराको एउटा आधारभूत रूपबाट त्यस्तो खालको रेखा एउटा चित्र कोरेर अगाडि बढ्नुपर्ने आजको आवश्यकता छ । सभामुख महोदय, प्रदेशसभाको गरिमा प्रदेशसभाको संस्थागत, प्रणालीगत, संरचनागत विकास निम्त पनि आज देशको राजनीतिक परिस्थितिले जुनखालको स्थितिको निर्माण गरेको छ। त्यसलाई सहर्ष रूपमा एकले अर्काको अस्तित्वलाई स्वीकारेर अगाडि बढ्नु कर्णालीको भूगोल, यहाँका जनता र हामी जनप्रतिनिधिको हितमा हुन सक्छ भन्ने कुरा राख्दै आफ्नो दलको तर्फबाट यो नवौं अधिवेशनको पूर्ण सफलताको कामना गर्दै आफ्नो धारणा यहीं अन्त्य गर्छु धन्यवाद।

**माननीय सभामुखः**-माननीय श्री ठम्मरबहादुर विष्ट समय ७ मिनेट

**माननीय श्री ठम्मरबहादुर विष्टः**- सभामुख महोदय, सर्वप्रथम नवौं अधिवेशनको पहिलो बैठक अघि बढिरहेको छ यस सन्दर्भमा हामी एउटा महत्त्वपूर्ण घडीमा यहाँ उपस्थित भएको अवस्था छ । र सभामुख महोदय हामीले झण्डै हाम्रा आयुको ५ वर्षको धेरै प्रतिशत झण्डै ८० प्रतिशतभुक्तानी गरीसकेका छौं । झण्डै अब एक वर्ष बाँकी छ । त्यस सन्दर्भमा कालखण्डका हिसाबले पनि यो अन्तिम चरणमा छौं । अघि एक जना पत्रकारले मलाई सोध्दै हुनुहुन्थ्यो अब तपाईंको समय सकिन लाग्योभन्दा मलाई झसंग भयो यस्तो अलच्छिन कुरा नगर्नुस् त भने मैले किनभने यो त भइराक्छ यो त चलिराख्नेप्रक्रिया हो । त्यसकारणले झसंग पनि अलिकति हामीलाई बनाएको छ त्यस आधारमा विभिन्न आरोह अवरोह हामी पार गर्दै यहाँसम्म आइपुगेका छौं । र सर्वप्रथम मैले जसरी यो विभिन्न आरोह अवरोहबाट यहाँ नयाँ मुख्यमन्त्री मतलब सरकारको पुनर्गठन भयो अहिले मुख्यमन्त्रीले नेतृत्व गरी राख्नुभएको छ । लगायत जो मन्त्रीहरू हुनुहन्छ यस सन्दर्भमा उहाँहरूलाई पनि यस कार्यकालको शुभकामना दिन चाहन्छु । हामी करिबकरिब एउटा समीक्षाको चरणमा आएका छौं । अब नयाँ के गर्न सकिन्छ छोटो समयमा यद्यपि दिनकामकिमनकाम भन्ने हुन्छ, दिनभएर गर्ने पनि हैन । त्यस कारणले यसतिर हामीले ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ । यद्यपि हाम्रो समीकरणमा विभिन्न बदलाब आएको छ । हामी नेकपाको पियोर सिटबाट हामी भित्र छिरेका छौं, यो एउटा पियोर डिउ । कांग्रेसको पियोर एउटा डिउ हुँदै आउँदा यो कक्टेल भयो त्यसो हुँदाखेरि यहाँ गडयाङ गुड्रुङ, लस्याङ, मस्याङ हुँदाखेरि यता उता घोचपेच जे भए

पनि यो हाम्रो नियन्त्रणको कुरा थिएन । यो एक किसिमले हाम्रो नियन्त्रणभन्दा बाहिरको कुरा थियो । यद्यपि त्यो हुनु दुःखद कुरा हो । किन कि त्यही बाहिर चुनाव र यहीँ संसद्मा छिरिसकेपछि पनि नेकपाबाट अब हामी कायापलट गर्छौं प्रदेशमा यो देशमा जनताको हक हितमा भन्ने नै हाम्रो थियो । अब यो कुरामा कुनै पार्टी विशेषभन्दा पनि नियन्त्रण बाहिर गएर अहिले यहाँ यो स्थितिमा आउँदा यो कुरालाई नै स्वीकार गर्नु अहिलेको हाम्रो यथार्थ र बाध्यता हो भन्ने मलाई लाग्छ । त्यसो भएका हुनाले अर्कोतिर हामी अलिकति प्रेसरमा छौं किनकि अब यो सत्ता पक्ष प्रतिपक्ष वा कुनै गठबन्धनभन्दा पनि सडकमा आज हिजो हामीले जसरी गणतन्त्र र सङ्घीयताको लागि १७, १८ हजार सहिदहरूले रगत बगाएर जसरी स्थापना भयो । जनयुद्धको जगमा जनआन्दोलनको जगमा जसरी स्थापना भो आज हिजो जनतालेतिरस्कृत गरेका गुनासाहरू फालिएका शक्तिहरूलाई ल्याएर विभिन्न खालका आज त्यस्ता शक्तिहरू जागिरहेका छन् र गणतन्त्र र सङ्घीयतामाथि नै धावा बोलिरहेको अवस्था छ । अब यो व्यवस्थामाथि नै हामीले ठीक ढङ्गले सबैले अब यो संविधानमा विश्वास गर्ने र यो प्रणालीमा विश्वास गर्ने शक्तिहरू ठिक ढङ्गले अगाडि बढेनौं भने के प्रतिपक्ष के सत्ता पक्ष हिस्स बुढी हरिया दाँत हुने अवस्था छ । त्यस कारणले गर्दा अब हामी त्यसतर्फ कमसेकम थोरै हाम्रो समय भए पनि अलकित सबै गम्भीर भएर त्यतातिर जानुपर्छ भन्ने मलाई लाग्छ । र यस सम्बन्धमा अलिकति माहोल पनि अलि जटिल स्थितिमा छ ओमिक्रोनको नयाँ डेल्टा भाइरस आएको छ । धेरै अस्पतालहरूमा बिरामीहरू हुनुहुन्छ, मृत्युको दर पनि बढ्को छ यस सम्बन्धमा हाम्रो पार्टीको तर्फबाट व्यक्तिगत तर्फबाट उहाँहरूलाई स्वास्थको शुभकामना । उहाँहरूको छिटै सुस्वास्थ्यको कामना पनि मैले दिन चाहन्छु र एक-दुई ओटा कुरा मैले यहाँ राख्दाखेरि सरकारलाई अलिकति बल नै पुगोस् भन्ने हिसाबले, रचनात्मक हिसाबले यहाँ कुरा राख्दा अब अहिले एउटा पश्न चाहिँ हाम्रो सरकारमाथि वा गठबन्धनमाथि एउटा केन्द्रीय प्रश्न के तेर्सिएको छ भने सरकारको विस्तारको कुराहरू पनि किन रोकियो भन्ने प्रश्न पनि तेर्सिएको छ त्यस सम्बन्धमा तीन महिना हामीले व्यतीत गरीसकेका छौं । हुन त हाम्रो प्रदेश यस्तो हो कि हामी कतिपय कीर्तिमानी पनि हामीले गरेका छौं । किन कि नाम राख्ने, नुवारन गर्नेमा हामीले कीर्तिमानीगऱ्यौं, विभिन्न लोकतन्त्रका नमुनामा पनि हामीले कीर्तिमानीगऱ्यो यहाँ अब तीन तीन महिना पार हुँदैछ करिबकरिब कृर्तिमानी हो हाम्रो, त्यसैले गर्दाखेरि अरू प्रदेशमा यसरी तीन तीन जनाले चलाएको छैन यो गिनिजबुकमै लेख्ने खालको हो । यस मानेमा यो पनि कीर्तिमानी हो । त्यसैले गर्दा

यो भनीराख्दाखेरि गठबन्धनको हिसाबले त हामी सबै भागीदारछौं । नालायक हौं भने गठबन्धनको तर्फबाट हामी सबै हौं । त्यो कुरामा कसैलाई धारे हात लगाएर उसको जिम्मेवारी भनेर मैले पन्छिन मिल्छ वा दलको तर्फबाट त्यो निष्कर्ष निकाल्न मिल्छ भन्ने मलाई लाग्दैन तर फेरि पनि के हो भने मैले यो रोस्टममा सभामुखमार्फत् निवेदन गर्न चाहन्छु कि दलको नेतृत्व मतलब सरकारको नेतृत्व गरेको नाताले मुख्यमन्त्रीजीले यसलाई अलि जिम्मेवारीपूर्वक अघि बढाउन पर्‍योकिन कि एक थानको मन्त्री हुने भन्ने कुरा पनि होइन पहिलो त फर्मेसन फुल हुन पर्‍यो नि जस्तो फौजीतिर जानु भयो भने ९ जनाको भयो भने सेक्सन हुन्छ। ५ जनाको त्यो त घर परिवार हुन्छ सरकार त बनाउनुस् ८ जनाको तपाईंलाई दिइएको छ। तपाईं त सेक्सन नै बनाउन सक्नुहुन्छ तपाईं त घर परिवार भइराखेको छ । त्यो कुरामा सबैभन्दा तातो कसलाई लाग्नु पर्‍यो भने त्यसको सेक्सन कमाण्डर मुख्यमन्त्री सरकारको प्रमुख हुनुको नाताले त्यहाँ गर्नुपर्‍यो । १ दोस्रो कुरा फेरि यो सरकारसँग किन जोडिएको छ भने त्यति मात्र हैन कतिपय निश्चित प्रतिशत मात्र पुगेन भने कति संस्थाहरू शिक्षातिर त्यो लागु हुन्छ त्यतातिर नजाऔं । ध्यान यतातिर जान जरुरी छ कि दोस्रो कुरा यहाँ अघि यो सँगै एउटा कुरा उठ्यो एउटा कुरा के राखेको छ भने तपाईंको मैलेदुःखका साथ भन्नुपर्छ बजेट प्रणालीमा निश्चित हिसाबले नोकरशाही तन्त्र हावी भएको छ । मुख्यमन्त्रीज्यूको आफैं कति ध्यान पुग्छ, मान्छेको सरदर फिट ४ वा ५ हुन्छ भने सरकारको फिट उहाँहरू ५ इन्च हुनुहुन्छ । अथवा एक फिट हुनुहुन्छ, एक फिटको कसरी मान्छे हुन्छ त्यसै पनि उहाँहरूबाट त किन गर्नुभयो भनेर सतीले सराप्ने ठाउँ त छैन तर अहिले नोकरशाही तन्त्र हावी भएको अवस्था छ । बजेटमा अपारदर्शिता छ बजेट त्यहाँ विभिन्न किसिमले प्रयोग भएको छ कुराहरू आइरहेको छ जनताको जनप्रतिनिधिलाई बायस गरिएको छ कर्मचारी दगुरेका छन् कता दगुरेका छन् त्यो पनि थाहा छैन । कता रकमा हालेको त्यो पनि थाहा छैन यो त ओपन सिक्रेट कुरा हो । त्यसैले यसमा पनि सरकारले विशेष ध्यान दिएर जानुपर्छ लोकलाजको लागि पनि अब हामीले छिटै फर्मेसन गरेर जानुपर्ने स्थिति हुन्छ यो पनि हुन सक्छकितीन महिना छ महिना लामो समय गर्न नसके त भोलि हामी संसद्मा उठ्ने मान्छेलाई पनि नैतिक प्रश्न उठ्न सक्छ। त्यस कारणले यो नाताको लागि यदि सायद म नै मुख्यमन्त्री भएको भए त व्यक्तिगत हिसाबले इमान्दारीतापूर्वक भन्नुपर्दा कि त फुलफिल भइसक्थ्यो कि त मैले निर्णय लिइसक्थ्यो । यो चिसो यो तरिकाले चल्छ ? यो सरकारको मात्र कुरा हैन जनताको भाव र भविष्य जोडिएको छ हामीले सरकारको फर्मेसन गरिसकेपछि मात्रै

अनि हामीले जनतालाई केही दिन सक्छौं । जब हामी फर्मेसन नै गर्न सक्दैनौं भने समृद्धिको कुरा विकास निर्माणको कुरा कसरी गर्न सक्छौं? त्यस कारणले अब यो तर्फमा अगाडिजाओस् हुन त नुन सकिए पछि मात्र नुनको महत्त्व थाहा हुन्छ भन्ने हुन्छ । यो जतिसुकै सकारात्मक नकारात्मक हुने भए पनि सरकारको त कुनै पनि फुल फेज रहेन नि हिजो जसरी निवर्तमान मुख्यमन्त्रीको नेतृत्वमा सरकार अगाडि बढ्यो त्यो त रहेन त्योबाट पनि सरकारले सकारात्मक रूपमा सिकेर यसलाई कमसेकम फुल फेज गरेर अगाडि जाने कुरामा अगाडि बढ्नुपर्छ र मैले सभामुख महोदय, अन्तिममा मैले के भने यो सत्ता पक्ष र प्रतिपक्षको मात्रै कुरो नभएर स्थानीय निर्वाचन सबै चिर्वाचन पनि आएको छ हो सरकार असक्षम भएकाले हाम्रो गठबन्धन अर्गापमा पर्ला जनतामा हाम्रो नकारात्मक प्रभाव पर्ला त्यो कुरा स्वाभाविक कुरा हो हामीले ठिक ढङ्गले फर्मेसन नै गर्न सकेनौं अब दुई तीन महिना पछि हामी चुनावमा जाँदैछौं । निश्चित हिसाबले प्रतिनिधिमार्फत् सरकारमार्फत् त्यसको रिफ्लेक्सन हुन्छ पार्टीको कुरा त्यसमा त हामीले सजायको भागीदार हुनै पर्छ । त्यति मात्रै कुरा हैन कि अब यो व्यवस्था माथि नै प्रश्न उठिरहेको छ के सत्ता पक्ष के प्रतिपक्ष सत्ता माथि नै भोलि प्रहार हुने स्थिति हुन्छ । त्यस मानेमा मैले फेरि पनि एउटा रचनात्मक ढङ्गले अन्तिममा यो सबै पाटा पक्षहरू छन् यी कुराहरूलाई सच्याएर अगाडि बढ्ने कुरामा यो नवौंले हामी अन्तिम चरणमा छौं हामी सबैमा बुद्धि पलाओस् । अगाडि बढ्ने क्षमता त्यो खालको योज्ञता वा दक्षमा हामीमा वृद्धि होस् यहीं कुरा मैले यहाँहरूसँग निवेदन गर्दै सभामुखमार्फत् मैले यो कुरा राख्नचाहेँ धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय श्री यज्ञबहादुर बिसी।

<u>माननीय श्री यज्ञबहादुर बिसीः</u> सभामुख महोदय, नवौं अधिवेशनको पहिलो बैठकमा नेपाली कांग्रेस कर्णाली प्रदेश संसदीय दलको तर्फबाट पार्टीको नेतृत्वको हिसाबले म यहाँ धारणा राख्न उपस्थित भएको छु । सभामुख महोदय, संवैधानिक प्रक्रियाअनुसार कर्णाली प्रदेशसभा नवौं अधिवशेनको प्रथम बैठक शुभारम्भ भएको छ । सर्वप्रथम नवौं अधिवेशनको पूर्ण सफलताको संसदीय दल नेपाली कांग्रेसको तर्फबाट व्यक्त गर्न चाहन्छु। समाभुख महोदय, जब सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय पद्धतिको सुरुवातपछि कर्णाली प्रदेशको चारौं वर्षको पिरेड पार गर्दै गर्दा कर्णाली प्रदेश सरकार एवम् गरिमामय सदन या यो अवस्था पाँचौवर्ष  लगभग चार वर्ष अवधि नाघेर अब पाँचौ वर्ष सुरु गरिएको अवस्था छ । सभामुख महोदय, त्यस सिलसिलामा कर्णाली प्रदेशका सम्पूर्ण जनताको हकहित र कर्णालीलाई हरेक दृस्टिकोणले अगाडि बढाउनको

लागि कर्णाली प्रदेशसभा एवम् सरकार यो चार वर्षको अवधिका अगाडि बढ्यो जे जति गर्नुपर्ने प्रक्रिया हो कर्णाली प्रदेशका जनतालाई विकास निर्माणका कामदेखि सुशासनमितव्ययिताको सन्दर्भमा विगतका दिनहरूमा जे जसरी कर्णाली प्रदेशसभा सदन सैहार्दपूर्ण तरिकाले अगाडि बढ्यो त्यो बेलाको अवस्था नेपाली कांग्रेससंसदीय दलको तर्फबाट विगतका सरकारलाई प्रतिपक्षमा रहेर पनि सहकार्य सहमति र सहअस्तित्वको आधारमा कर्णाली प्रदेश सरकारका रचनात्मक क्रियाकलापहरूमा सहयोग गर्दै साझा सहमतिको बिन्दुमा पुगेको कुरा जगजाहेर छ।

सभामुख महोदय, राजनीतिक घटना प्रक्रियापछि यो मुलकुको राजनीतिक विषम परिस्थितिमा नेपाली कांग्रेसको नेतृत्वमा तीन दलीय सरकार गठनको प्रक्रिया अघि बढ्यो म सर्वप्रथम तीन दलीय सरकार नव गठित सरकारलाई नेपाली कांग्रेस संसदीय दलको तर्फबाट बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु । सभामुख महोदय, आज जब हाम्रो मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि यस गरिमामाय सदनबाट लोकतान्त्रिक पद्धतिको मूल्य र मान्यतालाई आत्मसात् गरेर जसरी सदन अगाडि बढिरहेको छ अबका आउने दिनहरूमा पनि साझा सहमतिको आधारमा प्रमुख प्रतिपक्ष दललाई आत्मसात् गरेर विगतका सरकारका राम्रा कामहरूलाई निरन्तरता दिँदै कमीकमजोरीहरूलाई सच्याउँदै सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र यसको साथै नेपाली कांग्रेस संसदीय दलको तर्फबाट जुन यो सरकारलाई रचनात्मक क्रियाकलापमा सहयोग गर्ने कुरा पनि म यहाँ राख्नचाहन्छु । विशेष गरीकन प्रतिपक्ष प्रमुख दललाई पनि शत्ता पक्षले सरसम्मानका साथ साथमा लिएर कर्णालीलाई समृद्धिका लागि यो सरकार अगाडि बढोस् भन्ने शुभकामनाका साथ नेपाली कांग्रेस संसदीय दलको तर्फबाट आफ्ना कुरा राख्दै अन्त्य गर्दछु धन्यवाद जय नेपाल ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू अब म कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमानविष्टलाई सभामा पेश भएका कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ र कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८ सभाबाट फिर्ता लिनका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ११९ को उपनियम ३ बमोजिम सभासमक्ष प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

<u>आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः</u>माननीयसभामुखज्यू, सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेश सरकारका तर्फबाट सभामा टेबुल भएका कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ र कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८

सभाबाट फिर्ता लिनका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ११९ को उपनियम ३ बमोजिम सभासमक्ष प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**मानननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ११९ को उपनियम ४ बमोजिम यस प्रस्तावको विरोध गर्न चाहनु हुने माननीय सदस्यहरूको लागि सभाको अर्को बैठकमा समय उपलब्ध हुने व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब कर्णाली प्रदेश प्रमुखज्यूबाट जारी भएको कर्णाली प्रदेशको विनियोजन अध्यादेश, २०७८ र कर्णाली प्रदेश आर्थिक अध्यादेश, २०७८ अध्यादेश जारी गर्नुपरेको परिस्थिति र कारणसहित सभासमक्ष पेश गर्न प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमानविष्टलाई अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः**माननीयसभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेशसभा अधिवेशन सञ्चालन नभएको अवस्थामा कर्णाली प्रदेश प्रमुखज्यूबाट प्रदेश सरकारको नियमित कार्यहरूसञ्चालन गर्नका लागि कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ र कर्णाली प्रदेश आर्थिक अध्यादेश, २०७८ जारी गर्न अत्यावश्यक भएकाले सोबमोजिम गरी प्रदेश प्रदेशसभा नियमावली, २०७४ को नियम ९३ बमोजिम उक्त अध्यादेश प्रदेशसभामा पेश गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रमुखज्यूबाट जारी भएको प्रदेश लोक सेवा आयोग दोस्रो संशोधन अध्यादेश, २०७८, प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक सेवाका सर्त र सुविधासम्बन्धी अध्यादेश, २०७८ र कर्णाली प्रदेश खेलकुद विकास पहिलो संशोधन अध्यादेश, २०७८ अध्यादेश जारी गर्नु परेको परिस्थिति कारणसहित प्रदेशसभामा पेश गर्न प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री बिन्दमानविष्टलाई अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः**माननीयसभामुखज्यूसभामुखज्यूको अनुमतिले प्रदेशसभाको अधिवेशन चालु नभएको अवस्थामा कर्णाली प्रदेश प्रमुखज्यूबाट प्रदेश सरकारको नियमित कार्यहरूसञ्चालन गर्नका लागि प्रदेश लोक सेवा आयोग दोस्रो संशोधन अध्यादेश २०७८, प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारीश्रमिक सेवाका सर्त र सुविधासम्बन्धी अध्यादेश, २०७८ र कर्णाली प्रदेश खेलकुद विकास पहिलो संशोधन अध्यादेश, २०७८ अध्यादेश जारी गर्नु अत्यावश्क भएकाले सोबमोजिम गरी प्रदेशसभा नियमावली, २०७४ को नियम ९३ बमोजिम उक्त अध्यादेश सभासमक्ष पेश गर्दछु । धन्यवाद ।

**<u>माननीय सभामुख:</u>**माननीय सदस्यहरू प्रदेश प्रमुखबाट जारी भई सम्बन्धित मन्त्रीहरूबाट सभामा पेश भएका कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ र कर्णाली प्रदेश आर्थिक अध्यादेश २०७८, प्रदेश लोक सेवा आयोग दोस्रो संशोधन अध्यादेश, २०७८, प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारीश्रमिक सेवाका सर्त र सुविधासम्बन्धी अध्यादेश २०७८ र कर्णाली प्रदेश खेलकुद विकास पहिलो संशोधन अध्यादेश, २०७८ अध्यादेश अस्वीकार गर्न प्रस्ताव पेश गर्न चाहनु हुने माननीय सदस्यहरूले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ९४ एक बमोजिम दुई दिनभित्र सचिवलाई सूचना दिन हुन जानकारी गराउँछु ।

माननीय सदस्यहरूअब यो बैठक २०७८ साल माघ २ गते आइतवार दिउसो ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

# कर्णाली प्रदेशसभा
## नवौं अधिवेशन
## कार्यवाहीको सम्पूर्ण विवरण
## २०७८ माघ २ गते
## आइतवार
## (बैठक संख्या-२)

<u>राष्ट्रिय धुन</u>

<u>माननीय सभामुखः</u>-माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको दोस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले सभामा पेश भएका प्रदेश विनियोजन विधेयक, २०७८र कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८ सभाबाट फिर्ता लिनको लागि कर्णालीप्रदेशसभा नियमावली, २०७४ को नियम ११९ को उपनियम ३ बमोजिम सभासमक्ष प्रस्ताव पेश गर्नु भएकोमा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ११९ को उपनियम ४ बमोजिम यस प्रस्तावको विरोध गर्न चाहनु हुन्छ भने समय दिन्छु।

माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ११९ को उपनियम ४ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८र कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८ फिर्ता लिने प्रस्तावमा कुनै पनि माननीयको तर्फबाट विरोध नभएकाले आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमानविष्टले राख्नुभएको प्रदेश विनियोजन विधेयक, २०७८र कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८ फिर्ता लिने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीयले "हुन्छ" भन्नुहोला र

यो प्रस्तावको विपक्षमा हुने माननीयले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीयले "हुन्छ" भन्नुहोस् ।

यो प्रस्तावको विपक्षमा हुने माननीयले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने पक्षमा माननीयको बहुमत भएकाले प्रदेश विनियोजन विधेयक, २०७८र कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८ फिर्ता लिने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक निकायका विषयहरूमा यथास्थानबाट आफ्नो

भनाइराख्नविशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री मिनासिंह रखाल । समय सात मिनेट ।

<u>माननीय श्री मिनासिंह रखाल</u>:- समाभुम महोदय, नवौं अधिवेशनको दोस्रो बैठकमा उपस्थित भइरहँदा सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नम्बर १० मा जुन किसिमको घटना घटेको छ । स्वास्थ्यकर्मी कृष्ण बिसीको परिवारमा कल्पना बिसी, दुई छोरा र एउटा भदै शुक्रवारको राति कोइलाको आगो ताप्ने क्रममा राति मृत भएको राति सुन्नमा आएको छ । उहाँहरूप्रति म र मेरो पार्टीको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछु ।

अर्को सभामुख महोदय, हामी जनप्रतिनिधिभएर यहीं माघको ७ गते शपथ खाएको आज चार वर्ष पुगिसकेको अवस्था छ । र हामी जुन प्रकारले हाम्रो पार्टी हाम्रो दल हाम्रा जनताले हामीलाई जुन आशा अभिलाषाको रूपमा हामीलाई जनप्रतिनिधि बनाएर हामीलाई पठाइएको थियो र कर्णाली प्रदेश एकदमै विकट यातायातको असुविधा हरेक कुराको असुविधा हुँदा हुँदै पनि सङ्घीयताले हामी कर्णाली प्रदेश भन्न बाध्य भयौं । कर्णाली प्रदेश बनायौं, सरकार बनायौं, सरकारमा सहभागी पनि भयौंर आज कर्णाली प्रदेशमा उदाहरणीय हामी यहाँ सरकारमा सामेल हुँदै नभएको अवस्थामा र हामीले कर्णाली प्रदेशमा के उदाहरणीय काम गर्‍यौंभन्दा हामीले केही पनि पाएका छैनौं ।

कर्णाली प्रदेशको सरकारप्रति जनताको विश्वास गुमिसकेको अवस्था छ । आज चार, चार वर्षसम्म पनि हामीले कुनै राम्रो काम गर्न सकेको अवस्था छैन । र त्यो देख्नमा आएको छैन । प्रदेश सरकारले आफ्नो सरकार कसरी बनाउने, कसरी टिकाउनेमा लागिरहेको छ, यो सरकार जनताको भावना र मर्म बुझेर बनेको सरकार हैन । यो गठबन्धनको सरकार आफू कसरी सरकारमा टिकिरहने र आफू कसरी सरकारमा सामेल हुने भन्ने मात्रै भावना बोकेको यो सरकारले अहिलेसम्म पनि मन्त्रीमण्डल पूर्ण गर्न सकेको छैन । किन कि यहाँ व्यक्ति मात्रै सरकारमा सामेल हुने, जनताको भावना नबुझ्ने, र ती सरकारमा हुनको लागि तँछाड र मछाड गरेर आफ्नो पार्टी नै छोडेर केही माननीयहरू जहाँ सामेल भएका छन् । र तिनले गर्दाखेरि आज जनताको भावना जनताको इच्छा, पूरा हुन पाएको छैन र यस्तो सरकारबाट हामी कर्णालीवासीले विश्वास गुमाइसकेको छ । र यसभन्दा अगाडिको गठबन्धनको सरकारले पनि यो जनाताको बजेटको मर्मलाई नबुझेर प्रतिपक्ष दलका हामीले सहमति खोज्दा खोज्दै पनि एकै रातमा अधिवेशनलाई बन्द गरेर रातारात अध्यादेशबाट ल्याएको जुन बजेट छ त्यसले कुनै जनतालाई समेटेको छैन । त्यो बजेटले आफ्ना कार्यकर्तालाई समेटेको छ ।

मुख्यमन्त्री कार्यालयबाट प्रतिनिधि हुने गरेर र निर्वाचिन जनप्रतिनिधि पनि सहभागी नभएर भौतिक पूर्वाधार र मुख्यमन्त्री रोजगार कार्यक्रमहरूआफू खुसी वितरणमुखी भएका छन् । ५ लाख देखि ३ लाखसम्मका टुक्रेबजेट बनाएर जिल्ला जिल्लामा आफ्ना कार्यकर्ताहरूलाई पालन पोषण भरणको लागि ती बजेटहरू बनाइएको छ । समानुपातिकबाट आएका जनप्रतिनिधि हैनन् र उनीहरूलाई वञ्चित गरेर आवश्यकता नै महसुस नगरेर त्यस्तो कार्यविधि बनाइएको छ । जुन कार्यविधिले प्रत्यक्ष प्रणालीबाट आएका सांसदहरू संयोजकहुने र नभएको ठाउँमा मुख्यमन्त्री कार्यालयबाटै प्रतिनिधि भएर बजेट छुट्याउने जो कार्यविधि बनाइएको छ । यसको घोर आपत्ति जनाउँदै जनताको मर्म नबुझेर बनाएको यो बजेट, यो कार्यविधि म यसैबाट के भन्न चाहन्छु भने यी एकलौटी शासन चलाउन पल्केका आफ्ना कार्यकर्ताको मात्रै भरणपोषण गर्न पल्केकाले कर्णाली प्रदेशको जनताको भावना बुझेका छैनन् । र हामीले आशा गर्ने ठाउँ पनि छैन र यी गठबन्धनको सरकारबाट हामीले आशा गर्नु छैन । आज सङ्घीयता माथि नै प्रश्न उठिरहेको छ । सङ्घीयताले देशको विकास गर्छ हरेक भूगोल क्षेत्रलाई समेट्छ । हामीले सङ्घीय राजधानी पुगिरहनु पर्दैन हामीले यहीँबाट हामीले आफ्ना कामहरू लिन सक्नेछौँ भनेर ल्याइएको सङ्घीयतामाथि नै लात हानेर गठबन्धन सरकारले जुन काम गरेको छ । यो राम्रो भएको छैन ।

सभामुख महोदय, आज यस्तो बेलामा हामी यहाँ आइपुगेका छौँ कि लाग्छ सबैलाई रुघा नलागेको ज्वरो नआएको कोही पनि छैन होला । आज कोभिडको तेस्रो लहर आइरहेको छ । यसले गर्दा मानिसहरूभयभित भइरहेका छन् । र हामीले मरेपछि दान दिनुभन्दा मर्नु अघि नै बचाउनु आवश्यकता ठान्दछौं र आवश्यकता पनि हो । आज कोभिडको भ्याक्सिनहरू नपाएर जनता भौतारिरहेको अवस्थामा मरेपछि दिने एक लाखभन्दा समयमा नै भ्याक्सिन दिएर कोभिडबाट बचाउन पर्‍यो । सरकारले त्यसमा ध्यान दियोस् भन्दै बाँकी समयमा यो सरकारले आफ्नो सरकार पूर्ण गराएर काम गर्ने वातावरण बनाओस भन्दै मैले आफ्ना कुरा यहीँ राख्दछु धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय श्री पदमबहादुर रोकाया

<u>माननीय पदमबहादुर रोकाया</u>ःमाननीय सभामुख महोदय, हामी नवौं अधिवेशनको दोस्रो बैठकमा उपस्थित भइरहेका छौँ । कर्णाली प्रदेशमा हामीले मिठा मिठा भाषण गर्‍यौं। सदनमा मिठो मिठो बोल्यौं, गीत सङ्गीत गाइरह्यौं । नाराहरू धेरै राम्रा ल्यायौं । आजको कुरा हैन पहिल्यैबाट हो यो । समृद्ध कर्णाली सुखारी कर्णालीवासी, कर्णालीको पानी जनाताको लगानी, मेरो किसान मेरो अन्नदाता, नारा त धेरै राम्रा आए तर

अहिलेसम्म पनि कर्णालीवासीको जीवनस्तर जस्ताको त्यस्तै छ । कुनै प्रगति भएको छैन र कर्णाली प्रदेश अहिलेको सरकारले पूर्णता पाएको छैन । छिटोभन्दा छिटो पूर्णता पाओस्। पहिलाको सरकारमा पनि भौतिक पूर्वाधार तथा विकास मन्त्री खाली भएका थिए । डेढ दुई वर्षसम्म समाइराख्नुभयो । एक जना माननीयलाई त्यो मन्त्रालयको जिम्मा दिए पनि हुने थियो । विकास हुन्थ्यो होला । अहिले पनि पाँच ओटामन्त्रालय मुख्यमन्त्रीको जिम्मामा छन् । तीन महिना भइसक्यो कहिले मन्त्रिपरिषद्ले पूर्णता पाउने हो । मन्त्रालयका काम ठप्प छन् फेरि विश्वमहामारी कोभिड देखा परिरहेको छ कहिले विकास गर्नेहो । लकडाउनको अवस्था आउने वाला छ केही विद्यालयमा लकडाउन भइसक्यो । विकास जस्ताको त्यस्तै फेरि बजेट आउँछ । पुरानो बजेट ८ अर्ब, चार अर्ब भन्ने बजेट भाषण गर्ने, जनताको विकास केही हुँदैन । मन्त्रालयका काम रोकिएका छन् भन्त्री छैनन् । एउटा मुख्यमन्त्रीले पाँचओटै मन्त्रालय कसरी धान्न सक्नुहुन्छ । मन्त्रालयका कर्मचारी कुर्सीमाथि उप्परखुट्टी हालेर बसेका छन् । काम छैन, के गर्ने चौरमा आएर घाम तापेका छन् । कसरी कर्णाली प्रदेश समृद्ध हुन सक्छ। सुखारी हुन सक्छ त्यसो भएको हुनाले धेरै पटक हामीले सदनबाट बोल्यौं । बोलेको कुरा केही पनि पूरा भएन अहिलेको सरकार त भर्खरै तीन महिना भएको छ तीन जना मन्त्रीहरू मात्रै हुनुहुन्छ । योभन्दाअगाडिको सरकारले पनि हुन त होला । ५, ७ लाखका योजना गएका छन् ५, ७ दिनमा काम हुन्छ भन्ने सोचाइ होला । ती योजनाको लागि पनि प्राविधिक जाने होलान् । लागत स्टिमेट हुन्छ होला काम त गर्नुपर्ने होला त। प्रत्येक खानेपानी, सिँचाइ सडक पाँचलाख, सात लाख र १० लाखका योजना छन् । पहिलाका मुख्यमन्त्रीसँग भन्दाखेरिहामीले १ करोडभन्दा तलका योजना नल्याउनुहोस् १०-२० लाखले विकास हुँदैन भन्नुभयो । अहिले ५-७ लाखका योजनाले कसरी होला ? ती योजना कसरी सफल हुन्छन् ? अनि बारम्बार हामीले कुरा उठाइरहेका छौं सदनमा अनुगमनको क्षेत्रमा निर्वाचन क्षेत्रको समानुपातिकको माननीय संयोजक, जिविस, स्थानीय सरकार सदस्य रहने गरी अनुमगन समिति बनाउने भनेका छौं तर अहिलेसम्म पनि अनुगमन टोली बनाइएको छैन ।

अहिलेसम्म कर्णाली प्रदेश सरकारका योजनाहरू अनुगमन भएका छैनन् । जति ५ लाख ७ लाख जति लाखका योजनाहरू ल्याए पनि भयो । अनुगमन नै भएन भने कसरी योजना कार्यान्वयन हुन्छ योजना सफल हुन्छ । कार्यविधिमा अनुगमन भनेर भनेका छौं हामीले अनुगमन अहिलेसम्म भएको छैन भने योजनाहरू हेर्नुहोस् मेरो जिल्ला मात्रै हो कि अरू जिल्लामा पनि हो । अरू जिल्लामा पनि हो माननीयज्यूले

भन्नुहुन्छ। ५, ७, १० लाखभन्दा माथिका योजनाहरू छैनन् । त्यो योजनाले कर्णालीको समृद्धि आउँछ ? कर्णाली सुखारी हुन्छ ? कर्णालीको विकास हुन्छ कर्णालीको जीवनस्तर माथि उठ्छ ? भने चाहे प्रतिपक्ष होस् वा चाहे सत्ता पक्ष होस् । सरकारले बाटो बिरायो भने सही मार्गमा डोऱ्याउने हो प्रतिपक्षले भने सरकार कर्णालीको सरकार हुन त एक पार्टीको सरकार भए त गाह्रो हुन्छ भने तीन दलको गठबन्धनको सरकार छ त्यसैले ढिला भयो होला । आफू हुँदा जस्तो सुकै सर्त मान्ने अरू हुँदा सहमति तोड्ने, लेखी सम्झौता तोड्ने, देवानी गर्ने यो त हुनु हुँदैन होला नि । त्यसै कारणले कर्णाली प्रदेश सरकारले छिटोपूर्णता पाओस्, छिटो मन्त्रालयमा काम होस् । ती ५, ७ लाखका योजनाहरू छिटोभन्दा छिटो कार्यान्वयन होस् यहीं भन्दै मेरो आफ्नो भनाइ यहीँ अन्त्य गर्ने अनुमतिचाहन्छु ।धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय श्री पद्मा खड्का, समय सात मिनेट

<u>माननीय श्री पदमा खड्का</u>ः सभामुख महोदय, धेरै समय पछि आज हामी नवौं अधिवेशनको दोस्रो बैठकमा सहभागी भएका छौं । सर्वप्रथम मैले सुर्खेतमा भएको घटना जाजरकोट जिल्ला शिवालय गाउँपालिका ४ निवासी शिवालय गाउँपालिका स्वास्थ्य शाखा प्रमुख कृष्ण बिसीका श्रीमती कल्पना बिसी छोरा निरज बुढा, चिरञ्जीवि बुढा र भदै सोमराज बुढा जुन शुक्रवार राति आगो ताप्ने कोइलाका कारण निसासिएर मृत्यु भएको जुन हिजो बेलुका मात्रै प्राप्त भएको छ । र एकदमै हृदय विदारक घटना घटेको छ । म मृत्यु हुने मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । र मृतकका परिवारप्रति समवेदनमा प्रकट गर्दछु । धेर्यधारणा गर्ने शक्ति प्रदान गरुन् र मैले आज यो बैठकमा उपस्थित भएर सार्वजनिक महत्त्व चासोका विषयमा राख्न खोजेको विषय अहिले हामी जनताबाट निर्वाचित भएर जुन पाँच वर्षे कार्यकालका लागि निर्वाचित भएका थियौं । हामीले करिब चार वर्ष बिताउन तिन, चार दिन मात्र बाँकी छ तर हामीले कर्णाली प्रदेश सरकार गठन भए पश्चात्साँच्चिकै देखाउने गरी जनतालाई भन्ने गरी हामीले के गऱ्यौं भन्दा हामीले देखिने खालका त्यस्ता ठूला योजनाहरू, त्यस्ता ठूला विकास निर्माणका कामहरू र धेरै भन्नुपर्ने विषयहरू हामीले आज भन्न नसक्ने अवस्थामा हामी जनप्रतिनिधिहरू पुगेका छौं । त्यसमा हामीलाई सारै दुखःलाग्दो कुरा भएको छ । र अहिले मैले हाम्रो नेपालको राजनीतिमा विकसित घटनाक्रमले जुन अहिले गठबन्धनको सरकार देखिरहेका छौं । कर्णालीमा पनि उपस्थित गठबन्धनको सरकारले हिजो हामीले सुन्ने गरिरहेका थियौं, अहिले गठबन्धन सरकारको मुख्यमन्त्री हुनुहुन्छ उहाँले स्टेजमा गएर बोल्नुहुन्थ्यो सुशासनका कुरा आज उहाँ

आफैंमुख्यमन्त्रीको कुर्सीमा विराजमान हुनुहुन्छ । आज ती सुशासनका विषय कहाँनिर लुकेर बसिरहेका छन् । उहाँले हेर्न पाउनु भएको छ कि छैन । आफ्नो गठबन्धनको सरकार चलाउनमै ध्यान छ कि हामीले महसुसगरिरहेका छौं । आज स्थानीय तहको एउटा वडा चलाएजस्तो यो गठबन्धन सरकारले गरेका कामप्रति जनतामा वितृष्णा फैलिरहेको छ । जनताले हेरिरहेका छन् । कर्णाली प्रदेश सरकार हो कि वीरेन्द्रनगर नगरपालिकाको एउटा वडा हो भनिरहेका छन् । प्रश्न गरिरहेका छन् । आज व्यवस्था माथि नै प्रश्न उठ्ने बेला आज गठबन्धन सरकार कता सुतिरहनु भएको छ कता निधाइरहनु भएको छ । आज तपाईंहरूले बोलेका शब्दहरू रेकर्डछन् । ती जनताले बिर्सिएका  छैनन् । तपाईंहरूले के हेरेर बसिरहनु भएको छ । र अर्को कुरा मैले वीरेन्द्रनगर सुर्खेत, कर्णाली प्रदेशको एउटा राजधानी पनि हो, राजधानीमा हामी बसिरहेका छौं । फेरि राजधानीको मात्रै प्रश्न उठ्यो भन्ने होला । तर सबै हामी जनप्रतिनिधि कर्णाली प्रदेशमा गठबन्धनको सरकार, यो कर्णालीको सरकार पनि यहीं आँखा वरिपरि बसिरहेको छ तपाईंहरूले देखिराख्नुभएको छ । योभन्दाअगाडिको सरकारले गरेका महत्त्वपूर्ण कार्यक्रमहरू आज अलपत्र पर्दा तपाईंहरू आँखा चिम्लिेर हिंडिराख्नुभएको छ । तपाईंहरूलाई जनताले भनिरहेका छन् यो सरकारले बनाउँदै गरेका नीति निर्माण हुँदै गरेका योजनाहरू आज अलपत्र पारेर तपाईंहरू फेरि वडा र टोलमा ५ लाख र २ लाखका योजनाहरू बाँड्दै हिंडिराख्नुभएको छ । त्यसैले गर्दा यो सरकारप्रति आम नागरिक कर्णालीका १५ लाख नागरिकप्रति वितृष्णा सिर्जना हुँदै यो व्यवस्था नै प्रश्न उठ्न लागिरहेको छ । गम्भीर भएर सोच्नका लागि गठबन्धन सरकारलाई मैले अपिल पनि गरेको छु । र यसैगरी हामीले हिजो हतार गरेर कर्णाली प्रदेश सरकारले हाम्रो कर्णालीलाई कति कर्मचारी आवश्यकता हो, कति कार्यालयहरू आवश्यकता हुन् भन्ने कुनै बुझ विस्तार नगरेर केही राय सल्लाह सुझाव नलिएर कुनै दलका प्रतिनिधिहरूसँग राय सल्लाह सुझाव नलिएर जनप्रतिनिधिहरूसँग पनि सल्लाह नगरेर विभिन्न कर्मचारीका ट्रेड युनियनहरूसँग पनि सल्लाह नगरेर जुन अन्दाजको भरमा ओएनएम गरेर कार्यालयहरू बन्द गरियो । आज तिनै कार्यालयका ट्रेड युनियनहरू जागेर ती कार्यालयहरू स्थापना भएका छन् । ती स्थापना भएका कार्यालयहरू आज कहाँ विराजमान छन् । आज एउटा कोठमा व्यवस्थित छन् कि कार्यालयमा सुव्यवस्थित छन् । म यो प्रश्न गर्न चाहन्छु यो गठबन्धनको सरकारलाई के आज ती कार्यालयहरूमा कर्मचारीहरू बसेर काम गरिरहेका छन् कि आज ती कर्मचारीहरूले काम गर्न पाएका छन् कि छैनन् । कि ती कर्मचारीलाई व्यवस्थापनमा

यो गठबन्धनको सरकारले राखेको छ । यो प्रश्न गर्न चाहन्छु म त्यसैले हामीले गर्ने निर्णय हामीले गर्ने काम र सरकारले गरिरहेका कामहरू आम नागरिकले चासोका साथ हेरिहेका छन् । त्यस कारणले गर्दा हतारमा निर्णय गरेर फुर्सदमा पछुताउनु बाहेक अर्को म यो कर्णाली प्रदेश सरकारले गरेको देख्दैन म । त्यस कारण पनि अहिलेको यो अवस्थामा कर्णाली प्रदेश सरकारले फेरि तेस्रो चरणको कोभिडको लहर दिनप्रतिदिन बढ्दै गएको छ । दिनप्रतिदिन यसको संख्या वृद्धि भइरहेको छ । त्यो पहिलो मार फेरि विद्यालयका विद्यार्थीहरूलाई, त्यो पहिलो मार फेरि शिक्षकहरूलाई हामीले देखीरहेका छौं । माथि पनि गठबन्धनको सरकारले स्कुललाई पहिलो निसाना, प्रदेशमा पनि पहिलो निसाना ती स्कुलका विद्यार्थीलाई देखिरहेका छौं । कि हामीले सक्दैनौं दुरी कायम गरेर विद्यालयहरूसञ्चालन गर्न कि विद्यार्थीहरूलाई खोपको व्यवस्थापन गर्न कि शिक्षकहरूलाई खोपको व्यवस्थापन गर्न किन सकिरहेका छैनौं यो कुरा महत्त्वपूर्ण विषय छ । यो कुराप्रति पनि कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण होस् भन्दै मेरो भनाइ यहीं राख्दछु धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय श्री ठम्मरबहादुर विष्ट, समय सात मिनेट ।

<u>माननीय श्री ठम्मरबहादुर विष्ट</u>ः माननीयसभामुखज्यू, विशेष समयमा केही विषयवस्तुहरू यो सम्मानित सदनसमक्षराख्नुपर्दा खासगरी अहिले जसरी यो विश्वमा नै गाँजेको छ। सलबलाएको इसु भनेको जो डेल्टा भेरियन्टको कुरा छ यसमा टेक्निकल कुरा भएको हुनाले अहिलेसम्मको स्थितिबाट हेर्दा झण्डै यो कोरोना भाइरसबाट सुरु भएको डेल्टा भेरियन्टको विभिन्न रूप हुँदै अहिले झण्डै पाँच सात ओटा त्यसको रूप पुगेको छ । मैले एक दुई दिन अघि मात्रै एउटा डाक्टरहरूसँगको टिमसँग परिचयात्मक कार्यक्रम गरेको थिएँ । उहाँहरूको भनाइ के थियो भने जसरी अहिले ओमिक्रोन आएको छ यो एक डेढ हप्ता मैं अर्को पनि आउन सक्छ । त्यस कारण यसले रूप लिइरहेको छ र अन्तिममा यसले यसरी खेलाउँदा खेलाउँदै मुसाले बिरालो खेलाए जस्तै घच्याकघुचुक निल्न पनि सक्छ । अन्तिममा यो धेरै कडा भएर पनि आउन सक्छ । भन्ने पनि छ अथवा यस्तै फत्र्याकफुत्रुक यस्तै भूकम्प जस्तै साना साना धक्का दिएर हराउने भन्ने पनि छ । त्यसमा उहाँहरू पनि सडेन हुनुहुन्छ । यो विश्वभरि नै एउटा नयाँ भएको हुनाले यसमा मैले भन्न खोजेको के भने सरकारलाई यसकोप्रतिकार्यका लागि किन कि हामी गतमा पनि के व्यहोर्‍यौं भने नेपालमा त आउँदै आउँदैन एक जना पनि आउदैन भन्ने पनि हाम्रो पशुपतिनाथले जोगाउँछन्, हामीलाई यशुकृस अथवा अल्लाहले को को ले हो आ आफ्नो आत्मविश्वासअनुसार त्यतातिर लाऔं । हिमालयतिर त त्यत्तिकै भाइरस

मरिहाल्छ भन्ने पनि भयो जस कारणले अहिले हामीले १०औं हजार हाम्रा अभिभावकहरू गुमाउने स्थितिमा पुग्यौं । त्यस कारण यसका लागि प्रदेशको तहबाट हामीले हाम्रो रकमले भ्यायसम्म हाम्रो संरचनाले भ्याएसम्म सरकारले गर्नुपर्नेप्रतिकार्य त्यसको तयारीहरू नभए फेरि के हुन्छ भने भोलि एकैचोटी भोलिघच्याकघुचुक पर्दाखेरि हामी आफैं अन्धाधुन्ध हुने स्थिति र जनताको भवितव्यमा हामीले मूकदर्शक बन्नुपर्ने स्थिति हुन सक्छ त्यसकारण मैले यो संरचनाको विषयमा यो यो डेल्टा भेरियन्टको बदलिँदोरूप छ छेपारे रूपमा आइरहेको छ त्यो छेपारे रङ्गसँगै हाम्रो अलिकति तयारी सरकारले गरोस् । के छ त्यसको विषयमा सरकार प्रमुखले समय मिलाएर राख्दाखेरि आम जनतालाई एउटा ढुक्क पनि हुन्थ्यो र यो संसद्लाई यो सभालाई ढुक्क पनि हुन्थ्यो । माननीयसभामुखज्यू मैले यो कुरा राख्न चाँहे ।

दोस्रो कुरा अर्को के समस्या छ भने हामीलाई आइरहेको छ । ठाउँ ठाउँमा भिडभाड भइरहेको छ भेला, महोत्सवहरू भइरहेको छ । सिडियो कार्यालय, मालपोत कार्यालय आजका दिनमा पनि हामीलाई सुर्खेतमा भएका हुनाले हामीलाई बढी रिर्पोर्ट आउँछ । त्यस कारण २५ जना भनिएको छ यहाँ ५०, १००औं जना सहभागी भएर कार्यक्रम भइरहेको छ । त्यसमा पनि सङ्घले स्थानीय तहले आफ्नो ठाउँबाट गर्नुहोला तर हामीले प्रदेशको तहबाट हाम्रो हामीले जो जनताको घर आँगनको सरकार भनेका छौं। यहाँबाट हामीले त्यो जनातालाई आश्वस्त पार्ने त्यो भिडभाडलाई कसरी चेतना, जनचेतना फैलाएर कम गर्न सकिन्छ । त्यसबाट ठूलो स्केलमा यहाँ फैलिने अवस्था भएको छ त्यसकारणले पनि यहाँ सरकारको ध्यान गएको छ कि छैन । त्यसतर्फ पनि ध्यान जाओस् भनेर मैले अनुरोध गर्न चाहन्छु ।

सभामुखज्यूमार्फत्अर्को कुरा हामीले बाउन्ड्री क्रस गर्न नसकेको कुरा यो अनलाइन शिक्षाको कुराहरू डिजिटलाइजको कुरा त हामी सुरुको नेकपाकै सरकार हुँदा घोषणा गरेर अघि बढ्यौं । तर त्यो डिजिटलाइजको कुराहरू कतिसम्म विकास भयो । के छ स्थिति खैर हामी त्यतातिर नजाऔं तर यहाँको सन्दर्भमा हामीले अनलाइन शिक्षालाई कसरी व्यवस्थित गर्ने किन कि अब अहिले एउटा डिभाइसमा संसार चल्ने, युनिभर्स चल्ने स्थितिमा फिजिकल्ली सञ्चालन गर्न नसकिने स्थिति भइसकेपछि एउटा अपरचुनिटि पनि हो यो हाम्रो प्रदेशको लागि । त्यस कारणले हामीले एउटा डिजिटलाइज शिक्षालाई कसरी व्यवस्थित गर्न सक्छौं । प्रदेशको सन्दर्भमा र त्यो त्यतातिर हाम्रो ध्यान पुग्न सकेको छैन त्यतातिर पनि ध्यान जाओस् भनेर मैले निवेदन गर्न चाहन्छु र दोस्रो कुरा भनेको यो सुकुम्बासीको विषयमा अहिले भर्खरै

सङ्घसरकारले जहाँ जहाँ अव्यवस्थित सुकुम्बासी छ त्यस ठाउँमा अध्यक्षहरूको पनि नियुक्ति गरेर पठाउनु भएको छ । ती कार्यालयहरू व्यवस्थित के भइरहेको छ, नेपालमा त्यसको सन्दर्भमा के छ भने १२, १३ ओटा आयोग, भने आयोग हुने जागिर खाने, जाने अथवा एउटाले एउटा डकुमेन्ट बनायो। त्यो बिचमै अलपत्र रहने यो खालको एउटा स्थितिबाट आज हामी गुज्रिराखेको हुनाले सङ्घले कुन स्पिडमा यो अघि बढाएको छ, कुनै ठाउँ विशेष, पार्टी विशेष, कुनै समुदाय विशेषभन्दा पनि देशमा नै एउटा समस्या भएको आज तमाम जग्गा भएको लालपुर्जालाई बैङ्कमा राख्न नमिल्ने, सहकारीमा नराख्ने मिल्ने त्यसलाई तपाईंको एक्सचेन्ज गर्न नमिल्ने बिक्री गर्न नमिल्ने एउटा ठूलो समस्याबाट गुज्रिरहेको अवस्था छ। त्यसकारणले यो स्थितिमा मैल के निवेदन गर्न चाहन्छु भने सभामुखमार्फत् कमसेकम सङ्घले ल्याएको जुन योजना छ यसलाई समयमा नै हामीले कसरी गर्न सक्छौं । प्रदेशले त्यसमा संयोजन गरोस् । त्यसमा प्रदेश सरकारले आफ्नो हिस्सा के हो त किनकि सुर्खेत एउटा यस्तो ठाउँ हो कि जहाँ २८, ३० ओटा जिल्लामा त्यसको वर्गीकरण गरिएको छ त्यसमध्ये एउटा अत्यन्तै सुकुम्बासीको स्थितिबाट जनताहरू आहत भएको स्थिति हो । हामी सबैले हिजो चुनावको बेला बोलेको पनि हो हामीले गर्न नसकेको काम पनि हो । यसमा कुनै पार्टीको विमति हुन्छ भन्ने मलाई लाग्दैन त्यस कारणले सरकारले चाहेर थोरै भए पनि प्रदेश सरकारले यसमा इनिसियसन लियौं भने प्रभाव लिन्छ जस्तो लाग्छ त्यसकारणले यसतर्फ पनि सरकारको ध्यान जाओस् ।

दोस्रो कुरा के छ भने यहाँ अव्यवस्थित बसाइको कुरा यहाँ के छ भने हामीले निर्णय पनि गऱ्यो अव्यवस्थित बसाइ अहिले पनि त्यसमा समस्याहरू आइरहेको छ । सँगसँगै यसलाई सुकुम्बासीको समस्या हल गर्ने कुरा त छँदैछ । अव्यवस्थित बसाइलाई कसरी हामीले हल गर्ने यो बाढी पहिरोको कुराहरू, विभिन्न खालका सुख्खा पहिरोका कुराहरूले जनधनको क्षति हुने कुराहरू यी सबै कुराहरू छन् यसतर्फ पनि कसरी हामीले व्यवस्थित गर्न सक्छौं । किनकि सधै एउटा निर्णय हुने त्यसलाई हामीले हल गर्न नसक्ने यो कुरा भएको हुनाले यसमा पनि ध्यान जाओस् भन्ने कुरा म राख्नचाहन्छु । सँगसँगै मैले अन्तिममा आज राति त्यहाँ घटना घट्यो एउटा हृदयविदारक घटना हो । आमा बच्चासहित एउटै ठाउँमा मृत्यु हुने कुरा जो सुकैलाई पनि एउटा सकिङ हुने कुरा हो । केही समय अघि कोहलपुरमा पनि भएको थियो, काठमाडौंमा पनि यस्ता घटनाहरू भइरहेका छन् । मैले सभामुखमार्फत् यहाँ निवेदन गर्न चाहन्छु कि सरकारलाई यस सम्बन्धमा एउटा जनचेतनासहितको तत्कालै एउटा हामीले रेस्क्यू टिम

बनाएर,किनकि हामीले श्रद्धाञ्जली दिने दुखः मनाउ गर्ने काम मात्रै हैन । हामी एउटा अथोरिटी भएकाले त्यसतर्फ पनि कमसेकम कर्णाली प्रदेश भएको हुनाले जनचेतनासहित हामीले अपर कर्णालीदेखि १० ओटै जिल्लाहरू, ७९ ओटै पालिकाहरूमा जनचेतनामूलक तत्कालै एउटा रेस्क्यू टिम त्यो खालको एउटा म्यान पावरसहितको टिम बनाएर जान सक्यौं भने सरकारको उपस्थितिको जनताले निश्चित रूपले अनुभूति गर्नेछन् । धन्यवाद ।

**<u>माननीय सभामुखः</u>**माननीय सदस्यहरू विशेष समयमा बोल्ने माननीय सदस्यहरूको समय समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू अब यो बैठक २०७८ माघ १६ गते आइतवार दिउसो १ बजेसम्मका लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेशसभा

नवौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७८ माघ १६ गते

आइतवार

(बैठक संख्या-३)

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू कणाली प्रदेशसभाको नवौं अधिवेशनको तेस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू आज माघ १६ गतेको दिनलाई राष्ट्र्व्यापीसहिददिवसको रूपमा मनाउँदै आइरहेको व्यहोरा विदितै छ । राष्ट्र र जनताको हित र लोकन्त्रातिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरूप्रतिश्रद्धाञ्जली अर्पण गर्न आफ्नो स्थानबाट उठी एक मिनेट मौनधारण गरौं ।

धन्यवाद ।

माननीय सदस्यहरू प्रदेशसभामा विपक्ष दलका नेता माननीय श्री यमलाल कंडेलले समय माग गर्नु भएकाले उहाँलाई समय उपलब्ध गराउँछु । बसौं माननीय सदस्य केहो? माननीय सदस्य बसौं आसन ग्रहण गरौं ।

<u>माननीय श्री यामलाल कंडेल</u>ः माननीय सभामुख महोदय, आज कर्णाली प्रदेशको नवौं अधिवेशनको तेस्रो बैठक आज माघ १६ गते सहिददिवसका अवसरमा हुन गइराखेको छ। यस अवसरमा सर्वप्रथम म जहानिया राणा शासनको कालरात्रिका समयमा लोकतन्त्रका निम्ति हाँसीहाँसी ज्यान आहुती गर्ने सहिदहरू देखि आजसम्म लोकतन्त्र प्राप्तिका निम्ति सामेल हुँदा सहादत प्राप्त गर्नु हुने सबै सहिदहरूप्रति पार्टीका तर्फबाट, दलका तर्फबाट भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । हामी सहिदहरूले प्राप्त गरेको,सहिदहरूको वलिदानबाट प्राप्त गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रामक सङ्घीय व्यवस्था अन्तर्गत आ-आफ्ना ठाउँमा जिम्मेवारीमा छौं । तीसहिदका सन्तानहरूले हामी सबैलाई के कसरी मूल्याङ्कन गरिरहेका छन् । हामी सबैले आ-आफ्ना ठाउँबाट महसुस गर्नु पर्ने कुरा होनै भन्ने मलाई लाग्छ । यस अवसरमा हामी सबैले स्मरण गरेर,सहिदको भावनाअनुसारआफू रहेको रआफूले प्रतिनिधित्व गरेको ठाउँमा मर्मअनुसारका काम व्यवहारहरू गर्नु पर्ने कुरामा अगाडि बढाउनुपर्ने कुरा हामी सबैले गम्भीरतापूर्वक सोच्न पर्ने हुन्छ । कतिपय विषयमा विमति होला तर यो व्यवस्था योसम्म ल्याउनको निम्ति हामी यहाँ उपस्थिहरूका बिचमा आमरूपमा

सहमतिको विषय होनै । यद्यपि कतिपयको विमतिको विषय हुन सक्छ । यिनी कुरा राख्दै नवौं अधिवेशनमा नेकपा एमाले संसदीय दल कसरी प्रस्तुत हुन्छ ? सबैको चासो विषय भएको अनुभूति मैले पनि गरिरहेको छु । आठौं अधिवेशनमा हामीले केही विषयहरू उठाएका थियौं ती विषयहरू जिम्मेवारीपूर्वक हामीले अगाडि बढाएको एउटा अवस्था थियो । त्यसलाई पनि सभासमक्ष, मार्फत्‌त्यतिबेला पनि सभामुखको पहलकदमी र प्रयत्नका आधारबाट आयोजना गरिएका दलका सर्वदलीय बैठकहरूमा पनि हामीले छलफल गर्दैआएका विषय थियो । कार्यन्वयनमा आ-आफ्नाबाध्यता भए तापनि छलफलमा विषयमा सहभागी यो कर्णाली प्रदेशअन्तर्गत रहेका दलहरूका नेताहरूका बिचमा खास विमतिको विषय थिएन तर कार्यन्वयन हुन सकेन । आज हामी नवौं अधिवेशनमा आइपुगेका छौं । कतिपय समय र सन्दर्भले विषय त्यति बेलाका सान्दर्भिक विषयहरू आजका ती सन्दर्भ नहुन पनि सक्छ ।त्यतिबेला जुन विषय हामीले उठाइ रहेका थियौं । त्यही विषय सान्दर्भिक थिए उतिकै महत्त्वपूर्ण कुरा थियो तर आज नवौं अधिवेशनसम्म आइपुग्दा विषयका हिसाबले, समयका हिसाबले ती कतिपय विषयहरू समयलेनै असान्दर्भिक बनाइदियो । त्सयकारणले हामी पुरानै विषय समाएर नेकपा एमाले संसद्‌मा प्रवेश गर्ने कुरा कसैले सोचिराख्नुभएको छ भने हामी त्यो दिशामा छैनौं । हामी फेरि नयाँ सिराबाट अगाडि बढ्ने कुरा म तपाईंहरू बिचमाराख्न चाहन्छु। नम्बर दुई हामीले तेती बेला पनि आफ्ना मागहरू राख्दा राख्दै त्यति बेलाका संवैधानिक बाध्यताको पनि निकास दिदै आफ्ना कुरा अगाडि बढाउदै आएका थियौं । आफ्ना कुरा दृढतापूर्वक राखेका थियौं तर संवैधानिक बाध्यताहरू जो यो सभाभित्र हामीले बदल्न सकिंदैन थियो । त्यो नेकपा एमालेलाई राम्रोसँग जानकारी थियो । चाहे त्यो नीति कार्यक्रम ल्याउने सन्दर्भमा होस्, चाहे त्यो बजेट प्रस्तुत गर्ने सम्बन्धमा होस् हामीले त्यतिबेला पनि आफ्ना कार्यक्रमहरू रहँदारहँदा पनि हामीले त्यो संवैधानिक बाध्यताअनुसार एउटा जिम्मेवार प्रतिपक्षका नाताले आफैंले निकास खोलेर,आफैंले समाधानको बाटो खोलेर सदनका काम कारबाहीहरूलाई अगाडि बढाउने हाम्रा तर्फबाट अधिकतम प्रयत्न गरिएका कुरा कमसेकम बाहिर रहनु भएकाले नथाहापाए पनि यो सभामा सदस्यका नाताले सहभागी रहनुभएका सबै माननीय सदस्यहरू त्यसका साक्षात्कार पात्रहरू हुँदै हुनुहुन्छ ।यद्यपि बाहिर नेकपा एमालेलेसंसद् चल्न दिएन, चलाउन दिएन जस्ता कुरा पनि भए । त्यसका धेरै पछाडि वादप्रतिवादमा हामी लागेनौं हामीले फेरि पनि संवाद र छलफलमा सामेल भयौं । त्यही क्रममा यद्यपि त्यो पुरानो विषय भयो तर आज त्यो दृष्टान्त पेश गर्नु उपयुक्त मैले ठानेको छु तर त्यसैलाई म

फेरि मुद्दा बनाउन चाहन्नौं। त्यो भनेको के हो भने हाम्रा कारणले अध्यादेश आएको होइन, सरकारको पात्र बदलिएको अवस्था छ । म के बुझ्दछुभन्दा सरकार एउटा अविछिन्न उत्तराधिकारीभएको कारणले गर्दा पात्र बदलिए पनि त्यसका सकारात्मक र नकारात्मक कुराको उहाँले जवाफदेही र जिम्मेवारी लिनुपर्ने अवस्था रहन्छनै । त्यति बेला हामीले भन्यौ संवैधानिक व्यवस्था छ, यदि विचाराधीन विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा प्रक्रिया अगाडि बढ्न सकेन भने संवैधानिक व्यवस्थाअनुसारपेस्की विधेयक ल्याउने व्यवस्था छ, थियो ।त्यसैका आधारबाट मलाई लाग्छ ३० गते होला सभामुखले आयोजना गर्नुभएको सर्वदलीय बैठकमानै हामीले भन्यौं । यसमा मलाई लाग्छ हामी सहभागी सबै माननीय सदस्यहरू त्यसमा उपस्थित भएको म यहाँ फलानो हुन्थ्यो किन भनिरहुँ ? सबै जानकार छौं हामीले त्यतिबेला पनि भन्यौं, समस्या समाधान गर्ने कुरामा विषयमा विमति थिएन जे विषयमा नेकपा एमालेलेउठाइरहेको थियो तर कार्यन्वयनमा जटिलता थियोनै त्यसलाई हामीले महसुस गर्ने अवस्था रहन्थ्यो तर हामीले फेरि पनि संवैधानिक संकटबाट अगाडि बढ्ने कुरा बोल्नु हामीले आफ्नो दायित्व र कर्तव्य ठानेर संविधानमा व्यवस्था भएअनुसार हामीले सर्वदलीय बैठकमा प्रस्ताव राख्यौंकियो बाटोबाट अगाडि बढ्ने कुरा अगाडि बढ्नुस् हामी सहयोग गर्न तयार छौं । तदअनुकूल ढङ्गले बिहान ८ बजे अर्को बैठकको मिति तोकियो कतिपए सर्वदलीय बैठकमा सामेल भएका नेताहरूलाई आशङ्का रहेछ नेकपा एमाले भोलि केपो गरिदिने हो । बेलुका मलाई पनि भन्नुभयो,साच्चित्यहीँबाटो हिड्ने हो मैले भने विश्वास छैन भने प्रयोग गरी हेर्नुहोस् तर बिहान ८ बजे आइपुग्दा संसद्विघटित,संसद् समाप्त भएको अवस्था देखापर्‍यो । त्यसकारणले अध्यादेश ल्याउने संवैधानिक सरकारको व्यवस्था छ। त्योप्रति मेरो कुनै टिप्पणी छैन तर हाम्रा कारणले त्यो बाटो हिंडेको होइन सरकार स्वयम् त्यो बाटो हिंडेरनै अगाडि बढ्ने उस्ले आफूलाई उपयुक्तकुरा ठान्यो होला त्यसकारणले सरकार त्यो बाटो हिंड्यो तर तथ्य जेहो भनिदिंदा हुने थियो भन्नेमात्र मेरो कुरा हो के भन्नु हुन्छ । लोकले कसरी मूल्याङ्कन गर्दछन् । त्यो तपसिलको विषय हो त्यसकारण फेरि पनि म विन्रमतापूर्वक भन्न चाहन्छु अध्यादेशको बाटो नेकपा एमाले संसदीयदलको प्रतिपक्षको भूमिका र अडान र अड्चनको कारणले होइन स्वयम त्यति बेलाको सरकारले रोजेको बाटो हो आज हामी नवौं अधिवेशनमा आइपुग्दा फेरि यो बैठकलाई कसरी सौहार्द्ध र प्रभावकारी ढङ्गले अगाडि बढाउने होला भन्ने हिसाबले सभामुखज्यूको पहलमा केही छलफल कुराकानीहरू सकारात्मक ढङ्गले घनीभूत ढङ्गले भैरहेका छन् तर म अनुरोध गर्न चाहन्छु विमतिका

बिचमा कुनै अविश्वाश सिर्जना गर्ने होइन विश्वाससिर्जना गर्नेगरी अगाडि बढ्न सक्दा विमतिका बाबजुद पनि सँगसँगै जान सकिन्छ । विषयमा सबै मिल्ने छलफलमा सबै टुङ्गो लाग्ने तर व्यवहारमा नमिल्ने तरिकाले सँगसँगै हिड्दाखेरि पनि बेमेलको परिस्थिति निर्माण हुन्छ । आज हामीलाई केही प्रश्नहरू सभामुखमार्फत् सरकारको हामी गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छौं त्यसमा सरकार कसरी प्रस्तुत हुन्छ? त्यसमा हाम्रो भूमिका निर्भर रहन्छ । अध्यादेशबाट बजेट आकोछ बजेट निर्माणमा वा बजेट निर्माण भनेर शासकीय निर्माणको खोजिने नेकपा एमाले खोजिरा छैन । यस्तो अवस्थामा सैंवैधानिक बाध्यताका कारणले छ महिनाभन्दा बढी समय बिताउन नपाउन भएका कारणले गर्दाखेरि हाम्रो नवौं अधिवेशन भैरहेको अवस्थामा आठौं अधिवेशन र नवौं अधिवेशन बिचमा रहिरहेको ग्यापलाई सम्बन्ध जोड्ने प्रतिपक्षसँग सम्बन्ध जोड्ने सरकारको छ नीति केछ ? के योजना ? हामी विरोधका निम्ति विरोध गर्ने कुरा छैन हामी पुरानै विषय समाएर दृष्टिकोण बनाउने कुरा पनि छैन यद्यपि उठाऔं भने धेरै विषयहरू छन् राजनीति रूपले उठाउनुपर्ने विषयहरू छन् तर पनि म भन्न चाहन्छु जिम्मेवारीबोधका साथ कर्णाली प्रदेशका सबै खाले मतदातालाई कहाँ अगाडि जिम्मेवारीपूर्वक भन्न चाहन्छौं कि कर्णाली प्रदेशसभा भित्र नेकपा एमाले उठाउने मुद्दा के हुन् ? हेरिरहेका छन् हामी राजनीतिप्रतिशोधका हिसाबले विषयमा पक्षमा छैनौं यद्यपि उठाउन पर्ने विषय छन् स्मरण मात्र गरौं जति बेला हामी नेकपा एउटै पार्टीमा थियौं । त्यति बेलाको सम्मानीय प्रधानमन्त्री केपी शर्मा ओलीले चालिस-चालिस प्रतिशत कुनै एउटा ठाउँमा व्यवस्था हुँदा पार्टीको अर्को व्यवस्था गर्न पाइने कुरा ल्याउदा आकाशै खस्ने गरी नेकपाभित्र र बाहिर छलफल भयो । जनमतलाई बुझेर त्यतिबेलाको तत्कालीन प्रधानमन्त्री फिर्ता हुनुभयो, अध्यादेश फिर्ता भयो तर समय गुज्रिँदै जादा आकाश पातल झार्ने गरी सामेल भएका नेकपाभित्र र बाहिरका नेताहरूको कुनै उद्देश्यहरू नेकपा एमालेलाई कमजोर बनाउने हिसाबले बीस प्रतिशतको मान्यता राखेर अध्यादेश आएर यसले देशैभरि प्रभाव पार्दा कर्णाली प्रदेशलाई प्रभाव पारेकै छ त्यो आंशिक कुरा हो केही समयको कुरा हो किनकि जनता र राजनीति पार्टी वा नेकपा एमाले आवधिक निर्वाचनमा विश्वास गर्दछ। आज एउटा निर्वाचनमा जनताको मत प्राप्त गरेकाहरूले धोकादारी गर्न सक्छन् कोही कतै जान सक्छन् । जनमतलाई घात गर्न सक्छन् पार्टीलाई घात गर्न सक्छन् तर फेरि एउटा लोकतान्त्रिक पार्टी आवधिक निर्वाचनमा जानैपर्ने हुन्छ । हिजोसम्म एउटा परिस्थिति थियो । हाम्रो देशमा स्थानीय तहका समय अवधिसकिँदै थियो । त्यसको निर्वाचन गर्ने कुरामा द्विविधायुक्त

थियो । सरकारमा सामेल रहेका गठबन्धन पार्टी हो, उहाहरू सचेततापूर्वक त्यसलाई पर धकेल्ने प्रयत्न गरेकै अवस्था थियो । जनमतको ताकत यस्तो हुँदो रहेछ ती जनमतलाई स्वीकार गर्नुपर्ने एउटा परिस्थिति आउँदो रहेछ। हिजोदेखि एउटा समयमा आवधिक निर्वाचन हुने वातावरण परिस्थिति निर्माण भएको छ । लोकतन्त्रमा हारजित हुन सक्छ तर एक्लै चुनावको सामना गर्न सक्ने मानसिकता बोकेको पार्टीका रूपमा देखा परेको छ नेकपा एमाले पार्टी त अरू पनि हुनुहुन्छ अरूहरू पनि छन् तर एक्लै चुनाव यसकारणलेकि नेकपा एमाले लोकतन्त्रप्रति विश्वास गर्दछ । आवधिक निर्वाचनमाका प्रति विश्वास गर्दछ कसले कहिले चुनाव गर्दछ जित्छ कि हार्छ त्यो तपसिलको विषयहो । फेरि पनि अनुरोध गर्न चाहन्छु मान प्रतिष्ठाको विषय नबनाइकन स्थानीय निकाय एक दिन पनि खालीनहुने, स्थानीय तह एक दिन पनि खालीनहुने संविधानको जुन मूल्य र मान्यता छ त्यसअनुसारको चुनाव गर्ने गराउने कुरामा हामी सबै राजनीति पार्टीका साथीहरू लागौं चुनावमा कोले हार्ला कोले जित्ला त्यो तपसिलको विषय हो तर हामीले प्राप्त गरेको लोकतन्त्र रहिरहने छ । हामीले प्राप्त गरेको लोकतन्त्रले एउटा आधारशिला पकडिरहने छ यस आधारबाट दृष्टिकोण बनाउनुपर्ने हुन्छ । हिजो कोले गर्न खोजेको थियो ? कोले गर्न खोज्या थिएन ? त्यो तपसिलको विषय हो यस आधारबाट धारणा बनाउनुपर्ने कुरा म राख्न चाहन्छु । यसो हुँदा हामी आज सरकारको तर्फबाट बुझिरहेका छौं के गर्नुहुन्छ नम्बर एक नम्बर दुई सबै बजेट बनाउँदा सबै बजेट अधिवेशनमा चर्चा भएको विषय हो अबन्डाको शीर्षक र त्यसकोवितरण अबन्डाशीर्षक र त्यसको वितरण अहिलेसम्म त्यो अबन्डा राख्नका लागि यो अर्थ मन्त्रालय र मुख्यमन्त्रीको प्रतिस्पर्धा हुने गरी यो बजेट अधिवेशनमा छलफल चलाउँदै आएको अवस्था हो तर यसको वितरण यस्तो भयो हुन त हामी प्रतिपक्षमा छौं गर्नेमा अरूनै साथीहरू हुनुहुन्छ तर लोकले हेर्दा हामीलाई पनि हर्दो रहेछ । सबैलाई निर्लज्ज हुनेगरी त्यसको रकम विनियोजन गरिएको छ । यसप्रति सरकारको धारणा हो के ? म भन्न चाहन्छु सरकारलाई हाम्रो तर्फबाट यदि सुशासनको कुरा हो यदि अनियमितताको कुरा हो यदि कर्णाली विकास खाने होइन विकास गर्ने कुरा हो भने योजनामा माग होइन मोडेलमा म सुझाव दिन चाहन्छु । योजना राख्दिनुहोस् होइन मेरो कुरा प्रदेश सरकार हो यो यसले सञ्चालन गर्ने योजनाको न्यूनतम सीमा तोक्ने त्योभन्दा तल रहेका सम्पूर्ण योजना सरकार खारेज गर्न तयार छ तयार छ भने हामी सहयोग गर्न तयार छौं । होइन प्रदेश सरकार सरकार त हो यो दुई लाख, तीन लाख, चार लाख गरी वितरण गरी योजनाको सूचीको प्रतिनिधि पात्र भएर सदनमा प्रस्तुत भयो

भने त्यसलाई समर्थन गर्न नेकपा एमाले सक्दैन यसकारणले कि त्यसले कर्णालीको विकास हुँदैन म तपाईंहरूसँग अनुरोध र आग्रह गर्न चाहन्छु । टुक्रे योजनाहरू जति छन् छलफल गर्न एउटा मर्यादा भोलिका लागि पनि कायम हुने गरी पनि त्यो मर्यादा अडिने गरी तपसिलका योजनाहरू खारेज गर्न सरकार तयार छ हामी सहयोग गर्न तयार छौं । रकम आफैंबाँड्नुहोस् फेरि ठिक छ तर रकम आफैंबाड्नपाइन्छ भन्ने आधारबाट प्रदेश भरी करिब त्यो संख्या तीन हजार, चार हजारको संख्यामा छ भन्ने छ । हामी चार वर्ष हुँदाहुँदै पनि एउटा माननीय सदस्य सम्बन्धित मन्त्रालयमा गयो भने एउटा माननीय सदस्य अरू जादा त के हाल होला सजिलैसँग योजना नपाउने अवस्था तितो अनुभूति गर्नुभएको माननीय सदस्यहरू हाम्रो दलको बैठकमा प्रकट हुन्छ । मैले सर्वदलीय बैठकमा एउटा माग पनि राखे । माननीय मुख्यमन्त्रीलाई माननीय मुख्यमन्त्रीज्यू १६ गते बैठक हुँदैछ । हामीलाई सिङ्गो सबै मन्त्रालयका विनियोजन भएका योजनाको सूची चाहियो त माननीय सदस्यहरूलाई कहाँ अनुनय विनय गर्दै जाने, मलाई लाग्छ एउटा माननीय सदस्यको त्यो नैर्सगिक अधिकारको कुरा हो । एउटा सामान्य जनताको अधिकारको कुरा हो । पत्रकार साथीहरू जानु भयो भने सूचनाको हकको निवेदन दर्ता गर्नु भएन भने सूचनानै नपाउने परिस्थितिबाट गुज्रिएको अवस्थामा हामी छौं त्यसकारणले म सरकारसँग यससम्बन्धी नीति के हो ? सोच के हो ? त्यसका अधारबाट हाम्रो भूमिका तय हुने कुरा राख्न चाहन्छु । तेस्रो कुरा दुई ओटा कार्यक्रमको कार्यक्रमको विरोधी होइन वा नेकपा एमाले विरोधी होइन मुख्यमन्त्री रोजगार कार्यक्रम, पूर्वाधार विशेष कार्यक्रम तर अचम्म लाग्छ मलाई मान्छेले एउटा लिखत,व्यक्तिगत लिखत बदल्दा त स्मरण बदल्दा त समय लाग्छ तर हाम्रा कार्यविधिको संख्या हेर्ने हो भने छिनछिनमा कार्यविधि बदल्ने तरिकाबाट जुन चलिरहेको छ । यसले के राम्रो प्रभाव परिराखेको छ मेरो सम्पर्क छैन। राज्यको स्थायी संरचना हुने कर्मचारी साथीहरूको के फिलिङ्ग छ थाहा छैन किनभने खोज्न जरुरी ठान्दिनँम किनभने म एउटा राजनीति क्षेत्रबाट प्रतिनिधित्व गर्ने भाहुनाले अर्को कुनै राजनीतिबाट प्रतिनिधित्व गर्ने साथीहरूको कमजोरीको रूपमा त्यो उहाँहरूसँग प्रस्तुत हुनुपर्ने मैले आवश्कता ठान्दिनँ तर म के ठान्दछु तभन्दा कार्यविधि, नियम कानून हुन त एक जना योभन्दा अगाडिका पूर्वमन्त्री भन्दै हुन्थ्यो, हिन्दा बाटै कार्यविधि चेन्ज गरिदिने भन्ने कुरा हो भन्नु हुन्थ्यो उहाँ । मनसाय राम्रो थियो होला हुन त डिजिटलाइट प्रदेशका रूपमा घोषणा भएको हाइटेक नर्सरी रूपमा सुपरिचित भएको, आज कहाँ छ ? त्यो हाइटेक कहाँ छ ? त्यो डिजिटल कहाँ छ ? त्यो कृषिको के कुनै सन्दर्भ सामग्रीमा खोज्दा

पाइएला, अनलाइन सिस्टमबाट सात जनाका बिचमा मनसाय राम्रो होला आम रूपमा नकारात्मक प्रभाव पारेको छ । म अहिले नकारात्मक प्रभाव यसकारणले पारेको छ म अहिले त्यसको नेगेटिभ पाटो धेरै चर्चा गर्न चाहन्नँ। किन कि म सकारात्मक आधारबाट अगाडि बढ्ने मनसायका आधारबाट प्रस्तुत हुनुपर्छ भन्ने छ । यति मात्रै भन्न चाहन्छु ती दुई ओटा कार्यविधि सकारात्मक प्रभाव पार्ने छैन,पूर्वाधार विकास कार्यक्रम मुलतः त्यो माननीयसँग आलोचितताकाबाबजुद जोडिएको कार्यक्रम हो तर त्यो कार्यविधिले यस्तो देखाउछ मुख्यमन्त्री एउटा ठाउँको प्रतिनिधि मात्रै होइन धेरै ठाउँको माननीयको व्यवस्था हुने गरी कार्यविधि छ । राम्रो कुरा लागिरा होला ल्याउनेलाई त तर यो सभामा ३५ जना माननीय सदस्य हुनुहुन्छ । जहाँ माननीय सदस्यहरूको प्रतिनिधित्व छैन त्यहाँ कसरी विकास गर्ने होला ? सरकारले ध्यान दिने विषय हो ख्याल गर्ने विषय हो तर आफैं माननीय बनेर कार्यविधि बनाउने तरिका राम्रो मान्न सकिँदैन उस्तै पऱ्यो भने समस्याका बाबजुद कार्यविधि विगतमा पनि संशोधन भाथियो । मिलानभन्दा त्यो कार्यविधिले प्रत्यक्ष र समानुपातिकका बिचमा झगडा पार्ने कार्यविधिको रूपमा प्रस्तुत भएको छ । त्यहाँ झगडा गर्दै गरम कहाँ आइपुग्छ मैले व्यवस्था गर्दिन्छु नि त भन्ने व्यवस्था वैधानिक व्यवस्था छ । अनि कसरी मान्छे मिल्छन् त । मुख्यमन्त्री कार्यक्रममा न जनप्रतिनिधि प्रदेशसभाका मान्छे सामेल छन्, न स्थानीयका मान्छे सामेल छन् । स्थानीय निकायको अर्को छिटपुट रूपमा भेट्दा तितो प्रतिक्रिया पाउछु मैले छिटपुट रूपमा मैले किन भने सबैसँग भेट्ने कुरा पनि भएन । मैले भेट्दा मेरै पार्टीसँग सम्बन्धित कुरा हुने कुरा होला उले अल्लि बढाएर भन्ने कुरा होलान् त्यो म हेक्का राख्दछु । त्यसकारणले त्यस्तो अरू कार्यविधिहरू छन् मैले अहिले चर्चा चलाएको दुई ओटा कार्यविधि हो । त्यो आधारबाट अगाडि बढ्न पऱ्यो । सरकारलाई यति हेक्का छैन बजेट बनाउँदा सामान्यतया बजेट बनाउँदा हेक्का हुनुपर्ने कुरा हो । सरकारी दायित्व सिर्जना भए जतिको रकम बजेट प्रस्तुत हुँदा उल्लेख भएको हुनुपर्ने हो, यो न्यूनतम कुरा हो के न थाहापाएको हो । के थाहा नपाएको मन्त्रालयको सचिव हुनुहन्छ मलाई त्यस्तो लाग्दैन तर कागज नथाहा पाए जस्तो देखियो । यो न्यूनतम दायित्व हो, कोले अस्वीकार गर्दछ । गत सालको दायित्व सिर्जना गर्न चाहे जुन शीर्षकबाट होस् दायित्व सिर्जना भएको रकमहरू नयाँ बजेटमा प्रस्तुत हुँदा उल्लेख हुनुपर्ने त्यो न्यूनतम कुरा हो तर बजेट हेर्दा त्यस्तो देखिदैन । आफूले सिर्जना नहुने भएपछि नयाँ बजेटकामा नयाँ शीर्षकमा यो दायित्व पनि त्यहीबाट व्योहेर्ने गरी कतिपय व्यवस्था र कार्यविधिमा नियम बनाएको व्यवस्था

देखिन्छ । त्यसकारणले यो यी विषयमा केहो ? जे छ ठिक छ होइन यो साझा विषय बनाउन सकिन्छ भने साझा विषय बनाउ अगाडि बढौं, होइन जे छ, सरकारले ल्याएको ठिक छ भन्नुभयो भने त्यति बेला मात्रै हाम्रो धारणा अगाडि बढाउला । अहिले एस र नो को नतिजाको पुर्वानुमान गरेर म धारणा व्यक्तगर्ने पक्षमा छैन किन कि सरकार आफैंमा जवाफदेही र जिम्मेवार हुन्छ भन्ने कुरामा अविश्वासका बिच बाबजुद पनि विश्वास गर्दै हामी छलफलमा भाग लिइहेका छौं। नम्बर चौथो कुरा पहिलो वर्ष देखि हामीले छुट्टाइएका महत्त्वपूर्ण योजनाहरू तीन करोड, चार करोड, पाँच करोड दुई करोड, एक करोड खर्च भएको होलान् । विभिन्न जिल्लाहरूमा आज ती योजनाहरू भग्नावशेषको अवस्थामा छन् । एउटा जनप्रतिनिधिले एक चोटि योजना सामेल भएपछिसम्पन्न नहुँदासम्म त्यो सम्बन्धित निकायले त्यो योजना छोड्दैन भन्ने विश्वास गर्दै आएको अवस्था हो भन्ने लाग्छ मलाई यस्तो पटके योजना बनाएर छोड्दै जान्छ भने प्रचलन अन्त के छ खोज्न पाइएको छैन । कर्णालीमा देखियो हामीले चाहे जति विकास त गर्न सकेनौं तर सुरु गरेका विकासका योजनाहरूलाई भग्नावशेष बनाउने कुरा नगरौं भन्ने हो, हाम्रो कुरा हो, होइन सरकार भग्नावशेषतिर जाने हो, उसको कुरा हो तर मेरो विचारमा किन जाला र सरकार भग्नावशेषमा उदाहरणका निम्ति तपाईंहरूलाई भन्न चाहन्छु । हामीले ठुलो मेहनतका साथ सहिद पार्क बनायौं माथि,के कम्पाउड वाल लगाउदैमा,तारबार लाउदैमा सहिद पार्क कम्प्लिट भयो, हुन्छ ? उहाँ हामीले तलतिर चौगान चौर पार्क कि के नबनाउ भन्दै थिए। त्यतिबेला म यहीं कै प्रतिनिधि हुँ । यो नगरम संरक्षण त गरौं । अहिले यतातिर न लागौंभन्दा भन्दै तारबार त घेरिएको छ तर त्यहाँभित्रको कुनै बजेट छ त छैन त ।बहुप्रचारी गरियोत्यतिबेला कतिपय स्थानीय भावना विपरीत चक्रपथका बारेमा आज बजेट चक्रपथको सम्बोधन गर्छ त छैन त मूलपानी-भुरीगाउँ-तेलपानी सडक अहिले पनि जानुभयो भने हाइवेदेखि मुलपानि तल भुरेली भन्ने ठाउँसम्म आकर्षक पिच सडक बनेको छ । केही सय मिटर त्यो रानीघाटसम्म पुऱ्याउन सक्दा अर्को देवघाट बनाउन सक्ने भुबनौटको अवस्था छ । भेरी पुलमा सातआठ वर्षदेखिविवादित भा हुनाले विचाराधीन अवस्थामा छ । केही करोड राखेर कटिङ गर्ने कार्य गरियो । हाम्रो प्राविधिकको पनि, ठेकदारको पनि स्टकचरको काम पनि भन्दा पहिला कटिङ गर्ने काम मन पराउदा रहेछन् किनकि विकासनै रोजगार हुँदो रहेछ । एक साल खन्यो अर्को साल बगाउँछ, अर्को साल खन्यो अर्को साल बगाउँछ । तपाईंलाई अचम्म लाग्ला यो सदनको राजधानी हो प्रमुख प्रतिपक्ष दलको नेता हुँदा मलाई पनि उछिनेर अहिलेका माननीय

मुख्यमन्त्रीज्यूले वीरेन्द्रनगर त बनाउन पऱ्यो नि, त्यो एपिसेट कुरा थियो अन्यथा मलाई उछिन्ने प्रतिस्पर्धा भा होइन यो राजधानी हो त अहिले एउटा राम्रो कुरा भाको छ यस्ता दुई तीनओटा काम उहिले गर्न सकिन्थ्यो यद्यपि सिट संख्या घटाइयो र रंगशाला बन्दै छ । भोलिहामीसँग जमिन हुदैन, ठुलो बनाउने ठाउँ हुदैन, अहिले बनाउने बेला घटाइयो तर पनि त्यो राम्रो काम भाछ । देउती बजै सबै जानुहुन्छ, हेर्नुहोस् त देउती बजै निरको पुल । एयरपोर्ट हामी जान्छौं एयरपोर्ट निरको पुल हेर्नुहोस् त यी यहाँ चोकबाट एरी चोक हामी जान्छौं त्यहाँ निरको पुल हेर्नुहोस् त अल्लि अस्तिसम्म प्रदेश सरकारलाई खोजिरा थियो । अहिले प्रदेश सरकारलाई गिजाइरा छ । एयरपोर्ट चलाउने बहुप्रचारितको कुरा गरियो । एमओयु गरियोअहिले भएकोमा सहज ढङ्गले अर्को एयरलाइन्सलाई दिँदा भाडा घट्दो रहेछ भन्ने कुरा त पुष्टि भैसकेको एउटा अवस्था छ । गुण एयरलाइन्सले सञ्चालन गरेको अवस्था छ । श्री एयरलाइन्सले इजाजत नपाएर चाहिँ हङ्गामा मच्याएको मिडियाकर्मी साथीहरूले लेखिरहनु भएको एउटा अवस्था छ । कहिलेकाहीँ धावन मार्ग विस्तार गर्नुपर्ने होला कहिले काही विकल्प एयरलाइन्सहरूलाई दिँदाखेरि पनि जनताले राहत र सुविधामा हवाइमार्गबाट यात्रा गर्ने व्यवस्थातिर हाम्रो ध्यान त जान सक्थ्योनि, गर्न सकिन्छ नि त, अर्को अध्ययन हुँदासम्म त तत्काल विस्तार गर्ने ठाँउ तिनै हो । हो स्वाभाविकले विकास र निर्माणका कामहरू गर्दा जनसहभागी जनतालाई ठिक ढङ्गले बुझाउन नसक्दा तत्काल प्रतिरोध हुन्छनै तर विकास तीगर्दैजानुपर्छ, जनतालाई बुझाएर जानुपर्ने हुन्छ । जनताका यथोचित मागलाई सम्बोधन गर्नपर्ने हुन्छ । अहिले १३२ के. भि. लाइन कोहलपुरबाट आउदै छ । केही समय अगाडिसम्म छिन्चुमा अवस्टयाकलथियो। मैले मुख्यमन्त्रीलाई नि भने यो काम त गर्न पऱ्यो नि संजोकले एउटा ठाउँमा सँगसँगै प्रयत्न गर्दा अहिले त्यो सहजीकरण भएको अवस्था छ । विकास ठुला विकास र निर्माणका आधारबाट अगाडि बढ्दा जनताको तत्काल आफ्नो चेतना हुन्छ र प्रतिरोध हुनसक्छ तर समाजका र प्रदेशका नेताहरू एकै ठाउँमा बोलेर एउटै ढङ्गले प्रस्तुत हुँदा जनताले त्यो कुरालाई मान्छन् जस्तो मलाई लाग्छ । सबै मिलेर योजना सम्पन्न गर्नपर्ने आफ्नो कार्यकालमा ठुलो कि एक्लै गएर गरे जस्तो गर्ने, केही नगर्ने कुरा रोज्ने बाटो हो । त्यसकारणले मैले तपाईंहरूलाई भने कि यो त मैले खाली सुर्खेत राजधानी भाहुनाले दशै जिल्लाका महत्त्वपूर्ण योजनाहरू होलान् । तीभग्नावशेष नबनाउ । त्यसले बजेटको निरन्तरता दिउँ यो आधारबाट अगाडि बढौं । चौथो कुरा बहुवर्षका नाममा आगामी सरकारले काम गर्न नपाउने हिसाबले बजेट बनाउने कुरा अहिलेको साथीहरूले अहिलेका

जिम्मेवारीमा रहेकाहरूले सोच्नै पर्ने कुरा हो । कतिसम्म गर्न पाइने त ? किनभने हामी अनुदानबाट बाच्ने ठाउँका मान्छेहरू हौं । हामी दानदातव्यमा भन्दा हामी पुँजी निर्माणमा खर्च गर्नपर्ने कुरा हो तर हाम्रो ध्यान दानदातव्यमा तिर बढी गइरहेको छ । अन्तिममा २०७२ सालको बाढीबाट विस्थापित धेरै जिल्ला मध्ये प्रमुख विस्थापित जिल्ला सुर्खेत हो । यो तीन लाख, दुई लाख, पाँच लाखका योजना बाँड्नुको सट्टा अन्त गर्न सकिएन ल ठिक छ । त्यो महिला प्रशिक्षण केन्द्रमा जहाँ सरकारी जग्गा भित्र सरकारकै व्यवस्थापनमा बसेका १५ देखि १३ घर परिवार छन् । निरन्तर बसिरा छन् । स्थानीय तहको कुनै निकायसँग कहिप्रतिऐलानी जग्गा खोजेर अस्थायी एउटा साँचो खोजेर हस्तातरण गर्ने कुरा गरेको भए पनि कमसेकम तिनले त धन्यवाद दिने थिए । अहिले म गिरीघाटको कुरा नगरम, त्यो पनि महत्त्वपूर्ण समस्या छ फेरि नसम्झने कुरा होइन तर एउटा सरकारी जग्गाभित्र सरकारी व्यवस्थापनमा २०७२ सालमा बसेका १५-१६ जना मान्छे,बाढीपीडितहरू अहिले पनि त्यही पाल मुनि बस्ने अवस्था छ । विगतमा स्वयम् यहीं प्रदेश सरकारलेबाढीपीडितका नाममा उल्खनीय पैसा खर्च गऱ्यो त । सुर्खेतको बाढीपीडित समस्या समधान गर्न जुम्लाका मान्छे समितिमा बसेर काम त गऱ्यो त । त्यसकारणले फेरि पनि म भन्न चाहन्छु । प्रदेशसभाको पहिलो बैठकमा भन्ने अरू पनि माननीय सदस्य हुनु हुन्थ्यो, एउटा माननीय म पनि हो । हामी आकारले संवैधानिक व्यवस्थाले दलीय संरचनाले हामी विभिन्न पार्टीबाट आएका माननीय सदस्य हुँदा हुँदै पनि हामी कर्णाली प्रदेशलाई समयको छुट छैन । अरूले गर्ने समयभन्दा छोटो समयमा हामीले काम गर्नुपर्ने छ । त्यसकारणले दलीय आस्थाबाटभन्दा पनि मुद्दाका आधारबाट बढौं । त्यति बेला भनियो हाम्रो प्रतिद्वन्द्विता पार्टी,पार्टीका बिचमा होइन हाम्रो प्रतिद्वन्द्विताहाम्रो कर्णाली प्रदेशको गरिबी वा सबै सबै सूचाङ्कको न्यूनीकरणको अवस्था छ त्यसका विरुद्ध हामी एकताबद्ध भएर हामी बढ्नुपर्ने कुरा नै हो । आज पनि माननीय सदस्यहरूले भनेका कुरा सुनिराछु तर म अनुरोध गर्न चाहन्छु आज चार वर्ष बित्न लागिराछ यो कुरा सरकारले ल्याउने नीति र कार्यक्रमा प्रकट भएमामूर्तरूपले जान्छ। नीतिमा भागभन्डा, नीतिमा दानदातव्यमा भाषणमा हाम्रो साझा उद्देश्य गरिबी हो, अशिक्षा हो, विकटता हो भन्ने कुरा अरूले त परै जाओस् अब कर्णालीका हाम्रा मतदाता, तपाईं हाम्रा मतदाता अब हामीलाई कसरी विस्वास गर्ने । के आज सरकारले वितरण गरेको दुई लाख, तीन लाखले यो हाम्रो गरिबीको गन्तव्यलाई छुने गरी काम गरिराछ ? छैन, छैन भने केले अग्रसरता बनाइराछ दुई लाख, तीन लाख बाड्नका लागि के प्रतिपक्षका कारणले बाढेको हो ?

के हाम्रो दबाबले बाढेको हो कि सम्बन्धित साथीहरूको क्षमताले बाढेको हो । प्रतिष्ठाको विषय नबनाइकन छलफल गरौं । प्रतिष्ठाको विषय नबनाम किनभने अझै सकारात्मक सन्देश दिन बाँकी छ । यद्यपि एक हप्ता पछि हाम्रो मुलुक चुनावमा विधिवद प्रवेश हुने प्रवल सम्भावना छ । चुनाब नभएका बेला त यो अवस्था छ चुनावमा प्रवेश गरी सकेका बेला के होला विगतका अनुमानका आधारबाट सजिलैसँग अनुमान गर्न सकिने स्थिति रहन सक्छ । त्यसकारणले म सभामुखमार्फत् भन्न चाहन्छु। हाम्रा सर्वदलीय बैठमा पनि प्रश्न सरकारको पक्षधर गठबन्धनका पक्षधर नेताहरूले कोइसन उठाइ रहनु भएको छ । प्रश्न उठाइ रहनु भएको छ । राजनीति घटनाक्रम तितामिठा सम्झने हो भने यो मैले बोल्न नपर्ने हो भन्नेमा म थिए । म अहिले त्यो तितामिठा सम्झेर होइन आफ्ना जिम्मेवारीका आधारबाट विषयहरूलाई अगाडि बढाउन खोजिएको हो । यिनी कुरामा यिनी कुरा गर्दा सरकारकै प्रभावकारिता बढ्ने हो यिनी कुरामा सरकारको मेरो विश्वास छ वा अपेक्षा छ त्यसकारले मैले त्योभन्दा पछाडिको कुरा मैले बोलिराछैन । सरकारको पात्र बदलिनु भयो छ । स्वयम उहाँलेनै भन्नु भा छ यो हिजैको निरन्तरता हो । अब त्यो तीन लाख निरन्तरताको प्रतिनिधि पात्र भएर सरकार प्रस्तुत हुने भयो भने सहयोग गर्न बहुत गारो छ । त्यो सुशासनको कुरा देखाउने कुरा मात्रै हो । त्यो कर्णाली विकास गर्ने होइनकि कर्णालीमा विकास खाने भन्ने मानसिकतालाई बढुवा दिने कुरा हो अहिले पनि कर्णालीको कतिपय बुढापाकाहरूलाई भेट्यो भने यो वर्ष विकास खानैपाइएन भन्नुहुन्छ । हामीका कर्णाली विकास गर्ने होइन विकास खाने भन्ने प्रवृत्ति छ । यहीं हामी सबैको चेतनाले कुनै एउटा पार्टीको चेतना हो भनेको छैन । मैले कर्णालीको साझा चेतना हो यसलाई हामीले बदल्नु पर्ने छ । जबसम्म यो बदल्न सक्दैनौ तबसम्म योजनातर्जुमा गर्ने साथीहरूलाई खाने गर्ने मान्छेले माग्छन् खाने गरीनै । यस आधारबाट यिनी विषयप्रति सरकारको धारणा सदनसमक्ष जसरी प्रस्तुत हुन्छ त्यसअनुसार नेकपा एमाले ती अनुसारसदनसमक्ष जिम्मेवारीपूर्वक सबै कर्णालीका मतदातालाई सम्झेर आफ्ना नीति विचार सार्वजनिक गर्ने कुरा म राख्न चाहन्छु । फेरि पनि म भन्न चाहन्छु, नयाँ सन्दर्भमा नयाँ विषयका आधारबाट जुन विषयले सकारात्मक सन्देश दिने गरी बाँकी समय हामीले केही गर्ने कुरा गर्नका निम्ति हाम्रो दल नेकपा एमाले तयार छ । यिनै कुरा सभामुखमार्फत् सरकारको गम्भीरतापूर्वक ध्यानार्कषण गर्दै सरकारको ठोस प्रभावकारी र सुधारात्मक जवाफको अपेक्षासहित आफ्ना भनाइहरू यहीं टुङयाउछु, धन्यवाद ।

**माननीय सभामुखः** के भन्न खोज्नु भयो माननीय सदस्य, छोटोमा राखौं माननीय सदस्य

**माननीय श्री सोशीला शाहीः** सभामुख महोदय, मैले भन्न खोजेको के हो भने यो हाउसमा गरिमामय हाउसमा म धेरै कुरा राख्नचाहन्नँ । मैले हाम्रो दलले स्थान पाउने कि न पाउने सभामुख महोदय,म भन्न पहिलो कोइसन गर्न चाहन्छु । फस्टमा पहिले अब यहाँ आउदै गर्दा, संसद् चल्दै गर्दा हामी सबै एक हौ । कर्णाली प्रदेशमा विकास हुनुपर्छ, समृद्धिहुनुपर्छ र हामी एकजुट भएर जानुपर्छ भन्ने मान्यता हामी सबै माननीयज्यूहरूको थियो, सभामुख महोदय मैले कसैलाई घोचेर भन्न चाहन्नँ सभामुख महोदय, सचिवालयले पनि व्यवस्था गरेको त्यसमा मिलेन कि अथावा मलाई बारम्बार यो सिटकै लागि मैलै खोज्न खोजेको होइन सभामुख महोदय, कम्तीमा कुनै कुनै स्थान राखियोस् भन्ने एकदम त्यहाँबाट कम्तीमा उसका धारणाहरू उसका वचनहरू अगाडि जाउन् र कर्णाली प्रदेशका जनताले पनि कम्तीमा निमुखा जनताहरूले पनि प्रमुख प्रतिपक्षले पनि बोले पनि प्रतिपक्षले पनि कम्तीमा त्यो धारणा राख्न सकोस् गलत र सही र सत्य हुनुपर्छ । सत्ता पक्षले पनि गल्ती गर्न सक्छन् प्रमुख प्रतिपक्षले पनि गल्ती गर्न सक्छ र प्रतिपक्ष पनि हुनुपर्छ भन्ने मेरो मान्यता हो सभामुख महोदय, त्यो हुन सक्छ कि सक्दैन यहाँभित्र एउटा यो भन्न चाहे सभामुख महोदय, अर्को कर्णालीमा विकास भएन (**माननीय सभामुख**ःसकौं माननीय सदस्य) भन्ने कुरा कुरा त उठि राखेका छन् सभामुख महोदय, विकासहरू कति भको छ, कति भको छैन । त्यो जनताले दश जिल्लाको जनताले मूल्याङ्कन गर्न सक्छ । सभामुख महोदय, त्यो त हामीले पनि हेरेका छौं सानो दल भए पनि एउटा माननीयले विश्वासको मत दिँदाबित्तिकै सत्ता पक्ष भैहाल्ने । अविश्वासको मत बस्दा बित्तिकै सभामुख महोदय, त्यहाँ तठस्थबस्यो भने के भन्ने भने ल अब त्यो एमालेको भै हाल्यो हैन (**माननीय सभामुख**ःमुख्य सरोकार राखम् माननीय सदस्य) एमालेलाई समर्थन गरेको हो भनेर सभामुख महोदय, यो पनि कुरा हो सभामुख महोदय, लागेको कुरा भन्न पाउनु पर्छ सभामुखमहोदय, यहाँ त्यसकारणले त्यो भन्ने मैले जाने कहाँ कि मैले बाहिर गेटबाट फिर्ता हुन पर्‍यो सभामुख महोदय, ती बसौला आफ्नो कुराहरू राखौंला त्यहीबाट फिर्ता हौंला म अरू भन्न केही चाहँदैन सभामुख महोदय, कम्तीमा दलको दलको मान्यता दिइसकेपछि दलको उ पनि राख्नपर्‍यो अहिले अगाडि आउँदाबित्तिकै आफ्नो सिट हो अगाडि सिट ओगटेर बस्नु भाको छ । सभामुख महोदय, यो केहो ? मैले बुझ्न नसकेको सभामुख महोदय, (**माननीय सभामुख**ःठिक छ माननीय सदस्य टुङ्ग्याउ) यो अर्को म आजम यत्तिकैमा जान्छु । सभामुख महोदय, सिटको व्यवस्था होस् र फेरि आउला फेरि आउन पाइयो भने आउला आउन नपाए

नआउला हैन भन्दै आफ्नो शब्दहरू यहीँ राख्न चाहन्छु । सभामुख महोदय, बाँकी अब चार दल हुन्छ राम्रो सित आफ्नो कर्णाली प्रदेशको विकास गर्नुहोला, राम्रोसित गर्नुहोला भन्न चाहन्छु । आवश्यक भयो भने पछि बोलाउनुहोला, आवश्यक भएन भने नबोलाउनु होला सभामुख महोदय, बाँकी कुरा म त्यति भन्न जानेको छैन, पनि घुमाउन पनि जानेको छैन,रिँगाउन पनि जानेको छैन, त्यस्तै रिँगाईरिँगाई कुरा गर्न पनि जानेको छैन, सभामुख महोदय, म चाहिँ यत्तिकैमा आफ्ना दुई शब्द यहाँ राख्न चाहन्छु । सभामुख महोदय,

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू यो बैठक आधा घण्टाका लागि स्थगित हुन्छ ।

# कर्णाली प्रदेशसभा

## नवौं अधिवेशन

## कार्यवाहीको सम्पूर्ण विवरण

## २०७८ माघ १६ गते

## आइतवार

## (बैठक संख्या-३)

राष्ट्रिय धुन

**माननीय सभामुखः**-माननीय सदस्यहरू आधा घण्टाको लागि स्थगित बैठक पुनः सुचारु हुन्छ । माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीले सरकारको धारणा राख्न समय माग गर्नु भएकोले उहाँलाई समय उपलब्ध गराउँछु ।

मुख्यमन्त्री माननीय श्री जीवन बहादुर शाही:माननीय सभामुख महोदय, माननीय सभामुख महोदयमार्फत् यो सम्मानित सदनमा कर्णाली प्रदेश सरकारको प्रमुखको हैसियतले केही कुराहरूराख्नचाहन्छु ।सरकार गठन भइसकेपछि सरकारले गरेका केही कामहरू क्रियाकलापहरू पनि माननीय सभामुखज्यूमार्फत यो सम्मानित सदनलाई, सम्मानित सदनसमक्षराख्नु मेरो दायित्व हो भन्ने मलाई लागेको छ । झण्डै पौने तीन महिना जति भएको छ सरकारको नेतृत्व परिवर्तन भएको र यो सरकार भनेको अविछिन्न हुन्छ निरन्तर हुन्छ भन्ने मैले बारम्बार भनी नै रहेको छु । सरकार खाली कहिल्यै हुँदैन । र अहिलेसम्म जुन कोभिडको समस्या छ यहाँको आइरहेकोमा सरकारले छिन्चुमा होल्डिङ सेन्टर, कपुरकोटको होल्डिङ सेन्टरलाई सञ्चालनमा र कुहिनेको होल्डिङ सेन्टरलाई सञ्चालनमा ल्याएका छौं । कर्णाली प्रदेशका १० ओटै जिल्लाका सम्पूर्ण नागरिकहरूलाई खोपको व्यवस्था गरेका छौं । अहिले हामीसँगखोपको समस्या छैन । आजका दिनसम्म रेकर्ड हेर्ने हो भने पहिलो खोप हामीले झण्डै ८० प्रतिशत लगाइसकेका छौं । ११ वर्षदेखि १७ वर्षका बच्चाहरूमा त्यसरी नै आजका दिनसम्म १२ हजार नागरिकहरूलाई बुस्टर डोज लगाइसकेका छौं। आजका दिनसम्म७० प्रतिशतले दोस्रो खोप लगाइसक्नु भएको छर अहिले यो रेट पनि घट्दै गएको छ । पहिला सय जनालाई एन्टिजेन टेस्ट गर्दाखेरि ५० देखि ७० प्रतिशत हुन्थ्यो भने आज बिहान मात्रै हामीले एन्टिजेन फेरि टेस्ट गर्न लगाउँदाखेरि १६ जनालाई टेस्ट गर्दा दुई जनामा झरेको छ । यो अवस्थाले गर्दा गरिब हामी अलि सहज ढङ्गले पहिलाको जस्तो हैन पहिलाको जस्तो अप्ठ्यारो नपर्ला भन्ने हामीले आशा र

विश्वास लिएका छौं । त्यसरी नै अक्सिजन प्लान्टहरूको कुराहरू पनि छन्। गुर्भाकोटमा प्रदेश सरकार र युएनडिपि, डब्लुएफपि मिलेर २ सय ५० एमएल पर मिटरको सबैभन्दा ठूलो प्लान्ट त्यहाँ जडान भइरहेको छ । अब केही दिनमा त्यो सञ्चालनमा आउँछ । त्यसरी नै कालिकोटमा छ, दैलेखमा भयो । त्यसरी नै हाम्रो प्रदेश अस्पतालमा जडित पहिलादेखि पनि भइरहेका र केहीलाई अपग्रेड गरेका छौं । जसले गर्दाखेरि भोलिका दिनहरूमा समस्या नआउला भन्ने हामीले सोचिरहेका छौं । त्यसरी नै सिटामोलको समस्या छ भन्ने कुरामा तर त्यो अभाव अहिले देखिएको छैन । अघि नै सम्माननीय सभामुख महोदय प्रमुख प्रतिपक्ष दलको नेताले भन्नुभए जस्तै १ सय ३२ केभिको ट्रासमिसन लाइन तान्ने कुरा छ त्यो हामी सबैको पहलबाट त्यो काम अगाडि बढिरहेको छ । काम अगाडि बढिरहेको थिएन अहिले बढिरहेको छ, र ठाउँ ठाउँमा बाढी पहिरोले रोकिएका बाटाहरू ती बाटाहरू पनि खुलाउने काम भएको छ । अहिले यो साढे दुई महिनामा करिब पौने तीन महिनामा तीन जना सुत्केरी महिलाको उद्धार गरेका छौं । अरू त्यस्तानराम्रा घटनाहरू घटेका छैनन् । एउटा मुगुमा आगलागी भयो त्यहाँका बजार क्षेत्रका मानिसहरूलाई ६३ लाख चानचुन हामीले राहत दिइसकेका छौं । त्यो खाले अरू परिस्थिति देखिएको छैन र सबै ढङ्गले अगाडि बढिरहेको माननीय सभामुखज्यूमार्फत् म यो सदनलाई जानकारी गराउँदछु । आज मलाई वास्तवमा भन्ने हो भने सारै नै खुसी लागेको छ आज कर्णाली प्रदेश त्यहाँ भित्र हो हामी विभिन्न दलका छौं, विभिन्न पार्टीको प्रतिनिधित्व गर्छौं । सरकार पक्ष छ सत्ता पक्ष छ विपक्ष छ यो आलोपालो हुँदो रहेछ मैले यसो सोचे कुनै दिन म पल्लो त्यो कुनामा बस्थें । आज म यो कुनामा बस्न आइपुगे, यो कुनामा बस्ने फेरि त्यो कुनामा गए भोलि के हुन्छ त्यो थाहा छैन राज्य संस्था राजनीति भनेको यहीं नै हो । अनि त्यही मान्छे माननीय हुन्छ अर्को दिन देखि त्यही मान्छे फेरि मन्त्री हुन्छ मन्त्रीबाट फेरि अर्को मान्छे माननीय हुन्छ । हाम्रो संसदीय व्यवस्थामा यस्तो आलोपालो भइरहन्छ । त्यसैले हामी जुन कुर्सीमा बसेका छौं । त्यो कुर्सी हाम्रो लागि आजीवन कुर्सी हैन । हामी यहाँ के भनेर आयौं २४ ओटा निर्वाचन क्षेत्रहरू छन् त्यसकै अनुपातमा समानुपातिक सांसदहरू गरेर हाम्रो जम्मा ४० सिट, ४० सिट के हो भने कर्णालीका १८ लाख जनताको मुख हो, हामीहरूकानहो, हामीहरू उहाँहरूको लागि बोलिदिने, उहाँहरूको लागि सुनिदिने, उहाँहरूको प्रतिनिधित्व हामीले गर्ने हो । त्यसकारणले हामीले सबै एकजुट भएर अगाडि बढ्नुको विकल्प भए जस्तो मलाई लाग्दैन । हामी एक भएर पिछडिएको कर्णाली प्रदेशलाई कसरी अगाडि बढाउनेभनेर

हामी सबैको दायित्वहो भन्ने लाग्छ । माननीय सभामुख महोदय, आज वास्तवमा भन्ने हो भने गर्वले मेरो छाती एकदमै फुलेको छ । जसरी प्रमुखप्रतिपक्षी दलका नेताज्यूहरूले आफ्नो धारणा राख्नुभयो, त्यो सरकारको लागि मार्ग दर्शन हो । उहाँका कुराहरूमा के थिए भने सुशासनलाई कसरी कायम गर्ने, हाम्रा कमीकमजोरीहरूलाई कसरी अघि बढाउने त्यो कुरामा सरकार सचेत बन्नुपर्छ, हो त्यसैले त अपोजिसन भनेर भन्ने गरिन्छ, अपोजिसनको नाम नै पोजिसनमा बसेका मानिसहरूलाई तिम्रो पोजिसन ठिक छ कि छैन । तिमी सही तरिकाले हिंडेका छौं कि छैनौं, तिमीले गरेका काम ठिक हो कि होइन भनेर अहिले अब अन्तर्राष्ट्रिय शब्दहरूमा भन्ने हो भने वाच डकको रूपमा लिने गरिएको हुन्छ त्यो कुरा नै सरकारलाई घच्घच्याउनु सरकारलाई सही बाटोमा हिंड्न लगाउनु सरकारले गरेका कमीकमजोरीलाई सुधार्न लगाउनु भनेको सबैभन्दामहत्त्वपूर्ण पाटो हो भन्ने मलाई लाग्छ सम्माननीय सभामुख महोदय, नत्र हाम्रो नेपाली कल्चरमा के छ भने विपक्षी भएपछि त्यसले विरोध गर्नैं पर्ने, सत्ता पक्षले सबै कुरा ठिक हो भन्नै पर्ने हो भन्ने हाम्रो परम्परागत जुन मान्यता छ सायद मलाई लाग्छ आजबाट कर्णालीमा त्यो कुराहरू टुटेको छ । कसरी हुन्छ कर्णाली प्रदेशका जनतालाई उहाँहरूको सुखलाई समृद्धिलाई अझ हाम्रा पुराना भाषामा सुखारी कर्णाली कसरी बनाउने भन्ने कुरालाई यसरी निस्कनु भनेको सायद नेपालका सात प्रदेश मध्ये कर्णाली प्रदेशमा निस्किनु एउटा उदाहरणीय काम हो भन्ने मलाई लाग्छ । धेरै महत्त्वपूर्ण कुराहरू आएका छन् हो परिवेश थियो हिजोको परिवेशलाई म पनि कोट्याउन चाहन्नँ । एउटा परिवेशबाट अध्यादेश हामीले ल्याउनु पर्‍यो आखिर हामीले जति ठूला कुरा गरे पनि आर्थिक विधेयक नै सबैभन्दामहत्त्वपूर्ण कुरा हो मानिसको जनजीवनमा परिर्वत गर्ने मानिसका सुख दुखःलाई हेर्ने, सरकार भनेकै ती कुराहरू गाउँमा खानेपानी नपुगेको क्षेत्रमा खानेपानी पुर्‍याउने बिजुली नभएका क्षेत्रमा बिजुली बाल्ने सडक नभएका क्षेत्रमा सडक पुर्‍याउने त्यो सरकारको दायित्व हो त्यो सरकारले गर्ने विपक्षी दललाई कनफिडेन्टमा लगेर हिंड्नुपर्छ भन्ने जुन एउटा मर्यादा छ । विश्वव्यापी मान्यता छ त्यो मान्यतालाई अङ्गीकारआत्मसात् गरेर सरकार अगाडि बढ्न जहिले पनि तयार छ र यो सरकारले कहिल्यै पनि मेरा गोरुका बारै टक्का भन्ने एउटा नेपाली उखान छ त्यसरी मेरा गोरुका बाह्रै टक्का भनेर भन्दैन । अघि धेरै कुराहरू आएका छन् पुराना योजनाहरू कयौं रुग्ण अवस्थामा रहेका छन् लथालिङ्ग रहेका छन् त्यो योजनाहरूलाई अगाडि बढाउनुपर्ने सरकारको दायित्व हो कि हैन भन्ने प्रश्नहरू उठेका छन् । जरुर हो त्यसै कारणले त प्लानिङ गर्ने भनिन्छ योजना बनाउने भने

पनि त्यही हो प्रिप्लान त्योभन्दा पनि अगाडि प्रिप्लान गर्ने त्यस पनि प्लानिङ गर्ने, त्यस पछि सर्वे गर्दे डिजाईन गर्ने, हरेक कुराहरू आएका हुन्छन् । तर त्यसको पनि एउटा सटेर्न मान्यता छ र आज सुशासनबाट कतै सरकार ढलमलिएको छ कि कतै हामीले एउटा वडाको सरकार चलाएजस्तो पो गरिरहेका छौं कि कतै हामी हिजो गाउँका मुखियाले कसरी चलाउने जस्तो गरिराखेका छौं कि त पक्कै पनि सरकार हो सरकार भनेको जबसम्म कुर्सीमा बस्छ तबसम्म त्यो सबैका लागि समान हुन्छ समान ढङ्गले त्यो सरकारले हेर्नुपर्छ । उसका लागि सबै नागरिकहरू बराबर हुन्छन् सरकार सदनप्रति एकाउन्टेबल हुन्छ । मन्त्रीहरू सरकारका प्रमुखसँगएकाउन्टेबल होलान् त्यसरी नै सदनमा एकाउन्टेबल हुन्छन् सरकारका सबै अङ्गहरू यो भनेको नै यस्तो अङ्ग हो हैन भने त कहिलेकाहीँ कुरा आउँछ संवैधानिक बाध्यता नभएको भए हामी नेपालीहरू गिर्ने नै छौं बाध्यता नभएको भए एक पटक सरकारमा जान पाएको भने सधै भरी बस्न पनि हाम्रो बेर छैन त्यो पनि होला । तर नियम र कानूनले हामीलाई बाँधेको छ । नियम र कानूनले नबाँधेको भए सायद हामी यसरी अगाडि बढ्न सक्दैनथ्यौं होला । कयौं कुराहरूमा हाम्रा नमिलेको अवस्था पनि छ ।

जस्तै सङ्घ सरकारले जेठ १५ गते बजेट ल्याउने भन्यो दिन नै तोक्यो म पनि त्यो बेला सङ्घीय सांसद थिए । यदि दिन नतोक्ने हो भने हामीले त समयमा कहिल्यै पनि बजेट ल्याउन नसक्ने भयौं । विरोध गर्नेले विरोध गरीसराख्ने भए नगर्नेले नगरीराख्ने भए यस्तो अवस्थामा दिन तोकिए जेठ १५ गते, अब जेठ १५ मा सुख दुखःमा त्यो बजेट आएकै हुन्छ । प्रदेशमा असार १ गते भनियो असार १ गते आएकै छ गाउँपालिकाहरूमा १० गते भनियो दिन त १० सै गतेको राखेका हुन्छन् अरू जुन दिन गरेपनित्यो अझै तल्लो लेबलमा विकृतीहरू पाइन्छ । तर प्रदेश सरकारले त्योभन्दा तल्लो लेबलमा झर्ने अवस्था छैन । गाउँपालिकाले कुन दिन गर्‍यो भने थाहा नै पाउँदैनन् तर लेख्दाखेरि असार १० गते भनिएको हुन्छ त्यो सुशासन भएन । वास्तवमा हिजो हाम्रा प्लानिङका प्रोसेसहरू हुन्छन् केही कुरा हिजोका सरकारले अघि बढाएका राम्रा कुराहरू पनि हामीले  मान्नुपर्छ भन्ने मलाई लाग्छ । बहुदलीय व्यवस्था आइसक्यो त्योभन्दा पहिले पञ्चायती व्यवस्थामा के हुन्थ्यो त्यो मलाई थाहा छैन । २०४६ सालबाट आइसकेपछि १४ स्टेपका योजनाहरूका पाइलाहरू थिए तल कम्युनिटीबाट आउने, वडामा आउने गाउँपालिकामा आउने त्यसरी नै केन्द्रमा जाने प्रचलन थियो तर अहिले हाम्रो बजेट विनियोजनमा पनि के समस्या पर्‍यो भने पहिला केन्द्रले गर्ने प्रदेशको समस्या के हो थाहा नै छैन । सङ्घले आफ्नो तरिकाले गर्छ

त्यसपछि प्रदेशले हामीले आफ्नो तरिकाले गर्छौं । अनि लास्टमा गएर जहाँ सर्बिस डेलिभरी हुने हो गाउँपालिकाहरू, नगरपालिकाहरू त्यसले लास्टमा बजेट बनाउँछ । वास्तवमा पहिला त्यसले बनाउनुपर्ने हो । त्यसले कति कति लाखका योजनाहरू बनाएका छन् त्यसले नसकेका योजनाहरू चाहिँ प्रदेशमा पठाउने ५० लाख,एक करोडको होला, डेढ करोडको होला प्रदेशले गरिसकेपछि त्यसपछि ती योजनाहरू केन्द्रमा पठाउनु पर्थ्यो होला । त्यसका कारणले पनि आज टुक्रेयोजनाहरू भइरहेका छन् । आज हामी सबै खुसी छौं । मुख्यमन्त्री लगेर मन्त्री माननीयसम्म हामी के मा खुसी छौं भने २ लाखका योजना दिन पायौं भने एक लाखका योजना पायौं भने खुसी किन भने हामी तिम्रो जनप्रतिनिधि हौं । भोलि कसरी चुनाव जित्ने भन्ने हामी सबैमा त्यो होडबाजी भएको छौं । त्यो हामी सबैले रियलाइज गर्नुपर्ने अवस्था छ । एक दुईजना अपवादमा छुटेकाहरूको कुरा गरिरहेको छैन ।

आज माननीय र स्थानीय तहका प्रमुख र उपप्रमुख बिच टक्कर छ । अस्ति भर्खरै मात्रै हाम्रो प्रदेश समन्वयको मिटिङ गऱ्यौं उहाँहरूको गुनासो हामीसँग छ अनि मलाई कता कता लाग्यो के हामी सही बाटोमा हिँडिरहेका छौं त हामी त आज गाउँपालिका नगरपालिकालाई प्रश्न गर्ने ठाउँमा हुनुपर्थ्यो । हामीले दिएको पैसा तपाईंले किन राम्रैसँग खर्च गर्न सक्नु भएन । के कारणले यस्ता भयो भन्नुपर्नेमा आज उहाँहरूले हामीलाई प्रश्न सोधिराख्नुभएको छ । सरकारले दिएको पैसा माननीयले बोकेर गएर उपभोक्ता बनायो, मन्त्री, मुख्यमन्त्रीले यो गऱ्यो भन्ने हामी माथि प्रश्नहरू आइरहेका छन्। त्यस कारणले मलाई लाथ्यो हाम्रा ती सिस्टमलाई पनि बदल्ने सुशासनमा कसरी ढाल्ने आज लज्जास्पद कुरा हो । हो, हामीले स्वीकार गर्नुपऱ्यो मैले स्वीकार गर्छु कि हेर्दाखेरि पनि सडक बन्दै छ सडकको पैसा कति हो ३ लाख रुपैयाँ अनि तल कर्णाली करिडोरमा एउटा सडक गइरहेको छ त्योभन्दा माथि एउटा गाउँ छ गाउँभन्दा माथि एउटा ठाउँ छ त्यो ठाउँको बिचमा एउटा बाटो छ न तल कर्णाली हाईवेसँगजोड्छ न माथि लेखको हाईवेसँगजोड्छ बिचको सडक भनिएको छ त्यो गएर यस्तो खालको पनि भइरहेको छ । स्थानीय तहबाट जहाँ सिँचाइ छैन सिँचाइ हुने ठाउँ नै छैन त्यहाँ सिँचाइको लागि योजना भनिएको छ यी कुराहरूलाई सुधार गर्नु सत्ता पक्ष र प्रमुख प्रतिपक्षको दायित्व हो भन्ने मलाई लाग्छ । बिग्रिन सक्छ धेरै काममा हामीले सजगता नअपनाएको हुन सक्छ त्यसलाई कसरी सुधार गर्न सकिन्छ हामी सुधार गर्नेतिर लाग्नु पर्छ त्यसको लागि सरकार कटिबद्ध छ । तर अरूविधेयक जस्ता फेरि अर्थ विधेयक छैन यो तपाईं हामीले बुझेको कुरा अरूविधेयकमा प्रतिस्थापना गर्दाखेरि यी यी कुराहरू

पनि प्रतिस्थापनगऱ्यो भने गर्न सकिएला भन्ने कुरा हुन्छ तर अर्थ विधेयकमा जब पास भएर जान्छ । एलएमबिआइएसमा इन्ट्रि नै भइसकेपछि अहिलेको लागि एउटा समय नआउँदासम्म त्यसलाई एक पैसा पनि तलमाथि चलाउन मिल्दैन केही पैला हामीले प्रयास गरेका थियौं त्यो पछि हुने कुराहरू रैछन् । अब के हो भने अविश्वास हुँदा हुँदै पनि विश्वास गरीरहेछौं भन्ने हैन अविश्वास नगरिदिनको लागि सभामुखमार्फत् म सम्मानित सदनलाई म अपिल गर्दछु ।

मानिसको जीवनमा सिक्दै जाने कुराहरू हुन् । लर्निङ बाई डुइङ भनिन्छ । यसलाई आत्मसात् भनेनौं भने हामी सबै एउटै ढुङ्गामा छौं यहाँको राम्रो नभए होला राम्रो भयो होला हाम्रा जनताहरू हाम्रा नेताहरू को कस्ता छौं भन्ने हामीलाई थाहा छ त्यस कारण हामी सबैको दायित्व हो भने अगाडि बढाउने कानुन त कानूनले वर्जित नगर्दासम्म कानूनले यो गलत गऱ्यो नभन्दासम्म त्यो अगाडि बढ्नका लागि सरकार एकदमै लचक छ यो कुनै व्यतिको लागि हैन सम्माननीय सभामुख महोदय, प्रमुख प्रतिपक्षले बोलेको कुरा त्यसमा मैले कुनै स्वार्थ देखेको छैन निस्वार्थ ढङ्गले सुशासन कायम गऱ्यो, सुशासन कामय गर्ने नाममा सरकारले पनि कुशासनको बाटोमा लाग्नु हुँदैन भन्ने कुरामा एकदमै सचेत छु सजग छु । कहिले कहिले यी कुराहरू सुधार गऱ्यौं भन्दाखेरिअझ कानूनी त्रुटी हुने कुरामा हामी जानु हुँदैन भन्ने लाग्छ । त्यस कारण कानून संगत हुने कुरामा सरकार अगाढी बढ्छ सरकार अगाडि लाग्छ । धेरै महत्त्वपूर्ण कुराहरू आएका छन् कैयौं योजनाहरू बने टेण्डर भए टेण्डर भइसकेपछि गत वर्ष नै तिनको भुक्तानी दिनुपर्थ्यो होला । भुक्तानी दिनुपर्ने अवस्था भएन काम सकिएन त्यो भुक्तानी हुने पैसा चाहिँ प्रदेश सरकारकोमा अथवा सशक्तमा सङ्घ सरकारको ढुकुटीमा गयो ।

हाम्रा कार्यालय, हाम्रा मन्त्रालयहरूमा कुन कुन छुटे कुन कुनमा भुक्तानी भएनन् तिनको लागि पैसा छुटयाउनुपर्नेमा छुट्याउन छुटयो । त्यस्ताहरूलाई पनि हामीले भुक्तानी दिनै पर्नेछ । यहाँ अघि आए महत्त्वपूर्ण बाटाहरूमहत्त्वपूर्ण चाहिँ बिजुली निकाल्ने ठाउँहरू केही पैसा खर्च गरेर बिजुली निस्किसकेको छ । थोरै पैसाहरू नपुगेर हामीले अगाडि तार तान्न नसकेका अवस्थाहरू छन् सडकका कुराहरू त्यस्तै छन् सहिद पार्कका कुराहरू त्यस्तै छन् । त्यस्ताको लागि पनि जुन अघि अबण्डाका कुराहरू गरिएको छ । ती कुराहरूलाई पूरा गर्नुपर्छ भन्ने मलाई लाग्दछ । पहिला हाम्रो कमजोरी भयो यहाँ प्रहरी चौकीको लागि १५ करोड सरकारले निकासा गऱ्यो टेण्डर चाहिँ ४५ करोडको भयो १५ करोड निकास भयो ४५ करोडको टेण्डर भयो । अनि सरकार कै अङ्ग हो अहिले पुलिस हामीसँगछैन भन्ने सोचाइ हो त्यो हामीहरूकै सुरक्षाका लागि हो

चौकी भवनहरू बनेका छन् भुक्तानी पाएन अनि ठेकेदारहरू मुद्दामा गए न्याय प्राणीमा के भयो भने जुम्लाले दिन सक्दैन भन्यो सुर्खेतले दिन सक्छु भन्यो। अब एउटा दिन सक्छु भएकोमा दिन जानु पर्ने ठाउँमा छ अर्को सर्वोच्चमा मुद्दा परिरहेको छ अब हामी काहीँ ल्याक भयौं तिनलाई पनि हामी कसरी जाने किनभने पुराना दिने भुक्तानीहरू त हामीले दिनै पर्‍यो नी, कैयौं रोजगारीका कुराहरू होलान्,अरूअरू कुराहरू होलान् दुई तीन थरिकाले हामीले हेरिरहेका छौं । लास्टमा हाम्रो यो प्रदेश लेखाको संयन्त्रले अथवा नेटले राम्रो काम नगरेको हुनाले भुक्तानी लिएनौं भन्ने पनि धेरै केसहरू छन् ती केसहरूलाई हामीले के भनेका छौं भने प्रमाणित भएर आइसकेपछि लेखाले पनि प्रमाणित गर्नुपर्‍यो काम भएको पनि प्रमाणित गर्नुपर्‍यो त्यस्ता कामहरूलाई सरकारले कुनै न कुनै शीर्षकबाट पनि पैसा दिनुपर्छ भन्नेमा सरकारको मान्यता छ । तर त्यसैका नाममा कस्तो पनि छ भने पुरानो भुक्तानी लिन बाँकी छ भन्ने नाममा मैले केही ठाउँमा कर्मचारीहरूलाई अनुगमनमा पठाइयो कामै भएको छैन प्रेसर आइरहन्छ हाम्रो त यो काम छुट्यो काम नभएकालाई कसरी दिन सकिन्छ । त्यो कसरी हामीले शुशासन मान्न सक्छौं त्यो कुरामा पनि हामी लाग्नु हुँदैन र हामी सबैले सोच्नुपर्छ भन्ने म सम्माननीयसभामुखमार्फत् म यो सम्मानित सदनमा राख्दछु ।

महत्त्वपूर्ण छुटेका योजनाहरू जसलाई हिजो हामीले शान्ति मन्त्रालय गठन भइसकेपछि शान्ति मन्त्रालयमा एउटा प्रचलन थियो ३० लाखको बजेट बनाइन्थ्यो ३० लाख एउटा खानेपानीको लागि भन्यो तर पैसा वर्षमा एक एक लाख आउँथ्यो मान्छेको जिन्दगी गइसकेको हुन्छ तर त्यो ३० लाख पुगेको हुँदैन त्यस कारणले त्यो छर्ने काम हो । कमसेकम सत्ता पक्ष, प्रमुख प्रतिपक्ष, अरू पक्ष लागौं हाज हामी सबैले म म गरौं। क्षेत्र विकासको हिसाबमा पनि हेर्दाखेरि कैयौं ठाउँमा समानुपातिक माननीयज्यू हुनुहुन्न । नभएको ठाउँमा माननीयज्यूहरूलाई त्यो बजेट विनियोजन गर्न ठिकै होला । जहाँ समानुपातिक हुनुहुन्छ हामीले हाम्रो कार्यविधि बनाएका छौं । निर्वाचितको अध्यक्षतामा समानुपातिक पनि राख्ने छलफल गर्ने, अन्ततोगत्वा त्यसको अधिकार निर्वाचित सांसदलाई नै छ । यस्ता माननीयज्यूहरू पनि देखिनु भयो कि समानुपातिकले फोन गर्‍यो भने फोन नै नउठाउने, के भइरहेको छ भनेर भन्दै नभन्ने आफैंले एक्लैले गर्ने, अनि पैसा चाहिँ पठाउने, अनि अहिले गएर त्यही कामका लागि लागिरहेका माननीयहरू पनि देखेकै छु सम्माननीय सभामुख महोदय,

आफ्नो हातमा पर्‍यो भने अरूलाई दिनु हुन्न भन्ने कैयौं माननीयज्यूहरूले बसालेर राखेर राम्रोसँग विभाजित गरिएको पनि मैले देखेको छु । यहीं सुर्खेतकै एउटा ठाउँमा मुद्दा

जस्तै परिरहेको थियो । हुन्छ र कमसेकम केही त गर भन्दाखेरितिमी जाँ जाऊ जाऊ भन्ने माननीयज्यूहरू पनि देखियो सभामुख महोदय,

त्यस कारणले एउटा नेपालीमा भनाइ छ मान्छे लोभी हो कि हैन भन्नको लागि उसको हातमा पैसा हालिदिनु पर्छ त्यसको चरित्र के हो भन्नको लागि कुर्सीमा राख्नुपर्छ भन्ने प्रचलन छ सम्माननीय सभामुख महोदय, कोही कुर्सीमा बस्ने बित्तिकै मात्तिहाल्ने कोही हातमा पैसा आउनेबित्तिकै कोही पनि हैन भन्ने बोल्न पाए भने फ्याट्टै बोली हाल्ने हाम्रा ती प्रचलनहरू पनि छन् । यसलाई पनि हामी सबैले सुधार गर्नुपर्ने अवस्थाहरू आएका छन् । वास्तवमा भन्ने हो भने स्वमूल्याङ्कन गर्नुपर्ने बेला भएको छ सभामुख महोदय, मुख्यमन्त्री, मन्त्री देखि लगेर माननीयहरूले स्वमूल्याङ्कन के भइरहेको छ मेरो क्षेत्रमा मैले कसरी गरे म एउटा माननीय भएर आइसकेपछि मन्त्री भइसकेपछि यी १० ओटै जिल्ला मेरालागि समान हुन् अथवा जुन क्षेत्रबाट जितेको माननीय छ ती माननीयहरू यी म कुनै एउटा पार्टीबाट आएको हुला तर यी सबै मेरा नागरिक हुन भन्ने त्यो भावना हामीकहाँ नआउँदासम्म हामीलाई अगाडि बढ्न धेरै कठिन छ भन्ने मलाई लाग्छ सभामुख महोदय, त्यस कारण यी कुराहरूलाई हामीले कसरी सुधार गर्दै जाने, सुधार गर्ने कुरामा सरकार एकदमै लचक छ, कानून सम्मत कानूनले मिल्ने गरी किनभने अहिले मैले एउटा जोसले बोलौंला । यो पनि भइहाल्छ उ पनि भइहाल्छ भन्ने कुरा बोल्ने तर भोलि केही नगर्ने कुराले भोलि राम्रो गर्दैन त्यस कारण यहाँ आएको सबै सांसदहरूले सबै कुराहरू राम्रोसँगबुझ्नु भएको छ त्यस कारणले यहाँ बहुवर्षीय योजनाका कुराहरू पनि आएका छन् । वास्तवमा मैले मन्त्रालयहरूलाई निर्देशन पनि दिइसकेको छु । कतिओटा बहुवर्षीय आयोजनाहरू छन् त ती बहुवर्षीय योजनाहरूलाई हामीले पैसा उपलब्ध गराउन सक्छौं कि सक्दैनौं । एक नम्बर प्रदेश जस्तो बजेट डिब्सिङमा जान्छौं कि हामीले त्यो चाहिँ हेर्नुपर्छ अब यहाँ कतिपय फाइलहरू आउँछन् रकम सुनिश्चितता गरिदेउ भनेर अहिले रकम सुनिश्चितता गर्छौं भनेर लेखे भोलि भएन भने के गर्ने, सरकारले दिएका चेकहरू नै बाउन्स भ एभने के गर्ने यसको लागि पनि हामी सबैको दायित्व हो भन्ने मलाई लाग्छ । ती दायित्व पनि हामी सबैले पूरा गर्नुपर्छ र यी गरेका, प्रमुख प्रतिपक्षले उठाएका कुराहरू हुनेसम्म नीति नियमले मिल्नेसम्मका कुराहरूमा अगाडि बढ्नको लागि यो सरकार तमतयार छ अब हाम्रो सबैले मिलेर नै यो प्रदेश बनाउनुको विकल्पअरू छैन भन्ने कुरा राख्दै र भोलिका दिनबाट रेगुलर यो हाम्रो कार्यक्रमहरू २०, २२ ओटाविधेयकहरू पेन्डिङमा रहेका छन् नयाँ विधेयकहरू बनाउनुपर्ने छ । कर्मचारीको वास्तवमाअरूअरू प्रदेशले बनाइसक्यो सङ्घले चाहिँ

निजामती कर्मचारी ऐन नबनाइदिएको हुनाले हामी पछि परेका छौं तर अरूअरू प्रदेशले दुई नम्बरले बनाइसक्यो, गण्डकीले पनि बनाउँदै छ बाग्मतीले पनि बनाउँदै छ। अब हामीले पनि बनाउनुपर्ने छ भोलिसङ्घसँग बाँझिएको हदसम्म अमान्य हुने गरी भनेर हामीले त्यो बनाउनुपर्ने र केही महत्त्वपूर्ण विधेयकहरू पनि बनाउनुपर्ने अवस्थामा चाहिँ हामी छौं । यसको लागि यहाँहरू सबैको सहयोग हुनेछ । भन्ने आशा अपेक्षा राख्दै र यो साँच्चै नै जति दिन होलान् तर कर्णाली प्रदशे सरकारले एउटा रूपान्तरणका हिसाबले अगाडि बढ्यो भन्ने कुराहरू यो चाहिँ अघि नै हामीलाई देउती बज्यैको कुराहरू आएको छ । देउती बज्यैले हामी सबैलाई त्यो सत्‌बुद्धि दिऊन भन्दै मलाई मलाई बोल्ने मौका र यो समय दिनु भएकोमा सम्माननीय सभामुखज्यूलाई धेरै धेरै हार्दिक धन्यवाद दिँदै म यहाँबाट बिदा हुन्छु धन्यवाद, जय नेपाल ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू अब यो बैठक २०७८ साल माघ १७ गते सोमवार दिउसो १ बजेसम्मको लागि स्थगित हुन्छ ।

# कर्णाली प्रदेशसभा

## नवौं अधिवेशन

## कार्यवाहीको सम्पूर्ण विवरण

## २०७८ माघ १७ गते

## सोमवार

## (बैठक संख्या-४)

<u>माननीय सभामुख:</u>माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको चौथो बैठकको कारबाही प्रारम्भ हुन्छ ।माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीले सरकारको धारणाराख्न समय माग गर्नु भएकाले उहाँलाई समय उपलब्ध गराउँदछु ।

<u>माननीय मुख्यमन्त्री श्री जीवन बहादुर शाही:</u>सम्माननीय माननीय सभामुख महोदय, सभामुख महोदयको अनुमतिले यो सम्मानित सभासमक्ष म केही सरकारका धारणा राख्नचाहन्छु । सभामुख महोदय, धन्दै धन्दै एक वर्षसम्मअवरुद्ध रहेको यो सदन जसले गर्दा कर्णाली प्रदेशको विकासका लागि धेरै ठूला चुनौतीहरू अबरोधहरू आएको देखिन्छ । तर वास्तवमा हामी सबैको दायित्व सभामुख महोदय, यो प्रदेशको उन्नति प्रगति गर्नको लागि नै हो भन्ने मलाई लाग्दछ । यसै सन्दर्भमा धेरै समय देखि अवरुद्ध भइरहेको सदनलाई अगाडि बढाउन सञ्चालन गर्न प्रमुख प्रतिपक्ष दलले बेला बेलामा बखत बखतमा विभिन्न सुझावहरू सल्लाह दिएको यो अवगतै छ सभामुख महोदय, यो समय सापेक्ष हुने रहेछ कुन बेला को के कुरा हुन्छ र कति खेर के कुरा हुन्छ यी आउँछन् यो समयले बताउँछ भन्ने कुरा हो सधै एउटै हुन सक्दैन । २०७८/०७९ को बजेट हामीले निर्माण गर्ने सन्दर्भमा ती बजेट हामीले बनायौं त्यसमा अलिकति धेरै टुक्रेटाक्री योजनाहरू धेरै देखिए टुक्राटाक्री योजनाहरू पनि हुन्छन् नहुने पनि हैन तर तिनले प्रतिफल दिन्छ कि दिदैन भन्ने कुराहरू म आज सभामुख महोदयमार्फत् एउटा कुरालाई स्मरण गर्न चाहन्छु । पूर्व मुख्यमन्त्रीज्यूले एकताका यहाँ भन्नु भएको थियो प्रदेश सरकारले ५० लाखभन्दा तलका योजनाहरूकार्यान्वयन गर्नु हुँदैन यो प्रदेश सरकारको दायित्वभित्र पर्दैन त्यस कारणले ५० लाखभन्दा माथिका योजनाहरू पछि त एक करोडको कुरा आए जस्तो लाग्छ तर उहाँले भनेका कुराहरू म आज पनि झलझल्ती सम्झिन्छु सभामुख महोदय, ५० लाखभन्दा तलका योजनाहरू हामीले लागु गर्नु हुँदैन यसले हाम्रो प्रदेशको विकास पनि हुन सक्दैन प्रदेशको इमेज पनि रहदैन भन्ने कुरा मैले सम्झेकै छु तर आज हामी बनाउने क्रममा त्यही बेला नै ५० हैन हामी नै

जो जति सत्तामा थियौं होला प्रतिपक्षमा थियौं होला हामीले के भन्यौं भने त्यो कुराका लागि स्वीकार गरेनौं ५० लाखभन्दा तल काँ हुन्छ हुँदै हुँदैन भनेर त्यो बेला सभामुख महोदय, हामीले पूर्व मुख्यमन्त्री माननीय महेन्द्रबहादुर शाहीलाई हामी कसैले पनि साथ दिएनौं तर आज त्यो दिनहरू आए के दिन आए भने वास्तवमा टुक्रे योजना गर्नु उपयुक्त रहेनछ । टुक्रे योजनाले हाम्रो काम कारबाहीअगाडि बढ्दैन रहेछ यसले ठोस उपलब्ध हुँदैन रहेछ भन्ने हिसाब भइसकेपछि हामी सभामुख महोदय, प्रमुख प्रतिपक्ष दलसँग हामी एकताबद्धढङ्गले हामी, सरकार जान चाहन्छ सरकार अर्को अङ्ग होइन, प्रमुख प्रतिपक्ष दल अर्को अङ्ग हैन हामी नङ र मासु हौं हामीले एक सात बढेर जानुपर्छ भर्दा अहिले हामीले के महसुस गर्‍यौं भने कम्तीमा पनि १५ लाखभन्दा तलका योजनाहरू त कम हैनन् कि यसलाई हामीले पुनःविचार गरौं तर कानून तह एक लाख, दुई लाखका योजनाहरू पनि परेका होलान् भएका होलान् कानूनी तह ढङ्गले अघि बढेका दुई लाखका खानेपानीका योजनाहरू अघि बढेका रहेछन् भने त्यो कुरा आफ्नो काममा रहेको छ तर पनि हामीले नीतिगत एउटा के बनायौ भने भविष्यमा यसलाई मापदण्ड राखौं, अहिले पनि मापदण्ड राखौं भविष्यमा योभन्दा बढेर जानुपर्छ १५भन्दा तलका अहिले हामीले आयोजना, योजनाहरू भनेर राख्नु त्यो उपयुक्त हुँदैन जसले गर्दाखेरि हाम्रो यहाँ विकास त्यो पैसा छरिएरर गयो त्यसलाई चाहिँ हामीले कार्यान्वयन नगर्दाखेरि यो प्रदेशको महत्त्वपूर्ण काम बन्न सक्छन भन्ने कुरा हामीले राखेका छौं सभामुख महोदय, त्यस कारणले हामी सहमतिमा गएका छौं । म यहीँ सम्मानित सदनमा आग्रह गर्न चाहन्छु सभामुख महोदय, साँच्चै हामीले आगामी दिनमा १५ लाख मात्र हैन ५० वा त्योभन्दा बढी प्रदेशले वा त्योभन्दा तल पैसा नै नदिने भन्ने हैन सभामुख महोदय, पैसा हामीले स्थानीय तहमार्फत् दिन्छौं किन भने यहाँ तीन तहका सरकार छन् । त्यस्तै केही कुराहरूमा अप्ठ्यारा कुराहरू पनि देखिए यो प्रायजसो कार्यविधिहरू सभामुख महोदय, साल बसाली हुन्छन् मुख्यमन्त्री रोजगारका कुराहरू आइरहेका छन् त्यसमा कार्यविधिमा यो अहिलेसम्म त्यो कार्यविधि तीन अवस्थाको रहेछ पहिला एउटा खालको तग सालको उसमा चाहिँ स्थानीय तह अथवा वडाबाट सिफारिस भएर आउने गाउँपालिका, नगरपालिकाहरूले त्यसलाई रि-छनोट भएर आउने भो पाँच ओटासम्म गाउँपालिका नगरपालिले छनोट गर्ने त्यो पाँच ओटा मध्ये चाहिँ निर्वाचिन सदस्यले मुख्यमन्त्रीमा सिफारिस गर्ने पाँच ओटा चाँहि सिफारिस हुन्छन् पाँच ओटामा तीन ओटा मात्रै दिन सकिने र ती पाँच ओटा भित्रमा तीन ओटा सिफारिस गर्न पाउने सम्बन्धित क्षेत्रको निर्वाचत सदस्यले भन्ने पोहोर साल बनेछ त्यसपनि फेरि गडबढ भयो

गाउँपालिकाले दिने छुटै किसिमले दियो वडाले दिने छुटै किसिमले दियोभन्दा खेरि चाहिँ जनतालाई यो प्रदेश सरकार हो भने अनि यहाँ आइसकेपछि माननीयज्यूहरूले पनि त्यो पाँच ओटा भित्रको छनोट नगरेर आफ्ना मनले बाहिरबाट दिएको पनि देखियो त्यो देखिसकेपछि सरकारले के गरेछ भने यो पनि अलिकति भएन कि नयाँ ट्रायल गरौं र अब अहिले गर्ने हो भने प्रत्येक यहाँहरूले देख्नु नै भएको छ आज पनि प्रत्येक माननीयज्यूहरूलाई भन्छन् होला प्रत्येक मन्त्रीहरूलाई भनिरहेका छन् हामीलाई फलानो योजना कुन बेला योजना हालिन्छ भन्ने पनि हामीले हाम्रो जनतालाई प्रशिक्षित गर्न सकेका छैनौं । फोन आयो कि योजना हालिदिन पर्‍यो पैसा पठाइदिनु पर्‍यो भन्ने कुरा हुन्छ त्यो भएको हुनाले सरकारले त्यति खेर के गरेछ भने अहिले हामी टेक्नोलोजीमा हामी गइरहेका छौं टेक्नोलोजीमा गएको हुनाले यिनीहरूलाई चाहिँ हामी कमसेकम अनलाइनबाट गर्ने कुराहरू गरौं भन्ने भन्ने कुराहरू आए अब यो पनि अहिले कलिकति समस्या भयो त्यो अनलाइनमा जाने कुराहरू सात जनाले नागरिकतासहित भएकाले हाल्ने भन्ने कुरा गरियो प्रचार प्रचार चाहिँ सबैलाई भयो सबैलाई गरियो तर त्यसअनुसारको चाहिँ भएन भन्ने आइसकेपछि हामी बिचमा प्रमुखप्रतिपक्षी दल सरकार सर्वदल र सबैदलका हामीले भन्यौ ठिक छ उद्देश्य नै सुशासनमा लाने हो सुशासनमा जाने भएको हुनाले ठिक छ यदि यो मोडेलभन्दा अपनत्व हुने मोडेल गत सालको हो भने त्यही मोडेलअनुसार जाऔं जुन मोडलमा मैले अघि नै भने स्थानीय तहको अपनत्व हुनेभो, सांसदको अपनत्व हुने भो, सरकारको अपनत्व हुनेभो,यहि मोडेलमा हामी जाउ न त भन्ने कुरामा सरकारले पनि प्रमुख प्रतिपक्षले पनि त्यसलाई सहर्ष स्वीकार गर्‍यौं तर फेरि यो भ्रम न होस् कि सभामुख महोदय, त्यो भन्ने बित्तिकै त अब त्यो पल्टिहाल्नुपर्ने उल्टयाइहाल्नुपर्ने भन्ने होइन अहिलेको हकमा २०७८/०७९ को हकमा जुन बन्यो अब यसलाई हामीले अलिकति नियन्त्रण गर्ने, अनुगमन गर्ने, नियन्त्रण भनेर हामीले राम्रो गर्नका लागि हामीले के भन्यौं भने हिजो ती सात जनाले हालेकाले मात्र हैन है वडा समितिले सिफासिर गर्‍यो भने त्यसले बनाएको सर्वपक्षीय, सर्वदलीय त्यसलाई चाहिँ हामी मान्यता दिऔं हामी सबैको उद्देश्य के हो भने काम पैसा हिनामिना नहोस् भन्ने हो यो पैसा गाउँपालिकामा गएको छ गाउँपालिकाले पनि त्यो हेरोस् र त्यो अधिकार हामीले दिनुपर्छ भन्ने कुरामा चाहिँ हामीले सहमत गरेका छौं सभामुख महोदय,

अनि त्यस्तै केही कुराहरूको अब यो अस्ति पनि कुरा उठिसकेको हो मैले सरकारको धारणाको विषयमा भनिरहेको छु । पूर्वाधार विकासका कुराहरू पनि अलि केही अप्ठ्यारो परेका छन् कस्तो पर्‍यो भने सभामुख महोदय, प्राय जसो पूर्वाधारका

कार्यक्रमलाई उपभोक्ता समितिले नै बनाउने प्रचलन छ केही माननीयज्यूहरूले यो उपभोक्ताबाट गर्दा राम्रो नहोलाकि टेण्डर गरौं टेण्डर गरेपछि कमसेकम त्यसले धरौटी राख्छ अनि कामको क्वालिटी पनि अलि राम्रो होला भनेर पूर्वाधारको काम पनि सबै जिल्ला भए जस्तो त लाग्दैन मलाई तर केही केही जिल्लामा केही भएछ भने त्यो चाहिँ टेण्डर भयो अब दुर्भाग्य भन्नु पर्‍यो टेण्डर भयो त यो हाम्रो हाइटेक टेक्नोलोजीलाई आत्मसात् गर्ने हामीले प्रयास गर्दा पनि त्यो अलि राम्रो हुन नसकेको हुनाले टेण्डर भई सक्यो दायित्व आइसक्यो काम पनि सिद्धिसक्यो पैसा फ्रिज गयो त्यो गएको पैसा वास्तवमा त त्यसले पाउनुपर्ने हो नि तर अहिले हामीले के भन्यौं भने तिम्रो दायित्व त गरिसक्यौं अब नयाँ पैसाबाटै कटाउ भन्दाखेरिके कुरा आयो भने नयाँ पैसाबाट कसरी गर्ने पैसाकै पैसा त हाम्रो गएको छ १८ नम्बर भरिएको छ त पैसा त छ भनेपछि ठिकै कुरा हो दायित्व छ पैसा त फर्केर आयो त्यसलाई पनि हामीले पूर्वाधार विकासलाई पनि हामीले अलिकति व्यवस्थापन गरौं यो त भोलि सबैले देखिने कुरा छ बजेट भनेको काहीं लुकाएर लुक्ने कुरा छैन यहाँ आउला राखौंला सबैलाई सबै समक्ष राखौंला प्रमुख प्रतिपक्ष, सम्मानित सदनको अगाडि राखौंला । सदन भर्सेस सरकार एक किसिमको हुन्छ भन्ने हामीले बुझ्नुपर्छ भन्ने मलाई लाग्छ ।

त्यसमा त्यो व्यवस्थाको लागि पनि सरकारकाले कतै न कतै व्यवस्था गनुपर्छ भन्ने भए पनि सरकारको यो धारणा छ सभामुख महोदय, त्यसैले अब केही कुराहरू म अब पर्‍यो केही अब चाहिँ केही सिटहरू रिक्त रहेका छन् सभामुख महोदय, २४ ओटा सिटहरूमा ५ ओटा सिट रिक्त हुन पुगे र यो पूर्वाधार विकास गर्ने कार्यक्रमका केही कार्यविधिहरू छन् निर्वाचित सांसद भएको ठाउँको मान्छे जो निर्वाचित छ उनको अध्यक्षतामा समानुपातिक, समन्वयका प्रमुखहरू राखेर हाम्रो एउटा निर्देशन समिति छ तर अहिले केही ठाउँहरूमा त्यो रिक्त रहेको हुनाले रिक्त रहयो केहिमा रिक्त को रिक्तता नै छ समानुपातिक पनि छैन केही क्षेत्रमा निर्वाचित रिक्त छन् समानुपातिक चाहिँ छन् तर हामीले के गर्‍यौं भने समानुपातिक पनि छन् केही ठाउँमा निर्वाचित पनि छन् समानुपातिक पनि छन् ती समानुपातिकको नाम निसानै छलफल गरेर एउटा पनि कुरा नमिल्ने एउटा कुरा हुन सक्ला सभामुख महोदय, फोन गरे पनि फोन नउठाउने माननीयज्यूहरू पनि हुनुहुन्छ । यस्ता कुराहरूमा हामीले विचार गर्नुपर्छ छलफल गर्नुपर्छ कमसेकम कुरो मिल्ने नमिल्ने आफ्नो ठाउँमा छ समानुपातिकका मानिसहरू रहनुपर्छ भन्ने सरकारको धारणा, संसद्को धारणा हामी सबैको धारणा हो भन्ने मलाई लाग्छ सभामुख महोदय, त्यस कारण त्यस्ता ठाउँमा गर्दाखेरि संसद् प्रमुख प्रतिपक्ष दल

सरकार, सदन, सभामुख हामी सबै जो जो छौं त्यसलाई गरेर छलफल गर्ने, छलफलको क्रमले त्यसको के निचोड निस्किन सक्छ कुन चाहिँ राम्रो उपायहरू हुन् र यो कुराहरूमा सम्झौता भइसकेका छन्, गइसकेका छन्, भएका कुराहरूमा मैले अघि नै पनि भने सभामुख महोदय, एक लाखको पनि भइसक्यो होला, त्यो प्रमाणित भएको कुरालाई चाहिँ यो रोक्ने भन्ने कुरा गरिएको होइन तर त्यसलाईचाहिँ बिस्तारै एउटा पोलिसी बनाऔं भन्ने कुरामा हामी गएको हुनाले त्यसलाई पनि हामी सल्लाह सँग जानुपर्छ भन्ने नै हामीलाई लागेको छ सभामुख महोदय, अब यो अस्ति नै पनि कुरा आएकै हो आज फेरि सरकार यी कुराहरूलाई दोहोऱ्याउनचाहन्छ विगतमा सुरु भएका र हाल ती योजनाहरूमा बजेट नभएको कुनै कार्यक्रमहरूचाहिँ कम्पिलिट नै भइसके छन् तर अहिले यो पटक चाहिँ बजेट छैन र यस्तो कुराहरूको पनि सरकारका अङ्गहरूलाई प्रयोग गरेर तिनलाई पहिचान गरेर सिंगो सदन नै बसेर हामी अथवा मुख्य मुख्य दलका नेताहरू सबै बसेर छलफल गरेर यसलाई कसरी अगाडि बढाउने, र सल्लाह र सहमति बाटै त्यो आवश्यक बजेटलाई विनियोजित गर्नुपर्छ हुन सक्ला धेरैहोला भोलि यता छुटेका फर इक्जेम्पलको कुरा गरेको सभामुख महोदय, पाँच अरबका छुटेका रहेछन् भने पाँचै अरबको हामीले गर्न नसकौंला त्यसमा के हो त छनौट गरौं सबै बसौं, यो यो कुराहरूलाई अहिले प्राथमिकता दिऔं भोलिका दिनमा यिनलाई प्राथमिकता दिऔंला किन कि एक पटक बनाइसकेका भइसकेका कम्प्लिट नगरेर सिँचाइ होला या बाटो होला हामीले अलपत्र राख्नु हुन्न भन्ने मलाई लाग्छ ।

सभामुख महोदय,

र यसरी नै हामीले अलिकति क्याटागोराइज गरौं अघि मैले १५ लाखका कुराहरू पनि गरे सभामुख महोदय, त्यस्तै अहिलेका हकमा मुख्यमन्त्री रोजगारका कुराहरू छन् पूर्वाधारका कुराहरू छन् मुख्यमन्त्री आय आर्जनका कुराहरू छन् त्यसमा त १५ कै सीमा हुँदैन त्यसमा कार्यविधि नै भिन्न बनाएको हुनाले त्यो अवस्थाका लागि चाहिँ यो लागु हुँदैन है पनि भन्ने कुरा हामी बिचमा व्यापक छलफल भएको छ हामी बिचमा त्यो कुराहरूको समझदारी भएको छ सभामुख महोदय, अब यति कुरा त हामीले गऱ्यौं सबै गर्दाखेरि विनियोजन विधेयकका आफ्ना मान्यता आफ्नो नीति हुन्छ त्यो हुनका लागि जस्तै यो कुराहरू गर्नको लागि केही हामीले रकम रकमान्तर गर्नुपनि पर्ने होला त्यो रकमान्तर गर्नका लागि सभामुख महोदय, हामीले चैत्रभन्दाअगाडि गर्न सक्दैनौं । विनियोजन विधेयकले त्यो भन्छ चैत्रभन्दा हामीले त्यो गर्न सक्दैनौं पैसा चाहिँ गएका ब्लक भएर बसिरहने त्योभन्दाअगाडि हामीले रकमान्तर गर्न नसक्ने अनि वैशाख, जेठ

दुई महिनामा त काम हुनसक्ने अवस्था रहदैन त्यस कारणले सरकारले सोच्यो, यो चैत्रभन्दाअगाडि रकमान्तर गर्ने व्यवस्था हामी कहाँ नभएकोले प्रदेशसभाले आवश्यक निर्णय गर्नसमेत पनि सरकारले अनुरोध गरेको छ सभामुख महोदय, कानूनी राज्यमा कानूनमार्फत् नै बाधा अड्काउ फुकाउ के गर्नु पर्ने हो त्यो गर्न सरकार चाहन्छ।

सभामुख महोदय,

र सरकार जहिले पनि संसद्प्रति एकाउन्टेबल हुन्छ त्योप्रति उत्तरदायी हुन्छ यहाँ अलिकति कहिले कहिले मैले हेरेको छु सभामुख महोदय, मैले आज पौने दुई महिना भनौं कि तीन महिना भनौं कि अ चारै महिना भनौं कि यसमा अनुभव के भयो भने कता कता मैले त्यो अनुभवगरिरहेको छु कि अबन्डाको पैसा मुख्यमन्त्री कार्यालयमा धेरै रहयो किन रह्यो भनेर प्रश्नहरू पनि नउठ्का होइनन् सभामुख महोदय, मैले आफूले अनुभव गरेको म गलत होउला मलाई थाहा छैन मन्त्रीहरू भइसकेपछि मन्त्रीको पनि मन्त्री भएकोले मुख्यमन्त्री भएको हो सभामुख महोदय, सचिवको पनि सचिव भएको हुनाले प्रमुख सचिव भएको हो तर हाम्रो प्रचलन के रहेछ भने मन्त्रालय भनेपछि यो मन्त्रालयको मुख्यमन्त्री पनि मैं राष्ट्रपति पनि मैं सबै पति मैं अरू कोही पनि हैन भन्ने दृष्टिकोणले अनि अबन्डाका पैसा धेरै हुने भएको मेरो मूल्याङ्कन छ सभामुख महोदय, यो साँचो नहुन पनि सक्छ तर मेरो मूल्याङ्कन त्यो छ । मैले के गर्न सोचिरहेको छु भने कुनै पनि काम गर्दाखेरि मन्त्रीहरूले हामी कोसँगएकाउन्टेवल हो त मुख्यमन्त्रीसँगहो र सदनप्रति हो भन्ने यी दुई ओटा कुराप्रति हेक्का राखेपछि यो समस्या आउँदैन भन्ने मलाई लाग्छ सभामुख महोदय, किनभने हामीले मुख्यमन्त्री रोजगार, मुख्यमन्त्री आज आर्जन भनेर त्यो पैसा नछुटाएर हामीले मुख्यमन्त्री कार्यालयमा राख्नुपर्ने आवश्यकत्ता नै छैन सभामुख महोदय, ती पैसाहरू नाम ती हुन सक्ला त्यो कुन कुन मन्त्रालयमा जान्छ अब यो कस्तो हुँदो रहेछ भने त्यो पैसा त अहिले एउटा शीर्षक छ अबन्डा भएको हुँदो रहेछ अहिले जाँदाखेरि पनि यसलाई रकमान्तर भनिदो रहेछ । त्यो रकमान्तर होइन विनियोजित भएको तर एलएमविआइएस सिस्टमले त्यस्तो देखाउँदो रहेछ र दुनियाँले भन्दाखेरिपत्रकार लेख्दाखेरि रकमान्तर भन्ने कुरा आएको रहेछ । यो अलिकति कमीकमजोरी भएको जस्तो मलाई लाग्छ । त्यस्तो भयो भने एकले अर्कोलाई सम्मान गर्न सक्यो भने, एकले अर्कोलाई श्रद्धा गर्न सक्यो भने सरकार भनेको यो भन्ने कुरामा हामी गयौं भने पक्कै पनि यी भविष्यका दिनमा भविष्यमा आउने मुख्यमन्त्रीज्यूहरूले त्यसरी एकदमै अबन्डा भनेर पैसा राख्नु हुने छैन भन्ने मलाई लाग्छ  वास्तवमा एउटा कुनै पनि कार्यक्रम गर्दाखेरि हुन्छ होला तर सोच्ने के भयो कसो भयो भन्ने गऱ्यौं भने

यो पनि घट्छ होला भन्ने मलाई लाग्छ यी केही कमजोरी हामी सबैमा भए त्यसलाई कसरी सुधार गर्ने कसरी अगाडि बढ्ने र यो सरकार सत्ता पक्ष र प्रमुख प्रतिपक्ष भनेर खेलिएको भए पनि कर्णालीको विकासका लागि हामी सबै एक पक्ष हो हामी सकै एक भएर जानुपर्छ भन्ने सरकारको धारणाको धारणा छ म प्रमुख प्रतिपक्ष दलका नेतालाई, त्यसका माननीयज्यूहरूलाई, सत्ता पक्षका माननीयज्यूहरूलाई, सरकारका मन्त्रीज्यूहरूलाई र सरकारका सम्पूर्ण अरूअङ्गहरूलाई पनि म आज यहीँ रोस्टमबाट हार्दिक धन्यवाद दिन चाहन्छु सभामुख महोदय, र विशेष किसिमको धन्यवाद आभार म सभामुखज्यूलाई पनि व्यक्त गर्न चाहन्छु जसको एउटा कुशल नेतृत्व सबैलाई समायोजन गर्ने कता कता सत्ता पक्ष र विपक्ष भनेपछि सत्ता र विपक्ष भनेपछि विपक्ष धार तिरै फर्किदा रहेछौं त्यसलाई एक ठाउँमा जोड्ने जुन प्रयास भएको छ सम्माननीय सभामुख महोदयलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । सम्पूर्ण माननीयज्यूहरूलाई धन्यवाद दिन चाहन्छु, सरकारलाई धन्यवाद दिन चाहन्छु । प्रमुख प्रतिपक्ष दललाई पनि धन्यवाद दिँदै अब मिलेर जाऔं, राम्रो गरौं कति छन् जति दिन होलान् यसलाई राम्रो गरेर अगाडि काम बढाऔं र कयौं हाम्रा २०औं ३० औं विधेयकहरू अड्किएका छन् यिनलाईसौहार्दपूर्ण ढङ्गले गएर नेपालका सात ओटा प्रदेश मध्ये कर्णाली प्रदेश यस्तो प्रदेश हो सही कुरामा विपक्षी हुन्छ तर सत्य कुरामा हुँदैन सत्य कुरामा सरकार हुन्छ गलत कुरामा सरकार हुँदैन भन्ने एउटा नमुना कर्णाली प्रदेशबाट अगाडि दिऔं भन्ने कुरा राख्दै सरकारका धारणाहरू कैले कैले हड्डी नभएको जिब्रो हुन्छ चिप्लेको हुन सक्छ त्यसलाई चाहिँ त्यही त्यहि ढङ्गले बुझिदिनको लागि हार्दिक आग्रह गर्दै मलाई बोल्ने समय सभामुखज्यूले व्यवस्थापन गरिदिनु भएकोमा त्यसका लागि धन्यवाद दिँदै मेरा भनाई यहीं टुङ्ग्याउँछु । धन्यवाद जय नेपाल ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले सभामा पेश गर्नु भएका कर्णाली प्रदेश विनियोजन अध्यादेश २०७८, कर्णाली प्रदेश आर्थिक अध्यादेश २०७८, प्रदेश लोक सेवा आयोग दोस्रो संशोधन अध्यादेश २०७८, प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक सेवाका सर्त सुविधासम्बन्धी अध्यादेश २०७८ र कर्णाली प्रदेश खेलकुद विकास पहिलो संशोधन अध्यादेश २०७८ माथि कर्णाली प्रदशसभा नियमावली २०७४ को नियम ९४ (१) बमोजिम कुनै पनि माननीय सदस्यज्यूहरूबाट अध्यादेश अस्वीकार गर्ने सूचना प्राप्त नभएको व्यहोरा जानकारी गराउँदै

उल्लिखितअध्यादेशहरू क्रमशः स्वीकृतिका लागि पेश गर्न र उक्त अध्यादेशहरू निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई कर्णाली कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ९४ को उपनियम ४ बमोजिम कर्णाली प्रदेश विनियोजन अध्यादेश २०७८ लाई स्वीकृत गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः-माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले प्रदेशसभाको अधिवेशन चालु नभएको अवस्थामा प्रदेश सरकारको नियमित कार्यहरूसञ्चालन गर्नको लागि कर्णाली प्रदेश प्रमुखज्यूबाट जारी भएको कर्णाली प्रदेश विनियोजन अध्यादेश २०७८ सभासमक्ष पेश भई विरोध विरोधको सूचनासमेत प्राप्त हुन नआएकोलेकर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ९४ को उपनियम ४ बमोजिम अध्यादेश स्वीकृत गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ९४ को उपनियम ४ बमोजिम सभामा पेश गर्नु भएको उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुन माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यो प्रस्तावको विपक्षको हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमानविष्टलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ९४ को उपनियम ४ बमोजिम कर्णाली प्रदेश आर्थिक अध्यादेश, २०७८ स्वीकृत गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

<u>आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः</u>माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले प्रदेशसभाको अधिवेशन चालु नभएको अवस्थामा प्रदेश सरकारको नियमित कार्यहरूसञ्चालन गर्नको लागि कर्णाली प्रदेश प्रमुखज्यूबाट जारी

भएको प्रदेश आर्थिक अध्यादेश, २०७८ सभासमक्ष पेश भई विरोध विरोधको सूचनासमेत प्राप्त हुन नआएकोले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ९४ को उपनियम ४ बमोजिम अध्यादेश स्वीकृत गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु धन्यवाद ।

**<u>माननीय सभामुख</u>:**माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ९४ को उपनियम ४ बमोजिम सभामा पेश गर्नु भएको उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुन माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यो प्रस्तावको विपक्षको हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् हुन्न भन्ने आवाज सुनिएन तसर्थ उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

<u>माननीय सभामुख</u>:माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ९४ को उपनियम ४ बमोजिम प्रदेश लोक सेवा आयोग दोस्रो संशोधन अध्यादेश २०७८ स्वीकृत गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

<u>भूमि व्यवस्था तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाही</u>:माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले प्रदेशसभाको अधिवेशन चालु नभएको अवस्थामा प्रदेश सरकारको नियमित कार्यहरूसञ्चालन गर्नको लागि कर्णाली प्रदेश प्रमुखज्यूबाट जारी भएको प्रदेश लोक सेवा आयोग दोस्रो संशोधन अध्यादेश, २०७८ सभासमक्ष पेश भई विरोध विरोधको सूचनासमेत प्राप्त हुन नआएकोले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ९४ को उपनियम ४ बमोजिम अध्यादेश स्वीकृत गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु धन्यवाद ।

<u>माननीय सभामुख</u>:माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ९४ को उपनियम ४ बमोजिम सभामा पेश गर्नु भएको उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र

यो प्रस्तावको विपक्षको हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ उक्त प्रस्ताव सर्वसमतिले स्वीकृत भएको घोषणा गर्दछु।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ९४ को उपनियम ४ बमोजिम प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक सेवाका सर्त सुविधासम्बन्धी अध्यादेश, २०७८ स्वीकृत गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

<u>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीः</u>माननीय सभामुखज्यू प्रदेशसभाको अधिवेशन चालु नभएको अवस्थामा प्रदेश सरकारको नियमित कार्यहरूसञ्चालन गर्नको लागि कर्णाली प्रदेश प्रमुखज्यूबाट जारी भएको प्रदेश लोक सेवा आयोग दोस्रो संशोधन अध्यादेश, २०७८ सभासमक्ष पेश भई विरोध विरोधको सूचनासमेत प्राप्त हुन नआएकोले प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक सेवाका सर्त सुविधासम्बन्धी अध्यादेश, २०७८ को नियम ९४ को उपनियम ४ बमोजिम अध्यादेश स्वीकृत गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ९४ को उपनियम ४ बमोजिम सभामा पेश गर्नु भएको उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र

यो प्रस्तावको विपक्षको हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

हुन्न भन्ने आवाज सुनिएन तसर्थ उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ९४ को उपनियम ४ बमोजिम कर्णाली प्रदेश खेलकुद विकास पहिलो संशोधन अध्यादेश, २०७८ स्वीकृत गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**<u>आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्ट:</u>**माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले प्रदेशसभाको अधिवेशन चालु नभएको अवस्थामा प्रदेश सरकारको नियमित कार्यहरूसञ्चालन गर्नको लागि कर्णाली प्रदेश प्रमुखज्यूबाट जारी भएको कर्णाली प्रदेशसभा नियमावली, २०७४ सभासमक्ष पेश भई विरोधको सूचनासमेत प्राप्त हुन नआएकोलेकर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ९४ को उपनियम ४ बमोजिम अध्यादेश स्वीकृत गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु धन्यवाद ।

**<u>माननीय सभामुख:</u>**माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ९४ को उपनियम ४ बमोजिम सभामा पेश गर्नु भएको उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुन माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र

यो प्रस्तावको विपक्षको हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू अर्थ तथा प्राकृतिक स्रोत समितिका अध्यक्ष माननीय श्री गणेश प्रसाद सिंहलाई समितिको वार्षिक प्रतिवेदनसभासमक्ष प्रस्तुत गर्ने समय दिन्छु ।

**<u>माननीय श्री गणेश प्रसाद सिंह:</u>**माननीय सभामुख महोदय,संसदीयप्रणाली र अभ्यासमा समितिको महत्त्वपूर्ण भूमिका रहन्छ । समिति प्रणालीबाटै संसद्को बहुआयामिक काम कारबाही सरल र प्रभावकारी ढङ्गले सञ्चालन हुने गर्दछ । त्यसैले समिति प्राणीको संस्थागत विकास गर्न र यसको व्यावहारिक अभ्यास सफल तुल्याउनको लागि समितिहरूको काम कारबाही कार्य प्रकृति स्पष्ट र व्यावहारिक बनाउन आवश्यक भएकोले हामीले यस सभाका कामकारबाहीप्रति प्रदेशसभाका सदस्यहरूलाई जागरुक र जिम्मेवार तुल्याई प्रदेश सरकारलाई जनताप्रति उत्तरदायी बनाउनका साथै सभाका कार्यहरूलाई व्यवस्थित र प्रभावकारीरूपमा सम्पादन गर्न र विधेयकहरूलाई परिमार्जन गरी प्रस्कृत गर्नका लागि प्रदेशसभा नियमावली, २०७४ को नियम १ सय ४५ बमोजिम यस सभाबाट ४ ओटाविषयगत समिति गठन भएको सर्वविदितै छ विषयगत समितिहरूमध्ये एउटा महत्त्वपूर्ण विषयगत समिति अर्थ तथा प्राकृतिक स्रोत समिति पनि

हो । राज्य प्रशासनलाई सहज सरल र पारदर्शी बनाउने दृष्टिकोणबाट उद्धार व्याख्या गरी यसलाई जनभावना अनुकूल प्रदेश सरकारका गतिविधिहरूलाई प्रभावकारी बनाउने कार्यमा यस समितिको भूमिका रहँदै आएको छ । संसद् र संसदीय समितिको अवधारणा र विकास अनुरूप समितिले निर्वाह गर्नुपर्ने कार्यहरूको विवरण कर्णाली प्रदेशसभा नियमावली, २०७४ को १५० बमोजिमका कर्तव्य सम्बन्धमा नियम १५५ बमोजिम बैठकबाट निर्णय गरी समितिले कार्यसम्पादन गरेको छ । सभामुख महोदय, यस समितिले समितिको अधिकार क्षेत्र भित्र रही सम्बन्धितविषयमा विधि निर्माण र सरकारी काम कारबाही उत्तरदायित्त्व बहन भए नभएको सन्दर्भमा जाँचबुझ र मुल्याङ्कन गर्दै आइरहेको छ । प्रदेशसभा नियमावली, २०७४अनुसार सभामुखद्वारा मनोनयन हुनु भएका नौं जना माननीय सदस्यहरू रहेकोमा मिति २०७७ साल ३ महिना २८ गतेको निर्वाचनबाट गठित यस समितिमा हाल ८ जना माननीय सदस्य रहनु भएको छ। यस समितलाई प्रदेशसभा प्रदेशसभा नियमावली, २०७४ ले आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र सोअन्तर्गतका नियकाका काम कारबाही भनीकार्यक्षेत्र तोकिएको र सोही कार्यक्षेत्रभित्र रही यस समितिले आफ्नो काम कारबाहीअगाडि बढाइरहेको जानकारी माननीय सभामुखमार्फत् सभालाई जानकारी गराउन चाहन्छु । सभामुख महोदय, यस समितिले प्रदेशसभाप्रतिजिम्मेवार तुल्याउन समितिको कार्यक्षेत्र भित्र रही सरकारका आर्थिक वर्ष २०७६/०७७ मा भए गरेका विभिन्न काम कारबाहीहरूको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशक, सल्लाह प्रदान गरिरहेको साथै आफ्नो कार्य सम्पन्न गर्दा सम्बन्धित मन्त्रालय तथा विभाग आयोग र निकायका प्रतिनिधि र आवश्यकताअनुसार तत्तत्विषयका विशेषज्ञहरूसँगसमेत छलफल गरी सम्बन्धित निकायले गरेका कामकारबाहीको सम्बन्धमा स्थलगत रूपमै अनुगमन गर्ने आवश्यक राय सल्लाह र निर्देशन दिने कार्य गरिरहेको जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय,

यस समितिको पहिलो बैठक २०७५/१/१७ गते हालसम्म जम्मा ५७ पटक बैठक बसी आफ्नो कामकारबाहीअगाडि बढाइरहेको र सम्बन्धितविषय क्षेत्रको थप अनुगमन अध्ययन अनुसन्धान गरी समितिको आन्तरिक काम कारबाहीलाई अझ व्यवस्थित गर्न विभिन्न समयमा आवश्यकताअनुसार उपसमिति गठन गरिएका थिए र सो समितिले दिएको प्रतिवेदनले समेत यस समितिलाई थप व्यवस्थित गराउन मद्दत पुगेको कुरा म जानकारी गराउन चाहन्छु । सभामुख महोदय, सभा वर्षैभरि बस्न नसक्ने भएकाले

सभाको प्रतिनिधित्व गर्दै सभाका कामकारबाहीअगाडि बढाउन समितिहरूको गठन भएको व्यहोरा सर्वविदितै छ । सरकार समितिहरूप्रतिजवाफदेही र उत्तर हुनुपर्नेमा सभा र समितिहरूप्रतिको जवाफदेहिता र उत्तरदायित्वप्रति सरकार गम्भीर नभएको महसुस भएको छ । समितिले आवश्यक परेको खण्डमा विभिन्न विवरणहरू माग गर्ने गरेकोमा उक्त विवरणहरू समयमा नै उपलब्ध नहुने र उपलब्ध भएका विवरण पनि सान्दर्भिक नभएको कारणले गर्दा पनि यस समितिबाट गरिने अनुगमन कार्यमा समस्या रहने गरेको छ । यसरी समयमा नै विवरण उपलब्ध नगराइदिने र पटक पटक पत्राचार गर्नुपर्ने र यस्ता कुरालाई गम्भीरतापूर्वक नलिएको अवस्थाले पनि यस विषयलाई पुष्टि गर्दछ । विभिन्न समयमा यस समितिबाट दिइएका निर्देशनहरूको पूर्ण रूपमा पालना भएको नपाइएकाले यथाशीघ्र निर्णयहरूको पूर्ण पालनाको लागि अनुरोध गरिएको माननीय सभामुखमार्फत् यस सभालाई जानकारी गराउन चाहन्छु । समितिमार्फत् दिइएका निर्देशनप्रतिगम्भीर बन्न सभामार्फत् सरकारलाई निर्देशन हुन आवश्यक भएको कुरा पनि माननीय सभामुखज्यूमार्फत् सभामा जानकारी गराउन चाहन्छु । सभामुख महोदय, समितिलाई चुस्त दुरुस्त र व्यवस्थित गर्नका लागि समितिको बैठक स्थलको यथासिग्र व्यवस्थापन, समितिको कार्यक्षेत्र, समितिको विषयमा स्थलगत अध्ययन अनुगमन गर्न बजेटको व्यवस्था हुनुका साथै आवश्यक प्राविधिक कर्मचारीको उपलब्धता माननीय सदस्य एवम् सचिवालयका कर्मचारीहरूको समय अनुकूल क्षमता अभिवृद्धि लगायतका विषयमा भ्रमण तथा प्रशिक्षणको व्यवस्था, समितिको बैठकमा रेकर्डिङ प्रणाली र प्रत्यक्ष अभिलेखीकरणसम्बन्धी व्यवस्था गर्न आवश्यक देखिएको समेत सभामुखज्यूमार्फत् यस सभालाई जानकारी गराउन चाहन्छु। सभामुख महोदय, प्रभावकारी समिति व्यवस्थापन सञ्चालनबाट लोकतन्त्रको विकास हुन्छ भन्नेमा दुई मत छैन हामीहरूसंसदीय अभ्यासमा जुटेको लामो इतिहास नभए पनि समितिका बैठक निरन्तर सञ्चालन सरकारी कामकारबाहीको स्थलगत अनुगमन र निर्देशन समितिमा विधेयकको दफावार छलफलको क्रममा विधेयकमा संशोधन पेश गर्ने र छलफलमा भाग लिने सदस्यहरूको रुचि र निरन्तर अभ्यासले समिति प्रणालीको विकास हुनुको साथै यसको महत्त्व बढिरहेको भन्न सकिन्छ । समिति एउटा सामूहिक भावना र सहयोगमा आधारित संस्था भएकोले यसमा सबैको सहयोग चासो र सक्रियतालाई आगामी दिनमा थप प्रभावकारी बनाउन समितिका पदाधिकारी एवम् सदस्यहरू सबैको समानदायित्व बोध हुनुपर्दछ । सभामुख महोदय, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को १५७ बमोजिम आर्थिक

वर्ष २०७६/०७७ को आर्थिक तथा प्राकृतिक स्रोत समितिको वार्षिक प्रतिवेदन माननीय सभामुखज्यूमार्फत यस सभामा पेश गर्दछु, धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू विधायन तथा प्रदेश मामिला समितिका अध्यक्ष माननीय श्री दानसिंह परियारलाई समितिको वार्षिकप्रतिवदेन सभासमक्ष प्रस्तुत गर्न समय दिन्छु ।

<u>माननीय दानसिंह परियारः</u>माननीय सभामुख महोदय, प्रदेशसभा नियमावली, २०७४ को नियम १४४ बमोजिम यस प्रदेशसभाबाट गठन भएका चार ओटाविषयगत समिति मध्ये कानून निर्माणको चरणमा विधायन तथा प्रदेश मामिला समितिको विशेष भूमिका रहेको छ संसद्का सम्पूर्ण कार्यहरू सदनबाट मात्र सम्पादन गर्न सम्भव नभएकोले संसद्को नियमित कार्यमा सहयोग पुऱ्याउन एवम् सरकारबाट भएका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र सुझाव प्रदान गर्न संसदीय समितिको गठन भएबमोजिम समितिका कार्यक्षेत्र भित्रका विषय माथि गहन अध्ययन तथा छलफल गरी सरकार तथा सम्बन्धित निकायलाई उत्तरदायी बनाउने कार्य गरिएको छ। सभामुख महोदय, कर्णाली प्रदेशसभाको विधायन तथा प्रदेश मामिला समितिले वार्षिकरूपमा सम्पादन गरेका कार्यहरूको प्रतिवेदन यस सम्मानित सभासमक्ष पेश गर्न अनुमति चाहन्छु। सभामुख महोदय, कर्णाली प्रदेशसभा नियमावली, २०७४ मा भएको व्यवस्थाअनुसार यस समितिको कार्य क्षेत्रअन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेश लोक सेवा आयोग पर्दछन्। समितिले आफ्नो कार्य क्षेत्रअन्तर्गतका मन्त्रालयबाट प्राप्त विधेयकमाथि छलफल गर्ने, सरकार माथि निगरानी राख्ने, संसद् सरकार र जनता बिच समन्वय र सहकार्यको कार्य गर्ने, प्रत्योजित विधेयकको जाँचबुझ गर्ने तथा सरकारको आश्वासनउपर अध्ययन अनुसन्धान तथा अनुगमन गरी सरकारलाई आवश्यक मार्ग लगायतका कार्यहरू यस समितिले गर्दै आइरहेको छ । विधायन तथा प्रदेश मामिला समितिको गत वर्षको प्रतिवेदन पेश गरे पश्चात् आर्थिक वर्ष २०७६/०७७ मा जम्मा १७ ओटा बैठकहरू बसेका छन् । सभाबाट दफाबार छलफलका लागि समितिमा पठाइएको प्रदेश लोक सेवा आयोग ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि समितिले दफाबार छलफल गरी विज्ञको राय एवम् सुझावबमोजिम परिमार्जन गरिएको विधेयकको प्रतिवेदन सम्मानित सभामा पेश गरीसकिएको छ । समितिले समय समयमा समसामयिकविषयहरूमाप्रतिवेदनमार्फत् सरकारलाई ध्यानाकर्षण गराउने तथा राय सल्लाह र आवश्यक निर्देशन दिने काम समेत गर्दै आएको छ र समितिले विश्वभर

महामारीको रूपमा फैलिएको कोभिड-१९ को रोकथाम तथा नियन्त्रण र आवश्यक व्यवस्थापनको लागि डिसिएमसी तथा सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिएको थियो ।

सभामुख महोदय,

समितिले प्रत्यायोजित विधायन समिति, यस सम्बन्धित अधिकारको प्रयोग गरी प्रदेश सरकारले बनाएको नियमावली, कार्यविधि निर्देशिका तथा मापदण्ड कानूनसम्मत छ या छैन भनी सम्बन्धित मन्त्रालय र कानूनविद्धसँगआवश्यक छलफल गर्दै आइरहेको छ। समितिले उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालयले प्रत्याजित विधायनअन्तर्गत कार्यान्वयनमा ल्याएका कार्यविधि निर्देशिका मापदण्ड कानूनबमोजिम तर्जुमा भएको छ वा छैन भन्नेमा छलफल गरिएको थियो । जसमा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयले कर्णाली पर्यटन बोर्ड गठन आदेश, २०७६ को संवैधानिक एवम् कानूनी औचित्यमाथि छलफल भएकोमा पर्यटन बोर्ड कुनै पनि ऐनसँग सिर्जित कानूनअन्तर्गत गठन नभएको हुँदा कानून औचित्य सुन्ने देखि समितिले बोर्डको नाममा कुनै पनि कार्य अगाडि नबढाउन समेत निर्देशन दिएको थियो । यसै गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कानूनमा आएको भूमि समस्या तथा व्यवस्था सुझाव समिति गठन आदेश, २०७५ को कार्य अगाडि नबढाउन निर्देशन दिएको थियो भने मन्त्रालयबाट कार्यविधि बनाउँदा आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहमति लिए मात्रै कानून तर्जुमा गर्नुपर्नेर अनुदान सम्बन्धी एकीकृत कार्यविधि बनाउने निर्देशन गरेको थियो । साथै सामाजिक विकास मन्त्रालयले अस्पताल विकास समिति गठन आदेश कार्यान्वयनमा ल्याए पनि सो गठन आदेश जारी गर्दा दिएको आधार कानूनसम्मत देखिएन भनी मन्त्रालयलाई निर्देशन दिएको थियो । सभामुख महोदय, यस समितिले दिएको निर्देशनलाई मन्त्रायलयले कार्यान्वयन गरेन। व्यवस्थापिका र कार्यपालिका बिचको सम्बन्धलाई अझै सबल बनाएको हुँदा मैले गौरवान्वितमहसुस गरेको छु । यस समितिले आफ्नो कार्यक्षेत्रअनुसार काम कारबाही गरिएकोमा समितिको कार्यप्रणालीलाई थप प्रभावकारी बनाउनका लागि प्रदेशसभा नियमावली, २०७४ को नियम ११८ बमोजिमको व्यवस्थालाई अपनाउँदै विधायन तथा प्रदेश मामिला समितिलाई नियमावलीले प्रदान गरेको जिम्मेवारी बहन गर्न दिनुपर्दछ ।

सभामुख महोदय,आगामी दिनमा समितिलाई व्यवस्थित, नियमित र थप प्रभावकारी बनाउनका लागि देहायबमोजिमको व्यवस्था हुन आवश्यक महसुस गरेको छु । सङ्घीय, अन्तरप्रदेश स्तरीय र स्थानीय तहसँग अनुभव आदान प्रदान तथा अनुगमन गर्नका लागि आवश्यक व्यवस्था गरिनुपर्ने, समितिले माग गरेबमोजिमका नियमावली कार्यविधि निर्देशिका र मापदण्डहरू सम्पूर्ण निकायले समयमा नै उपलब्ध गराउनुपर्ने, समितिले विषयगत विज्ञ र आवश्यक जनशक्तिको व्यवस्था गर्नुपर्ने, विधेयक सम्बन्धी जनताको थप सुझावका लागि आवश्यक व्यवस्था गरिनुपर्ने, समितिको क्षमता विकास गर्न र कामकारबाहीलाई आधुनिक प्रविधिमैत्री बनाउनुपर्ने, माननीय सभामुख महोदय, अन्तमा समितिको कार्यसम्पादनमा सहयोग पुऱ्याउनुहुने माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, माननीय मन्त्रीज्यूहरू समितिको कार्यसम्पादनमा निरन्तर खटिनुहुने समितिका माननीय सदस्यज्यूहरू, विधेयकमाथि संशोधन गरी महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने संशोधन कर्ता माननीयज्यूहरू, समितिको कार्य क्षेत्रसँगसम्बन्धित निकायका पदाधिकारीज्यूहरू, समितिको कार्यकम्पादनमा सहयोग पुऱ्याउनेविज्ञ एवम् सरोकारवाला, प्रदेशसभा सचिव, प्रदेशसभा सचिवालय र समिति सचिवालयमा कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी र राज्यको चौथो अङ्ग समेत मानिने सञ्चारकर्मी मित्रहरूलाई समेत हार्दिक धन्यवाद दिँदै माननीय सभामुखज्यूको अनुमतिले प्रदेशसभा नियमावली, २०७४ को नियम १५७ बमोजिम आर्थिक वर्ष २०७६/०७७ को विधायन तथा प्रदेश मामिला समितिको प्रतिवेदनसभासमक्ष पेश गर्न चाहन्छु, धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू सामाजिक विकास समितिका अध्यक्ष माननीय श्री देवी ओलीलाई समितिको वार्षिक प्रतिवेदनसभासमक्ष प्रस्तुत गर्न समय दिन्छु ।

<u>माननीय श्री देवी ओलीः</u>माननीय सभामुख महोदय, समितिले एक आर्थिक वर्षभरि सम्पादन गरेका विभिन्न कामहरूमा आधारित रहेर वार्षिक प्रतिवेदनसभासमक्ष पेश गर्नुपर्ने व्यवस्था भएबमोजिम यो गरिमामय सभासमक्ष सामाजिक विकास समितिको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन पेश गर्न गरिहेको व्यहोरा निवेदन गर्दछु । सभामुख महोदय, मुलुकमा जनआन्दोलन र सशस्त्रसङ्घर्षबाटै स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा समाजमा शान्ति सुव्यवस्था कायम गर्न विकास र समृद्धिको आकांक्षा पूरा गर्न प्रदेशसभाबाट विभिन्न नीति ऐन, कानून निर्माणमा प्रदेशसभा व्यवस्थापिका संसद्को महत्त्व जिम्मेवारी, दायित्व र भूमिका, रहेको बारेमा हामी सबै परिचित नै छौं । अन्तर्राष्ट्रिय संसदीय मूल्य र मान्यता र अभ्यास नेपालको संविधान २०७२ को मर्म र भावनाअनुसार निर्माण भएका सङ्घीय

कानूनहरूको परिधिमा रही प्रदेश सञ्चालनका लागि आवश्यक कानून निर्माण गर्ने कानून बमोजिम सुशासन, पारदर्शिता तथा जवाफदेहिताका लागि सरकारलाई निर्देशन दिने नियन्त्रण गर्ने, जनता र सरकार बिचको सम्बन्धलाई कानूनी रूपमा जीवित राख्ने, माध्यमको रूपमा कार्यरत प्रदेश व्यवस्थापिका संसद्को आफ्नो छुट्टै भूमिका र महत्त्व रहेको सर्वविदितै छ । जनताका आधारभूत आवश्यकताहरूसुलभ र छरितो ढङ्गबाट परिपूर्ति गराउन पनि संसदीय समितिको भूमिका उत्तिकै महत्त्वपूर्ण रहेको छ । त्यसैले संसद्को सक्षमता जागरुकता, कार्य कुशलता र कार्यसम्पादनलाई राज्यका सबै निकाय र नागरिकहरूलाई गहिरोगरी नियालिरहेका हुन्छन् । संसद्को उद्देश्य र कार्यक्रमलाई सफल पार्नको लागि संवैधानिक र कानूनी व्यवस्थाअनुसारको परिधिभित्र रही एउटा छुट्टै व्यवस्थापिका संसद्को गठन र सञ्चालनप्रक्रियाविश्वभरिका मुलुकहरूमा प्रचलित रहेको पाइन्छ । नेपालको सन्दर्भमा पनि केन्द्रमा सङ्घीयसंसद् र प्रदेशहरूमा प्रदेश व्यवस्थापिका सांसदमा प्रदेशसभाहरू रहेका छन् । यसै गरी प्रदेशसभाको कार्यप्रणालीलाई व्यवस्थित गर्नको लागि सचिवालयको स्थापना भई सञ्चालन हुँदै आएको छ । प्रदेशसभाको काम कारबाही व्यवस्थित र प्रभावकारी रूपमा सम्पादन गर्न सहयोग पुऱ्याउन कर्णाली प्रदेशको प्रदेशसभा नियवालीको परिच्छेद १९को नियम १४५ बमोजिम यस सभामा चार ओटाविषयगत समितिहरू गठन भएको सर्वविदितै छ। ती समितिहरू मध्ये सामाजिक विकास समिति एक महत्त्वपूर्ण समिति हो । सभाबाट समितिमा दफाबार छलफलको लागि प्राप्त भएका विधेयकहरूलाई परिमार्जन गरी परिष्कृत गर्नुका साथै सभाका अन्य कार्यहरूलाई व्यवस्थित र प्रभावकारी रूपमा सम्पादन गर्न प्रदेशका काम कारबाहीप्रति समितिका माननीय सदस्यज्यूहरूलाई क्रियाशील तुल्याउन सरकारलाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउन यो समितिको महत्त्वपूर्ण भूमिका रहेको छ । सभामुख महोदय, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को परिछेद १९ को नियम १४५ बमोजिम गठित यस समितिमा हाल आठ जना माननीय सदस्यज्यूहरू रहनु भएको छ । यस समितिको क्षेत्र भित्र सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, श्रम सामाजिक न्याय र मानव अधिकारसम्बन्धी विषयहरू रहेका छन् । सभामुख महोदय, यस समितिको पहिलो बैठक २०७५ साल वैशाख १७ गते बसेको थियो । आर्थिक वर्ष २०७६/०७७ मा जम्मा ७५ ओटा बैठकहरू सम्पन्न भएका थिए समितिमा प्राप्त भएका विधेयकहरू मध्ये कर्णाली प्रदेश सहकारी विधेयक प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, प्रदेशसभामा खेलकुदको विकास सम्बन्धमा विकास गर्ने

बनेको विधेयक, कर्णाली प्रदेशमा स्वयमसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, खाद्य अधिकार तथा सम्प्रभुता गर्न बनेको विधेयक सहित ५ ओटाविधेयकहरू सभाबाट पारित भइसकेका छन् । कर्णाली प्रदेश सामाजिक सङ्घ संस्था सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७४ समितिमा प्राप्त भएकोमा व्यापक छलफल भई अन्तिम चरणमा रहेको अवस्थामा सो विधेयक प्रदेशको क्षेत्राधिकार भित्र नपर्ने देखिन आएकोले सो विधेयकलाई सम्बन्धित मन्त्रालयको स्वीकृतिमा फिर्ता पठाइएको थियो । सभामुख महोदय, समितिले विधेयकहरूमाथि जनपरामर्श गर्ने, दफावार छलफल गर्ने र विधियेकहरूलाई परिमार्जन गरी प्रतिवेदन सहित सभामा पेश गर्नुका साथै संसदीय निगरानीका कामहरू पनि प्राथमिकता र महत्त्वपूर्ण साथ गर्दै आइरहेको व्यहोरा जानगरी गराउन चाहन्छु । सभामुख महोदय, समितिलाई चुस्त दुरुस्त र व्यवस्थित गर्न समितिको बैठक सञ्चालनकक्षमा अति आवश्यक साधन स्रोतको यथोचित व्यवस्थापन आवश्यक बजेटको व्यवस्था माननीय सदस्यज्यूहरू सचिवालयका कर्मचारीको समय अनुकूल क्षमता अभिवृद्धि लगायत सम्बन्धितविषयमा प्रशिक्षणको व्यवस्था गर्नुपर्ने समितिको बैठकलाई प्रत्यक्षअभिलेखीकरण गर्न विषयगत दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्ने, विधेयक लगायत अन्य विषयमा विविधि विषयमा विज्ञहरूको राय, सल्लाह लिनको लागि बजेट व्यवस्तथा सहित विज्ञहरूको व्यवस्था गर्नुपर्ने देखिएको छ । सभामुख महोदय, समितिलाई अझ प्रभावकारी र व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि समितिको वार्षिक कार्ययोजना तयार गरी कामहरू गर्दै आइरहेको जानकारी गराउन चाहन्छु । वार्षिक कार्ययोजनालाई कार्यान्वयन गर्ने क्रममा समितिक केही चुनौतीहरू रहेका छन् । समिति सचिवालयमा बजेटको व्यवस्था हुन नसक्दा ससाना कुराहरू पनि सचिवालयबाट लिनुपर्ने भएका कारण थप समस्या सिर्जना भइरहेका छन्। यस्ता समस्याहरूलाई समाधान गर्न समिति सचिवालयको आफ्नै बजेट भएमा समितिको कामकारबाही अझ प्रभावकारी हुने थियो त्यस्तै समितिमा कार्यरत कर्मचारी र मर्यादापालकहरूलाई कार्यालय समयका अतिरिक्त समय बैठक बस्दाको समयमा काम गरे बापत नियमअनुसार उचित प्रोत्साहनको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको व्यहोरा सभामुखमार्फत् यस सम्मानित सभासमक्ष जानकारी गराउन चाहन्छु । सभामुख महोदय अन्तमा समितिको कार्य सम्पादनमा निरन्तर सहयोग पुऱ्याउनुहुने माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, समितिका सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई आभार सहित हार्दिक धन्यवाद दिन चाहन्छु । त्यस्तै गरी समितिलाई विभिन्न तरिकाले सहयोग पुऱ्याउनुहुने कर्णाली प्रदेशसभाका सचिव, सामाजिक

विकास समितिका सचिव लगायत सचिवालयमा कार्यरत कर्मचारीहरू, मर्यादापालकहरू एवम् समितिको कार्यक्षेत्र भित्रका मन्त्रालय, आयोग, सचिवालय विषय विज्ञ, सञ्चारकर्मी विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय दातृ सङ्घ संस्थाहरू नागरिक समाज लगायत जनसमुदायहरूमा समितिको तर्फबाट आभार सहित हार्दिक धन्यवाद दिन चाहन्छु । सभामुख महोदय, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १५७ बमोजिम आर्थिक वर्ष २०७६/०७७ को सामाजिक विकास समितिको वार्षिक प्रतिवेदन माननीय सभामुखज्यूमार्फत् यस सभामा पेश गर्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अब यो बैठक २०७८ साल माघ २३ गते आइतवार दिनको १ बजेसम्मका लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेशसभा

नवौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७८ माघ २३ गते

आइतवार

(बैठक संख्या-५)

<u>राष्ट्रिय धुन</u>

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको पाँचौ बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला नियकाहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्ना भनाइहरू राख्न विशेष समयको व्यवस्था गरेको छु। बोल्न चाहनु हुने माननीय सदस्यहरूले सभामुख तर्फको बायाँ तर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनुहोला । सर्वप्रथम माननीय श्री दल रावल,समय ५ मिनेट ।

<u>माननीय श्री दल रावलः</u>सभामुख महोदय, चार वर्षमा एक पटक मात्रै बोल्न पाएको हुनाले अलिकति समय पाउने आशा गरेको छु । हुन त यो हाम्रो सम्मानित सदनको बिजनेस होइन माननीय सभामुख महोदय, तर हामी चाहिँ कर्णालीका जनताहरूको सार्वभौम थलो यो कर्णाली प्रदेशसभा भएको नाताले यो देशमा उठेको जल्दोबल्दो विषयलाई चाहिँ उठाउन मैल जायजै ठानेर मैले यहाँ छोटो कुरा राख्नचाहन्छु। सभामुख महोदय, एउटा आज मिडियामा छ्यापछ्यासी रूपमा सेक्टेम्बर २९, २०२१ असोज १३ गते २०७८ मा हाम्रा सम्माननीय प्रधानमन्त्री सेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष आदरणीय पुष्पकमल दाहाल प्रचण्डले एमसिसिलाई लेखेको चिठीले आज मार्केट पाएको छ । यो चिठी माननीयसबैसँग छ मलाई लाग्छ पूरै पढ्नुपर्छ भन्ने लाग्दैन । म छोटकरीमा पढ्छु र यसका बारेमा भन्ने अनुमति चाहन्छु। उहाँहरूले सेक्टेम्बर २९, २०२१ मा एमसिसि चियरमेलाई लेख्नु भएको छ । दि चेयरमेन मिलिनियम च्यालेन्ज कर्पोरेसन बोर्ड यतियति वसिङ्टनडिसि २००५ यूनाईटेडस्टेट अफ अमेरिका एमसिसि कम्प्याक्ट शब्जेन्ट एमसिसि कम्प्याक्ट वईथ नेपाल रेडिफिकेसन । डियर चियरमेन वी कन्भे आवर होम ग्रेटिङ एण्ड वेस्ट यूसेस टु गभरमेन्ट एण्ड द पिपल अफ द युनाइटेड स्टेट अफ अमेरिका वि अग्नलेज

अप्रिसियसन अ मिलिनियम च्यालेन्ज कर्पोरेसन कम्प्याक्ट साइन बिटउयिन अफ युनाईटेड स्टेट अफ अमेरिका एक्टिङ थ्रो द एमसिसि एण्ड् प्रेडोल डेमोक्रेसी रिपब्लिक अफ नेपाल एक्टिङ थ्रो द मिनिस्टि अफ फाइनाइन्स डेटेज १४ सेक्टेम्बर २०१७, द कम्प्याक्ट द प्रोगराम इम्पिलिमेन्टेसन इग्रीमेन्ट साइन २९ सेक्टेम्बर २०१९, ईन दिस कन्टेक्स वि शेरबहादुर देउवा प्राइमिनिस्टर एण्ड पिजिडेन्ट अफ नेपाली कांग्रेस एण्ड पुष्पकमल दाहाल प्रचण्ड चेयरमेन अफ द कम्युनिष्ट नेपाल माउस सेन्टर । डिलर अफ द कोसुसन पाट्नर अफ द प्रिजेन्ट गभरमेन्ट अफ नेपाल जोइन्टली रिकोइष्ट एमसिसि बोर्ड प्रोभाइड ईन एडिसनल टाईम द रेडिफिकेसन अफ द कम्प्याक्ट भनेर यस्तै यस्तै भाषमा दुई पाना छ मैले यो पूरै पढ्न थाले भने समय जान्छ सभामुख महोदय, सार्वभौमसत्ता नेपाली जनता र नेपाल कहिल्यै पनि नेपाल गरिब छ, नेपाल सानो छ तर नेपालको सार्वभौतिकता जहिले पनि हाम्रा आदरणीय अध्यक्ष केपी ओलीजीले भन्ने गर्नुहुन्छ सार्वभौमिकता भनेको सबैको समाना हुन्छ । त्यो सार्वभौतिकताको विषयमा आज नेपाली जनता चिन्तित भइरहेको अवस्थामा हो विकास परियोजना हाम्रो प्रिन्सिपल एजेण्डा फर याक्सन थुप्रै खालका कन्भेन्सनहरूले अन्तर्राष्ट्रिय सहायता लिने व्यवस्था गरेको छ तर हामी जस्तो जुन लेस डेभ्लोमेन्ट कन्ट्रीका मान्छेहरूले चाहिँ ती विकसित भन्ने देशहरूबाट उहाँहरू जिडिपीको ०.७ प्रतिशत अनिवार्य रूपमा हामीले लगानी गर्नुपर्न भन्ने बाध्यकारी व्यवस्थाहरू छन् कतिपय देशहरूले हाम्रा ती देशहरूलाई विकास सहायता अझै पनि लगानी नगरिरहेको अवस्था छ यसैको सन्दर्भमा एउटा एमसिसिले एउटा परियोजना नेपालमा दिने भन्ने खालको सम्झौता हाम्रो सरकार अहिलेकै सम्माननीय देउवाजीकै प्रधानमन्त्रीत्वमा भएको सरकारले एउटा सम्झौता २०७४ भदौ २४ गते एमसिसि कम्प्याक्ट सम्झौता गरेको छ । त्यो आज नेपालको सन्दर्भमा अत्यन्तै चर्चित छ हाम्रो पार्टीको स्पष्ट धारणा के हो भने प्रस्ट बहुमत छँदैछ। यदि एमसिसि पास गर्ने हो भने पनि अहिलेको कोलुसन पाट्नरसँग रहेको १ सय ६५भन्दा बढीको प्रस्ट बहुमत छँदैछ । पास गरे भइयो यदि गर्ने हैन भने फिर्ता गरे पनि भयो यसलाई नेपाली जनताहरूको माझमा लम्ब्याइराख्न जरुरी छैन, यसमा प्रस्ट एमालेको धारणा छ र हाम्रो पार्टीले भन्दै आएको विषय पनि हो तर सभामुख महोदय, नेपाली जनतालाई चार, चार महिनासम्म यस्तो खालको कूटनीतिकढङ्गले लेखिएको चिठी गोप्य रूपमा राख्न पाइन्छ सभामुख महोदय, यो त नेपाली जनतामाथिको स्वतः कुठराघात हो म अझै के भन्न चाहन्छु भने सम्माननीय प्रधानमन्त्रीज्यू शेरबहादुर देउवाले त यो एमसिसि पास गरौं नै भन्नुभएको छ । जे

चिठीलेख्नुपर्छ त्योअनुसारको छ तर नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमसिसि त संशोधन नगरेर पास हुँदैन भन्नु भएको छ तर यहाँ संशोधनको एउटा बुँदा पनि छैन सम्मानित सदनमा माननीयज्यूहरू यो चिठी पढ्न सक्नुहुन्छ आम नेपाली जनताले यो चिठी पढेका छन् एउटा पनि संशोधनको बुँदा छैन बरु यहाँ के भनिएको छ भने हाम्रो टोलीसँग छलफल गर्छौ । हाम्रा पार्टीका सदस्यहरू सँग पनि छलफल गर्दै स्टेट मिडियाहरूसँग पनि छलफल गर्छौं र जसरी पनि नेपालको आर्थिक, सामाजिक विकासका निमित्त उपयुक्त छ यो परियोजना लागु गर्छौं भनेर उहाँहरूले प्रतिबद्धता जायर गर्नुभएको छ । भित्रि भित्र अमेरिकनहरूसँग, भित्रभित्र एमसिसिसँग सम्झौता गर्ने, बाहिर नेपाली जनताका आँखामा छारो हालेर हामीचाहिँ एमसिसिको विरोधमा छौं, हामी एमसिसि संशोधन नभएर लागु गर्दैनौं भन्ने यतिसम्मको यति, यतिसम्मको कमजोर, यतिसम्मको नालायक पारा देखिँदाखेरि नेपाली जनता के साँच्चिकै भेडा हुन् । २१औं शताब्दीका नेपाली जनताहरू आफ्नो सार्वभौमसत्ताका विरुद्धमा कोही आए भने लड्न तयार हुन्छन् । भन्ने यस्त नेताहरू आफूचाहिँ चार, चार महिना गोप्य राखिएका सम्झौताहरू चाहिँ जनतामा माझ नल्याउँने, त्यसो हो भने फातिमा सुमारले पनि आफैं भन्नु भएको छ, एमसिसिको चियरपर्सनले पनि आफैं भन्नु भएको छ । २१ गते चिठी लेखेर नेपालको सरकार, सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा र कम्रेड प्रचण्डलाई चिठी लेखेर २१ गते भनिसक्नुभयो यो हामी संशोधन गर्न सक्दैनौं, शुक्रवार माघ २१ गते एमसिसिले दुई ओटै नेतालाई पत्र पठाएर आफ्नै प्रतिबद्धताको सम्मान गर्नुहोस् भनेर लेख्नुभएको छ । किनभने उहाँहरूले प्रतिबद्धता गर्नुभएको छ यसको सम्मान तपाईंगर्नुहोस् भनेर इनडाइरेक्ली कूटनीतिक रूपमा च्यालेन्जको भाषा उहाँले प्रयोग गर्नुभएको छ भने यो कतिसम्मको गफ गर्दाखेरि भाषण गर्दाखेरि सार्वभौमसत्ताका कुरा गर्ने, कम्युनिष्ट पार्टीका ठूला ठूला गफ नेपाली जनताका माझ गर्ने तर यस्ता चिठी वेवारिसे ढङ्गले जनताका माझमा लुकाएर राख्ने यस अर्थ हाम्रो सार्वभौमिक थलो यो संसद्मा पनि यो कुरा उठाइनुपर्छ हामी सम्पूर्ण सांसदले मात्रै हैन कर्णालीका जनताले यसका बारेमा प्रस्ट हुनुपर्छ भन्ने आग्रह गर्दै विदा हुन्छु,धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय श्री मिनासिंह रखाल,

<u>माननीय श्री मिनासिंह रखालः</u> सभामुख महोदय, हामीले यो संसद्मा उपस्थित हुन थालेको चार वर्ष भइसकेको छ । र हाम्रो सरकारले समृद्ध कर्णाली, सुखारी कर्णालीवासी भनेर जुन नाराहरू ल्याएर आइरहेको थियो । र यी नाराले जनता त

मख्ख परे तर पनि अहिलेसम्म त्यसको प्रतिफल त केही आइरहेको अवस्था त छैन । सरकारले जब अध्यादेशबाट बजेट ल्याउने, संसद् चल्दा चल्दै संसद् एकैरातमा रोकिदिने, त्यस्तो वातावरण कर्णाली प्रदेशमा पनि हुँदै जाँदा अब यो कर्णाली प्रदेशमा संसद् नै बस्दैन कि भन्ने अवस्थामा अहिलेको सरकारले प्रतिपक्ष दलको सम्बोधनलाई र सभामुखको अध्यक्षतामा जो सर्वदलीय बैठक बसेर जुन निर्णय गऱ्यो त्यसले अलिकत प्रतिपक्षलाई पनि आफ्ना कुराहरू राख्ने र जनतालाई सचेत बनाउने मौका मिलेको म ठान्दछु। सभामुख महोदय, नवौं अधिवेशनको पाँचौं बैठकमा सहभागी हुँदै गर्दा र संविधान २०७२ भाग ३ मा उल्लेख हक र कर्तव्य प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ लेखेअनुसार दैलेख जिल्लामा स्वास्थ्यको अवस्थामा नाजुक बन्दै गएको हामीले पाएका छौं । दैलेख जिल्ला अन्तर्गत नारायण नगरपालिकामा १५शैय्याको बेड भएको दुल्लु नगरपालिका १५ शैय्याको र चार ओटा आयुर्वेदिक सेवा केन्द्र, ५४ ओटाप्रस्तुति सेवा केन्द्र दुई ओटा दुई सय शैय्याको स्वास्थ्य चौकी र ५६ ओटा स्वास्थ्य चौकी, प्राथामिकत स्वास्थ्य केन्द्र र एउटा आँखा उपचार केन्द्र छन्न यसरी हामीले स्वास्थ्य यति धेरै स्वास्थ्य चौकी स्वास्थ्य केन्द्र, स्वास्थ्य अस्पताल हुँदा हुँदै पनि दैलेखी जनताले समयमा उपचार नपाउनुपर्ने र आमा र सुत्केरी र बालबालिकाले उपचार पाउन नसकेको जनशक्तिको कमी भएको हामीले महसुस गरेका छौं । अहिले स्वास्थ्य चौकीहरूमा अस्पतालमा दैलेखको नारायण नगरपालिकाको अस्पतालमा जनशक्तिको कमिको कारणले त्यहाँका सुत्केरी महिला, बालबालिका र वयोवृद्ध आमाबुवाले उपचार राम्रोसँग पाएको अवस्था छैन र स्वास्थ्य सामग्रीहरू पनि उपलब्ध भएका छैनन्, सिटामोल पनि त्यहाँ प्राप्त भएको छैन । र त्यहाँ दैलेखी जनताको आवाजलाई म यो सदनबाट सरकारले सम्बोधन गरोस् भन्ने माग राख्नचाहन्छु । अर्को कुरा अस्ति भर्खरै चौथो बैठकले मात्रै हाम्रा सरकारका मुख्यमन्त्रीले बोल्नु भएका कुराहरू हाम्रो पार्टीले पनि महसुस गरेको छ । जुन प्रदेश, कर्णाली प्रदेशको सभामुखले जुन पहल कदमी चलाउनुभयो यसले प्रतिपक्ष र सत्ता पक्षमा कुनै विभेद देखाएको छैन र पहिला प्रतिपक्ष भनेकै कर्णालीको रोग, भोग र समस्या हो भन्ने जुन हाम्रा अहिलेका सरकारका मुख्यमन्त्रीले भन्नु भएको थियो । त्यहिअनुसार अहिलेको सर्वदलीय बैठक बसेर कर्णालीलाई प्रतिपक्षको मागअनुसारसर्वदलीय बैठक बसेर कर्णालीलाई समृद्धितिर लैजानुपर्छ यो भोग र रोगबाट हामीले यहाँका जनतालाई सुसूचित बनाउनुपर्छ भन्ने हिसाबले जुन यहाँ सात ओटा बुँदाहरू लेखिएको छ यसमा चाहिँ म के भन्न चाहन्छु भने मुख्यमन्त्रीज्यूले पनि यहाँ बोलिसक्नुभएका कुराहरू

छन्।त्यसलाई पनि हामीले सहाना गर्दै एकमा लेखिएको छ आव २०१८, ०१९ को बजेटको विनियोजन उल्लेख रूप टुक्रे योजना भएकोले आम कर्णालीवासी जनता सकारात्मक प्रभाव पार्नका साथै कार्यान्वयनमा कठिनाई हुनु र ठोसउपलब्धि प्राप्त गर्न समेत कठिनाई देखिएकोले आव २०१८, ०१९ अन्तर्गत प्रदेश सरकारका विभिन्न तहबाट सम्पादन हुने मुख्यमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रम, पूर्वाधार विकास कार्यक्रम बाहेकका कार्यक्रममा रु १५ लाखभन्दा कम रकम विनियोजन गरिएका योजनाहरू कार्यान्वयन गरिने छैन आगामी दिनमा यसै मापदण्डका आधारमा योजना तर्जुमा गरिने छ । दोस्रो मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा विगतको कार्यविधिमा रहेको स्थानीय तहको भूमिका र प्रदेशसभा सदस्यको भूमिकामा यथार्थ कायम गरी कार्यविधि सुधार गरिनेछ यस वर्षको योजनाको कार्यान्वयनको लागि वडा समिति सिफारिस गरेको उपभोक्ता समितिमार्फत् कार्यान्वयन गरिने छ ।

तेस्रो पूर्वाधार विकास कार्यक्रमका गत वर्ष नै दायित्व सिर्जना भइसकेका योजनाहरूको बजेट अलग व्यवस्था गरिने छ ।

चौथोः पूर्वाधार विकास कार्यक्रम कार्यविधि मूलतः निवार्चित सांसदको संयोजकत्वमा कार्यान्वयन गर्ने, व्यवस्था छ । हाल कर्णालीमा निर्वाचित सदस्य संख्या ५ स्थानमा रिक्त रहेको अवस्थामा उक्त जिल्लाको कार्यक्रम प्रमुख प्रतिपक्ष दलको सल्लाह र सहमतिमा अगाडि बढाइने छ ।

पाँचौंः विगतमा सुरु भएका हाल बजेट नभएका योजनाहरू सरकारी दायित्व सिर्जना भइसकेका, सम्पन्न भएका योजनाहरू सम्पन्न भएका तर बजेट अभावका कारणले भुक्तानी हुन नसकेका योजनाको परिचालन गरी प्रमुख प्रतिपक्ष दलको सल्लाह र सहमतिमा आवश्यक बजेट विनियोजन गरिने छ । विनियोजन विधेयकको वर्तमान व्यवस्थाअनुसार चैत्रभन्दा अगाडि रकम रकमान्तरण गर्ने, व्यवस्था भएको सभाले निर्णय गर्नेछ । सातौंः सभा प्रतिबद्धताको कार्यान्वयनको आवश्यकता निर्णय र कार्ययोजना प्रदेशसभालाई जानकारी गराउनेछ । यो यस्तो किसिमको सम्झौता गर्ने, गरेको हुनाले म यो सदनबाट यस पहल कदमी गर्ने सभामुखसहित, प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु र यस कार्यान्यवनको लागि सदा सदा तत्परता रहोस् भनेर अनुरोध गर्न चाहन्छु । हवस् धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय श्री गणेश प्रसाद सिंह

<u>माननीय श्री गणेशप्रसाद सिंहः</u>माननीय सभामुखज्यू, यो २० र २१ गतेको यति बेलाको हिमपातले हाम्रो जिल्लामा दुई, तीन ओटा पालिकाका केही बस्तीमा बालीनाली, गहुँ, जहुँ

बाली विनास भएको खबर आएको छ यसको सर्वेक्षणको लागि सभामुखज्यूमार्फत् म सरकारलाई हार्दिक अनुरोध गर्दछु। जस्तो जाजरकोट जिल्लाको बारेकोटको ४ र ५ नम्बर वडा नलगाडको३, ४, ५, ६ र १० चार ओटा वडामा अलि बढी क्षति भएको खबर आएको छ। हवस्त धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय श्री गुलावजंग शाह

<u>माननीय श्री गुलावजंग शाहः</u>माननीय सभामुखज्यू, आज नवौं अधिवेशनको पाँचौं अधिवेशनमा विशेष समयमा मैले आफ्नो दलको तर्फबाट धारणा राख्ने जमर्को गरेको छु । माननीय सभामुखज्यू भर्खरै मात्रै नेकपा एमालेले संसद्मा विभिन्न जनताका सरोकार राख्नेविषयलाई उठाउँदै गर्दा सरकार पक्ष र प्रतिपक्षका बिचमा माननीय सभामुखज्यूको पहलमा सर्वदलीय बैठकबाट विभिन्न खालका कर्णाली प्रदेशलाई कसरी सुशासन कायम गर्ने होला, कसरी जनतलाई शासनको अनुभूति गर्ने, होला भन्ने सदर्भमा करिब करिब सात ओटासर्वदलीय बैठकमार्फत् हाम्रा बिचमा सहमति भएका छन् र आज सदन सुचारु भइरहेको छ, स्मरण गराउन चाहन्छु कि हामीले संसद्को रोस्टमबाट भनेका प्रतिबद्धताहरू जस्ताका त्यस्तै मलाई लाग्छ ती कुरा आगामी दिनमा लागु हुनेछन् भन्ने आशा र अपेक्षा राखेको छु । जहाँसम्म तत्कालको तत्काल, मुख्यमन्त्री कार्यविधि, पूर्वाधार क्षेत्रको कार्यक्रमको बारेमा जसरी कर्णाली प्रदेशका पाँच ओटा निर्वाचन क्षेत्रमा अहिले निर्वाचन क्षेत्र खाली छ त्यो निर्वाचन क्षेत्रमा निर्वाचित सांसदको अहम भूमिका हुने भएकाले निर्वार्चित सांसद नभए तापनि केही केही स्थानमा समानुपातिक सांसदहरू हुनुहुन्छ । निर्वाचित सांसद नभएको अवस्थामा समानुपातिक सांसदलाई समेटेर योजनाहरू अगाडि बढ्ने छन् भन्ने कुरा आशा र अपेक्षा हाम्रो दलले गरेको छ । पहिलो कुरो, दोस्रो कुरो विगत देखि नै उठाउँदै आएको कुरा हो कि कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेशमा न्यूनतम रूपमा २४ ओटा बहुवर्षीय योजना बनाउने सैद्धान्तिक निर्णय गरेको थियो तर आज मैले सुन्दैछु अहिले पनि केही केही निर्वाचन क्षेत्र खाली छन् त्यो निर्वाचन क्षेत्र खाली हुने सल्यान जिल्लाको एक पनि पर्छ । सरकारले सैद्धान्तिक निर्णयबाट टुङ्गाएको कुरो सल्यान मैले वास्तवमा सल्यान एकबाट निर्वाचित भएको नाताले सल्यानको कुरा उठाउनुपर्छ यस्तै पाँच ओटा क्षेत्र छन् तर सल्यान एक किन बहुवर्षीय परेन वास्तवमा सल्यानी जनताले कर्णाली प्रदेशमा आफ्नो प्रतिनिधित्व पठाएका छैनन् कि या कर्णाली प्रदेशका १० जिल्ला मध्येमा सल्यान जिल्ला निर्वाचन क्षेत्र नम्बर एक पर्छ योभन्दा पूर्वका माननीय मुख्यमन्त्री, माननीय अर्थ मन्त्रीज्यूले वास्तवमा त्यसलाई छुटाउनु भयो आश गरौं यो पनि आउने

वर्तमान माननीय मुख्यमन्त्रीज्यूले त्यसलाई अर्थमन्त्रीज्यूले सम्बोधन गर्नुहुनेछ न कि उपेक्षित ढङ्गले कुनै निर्वाचन क्षेत्र छुट्ने कुनै निर्वाचन क्षेत्रपर्ने, यस्तो खालको पूर्वाग्रही निर्णय अबको सरकारले नगरोस् त्यो त्यो मेरो माग छ ।

माननीय सभामुखज्यू भर्खरै मात्र हावाहुरी चटयाङले गर्दा सल्यान वनगाड कुपिण्डे नगरपालिका वडा नम्बर ७ मा एक रामकली कामीको मृत्यु भएको छ हामीले वडाबाट जिल्लाबाट सिफारिस गरेर कर्णाली प्रदेश सरकारमा पठाएका छौं मलाई लाग्छ त्यसको राहत क्षतिपूर्ति पक्कै पनि मृतकका परिवारले पाउने छन् । तेस्रो कुरो सल्यानको कालिमाटी क्षेत्रमा विगत दुई, तीन दिनदेखि त्यहाँ दूरसञ्चारको सूविधा छैन, वास्तवमा हावाहुरीले गर्दा त्यहाँको टावरमा क्षति पुऱ्याएको हुनुपर्छ मलाई लाग्छ त्यो क्षेत्रमा दूरसञ्चारको सेवा सुविधा पुऱ्याउने काममा सरकारले समयमा नै सहयोग गरोस् भन्न चाहन्छु । हुन तवास्तवमा हामीले आफ्ना कुराहरू राख्दै गर्दा जसरी हामीले पहिला कर्णाली प्रदेशको सरकार सुरु हुँदै गर्दा हामीले कुरा उठाएका थियौं । वास्तवमा यो प्रदेश अर्गानिक प्रदेश हुनेछ, यो प्रदेश डिजिटल प्रदेश हुनेछ, यो प्रदेश रोग भोग रहितको प्रदेश हुनेछ । सबै रोग भोकको विरुद्धमा हामी सबै सत्ता पक्ष र प्रतिपक्ष एक भएर लाग्ने छौं भन्ने ढङ्गले हामीले सुरुवाती कुरा उठाएका थियौं, आशा गरौं सुरुवाती दिनमा हामीले आर्गनिक प्रदेश,डिजिटल प्रदेश वास्तवमा रोगभोकविहीनको प्रदेश यो कर्णाली प्रदेश बनोस्आगामी दिनमा सरकारले प्रतिबद्धता गरेका कुराहरूलाई जस्ताको त्यस्तै कार्यान्वयन गर्ने गरी अगाडि बढोस् सरकार यहीं शुभकामना दिन चाहन्छु हवस् धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय श्री खडक बहादुर खत्री।

<u>माननीय श्री खडक बहादुर खत्रीः</u>माननीय सभामुख महोदय, २०७८ माघ २० गते ओनसरी खत्री भेरीगंगा नगरपालिका वडा नम्बर ११ मा खाना बनाइरहेको अवस्थामा शरीर मैं चटयाङ परी मृत्यु भएको हुँदा सरकारसँग म राहतको व्यवस्था गर्न माग गर्दछु । विशेष सरकार छ अब नयाँ संरचना छ अब नयाँ सङ्गठन र नयाँ संरचना छ धेरै चिजहरूबाट हामी जनताले आशा गरेको अवस्था छ । बजेट हामी राजस्वबाट वा हामी आयस्रोत पछि जुटाउन सक्दैनौं, सङ्घीय सरकारले दिएको बजेटबाट हामी कनिका छरेझै छऱ्यौं र हिजोका दिनहरूमा हामीले योजना बनाउँदा दिगा खालका योजनाहरू बनाऔं, त्यसलाई कार्यान्वयन गर्ने तहमा कर्मचारीको अभाव छ । सङ्गठन संरचनाको अभाव छ त्यसैमा मुद्दा मामिला छन् । मलाई लाग्छ सुर्खेत जिल्लालाई विशेष गरेर मैले एक पटक एउटा मन्त्री हुने अवसर पाएको थिएँ । त्यसैबेला देखि

पनि मैले मुख्यमन्त्रीज्यूलाई कुरा गर्दा निर्देशनालय पुलको रूपमा निर्देशनालय राखौं एउटा एकरूपता गरौंभन्दा एउटा पूर्वाग्रही ढङ्गबाट सुर्खेत जिल्लालाई जिल्ला नबनाएर निर्देशनालय चलाउनुपर्छ भन्ने सन्दर्भमा मलाई लाग्छ अहिलेको मुख्यमन्त्रीज्यूले त्यसलाई मैले पटक पटक मौखिक रूपमा पनि भनेको छु । त्यसलाई एकरूपताका साथ हुनुपर्छ र अर्को एउटा सरकारले जुन एउटा अभियान चाहिँ सुरुवात गऱ्यो जुन चाहिँ बाटाघाटा स्वास्थ्य कृषिका कुरा गुरिल्ला ट्रेड मार्गका कुराहरू ती अधुरै छुटेका छन् । मलाई लाग्छ रारा जुन दिनका दिन कुराहरू उठे आज राराप्रति हेर्ने दृष्टिकोण, रारा जाने बाटोको कुरा अन्तरप्रदेशको कुरा, अन्तरप्रदेशबाटोको कुरा, राजधानी जोड्ने बाटोको कुरा र जिल्ला जिल्ला जोड्ने बाटोका कुराहरू अधुरा छन्, हिजो भएका योजनाका कुराहरू आज अलपत्र छन् । कार्यान्वयनको तहमा कर्मचारीको एकदमै अभाव छ । कर्मचारी हुने ठाउँमा हाइड्रोपावरका कर्मचारी आफ्ना नजिकका नातागोता हिजो सम्पर्क भएका मानिसहरू पठाउने काम भएको छ । मलाई लाग्छ मुख्यमन्त्रीले मन्त्री नटेड्ने, मन्त्रीले भनेको सचिवले नटेड्ने सचिवले भनेको कार्यालय प्रमुखले नटेड्ने अवस्था सिर्जना छ के हो तभन्दा यहाँका नेताहरूको हैसियत थाहा पाए यहाँका जनप्रतिनिधिहरूको हैसियत थाहा पाउँदा आज मलाई लाग्छ कर्मचारीले नटेरेको अवस्था छ। मलाई लाग्छ एउटा सूचना लिंदा जाँदा अथवा कार्यक्रमका कुनै पनि कामहरू स्टिमेटहरू लिन जाँदा पनि नपाएको अवस्था छ । मलाई लाग्छ यो म मुख्यमन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु र सदनमार्फत्सभामुखमार्फत् म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । सर्वभौम जनताका जनप्रतिनिधिहरू जुन ठाउँमा थलोमा छन् यो थलोमा बोल्ने हो, यो थलोमा हामीले कुरा राख्ने हो यी कुराहरू जनतालाई सुनाउने मात्रैभन्दा पनि कार्यान्वयन गर्ने ठाउँमा छौं । हामी कर्तव्यनिष्ट छौं हामीले धेरै पैसा आज पुँजीगत बजेटमा हामीले धेरै खर्चहरू नआउन सक्ने अवस्था र चालु बजेटमा प्रयाप्त रूपमा बाटो बनेको छैन काहीं अस्पताल बनेको छैन मलाई लाग्छ यो स्वास्थ्य चौकीहरू मैले मुख्यमन्त्रीज्यूलाई धेरै पटक मैले व्यक्तिगत रूपमा पनि काम गर्नु भएको छ बाहिर फोटो हाल्दा सङ्घीय सरकारले बनाएको फोटो अस्पताल फोटोमा हालेर देखाउने काम हुन्छ।अस्पताल जाऔं त्यहाँ डाक्टरहरू हुदैनन् । मलाई लाग्छ यहाँको अवस्था सुर्खेत जिल्ला राजधानी भएको नाताले धेरै मान्छेको जनसंख्या र यो जिल्ला सदरमुकाम भएको नाता र राजधानी भएको नाताले अस्पताल जानुहुन्छ त्यहाँ नपाएर प्राइभेट डाक्टरहरू आफ्नो मेडिकलमा भेटिनुहुन्छ । आफ्नो नर्सिङ्ग होममा भेटिनुहुन्छ । कृषिका कुराहरू त्यस्तै छन् । अर्गानिकका नामबाट विभिन्न कुराहरू

भए आज सम्भावनाहरू आइरहेको छ, आज कपुरकोटको कुरा गरौं, छिन्चुको कुरा गरौं, विभिन्न क्षेत्रबाट त्यस्तै छ । हिजो डिजिटल प्रदेशबाट तमाम तरिकाले पैसा विनाश भयो मलाई लाग्छ पैसा विनाश हुँदा आज सार्वजनिक खरिद ऐन अन्तर्गत कसैले टेकेर गएको अवस्था छैन । मुख्यमन्त्री रोजगार कार्यक्रममा पहिल्यै उपभोक्ता समिति गठन गराएर आफूले कुनै एउटा भोटको कारण र कुनै एउटा लाभ लिने दुराशयबाट प्रत्येक मानिसको नागरिकता र अनलाइन सिस्टमबाट जब कि जुम्ला, हुम्ला, यहीं सुर्खेत जिल्लाका विभिन्न क्षेत्रमा अनलाइन छैन बत्ती छैन त्यस्तो ठाउँबाट माग्ने गरियो । र त्यो त्यसलाई ध्यान दिइयोस् र मलाई लाग्छ मुख्यमन्त्री रोजगार कार्यक्रम नामबाट आज मुख्यमन्त्री पदको पनि दुरूपयोग हुने र त्यस पदप्रति पनि मान्छेले भोलि आशङ्का जनाउने र त्यस्तो स्थिति सिर्जना भएको छ र विकास निर्माणका कुराहरूमा आज बहुवर्षीय योजना यहीं सदनबाट पास भएका २४ ओटा निर्वाचन क्षेत्रमा एक, एक ओटा बहुवर्षीय योजनाहरू निर्माण गर्नुपर्छ र सडकले कम्तीमा राजधानी जोडोस्, अन्तर प्रदेश जोडोस् र एउटा निर्वाचन क्षेत्रमा ठूलो रकम राखेर एउटा बहुवर्षीय, पाँच वर्षीय उधारो बजेट राखेर पनि गर्नुपर्छ, एउटा नीतिगत निर्णय हुँदा आज पूर्वाग्रही ढङ्गबाट चार ओटा पाँच ओटा ठाउँमा आज यो काम भएको छैन मैले पटक पटक मुख्मयन्त्री तथा पूर्वाधार विकास मन्त्रालय सम्हाल्नु भएको मुख्यमन्त्रीज्यूलाई मैले धेरै पटक अनुरोध गरे उहाँले वचन पनि दिनु भएको छ । मैले अर्थमन्त्रीज्यूलाई कुरा गर्दा विज्ञको ढङ्गले उहाँले पनि वचन दिनुभएको छ । र मुख्यमन्त्रीसँग म अनुरोध गर्न चाहन्छु । मैले उहाँलाई अनुरोध गरे । मुख्यमन्त्रीज्यूतपाईंविभागीय मन्त्री पनि हुनुहुन्छ तपाईंले भनेको त प्रमुख सचिवले अथवा प्रमुख सचिवले टेड्दैनन् मैले के गर्न सक्छु र हिजो म कुनै बेला मन्त्री थिए मेरो पालाको हैन सदनबाट पास भएको यहीं सदन हाउसबाट पास भएपछि आज अरू ठाउँमा लागु भएको छ पूर्वाग्रही ढङ्गबाट व्यक्तिगतढङ्गले मलाई लाग्छ मुख्यमन्त्रीज्यू जुन ठाउँमा पैदल हिंडेर आउनु भएको थियो त्यो ठाउँ धरमपोखरा बाधेसालको निर्वाचन क्षेत्रमा एकदमै जटिल समस्या छ त्यहाँ जनधनत्व छ त्यहाँ एक किसिमले भन्ने हो भने विकट ठाउँ अहिले दुई दिन तीन दिन लगाएर मान्छे कोही गर्भवती महिला चार, दिन पाँच दिन हिंडेर आउनुपर्ने अवस्था त्यस्तो सिर्जना छ । त्यसले म के आग्रह गर्न चाहन्छु तभन्दा सबै हामी जिम्मेवार बनौं सांसद छौं, जनप्रतिनिधिछौं, आज सूर्य चिन्हबाट निर्वाचित भएका माननीयहरू बहुमत हुँदा पनि सरकार चलाउन सक्ने अवस्था रहेन । अवसरवादीतत्त्वहरू सबै पार्टीमा घुसेको छ । मलाई लाग्छ इमानदार मान्छेहरूको कमी छ । इमानदार व्यवहार

कार्यान्वयनको कमी छ । त्यसैले म के आग्रह गर्न चाहन्छु तभन्दा यो विशेष ढङ्गले मुख्यमन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु । र यो सरकारलाई म अनुरोध गर्न चाहन्छु यी भएका कामहरू र यिनलाई कार्यान्वयन गर्ने तहमा पनि कार्यान्वयन होस् जुन कार्यान्वयन दिगो किसिमले योजना बनेका कुराहरू अधुरा नरोकियुन् त्यसैले विरोधका नाममा विरोधभन्दा पनि हाम्रो सहयोग, हाम्रो समर्थन र हामीले काम गर्ने तवरले गर्न सक्छौं । हिजो कुनै बेला रातिमा गरेको भोलिपल्ट माननीयहरूले बनाएका योजनाहरू छैनन् जनताले हामी प्रत्येक माननीयलाई टाउको घच्घच्याएको अवस्था छ। त्यसैले जनताले सरकारसँग कर्णाली प्रदेश सरकारले कसरी काम गर्छ कसरी विकास गर्छ र अब कसरी दिन्छ भनेर हेरिरहेका छन् भन्दै मेरा भनाइ यहीँ अन्त्य गर्न चाहन्छु धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय श्री पदमबहादुर रोकाया

<u>माननीय श्री पदमबहादुर रोकायाः</u>सभामुख महोदय, म सभामुखज्यूको अनुमतिले म आफ्नो कुरा राख्नचाहन्छु । भर्खरै हिजो मात्र जुम्ला जिल्लाको तातोपानी गाउँपालिका वडा नम्बर ८ टोप्लाका मानिसहरू जडीबुटीकोर्नको लागि लेकमा गएर हिमपातमा परेका छन् । ५०, ५५ जना मानिसहरू ओडारमा बसेर त्यहाँ दुखः कष्ट व्यहोरिरहेका छन् । एक जना महिला जाजरकोट जिल्ला मैक्दी माइत घर भएकी जुम्ला जिल्ला तातोपानी गाउँपालिका-८ टोप्ला घर भएकी रामबहादुर शाहीकी धर्मपत्नी देवी शाहीको हिउँमा मृत्यु भएको छ । र मृत्यु हुने देवी शाहीलाई श्रद्धाञ्जली र उहाँहरूको घर परिवारलाई धैर्यधारणा गर्न अनुरोध गर्दछु र बाँकी हिँउमा परेर वडारमा बसिरहेका मानिसहरूको लागि उहाँबाट हाम्रो मुख्यमन्त्रीज्यूलाई पनि खबर आएको रहेछ मैले मुख्यमन्त्रीज्यूलाई भन्दाखेरिहेलिकप्टर गएको छ उहाँहरूलाई खान लगाउनको लागि आवश्यक सामग्रीहरू लिनको लागि आवश्यक हेलिकप्टर गएको छ । त्यसको लागि म कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । बाँकी उहाँहरूले अब केही घाम लाग्यो भने मौसम ठिक भयो भने उनीहरू आउने होलान् । हेलिकप्टरले उहाँहरूलाई खान लगाउन बस्नको लागि अहिले कर्णाली प्रदेश सरकारले पठाइरहेको छ । र उनीहरूको उद्धारको लागि कर्णाली प्रदेश सरकारले सहयोग गरोस् र चार ओटा निर्वाचित क्षेत्र खाली भएको भनिएको छ यहाँ सदनमा कानूनी रूपमा खाली भएको छैन। सर्वोच्च अदालतमा मुद्दा विचाराधीन अवस्थामा चलिरहेको छ । निर्वाचन आयोगले खाली भएको छ भनेको छैन कसरी चार ओटा निर्वाचन क्षेत्र खाली भए भएको छैन त्यसैकारणले बाँकी यो साउन भदौको वर्षाको बाढी पहिरोमा धेरै क्षति

पुगेको छ। कर्णाली प्रदेश सरकारले त्यसको लागि छिटोभन्दा छिटो राहत उपलब्ध गराओस् धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय श्री अमृता शाही ।

<u>माननीय श्री अमृता शाहीः</u>सभामुख महोदय, यहीँ माघ २० गते परेको झरीमा अघि माननीयज्यूले भन्नु भएको वनसरी हैन निगिसरा खत्री भेरीगंगा नगरपालिका ११ सादिखोला भन्ने ठाउँमा निगिसरा खत्री वर्ष ३५ को साँझ सात बजे खाना पकाउने क्रममा उहाँ खाना पकाउँदै गर्दा टिनको पातामा चट्याङ परेर उहाँको मृत्यु भएको छ। सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । र मृतकको परिवारलाई क्षेतिपूर्ति र मृतकप्रतिहार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै मृतकका परिवारप्रति धैर्य धारणा गर्न शक्ति प्रदान गरोस् भन्न चाहन्छु । धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू विशेष समयमा बोल्ने माननीय सदस्यहरूको बोल्ने क्रम समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू, आजको सभा बैठकमा सरकारको उत्तरदायित्व रहेको विषयमा माननीय सदस्यहरूले उठाउनु भएका विशेष विषय सम्बन्धमा सम्बन्धित विभागीय मन्त्रीले सात दिन भित्र सभामार्फत्जवाफ दिन रुलिङ गर्दछु ।

माननीय सदस्यहरू सार्वजनिक लेखा समितिको अध्यक्ष पदमा माननीय श्री करविर शाही निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा जानकारी गराउँदछु । माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवन बहादुर शाहीलाई महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७८ सभासमक्ष पेश गर्न अनुमति दिन्छु ।

<u>मुख्यमन्त्री माननीय श्री जीवन बहादुर शाहीः</u>माननीय सभामुख महोदय, माननीय सभामुख महोदय यहीँ मौकामा सार्वजनिक लेखाका सभापतिमा निर्वाचित हुने माननीयलाई हार्दिक बधाई दिँदै म प्रस्तावलाई अगाडि बढाउन चाहन्छु । माननीय सभामुखज्यूलेखापरीक्षणलेखापरीक्षण ऐन, २०७५ को दफा १९ को उपदफा ५ बमोजिम महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ कर्णाली प्रदेश र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७८ कर्णाली प्रदेशसभासमक्ष पेश गर्दछु ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीले सभामा पेश गनुभएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७८ प्रदेशसभामामार्फत् गठित

सार्वजनिक लेखा समितिमा छलफलका लागि पठाउन म प्रदेशसभा सचिवज्यूलाई निर्देशन दिन्छु ।

माननीय सदस्यहरू कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल समाप्त भई सो विषय माथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

<u>आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः</u>माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेशमा शान्ति सुरक्षा कायम गर्न अपराध अनुसन्धान रोकथाम तथा नियन्त्रण एवम् मानव अधिकारको संरक्षण गर्न प्रदेश प्रहरीको गठन सञ्चालन, सुपरिवेक्षण, समन्वय र व्यवस्थापन र नियमनका लागि कानून निर्माण गर्न आवश्यक भएकोले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल भई सो विधेयकमाथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकोले उक्त विधेयकमाथि दफाबार छलफलको लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को ख बमोजिम विधेयक तथा प्रदेश मामिला समितिमा पठाउन सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितिमा पठाउन उपयुक्त छ भनी सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक मा थप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितिमा पठाउन उपयुक्त छ भनी सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री बिन्दमानविष्टले राख्नुभएको प्रस्ताव सर्वसम्मत रूपमा पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल समाप्त भई सो विधेयकमाथिसंशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकार तर्फबाट भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

<u>भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाही:</u>माननीय सभामुख महोदय, सर्वप्रथम भर्खर निर्विरोध हुनुभएका सार्वजनिक लेखा समितिका सभापतिलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु । माननीय सभामुखज्यू नेपालको संविधानले प्रदेश विश्वविद्यालय सम्बन्धित कानून निर्माण गर्ने अधिकार प्रदेशलाई दिएको हुनाले कर्णाली प्रदेशको विशिस्ट पहिचानको रूपमा रहेको प्रचुर जैविक विविधता र अनुपम प्राकृतिकको स्रोत साधनको संरक्षण र उपयोग गर्दै पर्वतीय पर्यावरणको क्षेत्रमा दक्ष सिपयुक्त मानव संसाधन विकास गर्न पर्वतीय विज्ञान तथा प्रविधिको अध्ययन अध्यापन र अनुसन्धान गर्न पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक भएकोले सम्माननीय सभामुखमार्फत् प्रदेश सरकारका तर्फबाट पेश भएको पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना व्यवस्थापन र सञ्चालन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल भई सो विधेयकमाथि माननीय सदस्यज्यूहरूको संशोधनसूचना प्राप्त भएकाले उक्त विधेयकमाथि दफाबार छलफलका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को ख बमोजिम सामाजिक विकास समितिमा पठाउन सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

<u>माननीय सभामुख:</u>माननीय सदस्यहरू, पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना व्यवस्थापन सञ्चालन गर्न बनेको विधेयकमाथि थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका तर्फबाट भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीले राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीयज्यूहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीयज्यूले"हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीयज्यूहरूले "हुन्छ" भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीयज्यूले"हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना व्यवस्थापन सञ्चालन गर्न बनेको विधेयक मा थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउनउपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका तर्फबाट भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीले राख्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि संशोधन प्रस्ताव परी अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भएपश्चात्का निर्णय र सभासमक्षराख्न समितिका अध्यक्ष माननीय श्री गणेश प्रसाद सिंहलाई समय दिन्छु ।

**माननीय श्री गणेश प्रसाद सिंहः-**माननीय सभामुख महोदय, नेपालको वर्तमान संविधानको धारा ५१ ठअनुसार नेपालको ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक सम्पदाको पहिचान, संरक्षण प्रवर्धन एवम् प्रचार, प्रसारमार्फत् राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योग विकास गर्ने पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण निर्माण गर्ने, तथा पर्यटन उद्योगको लागि वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने, व्यवस्थाअनुरूप कर्णाली प्रदेश पर्यटनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ प्रदेशसभा सचिवालयमा मिति २०७६ फागुन १४ गते दर्ता भई २०७६ फागुन २० गते सभामा छलफलको लागि टेबुल भएको थियो मिति २०७६ फागुन २३ गते प्रदेशसभा भएको सैद्धान्तिक छलफल पश्चात् मिति २०७६ फागुन २५ मा संशोधन परी थप छलफलको लागि २०७६ फागुन २७ गतेको पाँचौ अधिवेशनको सातौं बैठकको निर्णयबाट सो विधेयक अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउने निर्णय भए पश्चात् उक्त विधेयक मिति २०७६ फागुन २८ गते यस समितिमा प्राप्त भएको थियो । विधेयकमाथि दफाबार छलफल गर्नको लागि समितिका मिति २०७६ फागुन २८ गते, २०७७ असार ७ गते, २०७७ असार १९ गते, २०७७ असार २६, २०७७ आश्विन ५ र २०७७ आश्विन ६ गते समितिको बैठक बसेको थियो । यस विधेयकमाथि छलफल थप छलफल गर्न असार २०७६ असार ७ गते, प्रदेशसभा सदस्य माननीय विरबहादुर शाहीज्यूको संयोजकत्वमा माननीय दानसिंह परियार र माननीय दानसिंह परियार सदस्य रहने गरी विधेयक परिष्कृत गरी पेश गर्न कार्यादेश एक उपसमिति गठन गरिएको थियो । मिति २०७७ असार ६ गते उपसमितिबाट समितिमा विधेयक भए पश्चात् सो प्रतिवेदनउपर मिति २०७७ असार १९ र २६ गते समितिमा छलफल गरिएको थियो यस विधेयकउपर आवश्यक छलफल

गर्न उपसमितिको बैठक संख्या चार गरी जम्मा १० पटक बैठक बसी संशोधन प्रस्तावमाथि व्यापक छलफल गरिएको थियो। कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि यस समितिमा भएको दफाबार छलफलमा समितिका माननीय सदस्यज्यूहरूले दिनु भएको सुझाव पश्चात् यो विधेयकटेबुल गर्नु भएका माननीय मन्त्रीज्यू, समितिका माननीय सदस्यज्यूहरू, संशोधनको सूचना दर्ता गराउनुहुने माननीय सदस्यज्यूहरू सम्बन्धित मन्त्रालयका सचिव यस समितिको सभाहलमा सहयोग परियोजनामार्फत् कर्णाली फाउण्डेसनबाट उपलब्ध विज्ञ लगायतका विषयविज्ञहरूमा छलफल गरिएको थियो । यस विधेयकलाई परिष्कृत रूपमा यस सभासमक्ष पेश गर्न यस समितिमा विभिन्न मितिमा भएका छलफलको क्रममा सक्रिय रूपमा सहभागी हुनु भएका समाननीय मन्त्रीज्यूसंशोधन कर्ता माननीय सदस्यज्यूहरू समितिका माननीय सदस्यज्यू सांसद सहयोग परियोजनामार्फत् कर्णाली फाउण्डेसनबाट उपलब्ध विषयविज्ञहरू लगायत अन्य सहभागीहरूले सक्रिय भूमिका निर्वाह गरी रायसल्लाह सुझाव प्रदान गर्नुभएकोमा उहाँहरूप्रतिहार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

साथै विधेयकउपरको प्रतिवेदन तयार गरी महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु हुने समिति सचिवालयका कर्मचारीहरू, तथा सम्बन्धित मन्त्रालयका कर्मचारीहरूप्रति धन्यवाद दिन्छु। यसैगरी समितिको कामकारबाही र मार्गदर्शन आवश्यक निर्देशन समन्वय र सद्भाव प्रकट गर्नुहुने माननीय सभामुखज्यू र उपसभामुखज्यूप्रतिहार्दिक कृतज्ञता ज्ञापन गर्दछु । माननीय सभामुख महोदय, समितिको बैठकमा प्रस्ताविक संशोधन तथा अन्य सम्वद्ध विषयवस्तु सहित विधेयकको आवश्यकता महत्त्व र औचित्यको आधारमा विधेयक बमोजिमको क्रम संख्या १ देखि ४२सम्मसंशोधन प्रस्तावसहितको प्रतिवेदन सम्मानित सभासमक्ष पेश गर्ने समितिको सर्वसम्मत निर्णय भएकाले सोही बमोजिम संशोधन प्रस्तावसहितको प्रतिवेदन सम्मानितसभासमक्ष पेश गर्दछु धन्यवाद ।

<u>माननीय सभामुख:</u>माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि संशोधन प्रस्ताव परी अर्थ तथा प्राकृति स्रोत समितिमा छलफल भए पश्चात्का निर्णयहरू र प्रतिवेदनसभासमक्षराख्न समितिका अध्यक्ष माननीय श्री गणेश प्रसाद सिंहलाई समय दिन्छु ।

<u>माननीय श्री गणेश प्रसाद सिंह:</u>माननीय सभामुख महोदय, कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ प्रदेशसभा सचिवालयमा मिति २०७६ फागुन १४ गते दर्ता भई २०७६ फागुन २० गते सभामा छलफलको लागि

टेबुल भएको थियो मिति २०७६ फागुन २५ गते प्रदेशसभामा भएको सैद्धान्तिक छलफल भए पश्चात् मिति २०७६ फागुन २५ मा संशोधन परी थप छलफलको लागि २०७६ फागुन २७ गतेको पाँचौं अधिवेशनको सातौं बैठकको निर्णयबाट सो विधेयक अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउने निर्णय भए पश्चात् उक्त विधेयक मिति २०७६ फागुन २८ गते यस मितिमा प्राप्त भएको थियो विधेयकमाथि दफाबार छलफल गर्नका लागि समितिको मिति २०७७ असार ७ गते, २०७७ असार १९, २०७७ असार २२ गते, २०७७ आश्विन २२ गते, २०७७ आश्विन ७ गते, २०७७ आश्विन ८,२०७७ आश्विन ९ गते, २०७७ आश्विन १२ गते, २०७७ आश्विन १३, २०७७ आश्विन १८ गते, २०७७ मंसिर १७ गते, २०७७ पुस २७ गते, २०७७ पुस २८ र २०७७ पु; २९ गते समितिको बैठक बसेको थियो । यस सम्बन्धमा जम्मा १५ पटक बैठक बसी संशोधन प्रस्तावमाथि व्यापक छलफल गरिएको थियो । कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक २०७६, माथि यस समितिमा भएको दफाबार छलफलमा समितिका माननीय सदस्यज्यूहरूले दिनु भएको सुझाव पश्चात् यो विधेयक टेबुल गर्नु भएका माननीय मन्त्रीज्यू, समितिका माननीय सदस्यहरू, संशोधनको सूचना दर्ता गर्नु भएका माननीय सदस्यहरू सम्बन्धित मन्त्रालयका सचिव यस समितिको सभाहलमा संसद् सहयोग परियोजनामार्फत् कर्णाली फाउण्डेसनबाट उपलब्ध विज्ञ लगायतका विषयविज्ञहरू सँग छलफल गरिएको थियो। यस विधेयकलाई परिष्कृत रूपमा यस सभासमक्ष पेश गर्न यस समितिको विभिन्न मिति मा भएका छलफलको क्रममा सक्रिय रूपमा सहभागी भएका माननीय मन्त्रीज्यू, संशोधन कर्ता माननीय सदस्यज्यूहरू, समितिका माननीय सदस्यज्यूहरू, संसद् सहयोग परियोजनामार्फत् कर्णाली फाउण्डेसनमार्फत् उपलब्ध विषय विज्ञहरू लगायत अन्य सहभागीहरूले सक्रिय भूमिका निर्वाह गरी राय सल्लाह सुझाव प्रदान गर्नु भएकोमा उहाँहरूप्रतिहार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै विधेयकउपरको प्रतिवेदन तयार गरी महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु हुने सचिवालयका कर्मचारी तथा सम्बन्धित मन्त्रालयका कर्मचारीहरूप्रति धन्यवाद दिन चाहन्छु यसैगरी समितिका कामकारबाहीका सन्दर्भमा मार्गदर्शन आवश्यक निर्देशन, समन्वय र सद्भाव प्रकट गर्नुहुने माननीय सभामुख, उपसभामुखज्यूहरूप्रतिहार्दिक कृतज्ञता ज्ञापन गर्दछु। माननीय सभामुख महोदय, समितिको बैठकले प्रस्ताव संशोधन तथा अन्य सन्दर्भविषयवस्तु सहित विधेयकको आवश्यकता महत्त्व र औचित्यको आधारमा देहायबमोजिमको क्रम संख्या १ देखि ५१सम्मसंशोधन प्रस्ताव सहितको प्रतिवेदन सम्मानितसभासमक्ष प्रस्तुत गर्ने समितिको

सर्वसम्मत निर्णय भएबमोजिम संशोधन प्रस्तावसहितको प्रतिवेदन सम्मानितसभासमक्ष पेश गर्दछु, धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू अब यो बैठक २०७८ साल माघ २४ गते सोमवार दिनको एक बजेसम्मका लागि स्थगित हुन्छ ।

**नवौं अधिवेशन**

**कार्यवाहीको सम्पूर्ण विवरण**

**२०७८ माघ २४ गते**

**सोमवार**

**(बैठक संख्या-६)**

<u>राष्ट्रिय धुन</u>

**<u>माननीय सभामुखः-</u>**माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको छैटौं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश प्रमुखको कार्यालयबाट मन्त्रिपरिषद् गठनसम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरा वाचन गरेर सुनाउँदछु ।

विषयः मन्त्रिपरिषद् गठन सम्बन्धमा

श्री प्रदेशसभा सचिवालय कर्णाली प्रदेश,
वीरेन्द्रनगर सुर्खेत ।

माननीय प्रदेश प्रमुख श्री तिलक परियारले माननीय मुख्यमन्त्री श्री जीवनबहादुर शाहीको नेतृत्वमा मिति २०७८ साल ७/१६ मा गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा १६८ को उपधारा ९ र धारा १७० को उपधारा १ बमोजिम माननीय मुख्यमन्त्रीको सिफारिसमा मिति २०७८/१०/२३ गते देहायअनुसार नियुक्ति हेरफेर र कार्य विभाजन गरी मन्त्रीपरिषद् गठन गर्नु भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

| क्रम संख्या | नाम थर | पद नाम | कार्यविभाज |
|---|---|---|---|
| १. | श्री जीवनबहादुर शाही | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | श्री यज्ञबहादुर बुढा क्षेत्री | मन्त्री | सामाजिक विकास मन्त्रालय |
| ३. | श्री हिमबहादुर शाही | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ४. | श्री चन्द्रबहादुर शाही | मन्त्री | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| ५. | श्री पदमबहादुर | मन्त्री | भौतिक पूर्वाधार तथा सहरी विकास |

| | | | |
|---|---|---|---|
| | रोकाया | | मन्त्रालय |
| ६. | श्री बिन्दमानविष्ट | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ७. | श्री गणेश प्रसाद सिंह | मन्त्री | ऊर्जा जलस्रोत विकास मन्त्रालय |
| ८. | श्री छिरिङ डम्डुल लामा (कार्चेन) | मन्त्री | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय |

मितिः २०७८/१०/२३

ठाकुर प्रसाद सिग्देल,
सचिव

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्ना भनाइहरूविशेष समयको व्यवस्था गरेको छु । बोल्न चाहनु हुने माननीय सदस्यहरूले सभामुखको आसनको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूकोमा नाम टिपाउनु होला । सर्वप्रथम माननीय श्री मिनासिंह रखाल, समय पाँच मिनेट ।

<u>माननीय श्री मिनासिंह रखाल:</u>सभामुख महोदय, हामी यस्ता प्रदेशको सांसद हौं कि हाम्रो घटना परिघटनाले हामी आफैंलाई अचम्मित पार्नुको साथै कर्णालीवासी जनाता मुकदर्शक भएर यो कर्णाली के गर्दै छ, यो कर्णालीले सुखी कर्णालीवासी कत्तिको मर्म बुझ्दै छ भनेर कर्णालीवासीले पनि हेरिरहेको अवस्था छ । सर्वप्रथम सभामुख महोदय, नवौं अधिवेशनको छैटौं बैठकमा म आफ्ना धारणा राख्ने क्रममा आज यो सरकारले पूर्णता पाएको छ यसलाई म बधाई दिन चाहन्छु । र हामी कर्णालीवासीको विडम्बना कस्तो छ भने सभामुख महोदय, आफ्नो घर भत्काएर अर्काको घरको आगो ताप्ने र गैर सांसदबाट सरकार प्राप्त गर्नुपर्ने र अहिले अब कर्णालीवासीले धेरै सजगता अपनाएर हिंड्नुपर्ने र आफ्ना भएका मठ मन्दिरमा पनि ढोका लगाउनुपर्ने अवस्था म देख्दछु सभामुख महोदय, पूर्णता पाए पनि कर्णालीवासी सुखी हुन्छन् कि हुँदैनन् सन्तोष मान्छन कि मान्दैनन् । यो कर्णालीवासीको कुरामा भर पर्ने कुरा हो सरकारले गर्नुपर्ने उदाहरणका कुराहरू हुनुपर्नेछ । त्यसैगरी म एउटा मात्रै आफ्नो क्षेत्रको कुरा के राख्नचाहन्छु भने सभामुख महोदय, आज समानुपातिकका सांसदहरू मन्त्री भइरहेको अवस्थामा हाम्रो प्रदेशमा, हाम्रो जिल्लामा, हाम्रो क्षेत्रमा पूर्वाधारका विकासका कार्यक्रममा समानुपातिकका माननीयहरूको अधिकार नभएको हामीले महसुस गरेका छौं । र आज मन्त्री हुन सक्ने अवस्था आइसकेपछि पूर्वाधार विकासका कार्यक्रमहरूमा समानुपातिकका माननीयहरूको अधिकार हुन्छ कि हुँदैन । यो कार्यविधिले हामीलाई

छेकिरहेको अवस्था छ । हामीले यसलाई पनि पटक पटक उठाइरहेका छौं हाम्रो क्षेत्रमा र हाम्रो दैलेखमा दुई-दुई जना माननीयको पद रिक्त छ तर समानुपातिकका माननीयलाई आधिकारीक रूपमा त्यो कार्यविधिले समेटिरहेको छैन । हामी त्यस ठाउँमा जाँदाखेरि हाम्रा जनताहरूले ठूलो आस गरिरहेका हुन्छन् तर हामी रित्तो हात लिएर जनताको अगाडि जानुपर्ने अवस्था सिर्जना भइरहेको छ त्यस कारण सभामुख महहोदय, अहिलेको सरकारले पूर्णता पाएको छ मन्दिरहरूका ढोका बन्द नहुन खुल्लम खुल्ला मानिसहरूले हिँड्ने अवसर प्राप्त होस्  र हामीले हाम्रा वनहरू, हाम्रा संरक्षण पर्यटन क्षेत्रमा हामीले अनुगमन गर्न जाँदाखेरि हामी डराएर घुमेर हाम्रा मन्दिरको ढोका बन्द नहोस् भन्दै र हाम्रा कार्यक्षेत्रमा हाम्रो पनि अधिकार हुनुपर्छ र यो कार्यविधि छिटोभन्दा छिटो कार्यविधि परिवर्तन गरेर आफ्ना कार्यालयमा आफ्ना मन्त्रालयहरूमा कर्मचारीहरूलाई सुझाव दिनुपर्ने हो कि अधिकार दिनुपर्ने हो कि अब हामीलाई एउटै आशा के छ भने सभामुख महोदय, अब राष्ट्रसेवक कर्मचारी, त्यस्ता भ्रष्ट नीतिमा नपरुन, राष्ट्रसेवक कर्मचारीबाट नै हामीले राम्रा सूचनाहरू, राम्रा काममा प्राथमिकता पाउनुपर्ने राख्दै उहाँहरूप्रति नै उत्तरदायित्व, विश्वास गर्नेछु । यो सरकारप्रति मलाई विश्वास छैन किन कि यसका पृष्ठ भूमिहरू हर्दा अहिले हामीले के प्राप्त गरेका छौं भने कर्णाली प्रदेशमा कुनै पनि सार्वजनिक अभियोग लागेका मानिसलाई प्राप्त गरिरहेका छौं । त्यसैले यो जनताको विश्वास घटिरहेको अवस्थामा यो सरकारले पूर्णता पायो भनेर त्यति धेरै ठूलो गौरव मान्नुपर्ने अवस्था त छैन तर पनि सरकारको मुख्यमन्त्री अलिकति पारदर्शी हुनुभयो भने हाम्रा पनि जनताका पनि अधिकारहरू समेटिन्छन् कि भन्ने आशा लागेको छ हवस् धन्यवाद नमस्कार ।

<u>माननीय सभामुखः</u>माननीय श्री राजु नेपालीसमय पाँच मिनेट ।

<u>माननीय श्री राजु नेपाली:</u>सभामुख महोदय, छैटौं अधिवेशनको नवौं बैठकमा आफ्ना केही धारणाहरू अभिव्यक्त गर्न जाँदैछु सर्वप्रथम त सरकारले यहाँ आज पूर्णता पाएको दिन छ यो सरकारले पूर्णता पायो, पाउन त पाएको छ तर समावेशीलाई हेक्का राखेको रहेनछ । फेरि पनि धन्यवाद दिन चाहन्छु । २४ प्रतिशत समुदायहरू छ, आधा आकाश ढाकेको महिलाहरू हुनुहुन्छ तर त्यसलाई पनि मध्यनजर गर्नुपर्ने थियो, त्यो मध्यनजर गरिएन र यहाँ धेरै पटक हामीले कुरा उठाएका थियौं समृद्धि र सुखी नेपाली सुखी जनता कर्णालीका भनेका थियौं मलाई आज सम्झना छ सायद चार वर्षअगाडि होला, हामी यहीं रोस्टममा बोल्नेहरूले के बोलेका थियौं भने सरकारकै पक्षबाट हाम्रा कर्णालीका जनताहरू हामी कर्णालीवासी हामीले सुनको सिरानी राखेर नुनको खोजिमा

हिँडेका जनता भन्थ्यौं, बोल्ने गरेका थियौं, सायद त्यो सिरानी आज जसले बोल्यो, जसले सरकारको नेतृत्व गऱ्यो त्यही मात्रै सिरानीमा हुनुहुन्छ होला जस्तो मलाई लाग्यो । जो त्यो दुःखी गरिब जनता ती निमुखा जनता आज त्यो खाडी मुलुकमा छन्। त्यो भारतका कुना कुनामा एउटा नुन र पिठोको धुलो खोज्नका लागि तड्पिएका सभामुख महोदय, हामीले खोजेको समृद्धि चार वर्षमा साँच्चै भन्ने हो भने हाम्रो भनाइ छ दिन काम कि मन काम भन्ने छ तर दिन कामले रहेन छ मन काम गरेको भए त थुप्रै काम गरिने रहेछ त चार वर्षमा थुप्रै कामहरू हुने थिए तर त्यो हुन सकेन बिडम्बना दिनै मात्रै कुर्ने सरकारले गर्दा आज त्यति नतिजा देखिने काम देखिएन । हामीलाई त्यही निर दुखः छ गर्व छ फेरि पनि केही बिग्रेको छैन केही समय अझै छ साथ दिने प्रतिपक्ष कहाँ नेरि के साथ दिने हो दिन तयार छ सरकार बनेर मात्रै हुँदैन बनिसकेपछि कामकाजतिर ध्यान दिइयोस् र धेरै काम अझै पनि गर्न सकिन्छ कामका लागि सायद हामी यहाँ आएका हौंला । जनताले त्यतिकै हामीलाई अनुमोदन गरेर यहाँ पठाएको होइन कामकै लागि पठाएको हो र हामी साँच्चै नौं महिने कालमा नेकपा एमालेको एउटा सरकार बन्दा उदाहरण दिन चाहन्छु म, नौं महिने कालमा ९ महिनामा मनमोहन अधिकारीको पालामा सरकार बन्दा यति राम्रा काम, यति धेरै काम भए त्यही काम अहिलेसम्म हामीलाई गर्व गर्ने लायकका भए त्यसैगरी यो सरकारले पनि बेलैमा सोचेर गरिदिएको भए सायद अब पछि पनि हामी गर्व गर्न लायकका हुने थियौं तर देखिएन । तर हामीले हिजो जनताको घरदैलो गर्दै गर्दा घोषणापत्रमा राम्रा राम्रा कुरा लेखेका थियौं चिल्ला, हसिला कर्णाली प्रदेशको कायापलट गर्ने भन्दै सबै दलहरू जनताका घर दैलोमा गए । तर त्यो घोषण पत्रलाई कहाँ फालियो सायद, अझै पनि नौं महिनामा त्यो घोषणापत्र हेर्नुपर्छ कि सरकारका माननीयज्यूहरू पनि दलबाटै आउनु भएको हो पार्टीबाटै आउनु भएको छ त्यो घोषणापत्रमा हेरियो भने मात्रै कर्णालीवासीको मुहारमा अलिकति भए पनि उज्यालो आउने छ भन्ने कुरा राख्न चाए हवस् धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय श्री पद्मा खड्का समय पाँच मिनेट।

<u>माननीय श्री पद्मा खड्का:</u>सभामुख महोदय, नवौं अधिवेशनको छैठौं बैठकमा केही महत्त्वपूर्ण विषयहरू मैले यहाँ राख्नेचाहन्छु । सव्रप्रथम मैले कर्णाली प्रदेश सरकार गठबन्धन सरकारले पूर्णता पाएको छ म यसमानेमा धन्यवाद दिन चाहन्छु सरकारलाई जसले समावेशीको नारा हामीले उठाइरहेका छौं । हामीले गर्दा यो संविधानमा समावेशीको कुरा चाहिँ लेखाउन सफल भयौं भन्ने नारा जुन घन्काइराख्नुभएको छ, र समावेशीको चर्का चर्का नाराहरू बाहिर उठिरहेका छन् तर कार्यान्वयनमा जाँदा आज

गठबन्धन दल भित्र मैले दलको नाम लिन चाहन्नँ यहाँ, गठबन्धन दलभित्र महिलाहरू उपस्थित छैनन्? महिलाहरूको समावेशी छैन ? खै ३३ प्रतिशत संविधानले बोलको कुराहरू खै कार्यान्वयन गरेको ? संविधानमा व्यवस्था गरिएको कुरालाई कार्यान्वयन गर्न नसक्ने गठबन्धनको सरकारले जतिसुकै पूर्णता पाए पनि यसले राम्रो परिणाम कर्णालीमा दिन्छ होला जस्तो मलाई लाग्दैन । त्यसै कारणले मैले समावेशी सबै चरित्रलाई हेरेर पूर्णता पाएकोले पनि बधाई चाहन्छु । त्यो मानेमा मैले बधाई दिन चाहन्छु यो सरकारलाई । र अर्को कुरा मैले यहाँ के भन्न चाहन्छु भने जता जतै अहिले हामी सञ्चार मिडिया कर्णालीमात्रै नभएर नेपालभरि नै सञ्चारको माध्यमबाट कुना कुनामा सबै प्रदेशका नागरिकहरूले हेरिरहेका छन् जहाँ सार्वजनिक अभियोग लागेर एउटा व्यक्ति गैर सांसदलाई मन्त्री बनाइन्छ। यो कर्णालीमा सांसद हुँदा हुँदै कर्णाली प्रदेशमा कर्णाली प्रदेशका नागरिकले जनताबाट चुनिएर आएका जनप्रतिनिधि यो कर्णाली प्रदेशमा हुँदा हुँदै गठबन्धन सरकारभित्र सांसदहरू हुँदाहुँदै गैर सांसदलाई एउटा विवादित मान्छेलाई सामाजिक सञ्जालबाट देशैभरि विवादको पात्रलाई आज मन्त्री बनाइएको छ अब कर्णालीवासीले के पाउँछन् यहाँ ? के उपलब्धि हुन्छ अब यहाँ भनेर हेरिरहेका छन्, देखिरहेका छन्, अब हामी कर्णालीमा यो कर्णाली यस्तो कर्णाली हो जहाँ मठमन्दिर पर्यापर्यटनले भरिपूर्ण कर्णाली हो । मन्त्री नहुँदै यस्ता खालका फौजदारी अभियोग लागेका व्यक्तिले अब हाम्रा यी मन्दिरहरूका ढोकाहरू बन्द गर्नुपर्ने त हैन ? के हो यो यस्तो खालको पात्रलाई कसरी मन्त्री बनाइयो एउटा गम्भीरविषय छ । यसलाई गठबन्धनको सरकारले कसरी लैजान्छ कार्यान्वयनमा हेर्न बाँकी नै छ । र अर्को कुरा मैले यहाँ के राख्नचाहन्छु भने आफ्नो घर पार्टीभित्र जहाँ नेकपा एमालेबाट निर्वाचित भएका सांसदहरू नेकपा एमालेका ती शुभचिन्तक ती कार्यकर्ताले भोट हालेर निर्वाचित कार्यकर्ताहरू पार्टीभित्र समावेशी भएन, पार्टीभित्र मूल्याङ्कन भएन भनेर फ्लोर क्रस गरेर अर्को अर्को पार्टी, आफ्नो घर भत्काएर अर्काको आँगन ताप्न जाँदा पनि आज समावेशीको नारा उठेन। त्यहाँ आज किन उठाइएन ? त्यो नारा किन लागु भएन, हिजो लागु गर्न उहाँहरू हाम फाल्नु भएको थियो त आज किन लागु भएन खै प्रश्न त गरिरहेको होलान् नि तल जनताले आज हेर्न खोजिरहेका छन्। यस्तो खालको समावेशी सरकारलाई मैले मात्रै नभएर कर्णालीप्रदेशका सबैले बधाई दिइरहेका छन् हेर्न सकिन्छ सामाजिक सञ्जालमा मैले यस मानेमा तपाईँहरूलाई बधाई दिन चाहन्छु । मैले अर्को कुरा यहाँ के गर्न चाहन्छु भने सार्वजनिक रूपमा धेरै विषयहरू उठाइन्छन्, जनप्रतिनिधिको नाताले हामीले यहाँ विषयहरू उठाउँछौं । ती विषयहरूकार्यान्वयन

भएकि भएनन् भनेर खोजेर जाँदा ती विषयहरू केही पनि भेटिदैनन् । मैले पटक पटक भनीरहेको छु कर्णाली प्रदेशका रोग, भोकबाट ग्रसित जुन नागरिकहरू छन्। जसले एउटा बेडमा औषधी नपाएर छट्पटाइरहेको छ । त्यस्ता बिरामीहरूको औषधी उपचारको लागि जो दीर्घरोगी छ, जुन कर्णाली प्रदेश सरकारले गर्नुपर्ने जुन दायित्व हो, जुन कर्तव्य हो फाइल लिएर १० महिनासम्म बुझाउँदा पनि अहिलेसम्म अत्तोपत्तो छैन ती नागरिकले के राज्यबाट सहज रूपमा सेवा सुविधा पाए उनीहरूले स्वास्थ्य सम्बन्धीको अधिकार पाए यो विषयमा गम्भीर भएर यो सरकारले कहिल्यै सोचेको छैन र त्यस कारणले पनि अबको यो बाँकी महिनामा मन्त्री हुने सरकारमा जानेबाहेक अरू केही आशा पनि गरेका छैनौं । धन्यवाद ।

**<u>माननीय सभामुखः</u>**माननीय श्री बद्री क्वारी बोहोरा, समय पाँच मिनेट।

**<u>माननीय श्री बद्री क्वारी बोहोराः</u>**सभामुख महोदय, आज यो नवौं अधिवेशनको छैटौं बैठकमा म पनि आफ्ना केही कुराहरूराख्न गइरहेको छु । यो कर्णाली प्रदेश सरकारको बारेमा भन्नुपर्दा आज खुसीको कुरा पनि हो धेरै दुई तीन महिनापछि आज एउटा सरकारले पूर्णता पाएको छ र नवनियुक्त मन्त्री सम्पूर्णलाई सभामुखमार्फत् बधाई दिन चाहन्छु । कर्णालीवासीको जुन अपेक्षा छ यहाँको विकास निकास यहाँहरूले जनताले चाहे जस्तो विकास गर्नुहोस् यहाँहरूलाई शुभकामना भन्न चाहन्छु । योभन्दा धेरै पहिला २०७६ सालको कुरा हो २०७६ असार २८ गते जुन डोल्पाको मुड्केचुला गाउँपालिकामा बाढी गयो, १२, १२ जना बेपत्ता भए केही लास प्राप्त भयो केही मानिसहरू अझै पनि बेपत्ता हुनुहुन्छ त्यहाँको त्यति खेरको नेकपाको नेतृत्व शाहीले गर्नु भएको थियो अहिले पनि शाही नै हुनुहुन्छ । त्यति खेर जनतालाई दिनुपर्ने राहत काँ जाओस् काँ जाओस् उनीहरूले पाउनुपर्ने बिमाको पैसा पनि विभिन्न बाहाना बनाएर यो कानून मन्त्रालयले चिठीमा नहुने कुराहरू लेखेर जनताले सहजै पाउने तरिकाले नगएर घुमाउरो तरिकाले दुई, तीन पटक जिल्लामा पैसा गयो राहत त्यो अहिलेसम्म ती बाढी पीडितले पाएका छैनन् । कर्णाली प्रदेशका १० ओटै जिल्लाका नागरिकहरू सरकारको लागि बराबर हुन् । त्यहाँ नेतृत्व गर्ने मान्छे कुनै पार्टीको होला, सरकारको नेतृत्व गर्ने मानिस कुनै पार्टीकोप्रतिनिधी होला तर १० जिल्लाका जनता सरकारका लागि बराबर हुन् कालिकोटमा आगो लाग्दा एकै महिनामा एक घर बराबर पाँच लाख रुपैयाँ प्राप्त गरे तिनी पनि हाम्रै जनता हुन् मैले त्यसको लागि विरोध गरेको हैन तर डोल्पाका जनताले खै अहिलेसम्म घर बग्यो घरबार विहीन भए कतिपय दुई तीन दिन सुर्खेतमा बसेर अहिले आफन्तको छहारीमा बसेर जीवन बिताइरहेका छन् । यो सरकार १०

वर्षे जनआन्दोलन जनयुद्ध गरेर जुन १७, १७ हजार मान्छे मरेर बलिदानी प्राप्त गरेर बनेको सरकार के पक्षपाती जो मुख्यमन्त्री हुने ठाउँमा जनतामात्रै सरकारका जनता हुने नहुने ठाउँका जनता अर्कै ठाउँका हुन् यस्तै विषयमा अर्को कुरा भन्न चाहन्छु । यो धेरै कुरामा एकीकृत बस्तीका नाममा डोल्पाको भूगोल हुर्नुहोस्, हुम्लाको पनि भूगोल त्यस्तै छ होला । कर्णालीका कतिपय भूगोलहरू एकदमै विकट छन् धेरै ठूलो भूगोल छ जनसंख्या थोरै छ मान्छेका बस्तीहरू कुना कन्दरामा छन् कैयौं वर्ष देखि सदरमुकामको नाम नदेखेका जनताहरू छन् । के एकीकृत बस्ती कालिकोट, जाजरकोट र रुकुम पश्चिममा मात्रै हो डोल्पामा गएर हेरोस् कर्णाली प्रदेशको सरकार हुन तसङ्घ सरकारका पनि प्रधानमन्त्री, पूर्व प्रधानमन्त्री, अर्थमन्त्री पनि भर्खर जनार्दन शर्मा र प्रचण्ड जानुभयो हाम्रो प्रदेश सरकारका प्रतिनिधि मन्त्रीज्यूहरू जानुभयो उपल्लो डोल्पा, कतिपय उपल्लो डोल्पाको कुना कन्दरामा सदरमुकामको ४०, ३५ वर्ष मुख नदेखेका मानिसहरू छन् ती बस्तीहरूएकीकृत गर्न जरुरी छ कि छैन त्यस्तै गरेर द्वन्द्व पीडितका नाममा डोल्पा जिल्लाको लिस्ट हेर्दाखेरि डोल्पामा जिल्लाको ४२, ४३ जनाको लिष्ट देखेको छु । तर त्यहाँ फारम भर्नेहरू ७, ८ सय पुगेका छन् । यो अराजक कहिले अन्त्य हुने हो यो सरकारको द्वन्द्वको नाममा लोटेर ठेस लागेको मानिसलाई पनि द्वन्द्व पीडित भनिन्छ कि घोडा चढेर लडेको मानिसपनि द्वन्द्व पीडित हुन्छ कि के हुन्छ । अरू मुख्यमन्त्री रोजगारका कार्यक्रमहरू त्यस्तै छरस्ट भ्रस्ट छन्। जनता आवासको कुराहरू जो मानिस मन्त्री हुन्छ त्यसकै मानिसहरू आबद्ध हुने हुन् कि यी सबै कुरालाई प्रदेशको शाही सरकारको नेतृत्वले सात बुँदे सहमतिलगायत यी सम्पूर्ण कुराहरूलाई ध्यान देओस् भन्न चाहन्छु धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय श्री सुशील कुमार थापा, समय पाँच मिनेट ।

<u>माननीय श्री सुशील कुमार थापाः</u>माननीय सभामुख महोदय, भर्खर मात्रै हामीले ९७ दिनको प्रतीक्षापछि कर्णाली प्रदेश सरकारले पूर्णता पाएको छ । कार्चेन लामा लगायत मन्त्री बन्नुहुने सम्पूर्णमा हिजोमात्रै शपथ खाने पाँच ओटै मन्त्रीलगायत मुख्यमन्त्री लगायत सम्पूर्णमा हार्दिक बधाई लगायत सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु । माननीय सभामुख महोदय, कर्णालीका जनतालाई के विश्वास थियो तभन्दा जति बेला २०७८ साल वैशाख २ गते राति पूर्व मुख्यमन्त्री माननीय महेन्द्रबहादुर शाहीको कार्यकक्षमा नेपाली कांग्रेसको दलका नेता हालका मुख्यमन्त्री जीवनबहादुर शाही त्यति बेलाका माननीय प्रकाश ज्वाला र मुख्यमन्त्री महेन्द्रबहादुर शाही बिचकोकेही गोप्य सम्झौता केही सिंगो कर्णाली मात्र हैन सिंगो देशभरी नै यो सम्झौता

छरपस्ट रूपमा देखा परेको छ । माननीय सभामुख महोदय, मुहान सफा भएन भने टुटी जस्तो हालेपनि केही फरक पर्दैन । धाराको टुटी सुनको बनाउँदैमा पानी सफा हुँदैन । जब मुहान सफा छैन त टुटीले मात्रै केही हुँदैन । त्यस कारणले हामीलाई के विश्वास छ तभन्दा यो सरकार जब २०७८ साल वैशाख २ गते राति एउटा भयानक दुर्घटना हुने गरी जुन सम्झौता भयो तीन ओटा दलहरू बिच त्यति खेरका दुई ओटा दल र हाल एमालेबाट चोइटिएको दलको प्रतिनिधित्वको हिसाबले एउटा गोप्य कर्णालीका १८ लाख जनतामाथि कुठाराघात गर्ने गरी जुन कालो दिनको रूपमा एउटा सम्झौता भयो त्यस पछि बनेका सरकारहरूबाट आज सिंगो कर्णालीले एउटा खालको नेपालभरि मात्र हैन विश्वभरि नै सङ्घीयता पछिको सरकार कस्ता निर्माण हुन्छन् त भन्ने एउटा सन्देश दिएको छ त्यसकोप्रतिकको रूपमा आज कर्णालीले पठाएको छ । हामीले देखेका छौंवैशाख २ गते राति त्यो घटना भएपछि तीन गते जुन फ्लोर क्रस भयो चार गते जुन अप्रत्यासित रूपले एउटा सरकार निर्माण भयो त्यो सरकारको आयो सकिए पछि अहिले बनेको सरकारको हेर्दा मलाई लाग्छ जनताले हेर्दा बाहिर सुनको टुटी जस्तो तर मुहान जहाँचाहिँ गन्धैगन्ध मुहान सफा नभएको तर टुटी सुनको हालेर जलप लगाएर एउटा भ्रम सिर्जना गरे जस्तै सरकार त्यो तवर बाट अगाडि बढेका कारणले मलाई त्यो २०७८ सालबाट पछि बन्ने सरकारबाट मलाई कर्णालीका जनताले भने जस्तो अपेक्षा गरे जस्तो अब यो कर्णालीको समृद्धि सुखारी कर्णालीको नारा अर्थात त्यो सपना पूरा हुन्छ जस्तो मलाई लाग्दैन, सभामुख महोदय,

सभामुख महोदय, हामीले पुस मसान्तभित्र सङ्घसँगविशेष अनुदानको योजनाहरू मुख्यमन्त्री कार्यालयबाट सिफारिस गर्नुपर्ने त्यो हेर्दा मैले हेरे त्यो योजना हेर्दा तीन ओटा विशेष अनुदानका लगभग लगभग ७६ करोड जतिको हुम्लामा योजना सिफारिस गरियो भने कालिकोटमा पनि लगभगलगभग तीन ओटा योजना लगभग ६० करोडका योजनाहरू सिफारिस गरियो र अन्य जिल्ला अलिकति राजधानी भएको नाताले त्यो पनि आफ्ना कार्यकर्ता अनुकूलका केही योजनाहरू छन् भने अन्यत्र विशुद्ध नेपाली कांग्रेससँगजोडिएका त्यो पनि भूगोलको हैन कार्यकर्ता लक्षित योजनाहरू सिफारिस गरेर विशेष अनुदान जो करडौंको रूपमा हुन्छ त्यस्ता योजनाहरू त्यो ढङ्गले सिफारिस गरिएको अवस्था छ, त्यस कारणले यो सरकार पनि जब आफूले बजेट वितरण गर्ने ठाउँ र अवसरमा आयो तब अघि मैले भने जस्तै त्यो पानीको मुहान र धाराको याद आउँछ । त्यही ढङ्गले यो सरकार निर्माण भएको कारणले यसको सुरुवाती पनि त्यहाँबाट देखा परेको छ, त्यस कारणले माननीय सभामुख महोदय, हामीले धेरै अपेक्षा

गर्नुपर्ने र यो कार्चेन लामा जस्ता मानिसहरू सरकारको मन्त्री हुँदा कुनै अप्ठ्यारो मान्नुपर्ने अवस्था हो जस्ता मलाई लाग्दैन त्यस कारणले यस्ता अब यो त अब भखर सुरुवाती मात्रै हो हामीले त कस्तो दुर्दशादेख्नुपर्ने हो, कर्णालीलाई कुन ढङ्गले नेपालमा मात्र हैन विश्वका सामु चिनाउनुपर्नेहो, नेपालको सङ्घीयताको अभ्यास कसरी प्रयोग भएको छ भनेर कर्णालीबाट देखाउने, गरेका कामहरू, नामहरू अब कसरी अगाडि बढ्दै छन् यी त हामीले देख्दै छौं, हामी देखाउँदैछौं कर्णालीवासी जनताका नाममा देखाउँदै छौं, धन्यवाद सभामुख महोदय ।

<u>माननीय सभामुखः</u>माननीय श्री दल रावल, समय पाँच मिनेट।

<u>माननीय श्री दल रावलः</u>माननीय सभामुख महोदय, करिब ९७ दिन पछि हाम्रो कर्णाली प्रदेश सरकारले पूर्णता पाएको छ । हिजो मात्रै विस्तारित मन्त्रिपरिषद्मा नवनियुक्त मन्त्रीज्यूहरूलाई हार्दिक बधाईका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु । मेरो जिल्लाले त सिंगो मुख्यमन्त्री र अर्को मन्त्री पनि पाएको छ । आउँदो चुनावमा एमालेलाई एजेण्डा नै नआउने गरी विकास निर्माणले छलाङ मारोस् शुभकामना छ । म संविधानको एउटा धारा स्मरण गराउन चाहन्छु ताकि अहिलेको मुख्यमन्त्री आफैं संविधान सभाको सदस्य हुनुहुन्थ्यो, उहाँले पनि त्यो संविधानमा हस्ताक्षर गर्नु भएको छ । उहाँकै नेतृत्वमा हिजो सरकार बन्यो, संविधानको धारा ६८को ९ मा के लेखिएको छ भने म पढेर मात्रै सुनाउने अनुमति चाहन्छु । सभामुख महोदय, प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेशसभाका सदस्य मध्येबाट समावेशी सिद्धान्त बमोजिम मुख्यमन्त्रीसहित प्रदेशका कुल सदस्य संख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गरिने छ, समावेशी सिद्धान्त भनेको पछाडि परेको वर्ग क्षेत्र, महिला दलित आदिवासी जनजाति लगायतका सीमान्तकृत समुदायलाई नै भनिन्छ होला मलाई त्यो लाग्छ सभामुख महोदय, एक डेढ वर्ष मैं समाजवाद ल्याइहाल्छौं एमालेबाट केही सम्भव नै भएन समाजवाद ल्याउन भनेर हाम फालेका साथीहरू नामै समाजवाद राखेका साथीहरू पनि यहीं सरकारमा हुनुहुन्छ । पोलुसन पाट्नरमा हुनुहुन्छ, होइन यो समावेशी समानुपातिकको त मतियार नै महुँत यो देशमा मैले लागु गरेको हुँ भन्ने नेकपा माओवादी केन्द्रका साथीहरू पनि यहीं सरकारमा हुनुहुन्छ । होइन यो प्रजातन्त्र हाम्रो पो हो त अरूले काँ ल्याएको हो लोकतन्त्रको हिमायती हुँ भन्ने नेपाली कांग्रेसको त सिंगो सरकार नै छ अब यो सरकारले समावेशी सिद्धान्तलाई कतिको पालना गऱ्यो व्यवाहरतःतपाईंहरू नै जान्नुस् म यति भन्न चाँहे सभामुख महोदय,

त्यसपछि म एउटा अर्को विषयराख्नचाहन्छु सभामुख महोदय, म अलिकति मन्त्रालय कम नै हुने भएकाले मन्त्रालयको वेवसाइटहरू भिजिट गर्ने गर्छु जस क्रममा यस्तोसम्म देखे, त्यो इन्सिचिउसनल मेमोरी भन्ने कस्तो हुन्छ भने कुनै पनि सरकार सरकार अविच्छिन्न उत्तराधिकारी भनेकै त्यही हो एउटा मन्त्री जान्छ चेन्ज हुन्छ अर्को मन्त्री आउँछ एउटा सरकार जान्छ अर्को सरकार आउँछ तर यहाँहरूले पनि हेर्नुहोला माननीय सदस्यहरू मुख्यमन्त्रीज्यू, मन्त्रीज्यूहरूइभन मुख्यमन्त्रीज्यू २०७३ सालमा पर्यटन मन्त्री भएको अहिले पनि उहाँका इभेन्टहरू त्यहाँ छन् । मैले हेरे आधा दर्जनभन्दा बढी पर्यटन मन्त्रीहरू चेन्ज भइसके तर म अस्ति मात्रै चैत्रमा छोडेको मन्त्रीका त सबै डिलिट मेरो मात्र हैन एउटा आर्थिक मामिला मन्त्रालय र आन्तरिक मन्त्रालय बाहेक अन्य सबै मन्त्रालयका हामीले त्यति दुःख गरेर बनाएका बिलहरू, ऐन संरचनाहरू बनेका छन् ती कतै काम लाग्छन् राख्ने मिल्ने तर ती मन्त्रीका फोटै डिलिट गर्दा उहाँहरूलाई आनन्द आउने सरकारको अब १०० दिन दुई दिन पछि पुग्दैछ। एउटा प्रतिवेदनमा त्यो पनि आउने होला पहिलाका सरकारका मन्त्रीहरूले धेरै काम गरेका रहेछन् ती पुराना मेमोरीहरू डिलिट गर्दा गर्दा वेबसाइटबाट धौधौ भयो भन्ने चाहिँ एउटा बुँदा आउँछ होला प्रगतिमा भन्ने मलाई लाग्छ । त्यसैगरी त्यो कस्तो भने माननीय मुख्यमन्त्रीज्यू म भन्न चाहन्छु प्रेस विज्ञप्तिसम्मराख्नु हाम्रो गर्व हो । हामी सरकारमा हुँदा पनि नहुँदा पनि कर्णाली सरकार हाम्रो गर्व हो हामी त्यो ठान्छौं, दुनियाँका सात अर्ब मान्छेले कोही न कोहिले त त्यो सरकारको वेबसाइट भिजिट गर्छन् होला नि म अरू केही भन्दैन प्रदेशसभाको वेबसाइट मात्रै हेरियोस् कति राम्रो व्यवस्थित गरिएका छन् कति सवाल छन् मैले प्रशंसा गर्न चाहन्छु । हाम्रा मन्त्रालयका कतिपय मन्त्रालयका त मन्त्रीका उसले खिचेको फोटो मोबाइलमा ल्याएर स्क्यानिङ गरेर राखेको फोटोहरू, यतिसम्म प्रेस विज्ञप्तिसम्म शुद्ध भाषामा लेख्न जानिएको छैन यो वेबसाइट हेर्दाखेरि के होला कर्णालीको सरकारप्रति बाहिरको इम्प्रेसिप के बन्ला म चाहिँ सरकारलाई यो आग्रह गर्न चाहन्छु । त्यसैगरी मेरो जिल्ला उच्च हिमाली जिल्ला हो सभामुख महोदय, मैले अस्ति पनि माननीय मुख्यमन्त्रीज्यूलाई हुम्लाबाट फोन गरेर भनेको थिएँ, अहिले पनि सिमिकोट सदरमुकाममा दुई फिटभन्दा बढी हिँउ जमेको छ त्यहाँ एउटा हाइड्रोपावर थियो, पाँच सय किलोवाटको माइक्रोहाइड्रोपावर थियो तर त्यहाँ एक डेढ सयभन्दा बढी बत्तीआउँदैन । सिमिकोट सदरमुकाममा त्यहाँ सरकारी गैर सरकारी थुप्रै कार्यालयहरू छन्, चिसोमा मानिसहरू कठ्याङग्रिएर बसेका छन् त्यहाँ १७, १८ घण्टा लोडसेडिङ

हुन्छ त्यसले धान्दैन । मैले पहिलाको माननीय मुख्यमन्त्रीज्यूलाई पनि दुई पटक भिजिट गराएर अनुरोध गरेको हो उहाँले लागु गर्नु भएन अहिलेको मुख्यमन्त्री स्वयम् हुम्ला जिल्लाको हुनुहुन्छ सिमिकोटमा एउटा अल्टरनेटिभ पावरको लागि ५ सय किलोवाट देखि एक मेघावाटसम्मको तत्काल सोलार सिस्टमको व्यवस्था गरियोस् अन्यथा त्यहाँका जनताले सर्भिस डेलिभरिको व्यवस्था समेत पाउनेवाला छैनन् जनताहरूआफैं पनि चिसोमा कठ्याङग्रिएर बस्ने अवस्था छ । म चाहिँ यो सरकारलाई अनुरोध गर्न चाहन्छु । त्यसैगरी अन्तिममा मुख्यमन्त्रीले अस्ति आफ्नो पहिलो भाषणमा प्रमुखप्रतिपक्षी दलको प्रशंसा गर्नुभयो । मलाई गर्व के लाग्यो भने साँच्चैको लोकतन्त्रको हिमायती त एमालेमा रैछ जस्तो लाग्यो उहाँ आफैं तीन वर्ष प्रतिपक्ष दलको हामी त परम्परागत प्रतिपक्ष भएछौं विरोधको लागि मात्र विरोध गरेछौं बल्ल प्रतिपक्ष आज देखि देखिए भन्नुभयो म सरकारका माननीय मुख्यमन्त्रीज्यूलाई विशेष विशेष धन्यवाद प्रकट गर्न चाहन्छु धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू विशेष समयमा बोल्ने माननीयहरूको बोल्नेक्रम समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री जीवनबहादुर शाहीलाई प्रदेश लोक सेवा आयोगको वार्षिक प्रतिवेदनसभासमक्ष पेश गर्न अनुमति दिन्छु ।

<u>मुख्यमन्त्री माननीय श्री जीवन बहादुर शाहीः</u>माननीय सभामुख महोदय, माननीय सभामुख महोदयमार्फत् सदनलाई मैले यो पढ्नुभन्दा पहिले एउटा जानकारी दिन चाहन्छु । सरकारको प्रमुखको हैसियतले सदनप्रति कति एकाउन्टेवल छ भन्ने कुरा मेरा उपस्थितिले पनि सम्मानित संसद्ले मूल्याङ्कन गर्ने छ भन्ने मैले सोचेको छु । सरकार प्रमुखहरू जहाँ पनि आउनुपर्छ भन्ने होइन यो सदनको मर्यादाको लागि म आफैं आउने बस्ने र यी पेपरहरू पनि सकभर म आफैं प्रिजेन्ट गरेको हुनाले यसमा सम्मानित संसद्ले अन्यथा र भ्रामक कुरा नगरिदिनको लागि हार्दिक अनुरोध गर्दछु । माननीय सभामुखज्यू प्रदेश लोक सेवा आयोग पहिलो संशोधन ऐन, २०७७ को दफा ६६ को दफा १ बमोजिम माननीय प्रदेश प्रमुखज्यूसमक्ष पेश प्रदेश लोक सेवा आयोगको प्रतिवेदन २०७७/०७८ लाई सभासमक्ष पेश गर्दछु ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीलाई मुख्य न्यायाधिवक्ताको वार्षिक प्रतिवेदनसभासमक्ष पेश गर्न अनुमति दिन्छु ।

**<u>मुख्यमन्त्री माननीय श्री जीवन बहादुर शाही:</u>**माननीय सभामुखज्यू,मुख्यन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्त सम्बन्धी ऐन २०७५ दफा १३ को उपदफ १ बमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश भएको मुख्यन्यायाधिवक्ताको वार्षिक प्रतिवेदन २०७७/०७८ लाई सभासमक्ष पेश गर्दछु ।

**<u>माननीय सभामुख:</u>**माननीय सदस्यहरू कर्णाली प्रदेशका मुख्यमन्त्री माननीय जीवनबहादुर शाहीले सभामा पेश गनुभएको प्रदेश लोक सेवा आयोग र मुख्यन्यायाधिवक्ताको वार्षिक प्रतिवेदनप्रदेशसभाअन्तर्गत गठित विधायन तथा प्रदेश मामिला समितिमा छलफलका लागि पठाउन म प्रदेशसभा सचिवलाई निर्देशन दिन्छु । माननीय सदस्यहरू अब म कर्णाली प्रदेश व्यापार व्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि संशोधन प्रस्ताव परी अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भएपश्चात्का निर्णय र प्रतिवेदन सभासमक्ष राख्न समितिका सदस्य माननीय श्री दल रावललाई समय दिन्छु ।

**<u>माननीय श्री दल रावल:</u>**माननीय सभामुख महोदय, कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन गर्न व्यवस्था गर्न बनेको विधेयक, २०७६ प्रदेशसभा सचिवालयका मिति २०७७ जेठ २३ गते दर्ता भई मिति २०७७ जेठ ३० गते सभामा छलफलको लागि टेबुल भएको थियो मिति २०७७ असार ८ गते प्रदेशसभामा भएको सैद्धान्तिक छलफलपश्चात्संशोधन परी थप छलफलको लागि प्रदेशसभा छैठौं अधिवेशनको २९औं बैठकको निर्णयबाट सो विधेयक अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउने निर्णय भए पश्चात् उक्त विधेयक मिति २०७७ असार २८ गते यस समितिमा प्राप्त भएको थियो । विधेयकमाथि दफाबार छलफल गर्नको लागि सिमितिको २०७८ पैष २९ र ३० गते समितिको बैठक बसेको थियो यस क्रममा जम्मा दुईओटा बैठक बसी संशोधन प्रस्तावमाथि व्यापक छलफल गरिएको थियो । कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन गर्न बनेको विधेयक, २०७६ माथि यस समितिमा भएको दफाबार छलफल समितिका माननीय सदस्यज्यूहरूले दिनुभएको सुझाव प्रस्ताव यो विधेयक टेबुल गर्नु भएको माननीय मन्त्रीज्यू, समितिका माननीय सदस्यज्यूहरू, संशोधनको सूचना दर्ता गराउनु भएका माननीय सदस्यज्यूहरूसम्बन्धित मन्त्रालयका सचिव यस समितिमा उपस्थित सम्पूर्ण विज्ञहरूसँगछलफल गरिएको थियो । यस विधेयकलाईपरिष्कृत गर्न यस सभासमक्ष पेश गर्न यस समितिका विभिन्न समितिमा भएका छलफलहरूको क्रममा सक्रिय रूपमा सहभागी भएका माननीय मन्त्रीज्यू, संशोधनकर्ता माननीयज्यूहरू, समितिका माननीय सदस्यज्यूहरू विज्ञलगायत अन्य सहभागीहरूले सक्रिय भूमिका निर्वाह गरी राय

सुझाव प्रदान गर्नु भएकोमा यहाँहरूप्रतिहार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै विधेयक उपरको प्रतिवेदन तथा तयार गरी सम्पूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण सचिवालयका कर्मचारी तथा सम्बन्धित मन्त्रालयका कर्मचारीहरूप्रति धन्यवाद दिन्छु । यसैगरी समितिको कामकारबाहीको सन्दर्भमा मार्गनिर्देशन आवश्यक निर्देशन, समन्वय, सुझाव प्रकट गर्नुहुने माननीय सभामुख, उपसभामुखज्यूप्रतिहार्दिक कृतज्ञता व्यक्त गर्दछु । माननीय सभामुख महोदय, समितिको बैठकले प्रस्तावित संशोधन तथा अन्य सम्बद्ध विषयवस्तुसहित विधेयकको आवश्यकता महत्त्व र औचित्यसहित उपस्थितिको आधारमा देहाय क्रम संख्या १ देखि २३सम्मसंशोधन प्रस्तावसहितको प्रतिवेदन सम्मानितसभासमक्ष पेश गर्ने समितिको सर्वसम्मत निर्णय भएबमोजिम संशोधन प्रस्तावसहितको प्रतिवेदनसभासमक्ष पेश गर्दछु, धन्यवाद ।

__माननीय सभामुखः__माननीय सदस्यहरू अब म प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि संशोधन प्रस्ताव परी अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भएपश्चात्का निर्णय र प्रतिवेदनसभासमक्षराख्न समितिका सदस्य माननीय श्री दल रावललाई समय दिन्छु ।

__माननीय श्री दल रावलः__माननीय सभामुख महोदय, प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ प्रदेशसभा सचिवालयको २०७७ जेठ २३ गते दर्ता भई मिति २०७७ साल जेठ ३० गते सभामा छलफलको लागि टेबुल भएको थियो, मिति २०७७ असार ७ गते प्रदेशसभा मा भएको सैद्धान्तिक छलफल पश्चात् मिति २०७७ असार सातमा संशोधन परी थप छलफलको लागि मिति २०७७ असार २७ गते छटौं अधिवेशनको २९औं बैठकको निर्णयबाट सो विधेयक अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन निर्णय भए पश्चात् उक्त विधेयक मिति २०७७ असार २८ गते यस समितिमा प्राप्त भएको थियो । विधेयकमाथि दफाबार छलफल गर्नको लागि समितिको मिति २०७७ मंसिर १८ गते २०७७ माघ २ गते, २०७८ माघ ४ गते, २०७८ माघ७ गते र २०७८ माघ १३ गते समितिको बैठटक बसेको थियो यस क्रममा जम्मा पाँच पटक बैठक बसी संशोधन प्रस्तावमाथि व्यापक छलफल गरिएको थियो । प्रदेश औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ माथि यस समितिमा भएको दफाबार छलफलमा समितिका माननीय सदस्यज्यूहरूले दिनुभएको सुझाव पश्चात् यो विधेयक टेबुल गर्नु भएका माननीय मन्त्रीज्यू, समितिका माननीय सदस्यहरू, संशोधनका सूचना दर्ता गराउनु भएका माननीय सदस्यज्यूहरू, सम्बन्धित मन्त्रालयका सचिव उद्योग विभागका महानिर्देशक लगायतका विषय

विज्ञहरूसँगछलफल गरिएको थियो । यस विधेयकलाई परिष्कृतरूपमा सभासमक्ष पेश गर्न यस समितिमा विभिन्न मितिमा भएका छलफलका क्रममा सक्रिय रूपमा सहभागी हुनुभएका माननीय मन्त्रीज्यू, संशोधनकर्ता माननीय सदस्यज्यूहरू, समितिका माननीय सदस्यज्यूहरू लगायत अन्य सहभागीहरूको सक्रिय भूमिका निर्वाह गरी राय सल्लाह सुझाव प्रदान गर्नुभएकोमा उहाँहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै विधेयक उपरको प्रतिवेदन तयार गरी महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने समिति सचिवालयका कर्मचारी तथा सम्बन्धित मन्त्रालयका कर्मचारी र प्रदेशसभा सचिवप्रति धन्यवाद दिन्छु । यसैगरी समितिका कामकारबाही सन्दर्भमा मार्गदर्शन आवश्यक निर्देशन, समन्वय सद्भाव प्रकट गर्नुहुने माननीय सभामुखज्यू र उपसभामुखज्यूप्रतिहार्दिक कृतज्ञता ज्ञापन गर्दछु । माननीय सभामुख महोदय, समितिको बैठकले प्रस्तावित संशोधन तथा अन्य सम्बद्ध विषयवस्तु सहित विधेयकको आवश्यकता,महत्त्व र औचित्यको देहाय बमोजिमका क्रम संख्या एक देखि तीससम्मसंशोधन प्रस्ताव सहितको प्रतिवेदनसभासमक्ष पेश गर्ने समितिको सर्वसम्मत निर्णय भएबमोजिम संशोधन प्रस्तावसहित प्रतिवेदन सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु, धन्यवाद।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू अब म उपभोक्ताको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि संशोधन प्रस्ताव परी अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भए पश्चात्का निर्णय र प्रतिवेदनसभासमक्ष पेश गर्नको लागि समितिका सदस्य माननीय श्री दल रावललाई समय दिन्छु ।

<u>माननीय श्री दल रावलः</u>माननीय सभामुख महोदय, कर्णाली प्रदेश उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेशसभा सचिवालयबाट मिति २०७५ चैत्र १० गते दर्ता भई मिति २०७५ जेठ ११ गते प्रदेशसभामा टेबुल भई मिति २०७५ जेठ २० गते प्रदेशसभामा सैद्धान्तिक छलफल र संशोधन दर्ता भएको थियो, त्यस पश्चात् मिति २०७६ आस्विन ९ गते सभाबाट सो विधेयक अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउने निर्णय भएको थियो । माननीय सभामुख महोदय, दफाबार छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएपछि सो विधेयक टेबुल गर्नुहुने माननीय मन्त्री, संशोधनका सूचना दर्ता गर्ने माननीय सदस्यहसँगछलफल गरी समितिको अन्तिम बैठकले प्रस्ताविक संशोधन तथा अन्य सम्बद्ध विषयवस्तु सहित विधेयकको सम्बन्धमा नेपालको संविधानको अनुसूची सातमा व्यवस्था भएको सङ्घ र प्रदेशको साझा अधिकार सूचीको संख्या २ मा आवश्यक वस्तु तथा सेवाको आपूर्ती वितरण मूल्य नियन्त्रण गुणस्तर र अनुगमनसम्बन्धी विषय उल्लेख भएकोमा

उल्लिखितविषयसङ्घ, प्रदेशको साझा अधिकारको विषय भएकोले सङ्घीयसंसद्ले उपभोक्ता संरक्षण ऐन, २०७५ बनाइकार्यान्वयनमा रहेको र उक्त ऐनलाई प्रदेश बजार अनुगमन समिति गठन गर्न सक्ने र बजार अनुगमन सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक नियम बनाउन सक्ने प्रावधान रहेकोले कर्णाली प्रदेश उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सङ्घीय कानूनसँगबाँझिने समितिको निष्कर्ष भएको र उक्त विधेयकलाई फिर्ता लिन माननीय मन्त्रीज्यू समितिको बैठकमा सहमत हुनुभएकोले सो विधेयकलाई सम्माननीय सभाबाटै फिर्ता पठाउनुपर्ने राय सहित प्रतिवेदन गरिमामय सदनमा पेश गर्दछु धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०५मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेशसभा सदस्य माननीय श्री नरेश भण्डारीलाई सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८ सभासमक्ष टेबुल गर्न समय दिन्छु ।

<u>माननीय श्री नरेश भण्डारीः</u>माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले नेपालको मूल सभ्यता सिजा सभ्यताको उद्गमस्थल जुम्ला जिल्ला स्थित सिजा क्षेत्र र सिजा सभ्यतासँगसम्बन्धित कर्णाली प्रदेशका अन्य भूभागको ऐतिहासिक, सांस्कृतिक,पुरातात्त्विक, धार्मिक एवम् भाषिक पर्यटन प्रवर्धन गरी आर्थिक समृद्धि र खुसी हाँसिल गर्ने उद्देश्यका साथ सिंजा सभ्यातको संरक्षण तथा विकास गर्न वाञ्छनीय भएकोले सिंजा संरक्षण तथा विकास विधेयक, २०७८ प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभासमक्ष टेबुल गर्दछु धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू अर्थ तथा प्राकृतिक स्रोतसमितिका सदस्य माननीय श्री दल रावललाई समितिको वार्षिक प्रतिवेदनसभासमक्ष प्रस्तुत गर्न समय दिन्छु ।

<u>माननीय श्री दल रावलः</u>माननीय सभामुख महोदय, संसदीयप्रणाली र अभ्यासमा समिति प्रणालीको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । समिति प्रणालीबाटै संसद्को बहुआयामिक र कामकारबाही सरल र प्रभावकारी ढङ्गले सञ्चालन हुने गर्दछन् । त्यसैले समिति प्रणालीको संस्थागत विकास गर्न र यसको व्यावहारिक अभ्यासलाई सफल तुल्याउनको लागि समितिहरूको कामकारबाही कार्य प्रकृति स्पष्ट र व्यावहारिक बनाउन आवश्यक भएकोले हामीले यस सभाका कामकारबाहीप्रति प्रदेशसभाका सांसदहरूलाई जागरुक र जिम्मेवार तुल्याई प्रदेश सरकारलाई जनताप्रति उत्तरदायी बनाउनका लागि साथै सभाका कार्यलाई व्यवस्थित र प्रभावकारी रूपमा सम्पादन गर्न र विधेयकहरूलाई परिमार्जन गरी परिष्कृत गर्नका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १४५

बमोजिम यस सभाबाट चार ओटाविषयगत समितिहरू गठन भएको सर्वविदितै छ । विषयगत समितिमध्ये एउटा महत्त्वपूर्ण विषयगत समिति अर्थ तथा प्राकृतिक स्रोत समिति पनि हो । राज्य प्रशासनलाई सहज, सरल र पारदर्शी बनाउने दृष्टिकोणबाट उद्धार व्याख्या गरी यसलाई जनभावना अनुकूल र प्रदेश सरकारका गतिविधिलाई प्रभावकारी बनाउने, कार्यमा यस समितिको भूमिका रहदै आएको छ । संसद् र संसदीय समितिको अवधारणा र विकास अनुरूप समितिहरूले निर्वाह गर्ने कार्यहरूको विवरण कर्णाली प्रदेशसभा नियमावली, २०७४ नियम १५० बमोजिमका कर्तव्य सम्बन्धमा नियम १५५ बमोजिम बैठकबाट निर्णय गरी समितिले कार्यसम्पादन गरेको छ । सभामुख महोदय, यस समितिले समितिको अधिकार क्षेत्रभित्र रही सम्बन्धितविषयमा विविध विधि निर्माण र सरकारी कामकारबाहीमा उत्तरदायित्व वहन भए नभएको सन्दर्भमा जाँचबुझ र मूल्याङ्कन गर्दै आइरहेको छ । कर्णाली प्रदेशसभा नियमावली, २०७४ बमोजिम मिति २०७७ असार २८ गते निर्वाचनबाट गठित यो समितिमा हाल ८ जना माननीय सदस्यहरू रहनु भएको छ यस समितिलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ ले आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग पर्यटन वन  तथा वातावरण मन्त्रालय र सो अन्तर्गतका निकायको कामकारबाही भनी कार्यक्षेत्र तोकिएको र सोही कार्यक्षेत्रभित्र रही यस समितिले आफ्नो काम अगाडि बढाएको माननीय सभामुखज्यूमार्फत् यस सभालाई जानकारी गराउन चाहन्छु । यस समितिको प्रदेश सरकारलाई प्रदेशसभाप्रति जिम्मेवार तुल्याउन आफ्नो कार्यक्षेत्रभित्र रही सरकारका गरेका विभिन्न कामकारबाही अवलोकन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र सल्लाह गरिरहेको साथै आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभाग आयोग र निकायका प्रतिनिधि र आवश्यकताअनुसार त्यस विषयका विशेषज्ञहरूसँगसमेत छलफल गरी सम्बन्धित निकायले गरेका कामकारबाहीको सम्बन्धमा स्थलगत रूपमै अनुगमन गर्ने, आवश्यक राय सल्लाह सुझाव र निर्देशनदिने कार्य गरिरहेको जानकारी गराउन चाहन्छु । सभामुख महोदय, यस समितिको पहिलो बैठक बसेको २०७५ वैशाख १७ गतेदेखि हालसम्म गरी जम्मा ७४ बैठक बसेको र आफ्नो कामकारबाहीअगाडि बढाइरहेको सम्बन्धितविषय क्षेत्रको थप अनुगमन अध्ययन अनुसन्धान गरी समितिको आन्तरिक कामकारबाहीलाई अझ व्यवस्थित गर्न विभिन्न समयमा आवश्यकताअनुसार उपसमिति गठन गर्ने र सो उपसमितिले दिएको प्रतिवेदनले समेत यस समितिलाई थप व्यवस्थित बनाउन मद्दत पुगेको कुरा म जानकारी गराउन चाहन्छु । सभामुख महोदय, सभा वर्षैभरि बस्न नसक्ने भएकोले सभाको प्रतिनिधित्व

गर्दै सभाका कामकारबाहीअगाडि बढाउन समितिको गठन भएको व्यहोरा सर्वविदितै छ । सरकार सभा र समितिप्रति जवाफदेही र उत्तरदायी हुनुपर्नेमा सभा र समितिहरूप्रतिजवाफदेहिता र उत्तरदायित्वप्रति सरकार गम्भीर नभएको महसुस भएको छ । समितिले आवश्यक परेका खण्डमा समय समयमा विभिन्न विवरण माग गर्ने गरेकोमा उक्त विवरणहरू समयमा नै उपलब्ध नहुने र उपलब्ध भएका विवरण पनि सान्दर्भिक नभएको कारणले गर्दा पनि यस समितिबाट गरिने अनुगमन कार्यमा समस्या रहेको छ । समितिमार्फत् दिएका निर्देशनहरूप्रतिगम्भीर बन्न सभामार्फत् सरकारलाई निर्देशन हुन आवश्यक भएको कुरा पनि माननीय सभामुखज्यूमार्फत् सभामा जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय, समितिलाई चुस्त दुरुस्त र व्यवस्थित गर्न समितिको बैठक सञ्चालन कक्षमा अति आवश्यक साधन स्रोतको यथोचित व्यवस्थापन, समितिको कार्यक्षेत्रसँगसम्बन्धितविषयमा स्थलगत अध्ययन अनुगमन गर्न बजेटको व्यवस्था हुनुका साथै आवश्यक प्राविधिक कर्मचारीको उपलब्धता समितिमा आमन्त्रण गरिएका विषयविज्ञहरूको उचित पारिश्रमको व्यवस्था माननीय सदस्य एवम् सचिवालयका कर्मचारीहरूको समयअनुकूल क्षेमता अभिवृद्धि लगायतका विषयमा भ्रमण तथा प्रशिक्षणको व्यवस्था आवश्यक देखिएको समेत सभामुखमार्फत् यस सभालाई जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय, प्रभावकारी समिति प्रणालीसञ्चालन र व्यवस्थापन, सञ्चालन लोकतन्त्रको विकास हुन्छ भन्नेमा दुई मत छैन हामीहरूसंसदीय अभ्यासमा जुटेका लामो अभ्यास इतिहास नभए पनि समितिका निरन्तर बैठक सञ्चालन, सरकारी कामकारबाहीको स्थलगत अनुगमन र निर्देशक, समितिका विधेयक दफाबार छलफलको क्रममा विधेयक पेश गर्ने र छलफलमा भाग लिने माननीय सदस्यहरूको रुचि र निरन्तर अभ्यासले समिति प्रणालीको विकासको साथै यसको महत्त्व बढिरहेको भन्न सकिन्छ । समिति एउटा सामूहिक भावना र सहयोगमा आधारित संस्था भएकोले यसमा सबैको सहयोग चासो र सक्रियता आगामी दिनमा थप प्रभावकारी बनाउन समितिको पदाधिकारी एवम् सदस्य सबैको समानदायित्वबोध हुनुपर्दछ । सभामुख महोदय, यस समितिको कामकारबाहीलई प्रभावकारी रूपमा अगाडि बढाउन अहोरात्र खटिने समितिका कर्मचारी, प्रदेशसभा सचिव विभिन्न मन्त्रालयका सचिवज्यूलगायत विषयविज्ञहरूलाई धन्यवाद दिन चाहन्छु । त्यसैले समितिका कामकारबाहीको समयमा मार्ग निर्देशन आवश्यक निर्देशक समन्वय र सद्भाव प्रकट गर्नुहुने माननीय सभामुखज्यू,

माननीय उपसभामुखज्यूप्रतिहार्दिक कृतज्ञता ज्ञापन गर्दछु । सभामुखम महोदय, कर्णाली प्रदेशसभा नियमावली, २०७४ नियम १५७ बमोजिम आर्थिक वर्ष २०७७/०७८ को अर्थ तथा प्राकृतिक स्रोत समितिका वार्षिक प्रतिवेदन माननीय सभामुखज्यूमार्फत् यस सभामा पेश गर्दछु धन्यवाद ।

<u>**माननीय सभामुखः**</u>माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारको तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेश पर्यटनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ का सम्बन्धमा कर्णाली प्रदेशसभा नियमावली, २०७४को नियम १२० को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदन सहित विधेयकमाथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

<u>**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः-**</u>माननीय सभामुख महोदय, सभामुखज्यूको अनुमतिले सम्माननीय सभामा प्रदेश सरकारको तर्फबाट पेश भएको कर्णाली प्रदेश पर्यटनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ प्रदेशसभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र अर्थ तथा प्राकृतिक स्रोत समितिमा थप छलफल भई सभामा प्राप्त भएकोले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदन सहित विधेयकमाथि छलफल गरियोस् भनी सभामा प्रस्तुत गर्दछु धन्यवाद ।

<u>**माननीय सभामुखः-**</u>माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारको तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले सभामा पेश गर्नुभएको कर्णाली प्रदेश पर्यटनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि प्रतिवेदन सहित विषय माथिको छलफलको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री देवी ओली । समय सात मिनेट ।

<u>**माननीय श्री देवी ओलीः**</u>माननीय सभामुखज्यू कर्णाली प्रदेश पर्यटनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि संशोधनकर्ता पनि म आफू भएकाले कर्णाली प्रदेशमा गठन भएको पर्यटनसँगसम्बन्धित व्यवसायीहरूलाई कानूनी रूपमा यहाँको कर्णालीको आफ्नो आन्तरिक आयस्रोत वृद्धिको निम्ति अत्यन्तै सहज र सुव्यवस्थित हुने विश्वास मैले गरेको छु । ट्राभल तथा ट्रेकिङ एजेन्सीको काम गर्न चाहाने व्यक्तिलर्य कानूनी रूपमा वैधानिकरूपमा इजाजत लिएर काम गर्नको निम्ति कानूनको शासन सबै नागरिकले प्रत्याभूत गर्नको निम्ति यो विधेयकले अत्यन्तै महत्त्वपूर्ण टेवा पुऱ्याउने छ । विशेष गरेर ट्राभल तथा ट्रेकिङ एजेन्सीहरूले आफूले गर्ने काम काज र आन्तरिक तथा बाह्य पर्यटकहरूलाई दिने सेवा सुविधाका विषयमा

जसले सेवा लिने हो उसलाई चाहिँ आफ्नो सेवा प्रदान गरेबापत दिइने सेवाको शुल्कहरू पनि अग्रिम रूपमा जानकारी गराएर एउटा विश्वसनीयता र कानूनी शासनको प्रत्याभूत गराउन यो विधेयकले महत्त्वपूर्ण योगदान दिनेछ । विशेष गरेर अर्थ तथा प्राकृतिक स्रोत समितिमा हामीले राखेका सूचना, संशोधन माथि पनि व्यापक छलफल भएको छ । विज्ञहरूको राय, सुझाव पनि समितिले लिएको छ । हामीले जुनजुन दफामा संशोधनको प्रस्ताव राखेका थियौं ती प्राय दफाहरूमा राखिएका संशोधनहरू पनि समितिले अपनत्व कायम गरेर त्यो सहिद ती दफाहरूमा संशोधन गरेर एउटा अगाडि बढाउने प्रयत्न गरेको छ त्यो एउटा प्रशंसनीय पक्ष रहेको छ त्यस कारण कानून निर्माण गर्नुमात्रै ठूलो कुरा छैन आज नेपाली समाजमा कार्यान्वयनको समस्या व्यक्तिमा देखिएका नियतमा खराबी आएका कारणले कानूनमा भएका व्यवस्थाहरू पनि सुचारु ढङ्गले लागु नहुने जुन समस्याहरू देखिरहेका छन् । त्यो समस्या हामी बिच नआओस् र पर्यटन प्रवर्धनका निम्ति आज कर्णालीका प्रत्येक नागरिकको प्रतिव्यक्ति आय वृद्धिका निम्ति हाम्रो स्रोत हाम्रो अपार सम्भावना बोकेको प्रदेश हाम्रा पर्यटकीय क्षेत्रहरूले नै हाम्रो प्रदेशको आन्तरिक कार्यस्रोतको वृद्धि गर्ने सम्भावना सबैले देखिरहेको सन्दर्भमा यो विधेयकले कानूनी मान्यता प्राप्त गरेर राजपत्रमा प्रकाशित भएर आएको खण्डमा यहाँका ट्राभल एजेन्सीहरूले पनि त्यो ढङ्गले काम गर्ने एउटा सुअवसर मिल्नेछ । र त्यहाँ आन्तरिक तथा बाह्य पर्यटकको रूपमा आउने व्यक्तिहरूले पनि त्यो सेवा सुविधा प्राप्त गर्न सक्नुहुनेछ यो कानून कार्यान्वयनको निम्ति व्यवहारमा हामीले इमान्दारीता पूर्वक कार्यान्वनलाई विशेष ध्यान दिएर जानुपर्छ सबै कानून निर्माण गर्दा सरल भाषामा र जनताको पक्षमा उपज हुने गरी नागरिकका राय सुझावलाई पनि यो पहिलो विधेयक, पहिलो कानून भएका कारणले गर्दाखेरि समितिले व्यापक रूपमा नागरिकहरूको सुझाव पनि लिएको छ । त्यो कुराहामीले प्रत्यक्षरूपमा आफूले पनि संशोधन राखेका कारणले संशोधनसहित बैठक बस्दाखेरीका अनुभूति पनि मलाई त्यो लागिरहेको छ कि हाम्रो यो कानूनलाई सरल सहज र जनतालाई सहज रूपमा सेवा पुऱ्याउनको लागि कानून निर्माण भएका छन् यो कानूनलाई सबैको सरकार सम्बन्धित पक्ष नागरिक सबैको इमानदारिता रहनुपर्छ । र हामीले कानून निर्माणको सार्थकता पाउन सक्छौं भन्ने कुरा राख्दै आफ्नो भनाइ अन्त्य गर्छु धन्यवाद ।

<u>माननीय सभामुख:</u>माननीय सदस्यहरू कर्णाली प्रदेश पर्यटनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि समितिको प्रतिवेदन सहित छलफल आजै समाप्त हुने

भएकाले छलफलमा भाग लिन चाहाने माननीय सदस्यहरूले रोस्टमको बायाँतर्फ रहेको सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । अब माननीय श्री पद्मा खड्का ।

<u>माननीय श्री पद्मा खड्का:</u>माननीय सभामुखज्यू, कर्णाली प्रदेश पर्यटनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकसंशोधनपश्चात् समितिमा व्यापक रूपमा छलफल भई सभामा समितिबाट प्रतिवेदन तयार भई प्रस्तुत भइसकेको छ । र सर्वप्रथम मैले कर्णाली प्रदेश एउटा यस्तो प्रदेश हो जहाँ पर्यटन व्यवसायबाट यो कर्णालीको आर्थिक राजस्व बढ्ने सम्भावना हामीले देखिरहेका छौं । जुन सपना देखिरहेका थियौं त्यो उद्देश्य अनुरूप यो विधेयक अलि समयमा नै हामीले कानून निर्माण भएर कार्यान्वयनमा जान्छ भन्ने जुन आशा लिएका थियौं त्यो समयमा नै हामीले गर्न सकेनौं संसद् नचल्दा समितिको प्रतिवेदन समितिमा व्यापक छलफल भएर पनि यो अगाडि बढ्न सकेन यो एउटा दुःखको कुरा हो, र मैले यति हुँदा पनि यो विधेयकलाई अत्यन्तै महत्त्वपूर्ण ठानेर हामी जनप्रतिनिधिहरूले सरकारले ओनरसिप गरेर ल्याइसकेको विधेयकमा केही त्यस्ता छुटेका विषयवस्तुहरू, देहोरिएका विषयवस्तुहरू र भाषागत त्रुटिहरू यी सबै विषयलाई हेर्दै म पनि एउटा संशोधनकर्ताको एउटा सदस्यको हिसाबले धेरैभन्दा धेरै विषयवस्तुहरूलाई कानूनमा झन्झटिलो नहुने गरी र कानूनका विभिन्न दफाहरू दोहोरिएर फेरि नागरिकलाई सास्ती नहुने गरी र कानूनमा लेखिएका कुराहरू जसले फेरि अर्को अर्थ नलाग्नेगरी व्यापक रूपमा हामीले संशोधन गरेर र ती संशोधनका बुँदाहरूलाई दफाबार छलफल गरी र त्यो सरकारका मन्त्रीलाई पनि छलफलमा समावेश गराई र विभिन्न दफाहरू केही दफाहरू झिकिएका छन् र केही दफाहरू राखिएका छन् र ती राखिएका, तीसुव्यवस्थित बनाइएका कानून त्यो विधेयकलाई पूर्ण रूपमा दिँदै आज हामी संसद्मा छलफल गरिरहेका छौं । ल जो यो हामीलेविधेयकलाई आज निर्णयार्थ बढ्दै छ । त्यो विधेयकले अहिलेसम्म चलिरहेको हाम्रो पर्यटन व्यवसाय जुन गतिमा चलिरहेको छ जुन गतिमा जानुपर्ने थियो र यसले यो कानून निर्माण भइसकेपछि एउटा कानूनतह हिसाबले अगाडि बढ्यो भने पक्कै पनि यहाँ रहेका साना ती पर्यटन व्यवसायीहरूले वैधानिक रूपमा आफ्ना व्यवसाय अगाडिबढाउन सक्ने र वैधानिक रूपमा राजस्व सङ्कलन हुने र यो कर्णाली प्रदेश सरकारलाई केही आर्थिक पक्षमा केही सुधार हुने केही एउटा अवसरको रूपमा पनि हामीले हेरिरहेका छौं । र मलाई लाग्छ पर्यटनको धेरै सम्भावना बोकेको कर्णाली तर पनि हामीले के गरिरहेका छौं भने विधेयकहरू ल्याउँदा जम्मै सङ्घीय सरकारका कपीपेष्ट गर्ने र भाषाका कुराहरू जम्मासङ्घीय सरकारसँगमेल खाने यस्तो खाले जुन विधेयकमाथि

दफाबार छलफलमा हामीले देखेका छौँ । यसलाई पनि घनीभूतरूपमा जनप्रतिनिधि हामी सबैले संशोधनकर्ताहरूको छलफलमा ती विषयहरू सच्याइएका छन्। ती सच्याएका विषयले पनि यहाँ कर्णालीका जनताहरूले सरल रूपमा, सहज रूपमा र आफूले गर्न लागेका आफूले अगाडि बढाउन लागेका विषयहरूमा यो कानूनले काहीँ पनि बाधा पुग्ने छैन भन्ने हामीले विश्वास पनि लिएका छौँ र यसैमा मैले दफाहरूमा छलफल गर्दै जाँदा ट्राभल एजेन्सीहरूलाई कुनै पनि समय सीमा म्याद नराखीकन दर्ता नवीकरणका जुन प्रावधानहरू छन् व्यापक छलफल हुँदा संशोधन पनि त्यसैमा छ कम्तीमा पनि हामीले सीमा तोक्नुपर्छ त्यो समय सीमा तोक्यो भने सहज रूपमा कर्णालीलाई नै फाइदा पुग्ने खालका त्यस्ता ट्राभल एजेन्सीले आफ्नो विधिगत रूपमा आफ्नो प्रक्रिया पूरा गरेर आउने छन् ता कि यिनीहरूले दर्ताका नाममा दर्ता मात्रै गरेर यो कर्णालीको नाम मात्रै बेच्ने खालका ट्राभल एजेन्सीहरू यो प्रक्रिया पूरा गर्ने एउटा विधि बनाइएन भने तिनीहरू नामको लागि मात्रै दर्ता हुने छन् भन्ने खालको एउटा बुझाइ सबैमा भयो र सबैले त्यो खालको एउटा ओनरसिप सबै संशोधनकर्ता र सम्बन्धित मन्त्रालयको मन्त्रीहरू, सचिवज्यूहरू, विज्ञहरूको राय सल्लाह सुझावले त्यस्ता खालका बुदाहरूलाई पनि हामीले संशोधनमार्फत् जे हो निष्कर्षमा पुऱ्याएर त्यसले राम्रो सन्देश, सहज रूपमा  अगाडि बढ्नको लागि पनि त्यसले महत्त्वपूर्ण बाटो लिन्छ होला भन्ने मलाई लागेको छ । त्यस्तै क्रममा मलाई लागेको छ दफा हरेक दफाहरूमा हामीले जोडिएका र दोहोरिएका विषयहरू जस्तो हामीले नागरिकहरूलाई जो शब्द नै हामीले त्यो भन्न नमिल्ने त्यो खाले कानूनी रूपमा भाषा प्रयोग गर्न नमिल्ने त्यस्ता खालका शब्दहरू पनि छन् ती शब्दहरूलाई पनि सच्याएर अगाडि बढेको अवस्था छ र अन्तमा मैले यो कर्णाली प्रदेशको पर्यटन विधेयकलाई ढिलै भए पनि अगाडि बढेको छ यो पर्यटन विधेयकसँगै यो भित्र भइरहेका, लेखिएका कुराहरू कानूनतःव्यावहारिकरूपमा कार्यान्वयन हुनका लागि सबै नागरिक देखि सबै जनप्रतिनिधिहरूले सर्वपक्षीय रूपमा यसको पालना गरेर अगाडि बढेको अवस्थामा कर्णालीको पर्यटन व्यवसायलाई तीव्र गतिमा अगाडि बढाउन सकौं भने मात्र कर्णालीको राजस्वको दर बढाउनको लागि यसले ठूलो टेवा पुऱ्याउँछ भन्न् कुरा राख्नचाहन्छु धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्रालय माननीय श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेश पर्यटनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि समितिको प्रतिवेदनमाथिको

छलफको क्रममा माननीय सदस्यहरूले उठाएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिन सयम दिन्छु ।

<u>आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्ट:</u>माननीय सभामुख महोदय, कर्णाली प्रदेश पर्यटनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ यो सम्माननीय सभामा टेबुल भई समितिमा गएर व्यापक छलफल भई र त्यो छलफलमार्फत्संशोधन कर्ता माननीय सदस्यहरू, समितिका माननीय सदस्यहरूविषय विज्ञसहितको सहभागितामा छलफल गरेर यो विधेयकलाई अझ थप व्यवस्थित कसरी गर्न सकिन्छ भन्ने विषयमा एउटा घनीभूत छलफल गरेर एउटा साझा निष्कर्षमा पुगेको अवस्था छ। प्रतिवेदनले त्यही बोलेको छ, पर्यटन हाम्रो कर्णालीको लागि महत्त्वको विषय हो । प्रदेशलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउनको लागि, यहाँका जनताको जीवनस्तरमा परिवर्तन गर्नको लागि हामीले राखेको उद्देश्य समृद्ध कर्णाली सुखारी कर्णालीवासी भन्ने जो हामीले नारा दिएका छौं त्यो नारालाई एचिभ गर्नको लागि कर्णालीको पर्यटन महत्त्वपूर्ण क्षेत्र हो । पर्यटन क्षेत्रलाई व्यवस्थित नगरीकन हाम्रो समृद्धि, आत्मनिर्भरको यात्रालाई अगाडि बढाउन सकिँदैन भन्ने कुराप्रति कर्णाली प्रदेश सरकार प्रतिबद्ध छ त्यो महत्त्वका साथ यो विधेयक यो सम्माननीय सभामा प्रस्तुत भएर छलफल गर्दै आज हामी प्रतिवेदन पेश गरेर यसको निष्कर्षमा जाने हामी प्रक्रियामा छौं। म कर्णाली प्रदेश सरकारको तर्फबाट यो प्रक्रियामा सहभागी हुने, संशोधन, छलफल बहसको प्रक्रियामा र समितिले जो बडो मेहेनतका साथ साझा निष्कर्षमा पुग्ने एउटा वातावरण बनेको छ । यो प्रक्रियामा वडो मेहेनतगर्ने माननीय सदस्यज्यूहरू, समितिका माननीय अध्यक्षज्यू लगायत सम्पूर्ण सदस्यज्यूहरू र त्यस पछि विषयविज्ञहरू जे मेहनतका साथ छलफल गर्नुभयो उहाँहरूप्रतिहार्दिक आभार व्यक्त गर्न चाहन्छु र अहिले प्रतिवेदन माथिको छलफलको क्रममा यहाँ आफ्ना धारणाहरूराख्नुहुने माननीय सदस्यहरूहार्दिक आभार व्यक्त गर्न चाहन्छु, धन्यवाद व्यक्त गर्न चाहन्छु गति संशोधनको क्रममा विषय उठेका थिए ती विषयहरू सरकारको तर्फबाट सरकारको मन्त्रालयको तर्फबाट पनि त्यसलाई स्वीकारेर एकीकृत धारणा बनाएर यहाँ आइसकेको अवस्थामा त्यस्तो धेरै जवाफ दिन विषय छैन प्रश्न यति मात्रै छ कि कानून बनिसकेको कार्यान्वयनको प्रक्रियामा हामी कसरी व्यवस्थित गरेर जान सक्छौं भन्ने प्रश्नहरू यहाँ उठेका छन्। म यो सम्मानित सदनलाई माननीय सभामुखमार्फत् के विश्वास दिलाउन चाहन्छु भन्दाखेरिकर्णाली प्रदेश सरकार निर्माण भएका कानूनहरूजनप्रतिनिधिमूलक संस्थाले सम्मानित सदनले निर्माण गरेका कानूनहरू जो कर्णालीका जनताको भाग्य र

भविष्यसँगजुन यसको सम्बन्ध जोडिएको छ । यी कानूनहरूलाई कार्यान्वयन गर्नमा कर्णाली प्रदेश सरकार प्रतिबद्ध रहेको कुरा म यहाँ व्यक्त गर्न चाहन्छु र आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु धन्यवाद ।

**मानननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री श्री बिन्दमान विष्टले सभामा पेश गर्नु भएको कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि समितिको प्रतिवेदन सहित विधेयकमाथिको छलफल समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ समितिको संशोधन प्रतिवेदनसहित कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१ बमोजिम पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः**माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६माथि प्रदेशसभामा छलफल भइसकेकोले अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अभिन्न अङ्ग हुने गरी समग्र विधेयक कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१ बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले सभामा पेश गर्नु भएको कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ लाई समितिको संशोधन प्रतिवेदन सहित समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुन माननीय सदस्यहरू"हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुन माननीय सदस्यहरू"हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनमा उल्लेख भएका

संशोधनका प्रस्ताव विधेयकको अभिन्न अङ्ग हुने गरी समर्थ विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ का सम्बन्धमा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड (क) बमोजिम प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

<u>आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः</u>माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णालीप्रदेशभित्रको राष्ट्रिय वन संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ प्रदेशसभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भई सभामा प्राप्त भएकोले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड (क) बमोजिक प्रतिवेदनसहित विधेयकमाथि सभामा छलफल गरियोस् भनी प्रस्ताव गर्दछु ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री श्री बिन्दमान विष्टले सभामा पेश गर्नुभएको कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि प्रतिवेदनसहित विधेयकमाथिको छलफल छलफलका लागि समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय श्री दल रावल समय सात मिनेट

<u>माननीय श्री दल रावलः</u>माननीय सभामुख महोदय, प्रदेश सरकारबाट पेश भएर छलफल भएर आज अन्तिम अनुमोदनका लागि यो विषयमा हामी छलफल गर्दै छौं । कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयकमाथिको छलफल गरिरहँदा वन क्षेत्र आफैंमा महत्त्वपूर्ण क्षेत्र हो अब यो कर्णाली प्रदेश कस्तो हो भने हामी टिम्बरभन्दा ननटिम्बरका बढी फोकस हुनुपर्ने हुन्छ । किनभने तराई क्षेत्रमा बढी टिम्बरको कुरा हुन्छ हामी ननटिम्बर भनेको एनटिएपटि भन्छन् ननटिम्बर फरेष्ट प्रोडक्ट भनेको गैर कास्ट पैदावार जडीबुटीहरू, हप्सहरू, हाइभ्यालु हप्सहरू हाम्रो कर्णालीमा अत्यन्तै छन् । अत्यन्तै भ्यालुएबल मेडिसिनल प्लान्टहरू हाम्रो कर्णालीमा छन् यसको व्यवस्थापन कसरी गर्ने होला भन्ने कुरा अलिकति विधेयकमा अतिकति व्यवस्थित गर्नुपर्ने थियो हामी संशोधनमा पनि कता कता चुकिएछकि क्या हो । अलि त्यो व्यवस्था गर्न सकिएनछ । यद्यपि सरकारले त्यो चाहियो भने अहिले पनि

मन्त्रीज्यूले मेरो विचारमा कर्णालीमा एउटा जडीबुटी विकास बोर्ड वा कम्पनीको व्यवस्था गरौं कानूनतः व्यवस्था गर्न सक्यौं भने यो राम्रो हुन्छ । किनभने एउटा सरकारको संरचनाले नै राम्रो खालको व्यवस्था जडीबुटीको विकास यिनीहरूको प्रवर्धन इन्टरनेस्नल, नेस्नल मार्केटिङ गर्न सकियो प्रोडक्सन गर्न सकियो भने कर्णालीको एउटा इकोनमिक पिल्लर जस्ता हामीले अघि टुरिज्म बन्यौं पर्यटन क्षेत्र कर्णालीको इकोनमि पिल्लर हुन सक्छ हाइड्रोपावर हुन सक्छ भने जस्तै जडीबुटी क्षेत्र पनि एउटा अर्को आर्थिक मेरुदण्ड हुन सक्छ । इकोनमी व्याडबन्ड कर्णालीको लागि हुनसक्छ । त्यो भएको नाताले मलाई यो विधेयकमा छलफल गर्दा यो पनि प्रस्ताव राखिहालौं कि भन्ने लाग्यो र राखे थुप्रै प्रोभिजनहरू राम्रा छन् । हामीले तयार पारेको विधेयकमा थुप्रै कुराहरू माननीयज्यूहरूले संशोधन गरेर राम्रा कुराहरू आएका छन्। यो पनि व्यवस्था गर्न सक्यौं भने अझ राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ । त्यसैगरी नेपालमा वन भनेको अत्यन्तै प्रभावकारी छ, इटरनेश्नली रिकोनाइज गरेको नेपालका समुदायहरूले आफ्नो वन आफू सुरक्षित र संरक्षित गरेको रेकर्ड ग्लोबल्ली हेर्दाखेरि चाहिँ दक्षिण एसियामा त अत्यन्तै प्रभावकारी मानिदोरहेछ। यसलाई यसलाई हामीले दुई ठाउँमा अलिकति अप्ठ्यारो पारेका छौं । यसलाई हामीले कसरी हेर्न सक्छौं । एक ठाउँमा २५ प्रतिशतउनीहरूमा आएको रोएल्टीको २५ प्रतिशत ट्याक्स लगाइदिएका छौं प्रदेश सरकारको हाम्रो सञ्चित कोषमा जम्मा हुन्छ भनेका छौं यसलाई हामी कसरी हेरौं र अर्कोतिर ५० प्रतिशत उनीहरूले कलेक्सन गर्ने ट्याक्समा उनीहरूले पाउने पैसामा सम्बन्धित स्थानीय वडासँगमिलेर हामी इन्टरप्राइज गर्छौं भन्या त्यो त ठिक छ एकदमै किनभने स्थानीय समुदायबाटै गठित र स्थानीय समुदायप्रति बढी जवाफदेही र जिम्मेवार हुने भएकाले स्थानीय सरकारसँगसमन्वय गरेर त्यहाँको इन्टरप्रेनरसिपको विकास गर्ने, त्यहाँको वन उद्यमको विकास गर्ने जडीबुटी संरक्षणको विकास गर्नु त्यो राम्रो छ ५० प्रतिशत लगायौं मलाई लाग्छ यो प्रगतिशील कर नै हो, प्रगतिशील काम नै हो तर समुदायलाई जुन सङ्घीय सरकारले पनि त्यो लगाउँछ, स्थानीय सरकारले पनि लगाएका छन् फेरि हामी प्रदेश सरकारले पनि तिनै तहका सरकारले समुदायमाथि अलिकति असर पर्ने काम गरौं भने यो १५ प्रतिशत ट्याक्स लगाउने भनेको रहेछ यसमा अलिकति रिभ्यू गर्ने हो कि भन्ने मलाई लाग्छ । त्यसै गरी हामीले यो वन यो वैज्ञानिक वन भनेर थुप्रै हल्ला भयो नेपालमा त्यो सामुदायिक वनहरूले आन्दोलन पनि गरे वैज्ञानिक वन हाम्रा ब्युरोक्रयाटले मान्नु भएको थिएन ।वास्तवमा त्यो फाइदाजनक पनि छैन वास्तवमा हामी एउटा जनप्रतिनिधिका नाताले हेर्ने हो भने पनि वैज्ञानिक वन

भन्ने कुरा फाइदाजनक थिएन त्यो टरमिनलोजी चाहिँ ब्युरोक्र्यास्टले प्रयोग गरेको टरमिनोलोजि हो वास्तवमा त्यो साइन्टिफिक थिएन । अनि त्यसबाट त सरकार पछि ब्याक भयो आन्दोलन सान्दोलन उहाँहरूको सम्झौता भए पनि ब्याक भएपछि अहिले फेरि चाहिँ अर्को शब्द त्यहाँ राख्ने गरेको रहेछ यो वनको दिगो व्यवस्थापन भन्ने बित्तिकै सबै कुरा मिल्छ हुन्छ तर ठ्याक्कै त्यो वैज्ञानिक वन भने जस्तो जस्तो हो । हामी जो जनताका लागि कानून बनाउँदै छु जनताका लागि सहज कानून बनाऔं मेरो विचारमा ब्युरोक्रेसीको लागि कानून बनाउने हैन जनताका लागि कानून बनाउने हो भने जनताका लागि बनाउने कानूनमा यी यस्ता खालका टरमिनलोजी प्रयोग गरेर सीमित मान्छेलाई फाइदा हुने सीमित आफ्नो काम गर्ने, सीमितजडीबुटीको काम गर्ने मान्छेलाई फाइदा हुने हैन आम कर्णालीका १७ लाख जनतालाई फाइदा हुने ढङ्गले हामीले कानून बनाउनुपर्ने हुन्छ । त्यो भएको नाताले यस्तो खालको व्यवस्था गरौं भन्ने मलाई लाग्छ । अर्को संरक्षण क्षेत्र यो कन्जरभेसन एरिया पनि भन्छौं बफरजन एरियाहरू पनि छन् । ठिक छ यो इन्टरनेश्नली हामीलाई कमिटमेन्ट यो गरेका छौं यो थुप्रै यी चिज युट्युव प्रोटोकलदेखि थुप्रैमा हामीले कमिटमेन्ट गरेका छौं तर मलाई के लाग्छ भने संरक्षित क्षेत्रले विकासमा बाधा र अवरोध ल्याउँदो रहेछ । अहिले पनि अस्ति त्यो अनलाइन खबरमा थियो त्यो अपरतामाकोशीको हाइड्रोपावरमै समस्या आइसक्यो किनभने अस्ति एक जना सचिवज्यूले मकहाँ आएर म मन्त्रीहुँदाखेरि के भन्नु हुन्थ्यो भने लिमिलाई संरक्षित क्षेत्र गरौं भन्नुहुन्थ्यो मैले त्यो त्यति साइन्टिफिक हुँदैन भने किनभने लिमी एउटा उदाहरण दिन खोजेको हुम्लाको लिमि भनेको त्यहाँका समुदाय त्यहाँका लामाले आफैं पनि अत्यन्तै राम्रोसँगसंरक्षित गर्नुभएको छ भने सरकारी अर्को संरक्षित क्षेत्र जान जरुरी छैन । समुदायबाट साइन्टिफिकली एकदमै संरक्षित भएका क्षेत्रहरू र समुदायले आफैंफाइदा लिएको एरियालाई फेरि संरक्षण क्षेत्रको नाममा व्यवस्थापन गरौं भने ठूलो व्युरोक्रेटिकल व्युरोक्रेसिका मान्छेहरू त्यहाँ खाली अध्ययन अनुसन्धान मात्र गर्ने संरक्षणभन्दा त्यहाँ अरूअरू कामहरू बढी हुने भएकाले संरक्षित क्षेत्रभन्दा स्थानीय जनताले गरेको संरक्षणलाई अझ प्रवर्धन गरेर अगाडि बढौं भन्ने मलाई लाग्छ यो ढङ्गले अलिकति हामीले विधेयकलाई अझै पनि परिष्कृत गरेर अझ राम्रो बनाएर जान सक्यौं भने वन क्षेत्र भनेको कर्णालीको इकोनमिक व्याकबन्ड हो अझ टिम्बरभन्दा ननटिम्बर सेक्टर हाम्रो बढी छ त्यसलाई पनि व्यवस्थित गर्ने ढङ्गले यो चाहिँ कानून हामीले बनाउन सक्यौं भने अझ राम्रो हुन्छ भन्ने मलाई लाग्छ धन्यवाद ।

**<u>माननीय सभामुखः</u>**माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि समितिको प्रतिवेदन माथिको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाको जवाफ दिन समय दिन्छु ।

**<u>आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः</u>**माननीय सभामुख महोदय, कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक २०७६ सदनमा टेबुल भएर समितिमा गएर व्यापक छलफल पछि आज हामी एउटा निष्कर्षमा पुग्ने चरणमा छौं अब अघिको पर्यटनको विषयमा छलफल गर्दाखेरि हामीले एउटा महत्त्वपूर्ण आधारको रूपमा जे व्याख्या गरौं कर्णालीको लागि वन क्षेत्र पनि कर्णालीको आर्थिक रूपमा आत्मनिर्भरताको लागि यहाँको जनताको जीवनरूपान्तरणको लागि जीवनस्तर माथि उकास्नको लागि वन क्षेत्र पनि एउटा महत्त्वपूर्ण पक्ष हो यस कारणले गर्दाखेरि यसको महत्त्व यहीं रूपमा ग्रहण गरेर कर्णाली प्रदेश सरकारले योसँगसम्बन्धित तमाम कामहरू व्यवस्थित गर्नको लागि यो विधेयक तयार गरेर हामी गम्भीरतापूर्वक छलफल गरेर एउटा निष्कर्षमा पुग्दै छौं । अब यो छलफलमा सहभागी हुने माननीय सदस्यज्यूले उठाए जस्तै हाम्रो प्रदेशमा टिम्बर र ननटिम्बर अलि माथिल्लो बेल्डमा ननटिम्बर तल्लो बेल्डमा टिम्बर यो विषयमा वनलाई व्यवस्थित गर्नको लागि यतातिरकेन्द्रित हुनुपर्ने आवश्यकता छ । ती दुईओटै पक्षलाई समेटेर विधेयकले अगाडि बढाउने प्रयत्न गरेको छ । त्यस कारणले गर्दाखेरि जडीबुटी विकास बोर्ड लगायतका त्यस्तै केही संरचनाहरू हामीले परिकल्पना गरेर जडीबुटी एउटा महत्त्वपूर्ण सेक्टर हो र त्यसलाई व्यवस्थित नगरीकन कर्णालीको आत्मनिर्भता कर्णालीको समृद्धि कर्णालीको रूपान्तरण सम्भव हुँदैन यो कुरालाई कर्णाली प्रदेश सरकारले त्यही महत्त्वका साथ बोध गरेको कुरा म यहाँ यो सम्मानित सदनमा माननीय सभामुखज्यूमार्फत्राख्नचाहन्छु । र त्यसपछि गएर सामुदायिक वनलाई पनि राज्य रूपान्तरणको राज्य निर्माणको प्रक्रियामा कसरी सहभागी गराउने होला भन्ने प्रश्नलाई पनि यो विषयमा गम्भीरपूर्वक छलफल भएका छन् यसको जे आम्दानी हुन्छत्यही आम्दानीलाई समाज, राज्य रूपान्तरणमा, राज्यको विकास र समृद्धिमा त्यो पक्षलाई पनि सामुदायिक वनको आम्दानीको पक्षलाई पनि कसरी लैजाने भन्ने विषयमा व्यापक छलफल भएर यो निष्कर्षमा पुगेको कुरा पनि म यहाँ राख्नचाहन्छु र कतिपय कुराहरू जति छन् अझै व्यवस्थित गर्नुपर्ने कुराहरू तमाम खालका छन् ती

विषयहरूलाई आगामी दिनहरूमा यो ऐन बनिसकेपछि त्यो भित्र रहेर विभिन्न निर्देशिकाहरू बनाएर यसका कार्यविधिहरू बनाएर अझै यसलाई थप व्यवस्थित गरेर अगाडि बढ्नुपर्ने आवश्यकता छ । त्यतातिर पनि हामी त्यसलाई हल गरेर अगाडि बढ्न सकिन्छ भने कुरा म यो सम्मानित सभामा सभामुखज्यूमार्फत् अनुरोध गर्न चाहन्छु। र फेरि पनि हामीले यो वन क्षेत्रलाई यो राष्ट्रिय वनको संरक्षण गर्न, यसलाई सुव्यवस्थित गर्नको लागि अझै यसको छलफल त्यसपछि गएर व्यवस्थित गरेर अगाडि बढ्नुपर्ने कुरा आवश्यकता भएको कुरा यहाँ म अनुरोध गर्न चाहन्छु र छलफलमा सहभागी हुन माननीयज्यूहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । र यो प्रक्रियामा समितिका छलफलहरूविषयविज्ञहरू जति सहभागी हुनुभयो र प्रदेश सरकारले प्रस्तुत गरेको विधेयकमा यसलाई व्यवस्थित गर्नको लागि जे भूमिका निर्वाह गर्नुभयो सम्बन्धित सबैप्रतिहार्दिक आभार व्यस्त गर्न चाहन्छु र उहाँहरूप्रति धन्यवाद व्यक्त गर्न चाहन्छु। र मैले आफ्नो विषय अन्त्य गर्न चाहन्छु, धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले सभामा पेश गर्नु भएको कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि समितिको प्रतिवेदनसहित विधेयकमाथिको छलफल समाप्त भएको जानकारी गराउँदछु ।

माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले सभामा पेश गर्नु भएको कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ समितिको संशोधन प्रतिवेदन सहित कर्णाली प्रदेशभा नियमावली, २०७४ को नियम १२१ बमोजिम पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

<u>आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः</u>माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि प्रदेशसभामा छलफल भइसकेकोले अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अभिन्न अङ्गहुनेगरी समग्र विधेयक कर्णाली प्रदेशभा नियमावली २०७४ को नियम १२१ बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू अब म माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले

प्रस्तुत गर्नुभएको कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ लाई समितिको संशोधन प्रतिवेदन सहित समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधनको प्रस्ताव विधेयकको अभिन्न हुने गरी समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब म कर्णाली प्रदेशसभा नियमावली, २०७४ को दोस्रो संशोधनका लागि समिति गठन गर्न र सो समितिमा रहनुहुने माननीय सदस्यहरूको नाम सहितको प्रस्ताव सभासमक्षराख्न माननीय श्री गुलावजंग शाहलाई अनुमति दिन्छु ।

<u>माननीय श्री गुलावजंग शाह:</u>माननीयज्यू कर्णाली प्रदेशसभा नियमावली, २०७४ को समय अनुकूलसंशोधन गर्न आवश्यक देखिएकोले उक्त नियमावलीको नियम २१९ को २ बमोजिम मिति २०७८ माघ २३ गते बसेको कार्यविधि व्यवस्था परामर्श समितिको बैठकमा माननीय सभामुखज्यूलाई सो बारे अवगत गराइएको व्यहोरा स्मरण गराउन चाहन्छु । माननीय सभामुखज्यू यसै क्रममा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम २१९ को उपनियम ३ बमोजिम उक्त नियमावलीको दोस्रो संशोधनको लागि देहाय बमोजिमको माननीय सदस्यहरू रहने गरी समिति गठन गर्न सभासमक्ष प्रस्ताव गर्दछु ।

१) माननीय श्री करवीर शाही

२) माननीय श्री ठम्मर बहादुर विष्ट

३) माननीय श्री दीनबन्धु क्षेष्ठ

४) माननीय श्री देवी ओली

५) माननीय श्री मिनासिंह रखाल

धन्यवाद ।

<u>माननीय सभामुख:</u>माननीय सदस्यहरू अब म कर्णाली प्रदेशसभा नियमावली, २०७४ को दोस्रो संशोधनका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम २१९

को नियम ३ बमोजिम माननीय श्री गुलावजंग शाहले सभासमक्षराख्नुभएको उक्त प्रस्ताव अनुमोदनका लागि निर्णयार्थ पेश गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेशसभा नियमावली, २०७४ को दोस्रो संशोधनका लागि समिति गठन गरियोस् भन्ने उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब यो बैठक २०७८ साल माघ २५ गते मंगलवार दिउसो १ बजेसम्मको लागि स्थगित हुन्छ ।

## नवौं अधिवेशन
## कार्यवाहीको सम्पूर्ण विवरण
## २०७८ माघ २५ गते
## मंगलवार
## (बैठक संख्या-७)

<u>राष्ट्रिय धुन.</u>

**<u>माननीय सभामुखः</u>**माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको सातौं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीले विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएका विषयहरूमा सरकारको धारणा राख्न समयमा माग गर्नुभएकोले उहाँलाई समय उपलब्ध गराउँछु ।

**<u>मुख्यमन्त्री जीवन बहादुर शाहीः</u>** माननीय सभामुख महोदय, माननीय सभामुख महोदयको अनुमतिले जुन सदनमा यो सम्मानित सदनमा माननीय सभामुखज्यूको रुलिङ हुन्छ त्यो रुलिङलाई कार्यान्वयन गर्नुपर्ने दायित्व सरकारको हुन्छ । मलाई याद भएसम्म १८ गते रुलिङ भएको थियो । सरकारले उठेका प्रश्नहरूको जवाफ ७ दिन भित्र दिनुभन्ने माननीय सभामुखज्यूबाट भएको रुलिङको पालना गर्दै आज ठ्याक्कै सात दिन भएछ त्योभन्दा भित्र नै दिनुपर्थ्यो होला । मन्त्रीमण्डल विस्तार नभएको अवस्था र अन्य कामहरूका कारणले गर्दाखेरि आज जुनयस सभामा सम्मानित सांसदहरूले उठाउनु भएका प्रश्नहरू वास्तवमा सवालहरूर जुन प्रदेशप्रतिको चिन्ता आफ्ना जनताप्रतिको चिन्ता जुन व्यक्त गर्नु भएको थियो । ती कुरालाई आजका दिनसम्म सरकारले के गरेको छ भन्ने कुरा नै म यहाँ माननीय सभामुखज्यूमार्फत् सम्मानित यो सभालाई अनुरोध गर्न चाहन्छु । सर्वप्रथम अहिले कोभिडको कारणले देश आजका दिनसम्म पनि आक्रान्त छ । सुरुमा बोल्ने माननीयज्यूहरूले डेल्टाभेरिएन्टका कुरा देखि लगेर ओम्निक्रोनका कुराहरू देखि लगेर यसको लागि सरकारले के तयारी गरेको छ । आजसम्म कतिले खोप पाए के भयो भन्ने पनि प्रश्नहरू उठेका थिए । सभामुख महोदय, आजसम्म कर्णाली प्रदेशमा हाम्रो पहिलो मात्रा भ्याक्सिन लगाउनेहरूको संख्या ९ लाख २० हजार २ सय ६२ पुगेको छ । १२ वर्षभन्दा माथिका को भ्याक्सिनलाई हामीले ६५ प्रतिशत लगाइसकेका छौं, त्यो लक्षित जनसंख्याको ६५ प्रतिशत हो । १८ वर्षभन्दा माथिकालाई ५९ प्रतिशत लगाएका छौं लक्षित जनसंख्याको यो ५९ प्रतिशत हो १२ वर्ष देखि १७ सम्मका बालकहरूलाई १ सय ५ प्रतिशतले लगाएका

छन् यो लक्षित जनसंख्याभन्दा पनि हाम्रा त्यो बढी गएको छ । कुल जनसंख्याको चाहिँ ५० प्रतिशत पहिलो खोप पहिलो मात्राको खोप लगाइसकेका छन् सभामुख महोदय, त्यसरी नै दोस्रो मात्रामा चाहिँ ८ लाख २७ हजार ४ सय १ जना हाम्रा कर्णालीवासीलाई लगाएका छन् । १२ वर्षभन्दा माथिकालाई ५९ प्रतिशत १८ वर्षभन्दा माथिकालाई ५९ प्रतिशत १२ वर्षदेखि १७ वर्षसम्मका ५५ प्रतिशत लक्षित जनसंख्याको कुल जनसंख्याको दोस्रो खोप ४५ प्रतिशत लगाएको छ सभामुख महोदय, त्यसरी नै २४ घण्टाको रिर्पोटमा आरटी पिसिआर चेक गर्दा ४८ जनामा गर्दा २१ जनामा पोजेटिभ देखिएको छ एन्टिजेन परीक्षण गर्दा १ सय ७० जनालाई परीक्षण गर्दा ५३ जनालाई पोजेटिभ देखिएको छ । निको भएका केसहरू २ सय ३१ छन् । आईसोलेसनमा थप भएका ७४ जना छन् । एकदमै सौभाग्यवश आजका दिनसम्म हाम्रो प्रदेशमा मृत्यु शून्य छ । यसमा प्रतिशतमा बारम्बार जेण्डरको कुरा पनि उठिरहेको हुन्छ सभामुख महोदय, त्यसैले मैले यो जेन्डरको पनि छुटाएर ल्याएको छु। पहिलो पोजेटिभ भएकोमा ४३ प्रतिशत, पुरुष ५७ प्रतिशत, यो अहिलेको हाम्रो त्यसमा यो देखियो र मैले अघि पनि भने डेल्टाभेरिएन्ट, ओमिक्रोन यिनीहरूलाई के के गरेको छ सरकारले भन्ने कुराहरू पनि आएका छन् यसमा प्रदेश सरकारले हस्पिटलहरूलाई एकदमै सजगतापूर्वक अघि बढाउनको लागि हामीले एम्बुलेन्सहरूको व्यवस्था गरेका छौं, प्रदेश अस्पताल सुर्खेत र स्वास्थ्य सेवा कार्यालय दैलेख, जाजरकोट, सल्यानलाई हामीले २०७८ साल ९ महिना १४ गते नै त्यहाँ पठाइसकेका छौं । त्यो शववाहन खरिद स्वास्थ्य सेवा कार्यालय दैलेख, कालिकोट, सल्यान र रुकुममा, प्रदेश अस्साल सुर्खेतको मेसिनरी औजार खरिद प्रदेश अस्पताल सुर्खेतलाई हामीले पठाएका छौं । प्रदेश जनस्वास्थ्य प्रयोगशाला मेसिनरी औजार खरिद यो प्रदेश जनस्वास्थ्य प्रयोगशाला सुर्खेतलाई पठाएका छौं ।

त्यसैगरेरपञ्चपुरीलाई, स्वास्थ्य सेवा कार्यालय हुम्लालाई, प्रदेश अस्पताल सुर्खेतलाई, गुर्भाकोट नगरपालिका सुर्खेत, सम्बन्धित सम्बन्धित स्थानीय तहमा हामीले कर्णाली प्रदेशबाट स्थापना भएका ६६ ओटा सामुदायिक स्वास्थ्य इकाईहरूको लागिप्रतिइकाई पाँच लाखको दरले बजेटको व्यवस्था गरिएको छ । हिजो योभन्दाअगाडि कुरा आएको थियो पहिला सरकारले गरिरहेको अवस्थालाई निरन्तरता दिएको हो । सभामुख महोदय, स्वास्थ्य सेवा कार्यालय मुगुलाई पनि हामीले शववाहनको व्यवस्था गरेका छौ। त्यसरी नै जुम्ला जिल्लामा एम्बुलेन्स र शववाहनको हामीले व्यवस्था गरेका छौं । सभामुख महोदय, कोभिड १९ रोकथामप्रतिकार्यका लागि टेलिमेडिसिएन तथा इएचआर

सेवा सञ्चालन तथा व्यवस्थापनको लागि हामीले प्रदेश अस्पताल सुर्खेत, मेहलकुना अस्पताल, स्वास्थ्य सेवा कार्यालय दैलेख, स्वास्थ्य सेवा कार्यालय कालिकोट, स्वास्थ्य सेवा कार्यालय मुगु, स्वास्थ्य सेवा कार्यालय हुम्ला, स्वास्थ्य सेवा कार्यालय डोल्पा, स्वास्थ्य सेवा कार्यालय जाजकोट, स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिम, स्वास्थ्य सेवा कार्यालय सल्यान, प्रदेश अस्पताल सुर्खेत, मेहलकुना अस्पाल स्वास्थ्य कार्यालय सुर्खेत, यो पेसन्ट सेवा तथा केन्द्र स्थापना तथा सञ्चालनको लागि हो । अहिले मैले भनेको प्रदेश अस्पताल सुर्खेतबाट, स्वास्थ्य सेवा कार्यालय सुर्खेत, स्वास्थ्य सेवा कार्यालय दैलेख, स्वास्थ्य सेवा कार्यालय कालिकोट, स्वास्थ्य सेवा कार्यालय मुगु, स्वास्थ्य सेवा कार्यालय हुम्ला, स्वास्थ्य सेवा कार्यालय जुम्ला, स्वास्थ्य सेवा कार्यालय डोल्पा, स्वास्थ्य सेवा कार्यालय जाजरकोट, स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिम, स्वास्थ्य सेवा कार्यालय सल्यान यिनीहरूलाई मन्त्रिपरिषद्को २०७८ साल १० महिना २ गते भएको कोभिड जनशक्ति व्यवस्थापन होल्डिङ सेन्टरसहित प्रदेश अस्पताल सुर्खेत, प्रदेश जनस्वास्थ्य प्रयोगशाला सुर्खेत, मेहलकुना अस्पताल, स्वास्थ्य सेवा कार्यालय सुर्खेत, स्वास्थ्य सेवा कार्यालय दैलेख, स्वास्थ्य सेवा कार्यालय कालिकोट, स्वास्थ्य सेवा कार्यालय मुगु, स्वास्थ्य सेवा कार्यालय हुम्ला, स्वास्थ्य सेवा कार्यालय जुम्ला, स्वास्थ्य सेवा कार्यालय डोल्पा, स्वास्थ्य सेवा कार्यालय जाजरकोट, स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिम, स्वास्थ्य सेवा कार्यालय सल्यान, प्रदेश आयुर्वेद औषधालय सुर्खेत, स्वास्थ्य सेवा निर्देशनालय सुर्खेत र आयुर्वेद स्वस्थ्य संस्थालाई हामीले पाँच, पाँच लाख, कुनैमा आठ लाख कुनैमा ३ लाखको व्यवस्थापन गरेका छौं । चिकित्सकीय तथा विशेषज्ञ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नको लागि भेरीगङ्गा नगरपालिका सुर्खेत, प्रदेश अस्पताल सुर्खेत, प्रदेश जनस्वास्थ्य प्रयोगशाला सुर्खेत, मेहलकुना अस्पताल, स्वास्थ्य सेवा कार्यालय दैलेख, स्वास्थ्य सेवा कार्यालय कालिकोट, स्वास्थ्य सेवा कार्यालय मुगु, स्वास्थ्य सेवा कार्यालय हुम्ला, स्वास्थ्य सेवा कार्यालय डोल्पा, स्वास्थ्य सेवा कार्यालय जाजरकोट, स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिम, स्वास्थ्य सेवा कार्यालय सल्यान, प्रदेश आयुर्वेद औषधालय सुर्खेत, प्रदेश अस्साल सुर्खेत, मेहलकुना अस्पताल सुर्खेत, स्वास्थ्य सेवा कार्यालय सुर्खेत, स्वास्थ्य सेवा कार्यालय दैलेख, स्वास्थ्य सेवा कार्यालय कालिकोट यी एम्बुलेन्स शववाहनका अघि नै मैले भनिसकेको कुरामा योप्रतिकार्यको लागि सरकारले यसको व्यवस्थापन गरेको छ । सभामुख महोदय, योभन्दाअगाडि एउटा प्रश्न उठेको थियो सभामुख महोदय, त्यसमा सरकारले धन्यवाद पनि प्राप्त गरेको थियो । प्रदेस सरकारको गौरवको आयोजनामा प्रदेश रंगशाला बनेको थियो त्यसमा माननीय सदस्यज्यूहरूबाट

प्रश्न उठेको थियो गौरवको आयोजना उठ्यो ठिकै हो तर पनि आज सिट घटाइएको छ भन्ने कुरामा प्रश्न उठेको थियो सभामुख महोदय, त्यसको लागि यो प्रदेश रंगशालाको क्षमताका सन्दर्भमा केही कतै पनि लिखित निर्णय भएको देखिदैन, राष्ट्रिय खेलकुद परिषद्ले २०७३ सालमा तत्कालीन मध्यपश्चिम क्षेत्रअन्तर्गत हुने गरी तयार गरेको सुर्खेत रंगशालाको अपुरो गुरु योजनासहितको लागत अनुमानकोअनुसार हाल निर्माणाधीन प्रदेश रंगशालाको सम्बन्धमा म अहिले भएका कुराहरूलाई सम्माननीय सभामुखमार्फत् सम्मानित सदनलाई, प्रदेशसभालाई म अवगत गराउन चाहन्छु ।
विवरण रंगशाला दर्शक क्षमता पहिला त्यो लेखिदैन, लगभग ८ ओटा कुर्सी राखेको त्यसको सिटिङ प्लान छैन । सायद सभामुख महोदय, योभन्दाअगाडिका धेरै वर्षसम्म मन्त्री हुनु भएका मन्त्रीज्यूहरूलाई अवगत हुन सक्दा मेरो त अहिले भर्खरै यो दिनै महिना भयो । सरकारका केही भर्खरै मात्रै आइराख्नुभएको छ । अहिले हामीले १० हजार दुई सय कुर्सीसहितको सिटिङ प्लान पहिला ८ हजार सिटिङ प्लान थिएन । पश्चिमतिर ३ हजार ८ सय ४८ सिट हुनेछ भने दक्षिणतिर एक हजार ९ सय १६ सिट हुनेछन् । पूर्वमा २ हजार तीन सय ५२ सिट हुनेछ । उत्तरमा दुई हजार सिट हुनेछन् । र भिभिआइपी लाउन्ससमेत गरेर एक सय ८४ को हुनेछ सभामुख महोदय, हाल प्राप्त जग्गाअनुसार बनाउन सकिने रंगशालाको क्षमता नै यति नै हो योभन्दा बढी हामीले बनाउन सक्दैनौं । सभामुख महोदय, पहिला एथलेटिक ट्र्याक भएको त्यो साधारण माटोको थियो । अहिले वल्ड एथेलेटिक सर्टिफाइडसिन्फेसिक त्यो अवस्थाको अहिले बन्नेवाला छ । सभामुख महोदय, रंगशाला भित्र अटाएका खेल स्थलहरू, खेल योजनाहरू पहिला पाँच ओटा थिए । फुटबल, साधारण एथ्लेटिक, इन्डोर हल भएको साधारण भलिबल, बास्केट बल र ह्यान्डबलको थियो । आज त्यसमा पाँच ओटाबाट १४ ओटा खेल हुने भएका छन् । अन्तर्राष्ट्रिय फुटबल, अन्तर्राष्ट्रिय एथ्लेटिक, इन्डोरहलमा अन्तर्राष्ट्रिय भलिबल, बास्केट बल र ह्यान्डबल, बाहिर महिला बास्केटबल, बाहिर महिला भलिबल, बाहिर फुरुष भलिबल, बाहिर महिला ह्यान्डबल, कुस्ती, कबडी, इन्डोर कराते, इन्डोर तेकान्दो, पौडी अहिले बन्ने रंगशालामा त्यो बन्ने छ । कवर्ड हल दर्शक क्षमता पहिला सात सय थियो अहिले १५ सयको छ। नेपालमा पहिलो अन्तर्राष्ट्रिय स्तरको भलिबल खेलाउन मिल्ने, हामीले भलिबल कवर्ड हल पनि निर्माण गरेका छौं, त्यो नेपालमा अरू ठाउँमा छैन । अहिले बाहिरबाट भलिबल खेलेर आइसकेपछि उहाँहरूको डिमान्ड थियो । त्यसअनुसार त्यो बनाइएको छ, सभामुख महोदय, पौडी पोखरी पहिला थिएन, अहिले छ । यो अन्तर्राष्ट्रिय फिफास्ट्यान्डर बन्दो

रहेछ त्योअनुसार निर्माण छ । आउटडोर भलिबल कोर्ट दुई ओटा पहिले थिएनन् अहिले छ । ओलम्पिक टर्च स्टयान्ड पहिला थिएन अहिले छ । आउटडोर बास्केटबल कोर्ट एक ओटा, ह्यान्डबल कोर्ट एक ओटा पहिला थिएन अहिले छ । त्यो फ्लोर फिनिसिङ भन्नाले त्यो म्याटको व्यवस्था हुन्छ त्यो सहितको हो । कम्पाउन्ड वाल पूर्व पट्टी पहिले घेरा पर्खाल थियो अहिले व्यावसायिक २५ ओटा सटर सहितको छ। यसले भोलि सस्टेन हुनेको लागि,भोलि आफ्नो आम्दानी गरोस् भन्ने छ। एग्जिस्टिङ सेमि कवर्ड हललाई इन्डोर हल बनाउने पहिला थिएन अहिले छ । डिप बोरिङ पहिला थिएन अहिले छ । प्राप्त ९ बिगाह जग्गा प्लानिङको सोच तत्कालीन मध्यपश्चिम क्षेत्रको नेपालगञ्ज तथा दाङको शाखा र रंगशालाको रूपमा प्लानिङ भएको थियो । अहिले प्रदेश रंगशाला बनाउने सोचका साथ धेरैभन्दा धेरै खेलकुद गतिविधिहरू सञ्चालन गर्न सकिने छ । सभामुख महोदय, त्यो बेलाको लागत अनुमान २ अर्ब ३८ करोडको थियो भने अहिले १ अर्ब ७० करोड लागतमा निर्माण हुनेछ । नक्सा सहित मैले यहाँ सभामा प्रस्तुत गरेः

त्यस पछि सभामुख महोदय, धेरै महत्त्वपूर्ण कुराहरू माननीयज्यूहरूले भन्नु भएको छ । वास्तवमा म यो प्रश्न उठाउने माननीयज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । यहाँको जनताको लागि जुन आवाज यो सदन भित्र सबै माननीयज्यूहरू हुनुहुन्छ । न यहाँ कोही प्रत्यक्ष हुनुहुन्छ न यहाँ कोही समानुपातिक हुनुहुन्छ । यहाँ हाम्रो प्रदेशमा भएका कोटा मध्येबाट जुन जुन कोटाबाट आउनुपर्ने त्यही नै माननीयज्यूहरू हुनुहुन्छ । सबैका आवाज सबैका बोली समान छन् । त्यसको लागि मेरो अन्तर्गत बनेको प्रदेश सरकारले सम्मान गर्छ । दैलेख जिल्लाको कुरा अलि धेरै उठेको हुनाले मैले अलि त्यसलाई विस्तृत ढङ्गले लिएको छु । सभामुख महोदय, दैलेख जिल्ला नारायण नगरपालिका वडा नम्बर ८ स्थित स्वास्थ्य सेवा कार्यालय दैलेख र दैलेख जिल्ला अस्पताल छन् । हाल ५२ बेड सञ्चालनमा रहेको छ कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट ५० बेडको नयाँ भवन स्वीकृतभई हाल एक तलासम्म ढलान कार्य सम्पन्न भएको छ । मेडिकल अक्सिजन प्लान्ट स्थापना र दैनिक नियमित सिलिण्डरहरू सिलिङ भई जिल्लाका पालिकाहरूमा निशुल्क सप्लाई कार्यपनि भइरहेको छ । ५० बेडको कोभिड १९ विशेष अस्पताल र पिसिआर प्रयोगशाला निशुल्क रूपमा सञ्चालन रहेको छ । कोभिड १९ विशेष अस्पताल तथा दैलेख जिल्ला अस्पतालमा २५ एटडियू, बेड ५, आईसियू, एनआईसियू व्यवस्थापन बेड स्थापना भएको हो । फिजियोथेरापी सामाजिक सेवा इकाई लैङ्गिकहिंसा पीडितको लागि एकद्वार संकट

व्यवस्थापन केन्द्र, एचआइभी पीडितका लागि ए आरटी सेवा, डेन्टल सेवा कुपोषित बालबालिकालाई पोषण गृह लगायत अस्पतालबाट प्राप्त हुने अन्य कार्यक्रम तथा नियमित सेवाहरू प्रवाह भइरहेका छन् । २०७८ साल ९ महिना १४ गतेदेखि एक जना यी अगाडिका कुराहरू भइरहेका हुन् । यो चाहिँ यस्ता भ्रम नपरोस् कि अहिले नै जीवन शाहीको नेतृत्वमा आएको सरकारले यो सबै कुराहरू गरीहाल्यो छ भन्ने भ्रम नपरोस् यहाँ हाम्रो प्रचलन छ । आफू आए पछि मैले गरेको भन्ने प्रचलन छ। त्यो होइन सभामुख महोदय, पहिल्यै देखि सरकारले गरेका कुराहरू र हामीले अपडेट गर्दै आएका कुराहरू हुन् यो चाहिँ म सम्मानि सभालाई भन्न चाहन्छु। र अहिले भर्खरै मेरो नियुक्त भइसकेपछि त्यहाँ दैलेखमा विशेषज्ञ डाक्टरहरूको अभाव थियो एमडि चिकित्सकको नियमित सेवाको लागि हामीले पठाएका छौं । हाल एक जना विशेषज्ञ सहित ८ जटा मेलिकल अधिकृतहरू कार्यरत रहेका छन् । कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट दैलेख अस्पताल सहितको दरबन्दी करारमा चिकित्सक तथा स्वास्थ्यकर्मी नियुक्ति गर्ने प्रक्रियाअगाडि बढेको छ । एक सय ५० जना करार सेवामा हामीले विज्ञापन गरेका छौं । अस्पतालमा नियमित गुणस्तरीय सेवा प्रवाहका लागि प्यारामेडिक्स नसिङ्ग तथा अनुभवी कर्मचारीहरूको अभावका बाबजुद पनि नियमित सेवा प्रवाह भइरहेको छ । यो माननीय सदस्यज्यूहरूले उठाउनु भएको कुराहरूमा मलाई यो प्यारामेडिक्स नर्सिङ्गहरूको संख्या कम छ त्यसलाई हामीले पूर्ति गरिरहेका छौं र सबै अस्पतालहरूमा आउने नै छन् सभामुख महोदय, खोपको विवरण मैले अघि नै भनिसकेको छु ।

हिजो एउटा प्रश्न उठेको छ सभामुख महोदय, माननीय सदस्यज्यूहरू मलाई लाग्छ माननीय सदस्यज्यूहरूले बोल्ने कुरामा सरकारले कार्यान्वयन गर्ने कुरामा आम जनताले संसारभरिबाट हेरिरहेको हुन्छ । कुन माननीयज्यूहरूले कस्ता प्रश्नहरू उठाउनु भयो त्यो सत्य थियो झुटो थियो के थियो भन्ने कुरा साराले हेर्छ त्यसले गर्दाखेरि हाम्रो प्रदेशसभाको महत्त्वलाई बाहिरी संसारले बुझ्ने गरेको हुन्छ। त्यसरी नै सरकारका मन्त्रीहरूले गर्ने कामकारबाही पनि संसारले बुझ्ने गरेको हुन्छ । हिजो यो समपूरक र विशेष अनुदानको कुरामा सभामुख महोदय, ठाडै एउटा आक्षेप जो मुख्यमन्त्री हुन्छ तिनैको जिल्लामा जान्छ अहिले पनि गयो भन्ने कुरा छ । आदरणीय सभामुखमार्फत् त्यससम्बन्धी कुराहरू यो सभामा राख्नु उपयुक्त हुन्छ भन्ने मलाई लाग्छ । अलिकति यसका प्रक्रियाहरू के हुन भन्ने पनि मैले सभामुख महोदयमार्फत् सम्बन्धित सभालाई राख्न चाहन्छु । हाम्रो कार्यविधिमा भन्छ उपदफा एक बमोजिम प्रस्ताव माग भएपछि

प्रदेश वा स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना कार्यक्रम र हाल सञ्चालनमा रहेको आयोजना कार्यक्रमसम्म दोहोरो नपर्ने गरी प्रत्येक वर्षको पौष मसान्तभित्र प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमार्फत् र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहले अनुसूची एकबमोजिमको ढाँचामा योजना आयोगसमक्ष प्रस्ताव पेश गर्नुपर्नेछ । त्यसरी प्रस्ताव पेश गर्दा सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहले आफैंले वा निजी क्षेत्रसँगको साझेदारीमा आयोजना कार्यक्रम गर्ने भए सो कुरासमेत त्यसको प्रस्तावमा खुलाउनुपर्नेछ ।

२ क उपदफा एकबमोजिम सूचना जारी भएपछि प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट आफूले कार्यान्वयन गर्ने आयोजनाक्रमसम्बन्धी प्रस्ताव पौष मसान्त भित्र योजना आयोगले तोकेको विद्युतीय प्रणालीमार्फत् सो आयोगमा पेश गर्नुपर्ने हुन्छ ।

३ उपदफा २ बमोजिम पेश गरिने प्रस्तावमा देहायका विषयहरू स्पष्ट रूपमा खुलाउनुपर्नेछ ।

आयोजना कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुस्टयाइँ, आयोजना कार्यक्रमको सम्भाव्यता, अध्ययन, फिजिविलिटी स्टडी, प्रतिवेदन, आयोजना लागतको कुल लागत, यो आयोजना कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपन।

आयोजना कार्यक्रम कार्यान्वयन गर्न सक्ने, वित्तीय तथा भौतिक क्षमता र जनशक्ति, आयोजना कार्यक्रमको ड्रोइङ, डिजाईन र स्पेसिफिकेसनसहितको विस्तृत विवरण, आयोजना कार्यक्रम सम्पन्न गर्न लाग्ने समय, आयोजना कार्यक्रमको लागि प्रचलित कानूनबमोजिम स्वीकृति प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण आयोजना कार्यक्रमको कुल लागतमध्ये नेपाल सरकार र प्रदेश वा स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण निजी क्षेत्र समेतको साझेदारीमा आयोजना कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा, योजना आयोगले तोकेको अन्य विवरण४ उपदफाबमोजिम समपूरक अनुदान माग गर्दा आयोजना कार्यक्रमको कुल लागत रकम मध्ये प्रदेश वा स्थानीय तहले व्यहोर्ने अङ्गबाहेक अन्य स्रोतबाट जुटाउने लगानी रकमको स्रोत सुनिश्चित हुने आधार समेत पेश गर्नुपर्नेछ । प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन हुने क्रमागत आयोजना कार्यक्रमको लागि प्रत्येक आर्थिक वर्ष बजेट माग गर्नुपर्ने छ त्यसको लागि यो समपूरक अनुदान प्रस्ताव गर्ने फरक छ ।

मैले त्यो पढिन सभामुख महोदय, विशेष अनुदान माग गर्ने पछि यसैमा छ योजना आयोगले प्रत्येक वर्ष मंसिर मसान्तभित्र सूचना प्रकाशन गरी प्रदेश वा स्थानीय तहबाट आगामी आर्थिक वर्षमा विशेष अनुदानमा सञ्चालन गर्ने आयोजना कार्यक्रमको लागि प्रस्ताव माग गर्नेछ ।

उपदफा एक बमोजिम प्रस्ताव माग भएपछि प्रदेश वा स्थानीय तहले हाल सञ्चालनमा रहेको आयोजना कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रत्येक वर्षको पौष मसान्त भित्र प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमार्फत् र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहले अनुसूची एकबमोजिमको ढाँचामा योजना आयोग समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ ।

२ क उपदफा एक बमोजिम

सूचना जारी भएपछि प्रदेश वा स्थानीय तहले विशेष अनुदानबाट आफूले कार्यान्वयन गर्ने आयोजना कार्यक्रम सम्बन्धी प्रस्ताव पौष मसान्त भित्र योजना आयोगले तोकेको विद्युतीय प्रणालीमार्फत् सो आयोगमा पेश गर्नुपर्नेछ ।

३ उपदफा एक बमोजिम पेश गरिने प्रस्तावमा देहाय बमोजिमका विषयहरू स्पष्ट रूपमा खुलाउनुपर्नेछ । आयोजना कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुस्टयाइँ, आयोजना कार्यक्रमको सम्भाव्यता, अध्ययन, फिजिविलिटी स्टडी प्रतिवेदन यी अघिकै कुराहरू जुन हाम्रो समपूरकमा छ । विशेषमा पनि त्यही हो सभामुख महोदय,

अब सभामुख महोदय यस्तो बेलामा हातमा बजेट पऱ्यो भने बाँड्नलाई को चुक्छन् र यिनले पनि त बाँडीहाले भन्ने जुन प्रश्न उठेको छ सभामुख महोदय, आज म मन्त्री भइसकेपछि मैले एक रुपैयाँ पनि बाँडेको छैन । किनकि बजेट त पहिल्यै बनिसकेको थियो मैले भन्ने गरेको छु यो सरकारको निरन्तरता हो । अब मैले यी सबै कुराहरू काँ के के छन् भन्नुपर्ने अवस्थाहरू आयो सभामुख महोदय, समपूरक तर्फका आयोजनाहरू यो सम्बन्धित कुन कुनअनुसार पर्छ र त्यही त्यहि मन्त्रालय ले नै त्यसलाई पेश गर्नुपर्ने कुराहरू हुन्छ । भौतिक पूर्वाधार हो भने पूर्वाधार कार्यालयबाट सिँचाइको हो भने सिँचाइबाट त्यो हुन्छ सभामुख महोदय, अब यहाँ समपूरक तर्फका आयोजनाहरू १६ ओटा पेश भएका छन् । नम्बर १ मा सुर्खेतको छ हुड्के व्यूरेनी माझघाट-चेपाङ-जामु सडक यो लाभान्वित सम्भाव्य जनसंख्या भनेर २० हजार भनिएको छ र यसको कुल लागत एक अर्ब भनिएको छ । अवधि तीन वर्षको छ यो भौतिक पूर्वाधार तथा सहरी विकासबाट आएको हो यो नयाँ हो सभामुख महोदय सुर्खेतको ।

जाजरकोटको छेडा कचेली सडक भन्ने छ त्यसमाचाहिँ २५ हजार मान्छेहरू लाभान्वित हुनेछन् भनिएको छ । यो २९ हजार करोड ८७ लाखको कुल लागत छ भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयबाट आएको छ यो नयाँ हो सभामुख महोदय, त्यसरी नै ३ मा सल्यानको छ । कालिमाटी खालचौर नौकिलेक सडक जसलाई लाभान्वित जनसंख्या ३३ हजार छ । यसको लागत २९ करोड ७० लाख छ भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयबाट आएको हो सभामुख महोदय, रुकुम पश्चिमको चिसापानी राडी नदुवा मुसिकोट सडक छ यसमा लाभान्वित जनसंख्या १ लाख २० हजार छ । र यसको कुल लागत ९७ लाख १० हजार छ । भौतिक पूर्वाधार तथा सहरी विकासबाट नयाँ सडकको काम हो । अर्को कालिकोटको छ सभामुख महोदय, कालिकोट लालु लैफु रास्कोट कोडबाला रुप्सा हुँदै सुदुरपश्चिम प्रदेश रामारोसन जोड्ने सडक च्यालेन १९ प्लस ५० देखि २६ प्लस १ हजारसम्मको छ । लाभान्वित जनसंख्या २५ हजार छ । कुल लागत ३८ करोड ४६ लाख छ । भौतिक पूर्वाधार तथा सहरी विकासबाट आएको सडक क्रमागत तथा नयाँ सेक्सन भनेर राखिएको छ । अर्को सल्यानको छ सभामुख महोदय, खारा जनयुद्ध सङ्ग्रालय १९ हजार ४ सय ५ जना लाभान्वित हुने भनिएको छ २२ करोड ७४ लाखको लागत छ । उद्योग वन तथा वातावरण मन्त्रालयबाट यो नयाँ हो सभामुख महोदय, । अर्को मुगुको छ रारा पर्यटकीय पूर्वाधार निर्माण ३० हजार ७८ जना मानिसहरू लाभान्वित हुनेछन् ४६ करोड ४२ लाख रुपैयाँको कुल लागत छ उद्योग, वन तथा वातावरण मन्त्रालयबाट यो आयोजना आएको हो यो नयाँ हो प्रदेशको कार्यक्रमको क्रमागत भनेर आएको छ । अर्को सल्यानको छ शारदा नदी नियन्त्रण आयोजना सल्यान छ १ लाख ५० हजार मानिसहरू लाभान्वित हुन्छ भनेर भनिएको छ २० हजार २१ लाख ५२ हजार यसको लागत स्टिमेट छ जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयबाट आएको हो । यो नयाँ र प्रदेशको क्रमागत आयोजना भनेर भनिएको छ । अर्को ९ मा सुर्खेतको छ सभामुख महोदय, निकासखोला नियन्त्रण जसबाट १७ सय ४० जना लाभान्वित हुनेछन् भने २६ करोड ७० लाख ९४ हजार यो तीन वर्षीय हो जलस्रोत तथा ऊर्जा विकासबाट आएको छ यो नयाँ योजना हो । जुम्ला जुम्ला बजार उर्थु स्याउलागढी गाउँ चोक्रो सडक २ हजार मानिसहरू लाभान्वित हुने भनिएको छ । एक अर्बको कुल लागत छ ३ वर्षको योजना हो जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयबाट आएको नयाँ कार्यक्रम हो । समपूरकको त्यति नै पैसा राख्नुपर्ने सबै माननीयज्यूहरूलाई अवगत नै छ । अर्को सुर्खेतको घाटगाउँ साल्मा कोरालावास कुल्लीभारी सडक यसबाट १० हजार मानिसहरू

लाभान्वित हुनेछन् भनिएको छ यसको बजेट ८४ करोड छ । यसको अवधि २ वर्षको छ यो भौतिक पूर्वाधार तथा सहरी विकासबाट क्रमागत योजना हो सभामुख महोदय, २०७८/७९ देखि नै यो सुरु छ । मुगु, हुम्ला कर्णाली र मुगु कर्णाली नदी डोमुखबाट गम्गडी नाक्चेनाङ्ला सडक १० हजा जना मानिसहरू लाभान्वित हुनेछन् ४८ करोड ७९ लाख २४ हजार २ सय ९६ कुल लागत छ २ वर्षमा सिध्याउने भन्ने छ भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले गरेको यो क्रमागत हो । २०७८/०७९ को हो सभामुख महोदय, त्यसैपछि फेरि सल्यानको छ कालिमाटी, रामपुर, रामबजा लुहाम सल्यान खलङ्गा जोड्ने सडक ५० हजार मानिसहरू लाभान्वित हुन्छ भनिएको छ ८८ करोड ७० लाख ५९ हजार लागत छ अवधि २ वर्षको छ सभामुख महोदय, भौतिक पूर्वाधार तथा सहरी विकासबाट यो क्रमागत २०७६/०७७बाटै अघि बढिरहेको छ । कालिकोट लालु लैफु रास्कोट कोटबाडा रुप्सा हुँदै सुदुरपश्चिम प्रदेश रामारोसन सडक यो पुरानो पाटो र अघि चेनिस दिएको त्यो नयाँ भयो यसबाट १० हजार मानिसहरू लाभान्वित हुने ३० करोड ५८ लाख ७ हजार यसको लागत छ भौतिक पूर्वाधार तथा सहरी विकासबाट हो यो पनि क्रमागत हो सभामुख महोदय, २०७६/०७७ देखि नै छ । म आएको २०७८ देखि नै हो सभामुख महोदय, धेरै भएको छैन तीन महिना भएको छ । हुम्ला सर्केगाड, मारकोर, खार्पुनाथ, सिमकोट सडक लाभान्वित १० हजार कुल लागत ९९ करोड ९१ लाख २० हजार अवधि वर्ष २ वर्ष भौतिक पूर्वाधार तथा सहरी विकासबाट क्रमागत योजना २०७६/०७७ देखि लागु छ ।

अब विशेषतर्फका आयोजनाहरू १० जिल्लाका लागिः

कर्णाली प्रदेशमा टेलिमेडिसियन इहेल्थ कार्यक्रम विस्तार तथा सुदृढीकरणः यो १० ओटै जिल्लाको लागि हो सभामुख महोदय, यो नयाँ हो १० ओटै जिल्लाको लागि भनेर पैसा बढी छैन ।

कर्णाली प्रदेशको व्यावसायिक सिप र सिप विकाससम्बन्धी विभिन्न सिपमूलकतालीमसञ्चालन गर्ने, यो पनि १० ओटै जिल्लाको लागि हो सभामुख महोदय, सल्यान शारदा वृहत खानेपानी आयोजना ६ हजार ८ सय १३ जना लाभान्वित हुनेछन् १९ करोड ८६ लाख रुपैयाँ यसको लागत छ जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयबाट आएको नयाँ हो र यो क्रमागत भनेर भनिएको छ पहिलो पनि राखिएको रहेछ । डोल्पा डोल्पा अस्पतालको पूर्वाधार तथा सुदृढीकरण ५ हजारले लाभान्वित हुनेछन् यसको बजेट २४ करोड ८७ लाख हो । सामाजिक विकास मन्त्रालय

क्रमागत २०७७/०७८ देखि प्रदेशको क्रमागत आयोजना हो सभामुख महोदय, यो पहिले नै मन्त्रीज्यू भए देखिका कार्यक्रमहरू हुन् । अर्को ५ कालिकोट पलाता लिप्ट खानेपानी आयोजना छ १२ सय यसबाट लाभान्वित हुनेछन् १० करोड लागत छ तीन वर्षको लागि जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयबाट क्रमागत २०७६/०७७ को हो। कालिकोटको रास्कोट वृहत खानेपानी आयोजना छ ३० हजार लाभान्वित हुने १० करोड ४४ लाखमा जलस्रोत तथा ऊर्जा विकास क्रमागत २०७७/०७८ को । सुर्खेत छाप्रे एकीकृत खानेपानी आयोजना पञ्चपुरी ७ दुई हजार लाभान्वित हुनेछन् ११ करोड २६ लाख १४ हजार २ सय ३४ रुपैयाँ लागत रहेको छ जलस्रोत तथा ऊर्जा विकास क्रमागत २०७८/०७९ ।

रुकुम पश्चिम पश्चिम रुकुम जिल्ला अस्पालको पूर्वाधार विकास तथा सुदृढीकरण त्यसबाट १० हजा लाभान्वित हुनेछन् २८ करोड ९८ लाख ७५ हजार १० रुपैयाँ, सामाजिक विकास मन्त्रालय क्रमागत २०७८ ÷०७९ को प्रदेशको क्रमागत हो सभामुख महोदय,

हुम्ला हुम्ला जिल्ला अस्पताल पूर्वाधार विकास तथा सुदृढीकरण ६ हजार लाभान्वित हुनेछन् सभामुख महोदय, २३ करोड १६ लाख ६३ हजार ३ सय, सामाजिक विकास मन्त्रालय क्रमागत २०७८/०७९ को हो । प्रदेशको क्रमागत योजना हो यो ।

१० जिल्ला कृषि तथा पशुपन्छी विकास बहुदेश्यीय स्रोत केन्द्र स्थापना गर्नको लागि १० जिल्ला छ ।

१० जिल्ला कर्णाली प्रदेशमा खाद्य सुरक्षाका लागि कोल्ड स्टोर, खाद्य भण्डार सोलार दुग्ध चिस्यान केन्द्र स्थापना गर्नका लागि अहिलेका विशेष कार्यक्रमहरू यिनै हुने सभामुख महोदय, त्यस कारण म आग्रह गर्न चाहन्छु ।

शिक्षित पढेलेखेका माननीयज्यूहरूले यो सदनमा बोल्दाखेरि तथ्यपरक रूपले बोलिदियो भने सरकार सुधार गर्नमा जहिले पनि अग्रसर छ । सभामुख महोदय, त्यसमा हामी लाग्छौं नै तर सदनमा आइसकेपछि सत्ता पक्षले हो नै भन्नुपर्ने प्रतिपक्षले होइन नै भन्नुपर्ने वातावरण मात्र हो भन्ने लाग्दैन । सभामुख महोदय, आज म एउटा जानकारी पनि गराउन चाहन्छु, धेरै बेला कुरा निस्केका छन् । सभामुख महोदय, दलित आय आर्जन कार्यक्रमको ढिलाइ भयो, कति भयो ? भन्ने कुरा आइरहेको छ दलित आय आर्जनका पनि हामीले कुन जिल्लालाई कति पैसा जाँदैछ के का आधारमा जाँदैछ भन्ने कुरा आज म यो सदनसमक्ष भन्न चाहन्छु । सभामुख महोदय, कालिकोट जिल्लामा जनसंख्याको आधारमा यो सबै जनसंख्या छ हामीले आधार लिएको हो जनसंख्या

गरिबी, दुर्गमता, जम्मा जिल्लागत बजेट कार्यक्रम सञ्चालन खर्च पनि यो सबै सम्पूर्ण माननीय संसादज्यूहरू सुसूचित हुनु राम्रो हो भन्ने मलाई लाग्छ सभामुख महोदय, कालिकोटले जनसंख्याको आधारमा एक करोड ५१ लाख १ हजार ६ सय ९८ रुपैयाँ पाएको छ । त्यसरी नै गरिबीकोमा ८१ लाख ९८ हजार १ सय २५ पाएको छ । दुर्गमतामा ७६ लाख ६८ हजार ५ सय ३९ पाएको छ । जम्मा टोटल बजेट ३ करोड ९२ लाख ८ हजार ३ सय ६२ पाएको छ । यी आधार सञ्चालन खर्च ४८ हजार त्यो भएपछि ३ करोड १४ लाख यसरी गएको छ ।

जाजरकोट, जाजरकोटले २ करोड १३ लाख २ हजार ३ सय ५० पाएको छ जनसंख्याको हिसाबमा । गरिबीमा ६७ लाख ४३ हजार ७ सय ६० पाएको छ । दुर्गमतामा ५६ लाख ९६ हजार ६ सय २९ पाएको छ । जम्मा ३ करोड २५ लाख ७२ हजार ७ सय ३९ पाएको छ ।

जुम्लाः जनसंख्यामा ७८ लाख ६५ हजार ६२ रुपैयाँ पाएको छ । गरिबीमा ४८ लाख ३८ हजार २ सय ४२ पाएको छ । दुर्गमतामा ६७ लाख ९२ हजार १ सय ३२ पाएको छ । जिल्लागत रूपमा १ करोड ९४ लाख ९५ हजार ४ सय ३८ आएको छ ।

डोल्पाः डोल्पाले जनसंख्यामा १९ लाख ८४ हजार ७ सय ३७ पाएको छ । गरिबीमा १६ लाख २६ हजार ३ सय ४६ पएको छ । दर्गमतामा ७० लाख ११ हजार २ सय ३६ पाएको छ । सबै गरेर १ करोड ६२ लाख २ हजार ३ सय १९ पाएको छ।

दैलेख, जनसंख्यामा २ करोड ८८ लाख ९२ हजार ९ सय ५९ पाएको छ । गरिबीमा ९८ लाख २० हजार २ सय २२ पाएको छ । दुर्गमतामा ७४ लाख ४९ हजार ४ सय ३८ पाएको छ । समर्गमा ४ करोड ६१ लाख ६२ हजार ६ सय १९ पाएको छ ।

मुगुः जनसंख्यामा ४४ लाख ४३ हजार ६ सय ७५, गरिबीमा २४ लाख ६७ हजार ८ सय ५८, दर्गमतामा ३५ लाख ५६ हजार १८ समग्रमा पछि जोड्नुहोला ।

रुकुम पश्चिमः जनसंख्यामा ७० लाख ५१ हजार १ सय १३, गरिबीमा ४२ लाख ६६ हजार ७ सय ५४, दुर्गमतामा ४६ लाख १ हजार १ सय २४

सल्यान जनसंख्यामा ८७ लाख ३८ हजार २ सय ८१, गरिबीमा ७३ लाख २० हजार २ सय ९४, दुर्गमतामा ५६ लाख ९६ हजार ६ सय २९

सुर्खेत जनसंख्याः १ करोड ९५ लााख ४८ हजार ५ सय ८०, गरिबीमा १ करोड १० लाख १० हजार ८ सय २९, दुर्गमतामा ३९ लाख ४३ हजार ८ सय २०

हुम्लाः जनसंख्या ३२ लाख ११ हजार ५ सय ४७, गरिबीमा २२ लाख ४७ हजार ५ सय ६९, दुर्गमतामा ६१ लाख ३४ हजार ८ सय ३१ र जम्माः

जम्मा जिल्लामा ३३ करोड ८८ लाख गएको छ ।

अब हिजो केही महत्त्वपूर्ण प्रश्नहरू उठेका छन् । त्यसमा ओएनएमका विषयहरू पनि उठेका छन् । ओएनएमलाई सरकारले व्यवस्थित गर्दैछ । कयौं कमीकमजोरीलाई हटाएर त्यसलाई अघि बढाउन सरकार लागिपरेको छ । त्यसको लागि एउटा कार्यदल बनिसकेको छ । कार्यदल बनिसकेको हुनाले कार्यदलले ल्याइसकेपछि हामी त्यसलाई अगाडि बढाउने नै छौं र बारम्बार प्रश्न उठेको सुर्खेत जिल्लालाई जिल्ला कार्यालयहरू भएनन् निर्देशनालयले मात्रै सुर्खेतलाई चलाउन मिल्दैन भन्ने कुराहरू पनि निश्किेका थिए त्यसलाई सरकारले एकदमै सकारात्मक रूपमा लिएको छ । यी कुराहरूलाई सरकारले अगाडि बढाउँछ त्यो मैले अघि नै बढाउँछ । ओएनएमको विषयमा हचुवाको भरमा हामीले गर्दैनौं केही कुराहरू गर्दाबिग्रेका छन् तिनलाई सुधार गर्ने बढी भएकालाई घटाउने कम भएकालाई बढाउने भन्ने कुरा छर्दैछ सभामुख महोदय, अब समृद्ध, सुखी कर्णालीवासी सुनको सिरानी राखेर नुनको खोजी भन्ने कुरा पनि उठेकै छन् हो स्वाभाविक कुरा हो यो हामी सबैको दायित्व होला हामी सबैले म म भन्नुपर्ने अवस्था छ सभामुख महोदय, सत्तामा को थियौं धेरै वर्ष मन्त्री को भयौं विपक्षमा को थियो कसले के गर्‍यो कसका अवधि कति हुन भन्ने कुरा त्यो समयले नै बताउने छ सभामुख महोदय, र यो एउटा बारम्बार कुराहरू आइरहेको छ मैले अघि पनि सुरुवातमा पनि भने समानुपाति सभासदज्यूहरूको उच्च मूल्याङ्कन हामीले जरुर गर्नेछौं । त्यसको लागि वास्तवमा एउटा हीनताबोध जस्तो भइरहेको छ होला म मान्छु समानुपातिकभन्दाप्रत्यक्षको दायित्व अलि बढी नै छ सभामुख महोदय, यतिभन्दा समानुपातिका माननीयज्यूहरूले अन्यथा सोचिदिनुहुने छैन भन्ने सोचेको छु । प्रत्येक रूपमा निर्वाचित भएर आउनु र समानुपातिकमा आउनु अलि फरक नै छ समानुपातिकका माननीयहरू भोलि प्रत्यक्ष निर्वाचित भएर आए पछि भोलि त्यो कुराको महसुस हुने नै छ । तर यसको अर्थ यो होइन कि प्रत्यक्ष भएर आए पनि समानुपातिक कोही पनि होइन भन्ने जरुर होइन । भन्ने मलाई लाग्छ सभामुख महोदय, अब यहाँ सार्वजनिक अपराधहरू बढेका छन् भन्ने कुराहरू आएका छन् धेरै कुराहरू बढेका पनि छन् त्यसमा सरकार सजग छ । न्यूनिकरण गर्नको लागि सरकार

लागिरहेकै छ र सरकारले बारम्बार यहाँको प्रहरी प्रशासनसँग समन्वय गरिरहेको छ त्यसमा हामी पक्कै पनि जनताहरूलाई दुःख दिने कार्यमा हामी लाग्दैनौं सरकार लाग्दैन सरकार र सभामुख महोदय, आएको छ एउटा जनताहरूले धेरै दुखः पाए दीर्घरोगीहरूको फाइल बुझाउँदा पनि काम भएन भन्ने कुरा आएको छ यसको लागि सरकारले खोजी गऱ्यो तिनको काम नहुनुको कारण तपाईंहामीले बनाएका विधि छन् कार्यविधि छन् कार्यविधिअनुसारका कागजातहरू नपुगेको हुनाले त्यो ढिलाइ हुन गएको रहेछ सभामुख महोदय, ती कुराहरूलाई चाहिँ जरुर तुरुन्त ती कुराहरू अगाडि बढ्ने नै छन् । अब संविधानको धाराअनुसारका कुराहरू पनि आएकै हुन् सभामुख महोदय, धारा ६८ ले समावेशी भन्छ, यो मन्त्री मण्डलमा इन्क्यूजन त भएकै छ । हेर्नुभयो भने इन्क्यूजन भएकै छ समावेशी भएकै छ तर जनरल ब्यालेन्स चाहिँ भएको छैन । मैले कुनै दुखः कुनै अप्ठ्यारो नमानेर सभामुख महोदय, भन्छु महिलाको प्रतिनिधित्वि अहिले हामीले गर्न सकेका छैनौं तर कुनै दिन यस्तो नआउला भन्न सकिन्न धेरै महिला र थोरै पुरुष भएको बेला पनि अवस्था आउन सक्छ सभामुख महोदय, तर समावेशी नै छैनन् भनिरहँदा सबै मन्त्री हुनेका अनुहार हेरिदिनको लागि पनि म आग्रह गर्न चाहन्छु सभामुख महोदय, र एउटा हिजो मलाई पनि तुरुन्तै खड्किएको थियो । मैले तुरुन्तै प्रश्न सोध्ने माननीयज्यूलाई पनि मैले नबुझेको कुरा मैले तुरुन्तै कन्ट्याक्ट पनि गरेको थिए मैले हेरे जुन इन्सिटिसनल मेमोरी भन्ने चलान हुन्छ जति पुरानो भए पनि तिनलाई हटाउन मिल्दैन । त्यो भएको भन्ने कुरा सुनेर मैले त्यसको तुरुन्तै खोजी गरे सभामुख महोदय, तर नयाँ भए पनि स्क्रिनमा नयाँ आउने हो मैले कतै हटाएछन् कि भनेर खोजी गर्दा हटाइएका छैनन् सभामुख महोदय, मार्फत् माननीयज्यूलाई भन्न चाहन्छु ती ग्यालरीमा गएर बसेका छन्। ती सबै ग्यालरीमा बस्दा रहेछन् मैले आफू केन्द्रको मन्त्री हुँदा खेरिका कुराहरू पनि हेरे ती ग्यालरीमा गएर बसेका छन् । कुनै कुराहरू पनि हटाइएको छैन त्यसलाई म माननीयज्यूहरूलाई विश्वस्त रहन आग्रह गर्न चाहन्छु सभामुख महोदय, अब सरकारले हिजो मात्रै ५५ जना हिउँमा पुरिएका जुम्लाका मानिसहरूलाई हेलिकप्टरको व्यवस्था गरेर हेलिकप्टर ल्यान्ड गर्न सक्ने अवस्था रहेन हेलिकप्टरबाट खाद्यान्न हामीले त्यहाँ ड्रप गरेर उहाँहरूलाई खान पुग्ने गरेर आज खुसीको कुरा सुनाउँदैछु। सभामुख महोदय, उहाँहरू ५५ जना हुनुहुदैन रहेछ ३५ जना रैछन् । ५५ भन्नुभयो ५५ जनाको व्यवस्था गरेर हामीले हेलिकप्टर पठाऔं । हलिकप्टरले त्यो ओडारको अगाडिअगाडि गएर खाद्यान्न ड्रप गरेर हिजो र आज घाम लागेको हुनाले ती हाम्रा जुम्लाका नागरिकहरू सबै घर पुगिसकेको शुभ समाचार पनि

यहाँहरूलाई सुनाउन चाहन्छु सभामुख महोदय, अब अर्को मलाई एक जना माननीयज्यूको कुराले मलाई सारै वास्तवमा मर्माहत् नै गऱ्यो एउटा प्रश्न यस्तो खडा भयो के त एकीकृत बस्तीहरू जहाँ जहाँ मुख्यमन्त्री छन् त्यही हुने हो के यो मुलुकको सबैभन्दा ठूलो जिल्ला डोल्पामा जुन जिल्लामा तितरबितर भएर बसेको बस्तीहरू छन् त्यो जिल्लाका बस्तीहरूले त्यहाँ मन्त्री नभएकै कारणले, मुख्यमन्त्री नभएकै कारणले एकीकृत बस्तीहरू नहुने हो र । भन्दाखेरिवास्तवमा भन्ने हो भने सभामुखज्यू म भावुक नै भएको छु । त्यसैले मैले आज प्रण गरेर आजका दिनमा मन्त्रीज्यूहरूलाईभन्दा पनि यी सबै कुराहरूको प्रस्तुति सरकारको तर्फबाट सरकारको प्रमुखले म आफैं गर्छु भनेर म हिजो रातभरिवास्तवमा आज तपाईंहरूले मेरो अनुहार हेर्नुभयो भने म निदाएको छैन । यी हेर्दा यति धेरै देखिए सभामुख महोदय, तर यी सबै डेटाहरू प्राप्त गर्नको लागि हाम्रो प्रशासकीय युनिट कस्तो छ भने ८, १० घण्टा लाग्दो रहेछ म बिहान ६ बजे उठेर कार्यालयमा गएर यी सबै डाटाहरू मैले सङ्कलन गरे सभामुखज्यू । एकीकृत बस्तीको लागि कार्यविधि बन्यो सभामुख महोदय, म आज मैले भन्ने पर्छ हामी सरकारका मान्छे सदन पनि हतारमा हामी कार्यविधि बनाउन चाहन्छौं । कार्यविधि बनाउँदाखेरि हामी कठोर बन्छौं तर लागु गर्दाखेरि कार्यविधिलाई एकातिर फ्याकिदिने अनि हामी लाग्ने अर्कोतिर मलाई लाग्छ सभामुख महोदय, कार्यविधि बनाउँदाखेरि विवेक पुऱ्याउनु पर्छ लागु गर्दाखेरि कठोर हुनुपर्ने ठ्याक्कै उल्टो भएछ । एकीकृत बस्ती विकासको हिसाबले हाम्रो पैसा गएको छैन सभामुख महोदय, म सरकारका प्रमुखको हिसाबले मैले स्वीकार गर्छु । हाम्रा बस्तीहरू स्थानान्तरण भएका छन् कार्यविधिमा भनिएको छ जियोलोजिस्ट चाहिन्छ, ड्रइङ चाहिन्छ, डिजाइन चाहिन्छ, खानेपानीको पहिल्यै व्यवस्थापन गर्नुपर्छ, सडकको पहिल्यै व्यवस्था गर्नुपर्छ, विद्यालयको पहिल्यै व्यवस्था गर्नुपर्छ यो कुन ठाउँमा भए त सभामुख महोदय, चार ओटा घर भए भन्दैमा एकीकृत भनिहाल्ने अनि हामीले बनाऔं हामीले बनाएको ठाउँमा हामीले बनाऔं के भने एकीकृत बस्ती विकास हुने तर दफा २ मा जे सुकै लेखिएको भए पनि एउटा घरलाई पनि मान्यता गरिने छ भनेर हामीले लेख्यौं सभामुख महोदय, अब यो सुधार गर्नुपर्ने होला त हामी सबैले हामी सरकार प्रमुख हौं । सभामुख महोदय, तपाईं सम्मानित सांसद हो, सम्मानित प्रदेशसभा हो । यो कुनै वडा कार्यालय होइन सभामुख महोदय, त्यस्तो अवस्था भएका कारणले गएका होलान् । डोल्पामा पनि गएको रहेछ पैसा त गएको रहेछ त्यो एकीकृत हैन साँच्चै छार्काको भोटको जहाँ १५, २० घर भएकालाई हामीले सुविधाजनक ठाउँमा ल्याउन सक्ने भयो कि भएन त्यहाँका सम्बन्धित जिल्ल्लाका

माननीय मन्त्रीभइसकेका व्यक्तिहरूको जिम्मेवारी हो कि होइन । यो कुरालाई पनि सोच्नुपर्छ भन्ने मलाई लाग्छ सभामुख महोदय, मलाई अर्को लागेको मैले त हिजो २०७८ सुनेछु भएको त २०७६ रहेछ । २०७६ असार २८ गते पहिरो गएको रहेछ शनिबारको दिन रहेछ घट्ट पिस्न गएका घट्टला विद्यालयबाट छुट्टी भएका हुनाले गएका विद्यार्थीहरू १२ जनाको मृत्यु भएको रहेछ सभामुख महोदय, अनि हामीले त्यति खेर प्रदेश सरकारले हामीले के गऱ्यौं भने बिमा नीति ल्याऔं बिमा नीति ल्याउँदाखेरि २०७६ चैत १ गते लागु बिमाले समेट्न सकेन चैतमा हामीले बिमा पोलिसी ल्याऔं, पछाडि आएको हुनाले यो त असारमै भयो अगाडिको असारमा त्यसले नसमेटिसकेपछि डोल्पा मात्र हैन सभामुख महोदय, डोल्पा सहित रुकुम पश्चिम, सल्यान, सबै गरेर २३ जना मानिसको मृत्यु भएको रहेछ २३ जनाको मृत्युमा सरकारले ४६ लाख निकास गरेको रहेछ अरू सबै जिल्लाले पायो डोल्पाले पाएन । पैसा जिल्ला प्रशासन कार्यालयमा छ सभामुख महोदय, २४ लाख रुपैयाँ छ समस्या के परेछ भने क्याबिनेटले के निर्णय गऱ्यो भने दोहोरो नपर्ने गरी भनेर प्रस्ताव पठायो । दोहोरो नपर्ने भएपछि तत्कालीन सिडियोको विवेकको प्रयोग गरेको त्यति खेर थाहा हुन्छ दोहोरो पर्ने भनेको छ, कसरी दिने ? भनेर अहिलेसम्म नदिएको रहेछ सभामुख महोदय, यसको लागि आज अहिले त्यहाँ आज नै ती जनताले पैसा पाउथे तर अलिकति दुर्भाग्य के भयो भने लेखा अधिकृत पनि सिडियो पनि बिदामा हुनुहुँदो रहेछ । मैले प्रत्येकको ट्र्याकिङ गरेको छु सभामुख महोदय, को मान्छे कहाँ छ ? त्यहाँ अहिले सहायक सिडियो मात्रै हुनुहुँदो रहेछ बमबहादुर नेपाली। त्यो ट्राकिङ गरिसकेपछि अब भएन, के गर्ने ?भन्दा घर बिदामा गएको सिडियोलाई पनि हैन हजुर अस्तिबाट मात्रै एउटा चिठी दोहोरो पर्ने भनेको बिमा भएकोले मात्रै पायोकि भनेपछि १२ पुगेछ त्यो पैसा पनि प्राप्त हुन्छ । अस्ति पनि माननीयज्यूहरूले कुरा निकाल्नु भएको छ चटयाङमा परेको, हिउँले बालिनाली ध्वस्त भएको, ती हाम्रा कार्यविधिहरू छन्, त्यो कार्यविधिअनुसार त्यसका प्रक्रियाहरू माननीय सदस्यज्यूहरूले अगाडिबढाइ दिनुभयो, आफ्ना नागरिकलाई यी कुराहरू पुऱ्याईदिनपऱ्योभन्नुभयो भने पक्कै पनि यी कुरा अगाडि बढ्ने छ भन्ने विश्वास लिएको छु । सभामुख महोदय, र अर्को एउटा कुरा आएको छ यो द्वन्द्वपीडितको परिभाषा के हो ? परिभाषा कार्यविधिमा बकाइदाका साथ लेखिएको छ । रुखबाट लडेर ढाड भाँचिएको द्वन्द्व पीडित होइन, खोला तर्न जाँदा पानीमा लडेको द्वन्द्व पीडित होइन, जुन सशस्त्र द्वन्द्व भयो, जन आन्दोलन भयो, त्यो बेला भएका घाइतेहरूलाई द्वन्द्व पीडित र ती द्वन्द्व पीडित हुन कि होइनन् भन्ने जिल्ला प्रशासन र द्वन्द्व पीडित

व्यवस्थापन गर्ने ठाउँबाट प्रमाणित भएकाहरूलाई मात्रै द्वन्द्व पीडित भनिन्छ सभामुख महोदय, मलाई जहाँसम्म लाग्छ सम्मानितसंसद्मा, सम्बन्धित प्रदेशसभामा प्रदेशसभा सदस्यज्यूहरूले सोध्नु भएका प्रश्नहरूको जवाफ र सरकारले आजसम्म भए गरेका कामहरूको उत्तर दिए, मैले जमर्को गरे प्रयास गरे त्यसमा छुटेछन् भने पनि ती कुरालाई अगाडि बढाउन प्रदेश सरकार यहाँको जति गर्न सक्छ । प्रदेश सरकार यति धेरै गर्छु भन्दैन, प्रदेश सरकार के भन्छ भने धेरै सके धेरै गर्छौं, थोरै सके थोरै गर्छौं तर केही न केही गर्छौं भन्ने कुरा राख्दै बिदा हुन्छु धन्यवाद । जय नेपाल ।

**<u>माननीय सभामुखः</u>**माननीय सदस्यहरू प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गर्नुपर्ने सार्वजनिक सरोकारका विषयमा यथास्थानबाट आफ्नो भनाइराख्ने विशेष समयको व्यवस्था गरेको छु । बोल्न चाहनु हुने माननीयज्यूहरूले सभामुखको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूकोमा नाम टिपाउनुहोला । सर्वप्रथम माननीय श्री मिनासिंह रखाल समय पाँच मिनेट।

**<u>माननीय श्री मिनासिंह रखालः</u>** सभामुख महोदय, कर्णाली प्रदेशको नवौं अधिवेशनको सातौं बैठकमा विशेष समय दिनुभएकोमा धन्यवाद सभामुख महोदय, हुन त यो दैलेख जिल्लाको मात्रै समस्या होइन यो १० ओटा जिल्लाले बनेको यो प्रदेशभरकै समस्या हो र यी कुराहरू पटक पटक पनि उठिसकेका छन् । हामी लोकतान्त्रिक गणतन्त्रको अभ्यास भइरहँदा तीन तहको सरकारहरू छन् सङ्घीय सरकार प्रदेश र स्थानीय सरकार र हामीले प्रदेशसभाको सदस्यको हिसाबले हामीले आफ्ना जिल्लामा पठाएका योजनाहरू दैलेख जिल्लामा ११ ओटा स्थानीय तह छन् । स्थानीय तहमै समेट्ने गरेर हामीले पठाएका योजनाहरू अथवा प्रदेश सरकारले दिएका योजनाहरू हालसम्म कोही अधुरो भइसकेको छ कोही सम्पन्न भएर पनि भुक्तानी नपाएको अवस्था छ दैलेख जिल्लाका ११ ओटै स्थानीय तहमा खानेपानी सिँचाइ, भौतिक पूर्वाधारबाट केही भवनहरू वडा कार्याल्यहरू छन् ती वडा कार्यालयहरू आज पनि हामी प्रदेश सरकारलाई हेरेर बसिरहेको देखिन्छ र ती सिँचाइहरू जहाँ खेतमा पुग्नु पर्थ्यो जहाँ तरकारी लगाएको ठाउँमा पुग्नु थियो त्यो खोल्साबाट बगिरहेको अवस्था छ । ती खानेपानी आयोजनाहरूको टंकिहरू बनेका छन् तर घरघरमा पुगिसकेको अवस्था छैन। त्यसैले म सभामुख महोदय, मार्फत् म सरकारलाई के अनुरोध गर्न चाहन्छु भने दैलेख जिल्ला ११ ओटै स्थानीय तहका ती खानेपानी ती सिँचाईं ती भौतिक पूर्वाधारका भवनहरू वडा कार्यालयहरू अधुरो भइरहेको हुनाले र एउटा कस्तो छ भने आर्थिक वर्ष २०७५/०७६ मा स्थापना गरियो, योजना ल्याइयो त्यसलाई क्रमागतमा लगेर

२०७७/०७८ मा राखियो त्यसपछि कोभिडका कारणले ती भवनहरू ती योजनाहरू सम्पन्न हुन सकेनन् । र त्यसमा बजेट फ्रिज भयो भनेर कोही बनिसकेका योजनाहरूमा पनि भुक्तानी नपाएको अवस्था छ । त्यसले गर्दाखेरि ती उपभोक्ता समितिहरू, त्यहाँका बासिन्दाहरू, त्यसबाट लाभान्वित हुने समुदायहरू अझपनि हामीसँग आक्रोसित भइरहने कार्यालयमा गइरहने रहेको अवस्था सुन्न र देख्न पाएका छौं । त्यसैले सभामुख महोयदमार्फत् म प्रदेश सरकारलाई के अनुरोध गर्न चाहन्छु भने यदि ती भुक्तानीहरू नदिने हो भने अथवा ती कार्यालयहरू अधुरा होइरहने हो भने एउटा समिति गठन गरेर प्रदेश कार्यालयको प्रतिनिधि, माननीय र मन्त्रालयका प्रतिनिधिबाट एउटा अनुगमन समिति बनाएर ती अधुरा योजनाहरूको अनुगमन गरेर त्यसको यथार्थ जानकारी ल्याएर भुक्तानी र योजनालाई सम्पन्न गर्न माग राख्दछु हवस् धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री राजु नेपाली समय पाँच मिनेट।

**माननीय राजु नेपालीः** सभामुख महोदय, कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको सातौं बैठकमा विशेष समयमा आफ्ना केही भनाइहरू राख्ने अनुमति चाहन्छु । सर्वप्रथम त मैले हिजो मात्र नेकपा एमाले स्थानीय जनदबाबका कारणले नै सङ्घीय सरकारले निर्वाचनको मिति तिथि घोषणा गरेको छ । त्यसलाई स्वागत गर्न चाहन्छु । किनभने यदि मुलुकमा फेरि पनि यो चुनाव घोषणा नभएको भए रक्तपात ठूलो मच्चीने थियो । सायद त्यसबाट हामी वञ्चित भयौं हामी त्यस मानेमा पनि सङ्घीय सरकारलाई धन्यवाद दिन चाहन्छु मैले । हामीले यहाँ हाम्रो माझमा सिंजा सभ्यता विधेयक आएको छ । सिंजा सभ्यता विधेयक साँच्चिकै हामी अविभावक भइसकेपनि (**माननीय सभामुखः** यो विषय विधेयकमाथि छलफल गर्दाखेरि नै उठाउँदा राम्रो होला माननीयज्यू) म विषयमा केन्द्रित भए। मैले भन्न चाहेको हुन त सबै ठाउँमा आएकै बाढी पहिरो नै हो। २०७२ साल देखि सुर्खेत जिल्लाका यी तीन ठाउँमा अझै पनि जहाँका त्यही बाढी पीडितहरू बसेका छन् । अहिलेको सरकार सायद कामकाजिलो जस्तो माने मैले, मेहेनत गरेर नै हामीलाई अब हाम्रा कुराहरू माथि सरकारको तर्फबाट माननीय मुख्यमन्त्री जीवनबहादुर शाहीले स्पष्ट रूपमा राख्नुभएको छ उहाँलाई धन्यवाद दिन चाहन्छु । फेरि पनि किनभने यसलाई पनि कति समयसम्मराख्ने हो । हुन त यो समस्या कर्णाली प्रदेशभर नै होला यस्ता बाढी पीडितका लागि अब के गर्ने, कहिलेसम्म लैजान्छौं हामी के गर्न सक्छौं हामी भनेर एउटा सभामुखमार्फत् सरकारले केही सोच्ने हो कि भन्ने लागेको छ मलाई हामीले काम गर्दै जाँदा जस, अपजस त अभिभावकले नै लिनुपर्ने हुन्छ किनभने काम गर्नेले नै धेरै अपजस लिन्छ । त्यसलाई पनि हामीले

सकारात्मक हिसाबले लिनुपर्ने हुन्छ । हामी सधैंभरी भन्ने गर्छौं सभामुख महोदय, मलाई जान त जिल्लामा बजेट गइसकेको छ दुखः लागिरहेको छ । सायद हामी अनुगमनमा अलि ढिलासुस्ती गरौं कि बजेट थुप्रो मात्रामा गइसकेको छ भन्ने कुरा आइसकेको छ बजेट गयो बजेट सही ठाउँमा कार्यान्वयन भयो कि भएन यतातिर हाम्रो ध्यान गयो कि गएन यदि नगएको भए अब जाने कुरामा हामी ढुक्क छौं हामी लाग्नैपर्ने रहेछ । थोरै समयमा धेरै बजेट खर्च गर्नुपर्ने पनि देखिन्छ र हामीले कार्यक्रम बनाउँदा बजेट सजिलै आयो हामीले सजिलै बुझ्छौं । सजिलै आएको बजेट कार्यविधिमा असजिलो भएकै कारणले जनताले दुखः पाएका छन् सभामुख महोदय, कार्यविधिलाई अलिकति सहज तरिकाले अझै पनि बनाउन सकिन्छ भने त्यही कार्यविधिकै कारणले अड्किएका बजेटहरू हुन् । त्यो कार्यविधि हामीलाई जनतालाई सजिलो र सहज हुने गरी बनाइदिन पाएको भए ती जनताहरूले अपनत्व महसुस गर्ने थिए भन्ने कुरा राखे हवस् धन्यवाद ।

<u>माननीय सभामुख</u>ः माननीय श्री पद्मा खड्का, समय पाँच मिनेट

<u>माननीय श्री पद्मा खड्काः</u> प्रदेशसभाको नवौं अधिवेशनको सातौ बैठकमा आफ्ना निर्वाचन क्षेत्र र सार्वजनिक महत्त्वका विषयहरू यहाँ राख्न चाहन्छु । सभामुखज्यू विशेष गरी मैले संविधानको व्यवस्था अनुसा स्थानीय तहको पदावदी सकिएको अवस्थामा र नेकपा एमालेको देशैंभरि चौतर्फीदबाब र स्थानीय लेबलसम्म पुग्दा सङ्घीय सरकारले एउटा स्थानीय तहको निर्वाचनलाई समय अवधिमै गर्ने मन्त्रिपरिषद्ले निर्णय गर्‍यो यो एकदमै स्वागत योग्य निर्णय छ । म धन्यवाद दिन चाहन्छु यो निर्णयप्रति र तोकिएकै समय सीमा भित्र चुनाव गराइयोस् म शुभकामना पनि भन्न चाहन्छु । र पहिलो विषय म यहाँ राख्न चाहन्छु । सरकारले योभन्दाअगाडि नेकपाको सरकार, अहिले गठबन्धनको सरकार राम्रा विषयहरू महत्त्वपूर्ण विषयहरू, महत्त्वपूर्ण योजनाहरू, हामीलाई लागिरहन्छ पक्कै पनि तिनले क्रमागत पाउँछन् र निरन्तर सम्पन्न हुनुपर्छ भन्ने हामी सबैको मनसाय नै हो । तर हिंड्दै गर्ने पाइला मेट्दै गर्ने जुन एउटा देखिरहेका छौं सरकारको गति अगाडि हिंड्दै जाने पछाडि पाइला मेट्दै जाने जुन योजनाहरू ल्यायो त्यो योजनाहरू सम्पन्न भएको छैन अर्को नयाँ योजनाहरू ल्याइहाल्ने एकदमै चर्चामा छन् नयाँ योजनाहरू ल्याउनमा सिपालु हाम्रो कर्णाली प्रदेश सरकार कार्यान्वयन सुस्त गति कछुवा गतिमा लागिरहेको मैले देख्छु त्यसको उदाहरण हो शिक्षा क्षेत्रतिर सामाजिक विकास मन्त्रालयबाट जसरी छुट्याइएका सामुदायिक विद्यालयलाई नमुना विद्यालय एक निर्वाचन क्षेत्र नमुना विद्यालय जुन घोषणा गरियो ती

आज बनाइएका नमुना विद्यालय कस्ता अवस्थामा छन् बजेट नपुगेर विद्यार्थीहरू कहाँ बसिरहेका छन् त्यसलाई एक पटक यो सरकारले मध्यनजर गर्नुपर्छकी भन्ने मैले यो विषय उठाएको छु ।

र दोस्रो विषय छ, मैले कालिकोटका नागरिक पनि हाम्रा यो प्रदेशका नागरिकहरू हुन् उनीहरूले पनि बाँच्न पाउने अधिकार उनीहरूलाई पनि छ । खान पाउने अधिकार उनीहरूलाई पनि छ, गास बास कपासको ग्यारेन्टी सरकारले गर्ने कुरा त्यो सबै नागरिकको अधिकारको कुरा भित्र पर्छ र कालिकोटको मात्रै मैले कुरा जोडिरहँदा त्यहाँ विभिन्न अग्निपीडितहरू, बाढीपीडितहरूको कुरा उठाइरहँदा एकदमै छिटो फास्ट गति फास्ट ट्र्याकबाट काम भएको हामीले देखिरहेका छौं । के कर्णाली प्रदेश सरकार कर्णाली प्रदेशका सबै नागरिकलाई फास्ट ट्र्याकबाट राहत दिनुपर्दैन । क्षतिपूर्ति दिन पर्दैन किन यस्तो विभेद गरिएको छ किन यस्तो पक्षपातगरिएको छ । मैले प्रश्न गर्न चाहन्छु सरकारलाई सुर्खेत जिल्लामा सुर्खेत जिल्लामा अवस्थित २०७२ सालमा बाढी पीडितबाट अहिले पनि कर्णाली प्रदेशको राजधानीमा त्रिपाल मुनि त्यो महिला प्रशिक्षण केन्द्रमा बसिरहेका बाढीपीडित, गिरीघाटमा बसिरहेका बाढीपीडित, भेरीगंगा नगरपालिकाको बाडुलेमा बसिरहेका बाढीपीडित आज तिनले के तिनीहरूलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार संविधानले व्यवस्था गरेको छैन सरकार ? यति नजिकै हुँदा पनि हामीले नागरिकलाई राज्यको प्रत्याभूति गरेका छैनौं यसलाई महत्त्वपूर्णका साथ हेरियास् भन्ने म यो कुरा राख्न चाहन्छु ।

र यसैगरी तेस्रो विषय छ मैले आज तीनओटा मात्रै प्रश्नहरू आज यहाँ राख्न मात्र खोजिरहेको छु दैलेख जिल्लाको ठाँटिकाँध गाउँपालिकाको गैरीगाउँमा पहिरोले बगाएका सात घरपरिवार अहिलेसम्म पनि त्यो परिवारले राहत नपाएको, त्यो परिवारले सरकार छ कि छैन भन्ने अनुभूतिसमेत लिन नसकेको हुनाले के ती नागरिक यो हाम्रा कर्णालीका होइनन्, यो कर्णालीभित्र ती पर्दैनन् । यो कुरा सरकारले किन सुन्दैन यसको जवाफ चाहियो, यसको जवाफ चाहियो र कुनै पनि नागरिकलाई काहि एकदमै फास्ट गतिबाट राहत प्राप्त हुने काहीं एकदमै सुस्त गतिबाट राहतभन्दा त त्यहाँका नागरिक पनि सरकार छ कि छैन भन्ने कुरा अनुभूतिसम्म लिन नपाउने यो के कारणले भएको मैले प्रश्न गर्न चाहन्छु यसको जवाफ मैले लिन चाहन्छु ।

अन्तमा मैले कर्णाली प्रदेश वीरेन्द्रनगर यो राजधानी पनि हो हामी सबैले आँखा अगाडि देखिएको यो सरकारले वीरेन्द्रनगरभित्र रहेका सहरी बाटाका जुन कुराहरू छन् यो कुरालाई पनि मध्यनजर गरेर अगाडि बढोस् भन्ने राख्न चाहन्छु, धन्यवाद ।

**<u>माननीय सभामुख</u>**: माननीय श्री दानसिंह परियार।

**<u>माननीय दानसिंह परियार</u>**:सभामुख महोदय, मैले आज विशेष गरेर दुई ओटा विषयवस्तुमा विशेष समय लिएर आफ्नो धारणा राख्ने गइरहेको छु । पहिलो कुरा त लामो समय संसद्मा म आफैं पनि उपस्थित हुन नसक्दा कोभिडका कारणले लामो समयसम्मसंसद् नचलिराखेको अवस्थाले गर्दा मुगु जिल्लामा दुई ओटाऐतिहासिक घटनाहरू घट्यो पहिलो घटना बस दुर्घटना भयो मुगु २०७८ साल असोज २६ गते गमगडी सदरमुकाम नजिकै छायानाँथ रारा नगरपालिका वडा नम्बर ७, नजिकै तपने खोलामा बस दुर्घटना भयो करिब ३२ जना ३० वर्ष मुनिका युवा विद्यार्थीहरूको अकालमा ज्यान गयोर त्यो घटनालाई जुन सरकारले सायद कर्णाली प्रदेश सरकारको सबैभन्दा ठूलो गम्भीर घटना थियो, दसैंको नजिकमा, त्यो घटना घट्यो तर त्यहाँ कुनै पनि कर्णाली प्रदेशको प्रतिनिधित्व भएन । करिब ७०-८० जना जति घटनासँग सम्बन्धी घरपरिवारहरू अहिले पनि ठूलो समस्यामा परिराखेका छन्, र कैयौंका बालबालिकाहरू टुहुरा पनि भएका छन् र उक्त पीडित परिवारले अहिलेसम्म प्रदेश सरकारको नामबाट केही कतै जिरो सहयोग प्राप्त गरेनन् । यो के हो किनभने मैले बारम्बार संसद्मा नाग्म गमगढी सडकको विषयमा कुरा राखेको थिए । प्रदेश सरकारले यो सडकलाई गम्भीर रूपमा लिनुपर्छ भनेको थिए मैले तर बजेट एक रुपैयाँ पनि हामीले छुट्याएनौं र त्यसको प्रतिफल हामीले भोग्यौं । यसको सन्दर्भमा पनि प्रदेश सरकारले एक पटक पनि कर्णालीका हाम जनता र मुगाली जनतालाई यसको उत्तर दिनुपर्छ । पहिलो कुरा यो राख्न चाहन्छु मैले ।

दोस्रो कुरा २०७८ साल कात्तिक २९ गते राति १२ बजे मुगु गमगडी सदरमुकाममा करिब २१ घरहरू जलेरपूर्णरूपमा क्षति भए र २१ घरमा करिब ५०-५५ जना व्यक्तिहरूका पसलहरू जलेर खरानी भए, अरबौंको सम्पत्ति जलेर क्षति भयो तर त्यो घटनामा मुख्यमन्त्री स्वयम्आफैं त्यहाँ पुग्नुभयो । मलाई थाहा छ नजिकबाट हेरें मैले तर अहिलेसम्म पीडितहरूले कुनै पनि अवसर प्राप्त गरिराखेका छैनन् । मैले सुनें के निर्णय भयो, २-४ लाख कति दिने निर्णय भयो भन्ने सुने तर मैले बारम्बार भनिरहेको कुरा के भने एउटा घर जलिरहेको छ करोडौंको क्षति भएको छ ४-५ लाख दिने निर्णय गरौं, यो नितान्त गम्भीर कुरा हो म त्यो माग गर्न चाहन्छु भने एक घर निर्माणको लागि सकिन्छ भने २० लाख नभए १५ लाख अनिवार्य प्रदेश सरकारको तर्फबाट व्यवस्था गरिनुपर्छ । किनभने त्यहाँ कारण थियो कि जिल्ला सदरमुकाममा एउटा दमकलको व्यवस्था थिएन । सदनमा गएर सोध्नुहोस् सम्बन्धित प्रकोप

नियन्त्रणका कुनै साधनहरू थिएनन् । मानिसले चाहेर पनि त्यो आगो नियन्त्रण गर्न सकिएन त्यसो भएकाले जुन त्यो घटनालाई जसरी उठाइयो एक पटक अनुगमन त गरियो तर त्यसको प्रतिफल के भयो र अहिले पनि ती पीडित मानिसहरू पालमुनि बसिराखेका छन् त्यसको बारेमा कर्णाली प्रदेश सरकारले एक पटक फेरि यी दुईओटै घटनाका सन्दर्भमा भएको के हो र अहिलेसम्म भएको अवस्था के छ यो कर्णालीका जनतालाई मात्र हैन मुगाली जनतालाई यसको सीमित हुने अवसर प्राप्त होस् भन्ने राख्न चाहन्छु, धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री दल रावल

<u>माननीय दल रावल</u>ःमाननीय सभामुख महोदय, अब म त फेरि पनि भन्छु अत्यन्तै सम्भावना बोकेको जिल्ला तर अहिले पनि बाटोले छुन नसकेको जिल्ला भएको हुनाले प्रदेश सरकारलाई म आग्रह गर्न चाहन्छु हुम्ला जिल्लामा २०७६/०७७ मा सुरु गरिएका बाटाहरू निर्माण कार्यहरू दुई वर्षीय कार्यावधि राखेका योजनाहरू सुरूपनि हुन सकेका छैनन् कतिपय अधुरा छन् यसको कार्यान्ययनको निम्ति तत्पर निकायलाई छिटोभन्दाछिटो निर्देशन गरोस् सरकार आफैंपनि तीव्र रूपले अनुगमन गरोस् भन्ने आग्रह गर्न चाहन्छु । त्यसैगरी जसरी हामीले प्रदेशको रङ्गशाला सुरु गर्‍यौं। आज हाम्रो मुख्यमन्त्रीज्यूले प्रस्तुति गर्नुभयो यो हाम्रो प्रदेशको गौरवको विषय हो । यसैगरी ३ हजार मिटरमाथि दक्षिणतिर हिमाल हेरेर राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडीहरू हुम्लाको सिमिकोटको खेलमैदानबाट खेल खेल्न सक्छन् । फुटबल खेल खेल्न सक्छन्, एथलेटिक्स खेल खेल्न सक्छन्, भलिबल लगायतका थुप्रै खेलहरू खेल्न सक्छन्, त्यो भएर हामीले सुरु गरेका थियौं । त्यो अहिले बजेट अभावका कारण अधुरो छ । त्यहाँ छुट्याइएको बजेट अलिकति विकेन्द्रित भएको थियो । अस्तिको सहमतिले फेरि मैले सुने माननीय मुख्यमन्त्रीज्यूले फिर्ता लिइसक्नु भएको छ भन्ने सुने हो यो खुद्रा टुक्रेबजेटलाई एकीकृत गरौं र हाइअल्टिच्युट रंगशालाको निर्माणकार्य छिटोसम्पन्न गरौं, म यो सरकारलाई अनुरोध गर्न चाहन्छु । त्यसैगरी अहिले निकै राम्रो हिमपात भयो किसानका लागि खुसीको कुरा मान्छौं तर अत्यन्तै हिमाली भागमा पर्ने लिमीका जनताहरू हिल्सा, यारीका जनताहरू, नेप्काका जनताहरू अहिले पनि सम्पर्कविहीन छन् उनलाई खाद्यको संकट भएको छ अप्ठ्यारो छ त्यो भएको नाताले उनका पीडालाई छिटोभन्दा छिटो सम्बोधन गरेर हाम्रो सरकारले उनीहरूको कसरी के सम्बोधन गर्नुपर्ने हो त्यतातिर पनि स्वयम मुख्यमन्त्री पनि त्यही जिल्लाको भएको हुनुहुन्छ आफैंमा पनि उहाँ अवगत उहाँलाई छ त्यसरी अगाडि बढ्नको निम्ति म उहाँहरूलाई चाहन्छु ।

यसैगरी हुम्ला जिल्लामा हामीले विगतका दिनहरूमा अत्यन्तै दुर्गम छ एक जना मानिसहरू औषधी उपचार गर्न आउनुपऱ्यो भने ट्रान्सपोर्टेसनमा मात्रै ५० हजार रुपैयाँ खर्च गर्नुपर्ने अवस्था हुन्छ । त्यसो भएको हुनाले त्यही विशेषज्ञ डाक्टरहरूको व्यवस्था हामीले गरेका थियौं । त्यहाँ भएका विशेषज्ञ डाक्टर जानु भएछ अहिले विशेषज्ञ डाक्टरको अभाव छ त्यो भएको नाताले छिटोभन्दा छिटो हुम्ला जिल्ला अस्पतालमा विशेषज्ञ डाक्टरहरूको व्यवस्था गरियोस् तलका जुन रणतितिक अस्पताल जुन हामीले भनेका थियौं त्यहाँ कहाँ कोसँग हुन्छ छिटो समन्वय गरेर मेडिकल अफिसरसम्मका डाक्टर भए पनि त्यहाँ राखियोस्। जसकारणले दुर्गमका जनताले स्वास्थ्य सेवा सुलभढङ्गले पाओस् भन्ने म चाहन्छु । अत्यन्तै दुर्गम ठाउँमा हामीले सामाजिक स्वास्थ्य इकाई भनेर हामीले सुरु गरेका थियौं बिचमा यो अहिलेको सरकारलाई मैले भन्न खोजेको होइन बिचमा आएको सरकारले हटाइदिएछ । मलाई गज्जब लाग्यो, अत्यन्तै दुर्गम ठाउँमा जनताले पाइरहेको सेवा के वितृष्णा जागेर सरकारले हटाएछ मलाई प्रश्न गर्न मन थियो तर मुख्यमन्त्रीज्यूले कन्टिन्यु गरौं भन्नुभयो धन्यवाद छ तर त्यो कन्टिन्यु हामीले जसरी गरेका थियौं त्यही प्रोसेसबाट होस् पाँच लाखले पुग्दैन ८ लाख मिनिमम कस्ट लाग्छ । म त्यो पनि सुझाव दिन चाहन्छु, त्यसैगरी अब बाटो पुग्यो चंखेलीको बागमाडे फर्म अत्यन्तै राम्रो छ ओखर, स्याउ पहिला पनि भन्दै आएको थिए कृषि मन्त्रीज्यूलाई अहिले पनि म सरकारलाई भन्न चाहन्छु कृषि मन्त्रीज्यू त्यही पारि मुगुको हुनुहुन्छ चंखेली चिन्नुहुन्छ बागमाडे फम भिजिट गर्नुभएको छ त्यो साना साना टुक्रामा खर्च नगरौं अहिले पनि कृषि प्रणालिमा सुधार गर्ने हो, अलि देखिने काम गर्ने हो भने बागमाडी दार्मा भन्ने ठाउँमा चङ्खेलीको बागमाडे फर्मलाई २०, ५० जति करोड लाग्छ लगाऔं त्यो अत्यन्तै गौरवको त्यो योजना हुनेवाला छ त्यसमा अत्यन्तै उन्नत जातका स्याउहरू फल्छन्, ओखर फल्छन् त्यसको विकासका निम्ति पनि म कृषि मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु यसतर्फ लाखौं भन्ने म अनुरोध गर्न चाहन्छु। त्यसैगरी माइक्रोहाइड्रोपावरहरू अत्यन्तै रुग्ण रूपमा रहेका छन् ट्रान्सपोर्टेसनको अभावले कतिपय के को अभावले गर्दा पैसा अभावका कारण थोरै थोरै बजेट हामीले दिन सकौं भने ती चाहिँ पूरा हुनेवाला छन् । यो गल्वागाड, तुम्च, मेल्छाम, कवाडी ठाउँहरूमा हुम्लाका रायामा हाइड्रोपावरहरू अधुरा छन् । यसको पूर्णताका निम्ति पनि प्रदेश सरकारले आवश्यक बजेटको व्यवस्था गरोस् भन्ने म चाहन्छु । र अन्तिममा म राम्रा काम गरे पनि हाम्रै सरकार हो हाम्रो कर्णाली प्रदेश सरकार हो । जे होस् माननीय मुख्यमन्त्रीज्यू मन्त्रीज्यूहरू रेगुलर बसेर हाम्रा माननीयले उठाएका सवालहरू

टिप्नु भएको छ, नोट गर्नुभएको छ, सुन्नुभएको छ यसका लागि सरकारलाई धन्यवाद छ । र सुझाव र सम्मानका लागि पनि म के भन्न चाहन्छु भने माननीय मुख्यमन्त्रीज्यूको सम्मान र अरू मन्त्रीज्यूलाई अलिकति बिचको यो असार देखि कात्तिकसम्म हुनु भएका मन्त्रीज्यूहरू यहाँ हुनुहुन्छ जस्तो लाग्छ ५, ६ महिना कति हुनुभयो त्यो रोस्टम नै प्रयोग गर्न नपाएर उहाँहरूको कार्यकाल सकियो । फेरि अहिले पनि प्रदेशका जनताहरूले यो सार्वभौमथलोमा उठेका, उठाएका प्रदेशका माननीयज्यूहरूबाट उठाएका नीतिगत विषयहरू सरकारको प्रमुख माननीय मुख्यमन्त्रीज्यूले प्रस्तुत गरेर विभागीय विषयहरू त विभागीय मन्त्रीलाई नै दिँदा त हुन्छ अझ राम्रो हुन्छ भन्ने सुझाव पनि दिन चाहन्छु धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री सीता कुमारी नेपाली।

<u>माननीय सीता कुमारी नेपालीः</u> माननीय सभामुख महोदय, नवौं अधिवेशनको सातौं बैठकको विषय समयमा म केही कुराहरू यहाँ राख्न चाहन्छु । विशेष गरेर एमसिसिको सन्दर्भमा २९ सेक्टेम्बर २०२१ मा एमसिसि मुख्यालयलाई सम्मानित प्रधानमन्त्री र हाम्रा पार्टी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको तर्फबाट लेखिएको पत्र र त्यसबाट राजनीतिक वृत तथा जनस्तरमा गरिएका टिप्पणी र यहीं संसद्मा विशेष समयमा राखिएको विषयमा हाम्रा पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ ।प्रतिगमनलाई परास्त गरी गठबन्धन सरकारलाई सरकार निर्माण भएको समय प्रधानमन्त्री माथि एमसिसि पारित गर्नैपर्ने दबाब भएकाले राष्ट्रिय सहमति तथा गठबन्धन र सरकारको रक्षाका लागि उक्त पत्र लेखिएको थियो र पत्रमा एमसिसिका लागि राष्ट्रिय सहमति आवश्यक हुने र राष्ट्रिय सहमति निर्माणका लागि सरकारलाई केही समय पर्ने कुरा उल्लेख गरिएको छ । न कि एमसिसि संशोधन विना नै पास गर्ने कुरा लेखिएको छैन । देशमा एकातिर एमसिसिबारे राजनीतिक वृत्त वुद्धिजीवी प्रेसदेखि जनस्तरसम्म विरोध र दबाबको अवस्था विद्यमान रहनु र अर्कोतिर तत्कालीन नेकपाले एमसिसिबारे गठन गरेको कार्यदलले पनि यसलाई परिमार्जन विना पारित गर्न नसकिने निचोड प्रस्तुत गरेकोले समेत गठबन्धन भित्र यस एउटै मत बनिहाल्ने अवस्था थिएन । यहीं वस्तुतग अवस्थालाई मध्यनजर गर्दै राष्ट्रहितलाई केन्द्रमा राखेर नेतृत्वले गरेको कूटनीतिक पहललाई गलत रूपमा व्याख्या गर्नु र अनावश्यक रूपमा उछालिनुको कुनै अर्थ छैन । हामीले देश र जनताको हित सर्वोपरी ठानी हाम्रा पार्टीको धारणा स्पष्ट गर्दै आएका छौं । यो परियोजना परिमार्जन विना पारित गर्नु हुँदैन भन्ने मा हाम्रा पार्टी दृढ छ । यसबारे गरिएका नियोजित प्रचार

बाजीको भ्रममा नपर्न न्यायप्रेमि जनसमुदायलाई अपिल पनि गर्न चाहन्छु । सभामुख महोदय, हिजो मात्रै नेपाल सरकारको मन्त्रिपरिषद्बाट स्थानीय तहको निर्वाचन २०७९ वैशाख ३० गते गरिएको छ यो स्वागतयोग्य निर्णय हो । र नेपाल सरकारलाई म धन्यवाद पनि दिन चाहन्छु । र अन्तमा हामीले आज कर्णाली प्रदेशका मुख्यमन्त्रीज्यूबाट मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रमको जिल्लागत विनियोजन भएको कुरा यहाँ सुन्यौं । जिल्ला जिल्लाबाट मुख्यमन्त्री दलित आय आर्जनको कार्यक्रमको विषयमा के भइरहेको छ भन्ने विषयमा प्रश्नहरू आइरहेको अवस्था छ । र अझै यसको अख्तियारी गइनसकेको अवस्थामा छिटोभन्दा छिटो अख्तियारी पठाएर यो कार्यक्रमलाई अगाडि बढाउने र पूर्वाधारको विकास मात्रै होइन। कर्णाली बहुआयामिक गरीबीको अन्त्य गर्नका निम्ति मानव विकासको पनि आवश्यकता पर्छ रोजगार र स्वरोजगार बनाउनुपर्ने आवश्यकता पनि छ त्यो आवश्यकतालाई मध्यनजर गर्दै छिटोभन्दा छिटो अख्तियारी दिनका निम्ति सम्माननीय सभामुखमार्फत् सरकारको ध्यानाकर्षण पनि गराउन चाहन्छु। त्यस्तै गरेर मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रमको बजेट पनि विनियोजन भएको थियो। कर्णाली प्रदेशका १० ओटै जिल्लाका धेरै महिलाहरूका सहकारीले सरकारले सूचना जारी गरिसकेपछि निवेदन पनि हालेका थिए तर त्यो मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रम कहाँसम्म पुगेको छ । यो विषयमा पनि जानकारी निम्ति माननीय सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, हवस्त धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री ठम्मरबहादुर विष्ट, समय ५ मिनेट

<u>माननीय ठम्मरबहादुर विष्ट</u>ः माननीय सभामुख महोदय, अहिले विशेष गरी एमसिसिको विषय अलि रन्किराखेको हुनाले यस सम्बन्धित बुझाइ एक, दुई ओटा मैले पनि राख्ने अनुमति चाहन्छु । यो हामी सबै लय हेर्दाखेरि हामी सबै राष्ट्रवादी भएका छौं भन्ने कुरा प्रमाणित भइनै राखेको छ भन्ने भनिसकिएको छ । नेपाल त्यसमा कहिल्यै चुकेको पनि छैन झुकेको पनि छैन यो शाश्वत नियम जस्तो बनिसकेको छ । अब योसँग सम्बन्धित एक, दुई ओटा पोइन्ट चाहिँ के छ भने यहाँ मैले सभामुखज्यूमार्फत् यो सम्मानित सदनमा राख्दा यसमा दुई, तीन ओटा कुराहरू, एउटा यो आइपिएसको अङ्ग हो भनेर अमेरिकी अनुरिटी र एमसिसिको अथुरिटिले भनिसकेको हुनाले यो गम्भीर विषय छ र यो जस्ताको त्यस्तै पास हुनुहुँदैन भनेर हाम्रो पार्टी नेकपा माओवादी केन्द्रले सडक देखि सदनसम्म यसको बहस पैरवी भइराखेको छ । दोस्रो कुरा भनेको त्यहाँको बौद्धिक सम्पति एमसिसिको मातहतमा हुनेछ भन्ने कुरा यो खेदजनक छ र त्यसमा पनि

बहस पैरवी अगाडि बढेकै छ । त्यस्तै विद्युतको विषयमा इन्डियाबाट प्रमिसन लिने भन्ने कुरा छ हाम्रो जस्तो सार्वभौम देशले अरू कुनै देशबाट स्वीकृति लिएर गर्नुपर्ने भन्ने कुरा यो त्यतिकै खेदजनक कुराहरू छन् । देखि लगेर त्यो प्याक्ट वा मिसन सञ्चालन हुनासाथ नेपालको कानून पेसि हुनेछ भनिएको छ । त्यस कारण यस्ता अपत्तिजनक कुराहरूमा हाम्रो पार्टी नेकपा माओवादी केन्द्र त्यस्तो पार्टी हो, कि अमेरिका र भारतसँग सुरुङ युद्ध लडेर, बन्दुक बोकेर आएका प्रचण्ड अहिले पनि जिउँदै हुनुहुन्छ । हामी सबै यहाँ जिउँदै छौं कहिलेकाहीं के हुँदो रहेछ भने एउटा बाठा मान्छेहरूले खसी हैन कुकुर हो भन्दै जाँदा एउटा सोझो मान्छेले पछि होइन यो त कुकुरै जस्तो देख्छु मैले पनि भनेर खसी छोड्थ्यो रे यो प्रचार युद्धको जमाना छ त्यस कारणले यो त खैर आफ्नो ठाउँमा छ तर स्थिति यो हो र यसमानेमा त्यस्तो सशक्ततपाईंको पार्टी गठबन्धनमा हुँदा हुँदै त्यसको ओझ गठबन्धनमा पनि परेको छ र गठबन्धन पनि त्यसमा सशक्त छ त्यस कारणले अहिले एउटै कुरा के हो भने मैले सम्मानित सदनमार्फत् हामी कोही आमजनतालाई पनि मैले अपिल गर्न चाहन्छु यसमा कुनै कन्फ्यूजन हुनुपर्ने अवस्था छैन । जबतक यो पास हुँदैन अन्टिल अनेस्ट यो चाहिँ पास हुँदैन यो चाहिँ अन्तिम कुरा हो हाम्रो पार्टीको हामी सबै त्यसमा प्रतिबद्ध छौं। यो कुरा यो सम्मानित सदनमार्फत् सबै माननीयज्यूहरूलाई र सभामुखमार्फत् मैले जनतालाई यो कुरा अपिल गर्न चाहन्छु ।

दोस्रो कुरा मुख्यमन्त्रीज्यूले जुन यहाँ विषय राख्नुभएको छ । मेहेनत गरेर राख्नुभएको छ मेहेनत गरेर राख्नुभयो त्यो उहाँलाई धन्यवाद पनि छ । अब त्यसमा केही एक, दुई ओटा कुरा सरकारले बोडलि लानुपर्ने कुरा छ यद्यपि यहाँ कस्तो भयो भने सरकार संस्कारभन्दा अहिलेको सरकारलाई हामीले भने तापनि तीन ओटा सरकार अहिले बन्यो अगाडिका प्रत्येक सरकारका डे वान देखि हामी यस्तै लफडाबाजीमै छौं । असन्तुलित बजेट, यो बजेट त्यो बजेट प्रकारान्तरले अहिले सरकारकामा हुनुहुन्छ होला हामी सबै फेरि हिजो सरकारको एउटा मोर्चामा थियौं र अहिले संसद् भए पनि माननीयज्यूहरूले आफ्नो ठाउँबाट बोलेतापनि हिजो सरकार हुँदा पनि हामीले देखेकै होऔं फेरि छिनाझाम्टा कुटिरोपाए पछि त फेरि छोड्दै नछोड्ने यो त फेरि एक खालको रोग हामी पनि त त्यहाँ गए छोड्छौं कि छोड्दैनौं त्यो प्रश्न छ त्यसमा हामी त प्रतिबद्ध नै छौं तर मैले भन्न खोजेको यस मानेमा अहिले तपाईंको १५ लाख बजेट देखि तल खर्च मथलव हामीले त्यसलाई कार्यान्वयन नगर्ने भन्ने भइसकेपछि एउटा मन्त्रालयमा के छ भने अहिले त्यहाँ अब हामी खर्च गर्न सक्दैनौं नयाँ परिपाटी नबनेसम्म बनेको एक त

त्यो असन्तुलित बजेट नै थियो त्यो पनि रोकियो मैले यसमा गम्भीर ध्यानाकर्षण गराउन खोजेको सरकारलाई के भने तुरुन्तै त्यसको होमवर्क गरेर एकातिर हामीसँग कोभिड छ अन्यत्र कुराहरू छ । बिचमा पोहोर पनि करडौं रुपैयाँ फ्रिज गएको छ । यता भएको असन्तुलित पनि खर्च नहुने सरकारले सर्कुलेट गर्दा पनि ढिला भयो भने यो सबै जिरोमा जाने स्थिति छ त्यस मानेमा पनि सबै मुख्यमन्त्रीज्यू, सरकारले यसमा मेहेनत गरोस् म यसमा अनुरोध गर्न चाहन्छु । अब त्यस्तै मैले फाइनल्ली एउटा कुरा के भने एउटा यो चटयाङको विषयमा हामीले श्रद्धाञ्जली दिइराखेका छौं । पोहोर पनि व्यहोर्‍यौं अहिले पनि व्यहोर्‍यौं खासमा मैले सरकारमार्फत् मैले अनुरोध के गर्न चाहन्छु भने सभामुखज्यू अब हामीले सधै श्रद्धाञ्जली दिने, क्षतिपूर्तीमा अड्किने मात्रै हैन कि त्यो कारण यो त विज्ञान सम्मत हो डाइनोसिस नगरीकन त रोगको अन्त्य हुँदैन त्यस कारणले त्यसको लागि के हो हामीले गर्नुपर्ने, त्यसको वैज्ञानिक तथ्यहरू के के हो, घरमा अर्थिङ, लगाउनेदेखि अरू कुराहरूदेखि अभियान जारी राख्नेदेखि पनि हाम्रो कर्णाली प्रदेश सरकारले समेटेर जाओस्, धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू, विशेष समयमा बोल्ने माननीय सदस्यहरूको बोल्नेक्रम समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू सभाको छैटौं र आजको बैठकको विशेष समयमा माननीय सदस्यहरूले उठानगर्नुभएका विषयहरू सम्बोधन हुनेगरी पाँच दिन भित्र जवाफ दिन प्रदेश सरकारलाई रुलिङ गर्दछु ।

माननीय सदस्यहरू, अब कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय यज्ञबहादुर बुढाक्षेत्रीलाई स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ का सम्बन्धमा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १ सय २० को उपनियम २ को खण्ड (क) बमोजिम प्रतिवेदन सहित विधेयकमाथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

<u>सामाजिक विकास मन्त्री माननीय यज्ञबहादुर बुढा क्षेत्रीः</u>माननीय सभामुखज्यू सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ प्रदेशसभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र समाजिक विकास समितिमा छलफलभईसभामा प्राप्त भएकोले कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १ सय २० को नियम २ को खण्ड क बमोजिम प्रतिवेदनसहित विधेयकमाथि सभामा छलफल गरियोस् भनी प्रस्ताव गर्दछु। धन्यवाद

**<u>माननीय सभामुख</u>**:माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका समाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढा क्षेत्रीले सभामा पेश गर्नु भएको स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि प्रतिवेदनसहित विधेयकमाथिका छलफलका लागि समय निर्धारण गरेको छु । माननीय सदस्यहरू स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि समितिको प्रतिवेदन सहितको छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोस्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । सर्वप्रथम माननीय श्री पद्मा खड्का समय सात मिनेट ।

**<u>माननीय पद्मा खड्का</u>**:माननीय सभामुखज्यू कर्णाली प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ सामाजिक समितिमा माननीय सदस्यहरूले संशोधन हालिसकेपछि व्यापक रूपमा धेरै लामो समय छलफल र धेरै बुँदाहरूमा छलफल गरी र अहिलेको परिवेशमा कर्णाली प्रदेश सरकारले स्वास्थ्य विधेयक सभामा टेबुल भएपश्चात् हामीले कल्पनै पनि नगरेको जुन खालको एउटा महामारी हाम्रो सामु अगाडि आइपुग्यो र यो महामारी सँगसँगै यो विधेयक पनि छलफलमा अगाडि बढ्यो छलफलमा बढ्दा हामीलाई लागिरहेको थियो । जो सरकारले ल्याइरहेको विधेयकमा धेरै कुराहरू हामीले फेरि यस्ता खालका महामारी यस्ता खालका रोगहरू आउँदा यस्ता विधेयकले कहाँ निर गएर बोल्न सक्छ कहाँ निर त्यस्ता खालका विषयलाई छुट सक्छ एकदमै गम्भीर रूपमा हामीले छलफल गरौं सम्बन्धित मन्त्रालयका मन्त्रीज्यू पनि यसमा घनीभूत छलफलमा समावेश हुनुभयो र संशोधनकर्ता माननीय सदस्यहरू पनि यसमा छलफल हुनुभयो । म आफैं पनि यस समितिमा सदस्य भएको नाताले यस विधेयकमा हामीले धेरै छलफल गरौं र छलफल गर्दा धेरै बुँदाहरूमा हामीले कस्तो भने केही विषयवस्तुहरू पहिला हामीले परापूर्वकाल देखि भन्दै आएका रोगहरू अहिले त्यस्ता रोगहरूलाई फेरि नयाँ नयाँ रोगहरूका नाममा जुन आइरहेका रोगहरूले जहाँ निर पनि जुन अवस्थामा पनि हामीले कानून बनाउँदा छलफल गरिरहँदा त्यो विधेयकमाथि हामीले त्यसका दफाहरूलाई एकदमै सौहार्दपूर्ण वातावरणमा छलफलमा भाग लिएर यसलाई निष्कर्षमा यो प्रतिवेदन बनाएर अगाडि जुन आज निर्णयार्थ पेश हुँदै छ यसमा मैले मेरो संसदीय समितिमा संशोधनको पनि सदस्य भएको नाताले यो भित्र विधेयक मुख्य कुरा विधेयकका विभिन्न दफासँगै मुख्य कुरा यहाँ के छ भने यसले एउटा समितिको व्यवस्थापन गरेको छ । जो एउटा हामीले आफ्नो कर्णाली प्रदेशको आर्थिक कार्यभार यसले सम्हाल्न सक्छ कि सक्दैन थेग्न सक्छ कि

सक्दैन संरचनाहरू हाम्रो प्रदेश सरकारले चलाउन सक्छ कि सक्दैन। व्यवस्थापन गर्न सक्छ कि सक्दैन भन्ने कुरा पनि महत्त्वका साथ हेरिएको छ । र हामीले कानून निर्माण गर्ने मात्रै ठूलो कुरा होइन कानून निर्माण गरिसकेपछि यसलाई कार्यान्वयनमा लैजाँदा फेरि त्यस्ता के अप्ठ्याराहरू आइपुग्छन् भन्ने कुरा पनि महत्त्वपूर्ण छ । र यसमा चाहिँ एउटा प्रदेशको समितिको जुन व्यवस्था गरिएको छ त्यो सँगसँगै जिल्लागत समितिहरू जिल्लागत अस्पताल विकास समितिहरूको व्यवस्थापन गरिएको छ । र त्यसमा पनि अलि संख्याको हिसाबले सरकारले लिएका जुन संख्या थियो ठूलो संख्यामा चाहिँ समितिहरूका संख्यालाई हामीले अलि घटाउनुपर्छ र यो आर्थिक कार्यभारलाई हामीले बढ्न दिनु हुँदैन कर्णालीको भन्ने कुरा पनि व्यापक रूपमा छलफल गरियो । यसले जसरी हामीले छलफल गरेर ल्याइएको एउटा निष्कर्ष छ त्यो निष्कर्षलाई कार्यान्वयनमा जाँदा कर्णाली प्रदेश सरकारले एकदमै मितव्ययिता अपनाएर यसलाई कार्यान्वयनमा यो कानूनलाई अगाडि लग्नेछ फेरि ताकी सरकारले सञ्चालक समितिकै नाममा फेरि विभिन्न जिल्लामा अस्पताल विकास समितिका नाममा फेरि भर्ती केन्द्र जस्तो नगरावस् यो शुभकामना पनि मैले दिँदै यो विधेयकलाई अहिलेको अवस्थामा अहिलेको महामारीमा यो विधेयक पास भइसकेपछि सहज र सरल रूपमा कर्णालीका जनताले, कर्णालीका नागरिकले, स्वास्थ्यको पहुँचमा टेवा पुग्नेछ भन्ने विश्वास लिँदै आफ्नो भनाइ यहीँ अन्त्य गर्छु, धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय श्री दल रावल,

<u>माननीय दल रावलः</u>माननीय सभामुख महोदय, यो कर्णालीको स्वास्थ्य सेवालाई कसरी सुव्यवस्थापन गर्ने, संस्थागत संरचनाको विकास कसरी गर्ने भन्ने विधेयक भन्ने हिसाबले परिकल्पना गरेर यो विधेयक निर्माण भएको हो । सौभाग्यका साथ भन्छु म यो विधेयक तयार गर्दा फाइनल गर्न त पाइएन तर तयार गर्ने म आफैं भएको नाताले मलाई लाग्छ यो विधेयक कर्णालीको स्वास्थ्य क्षेत्रको माइलस्टोन हो यो । यस्ता थुप्रै खालका स्वास्थ्यका संरचनाहरूको पनि व्यवस्थापन गरेको छ । स्वास्थ्यमा दुई तीन ओटा प्राणीहरू छन् । क्यूरिटिभ आफैंमा छ प्रमोटिभ छ यो आयुर्वेदिक सेक्टरहरू पनि छन् यी सबै सेक्टरहरूलाई व्यवस्थापन गर्नेगरी कर्णालीका जनता कर्णालीको आवश्यकतालाई मध्यनजर गरेर कर्णालीको हाम्रो रोगका अवस्थाहरूलाई मध्यनजर गरेर विधेयक बनाइएको छ तर पनि यो विधेयक अन्तिम अन्तिम बेलामा पुगेको बेलामा कोभिड सुरु भएको थियो । कोभिड जस्ता सरुवा रोगहरू अपर्झट आउँदा रहेछन् यस्ता रोगहरूको व्यवस्थापन नसरी गर्नेहोला पछि अलिकति थप्न त थपिएको

होला तैपनि यसलाई अझै व्यवस्थित गर्न पाएको भए राम्रो हुन्थ्यो । म त आज यो टेबुल हुनुभन्दा अगाडि नै एक चोटि बसेर यस्ता रोगका विषयमा पनि छलफल गर्नुपर्थ्यो भन्ने मलाई लाग्छ । माननीय मन्त्रीज्यू पनि बिचमा हुनुहुन्थेन माननीय मन्त्रीज्यूलाई भन्ने र समितिको सभापतिज्यूलाई पनि भन्ने मन थियो तर पनि आइहाल्यो पछि पनि हामी परिवाजन गर्न सक्छौं, संशोधन गर्न सक्छौं तर यो विधेयकले मलाई लाग्छ कर्णालीमा जनताहरूको स्वास्थ्यलाई सुलभ बनाउने काम जनताहरूलाई सर्भिस डेलिभरी गर्ने काम त्यहाँ जनता बस्छन् त्यहाँ स्वास्थ्य सेवा पुऱ्याउने काम लगायतका कामहरू चाहिँ व्यवस्थित ढङ्गले संस्थागत ढङ्गले यो विधेयकले परिकल्पना गरेको छ मलाई लाग्छ फेरि पनि यसको कार्यान्वयनको निम्ति सजग हुनु नै जरुरी छ । यो चाहिँ विधेयक कानून बनाउन मात्रै कानून मात्रै राम्रो हुँदा पनि हुँदो रहेनछ । हाम्रा त थुप्रै अनुभव छन् नेपालमा कानून नभएर जनताले सेवा नपाएको होइन, विकास नभएको होइन प्रयाप्त कानून नेपालका सांसदहरूले, नेपालका पार्लियामेन्टहरूले बनाएकै छन्। हामीले पनि थुप्रै कानूनहरू बनाएका छौं त्यो कानूनको अक्षरशः पालना गरेर जनतालाई स्वास्थ्य सेवा कसरी दिने हो भन्ने कुरा नै सबैभन्दा मुख्य कुरा हो । मलाई लाग्छ सरकारलाई अनुरोध गर्न चाहन्छु यसले परिकल्पना गरेका स्वास्थ्य प्रणालीहरू यसले भिजिलिङ गरेका स्वास्थ्यका व्यवस्थाहरू, स्टक्चरहरूलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरेर यो साँच्चैको आज पास हुने स्वास्थ्य विधेयक अब कानून बन्छ यो कानूनको अक्षरशः पालना गरेर स्वास्थ्य सेवालाई प्रभावकारी ढङ्गले सरकारले कार्यान्वयन गरोस् भन्ने अपेक्षाका साथ बिदा हुन्छु, धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री यज्ञबहादुर बुढा क्षेत्रीलाई स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि समितिको प्रतिवेदन माथिको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासामा जवाफ दिन समय दिन्छु ।

<u>सामाजिक विकास मन्त्री यज्ञबहादुर बुढा क्षेत्री:</u>माननीय सभामुख महोदय, सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेश स्वास्थ्य सेवा प्रवाह गर्न बनेको विधेयकमाथिको छलफलमा कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको तर्फबाट एक गरिमामय सदनका सांसदज्यूहरूले उठाउनु भएको प्रश्नको केही जवाफ दिनका लागि यहाँ उपस्थित भएको छु । सभामुख महोदय, लामो समयसम्म टेबुल भएको जुन स्वास्थ्य प्रवाह गर्न बनेको विधेयक संशोधनकर्ता माननीयज्यूले दिनु भएको संशोधन प्रस्ताव यस गरिमामय संसद्बाट सामाजिक विकास समितिमा गई आज यस गरिमामय सदनमा निर्णयार्थका

लागि जुन छलफलमा पेश भएको छ । सर्वप्रथम म छलफलमा भाग लिने यस गरिमामय सदनका सांसदज्यूहरूलाई हृदय देखि नै सामाजिक विकास मन्त्रालयको तर्फबाट आभार, धन्यवाद ज्ञापन गर्न चाहन्छु । यसैगरेर माननीय पद्मा खड्काज्यूले यस विधेयकलाई समितिमा व्यापक छलफल बहस गरेर तत्कालीन मन्त्रीज्यू र यस समितिका अध्यक्ष लगायत सदस्य मित्रहरू यस समितिका सचिवज्यू यस समितिका कानून विषय विज्ञज्यू समेत बसेर त्यसको साथै संशोधनकर्ता माननीयज्यूहरू समेतलाई छलफलमा राखेर जुन यस विधेयकलाई संशोधन कर्ता माननीयज्यूसमेतले दिनु भएको सुझाव जुन प्रस्तावहरू थिए त्यसलाई व्यापक छलफल गरेर जुन निर्णयार्थका निमित्त आज समाजिक विकास समितिले जुन प्रतिवेदन पेश गरेर आज यो गरिमामय सदनमा प्रस्तुत गरिएको विधेयक छ, र कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको तर्फबाट धन्यवाद ज्ञापन गर्न चाहन्छु त्यसको साथै विशेष गरेर माननीय पद्मा खड्काज्यूले भन्नु भएको छ । कि अब सरकारले यसलाई हामीले यो स्वास्थ्य सेवा प्रभाव गर्न बनेको विधेयक जो हामीले बनाएका छौं यसलाई पूर्णता दिनका निमित्त कर्णाली प्रदेश सरकारले अक्षरशः पालना गरोस् भन्ने जुन सुझाव छ यसका लागि कर्णाली प्रदेश सरकार सदैव प्रतिबद्ध रहेर यस विधेयकको पालना गरेर कर्णालीका सम्पूर्ण १६ लाख जनताहरूको स्वास्थ्य सेवामा सुलभ तरिकाले अगाडि बढ्ने कुरा पनि म यहाँ यो गरिमामय सदनलाई अनुरोध गर्न चाहन्छु । जानकारी गराउन चाहन्छु, त्यसैगरेर माननीय दल रावलजी जो तत्कालीन सामाजिक विकास मन्त्री हुनुहुन्थ्यो र उहाँले पनि आफ्ना जुन सुझावहरू दिनुभएको छ यो विधेयकलाई पूर्णता दिन अब यो गरिमामय सदनबाट निर्णयार्थ पेश भएको जुन विधेयक छ स्वास्थ्यसेवा प्रवाहको जुन विधेयक कर्णाली प्रदेश सरकारले जुन पेश गरेको छ र यसलाई भोलिका आउने दिनहरूमा कर्णाली प्रदेश सरकारले अक्षरशः पालना गरोस् र कर्णाली प्रदेशका जनताको स्वास्थ्य सेवा प्रवाह गर्नको लागि सुलभढङ्गले अगाडि बढोस भन्ने जुन सुझाव दिनु भएको छ यसप्रति कर्णाली प्रदेश सरकार सदैव चनाखो रहेर कर्णालीका जनतालाई स्वास्थ्य सेवा प्रवाह गर्नका लागि सधैं दत्तचित्त भएर अगाडि बढाउने छ भन्ने कुरा राख्दै र छलफलमा भाग लिने सांसदज्यूहरू लाई हृदय देखि कर्णाली प्रदेश सरकारको तर्फबाट र सामाजिक विकास मन्त्रालयको तर्फबाट धन्यवाद ज्ञापन गर्न चाहन्छु, हवस्, धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढा क्षेत्रीले सभामा पेश गर्नुभएको स्वास्थ्य सेवा प्रवाह

सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि समितिको प्रवितेदन सहित विधेयकमाथिको छलफल समाप्त भएको जानकारी गराउँदछु ।

माननीय सदस्यहरू अब म प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढा क्षेत्रीलाई स्वास्थ्य सेवा प्रवाहको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ समितिको समितिको संशोधन प्रतिवेदन सहित कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम एक सय २१ बमोजिम पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

<u>सामाजिक विकास मन्त्री माननीय यज्ञबहादुर बुढा क्षेत्री:</u>माननीय सभामुखज्यू, स्वास्थ्य सेवा प्रवाहका सन्दर्भमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि प्रदेशसभा छलफल भइसकेकोले सामाजिक विकास समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव त्यो विधेयकको अभिन्न अङ्ग हुनेगरी समग्र विधेयक कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १ सय २१ बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद ।

<u>माननीय सभामुख</u>: माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकार समाजिक विकास मन्त्री यज्ञबहादुर बुढा क्षेत्रीले सभासमक्ष प्रस्तुत गर्नुभएको स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ लाई समितिको संशोधन प्रतिवेदन सहित समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव निर्णायार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीयहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीयहरूले "हुन्छ" भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ समाजिक विकास समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधनको प्रस्ताव विधेयकको अभिन्न अङ्ग हुने गरी समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ का सम्बन्धमा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १ सय ३० को उपनियम २ को

खण्ड क बमोजिम प्रतिवेदन सहित विधेयकमाथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री बिन्दमान विष्ट:**माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णाली प्रदेशमा व्यापार व्यवसाय दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ प्रदेशसभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भई सभामा प्राप्त भएकोले कर्णाली प्रदेशसभा नियमावली २०७४ को को नियम १ सय ३० को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदन सहित विधेयकमाथि सभामा छलफल गरियोस् भनी सभामा प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुख:**माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले सभामा पेश गर्नुभएको कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि प्रतिवेदन सहित विधेयकमाथिको छलफलका लागि समय निर्धारण गरेको छु । माननीय सदस्यहरू कर्णाली प्रदेशमा व्यापार व्यावसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि समितिको प्रवेदन सहितको छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोस्टमको बाँया तर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनुहोला । सर्वप्रथम माननीय श्री पद्मा खड्का । समय सात मिनेट ।

**माननीय पद्मा खड्का:**सभामुखज्यू कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक यो निकै महत्त्वपूर्ण विधेयक हो भन्ने मैले बुझेको छु । किनभने कर्णाली प्रदेश सरकार हामी अनुदानबाट सञ्चालित अहिलेसम्म हामी जसरी अगाडि बढिरहेका छौं र हाम्रो प्रदेशले राजस्व सङ्कलन गर्ने, महत्त्वपूर्ण एउटा बाटो भनेको विधेयकले पनि बोल्छ मलाई लाग्छ किनभने कर्णाली प्रदेशमा जतिपनि अहिले गरिरहेका व्यापार व्यवसायहरू यो विधेयकले बोलिरहेको छ। दर्ता तथा नवीकरण र दर्ता नवीकरण गर्दा विलम्ब गरिएका जुन प्रावधानहरू छन्, शुल्क जरिवाना छन् यसलाई हामीले व्यवस्थित गर्न सक्यौं भने ताकि अहिले पनि दर्ताको हिसाबले हेर्ने हो भने कर्णाली प्रदेशमा हामीले अहिलेकै रेकर्ड हेर्ने हो भने पनि ६० प्रतिशत जति व्यापार व्यवसायहरू दर्ता गरिएका छैनन् दर्ता नगरीकन चलाइरहेका व्यवसायबाट हामीले सङ्घीय सरकारदेखि प्रदेश सरकारदेखि स्थानीय तहसम्म जानुपर्ने

राजस्व चुहावट भइरहेको छ । यो राजस्वलाई व्यवस्थित गर्नका लागि पनि र कर्णाली प्रदेशको आर्थिकलाई बढाउनका लागि पनि यो विधेयक निकै महत्त्वका साथ हेरिएको छ । यो विधेयकले कर्णाली प्रदेशमा रहेका सानातिना व्यवसाय गरेका व्यवसायहरूले पनि दर्ता गर्ने नवीकरण गर्ने र आफूले गरेको व्यवसायबाट पनि राज्यलाई सहज रूपमा खुसीका साथ आफूले राजस्व बुझाउने एउटा वातावरण सिर्जना हुनेछ भन्ने एउटा विश्वास हामीले लिएका छौं । हामीले यो विधेयकले यो विधेयकमा बोलिएका विभिन्न विषयवस्तुहरू छन् । विभिन्न यहाँ यसले जुन विधेयकले समेटिएको छ यो विधेयकले पक्कै पनि अब कार्यान्वयनमा ती उद्योगी ती व्यवसायी जसले निरन्तर व्यवसाय गरिरहेका छन् दर्ता प्रक्रियामा निकै झण्झट व्यहोरिरहेका छन् । नवीकरण प्रक्रियामा धेरै झण्झट व्यहोरिरहेका छन् जसले चाहेर पनि उनीहरूले नवीकरणको कुरा थाहा नपाउँदा दर्ताको कुरा थाहा नपाउँदा कसैले नवीकरणमा धेरै विलम्ब शुल्क तिरेर एउटा साना व्यवसायबाट पनि निराशाजनक अवस्था सिर्जना गर्नुपरेको छ भने कसैले दर्ता गर्ने प्रक्रिया नै थाहा नपाउँदा दर्ता नै नगरीकन पनि जरिवाना तिनुपर्ने अवस्था आएको छ। यस कारणले पनि यस विधेयकलाई मैले आफूले पनि स्वयम व्यक्तिगत रूपमा पनि यो विधेयक निकै महत्त्वका साथ मैले बुझेको छु । कर्णाली प्रदेश सरकारले यो विधेयकलाई कार्यान्वयनमा लैजाँदा कार्यान्वयनमा जतिसक्यो छिटो लैजाँदा राजस्व यो कर्णाली प्रदेश सरकारले आफ्नो यो प्रदेशको राजस्वलाई पनि बढाउन सक्छ यो कार्यान्वयनमा गइसकेपछि भन्ने कुरा मैले मूल रूपमा बुझेको छु र मैले अहिलेको अवस्थामा कर्णाली प्रदेशमा हामीले जतिपनि ऐन कानूनहरू निर्माण गर्दैगर्दा अहिले हामीले बनाइसकेका कानूनहरू र बन्ने तरखरमा रहेकाकानूनले कर्णाली प्रदेशलाई आर्थिक व्ययभार नथप्नेगरी र आर्थिक राजस्व बढाउने गरी कस्तो खालको विधेयकलाई हामीले प्राथमिकता दिएका छौं त कसरी हामीले कर्णाली प्रदेशलाई आफैं एउटा आर्थिक सम्पन्नतातिर लैजाने खालका विधेयकहरूलाई हामीले कति प्राथमिकता दिएका छौं भन्ने कुरा पनि निकै महत्त्वका साथ हामीले हेरेका छौं र बुझेका छौं र कर्णालीका नागरिकले पनि त्यसरी हेरेका छन्। यहाँ के भइरहेको छ भने जस्तो हामीले राज्यलाई राजस्व तिर्न कञ्जुस्याइँ गर्ने जुन खालको एउटा अहिलेसम्म गरिरहेको व्यापार व्यवसायबाट हामीले हेर्दा त्यो देखिन्छ भने सहज रूपले नागरिकले राजस्व तिर्न सक्ने कर्णाली प्रदेश सरकारलाई ट्याक्स तिर्न सक्ने त्यस्ता खालका सेवा सुविधाहरू त्यस्ता खालका झण्झटिला प्रक्रियाहरूलाई हामीले अन्त्य गर्न सक्छौं कि सक्दैनौं हामीले कानून बनाउँदा त्यहाँ हाम्रो भूमिका रह्यो कि रहेन हामीले त्यो कुरालाई

कत्तिको ख्याल गरेर विधेयकलाई पूर्ण रूपमा लिएका छौं भन्ने कुरा नै महत्त्वपूर्ण छ यो विधेयकमा सायद धेरैभन्दा धेरै छलफल हुनुपर्थ्यो । मैले यहाँ राख्न चाहन्छु यो विधेयकमा धेरैभन्दा धेरै छलफल हुनुपर्थ्यो यो छलफलमा अलि सहभागी भइएनकि भन्ने कुरा हामीलाई कता कता फिल भएको छ । फेरि कानून निर्माण कार्यान्वयनमा जाँदा यसलाई तुरुन्तै संशोधनको अर्को पार्ट फेरि सरकारले ल्याउनुपर्ने अनि नागरिकहरूले सहज रूपमा फेरि कार्यान्वयनमा जाँदा अनि फेरि कुर्नुपर्ने जुन खालको एउटा बाध्यात्मक अवस्था सिर्जना भएको छ कि चिन्ता त्यहाँ निर छ यति कुरा राख्दै यो विधेयकको मूल मर्म र विधेयकको संशोधनले कम्तीमा पनि कम्तीमा पनि कर्णाली प्रदेशको राजस्व सङ्कलनहुनेछ राजस्व उठ्ने छ कर्णाली प्रदेशले केही खुट्किला माथि चढ्ने छ भन्ने विश्वास लिएको छु, धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय श्री खडक बहादु खत्री

<u>माननीय खडक बहादु खत्रीः</u> माननीय सभामुख महोदय, कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा बनेको विधेयक टेबुल भएको छ । व्यापार व्यवसाय आज कृषि प्रदान देश नेपाल आज व्यापारतिर लम्किरहेको छ । नेपाली जनताका छोराहरू विदेशतिर तड्पेको रेमिटेन्सले चलेको देश आज प्रत्येक मानिसहरू गाउँका जमिनहरू बाँझो जमिनहरू आज गर्दै एउटा बाटाको छेउमा घुम्टी राख्दै व्यापार व्यवसायमा लागेको र अरू देशले पनि यसैबाट व्यापारबाट फट्को मार्दै धेरै अगाडि बढेको अवस्था छ त्यसैले कर्णाली प्रदेशमा जुन तीन खाले सरकार तीन खालको एउटा दर्ता प्रक्रियासङ्घीयप्रणाली, प्रदेश प्रणाली र स्थानीय तहको यो अवस्था छ यसमा बाँझिएका धेरै कुराहरू पनि छन् र विशेष गरेर कर्णाली प्रदेश एउटा यो विषय मात्रै हैन व्यापारको मलाई लाग्छ यसमा म धेरै सहभागु हुनु पर्थ्यो, छलफल गराउन पर्थ्यो विशेष गरी कर्णाली प्रदेशमा विधेयक बनाउने कुरा फोटोकपीका रूपमा यो त सङ्घीयप्रणालीमा बनेका विधेयक विज्ञका नाममा राखौं हामीले पटक पटक छलफल चलाऔं र फोटोकपीका रूपमा त्यसलाई एक दुई ओटा शब्द राख्ने गर्ने गरियो जस्तै जनता बिचबाट आउनुपर्थ्यो यो, स्थानीय तहबाट आउनुपर्थ्यो, व्यवसायीका तर्फबाट सङ्घ, संगठनहरू निर्माण भएका छन् व्यवसायीका तहबाट उसलाई परेका पिर मर्का उनलाई परेका झण्झटिला अवस्था आन्तरिक राजस्व कार्यालयका कुरा नवीकरणका कुरा जतिखेर हामी एक वर्ष राख्छौं कहिलेकाहीं तीन महिना समय सरकारले २५ प्रतिशत देखि ५० प्रतिशत शुल्क जरिवाना लिने सेवाग्राहीहरूलाई धेरै मर्का परेको अवस्था छ त्यसैले विशेष गरेर म के आग्रह गर्न चाहन्छु तभन्दा यो

व्यापारको एउटा सरकारलाई आम्दानीको स्रोत पनि हो र सेवाग्राहीलाई सेवा दिने र जति हामी सेवा दिन सक्छौं जति कानून हामी सजिलो बनाउन सक्छौं जस्तै यो कानून बनाएर कार्यविधि र नियमको कुरा झुण्ड्याइएको छ मलाई लाग्छ त्यसले फेरि यो कार्यालय प्रमुखहरू अथवा कर्मचारी व्यूरोक्राटहरू हामी नेपाली पोसाक लगाएका छौं नेपाली भाषा बोल्छौं हामी कानून बनाउछौं, हामी सार्वभौमसत्ताका अधिकार प्राप्त विधायका हुँ कार्यान्वयन गर्दाखेरि एउटा दुईओटा कार्यालय दर्ता देखि लगेर निवेदन देखि लगेर त्यो कार्यालयबाट रकम तिर्न पनि त्यो मान्छेलाई लाइन लागेको समयमा पाउँदैन मलाई लाग्छ, ६-६ महिनामा हाम्रा सङ्घीयप्रर्णाली होस् अब चाय प्रदेश सरकार होस् वा स्थानीय सरकार ६-६ महिनामा हाम्रा नियमहरू परिवर्तन हुन्छन्, ऐन नियम हाम्रो परिवर्तन हुन्छन्, परिवर्तन हुन्छन् मन्त्रीहरू परिवर्तन हुन्छन् उनीहरूले आफ्नो अनुकूलले त्यसलाई संशोधन गर्नुपर्ने आफ्नो अनुकूलको चलाउनुपर्ने, त्यस्तै कर्मचारी (व्यूरोक्राटहरूमा) सबैभन्दा मर्का त्यहाँ हुन्छ सेवाग्राहीलाई पिर मर्का परेको एउटा कार्यालय जान्छ गेटभित्र छिर्न पाउँदैन त्यसपछि एउटा फम लिँदा पनि एउटा फम लिन पाउँदैन त्यो मान्छेले कति पीडा छ आन्तरिक राजस्व कार्यालयमा जानुस्, चाहे घरलुमा जानुस्, चाहे रजिष्ट्रार कार्यालयमा जानुस् त्यसैले यी तीन किसिमका विभिन्न किसिमका समस्याबाट जुन समस्या छ जुन कार्यविधिलाई जिम्मा लिएको छ यो ऐनमा ऐन बनिसकेपछि नियमावली कार्यविधि कर्णाली प्रदेश सरकार टोटल कार्यविधिबाट चलिरहेको छ कार्यविधि बनाउँदा को तभन्दा मन्त्री र सचिव अथवा कुनै एउटा तोकिएको व्यक्ति यो हिसाबले चलेको हेर्दा सेवाग्राहीले फाइदा पाउँदैनन् । मैले यसलाई यसको विरोध गरेको होइन । यसलाई के हो तभन्दा यसलाई सहज रूपले लिने यसलाई परिष्कृत गर्दै जाने समस्या आउँछन् तिनलाई पार गर्दै त्यसलाई सजिलो रूपले परिष्कृत गर्न सकियो भने प्रभावकारी बनाउन सक्छ विशेष गरी मलाई के लाग्छ तभन्दा आन्तरिक राजस्व कार्यालयमा तपाईं जानुभयो भने कतिमान्छेहरूको घरवास तपाईं सयकडा पाँच तीनभन्दा २५ प्रतिशतभन्दा बढी जरिवाना पाँच लाख तिरेको छ भने सात वर्ष भयो भने त्यसले ५० लाख तिर्नुपरेको हुन्छ घरखेत गएको हुन्छ र एकातिर नवीकरणको समस्या त यो एउता दर्ता गर्न मान्छेले त्यति एक हप्ता, एक महिनासम्म धाउनुपर्छ, त्यसपछि त्यसको नवीकरणको कुरा छ त्यसपछि त्यसको खारेजीको कुरा छ यी झण्झटिलै अवस्था छन् यसमा व्यापार पनि जोडिएको छ र व्यवसाय जोडिएको छ । व्यवसायमा जस्तै क्रसर उद्योग छ, अहिले उद्योगका नाममा सरकारले जस्तै मैले अनुभूति गरेको छु, कृषि प्रदान देश छ अनुदानका रूपमा बाख्रा

पालन अथवा खेतीयोग्य अनुदान भयो भनेर मानिस त्यहाँ लागिरहेका छन् सरकारको पैसा हामी रक्षा पनि गर्न सक्दैनौं । मैले दुई ओटा योभन्दा पहिले पनि बोकेको छु नोट र भोटमा हामी फसिरहेका एउटा भोटका हिसाबले पनि जे भए पनि हुन्छ यथार्थ यो ठाउँमा खास जिम्मेवार ठाउँमा लक्षित वर्गसँग हामी पुग्दैनौं अर्को नोटमा बिक्री हुने एउटा व्यूरोक्राट भनौं अथवा हामी मन्त्रिले तिनलाई छत्रछाया गर्ने यो विधिबाट हाम्रा समस्या जिउका तिहुँ अवस्थामा हिजोको कानून, राणाकाल देखि बनेको कानून पञ्चायत कालमा बनेको कानून त्यस पछि बनेको कानून संशोधन भएको छैन हामी बोल्दा मिठा कुरा गर्छौं व्यवहारमा लागुगर्दा कार्यान्वयन गर्दा कर्मचारीले हामी मन्त्रीले भनेको, सचिवलले भनेको उपसचिवले टेड्दैन, उपसचिवले भनेको तलकोले टेड्दैन कार्यालयमा दर्ता गर्ने मान्छेले मात्रै दर्ता नगरिदिँदा पनि मान्छेले दुखः पाएको छ । आज दुखः पाएको छ आज दैलेखबाट सुर्खेत राजधानीमा आएको मान्छे दर्ता नभएर दुईरात बसेर जानुपर्ने हुन्छ आज होटल व्यवसाय छत्रछाया त्यसैचलिरहेको छ, घुम्टीहरू त्यसैचलिरहेको छ कति भनौं गुणस्तरको त चेकगर्न जाँदा प्रमाणपत्र छ कि छैनभन्दा अनुगमनमा जाँदा उ कारबाहीमा परेको अवस्था यसलाई कर्णाली प्रदेशले ध्यान देयोस् यहाँका समस्या यो व्यापार क्षेत्रमा हामी यो क्षेत्रमा धेरै पिछडिएकोवर्ग पनि हो, पिछडिएको ठाउँ छ, धेरै व्यापारको थाहा नै छैन हामी अहिले एउटा विधि बनेको छ आज नयाँ प्रविधि आइसक्यो प्रविधिबाट चल्ने देश भयो क, ख लेख्नमा साक्षर हुँदै थिए आज प्रविधिबाट चल्ने देश छ, आज अमेरिकाको, जापानको रेट आज यहिबाट पाउने अवस्था छ । त्यसैले व्यापार व्यसायबाट सरकारलाई राजस्व कति आउँछ यो सरकारलाई टेवा दिने मुख्य संस्था हो, व्यापारी संस्था, व्यवसाय संस्थाले यो मुलुक चलेको छ, रेमिटयान्सले चलेको देश छ त्यसैले यसप्रति बफादार रही कर्णाली प्रदेश सरकारले यसलाई परिष्कृत गर्ने र यी कुराहरूलाई कार्यान्वयन गर्दा विशेषगरी कार्यविधिलाईभन्दा पनि नियमावलीमा प्रस्टसँग सेवाग्राहीलाई फाइदा हुने खालको बनोस् यसमा घनीभूतले अलि छलफल हुन सकेन यो मलाई लाग्छ यसमा यसो हेर्दाखेरि कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन यसो यो माथि शीर्षक नै हेर्‍यो भने पनि लम्बाई छ अब यो कतातिर जोडिएको छ जे होस् त्यसलाई अन्यथा नमानौं हामीले सरकारले ल्याएको छ यसलाई परिष्कृत गर्नैछ नियमावलीलाई अलि भरलाग्दो बनाएर निर्देशिका, कार्यविधिभन्दा पनि नियमावलीबाट चल्ने संस्था बनाउने सेवाग्राहीलाई फाइदा पुग्नो खालका अवस्था सिर्जना गर्ने गर्न सकियो भने यसले चाहिँ यस क्षेत्रका व्यापारी अथवा कर्णाली क्षेत्रमा आउने व्यापारी व्यवसायहरू चाहे

देशैभरिका विदेशीहरू पनि आएर यहाँ कर्णाली प्रदेशमा सुगम छ, सुलभ छ राम्रो दर्ताको नियम छ, कर्मचारीले समयमा नै गरिदिन्छन्, यहाँको ऐन नियम कानून सरल छ भन्ने अनुभूति गरुन् भन्दै मेरा भनाइ यहीँ अन्त्य गर्छु, धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री सीता कुमारी नेपाली, समय सात मिनेट

<u>माननीय श्री सीता कुमारी नेपाली</u>ः माननीय सभामुख महोदय, नवौं अधिवेशनको सातौं बैठकमा कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अन्तिम छलफलमा हामी छौं यो विधेयकले कानूनको रूपमा आकार ग्रहण गर्ने कुरा सातौं अधिवेशन मैं पाउने थियो विविध कारणवश सातौं अधिवेशन त्यो हिउँदे अधिवेशन त्यो विधेयक अधिवेशन पनि थियो तर अधिवेशन सुचारु नहुँदा आज आएर हामी नवौं अधिवेशनमा नवौं अधिवेशनको सातौं बैठकबाट यो विधेयक निर्णयार्थ अगाडि बढाउँदै छौं ढिलै भए पनि खुसीको कुरा कर्णाली प्रदेशमा कानून निर्माणको संख्या बढेको छ यसका निम्ति सरकारलाई धन्यवाद पनि दिन चाहन्छु । विशेष गरेर सङ्घीय संरचनामा हामी आइसकेपछि संविधानले दिएको अधिकार सूचीलाई प्रयोग गरेर प्रदेशमा आवश्यक पर्ने कानूनहरू निर्माण गर्नेक्रममा यो कर्णाली प्रदेशमा व्यापार व्यवसाय दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अगाडि बढ्यो र हामी आज यसलाई अन्तिम हिसाबले यसको आनुसङ्गिक विषयहरू मिलाउनुपर्ने आनुसङ्गिक विषयहरू र केही राख्नैपर्ने छुटेका कुराहरू र यो विधेयकलाई अगाडि बढाउँदै गर्दा समितिमा भएका संशोधनहरूका विषयमा हामी छलफल गरिरहेका छौं र यो विधेयकमाथि छलफल गर्दा म समितिको एउटा सदस्य हुनुको नाताले सदस्यको रूपमा छलफलमा भाग लिने अवसर पनि मिल्यो ।

समितिमा विज्ञहरूसँगको छलफल संशोधनकर्ता माननीयज्यूहरूसँगका छलफल र मन्त्रालयका मन्त्री, सचिव, कानून अधिकृत लगायत सम्बन्धित सरोकारवाला संस्था, कार्यालयहरूसँगका छलफल परामर्शबाट यो विधेयकलाई व्यावहारिक हिसाबले कार्यान्वयनन योग्य बनाउनका निम्ति व्यापक रूपमा छलफल बहस भएको थियो र व्यापार व्यवसायहरूको दर्ता नवीकरण र सञ्चालन गर्ने क्रममा आउने झण्झटिला प्रक्रियाहरूलाई पनि सरल र सहज बनाउनका निम्तिकतिपय सरकारले ल्याएको विधेयकमा छुटेका विषयहरू र जनतालाई सरल तरिकाले व्यापार व्यवसायलाई अघि बढाउनका निम्तिजुन प्रावधानहरू राखिनुपर्थ्यो ती प्रावधानहरू कतिपय अवस्थामा छुटेको स्थितिमा संसोधनकर्ता माननीयज्यूहरूले व्यावहारिक हेर्दाखेरि साना विषयहरू तर व्यावहारिक विषयहरूलाई संशोधनका माध्यमबाट ल्याउँदै गर्दा व्यापक छलफलका

बिचबाट ती संशोधनहरू समावेश भएका छन् र कतिपय दर्ता नवीकरण सँगसँगै व्यापार व्यवसाय गर्नेक्रममा बिलम्ब हुने स्थितिमा लाग्ने जरिवानाहरू सजाय, जरिवानाहरू छन् ती विषयमा पनि व्यापार व्यवसाय सानोतिनो व्यवसाय गर्नेहरूलाई जरिवाना गर्दै गर्दाखेरि ठूलो जरिवाना गरियो भने आफैंपनि ती व्यापार गर्ने व्यक्तिहरू धरापमा पर्ने स्थिति आउन सक्छ त्यसले गर्दा उहाँहरूको सजिलोको निम्ति पनि र सामान्य एउटा नागरिकले पनि सहज तरिकाले व्यापार व्यवसाय पनि गर्न सकोस् भन्ने उद्देश्यले सहजतापूर्वक दर्ता गर्ने कुरा नवीकरण गर्ने कुरा र जरिवाना विविध कारणले जरिवानामा पर्दै गर्दा पनि ती जरिवानाका निम्ति जुन तय गरिएको थियो त्यसको ५० प्रतिशत कम जरिवाना हुने गरी यो विधेयक मा चाहिँ संशोधन भएको छ र हामीले समितिमा व्यापक रूपमा विषयहरू उठाऔं र त्यो विषयहरू समेटिएको छ र कर्णाली सुहाउँदा, कर्णालीको आवश्यकता अनुरूप संविधानसँग नबाझिनेगरी सङ्घीय कानूनसँग नबाझिनेगरी र कर्णाली प्रदेशको आवश्यकताको आधारमा यहाँको व्यापार व्यवसायलाई व्यवस्थित गर्नका निम्ति र सञ्चालन गर्नका निम्ति यो विधेयक आएको छ र यो विधेयकले अवश्य पनि ती व्यापार व्यापार व्यवसाय गर्नेलाई मात्रै हैन कर्णाली प्रदेशका आम नागरिकलाई पनि सहजतापूर्वक सेवा पाउने स्थिति बन्न सक्छ भन्ने कुरा हामीलाई लागेको छ । अवश्य पनि कानून निर्माण गरेर नियमन गर्ने कुरा हुँदा प्रदेशको राजस्व वृद्धिको कुरा पनि यहाँ जोडिएको छ, प्रदेशको आम्दानीको स्रोत पनि यहाँ जोडिएको छ र आम्दानी गर्दै गर्दा नागरिकहरूलाई राज्यको तर्फबाट सेवा दिने कुरा र राज्यको तर्फबाट कानून निर्माण गरेर त्यसलाई नियमन गर्ने कुरा व्यवस्थित गर्ने कुरा र त्यसलाई सञ्चालन गर्ने कुरा पनि यो विधेयकमा जोडिएको छ त्यसले कर्णालीको आवश्यकताका आधारमा कर्णाली सरकारले कर्णाली प्रदेशमा व्यापार व्यवसायलाई व्यवस्थित गरेर सञ्चालन गर्नको लागि जुन विधेयक ल्याएको छ त्यसका लागि प्रदेश सरकारलाई सभामुखमार्फत् धन्यवाद दिँदै आफ्ना भनाइहरू त्यही अन्त्य गर्न चाहन्छु हवस् धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेशमा व्यापार, व्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि समितिको प्रतिवेदनसहितका छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्नएवम् जिज्ञासामा जवाफ दिन समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री बिन्दमान विष्ट:**माननीय सभामुख महोदय, कर्णाली प्रदेशमा व्यापार, व्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका बारेमा समितिको छलफलमा सहभागी हुनुहुने माननीय सदस्यज्यूहरूलाई म हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्न चाहन्छु । कर्णाली प्रदेशको व्यापार व्यवसायलाई विधिवत् बनाउको लागि यसलाई नियमन गर्नको लागि यो सम्बन्धी कानूनको आवश्यकता भयो र प्रदेश सरकारले विधेयकको रूपमा प्रदेशसभामा यसलाई टेबुलगरी यसमाथि संशोधनको सूचना प्राप्त भइसकेपछि समितिमा गएर संशोधनकर्ता माननीयज्यूहरू, समितिका माननीयज्यूहरू, विषयविज्ञ लगायतको व्यापक छलफल र बहसपछि आवश्यक परामर्श पनि यसलाई आवश्यकीय संशोधनका विषयहरू जति थिए। ती संशोधनका विषयहरूमा एकमतसँग समितिबाट पारित भएर प्रतिवेदन यहाँ पेश भएको व्यहोरा म यहाँ अनुरोध गर्न चाहन्छु । हो जरुर रूपमा कानूनहरू समयसापेक्षित हुने गर्दछन् । भोलिका दिनहरूमा यो कार्यान्वयन गर्दैजाँदा खेरी, केही जटिलता आउँदाखेरि समय परिवेशअनुसार यसलाई संशोधन गर्नुपर्ने होला, यसलाई परिमार्जन गर्नुपर्ने होला, अगाडि बढाउनुपर्ने होला तर माननीय सभामुखज्यूमार्फत् सम्मानित सदनको म के ध्यानाकर्षण गराउन चाहन्छु भने यो विधेयकमाथि प्राप्त मात्रामा छलफल भएर अहिलेको समय सापेक्षेतामा हाम्रा सरोकारलाई, हाम्रो प्रदेशका सरोकारलाई हाम्रो प्रदेशकै भित्रका समस्याहरूलाई हल गर्ने गरी एउटा विधेयकलाई अन्तिम रूपमा दिएको कुरा म यहाँ आग्रह गर्न चाहन्छु । त्यसपछि गएर यो कानूनको रूपमा यसले रूप धारण गरिसकेपछि यसको कार्यान्वयनको प्रक्रियामा जाँदाखेरि जरुर रूपमा माननीय सदस्यहरूले उठाए जस्तै हाम्रा व्यवहारीक जटिलताहरू, यसको दर्ताको क्रममा, नवीकरणको क्रममा लगायतका थुप्रै खालका व्यवहारीक जटिलताहरू हामीसँग छन् । त्यसका नकारात्मक पक्षहरू जनतालाइ समस्या पैदा गरिराखेको कुरा सेवाग्राहीहरूलाई समस्या परिराखेको कुराहरू छन् । त्यो कुरालाई अब कानून बनाउने कुरा बनाउने कुरा कानूनमा त्यसलाई सरलीकृत गर्ने कुरा एउटा पक्ष छ र त्यो कानूनअनुसार त्यसपछि गएर त्यसलाई व्यावहारिक रूपमा सरलीकृत गर्दै लैजाने सेवाग्राहीमैत्री हाम्रा कार्यालय बनाउने कुराप्रति हाम्रा प्रदेश सरकारको ध्यानाकर्षण भएको छ । माननीय सदस्यहरूले गम्भीरतापूर्वक विषयहरू यहाँ उठाएपछि त्यतातिर ध्यानाकर्षण भएको छ । विगतदेखि नै यसप्रति यी समस्याहरूलाई हल गर्ने प्रक्रियामा प्रदेश सरकार प्रयत्नशील छ र आगामी दिनमा अझ यसप्रति गम्भीरतापूर्वक ध्यानाकर्षण भएको कुरा म यहाँ जाहेर गर्न चाहन्छु । र विभिन्न आफ्नो प्रक्रियामा पूरा गरेर

जसरी यहाँ व्यापार व्यवसायको दर्ता सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक व्यापक छलफल सहित यहाँ अहिले हाम्रो प्रतिवेदन सहितको छलफलमा हामी सहभागी भइराखेका छौं । यो क्रममा छलफलमा सहभागी हुनुहुने माननीयज्यूहरूलाई फेरि पनि आभार व्यक्त गर्न चाहन्छु । आफ्नो विषय यहीँ अन्त्य गर्छु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले सभामा पेश गर्नु भएको कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि समितिको प्रतिवेदन सहित विधेयकमाथिको छलफल समाप्त भएको व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ समितिको संशोधन प्रतिवेदनसहित कर्णाली प्रदेशसभा नियमावली,२०७४ को नियम १ सय २१ बमोजिम पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री बिन्दमान विष्टः**माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि प्रदेशसभामा छलफल भइसकेकोले अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यस समितिको अभिन्न अङ्ग हुने गरी समग्र विधेयक कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम १ सय २१ बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले सभासमक्ष प्रस्तुत गर्नु भएको कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ लाई समितिको संशोधन प्रतिवेदन सहित समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव निणयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला, र

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्, र

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव विधेयकको अभिन्न अङ्ग हुने गरी समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ का सम्बन्धमा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १ सय २० को उपनियम २ को खण्ड (क) बमोजिम प्रतिवेदन सहित विधेयकमाथि छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

<u>आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्ट</u>: माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले सम्मानित सभामा प्रदेशसरकारका तर्फबाट पेश भएको प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ प्रदेशसभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भई सभामा प्राप्त भएकोले कर्णालीप्रदेशसभा नियमावली, २०७४ को नियम १ सय २० को उपनियम २ को खण्ड (क) बमोजिम प्रतिवेदनसहित विधेयकमाथि सभामा छलफल गरियोस् भनी सभामा प्रस्ताव गर्दछु, धन्यवाद ।

<u>माननीय सभामुख</u>:माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले सभामा पेश गर्नुभएको प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि प्रतिवेदन सहित विधेयकमाथिको छलफलका लागि समय निर्धारण गरेको छु । माननीय सदस्यहरू प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि समितिको प्रतिवेदन सहितको छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहाने माननीय सदस्यज्यूहरूले रोस्टमको बाँया तर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । सर्वप्रथम माननीय श्री दल रावल समय सात मिनेट

<u>माननीय दल रावल</u>: माननीय सभामुखज्यू अब यो अत्यन्तै महत्त्वपूर्ण विधेयक जो आज कानूनको रूप लिन्छ यसले प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेशको आर्थिक विकासका निम्ति यो पनि फेरि माइनस्टोन हो। त्यो भएको नाताले यसलाई हामीले कति हतारमा तयार पार्‍यौं कति समितिमा

छलफल गऱ्यौं । त्यो आफैंमा एउटा विषय हो तर पनि यसले गर्न खोजको कुराहरू अत्यन्तै महत्त्वपूर्ण छन् जुन देशका जनता उद्यमशील छन् भूगोल र त्यहाँको स्रोत राम्रो छ र कानून उद्योगमैत्री छ त्यो देश नै औद्योगिक क्रान्ति भएका इतिहास छन् । युरोपको औद्योगिक क्रान्ति हेरौं, पूर्वी युरोप र एशियाको हेरौं र चीन १९७८ मा देन साओ पिनले बिरालो नीति भनेको के भने स्रोत विदेशी होस्, लगानी विदेशी होस् वा स्वदेशी तर चिनियाँ भूमिमा उद्योगको स्थापना हुनुपऱ्यो, औद्योगिक विकास हुनुपऱ्यो भनेर एउटा नीति ल्याउनुभयो । र चीनमा जनता पनि धेरै भूगोल पनि ठूलो र नीति मात्र राम्रो भइदिने हो भने त्यहाँ अत्यन्तै आर्थिक विकास गर्न सकिने सम्भावना उहाँले देख्नुभयो र आज संसारकै दोस्रो अर्थतन्त्र देशको रूपमा १७, १८ ट्रिलिएन जिडिपीमा चिन छ आज, र हामी पनि मलाई लाग्छ कर्णाली प्रदेश पनि अत्यन्तै भौगोलिक रूपमा ठूलो छ, नेपालकै २०, २१ प्रतिशत भूगोल समेट्छ । त्यसैगरी जनसंख्याका हिसाबले कम छ र प्राकृतिक स्रोतका हिसाबले अत्यन्तै राम्रो छ योसँग सान्दर्भिक कर्णाली मैत्रीहामीले कानून निर्माण गर्न सकौं भने कर्णालीमा उद्योगको विकासका निम्ति अत्यन्तै ठूलो सम्भावना देख्छु म । त्यो भएको हुनाले यो विधेयकले पनि कर्णालीको यो सम्भावनालाई उजागर गर्ने गरी आफ्ना कानूनी प्रोभिजनहरू गरेको मैले पाएको छु । तर कतिपय कुराहरू अघि माननीयज्यूहरूले भने जस्तै नियमावली बन्छन् भोलि कार्यविधिहरू बन्छन् फेरि आवश्यकतापऱ्यो भने संशोधन पनि गरौंला तर यो उद्योगको स्थापना सँगसँगै हाम्रा पूर्वाधारका विकास पनि जरुरी छन् फेरि हामीसँग बत्तीको व्यवस्था रोडको व्यवस्थापनि त्यत्तिकै समस्यापूर्ण पनि छन् । त्यसको सँगसँगै विकास गर्न सक्यौं भने कर्णालीमा ठूला विशेष गरी औषधीजन्य उद्योगहरू स्थापना गर्न सक्छौं हाइड्रोपावरको विकास गर्न सक्छौं, सिमेन्टकारखानाहरूको विकास गर्न सक्छौं भनेपछि ठूला ठूलो औद्योगिक क्षेत्रहरूका विकास हामीले अब यो ग्यासको लागि अध्ययन भइरहेको छ त्यो पनि ठूलो उद्योग हुन सक्छ भनेपछि कर्णालीलाई यस्ता खालका उद्योगहरू स्थापनाको निम्ति प्रविधिको विकास गर्नको निम्ति उद्योग सँगै प्रविधिको पनि विकास हुन्छ त्यसको पनि विकास गर्दै जान्छौं हामी, औद्योगिक प्रवर्धन हुन्छ यो विधेयकले त्यही भन्छ महिलाहरूको विशेष गरी उद्यमशीलता विकास हाम्रा साना हाम्रा कुटिर उद्योगहरू पनि हामी गर्छौं । ठूला मात्र हैन मझौला उद्योगहरू पनि हुन्छन् । यस्ता विविध खालका उद्योगको विकासका निमित्ति महिला श्रमिकहरू पनि त्यहाँ हुने, उद्यमशीलतामा पनि महिलाको विकास हुने भएकाले, विभिन्न जाति क्षेत्रको उद्यमशीलताको विकास यसले गर्छ । त्यसपछि लघु र घरेलु उद्योग र

वित्तीयसंस्थाहरूबिचको समन्वय गर्ने काम पनि गर्छ जब हामीले औद्योगिक विकास गर्दै जान्छौं त्यति वित्तीय संस्थाहरूको सहयोग पनि हामीलाई आवश्यक पर्छ । त्यो खाले व्यवस्थापन यो विधेयकले गरेको मैले पाएको छु । त्यो भएको नाताले कर्णाली प्रदेशमा यो विधेयकले आर्थिक विकासका निमित्त एउटा राम्रो भूमिका खेल्न सक्छ भन्ने मलाई लाग्छ आशा छ । तर पनि यो विधेयकमा थुप्रै कुराहरू मैले छुटेको पनि महसुस गरेको छु किनभने समितिका हामी सदस्य हुँदा हुँदै पनि प्रारम्भिक छलफलमा विविध कारणले भाग लिने अवसर मिलेन छ यहाँ भइएनछ त्यो भएको नाताले संशोधनहरूमा पनि अलिकति हामीले अलि बढी संशोधन राखेर व्यापक रूपमा छलफल गर्न पाइदिएको भए औद्योगिक क्षेत्रको विकासका निमित्त सबैभन्दा कानून वैदेशिक लगानीकर्ताहरूले मैले थुप्रै साथीहरू भेटेको छु मल्टिनेश्नल कम्पनीका साथीहरू, वैदेशिक लगानीकर्ता साथीहरू ठूलो हाम्रो जिडिपी जत्रो ३० खर्च जिडिपि छ एकैजना व्यक्तिसँग त्यति पैसा छ । त्योभन्दा अझ ठूलो पैसा भएका मान्छेहरू पनि यो दुनियाँमा छन् हो ती मान्छेहरूचाहिँ लगानी गर्न खोज्छन् । हाम्रो जस्तो देशमा जहाँ अविकसीत देशहरू छन् त्यहाँ प्राकृतिक स्रोत साधन अत्यन्तै धनी छ त्यहाँ लगानी गर्न चाहन्छन् त्यो भनेको हाम्रो कर्णाली प्रदेश हो । सातै प्रदेश मध्ये औद्योगिक क्षेत्रको विकास निमित्त इन्फ्रास्टक्चरको विकास गर्न सकौं भने रिसोर्सेसका हिसाबले कर्णाली प्रदेश अत्यन्तै बलियो छ र हामीले हाम्रा कानूनहरू फ्लेक्जिवल पनि बनाउनुपर्छ, लगानीकर्तालाई सहज आउन पनि सक्नुपर्‍यो, फ्लेक्जीवल विधिको नाममा फेरि राज्यलाई दोहन गर्ने पनि हुनुभएन । हाम्रो राज्यको स्रोत पनि बढ्ने रेभिन्यू पनि जेनेरेट हुने र अर्को क्षेत्र औद्योगिक क्षेत्रको विकास भएर थुप्रै मजदुरहरूले काम पाउने एकातिर राजस्व वृद्धि हुन्छ भने अर्कोतिर मजदुरहरूले काम पाउँछन् । थुप्रै जनताले काम पाउँछन् त्यो भएको नाताले औद्योगिक क्षेत्रको विकास गर्न सकियो भने हामीले कर्णाली प्रदेशलाई छिटोभन्दा छिटो आर्थिक विकास रूपमा अगाडि लैजान सक्छौं । आर्थिक रूपान्तरणको सम्भावना कर्णालीमा अन्यन्तै छ अहिलेका दिनमा हाम्रो डिजिपी एकदमै सानो देख्छौं हाम्रो नेश्नल जिडिपीमा जम्मा ४ प्रतिशत मात्रै योगदान छ, कर्णालीको आर्थिक अर्थतन्त्रको विकासका लागि हामीले छिटै औद्योगिक क्षेत्रको विकास गर्न सक्यौं हाम्रो प्राकृतिक स्रोत साधनलाई मोबिलाइज गर्न सक्यौं हाम्रो टेक्नोलोजीलाई भित्र्याउन सक्यौं। हामीले लगानीकर्तालाई भित्राउन सक्यौं भने यो कानूनचाहिँ एउटा लगानीकर्तालाई पनि राम्रो सुविधा दिएको छ मलाई त्यो लाग्छ र फेरि पनि हामी व्यवस्थापन गर्न सक्छौं ताकि राष्ट्रिय अन्तर्राष्ट्रिय लगानीकर्तालाई कर्णालीमा ल्याएर

हामीले औद्योगिक क्षेत्रको औद्योगिक विकास गर्न सक्यौं भने ठूला पनि होलान् मझौला पनि होलान्, कुटिर उद्योगहरू पनि होलान्, यसरी हामीले विकास गर्न सक्यौं भने एकातिर कर्णाली प्रदेशको राजस्व छिटोभन्दा छिटो वृद्धि हुने हाम्रो १७ लाख जनसंख्या त्यही पनि माइग्रेसन थुप्रै छ १२, १३ लाख जनसंख्याको निम्ति मेरो विचारमा आर्थिक विकास गर्नको निम्ति ठूलै क्रान्ति गर्नु आवश्यक मलाई लाग्दैन । ठिकै हामी इमान्दारीका साथ गर्न सक्यौं भने हामीचाहिँ अर्थतन्त्रमा ठूलो विकास मारेर राष्ट्रको अर्थतन्त्रलाई नै जिडिपीलाई नै ठूलो कन्ट्रिब्युट गर्न सक्छौं । योगदान गर्न सक्छौं आज हामीले चार प्रतिशत योगदान गर्न सकेका छौं भने हामी आउँदा पाँच वर्षमा, १० वर्षमा हामी १०, १५ प्रतिशतको हाराहारीमा हाम्रो नेश्नल जिडिपीमा हाम्रो योगदान कर्णालीको रहन सक्छ यो विधेयकले त्यतातिर कल्पना गरेको मैले पाउँछु फेरि पनि यो विधेयकको मैले फेरि पनि भने विधेयक र कानून मात्रैले भएन यो कानूनको प्रमोसनको निमित्त कानूनको अक्षरशः कार्यान्वयनको निम्ति सरकार सजग हुन जरुरी हुन्छ यो भएको हुनाले हाम्रो सरकारले त्यतातिर कानून बनिसकेपछि त्यसको अक्षरस कार्यान्वयन गर्ने, यसको प्रवर्धन गर्ने, हाम्रो कानूनले यस्तो व्यवस्था गरेको छ लगानीकर्ताहरू आउनुस् हाम्रा लगानीकर्तालाई पनि प्रवर्धन गर्ने काम सरकारले गर्छ भन्ने म आशा व्यक्त गर्दै बिदा हुन्छु धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सीताकुमारी नेपाली।

<u>माननीय सीता कुमारी नेपालीः</u> माननीय सभामुख महोदय, प्रदेश औद्योगिक व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि हामी अन्तिम छलफलको चरणमा छौं । कर्णाली प्रदेश अन्यत्तै सम्भावनायुक्त प्रदेश पनि हो । र यो सम्भावनालाई चुम्नका निम्ति आवश्यक पर्ने कानून निर्माण प्रक्रियामा हामी छौं र कर्णाली प्रदेशको आवश्यकतालाई नै मध्यनजर गरेर कर्णाली प्रदेशमा लगानीमैत्री वातावरण बनाउनका निम्ति र सँगसँगै रोजगारीका अवसर सिर्जना गर्न वा अभिवृद्धि गर्नका निम्ति यो विधेयक आएको छ । भन्ने मलाई लागेको छ अवश्यपनि कर्णाली प्रदेशको राजस्व बढाउने,आयस्रोत बढाउने कुरा मात्रै होइन कर्णाली प्रदेशको दिगो अर्थतन्त्र निर्माण गर्न पनि आवश्यक छ र त्यो आवश्यकतालाई मध्यनजर गर्दै कर्णाली प्रदेशको प्राकृतिक स्रोत र भौतिक मात्रै नभएर मानवीय स्रोतको उपयोग गरेर यहाँको उद्यमशीलताको कुरा औद्योगीकरणको कुराको विकास गर्नका निम्ति पनि कानून आवश्यक थियो र त्यसलाई मध्यनजर गर्दै यो कानून निर्माणको अन्तिम चरणमा हामी पुगेका छौं अवश्य पनि कर्णालीप्रदेशमा औद्योगिक व्यवस्थापनका हिसाबले चाहिँ यो

महत्त्वपूर्ण हुनेछ भन्ने कुराको विश्वास म व्यक्त गर्न चाहन्छु अवश्य पनि राज्यबाट राज्यको आयस्रोत वृद्धि गर्नका निम्ति उद्योग धन्दा कलकारखानाहरू निर्माण गर्न जरुरी छ, उद्योग धन्दा कलकारखानाहरू निर्माण गर्न सकिएन भने अवश्य पनि हामीले त्यो राष्ट्रको विकास गर्न सक्दैनौं र अहिले हामी झन सङ्घीय संरचनामा जाँदैगर्दा प्रदेशको विकास गर्नका निम्ति प्रदेशमा पनि उद्योग धन्दा कलकारखानाको आवश्यकता पर्छ र त्यो आवश्यकतालाई पूर्ती गर्नका निम्ति ठूला ठूला उद्योगहरू, मझौला उद्योगहरू, साना उद्योगहरू र सँगसँगै घरेलु उद्योग त्यसपछि लघुउद्यमहरूलाई पनि सँगसँगै अगाडि बढाउनुपर्ने अवस्था हुन्छ र हामीले हाम्रो प्रदेशमा हेर्यौं भने लघुउद्यमहरू छन् । सानो एकदम थोरै लगानीमा चाहिँ गरिने लघुउद्यमहरू छन्, घरेलु उद्यमहरू छन्, जस्तो हामीसँग भएको कच्चा पदार्थहरू, परम्परागत एउटा सिप व्यवसायहरूलाई लगानीगर्ने गरी बनाइएका उद्योगहरू, साना साना उद्योगहरू छन् हामीसँग त्यस्तो ठूलो प्रकृतिका उद्योगहरू छैनन् ठूलो प्रकृतिका उद्योगहरू हामीले स्थापना गर्नका निम्ति पनि कानूनको आवश्यकता पर्ने हुन्थ्यो र कानूनको आवश्यकतालाई मध्यनजर गर्दै यो कानून निर्माणको प्रक्रियामा छौं अवश्य पनि राष्ट्रले आफ्नो राष्ट्रमा उद्योगधन्दाको विकास गर्दै गर्दाखेरि त्यसलाई दिनुपर्ने सब्सिटिका कुराहरू पनि छन् अनुदानका कुराहरू पनि छन्। र प्रदेशमा पनि त्यो आवश्यकता छ भन्ने कुरा म राख्न चाहन्छु र हामीले देखिरहेका छौं आज पुँजीहरू स्टक भइरहेको स्थिति छ पुँजी जाम भइरहेको अवस्था एकातिर छ भने अर्कोतिर पुँजीहरू एकदमै उत्पादनशील क्षेत्रमा होइन अनुत्पादनशील क्षेत्रमा चाहिँ लगानी भइरहेको स्थिति छ हाम्रै प्रदेशको कुरा गर्नुहुन्छ भने उद्योगधन्दाभन्दा विशेष गरेर घरजग्गा कारोवारतिर अलि बढी पूँजि परिचालन गर्ने स्थिति पनि हामीले देखिरहेका छौं यो स्थितिमा कम्तीमा प्रदेशलेचाहिँ यो कानून निर्माण गरेर अगाडि बढ्दै गर्दाखेरि यहाँको मझौला उद्योगहरू हैन र ठूला उद्योगहरू हामीले निर्माण गर्न सक्यौं भने अवश्यपनि कर्णाली प्रदेशको विकास र समृद्धिमा त्यसले टेवा पुऱ्याउँछ भन्ने मलाई लाग्दछ र राष्ट्रिय अर्थतन्त्रमा यो प्रदेशको पनि योगदान हुनसक्छ भन्ने कुरा लाग्दछ त्यसैले गर्दाखेरि अब हामीले जुन साना मझौला मात्रै होइन घरेलु उद्योम, लघु उद्योम मात्र होइन त्योभन्दाअरू ठूला उद्योगहरूलाई अगाडि बढाउनुपर्ने एकातिरको आवश्यकता छ भने अर्कोतिर हाम्रो समाजमा कस्तो देखिएको छ भने आज गाउँघरमा मान्छेलेचाहिँ केही गरौं भन्ने सोच राख्ने गर्छन त्यो सोचसहित अहिले लघुवित्त कार्यक्रमहरू गाउँघरमा यति छ्याप्छ्याप्सी छ लघुवित्त कार्यक्रमका कार्यान्वयनले गर्दाखेरि विशेष गरेर महिला दिदीबहिनीहरू त्यसबाट बढी प्रभावित छन् महिला

दिदीबहिनीहरूलाई समूह बनाएर लगानी गर्ने उहाँहरूले नचाहदा नचाहदै पनि लगानी गर्ने खालको ऋण दिने खालको स्थिति छ तर त्यो खालको रिऋको व्याज तिर्नुपर्ने र त्यो समयमा नै व्याज तिनुपर्ने प्लस उहाँहरूलेचाहिँ अब त्यो ऋण फर्स्योट गर्नका निम्ति फेरि छोटो समय हुने त्यो छोटो समय उहाँहरूले उत्पादनमा चाहिँ लगानी गर्न नसक्ने कम पुँजी लगानी गर्न नसक्दाखेरि त्यो लघुवित्त कार्यक्रमले जुन समूह बनाउने र त्यो समूह लगानीमा ऋण दिने खालको स्थिति जो छ त्यो ऋण लिने र त्यो ऋण तिर्नका निम्ति व्याज तिर्नका निम्ति फेरि अर्को समूहमा बस्ने यो गर्दाखेरि गाउँघरमा लघुवित्त कार्यक्रम आज थुप्रै दिदीबहिनीहरू घरबारविहीन हुनुपर्ने, आत्महत्या गर्नुपर्ने खालको स्थितिसम्मपुऱ्याएको छ त्यसले गर्दाखेरि कम्तीमा हामीले लघुउद्यम भए पनि साना घरेलु उद्योग भए पनि, मझौला उद्योग भए पनि, ठूला उद्योगहरू भए पनि र हामीले अझ ठूला उद्योगहरू स्थापना गर्न सक्यौं भने त अवश्य पनि कम्तीमा यो ठाउँबाट ती दिदीबहिनीहरू, जो श्रमिकहरू उनीहरू श्रम गर्छन् श्रम गर्ने कुरामा समस्या छैन ती श्रमिकहरूलाई त्यहाँ जोड्न सकियो भने अवश्य पनि समाजमा विकृतितिर मैलाउँदै गएको लघुवित्तको पनि अन्त्य हुने कुरा र अर्कोतिर स्वरोजगार बन्ने कुरा, रोजगारी सिर्जना हुने कुरा योसँग सम्बन्धित छ त्यसैले गर्दाखेरी कर्णाली प्रदेश सरकारले ढिलै भए पनि यो औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ल्याएको छ यो विधेयकको क्रममा मैले चाहिँ त्यही समितिमा थिए तै पनि मैले समितिमा हुँदा हुँदै पनि केही संशोधनहरू पनि राखेको थिए र त्यो संशोधनका विषयहरू धेरै कुराहरू समेटिएका छन् म लगायत थुप्रै माननीयज्यूहरूले संशोधन राखेका थियौं र त्यो संशोधनमा राखेका कुराहरू धेरै कुराहरू मसेटिएका छन् अझै पनि पूर्णता भएको छैन र यसलाई फेरि पनि पूर्णता दिनका निम्ति तत्काल नभए पनि भोलि यसलाई कार्यान्वयन गर्ने प्रक्रियामा कार्यान्वयन गर्दै गर्दा समस्याहरू आएछन् भने त्यो बेलामा फेरि पनि संशोधन गर्न सकिन्छ फेरि नसकिने विषय होइन र संशोधनमा आएका विषयहरू धेरैभन्दा धेरै समेटेर यो विधेयकलाई परिमार्जन गरेर आज हामी अन्तिम चरणमा छौं र यो विधेयकले कानूनको रूप ग्रहण गरिसकेपछि अवश्य पनि कर्णाली प्रदेशमा रोजगारी सिर्जना हुने कुरा र लगानी प्रवर्धन हुने कुरामा विश्वास पनि व्यक्त गर्दै बिदा हुन चाहन्छु, हवस् धन्यवाद ।

<u>माननीय सभामुख</u>ः माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि

समितिकोप्रतिवेदनमाथिको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिन समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री श्री माननीय बिन्दमान विष्ट:**माननीय सभामुखज्यू, प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक समितिमा गएर प्रतिवेदन सहित यहाँ आज छलफलमा सहभागी हुनुहुने र छलफलको क्रममा महत्त्वपूर्ण सल्लाह सुझाव धारणाहरू व्यक्त गर्ने माननीय सदस्यज्यूहरूप्रति हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्न चाहन्छु । हामी हिजो देखि खास गरी विधेयक निर्णयार्थ प्रस्तुत हुने र पास गर्ने क्रममा जाँदै गर्दाखेरि मलाई अनुभूति के भएको छ भने हिजो पर्यटन सम्बन्धी विधेयक, त्यसपछि गएर वन सम्बन्धी विधेयक, आज हामीले व्यापार व्यवसाय दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र अहिले औद्योगिक व्यवसायका सम्बन्धमा बनेको विधेयकमाथि छलफल गर्दै जाँदाखेरि हाम्रो प्रदेशलाई अति आवश्यक पर्ने कानूनहरू कम्तीमा पनि निर्माण गर्ने एउटा स्थितिमा हामी पुगेका छौं । आत्मनिर्भरता अरू कानूनहरू काम नलाग्ने भन्न खोजेको होइन सभामुखज्यू खासगरी यो प्रदेशलाई आत्मनिर्भर बनाउने, प्रदेशको राजस्वलाई वृद्धि गर्ने, आर्थिक समुन्नतिको बाटोमा जनतालाई लैजाने यो हिसाबले हेर्दाखेरि महत्त्वपूर्ण कानूनहरू छन् यसैको सन्दर्भमा यो औद्योगिक व्यवसायका सम्बन्धमा जो जुन विधेयक छ यो विधेयकले माननीयज्यूहरूले भनेजस्तै यहाँ यसले हाम्रो प्रदेशको सन्दर्भमा प्रदेशका जनताको जीवनस्तरपरिवर्तन गर्ने सन्दर्भमा, आर्थिक वृद्धि गर्ने सन्दर्भमा यो महत्त्वपूर्ण विधेयक छ यसलाई त्यहिअनुसार गम्भीरतापूर्वक छलफल गरेर हामी निष्कर्षमा पुग्दैछौं भन्ने कुरा म यहाँ राख्न चाहन्छु । अब यो विधेयकमा यो कानून बन्दैछ हाम्रो अब उद्योग मैत्री कानून बन्दैछ, लगानी मैत्री कानून बन्दैछ। यो लगानी र उद्योग सिर्जना हुँदाखेरि रोजगारी सिर्जना गर्ने कुरा छ यो सबै कुराहरूलाई समेटेर एउटा कानून निर्माण हुँदैछ, विधेयक एउटा अन्तिम निष्कर्षमा पुग्दैछ यसलाई हामीले आज नै पारित गर्ने प्रक्रियामा छौं । अब यो विधेयकमा लघुउद्यमदेखि लगेर औद्योगिक करिडोरसम्मको परिकल्पना गरिएको छ । आज कर्णालीको अवस्था कहाँ छ हामीले उद्यमको क्षेत्रमा गर्न सक्ने विकास के हो आजका मितिमा कर्णालीमा लगानी गर्ने लगानीकर्ताहरू कत्तिको आकर्सित छन्। हाम्रो उद्योग स्थापना गर्नको लागि हाम्रा पूर्वाधारहरू के छन् त्यो हामी सबै हामीले जाने बुझेकै कुरा छ त्यस कारणले गर्दाखेरि आजको अवस्थामा यो उद्योगको क्षेत्रमा के गर्न सक्छौं र त्यसपछि गएर हाम्रो भोलिको सम्भावना के हो भन्ने कुरालाई समेटेर विधेयक प्रस्तुत गरिएको छ त्यस काररणले

गर्दाखेरि माननीय सदस्यज्यूहरूले पनि यसमा महत्त्वपूण सुझावहरू राख्नुभएको छ फेरि पनि उहाँहरूलाई धन्यवाद दिन चाहन्छु र त्यसपछि यो कानूनको रूपमा गइसकेपछि फेरि पनि प्रश्न दोहोरिएर तेहेरिएर प्रश्न उही उब्जिराखेको छ कि यसको कार्यान्वयनको पक्षकोकुरा छ यसको कार्यान्वयनको कुराप्रति प्रदेश सरकार प्रतिबद्ध भएको कुरालाई फेरि पनि म दोहोऱ्याउन चाहन्छु र आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

<u>माननीय सभामुख:</u>माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले सभामा पेश गर्नुभएको प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि समितिको प्रतिवेदनसहित विधेयकमाथिको छलफलका समाप्त भएको जानकारी गराउँदछु।

माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई सभामा पेश गर्नुभएको प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ लाई समितिको संशोधन प्रतिवेदन सहित कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम १ सय २१ बमोजिम पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

<u>आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्ट:</u>माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि प्रदेशसभा छलफल भइसकेकोले अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अभिन्न अङ्ग हुने गरी समग्र विधेयक कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम १ सय २१ बमोजिम यससभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद ।

<u>माननीय सभामुख:</u>माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले प्रस्तुत गर्नुभएको प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ लाई समितिको संशोधन प्रतिवेदन सहित समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव निणयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीयज्यूहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीयज्यूहरूले "हुन्छ" भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधनको प्रस्ताव विधेयकको अभिन्न अङ्ग हुनेगरी समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषण गर्दछु ।

माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियावली, २०७४ को नियम १ सय १९ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई उपभोक्ताको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सभाबाट फिर्ता लिनको लागि समय दिन्छु ।

<u>आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः</u>माननीय सभामुख, सभामुखज्यूको अनुमतिले प्रदेश सरकारको तर्फबाट सभामा पेश भएको र सभाबाट अर्थ तथा प्राकृतिक स्रोत समितिमा गएको उपभोक्ताको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ समितिमा छलफल पश्चात् प्रदेश सरकारको कार्यक्षेत्रभित्र नपर्ने देखिएको हुँदा कर्णाली प्रदेशसभा नियावली, २०७४ को नियम १ सय १९ को उपनियम ३ बमोजिम सभाबाट फिर्ता लिनको लागि प्रस्ताव गर्दछु । धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले उपभोक्ताको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सभाबाट फिर्ता लिन चाहनु भएकाले निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीयज्यूहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीयज्यूहरूले "हुन्छ" भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ उपभोक्ताको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सभाबाट फिर्ता गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब म कर्णाली प्रदेशसभा सदस्य माननीय श्री नरेश भण्डारीलाई सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८ माथि सामान्य छलफलको लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

<u>माननीय नरेश भण्डारीः</u>माननीय सभामखज्यू, सभामुखज्यूको अनुमतिले नेपालको मूल सभ्यता सिंजा सभ्यताको उद्‍गमस्थल जुम्ला स्थित सिंजा क्षेत्र र सिंजा सभ्यतासँग

सम्बन्धित कर्णाली प्रदेशका अन्य भूभागको ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक, धार्मिक एवम् भाषिक पर्यटन प्रवर्धन गरी आर्थिक समृद्धि र खुसी हासिल गर्ने उद्देश्यका साथ सिंजा सभ्यता संरक्षण तथा विकास गर्न वाञ्छनीय भइसकेकोले सभामा टेबुल भइसकेको सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८ कर्णाली प्रदेशसभा नियमाली, २०७४ को नियम १०६ बमोजिम सामान्य छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८ माथिको सामान्य छलफलमा भाग लिने माननीय सदस्यहरूका लागि समय निर्धारण गरेको छु । माननीय सदस्यहरू सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८ माथिको सामान्य छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले सभामुखको ड्यासको बाँयातर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई आफ्नो नाम टिपाउनुहोला, सर्वप्रथम माननीय श्री मिनासिंह रखाल, समय सात मिनेट ।

**माननीय मिनासिंह रखालः**सभामुख महोदय, नवौं अधिवेशनको सातौ बैठकमा सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८ माथिको छलफमा भाग लिइरहँदा यो कुनै सरकारी विधेयक त होइन यो चाहिँ हाम्रा माननीय नरेश भण्डारीबाट ल्याएर आइएको विधेयक हो यो र यो विधेयकको उद्देश्य र कारण सबै यहाँ भित्र भएका सबै कुराहरू पढिसकेपछि एउटा हाम्रो कर्णाली प्रदेशमा सिंजा सभ्यता भन्ने बित्तिकै एउटा ऐतिहासिक हाम्रा सांस्कृतिक, पुरातात्त्विक, धार्मिक र भाषिक पर्यटन प्रवर्धनको लागि यसले सम्झना दिलाउँदो रहेछ । यो विधेयक हात परिसकेपछि मैले यो कसरी किनभने सिंजा सभ्यताको कुरा मात्रै नभएर कर्णाली प्रदेशको सिंजाबाट नै नेपाली भाषाको सुरुवात भएको अथवा नेपाली भाषाको उद्‌गमस्थल हो भन्ने कुरा हामीले बुझिरहेको अवस्थामा मैले सर्च गरे किताबहरू खोजे मैले धेरै मेहेनतका साथ यो कहाँबाट सुरु भएर कसरी अन्त्य भयो । यसले कुन उद्देश्यले यो विधेयक यहाँ आइपुग्यो र कसरी यसलाई हामीले पारित गर्न सक्छौं भन्ने हिसाबले मैले धेरै कुराहरू सर्च गरे हेरे लाग्यो मैले वृत चित्र हेर्दाखेरि पनि कस्तो लाग्यो भने हाम्रो कर्णाली प्रदेशको सारै सुनौलो ठाउँ र एउटा राजाले राज्य गरेको ठाउँ र त्यहाँका धार्मिक सांस्कृतिक, त्यहाँका पौराणिक ती सबै कुराहरूको वृत चित्रमा हेर्दाखेरी आफूपनि त्यहाँ पुगेको जस्ता अभास पनि भयो र त्यसमा अलिकति इतिहास हेर्दाखेरि मैले त्यहाँ के पाए भने नागराजाहरूको पालामा नागराज भन्ने १२०७ मा कुमाउतिरबाट खस तिब्बततिर पसे र कालान्तरमा नागराजले

लिपुलेख, यारी, सिंजा, दुल्लु, सुर्खेत र डोटी प्रदेशमाथि विजयी प्राप्त गरेर १२०७ मा नागराजाले सिंजालाई राजधानी बनाइ कर्णाली स्थापना गरे भनेर लेखिएको पाए। त्यसपछि अर्को कुरा के देखियो भने यहाँ काल्छ १२६४, १३१३ वि.स. १२६४ मा राजा काल्चलेका छोरा काल्छ यस राज्य कर्णालीको राजा भए र वि.सं. १२८० मा कुमाउमाथि आक्रमण भइसकेपछि २२ से, २४ से राज्यहरू त्यहाँ बने र यसरी संजाको सभ्यता माथि र सिंजा कर्णाली प्रदेशमै सिंजामा हाम्रो राज्य थियो र काल्च भन्ने राजाका छोराले राज्य गरेका भन्ने कुरा त्यो इतिहासमा पाइन्छ त्यसैगरेर अहिले कस्तो लाग्छ भने ती राज्यहरूमा २२से, २४ से राज्य भइसकेपछि केन्द्रका सरकार त्यहाँ पुग्न नसक्ने भएपछि २२ से राज्यमा विभाजन गरिसकेको र त्यसपछि अन्तिममा मैले के पाए भने २२ से राज्यको उदय कसरी भयो भन्ने बारेमा कर्णाली यस राज्य अन्तर्गत २२ ओटा टुक्रामा विभाजित भयो २२से राज्यमा वर्तमान नेपालको ५ अञ्चलहरू महाकाली, सेती, भेरी, कर्णाली, राप्ती र २४ ओटा जिल्लाहरू दार्चुला, डडेल्धुरा, बैतडी, कञ्चनपुर, कैलाली, डोटी, बझाङ, बाजुरा, अछाम, बर्दिया, बाँके, सुर्खेत, दैलेख, जाजरकोट, हुम्ला, मुगु, कालिकोट, जुम्ला, डोल्पा, रुकुम रोल्पा, सल्यान, दाङ र प्युठान पर्दा रहेछन् । यसरी हाम्रो सिंजा सभ्यताबाट जुन विधेयक पेश भएको छ त्यसले हाम्रो इतिहासलाई कोट्ट्याएको छ, इतिहासलाई झल्काएको छ र इतिहासमा हाम्रा पौराणिक तत्त्वहरू पनि रैछन् भन्ने कुरा हामीले पायौं र हेर्ने बाध्यता पनि भयो तर हामीले यी इतिहासलाई कोट्याउँदै गर्दा र हाम्रा संस्कृतिहरूलाई सम्झदै गर्दा र हामीले त्यति खेरका अहिले मैले के महसुस गरेभनेपछि दैलेख नभनेर दुल्लु भनिएको रहेछ दुल्लुमा पनि हाम्रा ती ऐतिहासिक धरोहरहरू थिए पत्तथरनाउली भन्ने ठाउँमा ढुङ्गाका शिलालेखहरू थिए र एउटा दुल्लु राजाको दरबार थियो दैलेख बजारलाई गौंडा भनिन्थ्यो त्यहाँ पनि एउटा दरबार थियो तर द्वन्द्वकालमा ती सबै दरबारहरू, तीशिलालेखहरू ती सबै भत्काइए अहिले हामीले त्यसलाई खोजेर जस्ताको त्यस्तै बनाएत पनि त्यसलाई खोजेर भेटाउनेवाला छैनौं । तर अहिले यो विधेयक आइरहँदाखेरि आज त्यस्ता चिजहरूको आवश्यकता रहेछ भनेर मैले महसुस गरे र आवश्यकता थिए हाम्रा ती द्वन्द्व कालमा हामीले हाम्रा पुराना संस्कृति हाम्रा पुराना धर्म हाम्रा ती मान्यताहरूलाई कुनै पनि चाँहिदैन भनेर कुन कुराहरू गरियो । अहिले त्यसलाई हामीले खोज्नुपरिरहेको अवस्था छ । र यी ऐतिहासिक कुराहरूको टिप्पणी गर्दै गर्दा यहाँचाहिँ यो विधेयकमा त्यस्तो किसिमको कुनै अहिले त आएको छैन, यहाँ आर्थिकहरू, समितिहरू छन् यहाँ कतिठाउँबाट जस्तै दैलेखको दुल्लु नगरपालिकाको मेयर पनि सदस्य बन्ने, मुख्यमन्त्री

अध्यक्ष बन्ने त्यस्ता किसिमका मात्रै छन् अरू त्यस्तो यसमा धेरै टिप्पणी गर्ने केही छैन। यसले एउटा समितिको मात्रै धारणा लिएर आएको छ र यो चाहिँ ल्याउँदै गर्दा यसले त्यो सिंजाको मात्रै नभएर कर्णालीवासीहरूको सभ्यतालाई यसले समेट्ने कि नसमेट्ने कर्णालीवासीहरूको संस्कृतिलाई उजागर गर्ने कि नगर्ने, र समितिमा आर्थिक यो राष्ट्रिय अन्तर्राष्ट्रियबाट अर्थतन्त्रलाई भेट्टाउने मात्रै हो कि हाम्रो सभ्यताको पहिचान पनि दिने हो यो विधेयकले अहिले त्यहाँ झल्काइरहेको अवस्था छैन र यो जुन विधेयक आएको छ यो विधेयक सरकारी विधेयक नभएर गैरसरकारी विधेयक भएको छ यसमा अवश्य पनि हामीले छलफल गर्नेछौं र यसले व्यक्तिलाई मात्रै नभएर समूहलाई मात्रै नहेर सम्पूर्ण कर्णालीवासीलाई पहिचान दिने गरेर आवस् भन्दै म आफ्नो कुरा यहीँ राख्न चाहन्छु हवस् धन्यवाद।

<u>माननीय सभामुखः</u>माननीय श्री राजु नेपाली, समय सात मिनेट

<u>माननीय राजु नेपालीः</u>सभामुख महोदय, सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८ माथि आफ्ना केही भनाइहरू राख्ने अनुमति लिन्छु हुन त कानूनहरू बनाउँदा सहजै र सजिलै कुनै पनि कानून बन्दैन् । यो ऐतिहासिक कानून बनाउँदा सरकारका मन्त्रीज्यूहरू र सबैलाई गाह्रै भयो होला । यहाँ परिश्रमिक एक देखि लगेर ६सम्म छ। मेहनत नगरेर त केही पनि फल प्राप्त हुदैन, यो मेहनत हेर्दा हेर्दा पनि धेरै कुराहरू यो कुन संस्थाको कपी हो कि भन्ने जस्तो पनि लाग्छ कानून नभएर एउटा एउटा संस्थाले चलाउने विधेयक विधान भन्ने हुन्छ त्यस्तै हो कि जस्तो लाग्न थाल्यो यहाँ थुप्रै कुराहरू लेख्दा धेरै चोटि समिति हाम्रो जस्तो यो कर्णाली प्रदेशले यसको आर्थिक व्ययभार धान्न सक्ने कि नसक्ने त्यसमा पनि ध्यान जान जरुरी छ र समितिहरू कति बन्ने हुन् समितिमात्रै भन्ने कुराले पनि त्यति अर्थ राख्दैन काम गर्नै परे सायद एउटै समितिले पनि धेरै काम गर्न सक्छ । यसलाई पनि छलफलको विषय बनाउँदै गर्नुपर्ने हुन्छ । यो रोस्टममा उभिरहँदा हुनसक्छ कसैलाई लाग्छ जातीय कुरा उठे भन्ने होला म जस्तै स्वयम् आए भने त त्यो समितिमा महिलाको प्रतिनिधित्व हुन्छ २४ प्रतिशत दलितहरूको पनि प्रतिनिधित्व हुन्छ । सायद म नभएर अरू कुनै आयो भने त एउटा समुदायत सिंगै अहिले देखि हैन सयौं वर्ष देखि पछाडि पारिएको वर्ग त पछाडि पर्छ नै कानून लेख्ने कुरामा ख्याल राखिएन र हेक्का राखिएन भने त यो कानून मैं नआउने समुदायको कसरी यहाँ सम्बोधन हुन्छ । यसलाई पनि छलफलमै ल्याउनुपर्छ र समेट्नुपर्छ र हामी जतिपनि कानून बनाउँदा संविधानलाई नै टेकेर बनाउने भन्छौं संविधानले मान्यता दिएका वर्गहरूलाई छुटाउने कुरामा कसरी यो

सरकार अथवा मन्त्रालयको किन यति गैरजिम्मेवारी हुन्छ भन्ने मलाई लाग्छ म सायद यो प्रदेशमा अहिले बोल्ने पनि आज सायद त्यही वर्गबाट प्रतिनिधित्व गरेको होला मलाई भनिएको थियो त्यति बेला नै दलित महिलाबाट प्रतिनिधित्व गरेको मैले यहाँ उठाउनै पर्छ कर्णाली प्रदेशभरिको त्यो कोटाबाट आएको भन्ने कुराहरू म यहाँहरूलाई राख्न चाहन्छु । र फेरि पनि सायद यसले अहिले पूर्णतात नपाउला समितिमा जानेहोला सायद, हामी त्यही घनीभूतढङ्गले छलफल गरेर यसलाई अगाडि बढाउने छौं भन्ने कुरा राख्न चाहन्छु हवस्, धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय श्री दानसिंह परियार

<u>माननीय दानसिंह परियारः</u>माननीय सभामुख महोदय, सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८को सैद्धान्तिक छलफलमा म आफ्ना धारणा राख्नको लागि उपस्थित भइराखेको छु र प्रथमतः जुन कर्णाली प्रदेशको इतिहासमा पहिलो पटक एउटा प्राइभेट बिल जुन दर्ता संसद्मा गर्नुभयो । यसका लागि माननीय नरेश भण्डारीलाई व्यक्तिगत तर्फबाट धन्यवाद दिन चाहन्छु । प्रथमतः यहाँ धेरै माननीयज्यूहरूले पनि यहाँ धेरै कुरा राख्नुभयो हामीले भन्यौं कर्णाली पछाडि पऱ्यो कर्णाली समृद्धि परिवर्तन र रूपान्तरणमा अगाडिअरू प्रदेश बराबर जान सकेन यसको निमित्त हामीले व्यापक छलफल र बहस गरौं यसको एउटा कारण के थियो त पहिलो कारण के थियो भने नेपालमा रहेको केन्द्रीकृतशासन व्यवस्था कर्णाली पछि पर्नुको प्रमुख कारण त्यो थियो भने दोस्रो के हो भने जुन बेला कर्णाली समृद्ध थियो जुन बेला कर्णालीले आफ्नो शासनआफैंले गरेको थियो त्यो बेला नेपालका केही शासकहरूले चाहिँ कर्णालीको सभ्यता र समृद्धिलाई निमिट्यान्न पर्नको निमित्त एकीकृत शासन व्यवस्थाको नाममा फेरि केन्द्रीकृत शासन व्यवस्थालाई लागु गरेर कर्णालीलाई ओझेल पारेको कुरा यथार्थ हो। यहाँ धेरै कुराहरू आयो इतिहासको कुराहरू आयो, धेरै एजेण्डाका कुराहरू आयो, तर म पहिलो प्रश्न के गर्न चाहन्छु भने केन्द्रीकृत शासन प्रणालीलेचाहिँ कर्णालीलाई बिर्सेको थियो भने तर कर्णालीको सभ्यता र संस्कृतिको सन्दर्भमा कर्णाली प्रदेश सरकारको किन ध्यान नगएको ? एक जना व्यक्तिले प्राइभेट बिल ल्याउने स्थिति किन सिर्जना भयो यो पहिलो कुरा हो, कर्णालीको संस्कृति र समृद्धि र सभ्यतालाई परिर्वतन नगरीकन कर्णाली समृद्ध हुँदैन भन्ने यहाँका शासकलाई यो कुरा हेक्का छैन । यो कुरा जानकारी छैन, यो कुरा बुझेका छैनन् । अनि हामी संस्कृति र सभ्यताको नाममा एकातिर विभेदलाई हामीले जन्माइराखेका छौं संस्कृति र सभ्यताका नाममा असमानतालाई बढाइराखेका छौं हामीले संस्कृति र सभ्यताका नाममा सामाजिक

गरिबीलाई बाचाइराखेका छौं हामीले यथार्थ कुरा यहीँ हो हामीले विश्वका धेरै विकसित देशहरूको इतिहास हेऱ्यौं विभिन्न सभ्यताहरूलाई हामीले अध्ययन गरौं तर त्यो के देखिन्छ भने कुनै पनि समाज पछाडि पर्नुको कारण, कुनै पनि जाति पछाडि पर्नुको कारण, कुनै पनि क्षेत्र पछाडि पर्नुको कारण त्यहाँ भित्रको गलत सभ्यता र संस्कृति हो । यो संयुक्त राष्ट्र सङ्घअन्तर्राष्ट्रिय विकास नियोगले गतवर्ष सार्वजनिक गरेको एउटा तथ्य पनि हो । तर म यहीँ कुरा अपिल गर्न चाहन्छु कि आज जुन ऐतिहासिक कामको सुरुवात भइसकेको छ । हामीले भनौं कर्णाली सबैभन्दा शक्तिशाली थियो, आत्मनिर्भर एउटा सरकार थियो, कर्णाली प्रदेशले अन्य प्रदेशको राजनीतिमा हस्तक्षेप गरिराखेको अवस्थामा किन पछिल्लो चरणमा कर्णाली नेपालकै सबैभन्दा गरिब भयो, किन विपन्न भयो, कति अभावमा बाँच्नुपर्ने किन भयो त्यसको कारण के थियो भने त्यहाँ भित्रको केही सामन्तवादी चिन्तनलाई सँगसँगै परिवर्तन गर्न सकेनौं हामीले सामन्तवादी सोचहरूलाई हामीले नयाँ व्यवस्थासँग जोड्न सकेनौं, संस्कृतिलाई समय सान्दर्भिक हामीले बनाउन सकेनौं त्यसको प्रतिफल कहाँ गयो त समाज विकासमा अन्ततः बाधक भयो त्यसो भएकाले मैले धेरै कुरा गरिन मैले भन्न खोजेको कुरा के हो भने नेपालमा एउटा अभ्यास गरियो कर्णालीको परिवर्तन र समृद्धिको निमित्त कर्णाली विकास आयोग गठन गरियो तर पाँच वर्षको कार्याकालमा एउटा पनि कर्णालीको वृत चित्रसम्म बनाउन सकिएन कर्णालीको समृद्धिको एउटा खाका तयार गर्न सकेन । मलाई लाग्छ यो विधेयकको उद्देश्य कर्णालीको सभ्यतामार्फत् कर्णालीको समृद्धि खोज्ने कर्णालीको सभ्यतामार्फत् कर्णालीको परिवर्तन खोज्ने, कर्णालीको सभ्यतामार्फत् कर्णालीको आमूल रूपान्तरण खोज्ने यो ल्याइएको कारणले गर्दा यहाँ भित्रका कुराहरू पनि हेरे मैले यहाँ भित्रका संरचनाका कुराहरू पनि हेरे, तर संस्कृतिको जजनी को हो भन्ने हामीलाई अझै हेक्का छैन संस्कृति के हो बाजा बजाउने कसले गर्छ, गितार बजाउने कसले गर्छ, मादल बजाउने कसले गर्छ, संस्कृतिको जननी कुनसमुदाय हो यो कुरा त काहीँ पनि देख्दैन मैले त यहाँ यो कर्णालीको सभ्यता हुन्छ फेरि यसले कर्णालीको समृद्धि र परिवर्तन नेतृत्व गर्न सक्छ त्यसो भएकाले मलाई लागेको कुरा के हो भने हरेक क्षेत्रमा उत्पीडन समुदायको प्रतिनिधित्व हुनुपर्छ त्यहाँ त्यो देखिन मैले त यहाँ यदि उत्पीडन समुदायको प्रतिनिधित्व विना यो विधेयक बन्छ भने अपुरो हुन्छ, यो नेपालको इतिहासमा दोस्रो उत्पीडन समुदायको लागि दुःखद घटना हुनेछ । सत्य र यथार्थ कुरा यहीँ हो, मैले बुझेको वास्तविकयथार्थ यो हो । सभ्यताको नाममा सामन्तहरू फेरि सत्तामा बसिराख्ने सभ्यताको नाममा गलत संस्कृतिलाई बचाइ राख्ने सभ्यताको नाममा गलत

कुराहरूलाई प्रश्रय दिएर फेरि समाजमा विभेद र असमानता कायम राख्ने जुन अभ्यास भइरहेका छ यहीँ हो कर्णालीको समृद्धिको बाधक । यसलाई हामीले समीक्षा गर्नुपर्ने हुन्छ । त्यसो भएकाले एउटा दिग्गज व्यक्तित्व, समाजको लागि केही गर्न खोज्ने, सभ्यता र संस्कृतिमार्फत् कर्णालीको समृद्धि र परिवर्तन यसको पनि एजेण्डा हुनुपर्छ भन्ने उद्देश्यका साथ जुन एउटा राम्रो उद्देश्यका साथ जुन यो विधेयक दर्ता भएको छ यसलाई व्यापक रूपमा समितिमा छलफल हुनुपर्छ, गाउँस्तरमा, जनस्तरमा, बस्तीस्तरमा सिंगो कर्णालीको पहिचान र सिंगो कर्णालीको समृद्धि र परिवर्तन यो विधेयकमार्फत् खोजिनुपर्छ यसकोलागि धेरै दिग्गज व्यक्तित्वहरू कर्णालीको संस्कृति विज्ञहरू, कर्णालीका पुरातात्त्विक विज्ञहरू, कर्णालीको सभ्यताको लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा बहस गर्ने विज्ञहरू सहितको छलफल बहस गरेर आगामी कर्णाली एउटा सभ्यता र संस्कृति जुन हामीले सिंजा सभ्यताको विकास र संरक्षण विधेयकमा छलफल गर्दैछौं यो आफैंमा एउटा ऐतिहासिक विधेयकमा व्यापक छलफल र बहस गरौं, व्यापक यसको निष्कर्ष निकालौं र सिंजा सभ्यताबाट सिंगो कर्णालीको सभ्यता मात्रै होइन नेपालको विश्वस्तरमा देखाउन सक्ने नेपालको भाषाको बारेमा विश्वस्तरमा पहिचान दिन सक्ने, नेपालको संस्कृतिको विषयमा विश्वस्तरमा परिवर्तन देख्न सक्ने र विश्वको गन्तव्य काँ कर्णाली, कर्णाली भनेको नेपालको भाषा स्थल हो, कर्णाली भनेको नेपालको समृद्धि हो, कर्णाली भनेको नेपालीको संस्कृतिको जननी हो भन्नेकुरा यो विधेयकले विशेष ध्यान देओस् भन्ने भनाइ राख्दै मेरो आफ्नो भनाइ राख्दछु, धन्यवाद ।

<u>माननीय सभामुख:</u>माननीय श्री पद्मा खड्का, समय सात मिनेट

<u>माननीय पद्मा खड्का:</u> माननीय सभामुखज्यू, आज हामी निकै महत्त्वपूर्ण छलफलमा भाग लिन म यहाँ उपस्थित भइरहेको छु । वास्तवमा भन्ने हो भने नेपालकै इतिहासमा जुन सङ्घीयता कार्यान्वयन पश्चात् गैरसरकारी विधेयक प्रदेशसभामा दर्ता भएको जुन हामीले यहाँ कर्णालीमा छलफल गर्न गइरहेका छौं सिंजा सभ्यता संरक्षण तथा विकासगर्न बनेको विधेयक यसका विकास कर्ता माननीय सांसद नरेश भण्डारी, उहाँलाई म हार्दिक बधाईदिन चाहन्छु । उहाँले जुन आफ्नो मेहेनतका साथ यो विधेयकलाई टेबुल गर्नुभएको छ यो विधेयकले धेरै यसका विभिन्न उद्देश्यहरू छन् यसको मूल मर्म धेरै उद्देश्य समेटेर यो विधेयक आएको छ । सर्वप्रथम मैले नेपालको संविधानले जुन खालको एउटाबाटो छ र हामीले हाम्रो कर्णाली प्रदेशसभा सञ्चालन नियमावलीले दिएको बाटोलाई अंगालेर अगाडि विधेयक ल्याउनुभएको छ यसका लागि पनि म हार्दिक धन्यवाद दिन चाहन्छु । र नेपालको इतिहासमा हामीले सांस्कृतिक तथा

धार्मिक स्थलहरू पुरातात्त्विक स्थलहरू जुन हामीले सुन्ने गरिरहेका छौँ र कर्णाली प्रदेश त्यो नामले पनि परिचित कर्णाली प्रदेश हो । जहाँ खस भाषाको उद्गम थलो भनेर सिंजा सभ्यता परिचित छ त्यो परिचयलाई अझ उजागर गर्न जुन एउटा माननीय सदस्यबाट यो विधेयक आएको छ सायद योभन्दाअगाडि तीन वर्ष प्रदेश सरकारले हाम्रो कर्णाली प्रदेशमा भइरहेका त्यस्ता महत्त्वपूर्ण ऐतिहासिक महत्त्व बोकेका त्यस्ता धार्मिक स्थलहरूलाई समेट्ने गरेर विधेयकहरू बनेको भए आज यो विधेयक अझ अगाडि बढिसक्थ्यो होला भन्ने मैले महसुस गरेको छु । र आज कर्णाली प्रदेशमा त्यस्ता सभ्यताहरू छन् ती सभ्यताले पनि हाम्रो समाजलाई सुव्यवस्थित गरेर अगाडि बढाइरहेको छ । जहाँ धार्मिक सांस्कृतिक पर्यटकीय क्षेत्रले हाम्रो समाजलाई एउटा समाजको वृत चित्रलाई हिजो हिजोको ऐतिहासिक काल देखि हालसम्मको परिस्थितिलाई डोर्याउँदै अघि बढिरहेको यो समाजलाई अझ अहिलेको नयाँ व्यवस्थामा परिवर्तन गर्दै अगाडि बढाउने कुरामा हाम्रो, यो निर्माण गर्ने, ल्याउने विधेयक कसरी अगाडि लैजाने र कार्यान्वयन कसरी गर्ने भन्ने कुरा महत्त्वको विषय छ र यो विषयमा जुन हामीले सिंजा सभ्यतालाई मध्यनजर गरिरहेका छौं जो भाषाको कुरालाई हामीले यहाँ भनिरहेका छौं। नेपाली भाषा, खस भाषाको उद्गम थलो भनेर व्याख्या र विश्लेषण गरिरहेका छौं यो विधेयकले मलाई लाग्छ फेरि पनि कर्णाली प्रदेशमा जहाँहामी कर्णाली प्रदेश एउटा यस्तो प्रदेश हो सम्भावना धेरै भएको प्रदेश तर आर्थिक उत्पादनको दृष्टिकोणले हेर्दा सबैभन्दा कम राजस्व सङ्कलन हुने प्रदेशभित्रका नागरिकहामी छौं र हाम्रो प्रदेशले आफ्ना आर्थिक आयस्रोतलाई वृद्धि र विकास गर्ने खालका जुन कानूनका बाधा अड्चनहरू छन् तीन कानूनहरूलाई कसरी प्रभावकारी कार्यान्वयन गर्नुपर्छ भन्ने कुरामा प्रदेश सरकारले कसरी सोचिरहेको छ र यो भाषा सङ्ग्रहालय जुन हामीले यो अहिले विधेयकको रूपमा गैरसरकार विधेयकको रूपमा आएको छ यसलाई कर्णाली प्रदेश सरकारले कम्तीमा पनि नेपालको एउटा इतिहासमा कर्णाली प्रदेश सात ओटा प्रदेश मध्ये कर्णाली प्रदेशमा भाषाको उद्गमस्थल जहाँ पर्यटकहरू सातै प्रदेशबाट यो भाषाको उद्गमस्थल हेर्न आउने एउटा भाषा सङ्ग्रहालयको रूपमा पनि कर्णाली प्रदेश सरकारले विकास गर्न सक्थ्यो होला । त्यो कर्णाली प्रदेश सरकारले सुव्यवस्थित गर्न सक्थ्यो होला र कर्णाली प्रदेश सरकारको त्यतातिर ध्यान जान सकेन त्यो ध्यान जान नसक्नुको पछाडि पनि हामीले हाम्रा बनाइरहेका कानूनलाइ कार्यान्वयन गर्ने कुरा फेरि बनाइरहेका कानूनमाथि नियम र कार्यविधि बनाउने कुरामा हामी कसरी अगाडि बढिरहेका छौं र कहाँ हामी चुकिरहेका छौं भन्ने कुरा आजको महत्त्वपूर्ण विषय छ र

महत्त्वपूर्ण विषय सँगै हामी आज यो रसारमा यो चार वर्षे कार्यकालमा बनाइरहेका कानूनले कतिप्रभावकारी कार्यान्वयन भए भन्ने कुरा पनि एकदमै सोचनीय विषय छ र मैले त्यो सँगै यहाँ के जोड्न खोजिरहेको हो भने विधेयक आइरहेको छ यो एउटा महत्त्वपूर्ण विषय हो महत्त्वपूर्ण कुरा पनि हो र विधेयक आउनुमात्रै ठूलो कुरो होइन विधेयकले के बोलिरहेको छ भित्र विधेयकले सारमा के बोलिरहेको छ यसको आर्थिक भार के हो विधेयकका आर्थिक पक्षहरू कसरी ल्याइरहेको छ कसरी आएको छ कहि कतै फेरि प्राधिकरणका नाममा, फेरि सभा गठनका नाममा कार्याकारी परिषद्का नाममा फेरि कतै यो एनजिओ हुने त होइन फेरि यो कर्णाली प्रदेश सरकारलाई आर्थिक भार पर्ने त होइन फेरि कार्यकर्ता भर्तीकेन्द्र बनाउने त होइन कता कता फेरि हामीलाई चिन्ताले पनि सताइरहेको छ । यसले गर्दा हामीले विधेयकको साथमा हेर्दा विधेयकले धेरै यहाँ विषयवस्तुहरू बोलिरहेको छ भाषासभ्यता सँगै यहाँका सांस्कृतिक महत्त्वका विषयहरूलाई बोलिरहेको छ त्यसैगरी पुरातात्त्विक महत्त्वका विषयलाई बोलिरहेको छ तर बोलेर यो विषय जुन बन्ने कानून फेरि सरकारले लिनुपर्ने ओनरसिप र यसले कार्यान्वयनमा जाँदा हुने विभिन्न सरकारले भोग्नुपर्ने आर्थिक व्ययभारलाई पनि मध्यनजर गर्दै यो विधेयक अगाडि बढोस् यहीँ शुभकामना राख्दै मेरो भनाइ यहीँ राख्दछु, धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय श्री करविर शाही।

<u>माननीय करविर शाही:</u>माननीय सभामुख महोदय, आजहामी हाम्रो प्रदेशसभाको कार्यकालको यो उतरार्धतिर एउटा गैरसरकारी बिलका सन्दर्भमा सामान्य छलफलमा सहभागी छौं । सर्वप्रथम नेपाली भाषाको उद्गमस्थलका रूपमा परिचित हाम्रै कर्णाली प्रदेशको सिंजाको सन्दर्भमा त्यही जिल्लाका माननीय सांसद नरेश भण्डारीजीले यो बिल ल्याउनु भएको छ । उहाँलाई म मेरो तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसका उद्देश्य र कारणहरू र यसले ग्रहण गर्न खोजेको र वास्तवमा यसले आफ्नो सभ्यतालाई व्यवस्थित र यो सभ्यतालाई अरू देशभर र अन्तर्राष्ट्रिय स्तरमा पनि यसलाई परिचित गराउन खोजेको जस्तो देखिन्छ । मुलभूतरूपमा यी विषयहरू आफैंमा र हाम्रा, हाम्रा प्रदेशका लागि, हामी जस्तो गरिब प्रदेशका लागि यत्तिको संस्कृति र सभ्यता भएको प्रदेशका हिसाबले यो सकारात्मक पक्ष हो यति हुँदा हुँदै पनि यसका केही हामीले खोज्नुपर्ने वास्तवमा केही प्रश्नहरू उठाउनुपर्ने विषयहरू पनि यसमा छन्। सरकारी विधेयक आउँदा सैद्धान्तिक सहमति दिने प्रचलन हुन्छक्याबिनेटबाट र त्यहाँ हेरिन्छ सैद्धान्तिक सहमति दिंदाखेरि आर्थिक भार पर्ने नपर्ने र त्यो आर्थिक भारका

सन्दर्भमा प्रदेश सरकारले त्यो धान्न सक्ने औकात हुने कि नहुने त्यसका संरचनागत हिसाबहरू के के हुने र कति तहसम्मका संरचनाहरू हुने र त्यसका विषयमा सैद्धान्तिक छलफल क्याबिनेटबाट छलफल भएर सहमति दिने प्रचलन हुन्छ । यहाँ विधेयक प्रस्तुतकर्ता सांसदले यो सालबसाली रूपमा प्रदेश सरकारको पनि आर्थिक व्यायभार पर्ने भनेर लेख्नु भएको छ । यो अलिकति अन्उत्तरित प्रश्न भयो स्वभावैले फेरि यहाँ विषय यो राख्नुभएको छ र विधेयकका उद्देश्य र कारणहरू ती राम्रा भए पनि पछिल्लो चरणमा गएर विधेयक अलिकति अर्कै बाटोतिर फेरि पनि अर्कैबाटोतिर पूर्ववक्ता माननीयज्यूहरूले भनेजस्तै बाटोतिर जान खोजेको जस्तो देखिन्छ । हामीले हाम्रो सभ्यतालाई चिनाउनका लागि वास्तवमा अनुसन्धान केन्द्र बनाउनुपर्ने हो कि वा यस्ता प्राधिरण बनाउनुपर्ने हो, यो विषयमा पनि अलिकति अनउत्तरित प्रश्नहरू छन् यहाँ अहिले हामीले हाम्रो समृद्धिका लागि प्रदेश सरकारको खर्चबाट प्राधिकरण बनाएर अगाडि बढ्दा हामीलाई सान्दर्भिक वा यसको खोज अनुसन्धान र हामीसँग यतिको सभ्यता छ पहिले नै त्यसलाई तथ्य र कारणपत्ता लगाएर मात्र त्यसको विकासको लागि यो रूपमा जान सकिन्छ भन्ने गन्तव्य तय गर्नेछ । मैले देख्दैछु एउटा गन्तव्यमा जानुपर्ने बिल अन्त्यमा आएर रोजगारी र जागिरीको तहमा गएको देखिन्छ । यहाँ लेख्नु भएको छ अन्तर्राष्ट्रिय स्तरबाट पनि तपाईंको के भन्छ यसमा कोषमा रकमहरू आउने छ । अन्तर्राष्ट्रिय स्तरमा आउने कोषमा माननीयज्यूलाई याद नै होला कि हामीले अनुदानको रकमबाट हामीले कहिल्यै पनि तलब भत्ता खादैनौं । प्राधिकरणका मान्छेहरू कहाँबाट पालिन्छन् ? त्यसकारणले यो अनुत्तरित प्रश्नहरू यहाँ छन् जस्तो एनजिओहरूले अन्तर्राष्ट्रिय स्तरबाट जे प्राप्त गर्दछन्, अनुदान त्यो अनुदानबाट एनजिओका मान्छेहरूले पनि तलब खादैनन् कार्यक्रम गर्नुपर्ने हुन्छ । त्यो समग्रताका हिसाबले कार्यक्रम गरेर खर्च गर्नुपर्ने हुन्छ । ओवरनेटबाट मात्रै कर्मचारीहरूले केही सेवा सुविधा लिनुपर्ने अवस्था देखिन्छ त्यसैले हामीले सम्झौताका हिसाबले यो बेला यति ठूलो संरचना भएको प्राधिकरण त्यो पनि वास्तवमा विकास समिति बनाउने वा त्यसको अनुसन्धान केन्द्र बनाउने यस्तो कुरा र स्वयमसेवी संस्थाहरू स्वतः त्यसलाई कन्ट्रीव्यूटेसन गरेर संस्थाबनाउने ठाउँमा जानुपर्नेबाटोमा बिल प्राधिकरणतिर गएर अलिकति उकालो लागेको र प्रदेश सरकारलाई यो बेला हामीले सभ्यताको विकास गर्न प्राधिकरण चाहिएको हो कि अघिपनि पूर्ववक्ता सांसदले यहाँ भन्दाखेरिमेरो जिल्लामा बाटो नपुगेको जिल्लाको सासद भएर राख्नुभयो त्यतातिर हाम्रो ध्यान जानुपर्ने हो कि भन्ने अवस्था देखिन्छ त्यस कारणले यो कन्ट्राडेक्सनका बिचमा सरकार सहमत थियो,

थिएन त्यसले पनि अनउत्तरित प्रश्नहरू भयो वास्तवमा आजको हाम्रो माग हाम्रो के भन्छ विकासको चरण विकासका, पूर्वाधार निर्माण गर्ने अभ्यासहरू हामीले खोजेको विकास कर्णालीको विकासको बाधक वास्तवमा सभ्यताको विकास नहुनुले मात्रै भएको हो र ? त्यस कारणले सभ्यता खोज्नुपर्छ यो राम्रो विषय हो नराम्रो विषय हुँदै होइन ल्याउनुपर्छ खोज्नुपर्छ त्यस कारणले खोज्ने तरिकाहरू र यसका पाटा पक्षहरू के छन् त्यो आफैंमा यो अलिकति अप्ठ्यारो बाटोमा गएको र कार्यकर्ता भर्ती केन्द्रको बाटोमा जाने र यो एनजिओकरण हुने जस्तो अवस्था देखिन्छ । त्यस कारणले स्वभावैले ल्याउनु भएकोमा धेरै धेरै धन्यवाद छ । राम्रो काम गर्नुभएको छ मलाई लाग्छ यसको क्षेत्राधिकार भनेको मैले भन्नुपर्दाखेरि यो हामीले पुरातत्त्वविभागको क्षेत्राधिकार भित्र पर्ने जस्तो माने मैले यहाँ सबै त पढिन केही केही पढ्दाखेरि नै यसको संरचनागत हिसाबले के देखिन्छ भन्दाखेरिपुरातत्त्वविभागको क्षेत्राधिकार भित्र पर्ने जस्तो देखिन्छ। पुरातत्त्व विभागको क्षेत्राधिकार भित्र पर्ने देखिए पछि हामीले त्यतातर्फ अनुसन्धान केन्द्र वा बोर्ड गठनका लागि प्रयास गरेको भए राम्रो हुने जस्तो देख्छु त्यस कारणले अब यो विषयमा समितिमा फेरि पनि छलफल संसद्मा छलफल त हुने नै होला गर्ने नै होउला गरौंला तथापि यो आज नै यतिका पछिका संरचनाहरू बनाएर अगाडि बढ्नुपर्ने आजको कर्णालीको आवश्यकता हो भन्ने मलाई लाग्दैछ, धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सीताकुमारी नेपाली, समय सात मिनेट

<u>माननीय सीता कुमारी नेपाली:</u>माननीय सभामुख महोदय, सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८ माथि सामान्य छलफलको क्रममा छौं । सर्वप्रथम कर्णाली प्रदेशसभामा पहिलो प्राइभेट बिलको रूपमा यो विधेयक दर्ता भएको छ र यो विधेयक दर्ता गर्नुहुने माननीय नरेश भण्डारीज्यूलाई धन्यवाद दिन चाहन्छु । अवश्य पनि सरकारले प्रदेशको आवश्यकताको आधारमा कानूनहरू निर्माण गर्ने गर्छ र कतिपय आवश्यकता हुँदा हुँदै पनि नजर नपुगेको पनि हुन सक्छ त्यो स्थितिमा प्रदेशको विकासका निम्ति आवश्यक ठानेर कर्णाली प्रदेशमा सिंजा सभ्यताको संरक्षण र विकास गर्ने विधेयक आएको होला भन्ने मलाई लाग्दछ सम्भवतःसङ्घीयसंसद्मा पनि कर्णालीको विकास निम्ति कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राइभेट बिलको रूपमा दर्ता गरेर त्यसलाई अगाडि बढाउँदै गर्दा कर्णालीको एउटा पुँजीको रूपमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान पनि अघि बढेको छ त्यसले कर्णालीका जनताहरूलाई सेवा दिइरहेको अवस्था छ । हिजोका दिनमा मानव विकासको विकास विभिन्न सभ्यताहरूबाटै हुने गरे र हाम्रो नपालको सन्दर्भमा कर्णालीको यो सिंजा सभ्यता जो हो सिंजा सभ्यताले पनि

नेपाली जताको विकासका निम्ति यसले महत्त्वपूण भूमिका खेल्यो होला नै जस्तो लाग्छ। यसको बारेमा धेरै जानकार त म छैन तै पनि कर्णालीको कुरा गर्दाखेरि खस राज्य हुँदै गर्दा खाईकर उठाउने कर्णाली खाईकर उठाउने यो खस राज्य हो । तर आज आएर यो ठाउँमा यो कर्णालीमा रोग, गरिबी र अभावहरू छन् किन यो स्थितिसँग पुग्यो त के कारणले पुग्यो भन्ने कुरा यकातिर खोज अनुसन्धानको विषय छ दै छ भने अर्कोतिर यहाँको ऐतिहासिक पाटा पक्षहरू यहाँको सांस्कृतिक पुरात्त्वको भाषिक हिसाबले पनि यसको खोज र अनुसन्धान गर्नुपर्ने आवश्यता छ । र त्यही आवश्यकतालाई नै मध्यनजर गरेर यहाँको सभ्यताको ऐतिहासिक र सांस्कृतिक पुरात्त्विक र धार्मिक एवम् भाषिक मात्रै नभएर र पर्यटकीय हिसाबले प्रवर्धन गर्नुपर्ने आवश्यतालाई आत्मसाथ गर्दै यो विधेयक आएको होला भन्ने कुराको विश्वास म यहाँ व्यक्त गर्न चाहन्छु अवश्य पनि यहाँको सभ्यताको अध्ययन अनुसन्धान गर्ने कुरा खोज अनुसन्धान गर्ने कुरा एकातिर छ भने कर्णालीको सम्भावनाको कुरा गर्दाखेरि ती नै ऐतिहासिक चिजहरूको संरक्षण प्रवर्धन गर्ने कुरा र सँगसँगै कर्णालीको आवश्यकता भनेको पर्यटनको आवश्यकता पनि हो पर्यटन प्रवर्धनको आवश्यकता पनि हो र त्यो आवश्यकतालाई पनि मध्यनजर गर्दै कर्णालीको सिंजा जुन सभ्यताको कुरा मात्रै होइन हामीले कर्णालीको जुम्ला जिल्लाको सिंजा क्षेत्रमात्रै नभएर खस भाषाको उत्पति भएको त्यो क्षेत्र र नेपालको अधिकांश खास आर्यहरूको थर पनि यहीं क्षेत्रबाट स्थापित भएको हामीले इतिहास अध्ययन गर्दै गर्दा पाउने गर्दछौं त्यसले गर्दा कर्णाली भित्रका अन्य जिल्लाहरू जस्तो दैलेखको दुल्लुको कुरा होला, सुर्खेतको गढिको कुरा होला लगायत विभिन्न जिल्लाहरूको पनि त्यो ऐतिहासिक महत्त्व छ । त्यो इतिहास महत्त्वलाई पनि अध्ययन गर्ने, र ती ऐतिहासिक ठाउँहरूलाई पर्यटकीय हिसाबले पनि अगाडि बढाउने र सँगसँगै कर्णाली भित्रको पर्यटकीय क्षेत्रहरू, त्यो मुगुको रारा होस् वा सुर्खेत जिल्लाको काँक्रेविहार, डोल्पाको शेफोक्सुण्डो लगायत विभिन्न पर्यटकीय क्षेत्रको प्रवर्धन गर्ने कुरा पनि योसँग जोडिन्छ भन्ने मलाई लाग्दछ त्यसले गर्दाखेरि यो विधेयकको रूपमा जो आएको छ यो विधेयकले अवश्य पनि कर्णाली प्रदेश सरकारले लिएको जुन स्लोगन छ सुखारी कर्णालीवासी समृद्ध कर्णालीभन्ने स्लोगन छ त्यो स्लोगनमा केही भए पनि यसले मद्दत गर्न सक्छ भन्ने मलाई लाग्छ । मैले त्यो आशा गरेको छु त्यो आशा गर्दा गर्दै कर्णालीको बस्तगत अवस्था के हो कर्णालीको आत्मगत अवस्था के हो भन्ने कुरालाई पनि हेर्न जरुरी छ र कर्णालीको सभ्यताको विकास को कुरालाई हेर्दै गर्दाखेरि ऐतिहासिक सर्वहारा वर्ग जो छ नि हामीले उनलाई वैज्ञानिक पनि भनेर भनौं यो समाज

विकास गर्दै गर्दाखेरि समाजलाई आवश्यक पर्ने त्यो आवश्यक वस्तुहरू उत्पादन गर्ने त्यो ऐतिहासिक सर्वहारा वर्गको खोजी गर्ने कि नगर्ने, त्यो ऐतिहासिक सर्वहारा ती आफैंमा वैज्ञानिक थिए उनीहरूको कारणले गर्दाखेरि मानवको आवश्यकताका सामग्रीहरू पूरा उनी स्थिति थियो त्यो स्थितिमा कर्णाली त्यो ऐतिहासिक सर्वहारा वर्ग भित्रको समुदाय को जनसंख्याको हिसाबले पनि एक तिहाई जनसंख्या छ र त्यो जनसंख्यालाई पनि मध्यनजर गर्नुपर्छ भन्ने कुरा म यहाँ सुझावको रूपमा राख्न चाहन्छु। र यो खस भाषाको उद्‌गमथलोको रूपमा पनि यहाँ आइसकेको छ अवश्य पनि पूर्ण रूपमा अध्ययन गरिसकेको छैन तर विधेयक भित्र जुन सभा गठन गर्ने, कार्यकारी परिषद् गठन गर्ने, प्राधिकरण स्थापना गर्ने कुरा उठाउँदै गर्दा सरसर्ती हेर्दाखेरि समावेशी पनि छैन त्यो देखिँदैन समावेशीको कुरा एउटा होला अर्कोतिर सरकारले (**<u>माननीय सभामुखः</u> सकौं माननीयज्यू**) सभामुख महोदय, मलाई एक मिनेट मात्रै दिनुस् सरकारले यसको ओनरसिप लिँदै गर्दाखेरि कर्णालीमा यो सिंजा सभ्यताको संरक्षण र विकास गर्नका निम्ति कसरी अगाडि बढ्ने भन्ने एउटाबाटो पनि त गर्ला र यो एउटा समितिमा जादैं गर्दा संशोधन पनि हामीले हालौं र यसको प्रक्रियाबाट पनि छलफल बहस भएर यसले पूर्णता पाउला भन्ने विश्वास व्यक्त गर्न चाहन्छु र सँगसँगै यो विधेयक जो आएको छ कर्णालीको कर्णालीको पहिचान दिने कुरा र कर्णालीलाई एउटा रूपान्तरण गर्ने कुरामा पहिलो पटक प्राइभेट बिलको रूपमा यो आएको छ यसले एउटा सरकारी मान्यता पास पनि गर्ने छ र यसको आवश्यतालाई मध्यनजर गर्दै एउटा खोज अनुसन्धान गर्ने र कर्णालीको समग्र विकास गर्ने कुरामा यो कोसेढुङ्गा सावित हुनेछ भन्ने कुराको पनि विश्वास व्यक्त गर्दै बिल ल्याउने माननीयज्यूलाई पुनः धन्यवाद दिँदै आफ्ना भनाइहरू अन्त्य गर्छु हवस् धन्यवाद ।

**<u>माननीय सभामुखः</u>**माननीय सदस्यहरू अब कर्णाली प्रदेशसभा सदस्य माननीय श्री नरेश भण्डारीलाई सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८ माथि सामान्य छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धका सन्दर्भमा जवाफ दिन समय दिन्छु ।

**<u>माननीय नरेश भण्डारी:</u>**माननीय सभामुख महोदय, कर्णाली प्रदेश नेपाली भाषा सभ्यता र संस्कृतिको उद्‌गम प्रदेश हो । जुन हाम्रो सुखद् र खुसीका लागि एक अवसर हो । विडम्वना यस अवसरलाई हामीले उपयोग गर्न अरूची देखाईरह्यौं । नेपालको मूल सभ्यता सिंजा सभ्यतालाई केवल पढिरह्यौं मात्र टुलुटुलु हेरिरह्यौं, परिणामतः सिंजा सभ्यता ओझेलमा परिरहयो । विदेशी भाषा संस्कृति र सभ्यताको अतिक्रमण भोगीरहेका

छौं भाषा सभ्यता र संस्कृतिको विनासले सम्बन्धित सामाजिक संरचनाको विगठन हुने, वास्तविकतालाई निरधङ्ग गरेर भाषा सभ्यता र संस्कृतिको विकासका लागि विशेष कानून र संरचना निर्माणका लागि यो विधेयक ल्याइएको छ कर्णाली प्रदेशसभा प्रस्तुत सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८ सङ्घीय व्यवस्था स्थापना पश्चात् प्रदेशसभा सदस्यले नेपालका प्रदेशसभा मध्ये कर्णाली प्रदेशसभामा पेश गरेको सिंजा सभ्यता विधेयक नेपालकै पहिलो ऐतिहासिक गैरसरकारी विधेयक बनेको छ । कर्णाली प्रदेशसभामा नयाँ र मौलिक अभ्यासको थालनी भएको छ । प्रथमतह विषयवस्तुका दृष्ठिले मात्रै होइन प्रस्तुति अग्रताका दृष्टिले पनि ऐतिहासिक बनेको विधेयकलाई यो चरणसम्मपुऱ्याएर माटोको लागि योगदान गर्ने यो ऐतिहासिक अवसर प्रदान गर्ने, माननीय मुख्यमन्त्रीज्यू, सभामुखज्यू, प्रदेशसभाका सभामा प्रतिनिधित्व गर्ने विभिन्न दलका नेताज्यूहरू कार्यव्यवस्था परामर्श समितिका माननीय सदस्यज्यूहरू जुम्ला जिल्लाबाट प्रतिनिधित्व गर्ने माननीयज्यूहरू, सविचालयका सचिव एवम् कर्मचारीहरू,विज्ञहरू,कर्णालीवासीहरू विधेयक मस्यौदामा सहयोग गर्ने व्यक्तिहरू, आजको छलफलमा भाग लिएर विधेयकलाई परिष्कृत बनाउन सघाउने समस्त माननीयज्यूहरूप्रति हृदय देखि आभार प्रकट गर्न चाहन्छु । साथै ज जसले जहाँबाट जसरी यो विधेयकमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान गर्नुभयो उहाँहरू पनि धन्यवादको पात्रहुनुहुन्छ । संविधानको अनुसुचि-५ अन्तर्गत प्रदेशको अधिकारको सूचीको क्रम संख्या १८ मा उल्लिखित विषयहरू भित्र रही विधेयकका उद्देश्यहरू कार्यान्वयन गर्ने यस विधेयकका कानूनी नीति तथा संरचनागत व्यवस्था गरिएको छ । विधेयकमा माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा नीति निर्माण गर्ने सर्वोच्च निकाय, सिंजा सभ्यता संरक्षण तथा विकास सभा, कार्यान्वय प्रक्रिया निकाय, सिंजा सभ्यता विकास प्राधिकरण तथा कार्यकारी परिषद्को व्यवस्था गरिएको उपाध्यक्ष कार्यकारी निर्देशक र कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउने विधेयकको कार्यान्वयमा सालबसाली रूपमा आर्थिक व्ययभार पर्ने प्रावधान राखिएको सङ्घीय कानूनसँग नबाझिनेगरी परिच्छेद ६ दफा ३३ मा संरक्षित यस ऐतिहासिक महत्त्वको विधेयक पारित गरेर नेपालको मूल सभ्यता सिंजा सभ्यताको उद्‌गमस्थल जुम्ला जिल्ला स्थित सिंजा क्षेत्र र सिंजा क्षेत्रसँग सम्बन्धित कर्णालीका अन्य भूभाग र ऐतिहासक, सांस्कृतिक, सामाजिक, पुरातात्त्विक, धार्मिक एवम् भाषिक पर्यटन प्रवर्धन गरी आर्थिक समृद्धि तथा खुसी हाँसिल गर्ने कर्णालीवासीको उत्कठ अभिलाषालाई न्याय गर्न यहाँहरू समस्तबाट थप योगदानको अपेक्षा गर्दछु । उत्पत्ति कर्ता म भए पनि यो विधेयक केवल मेरो

मात्र होइन । सरकार एवम् सम्पूर्ण प्रदेशसभा सदस्यज्यूहरूको साझा विधेयक हो भन्ने मेरो बुझाइ रहेको छ । आम कर्णालीवासी तथा यस विधेयकका उद्देश्यबाट प्रभावित सम्पूर्ण नेपालीहरूले अपनत्व लिई हाम्रा पुर्खाले हामीलाई हस्तान्तरण गरेको यो उपहार कर्णालीवासीको सुख समृद्धि एवम् गौरवको आधार सिंजा सभ्यताको संरक्षण र विकासका लागि विलम्ब भइसकेको छ एउटा नयाँ सोचले गरिबीको जन्जिर तोडेर सुख र खुसीको संसार निर्माण गरेको दृष्टान्तले हामीलाई उत्प्रेरित गर्दैपर्छ कानून र नीति निर्माणको मुख्य जिम्मेवारीका साथ संसद्मा प्रतिनिधित्व गर्ने, जनप्रतिनिधिहरू बजेट विनियोजन गर्ने कार्यापालिकिय क्षेत्रमा आफूलाई व्यस्त गराइको आलोचनाबाट मुक्त हुने अवसरको ढोका यस विधेयकले खोल्ने कुरा आभाष लिएको छु । अन्तमा छलफल प्रक्रियामा सहभागी हुने सम्पूर्ण माननीयज्यूहरूप्रति आभार व्यक्त गर्दछु यसमा खासगरी माननीय सदस्यहरूले केही प्रश्नहरू, केही जिज्ञासाहरू केही सुझावहरू र केही धारणाहरू प्रकट गर्नु भएको छ । अलग अलग रूपमा भन्दा पनि मैले अघि व्यक्त गरेको धारणामा छुटेका विषयहरू उपरमैले प्रष्टिकरण यहाँहरूको बिचमा मैले राख्नेछु । खासगरी यो छलफलमा मानासिंह रखाल, माननीय दानसिंह परियार, माननीय पद्मा खड्का, माननीय करविर शाही र माननीय सीता नेपाली सहभागी भएर आफ्ना महत्त्वपूर्ण धारणासुझाव दृष्ठिकोण र मुद्दाहरू उहाँहरूले त्यो सैद्धान्तिक नीतिगत र संरचनागत ढङ्गले उहाँहरूले प्रस्तुत गर्नु भएको छ । यसका लागि म उहाँहरूप्रति आभार प्रकट गर्न चाहन्छु ।

यो केही मैले जवाफ दिनुपर्ने बाँकी कुरालाई मैले एसेप्ट पनि गरेको छु केही विषयमा मैले प्रस्ट पार्नुपर्ने विषय पनि छ खासगरी यसको सभ्यतामा सिंजा सभ्यता भनेको यो कुनै क्षेत्रविशेषको सभ्यता पनि होइन यो । यो सिंजा क्षेत्रको मात्रै सभ्यता होइन यो नेपाली भाषा, संस्कृति र सभ्यताको उद्गमस्थल हाम्रो प्रदेश हो यो हाम्रा लागि अघि भने एउटा हाम्रा पुर्खाले छोडेर आएको एउटा सुन्दर उपहार हो । त्यो इतिहास, समृद्धिको एउटा आधार पनि हो । हामीले माल पाएर चाल नपाइरहेको स्थिति छ यो स्थितिको अन्त्य गर्नुपर्दछ । त्यसो भएको हुनाले यो सभ्यताले खासगरी अरूजाति यो कर्णाली प्रदेशमा यो सिंजा सभ्यतासँग प्रत्यक्ष रूपमा नजोडिने जातजातिको बसोबास पनि छ यहाँ उहाँहरूलाई पनि समेट्नुपर्दछ सम्मान गर्नुपर्दछ । यो विधेयकमा उहाँहरूको भावानालाई हामीले कुल्चिने, मार्ने हुँदैन । जस्तो खासगरी एउटा दलित समुदाय यो संस्कृतिको अभिन्न रूपमा जोडिएको यो सभ्यताको अभिन्न रूपमा सम्बन्धित एउटा समुदाय हो त्यो समुदायको भूमिकालाई यसमा सम्बोधन गर्ने कुरामा हामी छलफल

गर्नेछौं । यो सामान्य छलफल भएको छ यहाँहरूको संशोधन पनि आउनेछन् त्यसले यसलाई बढी परिमार्जित परिष्कृत र समृद्ध हामी बनाउँदै जानेछौं । र अर्को कुरा खासगरी यो आर्थिक व्यायभारको कुरा जसरी गरिएको छ यो आर्थिक व्ययभार भनेपछि यो विदेशीहरूबाट मात्रै रकम सङ्कलन गर्ने, डोनेसनमा मात्रै चल्ने संस्था कदापिहोइन यो एउटा खोषको व्यवस्था गरिएको छ त्यो खोषमा प्रदेश सरकार, नेपाल सरकार, स्थानीय सरकारका अधिरिक्त वैदेशिक सहयोगको लागि पनि हामीले ढोका खुला गरेका छौं । त्यसो भएको हुनाले हामीले यो विधेयक त्यही रूपमा बुझ्नको लागि म माननीयज्यूहरूलाई म अनुरोध गर्न चाहन्छु । अटोनोमस संस्थाहरू जे जति नेपालमा छन् त्रिभूवन विश्वविद्यालय देखि लिएर नेपालका विश्वविद्यालयहरू, प्रतिष्ठानहरू, विश्वविद्यालय स्तरका प्रतिष्ठानहरू र जो जति अटोनोमस संस्थाहरू छन् उनीहरू अटोनोमस भनिए पनि तर नेपाल सरकारले उनीहरूका उद्देश्य कार्यान्वयनका निमित्त प्रत्येक वर्ष बजेट विनियोजन गर्छ नै । यहाँले त्यही रूपमा बुझिदिनुपर्ने छ र यसले पनि आम्दानी एक परकारले पर्यटन प्रवर्धन गरेर यसको ऐतिहासिक धार्मिक सांस्कृतिक, पुरातात्त्विकपुरातात्त्विक भनेको एउटा पक्ष हो कयौं संस्थाहरूका पुरातात्त्विक महत्त्वसँग जोडिएका पुरातात्त्विक विषयसँग जोडिएका कामहरू थप्रै संस्थाहरूले गर्छन् तर त्यसले पुरातत्त्व विभागसँग चाहिँ अनुमति लिनुपर्छ त्यस्तै एउटा पुरातत्त्वसँग सम्बन्धित मात्रै काम यसको होइन एउटा कम्पोनेन्ट त्यसको हो । यो संस्थाको यो विधेयकले समेट्नुपर्ने एउटा कम्पोनेन्ट मात्रै हो । यसले अन्य संस्थाहरूसँग चाहिँ समन्वय गरेर अगाडि बढ्नुपर्ने हुन्छ यहाँहरूले त्यही रूपमा बुझिदिनुपर्ने छ । र त्यसैगरेर यो म के भन्छु भने हामीले यो लुम्विनीको विवाद हेयौं गौतमबुद्ध इन्डियामा जन्मेका हुन् भनेर एक प्रकारले भारतले दावी गर्‍यो हामीले हाम्रो लुम्बिनीको पनि व्यवस्थित ढङ्गले प्रचार प्रचार गर्न सकेका रहेनछौं त्यो एउटा बिडम्वना हो । लुम्विनी खोसिने खालको स्थिति भयो । सगरमाथाको सन्दर्भमा कैयन समय विवादहरू आए । र हाम्रो सभ्यता हाम्रो संस्कृति अहिले अतिक्रमणको चपेटामा छ । यो नेपालको मूल सभ्यता हो । विश्वका मूल सभ्यताहरू वास्तवमा अनुसन्धान गर्ने हो भने विश्वका मूल सभ्यताहरूसँग सिंजा त्यो पङ्क्तिमा पर्छ । त्यसो हुँदाखेरि हामीले हाम्रै इतिहासलाई नै बुझ्न सकेनौं भने कर्णाली प्रदेशमो मौलिक पहिचानलाई, कर्णाली प्रदेशको इतिहासलाई हामीले बुझ्न सकेनौं भने यो एउटा विडम्बना हुन्छ । यो विडम्बनाको अन्त्य गर्नका लागि यहाँहरू सबैलाई सहयोगको म अपेक्षा गर्दछु र हामीले अकुपाईट माइन्डबाट हैन एउटा फ्रेमबाट छलफल नगरौं पूर्व निर्धारित धारणाभन्दा पनि अलि फ्रेस माइन्डले

डिसकर्सन गरौं पूर्व निर्धारित एउटा फ्रेमबाट डिस्कस गरौं भने यो रहँदैन समृद्धि त त्यो खाली मृग दिशामा मात्रै हुन्छ यो सङ्घीयताको कुनै अर्थ हुँदैन त्यसो भएका हिसाबले हामीले प्रेस ओपन माइन्डले डिस्कसन गरौं के गर्दा राम्रो हुन्छ के गर्दा सुखारी कर्णालीवासीको संङ्कल्पले सार्थकता पाउँछ त्यो विषयमा बहस गरौं म तपाईंहरूलाई भनौं कि थुप्रै त्यस्ता सभ्यताहरू छन्, थुप्रै त्यस्ता संस्कृतिहरू छन् जो पुर्नउत्थान गर्नुपरेको छ । इजरायल यहुदीहरूको मसानघाट चिहानबाट जन्मेको देश, सन् १५०० मा हिउरो भाषा लोप भइसकेको थियो। हिटलरले ठूलो मेसेघात गरिसकेपछि संस्कृति सभ्यताको लोप भयो त्यहाँ चाहिँ फेरि त्यो देशले पुर्नस्थापित गर्‍यो। एउटा सानो देश ८० लाख जनसंख्या भएको देशमा २०० ओटा म्यूजियमहरू छन् यहाँ पनि यो अन्तर्गत थुप्रै प्रोजेक्टहरू छन् यी सबै प्रोजेक्टहरूको विषयमा यहाँहरूको माझमा म भन्न असमर्थ छु । अघि अन्य जातिका लागि के हो त यो सभ्यतासँग केही डिफल्ट अथवा यो सभ्यतासँग नजोडिएका नेपालका अन्य भाषाभाषीहरू, जातजातीहरूका लागि के गर्ने भन्ने प्रश्नको जवाफ पनि हामीले दिनुपर्छ । त्यो रूपमा यहाँहरूले बुझिदिनुपर्नेछ, यो सरकारले मात्रै विधेयक ल्याउने हो हामीले थपडी बजाउने हो सरकारले भनेका सबै कुराहरू अकाटे हुन्छन् त्यहाँ हामीले दस्तखत गर्नै पर्छ भन्ने मानसिकताभन्दा एक जना सांसदले पनि नयाँ दृष्टिकोण ल्याउन सक्छ । नयाँ कानूनका निम्ति उसले परिकल्पना गर्न सक्छ । त्यो संवैधानिक व्यवस्थाअनुसार भन्ने कुरामा विश्वास गरौं कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान सुरु गर्दाखेरि कसैले पत्याएको थिएन। एउटा डाक्टर नबस्ने ठाउँमा कर्णालीमा जहाँ पोष्टमार्टमको लागि आकाशतिर हेर्नुपर्थ्यो कतिबेला डाक्टर आउला र पोष्टमार्टम गरिसकेपछि आफन्तको दाहासंस्कार गरौंला भन्ने कुराले नागरिकहरू एकोहोरो आकाशतिर हेर्थे मुसलधारेपानी परिरहेको हुन्थ्यो थुप्रैले अस्वीकार गरे कि जुम्लामा पनि मेडिकल युनिभरसिटी लेबलको संरचना बन्न सक्छ एमबिबिएस सुरु भइसक्यो, एमडि सुरु भइसक्यो विश्वका डाक्टरहरू उत्पादन गर्न सुरु गरिसक्यौं । हामीले त्यसो हुँदाखेरि सकिन्छ सम्भव छ, हिँडे पुगिन्छ छरे उम्रिन्छ रोपे फल्छ एउटा संङ्कल्पको खाँचो हुन्छ सकारात्मक दृष्टिकोणको खाँचो हुन्छ यो विधेयक सबै माननीयज्यूहरूको विधेयक हो भनेर मैले बुझेको छु । सरकारको पनि विधेयक हो भन्ने मैले बुझेको छु । त्यही रूपमा यहाँहरू बुझ्नु हुनेछ भन्दै पुनः यहाँहरूप्रति म हार्दिक आभार प्रकट गर्न चाहन्छु । र म आफ्नो प्रष्टीकरण विट मार्ने अनुमति चाहन्छु, हवस् धन्यवाद ।

**<u>माननीय सभामुखः</u>** माननीय सदस्यहरू कर्णाली प्रदेशसभा सदस्य माननीय श्री नरेश भण्डारी सभामा प्रस्तुत गर्नु भएको सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८ माथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधि नियम १०९ को उपनियम १अनुसार सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८ मा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीयज्यूहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू अब यो बैठक २०७८ साल माघ २६ गते बुधवार दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।

नवौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७८ माघ २६ गते

बुधवार

(बैठक संख्या-८)

<u>राष्ट्रिय गान,</u>

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको आठौं बैठकको कार्यवाही प्ररम्भ हुन्छ । केहो माननीय सदस्य ? १ मिनेटमा राखौं माननीय सदस्य

<u>माननीय श्री गुलावजंग शाहः</u> माननीय सभामुखज्यू समयको लागि धन्यवाद, सभामुखज्यू नेकपा एमालेले संसद्मा आफ्ना कुराहरू लामो समय देखि राख्दै आएको थियो । संसद्मा यसभन्दा पहिला सरकार पक्ष र नेकपा एमालेले उठायका धेरै विषयवस्तुमा संसद्मै माननीय मुख्यमन्त्रीज्यूले आफ्ना ७ बुदे प्रतिबद्धता पनि जाहेर गरेको कुरा हामी सर्वविदितै छौं । माननीय सभामुखज्यू, आज भन्न चाहन्छु कि हामीले नेकपा एमालेले उठाएकाविषयवस्तु र सरकारले प्रतिबद्धता ७ बुदे अहिलेसम्मन कहाँ पुग्यो ? सभामुखज्यूमार्फत् भन्न चाहन्छु कि सरकारले प्रतिबद्धता गरेको छ । ७ बुँदे सम्झौता गरेको छ तर यसको कार्यन्वयनको पाटे कहाँ पुग्यो सभामुखमार्फत् भन्न चाहन्छु कि ७ बुँदे प्रस्ताव कहाँ पुग्यो ? सरकारले भोलिका दिनसम्मन कहाँ कति कार्यन्वयन भएको छ ?संसद्मा जानकारी गराओस् भन्ने कुरा जानकारी गराउन चाहन्छु, धन्यवाद।

<u>माननीय सभामुखः</u> १ मिनेट माननीय सदस्य

<u>माननीय श्री दल रावलः</u> समयका लागि धन्यवाद, माननीय सभामुखज्यू हिजो मात्र बीबीसी नेपाली सेवाले एउटा रिपोर्ट सार्वजनिक गरेको छ । यो हाम्रो मित्र राष्ट्र चिनसँग जोडिएको हुम्ला जिल्लाको सिमाको कुरालाई लिएर नेपाल सरकारले एउटा समिति बनाएको थियो ७३ मा बनाएको समितिले चाहिँ मिचिएको छैन भन्याछ । यो समितिले सिमामा समस्या छन् र विशेष गरी किड क्षेत्र किड भनेको हाम्रो हिल्साभन्दा उता पर्छ किड क्षेत्रमा नहर बनाको थियो रैछ पछि हाम्रो चाहिँ प्रहरीले निगरानी गरेपछि त्यो नहर भत्काइएको देखियो । यस्ता यस्ता यो सिमामा समस्या छन् भन्ने कुरासहितको प्रतिवेदनमा आका कुराहरू चाहिँ बीबीसी नेपाली सेवाले हिजो मात्र सार्वजनिक गऱ्याछ । माननीय सभामुखज्यूमार्फत् यो सम्मानित सदनमार्फत्सङ्घीय सरकारलाई र हाम्रो कर्णाली प्रदेश सरकारमार्फत् पनि यो प्रतिवेदन गोप्य राख्नका

लागि त किन त्यत्रो खर्च गरेर अध्ययन गरिएको होला छिटोभन्दा छिटो सार्वभौम नेपाली जनताले थाहा पाउने गरी सार्वभौम कर्णालीवासीले थाहा पाउने गरी र हुम्लाबासीले थाहा पाउने गरी सार्वजनिक गरियोस् । यदि समस्या छन् भने मित्र राष्ट्र चिनसँग कुटनीति पहल गरेर (माननीय सभामुख सकौं माननीय सदस्य) त्यसको समाधान गरियोस् भन्ने चाहिँ अनुरोध गर्न चाहन्छु धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू माननीय श्री अमृता शाहीलाई नेपाली काँग्रेस प्रदेशसभा संसदीय दलको सचेतकमा तोकिएको भनी नेपाली काँग्रेस प्रदेशसभा संसदीय दलको कार्यालयको चलानी नम्बर २२ पत्र संख्या २०७८/०७९ मिति २०७८ माघ २४ गतेको पत्र सचिवालयमा प्राप्त भएको व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली, २०७४को नियम ११ को उपनियम २ बमोजिम सभामुखको उपसभामुखको अनुपस्थितमा बैठकको अध्यक्षता गर्न प्रयोजनका लागि निम्न लिखित ५ जना माननीय सदस्यहरूलाई मनोनयन गरेको छु ।

१. माननीय श्री दीनबन्धु श्रेष्ठ
२. माननीय श्री देवी ओली
३. माननीय श्री मिना सिंह रखाल
४. माननीय श्री रातो कामी
५. माननीय श्री सोशीला शाही

माननीय सदस्यहरू उक्त मनोनयनलाई सहमति जुटाई दिन अनुरोध गर्दछु, जनाई दिन हुन माननीय सदस्यहरू, उक्त मनोनयनलाई सभाले सर्वसम्मती भएको घोषणा गर्दछु। माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीलाई कर्णाली प्रदेश सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमाथि सामान्य छलफलका लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

<u>आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाही</u>ः माननीय सभामुख महोदय संविधान प्रदत विचार तथा अभिवृद्धि स्वतन्त्रतालाई सुनिश्चित गर्न सूचना प्रविधि तथा आमसञ्चारविकास गरी सर्वसाधारणसम्म पहुँच पुऱ्याउन आम सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा अभद्र जनशक्तिको व्यवसाय क्षमताको अभिवृद्धिका लागि अध्यन अनुसन्धान र प्रशिक्षणको व्यवस्था गर्न कर्णाली सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापनाको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले सभामा टेबुल भई सक्यो। कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न

बनेको विधेयक कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सामान्य छलफल गरियोस् भनी सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद

**<u>माननीय सभामुखः</u>** माननीय सदस्यहरू कर्णाली प्रदेश सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमाथिको सामान्य छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूका लागि समय निधारर्ण गरेको छु । माननीय सदस्यहरू कर्णाली प्रदेश सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमाथिको सामान्य छलफल आजै अ समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले सभामुखको ड्यासको दायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला । सर्बप्रथम माननीय श्री गुलावजंग शाह समय७ मिनेट

**<u>माननीय श्री गुलावजंग शाहः</u>** माननीय सभामुखज्यू आज म कर्णालाी प्रदेश आन्तरिक मामिला मन्त्रीज्यूले पेश गर्नु भको यो सञ्चारसम्बन्धी कर्णाली प्रदेश सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापना सम्बन्धीको विधेयकमा सामान्य टिप्पणी गर्न रोस्टममा उभिएको छु । अब लाग्छ सरकारले समय सन्दर्भ वास्तवमा अत्यन्त महत्त्वपूर्ण यो प्रतिष्ठान गठन गर्ने प्रक्रिया सुरु गरेर अत्यन्तै यसलाई महत्त्वका साथ हेरेको छ र हेरोस भन्ने कामनाका साथ आफ्ना यो यसमा विधेयकमाथि आफ्ना केही भनाइ टिप्पणी गर्न चाहन्छु । सभामुख महोदय,सञ्चार यस्तो विषय हो जसले संवैधानिक व्यवस्थाअनुसार पनि यसले राज्यमा धेरै ठुलो सकस यसले राख्छ । यो प्रतिष्ठान गठन गरेर हामीले जुन खालको ढङ्गले यसले महत्त्वको साथ रास्ट्रिय रूपबाट अन्तर्राष्ट्रिय रूपबाट यो प्रतिष्ठान गठन भईसकेपछि यसको इम्पोटेसन यसको महत्त्वका साथ सरकार अगाडि बढ्न खोजेका कारण कर्णाली प्रदेशले पनि त्यो खालको आयोजना भोलिका दिनमा सुरुवात गर्न छ र यसलाई महत्त्वका साथ मिडियालाई महत्त्वका साथ हेर्ने छ र हेरोस् भन्ने साथ आफ्नो भनाइराख्न चाहन्छु । खास गरी सभामुख महोदय आम सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा काम गर्ने जनशक्तिको दक्षता अभिवृद्धि गर्ने सन्दर्भमा आएको यो विधेयक समय सान्दर्भिक छ । वस्तुगत छ दक्ष जनशक्तिको अभावमा आम सञ्चार र सूचना प्रविधि क्षेत्रमा हाल भईरहेको वेथिति र विसङ्गतीलाई यस्ता प्रकारको प्रतिष्ठान स्थापना पछि हुने तालीम प्रशिक्षणले सुधारात्मक बाटोमा लैजाने मदत गर्ने भन्ने कुरा मेरो ठम्याई छ । विधेयकका प्रस्तावमा उल्लिखित विषयहरू असल उद्देश्यका साथ असल मनसायका साथ असल उद्देश्यका साथ सान्दर्भिक रहे पनि तर यसमा कतिपय प्रावधानले अन्योल सिर्जना गरेको छ यसमा जे

कुरा लेखिएको छ यसमा अन्योल सिर्जना गरेको छ । विधेयकमा स्पस्ट र सान्दर्भिक तपसिलका विषयलाई संसोधन गरेपछि मात्र यसको प्रस्तावनाको उद्देश्यसँग मेल खाने छ भन्ने कुरा प्रस्ट पार्न चाहन्छु । नम्बर १ यो विधेयकमा उल्लिखित आम सञ्चार तथा सूचना प्रविधि प्रतिष्ठान प्रदेश सरकारको पूर्ण नीति र निर्देशनमा मात्र सञ्चालनमा हुने परिकल्पना गरेको छ । यस्ता प्रकारका एकेडेमी प्रतिष्ठानलाई सरकारले पूर्ण नियन्त्रण राख्नु न्यायोचित हुँदैन । २५ टन भनेको वास्तवमा तालीम सेमिनार गोष्ठी यसको वृद्धि विकास सरकारको नियन्त्रणमा राख्नु यो राम्रो कुरा होइन एक नम्बर २ आम सञ्चार सूचना प्रविधिमा कार्य जनशक्ति क्षमता तर दक्षता अभिवृद्धि गर्ने विशुद्ध प्राकृतिक थलोको रूपमा विकास गर्ने मूल उद्देश्यसहित गठन हुने प्रतिष्ठानलाई सञ्चार माध्यमको अभिलेख विज्ञापन वितरण जस्ता व्यावसायिक कामको जिम्मा दिनु यसको प्रस्तावना विपरीत छ । सञ्चार माध्यमको अभिलेखीकरण, विज्ञापन वितरण जस्ता र अन्य व्यवस्थापकीय कामहरू छुट्टै संरचनामार्फत् गराउनु उपयुक्त हुन्छ है यो प्रतिष्ठानलाई विशुद्ध प्राज्ञिक थलोको रूपमा एकेडेमी इन्स्टिच्युटको रूपमा स्थापना गर्न राम्रो हुन्छ । ३ प्रतिष्ठानको गठनको सन्दर्भमा मन्त्री आफैं अध्यक्ष हुने गरी गरेको व्यवस्थापनले यसको स्वायत्तता संप्रेसण कसरी हुन सक्छ स्वायत्तता कायम रहदैन भन्ने मेरो ठम्माई छ । यसको अध्यक्षता मन्त्रीले गर्दा त्यसको चाहिँ सोभरेन्टी प्रतिष्ठानको हुन्छ जस्तो मलाई लाग्दैन। प्रदेश आयोजना आयोगको सदस्य र मन्त्रालयको दुई जना सचिव सदस्य रहने व्यवस्थाले यो कुनै प्रतिष्ठान होइन सरकारी संयन्त्रको रूपमा चित्रित हुन्छ तसर्थ यसमा सरकारीभन्दा सरोकारवालाको अधिक्तम प्रतिनिधित्व रहने गरी संरचना तयार गर्नुपर्छ । सरकारकोभन्दा सरोकारवालाको यसमा चाहिँ पार्टिसिपेसन भो भने पछि यो प्रतिष्ठान राम्रो ढङ्गले बन्न सक्छ । ४ यो प्रतिष्ठान आफैंमा प्राज्ञिक थलो हो देश विदेश ज्ञान सिप आर्जन गर्न गराउने सक्ने प्राज्ञिक थलोको रूपमा यसलाई विकास गर्ने उद्देश्य राखिएको छ । यस्तो प्राज्ञिक प्रतिष्ठानको सञ्चालन गर्ने नेत्वृको योग्यता दक्षता र योग्यता दक्षता पनि अन्तर्राष्ट्रिय माप दण्डअनुसारहुनुपर्छ । यसको यहाँ भित्र बस्ने यसको चाहिँ कार्यकारणी प्रमुखको भूमिका रहने यसको चाहिँ कम्तीमा न्यूनतम रिक्वारमेन यसमा चाहिँ ग्राजुयट व्याचुलर राख्याछ यसमा स्नातकोत्तर राख्दा राम्रो हुन्छ भन्ने मेरो सुझाव छ । प्रतिष्ठान व्यवस्थापन गर्न लागेको उल्लखनीय कार्यकारी निर्देशकको योग्यता र अनुभव विधेयकको प्रस्तावनामा मेल खादैन । ५ विधेयको विधायिकाले बनाउने कुनै पनि कानून यो विधायिकाले बनाउने कुनै पनि कानून सरोकारवालाको वृहतर हितमा हुनुपर्छ भन्ने मेरो ठम्माई छ । यो विधेयक

संसद् सचिवालयमा दर्ता भइसके पछि सरोकारवाला व्यक्ति र संस्थाहरूको आलोचनात्मक टिका टिप्पणी बाहिर सार्वजनिक भएका छन् । विधेयकलाई अझ उत्कृष्ट बनाउन सरोकारवाला प्रत्रकार महासङ्घ र यस क्षेत्रसँग विज्ञहरूसँग छलफल र परामर्शका आधारमा यसमा व्यापक संशोधन जरुरी देखिन्छ । तसर्थ यसलाई सरोकारवालाको छलफल र सुझावका आधारमा मात्रै पारित गर्नु उचित हुन्छ र यो विधेयक सैद्धान्तिक टेबुल भईसके पछि व्यवस्थित ढङ्गले समितिमा जानेछ र समितिमा गई सके पछि समितिमा सरोकारवाला मान्छेहरूलाई, सरोकारवाला व्यक्तिहरूलाई व्यापक छलफलमा लगेर यसलाई एउटा कानूनको रूपमा ल्याईयो भने पछि यो पूर्ण हुने छ । यसले यो सञ्चार विधेयक बनिसके पछि मलाई लाग्छ यसले धेरै आम सञ्चारको हितमा काम गर्ने छ भन्ने कुरा विस्वास छ यहीं विस्वासका आधारमा आफ्ना कुरा भनाइ टुङ्गाउन चाहन्छु, हस्त धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री मिनासिंह रखाल समय सात मिनेट

<u>माननीय श्री मिनासिंह रखालः</u> सभामुख महोदय आजको यो बैठकमा कर्णाली सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्ने बनेको विधेयक २०७८ वैशाख १४ गते टेबुल भएको थियो र हामीले त्यति खेरै किताबहरू प्राप्त गरेका थियौं र आज हामीले यसमा भाग लिदै गर्दा संविधान प्रदत् विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई शुनिश्चित गर्दै सूचना प्रविधि तथा आम सञ्चारको विकास गरी सर्वसाधारणसम्म पहुच पुऱ्याउने आम सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा आबद्ध जनशक्ति व्यवसाय क्षमताको अभिवृद्धिका लागि अध्यन अनुसन्धान प्रशिक्षणको व्यवस्था गर्न र कर्णाली सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापनाको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले कर्णाली सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमा पेश गरेको छु भनेर हाम्रा पूर्व मन्त्री माननीय नरेश बहादुर भण्डारीबाट टेबुल गरेको यो विधेयकमाथि हामी छलफलमा भाग लिदै गर्दा सञ्चार भन्ने कुरा यस्तो होकि हरेक ठाउँमा आज राष्ट्रिय अन्तर्राष्ट्रियबाट पनि हामीले यहाँबाट सूचना प्राप्त गर्न सक्ने भएका छौं विगतमा हामी जन्मनुभन्दा अगाडि र अथवा हामी जन्मिदा खेरीको पनि एउटा सूचना कस्तो थियो भनी त्यो पूर्वकाल पनि भन्न मिल्दैन त्यो हाम्रै पालामा पनि सूचना गर्नु पऱ्यो भने कटुवालेले बोलाउनु पर्थ्यो किन भने हामीसँग त्यस्ता किसिमका प्रविधिहरू थिएनन् के आज हामी मोबाइलबाट सूचना प्राप्त गर्ने गरेका छौं । हामीले आज नेट इन्टरनेटबाट सूचना प्राप्तगरेका छौं। आज कसले कसरी ? कस्तो खायो ? कसरी हिंडेको छ ? कसरी बोलेको छ ? भन्ने

पनि हामीले सूचनाबाट खबर प्राप्त गरेका छौं भने त्यो देखेर हामी कटुवालेबाट सूचना प्राप्त गर्थ्यौं र आज धेरै प्रविधिहरूको विकास भईसकेको छ धेरै प्रविधिको कारणले गर्दाखेरि पनि आज घरैबाट घरमै बसी बसी पत्रपत्रिका हेर्ने सूचना पढ्ने सूचना सुन्ने, हिजो मात्र कसले के बोल्यो भन्ने कुराहरू आज हामीले प्राप्त गर्ने मौका अवसरहरू पाएका छौं यस्तो बेलामा हाम्रो कर्णाली प्रदेशमा सूचनाको हक सम्बन्धी आम सञ्चारसम्बन्धी जुन यो विधेयक आएको छ यो सारै सान्दर्भिक पनि छ र यसले यो विधेयकले चाहिँ यो एउटा प्रतिष्ठान स्थापना गरेर र मन्त्रीको अध्यक्षतामा समिति गठन गरेर र यसलाई अगाडि बढाउने जुन कुराहरू गरेको छ । यो केही समयको लागि ठिक छ यसलाई हामीले दुरूपयोग हुनबाट बचाउनको लागि र यो सत्य सही सूचनाहरू प्रसारण गर्नको लागि र सत्य सूचनाहरू प्राप्त गर्नको लागि यलाई आवश्यकता पनि म ठान्दछु । र सूचना नै प्राप्त गर्नेको नाममा आज विभिन्न अवैधानिक तरिकाले दर्ता नभएका पत्र पत्रिकाहरू दर्ता नभएका युटुब च्यानलहरू विभिन्न यस्ता किसिमका च्यानलहरू पनि मान्छेहरूलाई भ्रम फिजाउने सही सावित नहुने र कुनै किसिमका कार्यवाहि गर्न खोज्दाखेरि पनि त्यसको आधिकारीता नहुने त्यस्ता किसिमका सूचनाहरू पनि हामीले प्राप्त गरेका छौं । र हामीले नचाहदा नचाहदै पनि युटुबहरूमा पनि राखेको देखिएको छ र चाहाना गर्न व्यक्तिले चाहदा पनि नरहेको अवस्था छ । आज पत्र पत्रिकाका कुराहरू गर्दाखेरि अथवा हामीले ती टेलिभिजनकै कुराहरू गर्दाखेरि पनि कस्तो देखिन्छ भने पछि अव्यावहारिक तरिकाले गोप्य चोप्यमा चाहिँ क्यामराबाट खिच्ने र अनि त्यसलाई बाहिर प्रसारण गर्ने पनि गरिरहेको अवस्था देखिएको छ त्यसैले यो कर्णाली प्रदेशमा यो एकदमै आवश्यकताको कुरा हो हामीसँग दुर्गम जिल्लाहरू छन अहिलेसम्म विद्युत पुगेको ठाउँ छैन अहिलेसम्म कुनै टावरहरू बनेका छन हुम्ला जुम्ला कालिकोट दैलेखका यहीं सुर्खेतमा पनि त्यस्ता किसिमका सूचना प्राप्त गर्न गाह्रो भइरहेको टावर नपुगेको ठाउँ छ र यसरी हामीले यो सूचना प्राप्त गर्न थाल्यौं भने सूचनाको प्रचार प्रसार अगाडि बढाउन थाल्यो भने सायद पहिला प्रथम त हामीले टावरको विद्युतको व्यवस्था गर्नु पर्ने पनि हुन आउछ । त्यसैले यो प्रतिष्ठानबाट जुन कुराहरू लेखिएका छन जुन कुराहरू यहाँ भनियका छन यो चाहिँ सान्दर्भिक छ यसलाई कुनै किसिमको दुरूपयोग नगरेर यसलाई चाहिँ छलफलमा ल्यायर हामीले यसलाई यस प्रस्थापनालाई अगाडि सार्न जरुरी ठान्दछु आज हामी सूचनाबाट यो कर्णाली प्रदेशमा धेरै कुनामा बस्ने मान्छेहरू अझै पनि वञ्चित रहेको कुराहरू पनि म यहाँ जानकारी गराउन चाहन्छु । आज फोन हातमा हुँदा हुँदै पनि टावर नभएको कारणले बिद्युत

नभएको कारणले मान्छेहरूले एक अर्कामा समाचारहरू पठाउन सकिरहेका छैनन् त्यसैले यो जुन विधेयकहरू यहाँ चाहिँ पेश गरिएको छ । यो विधेयकलाई चाहिँ मैले समर्थन गर्दै मेरा आफ्ना दुइटा कुराहरू यहीं राख्न चाहन्छु हस् धन्यवाद ।

**मानननीय सभामुखः** माननीय दल रावल समय ७ मिनेट

**माननीय श्री दल रावलः** सभामुख महोदय यो सञ्चार प्रतिष्ठान विधेयक हाम्रो प्रदेश सरकारले टेबल गरेको छ आजको दुनियामा सायिन्स टेक्नोलोजीको दुनियामा मास कम्युनिकेसनको अत्यन्तै महत्त्व बढेको बेला यो विधेयक अत्यन्तै समय सान्दर्भिक छ। र यलाई चाहिँ हामीले अझ पनि परिमार्जित अझ पनि राम्रो गर्ने सक्यै भने यसले भोलिको कर्णालीको टेक्नोलोजीको सेक्टरमा कर्णालीको मास कम्युनिकेसनको सेक्टरमा यथार्थ फरक र क्षमतावान प्रोफोशनलहरूलाई हामी जन्माउन सक्छौ । यसको उद्देश्य यो विधेयकको उद्देश्य पढ्दाखेरि सरसरती यसको पृष्ठ केरे माथि व्याकग्राउण्ड पढ्दाखेरि प्रस्तावना पढ्दाखेरि निकै राम्रो छ । पछाडि गएर विधेयक अलिकति बिग्रिन थाल्याछ फेरि अब त्यो हामी अलि अलि हतार हतारमा पनि विधेयक बनाउछौं कतिपय यो प्रोफेश्नल मान्छेहरूको पनि त्यहाँ सहभागिताको कमी पनि हुँदो हो यले गर्दाखेरि पनि हामी आफैंले भोग्यको हुनाले समस्या छ तर हामी यो विधेयकलाई व्यापकरूपमा छलफल गर्छौं संशोधन पनि राखौला यसलाई अझ परिमार्जित गरेर राम्रो विधेयक बनाउनु पर्ने हुन्छ होला । सम्बन्धित सरोकारवाला यसका लक्षित समुह को हुन् भन्ने कुरा विशेष गरी त्यो कानून त्यो लक्षित समुहका लागि सम्बन्धित इस्टेगहोल्डरहरूका लागि बनाउने हुनाले त्यो लक्षित समुहको क्षमता विकास गर्छौं कि चाहिँ मासकम्युनिकेसन र इनर्फमेसन टेक्नोलोजीमा जोडिएका मान्छेहरूको चाहिँ पेशागत क्षमता विकास गर्छौं भन्ने यो विधेयकको मूल मोटो, मूल उद्देश्य चाहिँ छ भने हामी पछाडि गएर स्वायत्तताको कुरा गरेझै यो संस्था चाहिँ एकदम अटोनमस छ स्वायत्त संस्था हुन्छ भन्याछौं फेरि पछाडि गएर समिति अघि माननीयज्यूले भनी पनि सक्नु भाछ माननीय मन्त्रीज्यूकै अध्यक्षतामा समिति हुने फेरि सरकारी मेकानिजमले कन्ट्रोल गर्ने बढी एक खालको छ त्यो चाहिँ उपयुक्त हुँदैन मेरो विचारमा यो हामीले त नेपालमा अनुभव पनि गरिसक्यौ नि रेडियो नेपाल, नेपाल टेलिभिजन जो सरकारी सञ्चार माध्यम छ कति फेयर गर्न सक्यौं । त्यसलाई सरकारी उसको आफ्नो पेशागत उ देखाउन खोज्दा खोज्दै पनि हामीले चाहिँ कन्ट्रोल गर्नु पर्ने सरकारबाट नियन्त्रित हुनुपर्ने हैन अवस्था छ । त्यो भको नाताले दुनियामा सरकारले चलाएका मिडियाहरू छन् तर स्वायत्त छन हैन सरकारका कुरा राम्रा कुरा भन्छन् तर जनताका आवाज त्यत्ति कै

बाहिर ल्याउछन् त्यो भको नाताले एक त हाम्रो मासकम्युनिकेसनको जुन क्षेत्र छ अहिले यो मिडियाको क्षेत्र छ । नेपालमा यो के भन्छ हाम्रो मल्टिपार्टी सिस्टम सुर भइसके पछि अत्यन्त राम्रो प्रभावकारी ढङ्गले आको त छ । तर आउन त आयो पेशागत ढङ्गले आउन सक्या अझै पनि छैन कतिपय प्रत्रकारहरूले पत्रकारिता गरेको कतिपय चाहिँ आफूलाई जेमन लाग्यो त्यही लेखिहालेको कतिपय आफ्नो क्षमता देखाउने ठाउँमा चाहिँ अलिकति अर्को ढङ्गले प्रकट गरेको यस्ता यस्ता कुराहरू छन् । त्यो भको नाताले ती मान्छेहरूलाई पनि हामीले राम्रो गरी यो प्रतिष्ठानमा राम्रो प्रशिक्षित गर्ने सक्यौ उहाँहरूलाई एजुकेट गर्न सक्यौ भने एकेडेमिक इन्स्टिच्युट यो इन्चुटेशनको रूपमा विकास गर्न सक्यौं भने यसले चाहिँ ती पेशागत मान्छेहरू ती सञ्चारकर्मीहरूलाई राम्रो वेल क्वालिफाइड बन्न सक्यौं भने त्योबाट आउने चाहिँ राम्रा अनुसन्धानमूलक रिपोर्टहरू सही रिपोर्टहरू साच्चैको आलोचनात्मक टिप्पणीहरू उहाँहरूले लेख्नुहुने छ र हाम्रा चाहिँ हजारौं लाखै जनता चाहिँ यसबाट लाभान्वित हुनेछन । त्यो भएको नाताले यो विधेयकले सोचेको विषयहरू चाहिँ साच्चैको पेशागत क्षमता विकास नै हो हैन कम्युनिकेसन सेक्टरका मान्छेहरू मास कम्युनिकेसन सेक्टरका मान्छेहरूलाई चाहिँ उनीहरूको क्षमता विकास गर्छ भन्ने नै यसको उद्देश्य भको नाताले पछिल्ला मेकानिजमहरू हामीले जे बनाउदै छौं । त्यलाई पनि त्यहिअनुसार बनाउनु पर्छ भन्ने चाहिँ कुरा राख्न चाहन्छु । त्यस पछि अर्को सञ्चार यो सूचना प्रविधि सेक्टरमा काम गर्नेहरूलाई पनि हो यो फेरि प्रत्रकारलाई मात्र हो भन्ने बुझनु भएन मास कम्युनिकेसन मात्र हैन सूचना प्रविधिको सेक्टरमा काम गर्ने मैले अस्ति पनि कुरा उठाए यहाँ माननीय मुख्यमन्त्रीज्यूले त्यसको रेस्पोन्स पनि गर्नु भो मैले आज वेबसाइट हेर्दाखेरि अबडेट छ देखे मैले हैन मैले अस्ति त्यो वेबसाइट हेर्दा मैले देखेको होइन त्यही वेवसाइट मत अलिअलि जान्दछु नि त्यो भको नाताले हाम्रा चाहिँ यो टेक्नोलोजी चलाउने साथीहरू विभिन्न अफिसमा मन्त्रालयमा टेक्नोलोजीमा चाहिँ चलाउने साथीहरू पनि राम्रो राम्ररी उहाँहरूलाई पनि क्षमतावान बनाउन जरुरी छ । त्यो भको नाताले ती प्रविधिसँग काम गर्न साथीहरू पनि क्षमता विकास गर्छ भन्ने यो विधेयकको उद्देश्यमा छ । त्यो भको नाताले यसलाई अझ स्वायत्त गर्न सक्यौं यसलाई अझ साच्चैको रिसर्च साच्चैको क्षमता विकास गर्न थलोको रूपमा विकास गर्न सक्यौं भने यो विधेयकले कर्णालीको वास्तवमा मास कम्युनिकेसन र इन्फर्मेसन टेक्नोलोजीमा काम गर्न साथीहरूको क्षमता विकास गर्छ र हामीले यो राम्रा खालका सूचनाहरू बाहिर लैजान सक्छौं । हाम्रो समाजको रूपान्तरणको निम्ति सूचनाको पनि ठुलो जिम्मेवारी

भएको नाताले यो चाहिँ टेक्नोलोजीको पनि ठुलो चाहिँ जवाफदेहिता भको नाताले यो खालको चाहिँ मेनपावर विकास गर्ने गरी यो विधेयकलाई हामी विकास गरौं यो अटोनमस ढङ्गले नै यो संस्थालाई अगाडि बढौं यो विधेयक चाहिँ अत्यन्तै राम्रो छ यसलाई अझ हामी फेरि थप छलफल बहस गरेर हामीले घनीभूत रूपमा चाहिँ यसलाई अझै राम्रो विधेयकको रूपमा चाहिँ विकास गरै ऐनको रूपमा विकास गऱ्यौ भने यले निश्चित रूपमा यले राम्रो चाहिँ हामीलाई परिणाम दिने छ भन्ने कुरा राख्दै बिदा हुन्छु, धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सीताकुमारी नेपाली

<u>माननीय श्री सीताकुमारी नेपालीः</u> माननीय सभामुख महोदय, कर्णाली सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलमा हामी उपस्थित भएका छौं । अ पूर्ववक्ता माननीयज्यूहरूले पनि कर्णालीको आवश्यकता र अहिले विश्वको एउटा सानो गाउँ प्रविधिको विकाससँगै एउटा सानो गाउँको रूपमा एकै ठाउँबाट विश्व हेर्ने सकिने स्थितिमा सूचनासञ्चारलाई व्यवस्थित गर्नका निम्ति सञ्चालन गर्नका निम्ति कानूनको आवश्यकता पर्छ र त्यो कानून आवश्यकतालाई मध्यनजर गर्दै कर्णाली प्रदेशमा पनि सूचना प्रविधिसँगसँगै आम प्रतिष्ठानसँग सम्बन्धित कानून बनाउने प्रक्रियामा हामी छौं अवश्य पनि संविधानले दिएको अधिकार जो छ सञ्चारसम्बन्धी अधिकार छ । त्यो सञ्चारसम्बन्धी अधिकारलाई प्रयोग गर्नेका निम्ति पनि प्रदेशमा जनताको सूचना पाउने हक नागरिकको सूचना पाउने हक जो छ जानकारी लिन पाउने हक जो छ त्यसलाई व्यवस्थित गर्नेका लागि पनि यो विधेयक आएको छ भन्ने मलाई लाग्दछ । यो विधेयकको सन्दर्भमा यो क्षेत्रसँग सम्बन्धित साथीहरूले विभिन्न कार्यक्रमहरूको आयोजना गरेर थुप्रै सल्लाह सुझावहरू पनि दिइ राख्नुभएको छ । विधेयकको जुन उद्देश्य छ उद्देश्य राम्रो छ यद्यपी उद्देश्य राम्रो हुँदाहुँदै पनि सरोकारवालासँगको छलफल र परामर्श हुन नसक्दाखेरि समेट्नु पर्ने धेरै कुराहरू छुटेका छन् र समेट्न पर्ने आवश्यकता छ भन्ने कुरा विभिन्न कार्यक्रमहरूमा र माननीयज्यूहरूसँग पनि पत्रकार महासङ्घ र विभिन्न राजनीतिक दलसँग सम्बन्धित सञ्चारका संगठनहरूले पनि सल्लाह सुझावहरू दिइराख्नु भएको छ र हामीले यहीं सदनबाट कर्णाली प्रदेशमा एउटा प्रसारण सम्बन्धी कानून पनि अगाडि बढायौं र त्यो प्रसारणसम्बन्धी कानूनहरू अगाडि बढाउदै गर्दा त्यति बेला थुप्रै सल्लाह सुझावहरू आएको थियो र त्यो समाबेश हुन सकेन जसका कारण त्यो कार्यन्वयन हुने कुरामा समस्या रहेको छ र त्यलाई संशोधन गर्नु पर्ने आवश्यकता

खड्किएको छ र यो विधेयकमा पनि सरोकारवालाहरूसँगको सल्लाह सुझाव र परामर्शबाट यलाई पुरिस्कृत गर्न सक्यौं भने अवश्य पनि कर्णालीको जो आवश्यकता हो र त्यो आवश्यकतालाई हामी पूरा गर्न सक्छौं भन्ने मलाई लाग्दछ । सङ्घीयतामा देश अगाडि बढ्दै गर्दा सङ्घीयताभन्दा अगाडिको स्थिति र सङ्घीयतामा देश गई सके पछिको स्थितिलाई नजिकबाट अध्यन गर्दै गर्दा हाम्रो यो कर्णाली प्रदेशमा राज्यको चौथो अङ्गको रूपमा काम गर्न सञ्चारकर्मी साथीहरू र सञ्चारकर्मी साथीहरूले सूचनाहरू समाचारहरू सम्प्रेसण गर्दै गर्दाखेरि एउटै प्रकृतिको सबै मिडियाबाट एउटै प्रकृतिको कपि पेस्ट भएर समाचारहरू सूचनाहरू आउने गर्थ्यो र सङ्घीयतामा आइसके पछि तीन तह सङ्घ, प्रदेश र स्थानीय तह तीन ओटै तहले आ-आफ्नो भूमिका पूरा गर्नु पर्ने जुन आवश्यकता छ । त्यो आवश्यकतामा सञ्चारको क्षेत्रमा पनि यो क्षेत्रमा काम गर्न साथीहरूले अलिकति आफ्नो क्षमतालाई अफ गरेको कुरा क्षमता बढाएको कुराको अनुभूति हामीले गरेका छौं र आजका दिनसम्म आउँदा केही समाचारहरू सूचनाहरू हिजोभन्दा फरक ढङ्गलेखोज अनुसन्धान गरेर पनि आउने गरेका छन् र अझै राज्यको चौथो अङ्गको रूपमा परिचालित यो सेक्टरलाई अझ व्यवस्थित गर्नका निम्ति नियगमन गर्नका निम्ति र सञ्चालन गर्नका निम्ति कानूनको आवश्यकता छ र त्यो आवश्यकतालाई मध्यनजर गर्दै यो विधेयक आएको छ भन्ने मलाई लागेको छ । अवश्य पनि बहुदलीय व्यवस्था आइसके पछि यो सेक्टरमा राजनीतिक दलसँग सम्बन्धित रहेर आफ्ना गतिविधिहरू गर्दै गर्दा आम नागरिकहरूलाई जुन सूचना सम्प्रेसण गर्नु पर्ने हो वर्गीय पक्षधरताका आधारमा सूचनाहरू सम्प्रेसण हुने स्थितिहरू पनि आयो र वर्गीय पक्षधरताका आधारमा तीसूचनाहरू लिने स्थितिहरू पनि सिर्जना भए । यो चौथो अङ्गले निस्पक्ष ढङ्गबाट सही र गलत सत्य र तथ्य सूचनाहरू सम्प्रेसण गर्नु पर्ने त्यो दायित्व हुँदाहुँदै पनि कतिपय अवस्थामा पूर्ववक्ता माननीयज्यूले भने जस्तै पित पत्रकारिताको स्थिति पनि हामीले देख्यौं । कतिपय सूचनाहरू समाचारहरू कै कारण कतिपय मान्छेहरू, कतिपय व्यक्तिहरू नागरिकहरूको जीवन नै धरापमा पर्ने स्थिति पनि सिर्जना भयो त्यसैले यो क्षेत्रलाई व्यवस्थित गर्नका निम्ति यो क्षेत्रमा आबद्ध जनशक्तिलाई अझ सुदृढ गर्नका निम्ति पनि यो विधेयक आवश्यकता छ र त्यो आवश्यकतासँगै विधेयकमा प्रतिष्ठान गठन गर्ने कुरा पनि राखिएको छ र प्रतिष्ठान गठन गर्दै गर्दा यो प्रतिष्ठान स्वायत्त हुने छ भन्ने कुरा पनि एकातिर लेखिएको छ भने अर्कोतिर त्यसको संरचना बनाउदै गर्दा फेरि मन्त्रीको नेतृत्वमा मुख्यमन्त्री मन्त्रालयको सचिव आन्तरिक मामिलाको सचिवसहित त्यो सम्बन्धित क्षेत्रको एक जना महिलासहित

दुई जना मात्रै राख्दाखेरि त्यसको मर्म र भावना पकडिन सक्छ कि सक्दैनभन्दा सक्दैन जस्तो लाग्छ त्यसैले त्यही क्षेत्रबाट यसको नेतृत्व गर्ने गरी संरचना बनाउँदा अत्यन्तै सान्दर्भिक हुन्छ र जुन उद्देश्यले लिएको छ त्यो उद्देश्य पूरा गर्न सकिन्छ भन्ने कुराको बिस्वास व्यक्त गर्दै मेरा भनाइ हरू यहीँ अन्त्य गर्छु, धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीलाई कर्णाली प्रदेश सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमाथि सामान्य छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

<u>आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीः</u> माननीय सभामुख महोदय कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेश सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापनाको लागि टेबुल भएको विधेयकमाथिको साधारण छलफलमा सहयात्री माननीयहरूले सहभागी माननीयज्यूहरूले उठाएका प्रश्नहरको बारेमा मैले लामो भन्नु केही पनि छैन प्रतिष्ठानको तथ्य वस्तुगत पक्ष अथवा वस्तुगत उद्देश्य र लक्ष्यको बारेमा अवश्य पनि माननीय सहभागी माननीय साथीहरूले नै यसलाई स्वयम्ऊर्जा दिईसक्नु भएको छ यसको लागि म उहाँहरूलाई धन्यवाद दिन्छु । धेरै प्रश्न पनि सायद बुढो माननीय बुढो मन्त्री धेरै अप्ठारा प्रश्नहरू किन गरिदेउ भनेर पो हो कि भन्ने संका पनि लाग्याछ मलाई अब यस बारेमा एउटा प्रश्न एउटा संक्षेपमा के देखेको थियो भने सबै माननीयज्यूहरूबाट आएको राय परामर्शमा व्यापक छलफल र सम्वाद भन्ने कुरोहरू आएको थियो व्यापक र व्यापक छलफल र संवाद भनेको कर्णाली प्रदेशको सरकार हैन व्यापक सञ्चार र संवादको थलो नैप्रदेशसभा हो । प्रदेशसभालाई नै सार्वभौम अधिकार छ, जुनसुकै पनि प्रदेश सरकारबाट प्रस्तुत अथवा प्रस्तावित विधेयकमाथि व्यापक छलफल र संवाद र त्यसलाई उच्च एउटा पहिचानको मूल्याङ्कन गरेर अगाडि बढने जिम्मेवारी स्वतः छदै छ । त्यसमा दुई मत छैन सरकार स्वयम् कर्णाली प्रदेश सरकारले यसमा दुई मत राख्दैन यसलाई ठुलो घनीभूत छलफल होस् व्यापक संवाद होस् र त्यसबाट एउटा उचित पहिचानका साथ निष्कर्स आवस् भन्ने कुरा मा सरकारको पनि आफ्नो धारणा छ त्यसमा दुई मत छैन। अर्को प्रश्न आएको थियो यो सरकार साघुरो घेरामा रहेर संयन्त्र मात्र हुन खोजेको होकित यस कर्णाली प्रदेश सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापना भन्ने कुरोमा यसमा म थोरै थोरै संक्षिप्तमा के राख्छु भने आम सञ्चारको साथमा जुन प्रतिष्ठान भन्ने शब्द राखिएको छ यसमा

अलिकतिसञ्चार भनेको एक किसिमको वृत चित्र हो भने यसकोसँगसँगै रहने प्रतिष्ठान भने अर्को रूप पनि हो । त्यो दुइटा कुरालाई एउटा मिलन बिन्दुको रूपमा लैजादाखेरि सरकार एउटा संस्थाको विकसित रूप हुनको लागि मात्र यसमा मन्त्रीको अध्यक्षतामा मन्त्रीको केरे सम्बन्धित मन्त्रीको अध्यक्षतामा समितिको प्रक्रिया राखिएको हो । सरकार साँघुरो घेरामा बसेर साँघुरो घेरामा बसेर नियन्त्रण लिन खोजेको होइन म यहाँहरूलाई अपिल गर्न चाहन्छु सरकार साघुरो घेरामा रहेर संयन्त्रको रूपमा यलाई चाहिने चाहिने नियन्त्रण गर्न खोजेको होइन । अब यसलाई मलाई लाग्छ यस विधेयकले अवश्य बोल्ने माननीयज्यूहरूले मैले अघि भनी सके, यसमा विभिन्न विशिष्ट पहिचानका साथ खोजि गरेर धेरै शब्द पोखिसक्नु भको छ मैले पोखिरहनु आवश्यक छैन । संविधानको भाग तीनको सार्वभौम मौलिक अधिकारभित्र पनि सूचना प्रविधि तथा आम सञ्चार आज मानव जीवनकै अपरिहार्य आवश्यकता हो । त्यही अपरिहार्य आवश्यकतालाई महसुस गरेर कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेशभित्रका १८ लाख जनतालाई सहज सुलभ र अहिलेको सताब्दीमा आएका नयाँ पुस्ता अनुहार अथवा यो तरुणहरूको मानसिक अथवा विवेकलाई पनि विकसित रूप दिन यस प्रतिष्ठानले सहयोग पुगोस् भनेर कर्णाली प्रदेश सरकारको उच्च एउटा आफ्नो केरे उच्च चाहिने आफ्नो सोचाइका साथ सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापना विधेयक प्रस्तुत लिएको हो यसमा व्यापक छलफल र संवादको जुन प्रश्नहरू आएका छन् । यो संवाद छलफल गर्ने सार्वभौम अधिकार प्रदेशसभाको हो म यति मात्र भनेर विदा हुन्छु हस्त फेरि जय नेपाल आइगेछ धन्यवाद नै भनौं ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीले सभासमक्ष प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमाथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेशसभानियमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १अनुसार कर्णाली प्रदेश सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू अब कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्र बहादुर शाहीलाई कर्णाली

प्रदेश सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि सामान्य छलफलको लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

<u>भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्र बहादुर शाही:</u>माननीय सभामुखज्यू सहकारी सङ्घ संस्थाहरूको दर्ता तथा सञ्चालन एवम् नियमसम्बन्धी व्यवस्था गर्न कर्णाली प्रदेशसभाले बनाएको कर्णाली प्रदेश सहकारी ऐन कार्यन्वयनमा रहेकोमा ऐन कार्यन्वयनको क्रममा ऐनका प्रावधान सङ्घीयसंसद्ले बनाइ कार्यन्वयनमा रहेको सहकारी ऐन, २०७४ समेतको सापेक्षतामा सहकारीसम्बन्धी प्रदेशका संरचना अधिकार र सहकारीको व्यवस्थापन तथा नियमसम्बन्धी विषयहरू कार्यन्वयन गर्न असहजता भएकाले कर्णाली प्रदेश सहकारी ऐन, २०७५ का केही दफा उपदफाहरू संशोधन र थपघट गर्न आवश्यक भएकोले सभामा टेबुल भईसकेको कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक, २०७७ कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सामान्य छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

<u>माननीय श्री सभामुख:</u> माननीय सदस्यहरू कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथिको सामान्य छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूका लागि समय निर्धारण गरेको छु । माननीय सदस्यहरू कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथिको सामान्य छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरू सभामुखको ड्यासको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला । सर्वप्रथम माननीय श्री पद्मा खड्का समय सात मिनेट।

<u>माननीय श्री पद्मा खड्का:</u> माननीय सभामुख महोदय कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकउपर माथि सामान्य छलफलमा म भाग लिईरहेको छु । वास्तवमा भन्ने हो भने कर्णाली प्रदेश सरकारका विभागीय मन्त्रीज्यूले यो जुन विधेयक ल्याउनु भो र यो विधेयक धेरै महत्त्वका साथ हेरियो र यो विधेयकलाई जनताको पनि ओर्नसिप हुने गरी र नागरिक समाजको पनि ओर्नसिप हुनेगरि यो विधेयक कर्णालीका सबै जिल्लामा छलफल गरेको विधेयक हो । यसले आम कर्णालीका नागरिकहरूले कानून बनाउँदा हाम्रो पनि सम्प्रभुता हुने रहेछ । हाम्रो पनि सहभागिता हुने रहेछ भन्ने खालको एउटा पहिलो चरणमै राम्रो म्यासेज गएको यो विधेयक पनि हो यस मानेमा पनि म हामी कर्णाली प्रदेशका नागरिक र सबैले यो विधेयकलाई छिटोभन्दा छिटो कार्यन्वयनमा जान पर्छ भन्ने जुन अपेक्षा थियो । त्यो

अपेक्षासँगसँगै धेरै माननीय सदस्यज्यूहरूले संशोधन पनि हाल्नु भएको थियो र व्यापकरूपमा छलफल गरेर सहकारी विज्ञहरूसँग पनि छलफल गरेर र त्यति बेला के एउटा चाहिँ सबैको छलफलमा के भयो भने सहकारी सङ्घीय सहकारी ऐन जुन बाझिएको बुँदाहरू अहिले कार्यान्वयन गर्न केही कठिनाई भएर संशोधनमा आएको छ त्यति बेला पनि यो कुरा चलिरहेको थियो तर कर्णालीमा हामी केही फरक गरेन भन्ने एउटा मनोसायका साथ हामीले ती विभिन्न शीर्षकहरूलाई संशोधनमामार्फत् केही घटाउने बढाउने कुराहरू राखिए तर अहिले यलाई फेरि कार्यन्वयनमा अप्ठ्यारो हुँदा संशोधनमा आउनु पर्ने जुन अवस्था आयो त्यसले गर्दा फेरि पनि सहकारीकर्मी ती किसानहरूलाई जुन अप्ठारो परेको छ त्यो अप्ठारोको लागि पनि यो विधेयक छिटो नै पास गर्नु पर्ने एउटा जुन अवस्था थियो । त्यो अवस्था केही ढिला हुन गएको छ र माननीय सभामुख महोदय सहकारी वास्तव मैं भन्ने हो भने नेपालको इतिहासमा २०१३ साल चैत ३० गते एउटा चितवनमा बखान सहकारीबाट स्थापना भएर अहिले हजारौंको संख्यामा नेपालमा सहकारी स्थापना भएर थोरै थोरै पूजिँलाई एउटा गाउँ र टोलमा सहकारीको माध्यमबाट सहकार्यको माध्यमबाट साना साना किसानहरूले एउटा व्यवसायलाई अगाडि बढाउने र आफ्ना दिनानुदिनका घर परिवारका समस्यालाई पनि सहकारीको माध्यमबाट समाधान गर्न यस्तो राम्रो पवित्र उद्देश्य लिएर यो सहकारीको स्थापना भयो र यो सहकारीको स्थापनासँगसँगै र सहकारीका माध्यमबाट ती किसानहरूलाई ती नागरिकहरूलाई सरल रूपले र झन्झटिला प्रक्रियाहरू नगराइकन दर्ता प्रक्रिया देखि सञ्चालन प्रक्रिया देखि यसका नियमन देखि धेरै कुराहरू यहाँ विधेयक भित्र छन् । यी कुरालाई सरल रूपमा हामीले कसरी लैजाने पर्छ भन्ने कुरा नै कानून निमार्ण गर्दा कानून तयार गर्न कानूनलाई व्यवस्थित गर्न जुन हाम्रो निकाय छ त्यो निकायलाई महत्त्वका साथ ध्यान दिएर पक्कै पनि यो विधेयक आएको छ । संशोधन आएको छ । मैले संशोधनका पनि सप्पै बुँदाहरू यहाँ मलाई याद छ र फेरि पनि संशोधन गर्नु पर्ने जुन दफाहरू छन ती दफा हिजो हामीले पनि छलफल गरेको हो सङ्घीय सरकारले कम्तीमा पनि ३० जना एउटा नागरिकहरू किसानहरू जम्मा भए एउटा सहकारी खोल्न सक्छन भन्ने सहकारी ऐनसँग सहकारी ऐनले बोलेको छ भने हामी कर्णाली प्रदेशले २५ जनासम्म राखेर पनि कर्णाली प्रदेशमा हामी सहकारी खोल्न सक्छौं । जहाँ एउटा गाउँमा २५ जना छन भने २५ जना व्यक्तिले खोल्न सक्छ भने किन तिनलाई वञ्चित गर्न भन्ने एउटा मनोसायले नै त्यो कम गरिएको हो तर फेरि बाझिएको हुनाले यलाई फेरि बढानु पर्न जुन वाध्यात्मक स्थिति सिर्जना भयो । त्यस्तै

गरेर कर्णाली प्रदेशमा धेरै सम्भावना भएको प्रदेश जहाँ ठुला ठुला उद्योगहरू चलाउनु पर्ने विशिस्ट सहकारीहरू विषयगत सहकारीहरू २५भन्दा माथिका सहकारीहरू मिलेर त्यस्ता सहकारीहरूलाई ठुला ठुला उद्योग कलकारखाना चलाउन सक्ने छन् भन्ने जुन सङ्घीय सहकारी ऐनले बोलेको छ हामीले १० ओटा सहकारीले पनि गर्न सक्छ भन्ने हामी कर्णालीमा त्यो प्रवर्धनलाई हामीले राख्यौं फेरि पनि त्यो प्रावधान बाझिन गइकन संशोधनमा आको छ यी यावद कुराहरू धेरै विषयहरू छन् यी धेरै विषयहरूलाई हामीले छिटोभन्दा छिटो कानून बनाउने कुरा मात्रै ठुलो कुरा छैन। अहिलेका कानूनलाई कार्यन्वयन गर्न तर किसानहरूले दुःखपाइरहेका कुराहरू नागरिकले दुःखपाइरहेका कुराहरू आज सहकारी हिजो जिल्लामा सहकारी कार्यालय स्थापना थियो । आज फेरि सङ्घीयतासँगसँगै ती कार्यालयहरू कहाँ छन । फेरि नागरिकहरूले दुःख पाइरहेका छन् । सहकारी रजिष्ट्रार कार्यालय कतिको व्यवस्थित गरिएको छ ? त्यो रजिष्ट्रार कार्यालयले दर्ता र सञ्चालन गर्दा फेरि कानूनी झन्झटिलाहरू कति भोक्नु पऱ्योको छ यो धेरै महत्त्वको साथ यी कर्णालीका ती १७ लाख जनताको भबिस्य माथि सहकारीको ठुलो योग्दान छ त्यसकारण ले गर्दा पनि यो सरकारी विधेयकलाई फेरि बिभिन्न कार्यविधि बनाएर नअल्झाईकन हाम्रो सरकारले कर्णाली प्रदेश सरकारले यलाई कार्यन्वयनमा चुरुस्त दुरुस्त लग्ने कुरामा अगाडि बढाउने छ यो संशोधनले पक्कै पनि यहीं उद्देश्य लाई बोकेर अगाडि आएको होला भन्ने कुरा राख्दै मेरा भनाइ यहीं अन्त्य गर्छु धन्यवाद ।

<u>माननीय श्री सभामुखः</u> माननीय श्री रातो कामी समय ७ मिनेट।

<u>माननीय रातो कामीः</u> माननीय सभामुखज्यू आज हामी कर्णाली प्रदेशमा सहकारी क्षेत्रलाई प्रवर्धन गर्न बनेको विधेयक आज पहिलो संशोधनमा हामी छलफल गर्ने गईरहेका छौं । यस सन्दर्भमा खास गरी कन कुनै विधेयकले विगतमा लामो छलफल पछि यो विधेयक पारित भयो र कार्यन्वयनका सन्दर्भमा फेरि पनि विधेयकले थप विषयवस्तुहरू माग गरेको र केही विषयवस्तुहरूलाई त्यहाँबाट हटाउन पर्ने भएको कारणले आज यो विधेयक शंसोधनमा छलफल गरेका छौं र यसमा हामी सामान्य छलफलको चरणमा छौं र यो विधेयक कर्णाली प्रदेशका जन साधारणको लागि र हामीले हाम्रो मुलुकले अङ्गिकार गरेको समाजवादउन्मुख देशको आर्थिक प्रणालीका सन्दर्भमा सहकारी विधेयक असाध्यै महत्त्वपूर्ण विधेयक हो । यसले उत्पादनसँग जोडिएको र हाम्रो प्रदेशको मुलभूत रूपले जनसाधारण सर्वसाधारणले यो विधेयक अथवा चाहिँ यो विधेयक यो ऐन कार्यन्वयनको क्षेत्रमा जाने सन्दर्भमा यले चाहिँ असाध्यै

एउटाचाहिँ सजिलो र सुलभ र यले चाहिँ मार्ग निर्देशन गर्न प्रकारको यो विधेयक हुन आवश्यक छ र त्यही सन्दर्भमा यो विधेयक संशोधनको बाटोमा अगाडि बढिरहेको छ। लाग्छ हामीले देशमा भएका कयौं नियमहरू कानूनहरू छन् । अहिले पनि कानून एक आपसमा कयौं कुराहरू बाझिएका दोहोरिएका र कतिपय सन्दर्भमा कानूनको हरेक कानूनहरू अथवा हरेक ऐनहरू जो देखिएका छौं । हामीले लागु गर्ने सन्दर्भमा मुलभूत प्रस्तावना बन्नलाई अर्को बुँदाले चाहिँ कटौती गर्न र त्यसमा जनसाधारणको अपेक्षा र गर्नु पर्ने कामका खिलाफमा जाने गरेका चाहिँ छन् । विधेयकका अथवा चाहिँ कानून ऐनहरूका हरेक सन्दर्भमा माथि जुनसुकै रूपमा लेखिएको भए तापनि भनेर तल चाहिँ जो विषयले चाहिँ कटैती गर्छ यो कानूनले हामीलाई सर्वसाधारणलाईभन्दा पनि अलि कति खेल्न सक्ने अलि कति बोलवाला बोल्साली पक्षधरतालाई मात्रै यसले जोड गर्ने गरेको छ । आज यसले चाहिँ हरेक मान्छेलाई चाहिँ अप्ठारो परिस्थितिमा पुऱ्याएको छ त्यसैले गर्दा यस्ता कानूनमा चाहिँ अलिकति चाहिँ जन साधारण अथवा सर्वसाधारणले नबुझ्ने न अर्थ लगाउन सक्ने खालका बुँदाहरूलाई निश्चित रूपमा हामीले यसलाई परिमार्जन गर्न जरुरी छ आवश्यक छ त्यसो भएको हुनाले कर्णाली प्रदेश सहकारी विधेयकका सन्दर्भमा विगतमा हामीले पनि पहिला व्यापक रूपमा छलफल गरेर २ ३ ओटा जिल्लामा जिल्लाका चाहिँ किसानहरूसँग त्यहाँका सहकारी व्यवसायहरूसँग र बुद्धिजिविहरूसँग हामीले छलफल गर्दाखेरि अथवा त्यसको प्रतीक्षा हामीले चाहिँ छलफलमा सहभागी हुँदा यसलाई चाहिँ समृद्ध गर्न कुरामा यसलाई चाहिँ अगाडि बढाउने सन्दर्भमा सबैको चाहिँ राय सल्लाहसहित आएको र अहिले फेरि हामीलाई चाहिँ अगाडि बढ्ने सन्दर्भमा यो परिमार्जन गर्नु पर्ने यलाई चाहिँ केही बुँदाहरू हटाउनु पर्ने थप्नु पर्ने विषय यहाँ जोडिएको हुनाले यो पहिलो संशोधन हुन गईरहेको छ यसको मुलभूत प्रस्तावनाको जो जति कामहरू चाहिँ अगाडि बढ्न सकेका छन अथवा बढी रहेका छन् । यसले सकारात्मक प्रभाव पारेको छ अब संशोधन भएर फेरि कानूनलाई थप परिष्कृत गरेर जाने सन्दर्भमा यले अ कर्णाली प्रदेशका जनतालाई अथवा चाहिँ यले सहकारी क्षेत्र भित्र रहेका सबैलाई चाहिँ राम्रो प्रभाव पार्न कुराको चाहिँ संकेत गरेको छ । यसै सन्दर्भमा हामीले सहकारी ऐन जो बनेको छ यो मुताविक काम गर्ने सन्दर्भमा जे जति कामहरू अगाडि बढ्नु पर्ने हो त्यो अहिले बढ्नु सकिरहेका छैनन् र हामीले यलाई पहिलो संशोधन पछि फेरि बढाउने सन्दर्भमा यलाई चाहिँ घनिबुद रूपले अगाडि बढाउन र कर्णाली प्रदेशको आर्थिक समृद्धि र यलाई चाहिँ समृद्धिको क्षेत्रमा यले चाहिँ महत्त्वपूर्ण भूमिका खेल्ने छ भन्ने कुरा मैले चाहिँ यो सामान्य छलफलको

क्रममा राख्न चाहे र यसै सन्दर्भमा आफ्ना भनाइहरू पनि यहीँ अन्त्य गर्न चाहे धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री विमला के.सी. समय सात मिनेट ।

<u>माननीय श्री विमला के.सी.:</u> सभामुख महोदय हामीले आज कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथिसामान्य छलफल चलाइरहेका छौं । कर्णाली प्रदेश सरकार बनिसके पछि प्रदेशसभाको आफ्नो काम सुरुवात भइसके पछि सबैभन्दा पहिलो विधेयकको रूपमा टेबुल भएको थियो र यो विधेयक त्यही गम्भीरताका साथ पास पनि भएको थियो । ऐनको रूपमा अगाडि बढेको थियो । अहिलेको नयाँ संविधान नेपालको संविधानले सहकारीलाई निकै महत्त्वको साथ उठाएको छ । समाजवाद निमार्णको एउटा आधार बनाएको छ । आधारको रूपमा हेरेको छ । तीन खम्बे अर्थनीति भित्र एउटा महत्त्वपूर्ण अर्थनीति सहकारी हो । सहकारीलाई निकै महत्त्वका साथ हामीले कर्णाली प्रदेश सरकारले त्यो बेला हामी जति बेला सुरुमा सरकारमा थियौं । ती महत्त्वका साथ लिन खोज्यौ र कार्यन्वयनको चरणमा जादै गर्दाखेरि जब ऐन कार्यन्वयन गर्न नियमावली ड्राफ गरेर क्याबिनेटमा पास हुने क्रममा क्याबिनेट भित्रको एउटा मन्त्रिपरिषद् भित्रको विधेयक समिति थियो त्यो विधेयक समितिमा जाने क्रममा त्यहाँका कर्मचारीहरू बाटै खास गरी कानून सचिवले यो खास अघि माननीय पदमाज्यूले उठाए जस्तै हामीले अलि सिर्जनशील बन्यौं कर्णालीको हकमा जनसंख्या पनि कम छ ३० जना सङ्घीय ऐनमा हुन्छ भने हामी २५ जना किन नगराउने भनेर सदनमा अलिकति हामी जेहोस् सांसदहरू सिर्जनशील बन्यौं। सरकारले ३० सै जना भनेर पेश गरेको तर हामीले अलि परिमार्जित गरेर २५ मा पास गर्दा त्यही सचिवले कानून सचिवले कुनै पनि हालतमा यो सङ्घीय कानूनसँग बाझिने भएको कारणले हुँदै हुँदैन भन्ने कुरा सरको र गरमागरम बहस चल्यो होइन यो त सर्वोच्च अदालतको कुरा हो । संविधान बाझेको नबाझेजेको कुरा देखाउने कुरा सर्वोच्च अदालतको हाम्रो काम होइनभन्दा पनि उहाँ कन्भिस हुने अवस्था बनेन त्यस पछि हामीले ठिक छ संशोधन गर्न धेरै कुराहरू अलि कति त्यो बेला हतार हतारमा गरेको कति धेरै संशोधन गरेनौं त राम्रो मिलाउ भने पछि त्यति बेला नमिलेका क्रमहरू सबै मिलाउदा अलिकति ठुलो पनि बन्न गाछ । जेहोस् यो संशोधन विधेयक पास नहुँदा नियमावली ठिक्क परेको नियमावली कार्यन्वयन गर्न पाईएको छैन जसकारणले आज ४-४ वर्ष भईसक्यो सरकार बनेको हामीले सरकारीका कामहरूलाई कुनै पनि हालतमा अगाडि बढाउन सक्ने स्थिति बनेन सहकारी यति धेरै महत्त्वको विषय छ र सरकारी

नियमावली पास भइसके पछि कार्यन्वयन गर्न धेरै कामहरू चाङलागेर बसिरहेको अवस्था छ । सहकारी रजिस्ट्रार कार्यालयले त्यो तालीम मात्रै गरिरहेको अवस्था आजको अवस्था छ । त्यसैले म सभामुखमार्फत् यो सदनलाई यो आग्रह गर्न चाहन्छु छिटोभन्दा छिटो संशोधन विधेयकलाई हामीले पास गर्ने बित्तिकै सरकारले संशोधन केरे संशोधनको स्पिडमा नियमावली पास गर्न छ र सहकारी रजिस्ट्रारको कार्यालयको काम त्यस पछि सहकारी सबै बाकी रहेका थाति रहेका कामहरू अगाडि बढ्ने छन र कर्णालीमा एउटा सहकारीको राम्रो विकास छ । त्यो विकासलाई अझ गुणात्मक छला¨तिर लिन या गुणात्मक अहिलेको आवश्यतामा गुणात्मक विकासका रूपमा लिनका लागि यले महत्त्वपूर्ण भूमिका खेल्ने छ त्यो स्पिडमा माननीयज्यूहरूले बुझनु भएकोमा म खुसि छु त्यो बेलाको मन्त्रीको हिसाबले त्यसो हुँदा यलाई आज त्यो सरकारी कर्मीहरू हुनुहुन्छ निकै महत्त्वका साथ यलाई हेरिरहनु भएको छ । र पटक पटक घचघचाई रहनु भएको छ हामीलाई त्यसैले यो छिटोभन्दा छिटो पास हुने छ निकै महत्त्वका साथ यलाई लिउ र पास गरै भन्नेमा मैले आग्रह र अनुरोध गर्ने पनि चाहे र यो संशोधनको आवश्यकता साहानो कुराबाट सुरु भएको त्यो साहानो कुरा देखे तापनि संशोधन विषय पनि निकै महत्त्वका विषय भएको कारणले यलाई त्यही महत्त्वका साथ लिन पर्छ भन्ने मेरो भनाइ राख्दै म यहाँहरूबाट बिदा हुन्छु हस्, धन्यवाद नमस्ते ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्र बहादुर शाहीलाई कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्ने बनेको विधेयकमाथि सामान्य छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

<u>भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्र बहादुर शाहीः</u> सभामुखज्यू सम्मानित सदनमा कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक संशोधनको लागि पेश भईरहँदा माननीयज्यूले हिजो व्यापक छलफल भइसकेको र अहिले पनि सङ्घीय कानून देखि लिएर अरू कुरामा केही त्रुटि देखिएकोले यो आएको छ । सकारात्मक छ भन्ने जुन सुझाव र सल्लाह दिनु भएको छ त्यो सुझाव सल्लालाई सिरोपर गर्दै कानून निमार्ण गरिरहँदा हामीले सरल सहज र जनमुखि कानून निमार्ण गर्नुपर्छ भन्ने नै कुरो छ हामीले उखान गर्छौं घोडा चढ्ने मान्छे लड्छ काम गर्ने दौडानमा त्रुटी हुन्छन् कमजोरी हुन्छन त्यसलाई हामीले बेला मौकामा

सच्चाएर जानु पर्दछ त्यसो भएकोले माननीयज्यूहरूले जुन संशोधनको प्रस्तावमाथि जुन सुझाव दिनु भएको छ यो सुझावलाई सरकारको तर्फबाट र मन्त्रालयको तर्फबाट मैले सिरोधार गर्न चाहन्छु । र यसमा के रहेको छ भने यो धेरै कुरा सङ्घीय कानूनसँग बाझिएको र धेरै कुरा काम गर्ने दौडानमा हामीले यलाई लागु गरिरहँदा जनतासँग यो कानूनलाई अगाडि बढाइ रहँदा थुप्रै बाधा अर्चन असजिलो पाटो देख्या पऱ्यो । त्यसैले हामीले संस्था दर्ता गर्दाखेरि आवश्यक संख्या भनेर हामीले यहाँ प्रदेश कानूनमा २५ जना राख्यौं तर सङ्घीय कानूनमा ३० जना हुनुपर्छ भनेर उल्लेख गरेकोले हामीलाई अहिले समस्या परेको छ त्यसैले अहिले हामीले ३० जनाकै संख्या राख्नु पर्छ भनेर संशोधन अगाडि बढाएका छौं । त्यस्तै कार्यक्षेत्र हामीले हिजो २ पालिका भएको सहकारीलाई हामीले मान्यता दिएका थियौं र अहिले २ पालिकाभन्दा पनि २ ओटा पालिका सङ्घ जोडिएका वडा मिलेर यदि कुनै सहकारी दर्ता भएर आउछ भने यलाई पनि हामीले अगाडि बढाउनु पर्छ भनेर संशोधन गरेर अगाडि बढाएका छौं । त्यस्तै सङ्घहरू हामीले पहिला गैर नाफामूलक हुन यो नाफामूलक होइन भनेर हामीले भन्यै तर यो नाफा मूलकनै संस्था हुन भनेर अहिले संशोधन गर्न खोजिरहेका छौं । हामीले विनियमलाई पुरनलेखन हटाउने भन्ने भनेर भनेका छौं । किन भने विनियम भनेको संशोधन र नयाँ निमार्ण गर्नुपर्दछ भनेर उल्लेख गरेका छौं । प्रस्ताव पारित हुँदाखेरि २ तिहाइको आवश्यक पर्छ भनेर हामीले पहिला भनेका थियौं अहिले सङ्घीय ऐनअनुसार नै तत्काल कायम रहेको सदस्य संख्याको बहुमतको आधारले प्रस्ताव पारित गर्नुपर्छ भनेर अहिले हामीले संशोधन गर्न खोजिरहेका छौं । त्यस्तै कुनै व्यक्ति एक संस्थामा मात्र हुनुपर्छ भनेर हिजो त्यति खेर पनि छलफल भाको रैछ । अहिले हामीले सकभर संस्थामा रहँदा व्यक्ति एउटै संस्थामा रहनु पर्छ धेरै सस्थामा रहँदाखेरि यले राम्रो सन्देश दिदैन भनेर यलाई पनि हामीले संशोधन गर्ने खोजिरहेका छौं समितिको कार्यकाल हामीले तीन वर्ष राखेका थियौं । यसलाई चार वर्ष नै बनाउनु पर्छ भनेर अहिले संशोधन गर्न खोजिरहेका छौं यो सस्थाको पहिला यो कार्यविधि क्याबिनेटबाट पास गरेर अगाडि बढाउनु पर्छ भनेर उल्लेख भएको छ । अहिले हामीले मन्त्रालयलाई नै कार्यविधि पास गर्नुपर्छ भनेर संशोधन गर्न खोजिरहेका छौं । लगायत अरू थुप्रै कुराहरू काम गर्ने दौडानमा काम गर्ने पाटोमा असहज परिस्थिति सिर्जना भएको र सङ्घीय कानूनसँग बाझिएकोले हामीले यलाई संशोधन गर्नेको लागि यो विधेयकलाई अगाडि बढाएका छौं र यो विधेयकमाथि फेरि पनि छलफल हुने छर जुन अहिले कानूनको अभावले गर्दा कानूनको कठिनाईले गर्दा थुप्रै जनताका कामहरू

महत्त्वपूर्णकामहरू जनता समृद्धिसँग जोडिएका कुराहरू अगाडि बढाउन सकिरहेको अवस्था छैन त्यसो भएकोले माननीयज्यूहरूले जुन सुझाव सल्लाह दिनु भएको छ यो सुझाव सल्लाहसहित यो विधेयकलाई छिटोभन्दा छिटो सम्मानित सदन हुँदै अरू विभिन्न निकायबाट अगाडि बढेमा काम गर्न दौडानमा मन्त्रालयदेखि लिएर सम्पूर्ण अब सम्बन्धित निकायहरूमा सहज हुने छ भन्ने मेरो भनाइलाई राख्दै बिदाहुन्छु हवस्त धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्र बहादुर शाहीले सभासमक्ष प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्ने बनेको विधेयकमाथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १अनुसार कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्ने बनेको विधेयकमा संशोधन सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू अब यो बैठक २०७८ साल माघ २७ गते विहीवार दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।

नवौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७८ माघ २७ गते

विहीवार

(बैठक संख्या-९)

<u>राष्ट्रिय गान,</u>

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको नवौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ । के होला माननीय सदस्य १ मिनेटमा कुरा राख्नु माननीय सदस्य

<u>माननीय गुलावजंग शाहः</u> सभामुख महोदय नेकपा एमालेले उठाएका मागप्रति सरकारले माघ १८ गते ७ बुँदे सम्झौता भएको कुरा सभामुख महोदयलाई जानकारी नै छ । १८ गते सम्झौता भएको कुरा आज २७ गते हुँदासम्मन पनि सरकारले कार्यन्वयनको बाटोमा तदारुकता देखाएन । एउटा कुरा उदारण दिन चाहन्छु । अहिले पनि ७ ओटा बुँदा मध्यमा चारै बुँदा लेखिएको छ कि पूर्वधार विकास कार्यक्रम कार्यविधि मुलत निर्वाचन संसद् संयोजकतामा कार्यन्वयन गर्ने व्यवस्था छ । हाल कर्णाली प्रदेशमा निर्वाचित सदस्य संख्या ५ स्थानमा रिक्त छ । उक्त जिल्लाको कार्यक्रम प्रमुख प्रतिपक्ष दलको सल्लाह र सहमतिमा अगाडि बढाइने रहेछ भन्ने लेखिदा लेखिदै पनि आज १८, २७ गते भो १८ गते सम्झौता भो अहिले पनि सल्यान जिल्लाको २ नम्बर क्षेत्रका सांसदहरूले खाली रहेको सांसदको ठाउँमा आज पनि सम्झौता गर्ने गरिएको छ । १८ गते पछि २४, २५, २६ गते पनि सम्झौता गर्ने गरिएको छ यद्यपी सम्झौता भएको छैन । बैंकमा खाता खोल्ने कुरा गरिएको छ भन्न चाहन्छु कि सभामुख महोदयलाई सम्झौताअनुसार कार्यन्वयन हुन्छ कि हुँदैन यदि यो सम्झौताअनुसार कार्यन्वयन भएन भने नेकपा एमाले कडाभन्दा कडा कदम चाल्न बाध्य नबनाइयोस् धन्यवाद (सकौं सकौं मानानीय सदस्य) के होला माननीय सदस्य १ मिनेट १ मिनेटमा राखौं

<u>माननीय मिना सिंह रखालः</u> सभामुख महोदय मैले पनि सभामुख महोदयसँग समय मागे सभामुख महोदय नेकपा एमालेले माग गरेअनुसार सभामुख महोदयको अध्यक्षतामा सर्वदलीय बेठक बस्यो र सर्वदलीय बैठकले चाहिँ ७ ओटा बुँदामा चाहिँ निर्णय गर्‍यो र मलाई कस्तो लाग्छ भने सभामुख महोदय यो चाहिँ बैठक यो निर्णय चाहिँ प्रतिपक्षलाई आँखोमा प्रतिपक्षको आँखोमा छारो हाल्यो कि जस्तो मलाई लागिरहेको छ र हाम्रो

आजसम्म पनि यो १८ गते गरेको निर्णय र सम्झौता र आज २७ गत्यसम्म आउँदा पनि यसको कार्यन्वयन नभएको र मेरो दैलेख जिल्ला को कुरा गर्दाखेरि भैतिक पूर्वाधारका कार्यक्रमहरू क्षेत्र विकासका कार्यक्रमहरू पहिलेनै हामीसँग २ ओटा सांसदहरू रिक्त पद छ र हामीले यहाँ सम्झौता गरेका छौं तर बिचमा तिथि मिति बदलेर ती योजनाहरू बाडफाड गरेर सानासना योजनाहरू १०-१० लाखका योजनाहरू बाढिएको चाहिँ मैले आवाझ पाए (सकौं माननीय सदस्य सकौं सकौं माननीय सदस्य) सभामुख महोदय यसरी आखाँमा छारो हाल्ने काम गरिन्छ प्रतिपक्षलाई चाहिँ प्रतिपक्षको सम्बोधनलाई सम्बोधन गर्दैन भने हामी फेरि हामीले आफ्ना धारणा सहितको हामीले सदनलाई (सकौं सकौं माननीय सदस्य ) एकदमै भलपुर राख्नु पर्ने आवास भइरहेको म जानकारी गराउँछु हवस धन्यवाद ।

<u>माननीय सभामुखः</u> १ मिनेट १ मिनेटमा माननीय सदस्य

<u>माननीय बदमी क्वारी बोहोराः</u> सभामुख महोदय यो त्यहीँ ७८ माघ १८ गतेको ७ बुँदे सम्झौताको बुँदा नम्बर ४ कै विषय पूर्वधार विकास कार्यक्रमको विषयमा हाम्रो पनि डोल्पा जिल्ला निर्वाचन क्षेत्र क मा रिक्त रहेको अवस्थामा अहिले प्रमुख प्रतिपक्ष दलको सल्लाह र सहमतिमा जुन कायक्रम अगाडि बढाउने भन्ने निर्णय हुँदा हुँदै धेरै कुराहरू माननीय पूर्ववक्ता माननीयज्यूहरूले भन्या जस्तै त्यही तरीकाले अगाडि बढेको छ र यो सात बुदे सम्झौतामा जे कुरा भको छ यलाई चाहिँ यथाशीघ्र कार्यन्वयन गर्न हुन म सभामुखज्यूमार्फत सम्बन्धित निकायलाई ध्यानार्कषण गराउँछु धन्यवाद ।

<u>माननीय सभामुखः</u> राखौं माननीय सदस्य

<u>माननीय खडक बहादुर खत्रीः</u> यो सरकार कर्णाली प्रदेशको सरकार छ जनताले विकास सङ्घीय सरकारबाट अनुदानबाट आएको बजेट छ हामी यलाई हासी मजाक ठट्टाका रूपमा हेरि राछौं । हामी सुविधा लिई राछौं त्यसैले के होतभन्दा २०७६ देखि चलेका योजनाहरू मन्त्री, सचिव र तप्पर निकायका कर्मचारी अथवा कार्यन्वयन गर्ने समुदायले अहिलेसम्म चाहै झोलुङ्गे पुल हुन चाहे पक्कि पुल हुन चाहे सडक हुन स्वास्थ्य, सडक, स्कुलका अधुरा योजनाहरू र काही मैखिकका भरमा सम्झौता नगराएर यस्ता किसमका योजना छन् मलाई लाग्छ मन्त्रीहरू यसमा जिम्मेवारी हुन जरुरी छ र अर्को उसमा उत्तर दिन जरुरी छ किन होतभन्दा कहाँ कहाँ का योजना छन् कति योजना छन कर्मगत योजना छन् ।समपूरक योजना छन विशेष योजना छन वहुवर्षीय योजना यी योजना अन्तरगत अधुरा योजना छन यलाई लथालिङ्गभएको अवस्था छ र तीन तीन सरकारका सङ्घीय सरकार स्थानीय सरकार प्रदेश सरकारका भनौं एउटै योजना पनि

परेका त्यस्ता त्यलाई चाहिँ फाटवारी निकालेर त्यसलाई एकीन गरेर यलाई अगाडि बढाउन जरुरी छ र अर्को यो वहुवर्षीय योजना सदनबाट पास भई सार्वभौम सत्ता जनताबाट सार्वभौम (माननीय सभामुख सकौं माननीय सदस्य) यसलाई कार्यन्वयन गर्नका निमित्त अनुरोध गर्न चाहन्छु र विशेष म के अनुरोध गर्न चाहन्छु भने सम्झौता भएको छ । यो आलटाल गरेर मुख्यमन्त्री चाहिँ उपस्थित हुने र उत्तर दिने र सम्बन्धित मन्त्री (माननीय सभामुखःसकौं सकौं माननीय सदस्य) त्यसैले के आग्रह गर्न चाहन्छु । यसलाई सम्बन्धित सभामुखमार्फत् सरकारलाई कार्यन्वयन गर्न चाहिँ गरियोस् नत्र एमालेलाई अथवा प्रतिपक्षलाई वाध्य नबनाइयोस् कडा कदम चालिनेछ म यहीं भन्दै बिदा हुन्छु, धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू प्रदेशसभाको आठौं बैठक र आजको बैठकमा ढयाप्ढयाप्े समयको प्रयोग गरी माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा प्रदेशसभाको आगामी बैठकमा जवाफ दिन प्रदेश सरकारलाई रुलिङ्गगर्दछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीलाई शान्ति तथा पुनःस्थापना केन्द्र स्थापना गर्न बनेको विधेयकमाथि सामान्य छलफलका लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु।

<u>आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीः</u> माननीय सभामुखज्यू जनयुद्ध जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनका क्रममा मृत्यु भएका र बेपत्ता पारिएका व्यक्तिका परिवार तथा घाइते अपाङ्गता र सशक्त भएका व्यक्तिलाई हेरचाहा पुनःस्थापना र सिपमूलकतालीम प्रदान गरी सहज जीवनयापन गर्ने सक्षम तुलाई दिगो शान्ति स्थापनार्थ कानूनी व्यवस्था गर्न आवश्यक भएकोले सभामा टेबुल भइसकेको शान्ति तथा पुनःस्थापना केन्द्र स्थापना गर्ने बनेको विधेयक कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सामान्य छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू शान्ति तथा पुनःस्थापना केन्द्र स्थापना गर्न बनेको विधेयकमाथिको सामान्य छलफलमा भाग लिन चाहनु हुने मानानीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु । माननीय सदस्यहरू शान्ति तथा पुनःस्थापना केन्द्र स्थापना गर्न बनेको विधेयकमाथिको सामान्य छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले सभामुखको

ढायासको बायाँ तर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनु होला । सर्वप्रथम माननीय श्री ठम्मर बहादुर विष्ट समय सात मिनेट।

__माननीय श्री ठम्मर बहादुर विष्टः__ माननीय सभामुखज्यू सर्वप्रथम ढिलै भए पनि शान्ति तथा पुनःस्थापना केन्द्र स्थापना गर्ने बनेको विधेयकलाई अन्तिम सोरूप दिएर हामी अगाडि बढाउने प्रक्रियामा छौं । यसको लागि मैले अ सबैलाई आभार व्यक्त गर्न चाहन्छु । अब यसमा यो विषय अलिकति अ हाम्रो परिवर्तन र व्यवस्थासँग पनि जोडिएको हुनाले यद्यपी समयक्रमको हिसाबले यो धेरै ढिलो भयो किनकि ६२/६३ पछिको प्रक्रियाबाट हामीले हेर्ने हो भने धेरै वर्ष गुज्रिरहेको छ र प्रदेश हामीले स्थापना गरेको पनि झन्डै झन्डै हामी उत्तरार्धतिर आइपुगेका छौं त्यसो भएको हुनाले जसरी यो प्रक्रियामा अगाडि बढ्दै छ अब यसमा धेरै कुराहरू भाषिक कुराहरू अन्य कैयौं चाहिँ अ यसको शब्दावलीहरू देखि लिएर अन्य कहि कुराहरू अ पनि मिलाउनु पर्ने कुराहरू छ सरसरती हेर्दा त्यो कुरा हामीले दफावार छलफलमा पछि छलफल हुने नै छ र अब संशोधनको प्रक्रियामा यसलाई अझ परिष्कृत गराउने कुरा हुने नै छ तर यसमा एउटा महत्त्वपूर्ण कुरा केछ भने अब अहिले पनि मुख्य गरेर एउटा प्रश्न उब्जिरहेको छ कि यो जसरी द्वन्द्वका घाउहरूलाई कसरी हामीले मलम पट्टी लगाउने भन्ने कुरा अहिले पनि एउटा ठुलो विषय भनेर आको छ । चाहे त्यो सहिद परिवारको सवालमा होस् या घाइते अपाङ्गको सवालमा होस् या बेपत्ता पारिएका सवालमा होस् एकातिर त्यहाँ जेजति राज्य पक्षबाट गकोछ त्यो कुरा प्राप्त छैन भन्ने कुरा अ विभिन्न गुनासाहरू सम्बन्धित पक्षबाट हामीले पाइरहेका छौं । यो कुरा लाई जे जति छुटेको छ हिजो केन्द्र सरकार मातहतबाट गर्दाखेरि समग्रमा नपुग्ने कुरा स्वभाबिकै पनि होला तर धेरै यस्ता पक्षहरू छुटेका छन । पहिलो कुरा उनीहरूलाई यहाँ पनि यसमा लेखिएको छ विभिन्न पुँजीका कुराहरूसँग उनीहरूलाई जोडने पहुँचको कुराहरूलाई जोडने तालीम प्रविधिका कुराहरूमा उनलाई जोडने उनीहरूको मनोबल उठाउनलाई जोडने भन्ने थुप्रै कुराहरू अ पनि यसमा चाहिँ उल्लेख भको छ यो कुराले कति समेटछ नत्र अहिलेसम्म भको कुरा के छ भने जेजति हिजो राज्यले यो प्रक्रियाहरू अवलम्बन गर्‍यो त्यसमा प्राप्त भएन भन्ने गुनासाहरू हामीले सुनिरहेका छौं । गुनासा मात्रै हैन धेरै एउटा चाहिँ तपाईंको फरकप्रतिक्रियाहरू आको छ र तपाईं हामी सबैलाई थाहा छ । माननीय सभामुखज्यूमार्फत मैले यो कुरा यहाँराख्न चाहन्छु कि वास्तव मैं यो हामी सबैलाई यो अनुभूति भएको विषय हो । अब यसो हुँदा अब यदि सही ढङ्गले हामीले अब यसको मकसदमा जादाखेरि हिजो जसरी जनयुद्धको जगमा जनआन्दोलन भयो यो परिवर्तन

सम्भव भयो गणतन्त्र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो अब यो ढङ्गले सहिद परिवार या घाइते अपाङ्गया बेपत्ता जे हामीले भनिरहेका छौं ती भनेका वास्तवमा क्रान्तिका पुर्जि हुन ती सम्पति परिवर्तनका ती पुर्जी हुन् सम्पत्ति हुन् यो कुरालाई हामीले अब ठिक ढङ्गले यलाई प्रदेशको सापेक्षतामा हामीले सम्बोधन गर्न अवस्था आएको छ । अब यस सन सन्दर्भमा यलाई अझै ठोस र परिष्कृत बनाएर वास्तवमै चराइरहेका घाउमा मलहम लागाउने किसिमले मात्रै होइन कि अ वास्तवमै यो सबै कुरा सहिदहरूको रगतले सम्भावना भको हो घाइते अपाङ्गहरूको चाहिँ विरता र चाहिँ तपाईंको त्यो एउटा सक्रियताले सम्भावना भको र बेपत्ताहरूको एउटा चाहिने रगतले यो कुराहरू अथवा उहाहरूको चाहिँ बलिदानी भावले यो कुरा सभालाई एउटा चाहिँ सम्भव भएको हो भन्ने कुरालाई हामीले आत्मबोध गर्दै अब थप हामीले के गर्ने सक्छौ भौतिक सवालमा आर्थिक सवालमा राजनीतिक सवालमा र समग्रमा हामी के गर्ने सक्छौ जस्तो हामीले हेरछौ कतिपय अन्तर्राष्ट्रिय रूपमा क्रान्ति सम्पन्न भए त्यहाँ सहित परिवार बेपत्ता घाइते अपाङ्गहरूलाई छुट्टै एउटा व्यवस्था गरेको हुन्छ । यहाँ त्यो कुरा वास्तवमै एउटा उहाँहरूले उठाउने कुरा पनि स्वाभाविक छ कि कुनै पनि एउटा समाजमा उहाँहरू ठाडो सिर गरेर हिडन सक्ने मात्र हैनकि राज्यले नै त्यस्तो खालको समग्र चाहिँ तपाईंको एउटा आधारभूत आवश्यकताका कुरामा होस् अथवा समग्र जीवनयापनका कुरामा होस् अथवा एउटा राजनीतिक हिसाबले चाहिँ उहाँहरूको शिर ठाडो भएर चाहिँ अगाडि बढ्ने त्यो खालको चाहिँ राज्यबाट गरिने राजनीतिक सम्बोधनहरू हुन् त्यस्तो खालको हामीले देख्छौं । त्यो स्थिति हामीले नेपालमा पाइरहेका छैनौं यद्यपी केवल अब जनयुद्धलाई अथवा चाहिँ जनआन्दोलन या यो परिवर्तनलाई अलिकति केही न केही गरिराख्नु पर्छ कि भन्ने खालको कुराले त्यो भए तापनि यो पाइराखेका छैनौं नम्बर १ नम्बर २ अब यो कुरा दोस्रोसँगसँगै महत्त्वपूर्ण कुरा के छ भने यसमा एउटा समेट्न पर्ने विषय अहिले पनि थुप्रै घाइते अपाङ्गहरू सहिदका तपाईंको चाहिँ विवरणहरू र बेपत्ता पारिएका विवरणहरू पनि अहिले पनि आइरहेका छन् । र कतिपय त पाउनु पर्ने शरीर भरि तपाईंको गोली लिएर हिँडेको अवस्था र उनीहरूको चाहिँ तपाईंको यो प्रक्रियामा सहभागी नभाको अवस्था हामीले नाङ्गै आखाले देखिराख्या छौं । त्यसकारण यो किसिमले पनि मलाई विश्वास छ अब जसरी यो शान्ति तथा पुनःस्थापना केन्द्र स्थापना गर्ने हाम्रो एउटा ठोस अवधारणा अगाडि बढ्दै छ । यसलाई एउटा यो कानूनमार्फत् हामीले जसरी ती सम्बन्धित पक्षमा यलाई एउटा उहाका मागहरू भनै या उहाँका चाहिँ चाहनाहरूलाई उहाँका आवश्यकता

हरूलाई पूरा गर्ने जो अठोट हामीले गर्दैछौं सम्भवत यो कुरा पूरा हुने छ। मलाई त्यो विश्वास छ । त्यसकारण अब अन्तिमा यो जसरी यो विधेयक यहाँ तयार भएको छ यसलाई अब जतिसक्दो छिटो हामीले यलाई एउटा ऐन कानूनको रूपमा चाहिँ डालेर जति सक्दो छिटो सहिद परिवार घाइते अपाङ्गबेपत्ता परिवार र सहिदहरूको समग्रमा सम्मान हुने गरेर यसमा कुनै पनि तपाईंको हामीले कुनै पनि चाहिँ अब आर्थिक होला या भौतिक होला या कुनै पनि हिसाबमा थेरै हुन्छ कि धेरै हुन्छ कि भन्ने हिसाबले हैन कि समग्र अब पुग्ने गरेर बरु अरू कुनै पनि तपाईंको चाहिने क्षेत्रबाट पनि यलाई चाहिँ कटौती गरेर भए पनि यस क्षेत्रमा लगानी गरेर हामीले जानेर साच्चि नै एउटा चाहिँ परिवर्तनका समवाहकलाई सम्मानित गर्ने त्यस पछि वास्तवमै कर्णाली प्रदेशको त्यहाँ सफता पनि झल्कने छ र हामी सबैको त्यसमा सफलता पनि जोडिने छ, धन्यवाद ।

**<u>माननीय सभामुखः</u>** माननीय श्री दल रावल समय ७ मिनेट।

**<u>माननीय दल रावलः</u>** माननीय सभामुख महोदय अब यो हाम्रो देश नेपाल ऐतिहासिक रूपलेनै नेपाली जनताहरू अधिकार प्राप्तिको लडाइमा ठुलो लडाइ लड्नु पर्‍यो कहिले राणासँग, कहिले राजासँग र विभिन्न परिवर्तनका लागि ४६ सालको जन आन्दोलन, ६२/६३ को ऐतिहासिक जनआन्दोलन, त्यस पछिको १० वर्षको जनयुद्ध लगायतका थुप्रै सहितहरूले बलिदानी गरे थुप्रै घाइते अपाङ्गहरू हुनुहुन्छ। कतिपय नागरिकहरू बेपत्ता पनि हुनुहुन्छ । अझै पनि हाम्रो पिसप्रोसेसले जुन कुरा बोल्याथियो त्यो प्रोसेसलाई एउटा लजिकल इन गर्नको निम्ति राज्यले दुईओटा आयोग पनि बनाएको थियो तर ती आयोगहरू आयोगको रूपमा मात्रै छन् । अहिलेसम्म चाहिँ त्यले सफलता प्राप्त गर्न सक्याछैन ती आयोगहरू र थुप्रै नागरिकहरूले न्याय पाउन बाँकी छ । यस सम्बन्धमा दक्षिण अफ्रिकामा पनि ठुलो रङ्गभेदी आन्दोलन भयो २७ वर्ष नेन्शन मन्डेला जेल बस्नु भयो र त्यहाँ चाहिँ रङ्गभेदी आन्दोलन मुक्त गरेर त्यहाँका जनतालाई एक खालको मुक्ति दिए र उहाले के भन्नु भाछ भने पिस प्रोसेसको बारेमा पिस प्रोसेस कोसँग जोडिएका विषय बारेमा फरगिप्ट नटफरगिप्ट त्यो एउटा थेउरी हो । त्यो उहाँले भन्नु भएको थ्योरी पनि नेपालमा पनि लागु हुन्छ । क्षमा गर तर नर्बिस भन्ने कुरा हामीले चाहिँ छिटोभन्दा छिटो यो टुङ्ग्याउनुपर्छ यो राज्यको दायित्व भित्र पर्ने कुराहो तर अलमलिएर बसेछ । त्यसै गरी कर्णाली प्रदेश सरकारले पनि त्योसँगै जोडिएका विषयहरूलाई अलिकति राहत अलिकति क्षमता विकास उहाँहरूका परिवार आस्रित परिवारहरूको क्षमता विकास गर्ने कुराहरूका बारेमा व्यवस्था गर्नेको निम्ति

एउटा विधेयक टेबलमा चाहिँ आज प्रस्तुत गऱ्याछ । यो हाम्रो चाहिँ संसद्मार्फत यसैको सैद्धान्तिक छलफलमा हामी छौं । हामीले विधेयक बनाउँदाखेरि विधेयक बनाउन त अब गाह्रो पनि छ सजिलो पनि हुन्छ । यसका आर्थिक दायित्वहरू कति सिर्जना हुन्छनन यसले भोलि हाम्रो भविस्यमा कति प्रभाव पार्छ हाम्रो राज्य केरे हाम्रो प्रदेशको रेभिन्युको स्टाटस केहो हामीले आम्दानी कति गर्छौं हामी चाहिँ जम्मै यो समानी केरे समानीकरण अनुदानबाट राजस्वबाट मात्रै चाहिँ केन्द्रको मुख ताकेर बसेको प्रदेश हो । अब यसमा हामीले के कति गर्ने सक्छौ भन्ने कुरालाई पनि ध्यान दिनको निम्ति आग्रह गर्ने चाहन्छु प्रदेश सरकारलाई ठिक छ यो चाहिँ यो भनिरहँदा मैले फेरि यो विधेयकको विरोध गर्न खोज्यो नबुझ्नु होला यो मैले गर्ने खोजेको होइन। त्यो आवश्यक पनि छ किन भने ऐतिहासिक योगदान गर्ने मान्छेहरूको सम्मान गर्ने जरुरी छ त्यो हामी गर्नुपर्छ हामी सबै नागरिक र राजनीतिक मान्छेले त झन गर्नु नै पऱ्यो तर जुन सुकै इन्स्टिच्युटबनाउँदाखेरि पनि एउटा कल्पना विधेयकले कानूनी कल्पना गऱ्याछन् । खाली मन्त्री, मुख्यमन्त्रीको अध्यक्षता भन्ने खालका परिषद् गठन गर्ने मात्रै कुराहरू गरियाछ । एउटा संचालक समिति बनाउने भन्याछ त्यो संचालक समितिको फेरि अध्यक्ष चाहिँ मन्त्री नै हुने व्यवस्था गऱ्याछ । विधेयकमाथि हामी स्वायत्त संस्था हुन्छ अटोनमस बढी हुन्छ भन्छौं तल आएर फेरि मन्त्री जोडियाछ यो हामी अलिकति सरकार मलाई लाग्छ अलिकति स्पस्ट पनि नभएका पनि हुन सक्छौं । कतिपय अथ्यरिटिहरू बाटोका माध्यमबाट पनि गर्न सक्छौं अहिले माननीय आर्थिक मामिला मन्त्रीज्यू यहाँ हुनुहुन्छ आर्थिक मामिला मन्त्रीले अहिलेसम्म पुलिसको कामहरू हामीले प्रदेशबाट गर्न नसकेको हुनाले मैले अपमान गर्ने खोजेको हैन तर पनि अरू मन्त्रालयभन्दा निकै काम नपाएको अवस्था त्यो आन्तरिक मामिला मन्त्रालय छ। त्यहाँ भित्रको एउटा युनिटले पनि यो न्याय दिने काम गर्न सक्छ मलाई लाग्छ नेपालमा थुप्रै सिपमूलक संस्थाहरू छन सिटिइभिटिले त्यत्रो ठुलो अरबौं बजेट खर्च गर्छ। त्योसँग इन्टरनल्लीगरेर ती नागरिकहरूलाई चाहिँ सिपमूलक कामहरू दिएर अनि काहीबाट फाइनसियन व्यवस्थाहरू गर्दैर उनलाई गरिखाने बनाउनको निम्ति उहाँहरूको शिक्षा दिक्षामा अगाडि बढाउनको निम्ति पनि एउटा सानो युनिटबाट पनि हामीले काम गर्न सक्छम् मलाई त्यो लाग्छ । हामीले एउटा ठुलो संरचना फेरि माननीयलाई अध्यक्ष बनाएर ठुलै निर्णय गराएर गर्ने त्यो जम्बो जेट खर्चिनुको संयन्त्र बनाउनुभन्दा पनि एउटा अथोर्योटीबाट एउटा मलाई त लाग्छ शान्तिभन्दा पनि यो द्वन्द्व के भन्छ यो पोस्ट कम्पिलिटको एउटा मेकानिजम हो यो हैन द्वन्द्वोतोर व्यवस्था गर्न

बनेको कानून हो यो त्योसँग जोडिएका नागरिकहरूको जीवन रक्षाका निम्ति त्योसँग जोडिएका नागरिकहरू सहिद परिवारका बेपत्ता घाइतेहरूका बालबच्चाहरूको शिक्षा दिक्षाको निम्ति उहाँहरूको सिपमूलक उहाँहरूको क्षमता विकास गरेर यिनकम जेनेरेशनसँग जोडने आय आम्दानीसँग जोडेर उनको लाइफ स्टाइल सहज बनाउन पनि मात्रै त उद्देश्य हो, यसको हो यदि हो भने हामीले छुट्टैछुट्टै एउटा फेरि अझ एउटा जम्बो जेट बनाउनुभन्दा एउटा त्यो आन्तरिक मामिलाभित्र मन्त्रालयभित्र एउटा युनिट बनाइ दिएर हामीले चाहिँ ठुला सिपमूलक कामहरूमा जोड्न सक्छौँ । हामीले उहाँहरूलाई चाहिँ सिपमूलक कामहरू हामी गराउन सक्छौ ठिक छ एउटा कोषको व्यवस्था गरेर उहाँको चाहिँ वृद्धि विकासका लागि भोलि हामीले के सपोट गर्ने सक्ने हो । त्यस्ता कुरामा पनि हामी चाहिँ सहयोग गर्न सक्छौं प्रदेश सरकारले किन कर्णालीको हिजो द्वन्द्वको बेला अत्यन्त प्रभावित ठाउँ पनि हो फेरि कर्णाली प्रदेश थुप्रै नागरिकहरू चाहिँ घाइते हुनुहुन्छ । थुप्रै नागरिकहरू बेपत्ता पनि हुनुहुन्छ । हैन थुप्रै नागरिकहरू म भनौ हुम्लाको यो प्रदेश प्राप्तिको आन्दोलनमा हुम्लाको एक जना ताजाकोटको नागरिकले अहिलेसम्म १ रुपैया नपाएर अहिले पनि फेरि आएर कराई राख्याछ, त्यो मान्छे, त्यो मरिसक्यो भनेर त्यति खेरको माननीय सभासद रिता माननीयलेज्यूले त मरिसक्यो भनेर अन्तरवार्ता दिएर त्यही न्युजमा पनि आइराथ्यो नि हुन पनि मरिसक्या जस्तो थियो । त्यो मान्छे तर हामी सप्पै लागेर बचाएको नागरिक हो त्यो अहिले पनि छर्रा थुप्रै छन् प्रदेश प्राप्तिको आन्दोलन लडेको मान्छेले पनि अहिलेसम्म केही पाएको छैन ।अरू पनि त्यस्तैले नपाएका पनि हुन सक्छन् । त्यो भको नाताले यिनलाई न्याय दिने कुराहरूत सरकारले गर्नु नै पर्छ किनभने राज्य उत्तरदायीहुनुपर्छ । हैन हामी चाहिँ एकाउन्टेबल राज्य नागरिकप्रति भएन भने गर्ने कले गर्न त गर्नु नै पर्छ तर कस्तो मेकानिजम बनाउँदा उनले पनि राहत पाउछन् । उनले पनि छिटो सेवा पाउछन् र यता पनि चाहिँ इन्भेस्टिगेट खर्च घट्छ प्रसासनिक खर्च घटाउनु पनि हाम्रो दायित्व हो किन भने हामीसँग जम्मा ३० ३० ३५ करोडको रेभन्यु छ कर्णाली प्रदेशमा सबै त्यही माथिको मुख ताकेर बस्नु पर्ने अवस्था छ भने ठुला मेकानिजम गर्नुभन्दा पनि सानो सुस्त मेकानिजमबाट छिटोभन्दा छिटो राहत दिने कुरा गरौं र अर्को चाहिँ कार्यकारीको व्यवस्था गर्ने भन्ने कुरा गर्‍याछ, कार्यकारी द्वन्द्व यो कन्फिकको विषयमा अलिकति उ गरेको विशेषज्ञता हासिल गरेको मान्छे चाहिँ गर्दा राम्रो हुन्छ कम्पिटेसन गराएर ल्याउ हामी अब जम्मै राजनीतिक नियुक्ति गर्ने नियुक्ति गर्ने मैले आज अर्का हजुरहरूको पार्टीको सरकार छ भन्न खोज्या हैन । भोलि हामी पनि

सरकारमा आउने पार्टी हो त्यो आउछौं, हिजो थियौं भोलि पनि हुन्छौं । तर कतिपय विशेषज्ञता राख्ने चिजहरू बाहिरबाट फेरि कम्पिटिसन ल्याउ उहाँले विशेषज्ञ क्षमता देखाउँछ । हामी जम्मा कार्यकर्ता मात्रै गर्न सजिलो होला भन्ठान्छौं अनि जम्मा राजनीतिक नियुक्ति गर्ने त्यो मन्त्रीको अध्यक्षतामा मेकानिजम बनाउने राजनीतिक नियूक्ति गर्न त्यले गर्दाखेरि हामी कोही पनि यहाँ सरकारलाई मात्रै भन्न खोज्या हैन । हामी कोही पनि फेरि हामी भोलि कार्यकर्तातिर लागिहाल्छौं । त्यो भएको नाताले सम्बन्धित विषय विज्ञलाई नियूक्ति गरेर खुला प्रतिस्पर्धा गराएर त्यो नियूक्ति गरेर त्येसले न्याय दिने खालको मेकानिजम चुस्त दुरुस्त मेकानिजम गरौं । यो विधेयकले मलाई भोलि हामी संशोधन पनि हालौला, त्यो खोज्याछ तर हामीले अब छिटोछरितो गर्नु पर्ने भएर पनि होला माननीय मन्त्रीज्यूहरूले अलि अर्कैतिर जान खोज्या देखिन्छ। (माननीय सभामुखः सकौं माननीय सदस्य) त्यो भएको नाताले यसलाई छोटो छरितो मोकानिजम बाटै यी परिवर्तनमा लागेका नागरिकलाई न्याय दिने व्यवस्था गरौं, धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री कौशिलावती खत्री समय ७ मिनेट

<u>माननीय श्री कौशिलावती खत्रीः</u> माननीय सभामुख महोदय आज शान्ति तथा पुनःस्थापना केन्द्र स्थापना व्यवस्थापनमा बनेको विधेयकमाथि छलफल गर्दा मलाई आज केहिन केही ती घाइतेहरूको विषयमा बेपत्ता पारिएका नागरिक र ती पिडित विभिन्न अधिकार प्राप्तिको लागि जो यो व्यवस्था ल्याउनको लागि आम नागरिकलाई आफ्नो अधिकार सुनिश्चित गर्नको लागि आफ्नो ज्यान गुमाएका परिवार र सहिदप्रति अलिकति भए पनि न्याय हुन्छ कि भन्ने अनुभूति भाछ र सरकारलाई म धन्यवाद दिन चाहन्छु । विशेष गरी विभिन्न आन्दोलन र १० वर्ष जनआन्दोलनमा घाइते भएका र बेपत्ता पारिएका परिवार र उहाँका आफन्तहरूलाई न्याय दिनको लागि र केही आत्मसम्मान उहाँहरूलाई सम्मानित परिपुरक र पिडितलाई सम्मान गर्ने विभिन्न आयोगहरू बने ती आयोगहरू कुरा मात्रै भए र त्यो आयोगले अझै पनि त्यलाई व्यवस्थापन गर्न सकेन र यहीं स्थितिमा हो भने अझै यलाई न्याय पाउ पिडितलाई न्याय पाउने गरी व्यवस्थापन गर्न गाह्रो छ । त्यसैले जति आयोगहरू संरचनागत रूपमा मात्रै हैन नागरिक यी नागरिकहरूलाई न्याय दिनको लागि हाम्रा यी संरचनाहरू ती आयोग जस्तै यी विधेयकहरू कानूनहरू ऐनहरू त्यस्तै किसिमका निष्क्रिय हुँदैन र कार्यन्वयन पक्षमा जाने खालको बनाउन पर्छ भन्ने मलाई लाग्छ त्यसैले म के यो सैद्धान्तिक छलफलमा के भन्न चाहन्छु भने विगतका दलहरूले जो आफ्नो

प्रतिबद्धतागरेका थिए । ती प्रतिबद्धतालाई सम्झेर एक चोटि आफूले दलहरू जति सेवा सुविधा सहिदको रगतमा खेलेर त्यो परिवारको आसुमा खेलेर जति सेवा सुविधा लिनुभएको छ। त्यलाई आज स्मरण गरेर हामीले बनाउने कानून हामीले छुट्टाउने बजेटमा हेक्का राख्नु पर्छ भन्ने मलाई लाग्छ र सरकारले ल्याएको विधेयकमा यो संरचनागत कुरा गर्दा कतिपय यो विधेयकका संरचना भित्र केही यो कार्यन्वयन गर्ने संरचनाका कुरा गर्दा सरकार मात्रै ओनरसिपमा रहेर सरकारमा आफू प्रमुख दायित्व लिएर यो संरचना बनाउन ठिक छैन किन भने माननीय पूर्ववक्ता माननीयले भने जस्तै चुस्त दुरुस्त अन्य ठाउँबाट यो व्यवस्था गरेर बजेटको समेत उसले व्यवस्थापन गर्ने गरी यो विधेयक बनाउनु पर्छ तब मात्र पिडितहरूको पनि ओनरसिप हुने गरी त्यहाँ त्यो उसमा संरचना हुने गरी बनाइ दियो भने अलि प्रभावकारी हुन्छ जस्तो लाग्छ । त्यो कुराको साथै जघन्य मानव अधिकार विरोधि अपराधमा संलग्न जुनसुकै, जतिसुकै हैसियतमा जुनसुकै ठुलो हैसियतमा भएका व्यक्तिहरूलाई कानूनी दायरामा ल्याउनको लागि कानूनी दायरामा ल्याउनको लागि यो विधेयक भित्र केही अधिकारहरू दिलाई दिनु पर्छ र तुरुन्त कानूनी दायरामा ल्याउनु पर्छ किन भने कति बेपत्ता पारिएका परिवार घाइते परिवारका अहिले पनि रोदनहरू हामीले सुनिराखेका छौं । उहाँहरू माथि भएको अन्यायलाई वास्तवमा नछलेर कुरा गर्दा अहिलेसम्म भएका सरकारले नगरेको काम लाई गर्नको लागि यो विधेयकले मलहम पट्टिको रूपमा काम गर्नुपर्छ मलाई लाग्छ । यस्तै गरी उहाँहरूको आत्मसम्मानको लागि र उहाँहरूको परिवारलाई पूरा व्यवस्था कुरा गरिरहँदाखेरि पुनः व्यवस्था निस्पक्ष रूपमा छानविन गरेको वास्तवमा साच्चैको उहाँलाई निस्पक्ष रूपमा छानविन गरेर उहाँहरूको परिवारलाई राहत हुने खालको कार्यक्रम देखि लिएर विभिन्न किसिमका सुविधाहरू विधेयकमा नै क्लिएर गरिदिनु पर्छ किन भने अहिलेसम्म देखेको जुन प्रयास हुन त्यले प्राप्त रूपमा देखिएको छैन । यस्तै गरी विभिन्न यो विधेयकलाई हामी यो संसद्मा यो सदनमा सांसदहरूले दिएका सुझाव र विषयगत समितिहरूमा व्यापक रूपमा बुँदामा छलफल गर्नुपर्छ यो महत्त्वपूर्ण विधेयक हो किन भने यहीं उनीहरूकै आज त्याग र पसिना बलिदानले गर्दाखेरि रगतले गर्दा र हामी आज यो व्यवस्थामा छौं र हामीले ती स्वतन्त्र पाएका छौं त्यसैले उहाँहरूको समेत उहाँहरूलाई समेत प्रतिनिधित्व गराएर विज्ञलाई त्यो विषयमा विज्ञलाई समेत प्रतिनिधित्व गराएर यो संरचना विशेष यसमा गरेका संरचना यसका सुविधा र यसका नियमनका कुरामा व्यापक छलफल गरिनु पर्छ व्यापक छलफल गरिनु पर्छ सरोकारवालाका माझमा पनि लैजानुपर्छ भन्ने मलाई लाग्छ ।

त्यसैले यो विधेयकलाई अझै पनि साच्चै अब विभिन्न परिस्थितिमा विभिन्न काल खण्डमा हाम्रा गरेका कतिपय कानून कतिपय नीति कतिपय कार्यविधि सीमित कागचका पानामा मात्रै रहे ती कागचका पानामा रहने गरी यो विधेयक हुनुहुदैन र साच्चै पिडितले न्याय पाउने गरी यो विधेयकले यो विधेयकले त्यो पिडितहरूका साच्चै कर्णाली प्रदेश सरकार छहै भन्ने महसुस गराओस् त्यस समितिमा छलफलको लागि र सदनको लागि हामी पनि तयार छौं र हामीले आफूले गर्नु पर्ने भूमिकामा हामी पनि आफ्नो भूमिका निर्विवाद रूपमा देखाउने छौं भन्दै आफ्नो भनाइ टुङ्ग्याउछु धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीलाई शान्ति तथा पुनःस्थापना केन्द्र स्थापना गर्न बनेको विधेयकमाथि सामान्य छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु।

<u>आन्तरिक मामिला तथा कानून माननीय श्री हिम बहादुर शाहीः</u> माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारबाट टेबुल भएको शान्ति तथा पुनःस्थापना केन्द्र स्थापना गर्ने बनेको विधेयकमाथि साधारण छलफलमा प्रदेशसभाका माननीयज्यूहरूले राख्नुभएको अत्यन्तै सान्दर्भिक छलफलबाट आएका सुझावहरू कर्णाली सरकारको अत्यन्तै गम्भीर ध्यानार्कषण भएको छ । कर्णाली सरकार अवश्य पनि प्रदेशसभाका माननीयज्यूहरूबाट टेबुल भएका कुनै पनि विधेयकमाथि वस्तुगत अथवा तथ्यगत आएका सुझावहरू आएका यसको व्यापक छलफलबाट आएका निष्कर्षहरूलाई आत्मसात् गर्ने कर्णाली सरकार प्रतिबद्ध छ । यस छलफलमा मैले लामो भनिराख्नु पर्ने छैन मलाई लाग्छ एउटा साधारण तया आधारभूत आवश्यकता र जीवनयापनको बारेमा यो उले केरे हाम्रो विधेयकले बोलेको कुरामा माननीयज्यूहरूबाट सुझाव आएको थियो यसको लक्ष र उद्देश्य नै त्यही छ आधारभूत आवश्यकता र जीवनयापनको यसको मूल उद्देश्य हो । यस विधेयकको मूल उद्देश्य नै त्यही हो यसमा स्पस्ट लेखिएको छ जनयुद्ध जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनको क्रममा मृत्यु भएका र बेपत्ता पारिएका व्यक्तिका परिवार तथा घाइते अपाङ्गता र असक्त भएका व्यक्तिलाई हेरचाह पुर्नःस्थापना र सिपमूलक तालीम प्रदान गरी सहज जीवनयापन गर्न सक्षम तुल्याउने भन्ने मूल उद्देश्य रहेको छ । म धन्यवाद दिन चाहन्छु माननीय सदस्यहरूलाई पनि यसलाई अत्यन्तै आवश्यकता ठानेर जुन सुझाव आएको छ कर्णाली प्रदेश सरकारको पनि अत्यन्तै पवित्र दुरदर्सीसोचाइ यहीं हो हाम्रो देशमा हाम्रो राष्ट्रमा सार्वभौम अधिकार

प्राप्तिको लागि लोकतान्त्रिक मान्यताको प्राप्तिको लागि अथवा मानवीय स्वतन्त्रको लागि जुन जनयुद्ध भयो जनआन्दोलन भयो अथवा हाम्रो यो प्रदेश कै स्थापना प्राप्तिको लागि जुन घाइते अपाङ्गआन्दोलन भए ती कति बेपत्ता पारिए, कतिको मृत्यु भयो त्यो पर राखौ त्यसै सिलसिलामा भएका अपाङ्गहरू त्यसै सिलसिलामा भएका घाइतेहरू त्यसै सिलसिलामा भएका विधुवाहरू त्यसै सिलसिलामा भएका टुहुराहरू आदि इत्यादि मानव जीवनलाई कसरी संस्थागत रूपमा लैजान सकिन्छ भन्ने मूल उद्देश्य र ध्ययका साथ यो विधेयक आएको छ । यो विधेयकको अन्तरवस्तुमा अहि नाम नलिउ माननीयज्यूले अर्को प्रश्न उठाउनु भएको थियो आर्थिक स्रोतको व्यवस्थापन अवश्य पनि विधेयकमा दरिलो र भरपर्दो रूपले आउनु पर्छ भनेर उठाउनु भएको थियो अवश्य पनि प्रदेश सरकारको गम्भीर ध्यानार्कषण भएको छ । यस विधेयकको अन्तर वस्तुमा आर्थिक स्रोत र व्यवस्थापनलाई अत्यन्तै स्वव्छ अत्यन्तै पारदर्सिक अत्यन्तै दरिलो र भरप्रदो बनाएर अवश्य पनि हाम्रो लक्ष्य र उद्देश्यभित्र रहेका परिवार अथवा सदस्यहरूलाई परिणाममूखी उनीहरूको आवश्यकतालाई प्रतिविम्व हुने गरेर कर्णाली प्रदेश सरकार अगाडि बढ्न तयार रहन्छ हवस् धन्यवाद जय नेपाल ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीले सभासमक्ष प्रस्तुत गर्नु भएको शान्ति तथा पुनःस्थापना केन्द्र स्थापना गर्न बनेको विधेयकमाथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली २०७४ को परिच्छेद १५ व्यवस्थापना कार्यविधिको नियम १०९ को उपनियम १अनुसार शान्ति तथा पुनःस्थापना केन्द्र स्थापना गर्न बनेको विधेयकमा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका भुमिव्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्र बहादुर शाहीलाई कृषि व्यवासयी प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सामान्य छलफलका लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

<u>भुमिव्यवस्था,कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्र बहादुर शाहीः</u>माननीय सभामुखज्यू कर्णाली प्रदेशको खाद्यन्न तथा पोषण सुनिश्चित गर्न कृषि यज्ञ जमिनको सदुपयोग द्वाराकृषिको आधुनिकीकरण उत्पादनको विधि करण बजारीकरण सामूहिक खेति प्रवर्धन तथा व्यावसायिककरणबाट उत्पादन वृद्धि गरी कृषि क्षेत्रको समग्र विकास गर्न र खाद्य सुरक्षाको प्रत्याभुति गर्नेका लागि कानुनि व्यवस्था गर्न आवश्यक भएकोले

सभामा टेबुल भइसकेको कृषि व्यवसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेशसभा नियमावली, २०७४को नियम १०६ बमोजिम सामान्य छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू कृषि व्यवसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको सामान्य छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूका लागि समय निर्धारण गरेको छु । माननीय सदस्यहरू कृषि व्यवसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको सामान्य छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले सभामुखको ड्यासको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला । सर्वप्रथम माननीय श्री राजु नेपाली।

<u>माननीय श्री राजु नेपालीः</u> सभामुख महोदय कृषि व्यवस्था प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा म आज केही भनाइहरू राख्न जादैछु । यो विधेयकमा मलाई आफूलाई यसो हेर्दा सुरुमै सुरुको गास पूरै ढुङ्गा लाग्याजस्तो लागेको छ । सभामुख महोदय यो सबै लैख्दा लेख्न यो विधेयकलाई कति भन्ने होला योभन्दा अगाडिको आज देखि भन्य होकि योभन्दा पहिला भन्ने हो कुनै पनि हामी समाचार हेर्दा कुनै पनि पत्रप्रतिका पढ्दा हेट लाईट ठुला ठुला अक्षर मात्रै हेरने गर्छौं ठुलो अक्षर र पहिलो पाठ हेर्ने गर्छौं । तर यो पहिलो पाठमै यहाँ चाहिँ कति हो भन्ने कुरो छैन अब यो सायद भित्र छ यहा भित्र होला विधेयकमा मात्रै भनेको छ बाहिर यहाँ कर्मचारीहरूलाई सायद ठाउँ पुगेन छकि त्यस्तै लाग्यो यस विधेयकमाथि छलफल गर्दौं जादा भित्र साना मसिना त्यति कसैलै त्यति हेरिदैन अझ हेर्ने कुरा उनै पहिला सुरुमै पाएर हेर्ने हुन्छ । कबर हेर्ने हुन्छ कबर अति राम्रो छ तर चाहिँ अंक चाहिँ लेखिएको छैन बाहिर यसमा २०७७ रहेको रैछ भित्र छ मसिनो अक्षरमा ७७ रहेको छ यलाई मैले यति भने हामी पहिलो पटक कर्णाली प्रदेशका कानूनहरू बनाउदै जादै छौं कानून बनाउँदा हामीले धेरै कुराहरू सोच्न पर्नेहुन्छ सुरुसुरुमा त अब बन्छ कि क्याहो जनताकै मुहार फेरिने र जनताकै हितका लागि कानून बन्दै छ भन्ने हुन्छ पछाडि हेर्दै जादा कताकता मोडिन्छ। यहाँ भनिएको छ यसमा पनि भनिएको छ के भने सभामुख महोदय समितिका अवधारणा ल्याउदा चलाउन पर्छ केही न केही सामर्थ्य चाहिन्छ र जनताको शक्ति चाहिन्छ चलाउनलाई रहेक क्षेत्रका हामीले कानून बनाउदै छौं कोही मुख्यमन्त्रीसँगै जोडिएको हुन्छन् भने कोही मन्त्रीज्यूहरूसँग जोडिएका र उहाँहरूको कै अब कार्यक्षेत्रका सम्बन्धित मन्त्रालयकै भन्ने जस्ता देखिन्छन् अ यसमा पनि हामीले अलिकति ध्यान जान

जरुरी ठानेको छु किन भने कानून बनाउने कुरो हुन त यो असाध्यै मेहेनत गरेरको हो जस्तो लाग्छ मलाई यहाँ धेरै विषय विज्ञ बसेर मन्त्रालयमा छलफल गरेर धेरै पटक छलफल गरेर विज्ञहरू पनि राखेर रै सरकारले ल्याएको हुन्छ । यसमा सजिलो त कानून बनाउन कहाँ हुन्छ र छैन सजिलो बनाउन फेरि पनि राखि सक्दा पनि केही केही त्यस्ता कुराहरू दोहोरिने तेहेरिने गर्ने गरेका छन तिनलाई पनि हामीले मध्यनजर गर्नुपर्छ यहाँ हामी सबैभन्दा यहाँ के भनिएको छ भने यो जरीवाना यहाँ एउटा समिति बन्ने भनेको छ नै जानाको हुने छ नै जनाको समिति कहि कतै प्रकार त मन्त्रालयकै भइहाल्यो तर कहि कतै त्यसमा नै जना भित्र पनि त्यही भित्र कै भए पनि हुन सक्छ नहुन भन्न सकिँदैन समावेशी खालको हुने छ भनेर पनि यसो लेखेर थपिदिएको भए सायद राम्रै हुन्थ्यो यो प्रदेशको कानूनको अ कानूनमै नलेखिए पछि फेरि त लागु गर्ने त अप्ठारै हुन्छ । कानूनमा लेखिएकै कुरा त यहाँ राख्न हम्मे हुन्छ भने यस्ता कुराहरूलाई पनि अलिकतै अ सोच्न पर्ने हुन्छ सभामुख महोदय सरकारमार्फत् मैले यसलाई जानकारीनि गराउन चाहे यहाँ फेरि के भनिएको छ भने जरीवानाहरू यो धेरै ठाउँमा राख्नु पर्छ होला जस्तो मलाई लागेको थिएन यसमा फेरि जरीवाना कुराहरू छन ख को दफा ४ को उपदफा ३ बमोजिम मापदण्ड पालना नगरेमा भन्ने पनि छ यहाँ नगरेमा २५ हजार देखि २ लाखसम्म जरीवाना गरिने छ यस्तो व्यवस्था व्यवसाय अब त्यसो नगरियमा यो व्यवसायका लागि बन्द गराउने छ भन्ने कुरो यहाँ लेखिसक्या छ र फेरि ग को दफा १३ मा के भनिएको छ भने सभामुख महोदय विपरीत कार्य गरेमा प्रथम पटक भए १० हजार त्यस पछि गएर दोस्रो पटक भए अब २० दोस्रो पटक भए २५ हजार तेस्रो पटक भए देखि २५, ५० लगभक यसै गरी १ लाख रुपैयासम्म जरीवाना हुने भन्ने छ । माथि २ लाख भनिएको छ माथि फेरि १ तल गएर फेरि १ लाखसम्म जरीवाना हुन सक्ने भन्ने छ यसलाई पनि सबैभन्दा त त्यसमा पनि त प्रविधि हुनु पर्‍यो अलिकति हुनेखाने व्यवसाय कृषिका पनि होलान् कतिपय गरिबले पनि एउटा यो समग्र रूपमा सोलोडोलमा हाल्नु हुँदैन यसलाई पनि सायद हामी समितिमा गएर छलफल गरेर यलाई अलिकतै परिमार्जित गरेरै आउछ होला भन्ने कुरा राख्य मैले हस्त धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री दानसिंह परिवार समय सात मिनेट

<u>माननीयश्री दानसिंह परिवारः</u> सभामुख महोदय कृषि व्यवसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा चाहिँ सैद्धान्तिक छलफलमा चाहिँ म उपस्थित भएको छु यहाँ र पहिलो कुरा त मैले हरेक वर्षको नीतिकार्यक्रमा विशेष गरेर ५ ओटा

कुरालाई उठाएको थिए मैले कर्णाली प्रदेश सरकारको हरेक वर्षको नीति कार्यक्रममा ५ ओटा कुरामा चाहिँ मैले एउटा प्रमुख कुरा के उठाएको थिए भने यदि साच्चिकै नेपालमा कृषि क्रान्ति गर्ने हो भने साच्चिकै कृर्षकहरूलाई चाहिँ तपाईंको चाहिँ व्यवस्थित गर्ने हो भने अथवा कृषिलाई तपाईंको कृषि क्रान्तिको रूपमा बदल्ने हो भने नेपालमा चाहिँ उत्पादन ढुवानिमा चाहिँ अनुदान दिने अभ्यास गरै हामीले मैले बारम्बार प्रत्यक वर्षको चाहिँ नीति कार्यक्रममा  यो कुरा बोलिराख्याछु । तपाईंको चाहिँ तर कुरा के देखिन्छ भने नेपालको सन्दर्भमा विश्वमा २ प्रसेन्ट ३ प्रसेन्ट मात्रै कृषिमा चाहिँ जनसंख्या भएका देशहरूले चाहिँ विश्वमा चाहिँ चामल बेच्छन गहु बेच्छन अन्य चाहिँ खाद्य समाग्री बिग्रि गर्छन तर विडम्वना नेपालमा ८५ प्रसेन्ट मान्छेहरू चाहिँ कृर्षक छन अझै पनि नेपालमा चाहिँ हामी भोकै छौं यो केहो यसको कारण केहो यो किन भयो कि नेपालमा चाहिँ  सम्भावना नभएको क्षेत्र हो । सायद विश्वका कृषि क्रान्ति गर्न सक्ने देश भित्रको एउटा देश चाहिँ नेपाल हो । मरुभूमिका देशहरू पनि त आज चै कृषि क्रान्ति र समृद्धि भएको चाहिँ इतिहास हामीले हेरेका छौं तर भयो के यसको समस्या केहो ? यसको प्रमुख समस्या केहो भने हामीले जो हलो जोच्छ उसको नाममा जमिन छैन जो हलो छोए पछि पाप लाग्छ भन्नेहरू जमिनका चाहिँ बालि छन तपाईंको यसको कारण यसको पहिलो प्रभाव कहाँ पऱ्योतपाईंको चाहिँ उत्पादनसँग पऱ्यो यसको पहिलो प्रभाव कहाँ पऱ्यो भोकसँग जोडियो यो कुरा र यसको पहिलो प्रभाव कहाँ पऱ्योगरिबीसँग जोडियो त्यसो भकोले हामीले भन्न खोजेको कुरा केहो भने हलो जोत्नेहरू भोकै छन तर हलो छोय पछि पाप लाग्छ भन्नेहरू किन दिनकै धानको चाहिँ भात दिनकै दुधहरू खाने भएत यो प्रश्न चिन्ह भयो । त्यसो भकोले मैले यहाँ धेरै कुरा गरिन मैले हामीले गर्ने खोजेको चाहिँ अभ्यास गर्न हामीले सक्याछैनौं हामीत व्यवसायका कुरा गऱ्याछौं उत्पादन छैन भने कसरी व्यवसाय गर्न पहिलो कुरा त अझ उत्पादन होनि । त्यस पछि बजारिकरणको कुरा हो त्यस पछि सेवा प्रभाको कुरा हो त्यस पछि सजिलै जनताले त्यसको उपभोग गर्ने कुरा हो हामीले देख्याछौ अहिले धेरै कृषिका कार्यक्रम हेरेउ हामीले यहीं कर्णाली प्रदेशमा करिब २/३ वर्ष चाहिँ अर्गानिकको चाहिँ नाटक गरियो यहाँ त खोई आज अर्गानिक नाटक त बन्द भो त जो मान्छे तपाईंको रासायिनीक उत्पादन गरेर पनि चाहिँ भोकै छन भने अर्गानिकको नाटक यहाँ गरिएको थियो हिजो तपाईंको त्यो कुराहरू खोई कहाँ गए अहिले साच्चै तल चाहिँ गाउँमा चाहिँ मान्छेले एक बोट स्याउ लगाको छैन एक बोट तपाईंको चाहिँ तपाईंको चाहिँ ओखर लगाको छैन तर हामी मान्छेलाई भन्न सक्याछैउ कि एक बोटले चाहिँ

एक वर्षमा ५० हजार कमाउँछु भन्ने कुराहामीले भन्न सक्या छैनौं हामीले एक बोट स्याउले एक सिजमा चाहिँ ३० हजार कमाउछ भन्ने कुरा हामीले त भन्न सकिराखेका छैनउ हामीले हाम्रा कामर्यलयहरू छन तल तपाईँको चाहिँ कृषि कार्यालय छ जिल्लामा एउटा तरकारी उत्पादन हुँदैन त्यहाँ बोट मात्रै देखाएका छन् कार्यालयमा अनि तल केगरिएको छ भने तपाईँको सहकारी नाममा समुहको नाममा त्यही फेरि आधारभूत समुदायका मान्छे त्यो अवसर प्राप्त गरिराछैन्न । राज्यको स्रोत साधनको फेरि के भईराख्याछ दुरूपयोग भईराख्याछ तल तपाईँको बाख्रै नभाकोमा नपाल्न सक्ने मान्छेले बाख्रा पालन पाउाईराख्याछन् कुखुरा छोए पछि पाप लाग्छ भन्नेहरू आज कुखुरा तपाईँको चाहिँ कुखुरा पालन चाहिँ कार्यक्रम पाईराख्याछन् । तरकारी बाटो नछुनेहरू तरकारीको कार्यक्रम पाईराख्याछन् । फलफुल खेतिका कार्यक्रम पाईराख्याछन त्यसो भकोले मैले भन्छु यदि साचिक्कै कर्णालीमा कृषि क्रान्ति गर्ने हो भने कर्णालीमा कृषिसँग कृषि व्यवसायलाई  चाहिँ व्यवस्थापन गर्ने हो भने हामीले पहिलो कार्यक्रम ल्याउनु पर्छ भने एक घर एक बगैचा यो कार्यक्रम कर्णाली प्रदेश सरकारको तर्फबाट हुनुपर्छ । अनिवार्य कर्णालीका प्रत्यक घरको एक बगैचा हामीले यो कार्यक्रम ल्याउ हामीले त्यस पछि आएर अर्को हामीले के गर्न सक्छौं अहिले कैयौंयुवाहरू चाहिँ बेरोजगार छन् शैक्षिक बेरोजगारहरू छन् केन्द्र सरकारले त केही २५ लाखको चाहिँ हामी नाटक सुन्यै तर कर्णाली प्रदेश सरकारले पनि गर्न सक्छ यदि सर्टिफिकेटको आधारमा कृषि पेशामा चाहिँ लाग्छु भन्ने युवा साथीहरूलाई राज्यको तर्फबाट चाहिँ विशेष किसिमको चाहिँ प्याकेच कार्यक्रमहरू र राष्ट्रिय बाणिज्य बैङ्क कृषि विकास बैङ्क अन्य प्राइभेट बैङ्कहरूबाट पनि राज्यको तर्फबाट चाहिँ सहुलियत चाहिँ कर्जाहरूको चाहिँ कार्यक्रममा दिनु पर्छ हामीले उत्पादनमा चाहिँ युवाहरूलाई कसरी जोडने कृषि रोजगारीमा चाहिँ युवालाई कसरी जोडने कृषि पेशाप्रति चाहिँ आम मान्छेलाई कसरी आकर्षित गर्ने र आम मान्छेको समृद्धिको चाहिँ कर्णालीको समृद्धिको कृषिबाट हुन सक्छ भन्ने किसिमको चाहिँ हामीले सन्देश कसरी दिने । त्यसो भकोले यहाँ धेरै छलफलहरू भए मैले केही संरचना गत कुराहरू पनि हेरे यो विधेयकको यो कस्तो देखिन्छ भने मन्त्री केन्द्रित जस्तो एउटा सचिव केन्द्रित जस्तो तर किसानको मागलाई सम्बोधन गर्ने किसानले सजिलैले राज्यबाट चाहिँ प्राप्ति गर्ने कुरा चाहिँ सजिलै प्राप्ति गर्ने किसिमले चाहिँ यो विधेयकले चाहिँ फोकस गरिराख्याछैन । धेरै अभ्यासहरू हेरियो नेपालका धेरै कृषिनीतिहरू बने धेरै पटक चाहिँ राज्यले चाहिँ सङ्घीय चाहिँ कृषि नीति पनि मैले हेरे तर कहि कतै साच्चिकै पाउनु पर्ने मान्छे चाहिँ त्यो प्राप्त गरेको स्थिति छैन यहाँ त के

सम्भव देखियाछ भने व्यक्तिका नाममा चाहिँ योजना पठाउने फलानो सहकारीको नाममा भनेर योजना पठाउने फलानो समुहको नाममा भनेर योजना पठाउने आत त्यो गर्नुभन्दा त बरु चाहिँ कुनै मान्छेको नामै तोकेर चाहिँ पठाईदिए भए अझ राम्रो हुन्थ्यो त्यति नामले गाह्रो भयो भने व्यक्तिगत खाता मागेर सरकारको पैसा बरु त्यहाँ हाल्देभए हुन्थ्यो । त्यस्तो किसिमको अभ्यास चाहिँ राज्यको स्रोत साधानको दुरूपयोग गरिराख्याको स्थिति छ त्यसो भकोले मैले भन्छु यदि साच्चिकै हामीले कर्णालीमा कृषि क्रान्तिगर्ने हो भने कर्णालीका आम जनतालाई चाहिँ उत्पादन श्रम र रोजगारी कृषिबाट चाहिँ सिर्जना गर्ने हो भने एक पटक चाहिँ हामीले निरमम तरिकाले कृषि नीति कृषि विधेयक कृषि क्षेत्रमा चाहिँ राज्यको लगानी र आधुनिक वर्ग क्षेत्रमा चाहिँ तपाईंको चाहिँ आम जनतालाई चाहिँ कृषिमा जोड्ने किसिमको हामीले ठोस चाहिँ कार्ययोजना बनाउन सक्दैनउ भने फेरि कर्णालीको चाहिँ ५२ प्रतिशत हामीले बहुआयामिक गरिबीको कुरा गरिराख्या छौं त्यसको एउटै कारण चाहिँ कृषि क्रान्तिको चाहिँ कमजोरी हो उत्पादन श्रम रोजगारीमा चाहिँ मान्छेलाई जोडन सकिने एक किसिमको राज्यको नीति नभयको चाहिँ त्यसको प्रतिफल हो । त्यसो भएकोले एक पटक यो विधेयकमा चाहिँ फेरि हामी व्यापक छलफल बहस गर्छौं यसमा हामी संशोधन गर्छौं र एक पटक चाहिँ कर्णाली प्रदेशको समग्र चाहिँ कृषि नीति र कृषि व्यवसाहेक र प्रवर्धन गर्ने सम्बन्धमा बनेको विधेयकको बारेमा फेरि व्यापक छलफल बहस गर्छु भन्ने भनाइ राख्दै यसमा थप परिमार्जन सहित कर्णालीको चाहिँ समृद्धि चाहिँ कृषि बाटै खटिनु पर्छ भन्ने कुरा राख्दै मेरो भनाइ टुङ्ग्याउछु धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री ठम्मर बहादुर विष्ट समय सात मिनेट।

<u>माननीय श्री ठम्मर बहादुर विष्टः</u> माननीय सभामुखज्यू हामी यो कृषिको प्रवर्धन तथा कृषि विधेयकको क्रममा बिस्तित रूपमा हामी सामान्य छलफलकै क्रममा यहाँ छौं अब यसमा अब जे जसरी अहिले यो तयारीको क्रममा आको छ यद्यपी यो हिजो त्यही विगतको सरकारले तयार गरेको एउटा ड्राफको रूपमा अहिलेको सरकारले स्वामित्व रूपमा ग्रहण गरेर यलाई प्रस्तुत गरिराख्याछ । अब यो हेर्दाखेरि नै थाहा हुन्छ कि यसको यो अलि कति ढिला ढाला त भयो नै फेरि पनि अब ढिलै आए पनि अब यले अब गति पकडेर जो उद्देश्यका खातिर यो हामीले विधेयक तयार गर्दै छौं यसले मूर्तरूप लेओस् मैले शुभकामना दिन पनि चाहन्छु । अब एक दुई ओटा यसमा उठेका कुराहरूमा अलिकति प्रस्कृत गर्ने विषयमा अब नेपालमा कृषिका धेरै कुराहरू हामी गर्छौं कहिले काही एउटा यस्तो बहस पनि हुन्छ नेपाल कुर्चि प्रदान देश हो कि कृषि

प्रदान हो । भनेर कुर्चि प्रदान हो भन्नेतिरको पनि छ अहिले  कृषिबाट हुँदै जादा कुर्चि भएछ त्यो किन गयो भन्दाखेरि यस्तै यस्तै तरिकाले गयो किन नियम कानून नबनेका हैन्न देशमा सङ्घीय भनै या हिजोको परिपाटीमा थुप्रै बनेका छन तर ती कार्यन्वयन बन्ने लागु हुन नसक्ने या लागुहुने ठिक ढङ्गले लागु नहुने गर्दाखेरि हामीले यो चाहिँ विरासत बेहोर्न पऱ्याछ त्यसकारण ढिलै भए पनि प्रदेशले आफ्नो सापक्षेतामा हामीले यहाँको २४ ओटा निर्वाचन क्षेत्रमा यहाँको ७९ ओटा पालिकामा जेजसरी किसानहरूलाई राहत दिने र उनीहरूको स्तर उठाउने तरिकाबाट अगाडि बढन खोजिराख्याछ यो सरहानिय पक्ष छ । तर हामीले गर्ने चाहिँ सक्नु पर्ने हुन्छ अ त्यो कुरा पनि त्यत्तिकै महत्त्वपूर्ण कुरा चाहिँ यहाँ छ । अब यो विषय यहाँ थुप्रै विषय जस्तो कृषिका कुरा गर्दा अब त्यहाँ पनि लेखिएको छ कतिपय चक्लाबन्दिका कुरा छन यी छन अनेक छन त्यहाँ चाहिँ क्षति पुर्ति दिने कुराहरू छन एउटा सामान्य कुरा हेर्नुस अब इन्डियामा नजिकैको कानपुरमा तपाईंको चाहिँ रूपडियामा र अब यहाँ चाहिँ नेपालगञ्जसँग तुलना गर्दा इन्डियाको तरकारी बासी हो यो त्यो खाने बासि हो भन्ने नारा पनि लागु नेपालगञ्जमा तर भयो कस्तो भने तपाईंको त्यहाँ गाई पाल्दा या तरकारी तपाईंको उत्पादन गर्दा या कुनै पनि कृर्षकले त्यहाँ तपाईंको पशुमा या कृषिमा उले लगानी गर्दा उसले पुगेन त्यहाँको चाहिँ सरकारी या पालिकाले उसलाई चाहिँ सबसिटि दिन्छ मानै गोपी चाहिँ ४० केजीमा चाहिँ बिक्री हुन्छ भने ५ प्रसेन्ट सबसिटि गभर्मेन्टले दिँदाउनीहरूले ३५ मा बेच्दा पनि घाटा भएन अथवा विभिन्न तरिकाबाट मल देखि अनेक कुरा पनि उले दिईराख्याछ । अब त्यही तरकारी हाम्रो त पालिका सरकारको त पोलिसी छैन अनि किसानले समग्र मल विउ सारा गर्दा ५० मा गोपिको डल्लो आईपुग्यो किलोमा दिने कसरी त अनि किसान चाहिँ झुन्डेर मर्ने स्थिति भयो कि भएन त्यस कारण यस्तो खालको एउटा चाहिँ तपाईंको अहिले आजका मिति पनि यो कायमै छ । अब यस्ता नियम कानून यस्ता बहस पहिला नि थुप्रै भए अब यो कुरा हामीले क्रस गर्ने सक्नु पर्छ कर्णाली सरकाले कर्णाली प्रदेशको संसद्बाट यसरी एउटा स्वामित्व लिएर अगाडि बढेको छ । सभामुखज्यू मैले यो कुरामा यो अलिकति हामीले यो परिवर्तनतिर हामी जान सक्छौ कि सक्दैनौं भन्ने एउटा महत्त्वपूर्ण घडीमा उभियको स्थितिमा सरकारले त्यो हिम्मत गरोस मैले त्यो चाहिने अग्रिम शुभकामना दिन चाहन्छु। दोस्रोसँगसँगै यो भनेको केरहेछ भने एउटा पोगनिटेसलाई उल्मुखन गर्ने इन्डियाको यसो हिस्ट्री हेर्दा के रहेछ भने १९४७ पछि जब त्यहाँ भइसके पछि एउटा बहस कसरी चाहिने गरिवि उनीहरू त तपाईंको झण्डै १९९९सम्म गरिबीको एकदम

चपेटेमै हो इन्डिया त्यस पछि कसरी हटाउने भन्ने ठुलो एउटा डिस्कस चल्यो अरू धेरै कुरा त मैले यहाँ राख्दिन त्यहाँ एउटा काम गरियोको छ । जस्तो जहाँ चिया बगान देखि या जा जा तपाईंको चाहिँ समथल थुप्रै मैदानहरू थिए त्यहाँ ओसिलो झाडी बयरहरू थुप्रै त्यहाँ कोसे झाडीहरू समुन्द्रका किनारहरू अनि उनीहरू के के फल्छ भनेर एक चोटि अनुसन्धान गराए छन् । त्यहाँ त्यस पछि के गरे भने अब किसान त गरिवि छ तपाईंको चाहीने उत्तर प्रदेशको किसान तपाईं महाराष्ट्रमा पुग्याछ हैन अझ धेरै त आठ दश ओटा प्रदेश त उतैतिरतपाईंको चाहीने अथवा महाराष्ट्र भनै या तपाईंको चाहिँ गुजरात भनै यस्ता यस्ता २/४ ओटा प्रदेशमा गएर उनीहरूले जिन्दगि त्यही बिताउनु पर्ने फाल्नु पर्ने त्यस पछि गभर्मेन्टले चाहिँ तपाईंको पोलिसि ल्यायो भने अथवा ती किसानहरूलाई त्यही ठाउँमा रोजगार दिने भनिसक्य पछि एउटा तपाईंको सयै बिगाहाको एउटा प्लटिङ्गबनाएर त्यहाँ चाहिँ अब मतलब चिया बगान भो त्यो किसान नजिकै त्यही गएर चिया टिप्ने भो पैसा पनि हाल्ने भो आफ्नो नजिकै विकास पनि भो त्यहाँ त्यो विकास भइसके पछि अनि पर्यटन भो अहिले हामीले दार्जलिङ्गदेखि अहिले तपाईंको इन्डियाको सिस्किम जो हामी कुरा गर्छौं त्यसरी चाहीने तयार पारिएको प्लानिङमा एउटा चाहिने चेतमा आएको रहेछ त्यसैले गर्दा यस्तो त सम्भावना छनि त कर्णालीको सवालमा ठिक छ ६ प्रदेशको आफ्नो ठाउँ के गर्छ सङ्घले के योजना ल्याउछ आफ्नो ठाउँमा छ अब अहिले जो मन्त्री हुनुहुन्छ अहिलो जो सरकारले नेतृत्व गर्‍याछ यले हिम्मत कस्न पर्‍यो कि अब यस्ता क्षेत्रहरू हाम्रो कहाँ कहाँ हुन त कि थुप्रै क्षेत्रहरू छ अहिले पनि यो  क्षेत्रतिर जान पर्‍यो जनताले त्यही चाहिँ तपाईंको नेट पनि पाउने ती तपाईंको उले सम्मान पनि पाउने र त्यही उसको विकास पनि हुने किन त्यहाँ तपाईंको चाहिँ अब प्लटिङ्गबाट खेतिपाति भो या चिया बगान भो या तपाईंको चाहिँ झ्याउँ खेति च्याउ खेति या कुनै चाहिँ तपाईंको जीवनबुटि अनेक खालको खेतिहरू भो भने अनि त्यहाँ तपाईंको के भो बाटो पनि पुग्यो तपाईंको बिजुलि पनि पुग्यो सप्पै तपाईंको अलिन वान सबै उले चाहिँ त्यहाँबाट प्राप्त गर्ने भो यो कुरातिर हामीले साहास गर्नुपर्छ । अब त्यो विधेयकले त्यति धेरै मक्सत बोकेको जस्तो मैले देख्दिन अब यो मक्सत बोक्ने ढङ्गले अलिकति चाहिँ अब यो बहसमा पनि जाला यो अलिकति संशोधनमा पनि जाने होला अलिकति यलाई ड्रास्टिकल्ली अलिकति चेन्ज गरेर यो यस्तै गर्ने हो एउटा बिल ल्याउने हो आफ्नो भको बेला केही गरै भन्ने हो हामी पनि यस्तै तालि हान्ने जनता यसै यसै गरी खाने हो भन्नेभन्दा पनि अब यसलाई तपाईंको चाहिने वास्तवमै एउटा डास्टिकल चेन्ज हुने ढङ्गले य है कर्णालीले गर्‍यो है भन्ने

खालको गरिकन यो गर्न सको भने साच्चै एउटा कायपलट हुन्छ भन्ने मलाई लाग्छ । सभामुख महोदय, यो कुरा मैले निवेदन गर्न चाहन्छु । अब अर्को कुरा अर्को हामीले राजिको सल्लाह गर्दा गर्दै सात गाउँ डुब्यो भन्ने एउटा गाउँमा उखान छ कि सल्लाह गर्न लागेछन सल्लाहको कता काटने के चाहिँ तपाईंको नाउ गर्नेभन्दा भन्दै त्यो सप्पै गाउँ डुबेर सिधियछ फर्किदाखेरि यो यस्तै खिस्सा भाछ यता चक्लाबन्दीको कुरा छ अर्को सबै वीरेन्द्रनगर गईसक्यो ययय नाक बेलिमा गईसक्यो घडेलि लिने अब तपाईंको चाहिँ सप्पै त्यहाँ सप्पै सिधियो काठमाण्डै सिधिसक्यो पोखरा सप्पै सिधिसक्यो अनि तपाईंको अहिले मात्रै विदेशतिर हेर्नुस् यय डाडोमा झिलिमिलि छ तपाईंको मैदानमा केछ खेतिपाति छ साराको यसरि त हामी कसरी उभो लाग्छौ त्यसैले यहाँ पनि यो अब सल्लाह गर्दा हाम्रो बितिसक्यो त्यसकारण अब त्यो तुरुन्तै एउटा कानून बनाएर यो बेथिति एउटा अनेन्त्रित माफियाहरूले चलाउने त्यो कृषि पनि माफियाले चलाउने बिचौलियाले चलाउने सबै सत्ता सबै कुरा बिचैलियाले चलाउने जो खालको प्रम्पराबाट हामी ग्रसित हुँदै आका छौं यो कुरा अब कर्णालीले तोड्न सक्नु पर्छ सरकारले त्यो हिम्मत गरोस् धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्र बहादुर शाहीलाई कृषि व्यवसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयकमाथि सामान्य छलफल क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु।

<u>भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्र बहादुर शाहीः</u> सभामुख महोदय अ कृषि व्यवसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्मानित सदनमा टेबुल भई छलफलको क्रममा अगाडि बढेको छ र यो विधेयकमा माननीयज्यूहरूले व्यापक छलफल र सुझाव गर्नु भको छ अवश्य पनि कानून बनिरहँदा कानून सरल होस् सहज होस् र जनमूखी होस् भन्ने जुन माननीयज्यूहरूको चिन्ता र चासो रहेको छ अवश्य पनि कर्णाली सरकार भूमि व्यवस्था तथा कृषि मन्त्रालयको पनि चिन्ता र चासो कानून बनिरहँदा यो सरल होस् सहज होस् र जनमुखी होस् भन्ने बाटोमा नै लागेको छ । यहाँ माननीयज्यूहरूले थुप्रै कुरा राख्नु भको छ । यहाँ यो मिति बाहिर देखिएन भन्ने कुरा आयो यो विधेय ७७, ११, २८ मा टेबुल गरियो छ मिति भित्र छ अनि अरू थुप्रै कुराहरू यहाँ आएका छन अ आज जस्को हातमा जमिन छैन उले जमिन जोतिरहेको छ, जोले माटो छुदैन, उसको हातमा जमिन छ त यो अहिले

हामीले कर्णाली प्रदेशले मात्रै गरेर स्थानीय निकायले मात्रै सोचेर यो सम्भव कुरा रहेन यो सिङ्गो नेपाल सरकारले सिंगो मुलुक लाई प्रयोग हुने गरेर सङ्घीय कानून बनिसके पछि त्यस पछि कार्यन्वयनको पाटोमा पक्षमा र त्यसमा सुधारेर अगाडि बढ्ने कुरा हामी कर्णाली प्रदेश सरकार मन्त्रालय तयार छ । तर यो विधेयक खासै गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित पहिला त अहिले विभिन्न औषधी जन्य किटनासक औषधी देखि लिएर अरू विभिन्न खाले मल औषधीले गर्दा हाम्रो स्वास्थ्य विग्रियको छ त्यसो भकोले पैला पोषण यूक्त होस् र त्यो बालि लगाउदाखेरि जमिनको जो आज थुप्रै जमिनप्रतिबाजो छ । त्यो जमिनमा बाली बनाउँदाखेरि जमिनको पनि सदुपयोग होस् र लगाएको बाली पोषणयूक्त जिन्दगीहोस् त्यस्तै कृषि परम्परागत ढङ्गले हामीले खेतिबाली गरिरहेका छौं त्यो परम्परागत ढङ्गले खेतिबाली लगाई रहँदा जलवायू परिवर्तन कै कारणले गर्दा आज जुन किसिमले आज उत्पादन त्यसको प्रतिफल आउनु पर्ने हो त्यो किसिमले उत्पादनमा त्यसको प्रतिफल नआई रहँदा हामीले त्यलाई आधुनिकि करण गरेर उत्पादन मा वृद्धि कसरी गर्ने भन्ने कुराको चिन्ता चासो रहेको छ र उत्पादन भइसके पछि त्यसको बजारीकरण कसरी गर्ने अघि उठ्यो कि माननीयज्यूहरूले यहाँ सुझाव दिनु भएको छ ढुवानीमा सबसिटी दिनु पर्‍यो औजारमा सबसिटी दिनु पर्‍यो यी कुरामा हामीले सबसिटीदिँदाखेरि किसानले बढी उत्पादन गर्न सक्छ त्यो राज्यले त्यो दायित्व राज्यले लिनु पर्‍यो भनेर माननीयज्यूहरूको सुझाव आएको छ । त्यसो भाकोले हामीले पहिलो उत्पादन पछि बजारीकरण र अहिले एकल खेति प्रणाली भइरहेको छ यलाई कमसे कम सामिक ढङ्गले खेति प्रणालीमा हामीले बढायै भने त्यो उत्पादन वृद्धि हुन सक्छ किसानलाई सहज हुन सक्छ राज्यलाई अर्थात प्रदेश सरकारलाई सहयोग गर्दाखेरि पनि सहयोग हुन सक्छ भनेर हामीले सामूहिक खेति प्रणाली र अर्को अनि अहिले एकल ढङ्गले अगाडि बढिरहेकोले र व्यक्तिगत ढङ्गले अगाडि बढीरहेकोले यलाई हामीले व्यवसाहि करण अहिले व्यवसाहिक करण नभईकन चल्ति चलाएता गरेर जुन खेति पाति प्रणाली भइरहेको छ यलाई व्यवसाय ढङ्गले अगाडि बढाउनको लागि हामीले सोचिरहेका छौं । कर्णाली प्रदेश सरकार ले सोचिरहेको छ र यी सबै कुरा गरिरहँदा यी सबै कुरा लाई अगाडि बढाईरहँदा समग्र कर्णाली प्रदेशको कृषिलाई उत्पादन वृद्धि कसरी गर्ने र त्यलाई सहज ढङ्गले बजार देखि लिएर किसानलाई बढि भन्दा बढि बेनिफिट दिनको लागि यी सबै कुरा गर्नेको लागि कानूनको आवश्यक देखियो त्यसो भएकोले यी सबै कुरा समेटेर यो विधेयक संसद्मा सम्मानिद सम्सदमा टेबुल भएको छ । अवश्य पनि मानानीयज्यूहरूका सुझावहरू माननीयज्यूहरूका सल्लाहहरूका साथ

गहन छलफलका साथ यो विधेयक लाई छिटोभन्दा छिटो हामीले अगाडि बढाउने कोशिस गर्ने छौं र ती सुझावलाई मध्यनजर गर्दै भोलि यो समितिमा जादा पनि यलाई छिटोछरितो कसरी अगाडि बढाउने भन्ने कुरातिर हामी सबैको सोच जाने छ भन्दै मेरो भनाइ यहीँ अन्त्य गर्छु, हस्त धन्यवाद।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्र बहादुर शाहीले सभासमक्ष प्रस्तुत गर्नु भएको कृषि व्यवसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउँछु। माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १अनुसार कृषि व्यवसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली २०७४ को परिच्छेद १९ को नियम १४९ को उपनियम १ मा भएको व्यवस्थाअनुसार देहेयका समितिहरूमा देहायका माननीय सदस्यहरू हेर फेरको प्रस्ताव गरेको छु ।

सार्वजनिक लेखा समितिमा रहनु हुने मानानीय सदस्यहरूः

१) माननीय विमला केसी,

विधायन तथा प्रदेश मामिला समितिमा रहनु हुने माननीय सदस्यहरूः

१) मानानीय कृष्णा शाह आचार्य,

२) गोपाल शर्मा,

३) माननीय दीनबन्धु श्रेष्ठ,

४) माननीय झोवा बिक,

सामाजिक विकास समितिमा रहनु हुने माननीय सदस्यहरूः

१) माननीय नरेश भण्डारी,

२) माननीय ठम्मर बहादुर विष्ट,

३) मानानीय रातो कामी,

अर्थ तथा प्राकृतिक स्रोत समितिमा रहनुहुने माननीय सदस्यहरूः

१) माननीय विर बहादुर शाही,

२) मानानीय सीताकुमारी नेपाली,

३) मानानीय महेन्द्र बहादुर शाही ।

मानानीय सदस्यहरू अब म विषयगतसमितिमा रहनु हुने माननीय सदस्यहरूको नामावली हेरफेरसम्बन्धी प्रस्तावलाई सभाद्वारा अनुमोदनका लागि पेश गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरले "हुन्छ" भन्नु होला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरले "हुन्छ" भन्नुहोस्,

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ सदस्यहरूको समिति हेरफेरसम्बन्धी प्रस्ताव सभाबाट सर्वसहमतिले अनुमोदन भएको घोषणा गर्दछु । माननीय सदस्यहरू अब यो बैठक २०७८ साल फागुन १६ गते सोमवार दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।

नवौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७८ फागुन १६ गते

सोमवार

(बैठक संख्या-१०)

राष्ट्रिय गान,

मानननीय सभामुखः माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको नवौं अधिवेशन दशौं बैठकको कार्यवाहि प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानार्कषण गराउनु पर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथा स्थानबाट आफ्ना भनाइराख्न विशेष समयको व्यवस्था गरेको छु । विशेष समयमा बोल्न चाहनु हुने माननीय सदस्यहरूले सभामुखको ड्यासको बाँयातर्फ रहेका सचिवालय कर्मचारीलाई नाम टिपाउनु होला । सर्वप्रथम माननीय श्री देवि ओली समय समय ५ मिनेट के विषय होला माननीय सदस्य।

माननीय गुलावजंग शाहः आज प्रमुख पक्ष दलले बोल्नुहुन्छ भनेर हामीले हिजोसमेत कुरा गरेका थियौं मलाई लाग्छ अहिले सुरुमै त्यो समय उपलब्ध हुन्छ भन्ने हामीले महसुस गरेका थियौं। समय उपलब्ध भएको देखिएन यसमा अब प्रिन्ट मिस्टेक भएको होकि अथवा के भएको कुरो बुझ्न सकिएन विपक्ष दलको नेताले राख्ने सवालमा पहिलो पटक विपक्षदलको नेताले आफ्नो धारणा राख्ने र अरू प्रक्रिया अगाडि बढ्ने योभन्दा पहिला चलीआएको प्रक्रिया त्यो यसमा बिचमा केही छुटेको जस्तो अनुभूति भएको मलाई (माननीय सभामुखः त्यो व्यवस्था गरियाछ) त्यसैले हामी भन्न चाहन्छौ कि (माननीय सभामुखः उहाँको विशेष समय नभाको हुनाले समय माग गर्नु भाको हुनाले त्यहिअनुसार व्यवस्था गरियाछ) त्यसैले के भन्न चाहन्छु सभामुख महोदय यसभन्दा पहिला हामीले संसद्मा धेरै पटक उठाउदै आएका कुराहरू सरकारसँग ७ बुँदे सम्झौता भको कुराहरू अहिलेसम्मन पनि हामीले बारबार उठाउदै आएका थियौं र अहिलेसम्मन त्यसको लिखितप्रतिबद्धता या जानकारी नभएको हुनाले आजको यो कार्यवाहिमा पनि हामीले भन्न चाहन्छौ कि त्यो कार्यवाहिको बारेमा त्यो जानकारी सदनमा नआउँदासम्मन यो कुरा कसरी अगाडि बढ्न सक्छ । सभामुख महोदय, त्यसैले हामी भन्न चाहन्छौ कि यो प्रक्रिया अब यहीं हामी अगाडि उठेर जानकारी गर्न चाहन्छु ।

माननीय सभामुखः प्रतिपक्ष दलको नेतालाई बोल्ने समयको व्यवस्था गरिएको छ । माननीय सदस्यहरू आसन ग्रहण गरौं माननीय सदस्यहरू । आफ्ना कुराहरू आफ्नो

बोल्ने समयमा सरोकार राख्दा हुन्छ माननीय सदस्यहरू आसन ग्रहण गरौं, आसन ग्रहण गरौं, माननीय सदस्यहरू राखौ माननीय सदस्य रोस्टम प्रयोग गर्न सक्नु हुन्छ माननीय सदस्य ।

<u>माननीय श्री यामलाल कडेंलः</u> माननीय सभामुख महोदय, कार्यसूचीमा पनि मैले देखें तर परिस्थितिले यहीँ तलैबाट बोल्नु उपयुक्त मैले ठाने माननीय सभामुख महोदय, हाम्रो तर्फबाट विषयका आधारबाट सबैका आधारबाट सीमाले भ्याएसम्म रचनात्मक सहयोग भन्ने आधारबाटै विगतका सभाका बैठकहरूमा माननीय सभामुखज्यूले आयोजना गर्नु भएको सर्वदलीय बैठकमा पनि विषय राख्दै आएको सबैलाई जानकारी नै छ सायद हिजोको कार्यव्यवस्थामा समेत हाम्रो तर्फबाट माननीय सदस्यहरूले विषय प्रवेश गराउनु भएको भन्ने मैले बुझेको थिए गएका संसद्को बैठकमा पनि हाम्रो पार्टीको तर्फबाट माननीय सदस्यहरूले विभिन्न विषयमा गम्भीरतापूर्वक विषय उठाएको कुरा स्वयम् सभामुखज्यूले रुलिङ्गगरेको कुरामा नेकपा एमाले संसदीय दलको जानकार नै छ । आज म फेरि पनि आफ्नो तर्फबाट दलको तर्फबाट इमान्दारी तर्फ केही कुरा राख्ने कुरा थियो तर विगतको प्रचलनभन्दा पृथक ढङ्गको कार्यसूची प्रक्रिया अगाडि बढेकै कारणले गर्दा हामीले फेरि बिचैमा आफ्ना कुरा ध्यानाआर्कषण गराउनको निम्ति उठ्नु पर्ने एउटा परिस्थिति निमार्ण भयो नै म आज पनि मुलुकमा घटेका देखिएका घटनाक्रम छर्दैछन् नै म तिनीबाट पनि संसद्को विषय वा समय खेर फाल्न चाहन्नँ त्यसबाट प्रभावित भएर आफ्ना धारणा राख्न पनि चाहन्छ । म यो बैठकमा आउनुभन्दा अगाडि हामीले संसद् सचिवालयको जिम्मेवारहरूसँग पनि सोध्यौं। हामीले गरेको व्यवस्था र सल्लाह र निर्णय मुताविक सरकारले संसद् सचिवालयमा केही जानकारी गराएको छ कि छैन तभन्दा मैले जाने हामीले जानेअनुसार बुझेअनुसार सरकारको तर्फबाट संसद् सचिवालयमा त्यस्तो कुनै जानकारी गरायको अवस्था पनि देखिएन । व्यवहारमा हेर्दा धेरै थरिका कुराहरू सुनिएका छन् । सुनेका कुराका आधारमा जान पनि फेरि धारणा बनाउन चाहन्नँ । तर म सभामुखज्यूमार्फत् सभाको सरकारको हामीले १८ गते गरेको जो सम्झौता छ । यद्यपी मुख्यमन्त्रीज्यूले त्यसै दिन पनि व्यक्त गर्दा उहाँको आफ्नो तरिका हो त्यसप्रति मेरो कुनै तत्काल टिप्पणी गर्ने कुरा त रहेन थिएन र गरिएन पनि तर म आज यद्यपी योभन्दा अगाडि हाम्रा माननीय सदस्यहरूले यो सभासमक्ष यो विषय प्रवेश गराउनु भएको छ तर म आज सभामुखज्यूको अध्यक्षतामा बसेको सर्वदलीय बैठकले गरेको निर्णय हामीले त्यसमा सामेल भएकाहरूले गरेको कुरा पहिला पढेर फेरि पुन स्मरण गराउनु पर्ने मैले जरुरी र आवश्यकता ठानेको छु । त्यसकारणले म

पहिला यो सभासमक्ष पढ्नु स्मरण गराउनु मैले उपयुक्त ठानेर म यो कुरा यहाँ राख्न चाहन्छु। कर्णाली प्रदेशसभाको नवै अधिवेशनको बैठक लगायत सभाका आगामी बैठकहरूको कार्यसूचीको सन्दर्भमा माननीय सभामुखज्यूको अध्यक्षतामा देहायका पदाधिकारीको उपस्थिति बसेको सर्वदलीय बैठकमा व्यापक छलफल भई निम्नअनुसारको निर्णय भयो उपस्थित माननीय सभामुखज्यू, मानानीय मुख्यमन्त्रीज्यू, माननीय प्रमुख विपक्ष दलको नेता, माननीय उपसभामुखज्यू, माननीय संसदीय दलको नेता नेकपा माओबादि केन्द्र, माननीय संसदीय दलको नेकपा एकीकृत समाजबादी सचिवालयको साथीहरू यहाँ छदै छ। प्रदेशको सभा सचिव प्रदेशसभा सचिव उपसचिव कम्प्युटर अधिकृत निर्णय प्रमुखप्रति पक्ष दल नेकपा एमालेले कर्णाली प्रदेशसभामार्फत प्रदेश सरकारलाई ध्यानाकर्षण गराएका विषयहरू मध्य निम्न विषयहरूमा प्रदेश सरकारको तर्फबाट कर्णाली प्रदेशसभाको बैठकमा निम्नअनुसार कार्यन्वयन गर्ने गरी प्रतिबद्धता व्यक्त गर्ने ।

१) आर्थिक बर्ष २०७८/७९ को बजेटको विनियोजन उल्लेखनीय रूपमा टुक्र योजना भएकोले आम कर्णालीवासी जनताहरूमा नकारात्मक प्रभाव पार्नुको साथै कार्यन्वयनमा कठीनाई हुनु र ठोस उपलब्धि प्राप्त समेत कठिनाई देखिएकोले आर्थिक वर्ष ७८/७९ अन्तरगत प्रदेश सरकारका विभिन्न तहबाट सम्पादन हुने मुख्यमन्त्री रोजगार कार्यक्रम मुख्यमन्त्री जिविको पार्जन कार्यक्रम र पूर्वधार विकास कार्यक्रम बाहेक कार्यक्रममा रु १५ लाखभन्दा कम रकम विनियोजन गरियका योजनाहरू कार्यन्वयन गरिने छैन र आगामी दिनमा यसै मापदण्डका आधारमा योजना तर्जुमा गरिने छ ।

२) मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा विगतको कार्यविधिमा रहेको स्थानीय तहको भूमिका र प्रदेशसभाको प्रदेशसभा सदस्यको भूमिकालाई यथावत कायम गरी कार्यविधि सुधार गरिने छ यस वर्षको योजनाको कार्यन्वयनको लागि वडा समितिले सिफरिस गरेको उपभोक्ता समितिमार्फत् कार्यन्वयन गरिने छ ।

३) पूर्वाधार विकास कार्यक्रम कार्यन्वयन गर्दा गत वर्ष नै दायित्व सिर्जना भईसकेका योजनाहरूको बजेट अलग व्यवस्था गरिने छ ।

५) पूर्वाधार विकास कार्यक्रम कार्यविधि मुलतः निर्वाचित सांसदको संयोजकमा कार्यन्वयन गर्ने व्यवस्था छ हाल कर्णाली प्रदेशमा निर्वाचित सदस्य संख्या ५ रिक्त स्थानमा ५ स्थानमा रिक्त रहेको अवस्थामा उक्त जिल्लाको कार्यक्रम प्रमुख प्रतिपक्षदलको सल्लाह र सहमतिबाट अगाडि बढाइने छ । विगतमा सुरु भएका हाल बजेट नभएका योजनाहरू सरकारी दायित्व सिर्जना भइसकेका तर बजेट नभएका

योजनाहरू काम सम्पन्न भएका तर बजेट अभावका कारण भुक्तानी हुन नसकेका योजनाहरूको पहिचान गरी प्रमुख प्रतिपक्ष दलको सल्लाह र सहमतिमा बजेटको विनियायेजन गरिने छ।

६) विनियोजन विधेयकको वर्तमान व्यवस्थाअनुसार चैत महिना अगाडि रकामान्तर गर्ने व्यवस्था नभएकोले प्रदेश सरकारले आवश्यक निर्णय निर्णय गर्न समेत अनुरोध गर्ने ।

७)प्रदेशसभामा व्यक्तप्रतिबद्धताको कार्यन्वयनको आवश्यक निर्णय र कार्ययोजना प्रदेशसभालाई जानकारी गराउने माननीय सभामुख महोदय हामीले एउटा मैले त्यति बेला पनि भन्याथे अविश्वासका विचमा यो विस्वासका साथ हामी सामेल भएका छौं विस्वास निमार्ण गर्नु पर्ने हुन्छ । म अहिले माथिका बुँदामा जान चाहन्नँ यो बुँदाको अन्तिम बुँदामा संसुदलाई प्रभावकारी बनाउन संसद् सचिवाालय संसद्प्रति सरकारलाई उत्तरदाहि बनाउने व्यवस्थाका साथ त्यहाँ एउटा कुरा लेखिएको छ । अहिले यो विचमा गरियका व्यवाहार कुरा सुनेका कुराका आधारबाट फेरि पनि धारणा बनाउन चाहन्छ । अहिले पनि मैले सुनिराछु हामीले सैम्झैता गरिसक्य पछि पनि विगतका नीतिगत तिथिमा कतिपय काम कार्यवाहि भएको कुरा स्वयम जिल्लामा जादा सम्बन्धित जिल्लाका मानानीय सदस्यहरूले अनुभूति गरेको अवस्था छ । आफू खुसि हामीले सम्झौतामा तय गरेको रकम बराबरको रकम थपेर योजना तर्जुमा गर्ने अभियान सुरुभएको भन्ने कुरा सुन्नमा आएको छ । तर पनि धारणा बनाउनु त भएन किनकि यथार्थ के हो त्यस कारणले आज फेरि पनि म विनम्रतापूर्वक अनुरोध र आग्रह गर्न चाहान्छै कि हामीले १८ गते जुन मनसायका आधारबाट जुन स्पिडका आधारबाट सुशासनलाई कायम गर्ने सरकार र संसद्प्रति सकारात्मक धारणा निमार्ण गर्नेका निम्ति र हाम्रो जो थोरै बजेट छ त्यसबाट उपलब्धि प्राप्त गर्नेका निम्ति हामीले यो कुरा उठाएका थियै यो विषय त्यति बेला पनि हामीले भनेका थियै यो सरकारले उठाउनु पर्ने विषय थियो तर त्यो प्रमुख प्रतिपक्ष दलले उठाउनु पर्ने सम्झौता गर्नु पर्ने सहमति हुने तर त्यसको अहिले नै कार्यन्वयन गर्नु भा छैन गरी हाल्नु भयो भएन भन्ने निष्क्रकशमा म अहिले भन्दिन तर एउटा मात्रै माग जो त्यो सम्झौताको ७ नम्बरमा लेखिएको छ त्यो पूरा भएको अवस्था देखिएन देखिएन व्यत्तिगत रूपमा जाने हो भने सबै माननीय सदस्यहरूको तितो अनुभव पाएको कुरा अहिले हामीमा माननीय सदस्यहरूको बिचमा छलफल हुने हुँदा उहाँहरूले म समक्ष अनुभूति गर्नुभयो हामीले यो बिचमा भनेका थियौं। हामीले यस्तो समजदारी गरेका छौं त्यसअनुसार कामकार्वहि भएको छ वा छैन आ आफ्नो जिल्लामा आ-आफ्नो जोसँग सम्बन्धित कार्यालयहरूमा बुझने कुराको निम्ति

हामीले चासो राखेकै थियौं तर अनुभवी तितो छ । हामीले सम्झौता नगरे पनि एउटा कानून जनताका प्रतिनिधिहरूले कुनै मन्त्रालयर कुनै कार्यालयमा सूचना प्राप्त गर्नु पर्ने अभिलेख प्राप्त गर्नु पर्ने काजच प्राप्त गर्नु पर्ने यो भनिरहन पर्ने विषय जस्तो मलाई लाग्दैन तर हाम्रो कर्णाली प्रदेशका सरकार अन्तरगत माहात त निकायलाई त्यही सिकाइएको छ कि थाहा छैन वा तिनीहरूलाई त्यही जानेका छन कि के छ थाहा छैन एउटा माननीय सदस्यहरूलाई चाहिएको आवश्यक कागचपत्र समेत प्राप्त नहुने वर्तमान अवस्था कायमै छ । यद्यपी समितिमार्फत् कतिपय तितो अनुभव एउटा समितिको सदस्यका नाताले मैले पनि अनुभूति गरेको छु । समितिले मागेका समेत कागचपत्र समयमा उपलब्ध नहुने अवस्था त छदै थियो छदै छ तर त्यलाई हामीले सुधार गर्ने खोजिरहेका थियै त्यसकारणले माननीय सभामुखज्यू हामी फेरि आज विनम्रता पूर्वक अनुरोध गर्न चाहामन्छौ यद्यपी कार्यविधिमा यस पछि मैले देखे, मैले पढे माननीय मुख्यमन्त्रीज्यूको हामीले उठाएका सरोकारका विषयहरूमा जवाफ दिने कार्यसूची छदै छ तर यो आजको विषय त्यो अवस्थाको कुरा हैन त्यसकारणले नेकपा एमाले संसदीय दलको तर्फबाट १८ गते हामी सबै मिलेर गरिएको जे कागजपत्र छ त्यसअनुसार त्यसलाई कार्यन्वयन गर्नका निम्ति सरकारले गरेको होला जे गरेको छ त्यसको जानकारी त्यसको कार्ययोजना संसद्मा जानकारी उपलब्ध नहुँदासम्म भनेको कुराका आधारबाट विश्वास गरिहाल्ने अवस्थामा नेकपा एमाले संसदीय दललाई गाह्रो भएको कुरा राख्न चाहन्छु । हामीले बिगतका धेरै तितामिठा अनुभवका बाबजुद हामी यो ठाउमा पुगेकै हैउ हाम्रा तर्फबाट सहयोग गर्ने अधिक्तम सत्ता देखाएकै हैउ तर त्यसअनुसार फेरि पनि म भन्न चाहन्छु फिल्डको अनुभव माननीय सदस्यहरूको अनुभव तितो छ तर यत्तिकैमा निष्कर्ष निकाल्ने निकालिएर यहीं हो भन्ने कुरा भन्ने कुरा हतारो हुन्छ। तर फेरि पनि म बिनमरताका साथ भन्न चाहन्छु यो १८ गते हामी सबैसँग माननीय सभामुखको अध्यक्षतामा बसेको सर्वदलीय बैठकले जुनप्रतिबद्धता जाहेर गरेको थियो जसलाई कार्यन्वयन गर्ने कुरा माननीय मुख्यमन्त्रीज्यूले भन्नुभएको थियो त्यसअनुसारका निर्णय त्यसअनुसारको योजना हामी बेखबर भएका कारणले गर्दा हामीसँग सरोकार राख्ने सस्था संसद्मा जबसम्म तिनि निर्णय र कार्ययोजना उपलब्ध हुन सक्दैन त्यति बेलासम्म त्यो समयसम्म त्यो समय कति लिने हो कति समय चाहिने हो त्यो सरकारमा भरपर्ने कुरा हो त्यति बेलासम्म फेरि पनि भन्न चाहन्छु दुःखका साथ आजका नियमित कार्यसूचीका कामकर्यवाहिमा हामीले सहयोग गर्ने सक्ने अवस्था छैन त्यस कारण यो देखावटी निम्तिमा मात्रै हाम्रा तर्फबाट सहमति गरिएको कागज हैन

हामी यसलाई समय बिगार्नका निम्ति व्यवस्था गरिएको कुरा हैन त्यसकारणले म फेरि पनि सबैमा विनम्ररतापूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु कि जबसम्म १८ गते गरियोको सैम्झैताको कार्यन्वयनको आवश्यक निर्णय र कार्ययोजना संसद्मा जानकारी गराउने जुन विषयमा समेत सहमतिको एउटा विषय छ त्यलाई कार्यन्वयन नहुँदासम्म हाम्रा तर्फबाट सहयोग गर्न नसकिने कुराको जानकारी गराउदै त्यता पट्टिनै सरकार ध्यान केन्द्रित गरेर छिटोभन्दा छिटो सल्लाहबाट सहमतिबाट संसद्का काम कार्यवाहि अगाडि बढाउनका निम्ति ध्यान दिने कुरा रहेछ भने हाम्रा तर्फबाट सहयोग नहुने कुरै रहेन यिनै कुरा जानकारी गराउने कुरा सभामुखज्यूलाई गर्दै हामी आज यो कुरालाई अगाडि बढाउनका निम्ति वा नियमित कामलाई अगाडि बढाउनका निम्ति नसकिने कुरा म जानकारी गराउन चाहन्छु धन्यवाद।

<u>माननीय सभामुखः</u> आसन ग्रहण गरौं माननीय सदस्यहरू, बैठक अगाडि बढाउन सहयोग गरौं, माननीय सदस्यहरू आसन ग्रहण गरेर बैठक अगाडि बढाउन सहयोग पुऱ्याउन सहयोग गरौं माननीय सदस्यहरू, माननीय सदस्यहरू अब यो बैठक आधा घण्टाका लागि स्थगित हुन्छ ।

**नवौं अधिवेशन**

**कार्यवाहीको सम्पूर्ण विवरण**

**२०७८ फागुन १९ गते**

**विहीवार**

**(बैठक संख्या-११)**

**राष्ट्रिय गान,**

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको एघारौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू प्रदेशसभामा विपक्षी दलका नेता माननीय श्री यामलाल कंडेलले समय माग गर्नु भएकोले उहाँलाई समय उपलब्ध गराउँछु ।

**माननीयश्री यामलाल कंडेलः** माननीय सभामुख महोदय, प्रदेशसभाको नवौं अधिवेशन चलिरहेको छ । नवौं अधिवेशनमा चलिरहँदा हाम्रो मुलुकको राजनीतिक अवस्था र स्थिति पनि बदलिइरहेको छ । दलीय व्यवस्था छ, दलीय व्यवस्थामा दलहरूकाबीचमा प्रतिस्पर्धा हुनु स्वाभाविक कुरा हो । तर, हाम्रो प्रतिस्पर्धाले हाम्रो समाज अगाडि बढ्दा जनता लाभान्वित हुन्छन् । मुलुक अगाडि बढ्दा मुलुक लाभान्वित हुने एउटा स्थिति रहन्छ । तर, हामी निर्वाचनमा प्रतिस्पर्धा गर्छौं, जनताको परिणाम एउटा आउँछ तरपनि मुलुक बनाउन हामी सबै मिलेर जाने कुरा गर्न सक्दा मुलुक बन्छ गर्न नसक्दा समय वित्छ । यो प्रदेशसभाको पनि चार वर्षको समय अवधि सकिएको छ । जति अवधि छ जे जिम्मेवारी छ जे ठाउँमा नेकपा एमाले प्रदेशसभाको संसदीय दल उपस्थित छ त्यस ठाउँबाट सकेसम्म रचनात्मक निर्माणको कुरा गरौं भन्ने कुरा नै हो ।

यद्यपी अगाडि बढ्दा चार वर्षको अनुभव कर्णाली प्रदेशको प्रदेशसभा भित्र मुलुकका अरू प्रदेशहरूले पनि हेर्ने गरी कतिपय घटनाक्रमहरू घटेका छन् नै । ती घटनाक्रमका पात्रहरू हामी हुँ नै । त्यो भनिरहन कुनै गाह्रो र अफ्ठ्यारो छैन । तर हाम्रो कर्णाली प्रदेश हाम्रो चेतना र अवस्था हेर्दा नवौं अधिवेशन सुरु हुँदा सरकारको एउटा अवस्था थियो । आज आईपुग्दा एउटा अवस्था छ । आजको अवस्था आउँदा कर्णालीको परिचय फेरि वदलिएको छ । त्यो सकारात्मक ढङ्गले बदलिने कुरा रहेन। अब कर्णाली प्रदेश जो कोही जाउँ बाहिर जाँदा कसैले सोध्यो भने कर्णालीको प्रदेशभन्दा ए कर्णाली प्रदेश त यस्तो भन्ने परिचयका साथ सरकार अगाडि बढिराछ । त्यसप्रति मेरो कुनै दिलचस्पीको कुरा पनि रहेन । तर त्यो ठाउँ सार्वजनिक ठाउँ, त्यो जिम्मेवारीको ठाउँ भा हुनाले कहिले काहीं कर्णालीवासीका हिसाबले त्यो मलाई पनि

छुन्छ त्यो अरूलाई पनि छुन्छ जस्तो मलाई लाग्छ । हुनतः हाम्रो समाज यस्तै हो अहिले सङ्घीय मैं रहेको पार्टीको माननीय सदस्य मलाई भन्न कुनै अप्ठ्यारो छैन यहीं कर्णाली प्रदेशको एउटा माननीय सदस्य एउटा अवस्थामा हुनुहुन्छ । संजोगले यहीं कर्णाली प्रदेशकै पर्नु भो । स्वयं यहीं सरकारमा रहेका एक जना मन्त्रीले आजभन्दा धेरै समय अगाडि भनेको एउटा महिलालाई लगेर यसलाई त ठिक पार्नुपर्छ भनेको अडियो पनि हामीले सुनिराछौं । हामी यस्तो प्रदेशका ठाउँमा फेरि पनि हामी छलफल गर्न वसिराछौं । गएको अधिवेशनमा खास विषय उठाइयो, नवौं अधिवेशनमा पनि हामीले खास विषय उठायौं । यद्यपी यो रोष्ट्रमबाट बोल्दा जिम्मेवारी फरक-फरक भए पनि जोडतोड मिल्दा कहिलेकाहीं बाहिर चर्चाको विषय पनि बन्छ रे भन्ने सुनिराछु । फेरि पनि हामीले सरकारले जसरी कर्णालीको बदनाम गर्नेगरी कर्णालीको सीमित साधन र स्रोतलाई दुरूपयोग गर्ने गरी कर्णालीमा विकास गर्ने होइन विकास खाने हो भन्ने मनोविज्ञानलाई बढावा दिने गरी अध्यादेशमार्फत् जुन बजेट ल्याएको थियो त्यो बजेट माथि हामीले सभा प्रारम्भ हुनासाथ हामीले ध्यानाकर्षण गऱ्यौं, छलफल गऱ्यौं । सबै त्यसमा सकारात्मक ढङ्गले अगाडि बढ्ने गरी एउटा सहमति गरियो । त्यहाँ ठुला-ठुला राम्रा-राम्रा कुरा पनि भए । उस्तै पर्दा प्रतिपक्षलाई उछिनेर नयाँ प्रस्तावहरू पनि आए। गर्ने ठाउँमा उहाँहरू नै हुनुहुन्थ्यो । कर्णालीका नेतृत्वका दुइटा सरकार छन्। आ-आफ्नो मूल्याङ्कन समय क्रममा हामी गरौंला । विगतको सरकार संरचनागत हिसाबले, जन समर्थनका हिसाबले कर्णाली बनाउने सरकार थियो । तर उसका अयोग्यताका कारणले चार वर्ष खेर गयो ।

त्यतिबेला पनि हामी सत्तापक्षमा रहँदा पनि सहयोग गर्ने कुरा गरेकै थियौं । यिनै कुरा उठाएका थियौं । प्रमुख प्रतिपक्षले पनि रचनात्मक कुरा गरेकै जस्तो लाग्छ । तर, आज कर्णाली बनाउनका निम्ति होइन कि आफू बन्नका निम्ति लागेकाहरूलाई सामेल गरेर आजको मुख्यमन्त्री हिँडिरहनुभाछ। कर्णाली बनाउने विचार बोकेर हिँडिरहेकाहरूलाई साथमा लिएर होइन आफू बन्नका लागि जे पनि गर्न तयार भएकालाई लिएर नेतृत्व गरिरहनु भएको छ । तर पनि उहाँ छलफलमा हामी सहमत भयौं, हामीले योभन्दाअगाडिको बैठकमा तिनै विषयलाई ध्यानाकर्षण गऱ्यौं । तल तल के छ म धेरै खोज्न जान्न तर सस्थागत विकासका निम्ति, एउटा सुशासनका निम्ति चार वर्षको यो अनुभवको बीचमा संसद्मार्फत् मैले प्राप्त गरेको यो कागज मैले यसलाई महत्त्वपूर्ण रूपमा लिएको छु । सुशासनका निम्ति सुव्यवस्थाका निम्ति र संसद्को मर्यादा र दायित्व निर्वाह गर्नका निम्ति यहाँ भित्रका कुरा फेरि पनि छलफल गर्नुपर्ने नै

छ । तर, त्यस्ताको संगतका बाबजुद पनि उहाँले जुन आँट गर्नुभयो भित्रका कुरा त छलफल गर्न बाँकी छ जे आँट गर्नुभयो त्यसका निम्ति म धन्यवाद दिन चाहन्छु । यसकारण कि यसले सुशासनको बाटोलाई पछ्याएको छ । यसले संसद्प्रति सरकार जवाफदेही र जिम्मेवार हुन्छ भन्ने कुरालाई पछ्याएको छ । यसले थोरै भए पनि कुरा उठेपछि सम्बोधन हुन्छ भनेर सकारात्मक बाटोमा हिँड्ने कोशिस गरेको छ । कोशिस गर्दा कति अगाडि बढ्नुहुन्छ त्यो हिँडेपछि मात्रै भन्न सकिने कुरा हो । आज बाँड्न पाए हुने, खान पाए हुने त्यो पनि जिम्मेवार ठाउँमा बसेकाहरूले गर्ने प्रवृत्तीका विरुद्ध हामी प्रतिपक्षको मात्रै म भन्दिन अठार गते संसद्भित्र रहेका सबै दलका नेता सामेल थियौं । उहाँहरू त हुनुहुन्न त्यतिवेला पनि मैले भनेको हो आजपनि म दोहोऱ्याएर भन्न चाहन्छु । निवर्तमान मुख्यमन्त्री पनि एउटा दलको नेताले त्यहाँ सामेल हुनुहुन्थ्यो । अरूअरू दलको बैठकमा र एउटै पार्टीमा हुँदा त उहाँले धेरै पटक भनेको सुन्याथैं, अस्ति पनि उहाँले के भन्नु भो यो पन्ध्र लाख होइन मेरो विचारमा त यो पचास लाख पुऱ्याउनु पर्छ भन्नु भएको थियो । अझ उहाँ त एक करोडभन्दा यो रोष्टममा दलमा त्यस्तो भन्ने ? उहाँले नै ल्याएको बजेटले करोड के लाख हजारको पनि इज्जत थाम्न नसक्ने गरी बजेट विनियोजन भएको दृष्टान्त हामी देखिरहेका छौं ।

माननीय सभामुखज्यू, त्यसकारणले म फेरि पनि भन्न चाहन्छु नेकपा एमाले जुन स्थानमा छ त्यो ठाउँबाट हामी रचनात्मक भूमिकाका निम्ति निर्माण गर्नेतिर लाग्छौं । दलीय व्यवस्थामा राज्यको साधन स्रोत एकलौटी बाँड्दाको अनुभव कांग्रेसलाई राम्रोसँग थाहा छ । अठचालिस साल कस्तो होला ? हामी सबैले अनुमान गरौं त । तरपनि जनताको पक्षमा काम गर्न नसक्दा, तदनुकुल किसिमले नीति ल्याउन नसक्दा त्यस्तो हुँदो रहेछ । जनमत हेर्दा त्यस्तो देखिन्छ । यहीं बीचमा म रुकुम जिल्लाको पुगें, रुकुम जिल्ला अरूपनि पुग्नु भा होला । त्यहाँ कुनै लोकतन्त्रको कुनै अनुभूति गर्ने कुनै अवस्था छैन । त्यहाँ कुनै हामीले पारित गरेका नियम र कानूनका आधारबाट पैसा खर्च भै रा छैन । संजोगवस मैले केहीसँग अनुभूति शेयर गर्ने रुचिका साथ अगाडि बढें । तरपनि चर्चाको शिखरमै छ त्यो जिल्ला । सुशासनको, लोकतन्त्रको हामीले बनाएका कुनै कुराको त्यहाँ कुनै माने मतलब छैन । अहिले यसकारणले म सभामुख महोदय सरकारले संसद्लाई दिएको कुरालाई हाम्रो दलले सकारात्मक ठानेर हामीले जे कुरा अस्ति भनिरहेका थियौं फेरिपनि अविश्वासका बीचमा विस्वास गर्दै, छलफल गर्दै अगाडि जानु नै कर्णाली निर्माणका निम्ति, बाँकी समयका निम्ति समयको पनि बचत हुन्छ भन्ने हामीले अनुभूति गरेका छौं । यद्यपी यसमा लेखिएका कुरा छलफल गर्न बाँकी छ

अहिले पनि दलीय व्यवस्था भएपछि, सम्बन्धित दलको सरकार भएपछि त्यो दलको प्रभाव र विस्तार गर्ने कुरामा लाग्ने कुरामा मेरो कुनै आपत्ती छैन तर हामी जनप्रतिनिधि हेऱ्या हे¥यै हुने गैह्र जिम्मेवार, गैह्र सांसद, गैह्र जनप्रतिनिधि बोलवाला हुने कुरा मान्न सकिँदैन उपयुक्त ठान्न सकिदैंन, ठान्न सकिदैंन । हो सरकारमा हुँदा सरकारमा रहने पार्टीले के का निम्ति त्यहाँको त्यसको साधन र स्रोत र जनशक्तिलाई प्रयोग गर्छ उसको कुरा हो । तर देखादेखी सरकार अरू कोही कसैले कतैबाट चलाईरहेको कुरा आज मात्र भनिराछैन म तपाईँहरूलाई स्मरण गराउन चाहन्छु जतिबेला नेकपा थियो त्यतिवेला यो रोष्ट्रमबाटै भन्ने मान्छे म हुँ । त्यतिबेला सरकारले एउटा विज्ञ समुह बनाएको थियो । त्यसको संयोजक कुनै जिल्लाको प्रतिनिधि हुनुहुन्थ्यो । हामी एउटै पार्टीमा थियौं । उसले अन्त बैठक गरेन यहाँ क्याबिनेट गर्ने ठाउँमा बैठक गरेर आफ्नो अध्यक्षतामा बैठक गरेर माननीय मुख्यमन्त्रीलाई आमन्त्रित गरेको दृष्टान्त त्यहाँ पाउन सकिन्छ । त्यसको व्यवस्था अहिलेको हाम्रो संविधानले परिकल्पना गरेको छैन । तर, गऱ्यौं त हामीले हिँड्यौ त त्यो बाटोमा । तर त्यतिवेला पनि मैले यहीं रोष्ट्रम प्रयोग गरेर भनैं यो परिकल्पना हाम्रो संविधानले परिकल्पना गरेको व्यवस्था होइन है ।

आजपनि उहाँले नेतृत्व लिनुभाछ म फेरि पनि भन्न चाहन्छु पाँच ओटा प्रदेशसभाका माननीय सदस्यहरू रित्त छन् । सल्लाह भाको छ, सल्लाह गरेर गर्ने कुरा अफठ्यारो बुझ्न तयार छ प्रतिपक्ष । सरकारले काम गर्दै गर्दा अफठ्यारो रहेछ भने फुकाउन तयार छ तर उहाँले त सम्झौता मुताविकै काम कारबाहीअगाडि बढाउने कुरा भनेको छु भन्ने छ तरपनि म उहाँलाई फेरिपनि स्मरण गराउन चाहन्छु हामी रचनात्मक सहयोग गर्न तयार छौं । जनताको जनप्रतिनिधिहरूको उदाहरणका निम्ति मान्नुस अन्त त नभए पनि फेरिपनि चर्चा गर्न चाहन्छु दैलेखमा त माननीय सदस्य हुनुहुन्थ्यो त मिना रखाल । तर अन्देखा प्रत्यक्ष र समानुपातिक दुइटै भाको ठाउँमा कुरा नमिलेको आफ्नो अनुभव छ । त्यसकारणले फेरि पनि म भन्न चाहन्छु जसले कर्णालीका निम्ति होइन जसले जनता र देशका निम्ति होइन आफ्ना निम्ति जनमतको अवेज्ञा गरेर आफैंले निर्माण गरेको पार्टीलाई त्यो तहसम्म गरिसकेपछि अनि तिनैले चार करोड बाँड्ने कुरा विकासका निम्ति हो कि ? आफ्ना निम्ति होभन्दा त्यो आफ्ना निम्ति हो। यतापट्टी म अझैपनि ध्यानाकर्षण गराउन चाहन्छु । त्यसकारणले सरकारले जे संसद्मार्फत हामीलाई जानकारी दिएको छ त्यसलाई हामीले सकारात्मक ढङ्गले लिने कुरा माननीय सभामुखमार्फत् म राख्न चाहन्छु ।

आगामी दिनमा उहाँले जे भन्नुभाछ, सरकार त्यो बाटोबाट हिंड्न खोज्दा हाम्रो सहयोग हुन्छ । तर सुशासन गर्ने कुरा व्यवस्था ल्याउने कुरा अव्यवस्थाका बीचमा साह्रै गाह्रो छ । उदाहरणका निम्ति मैले सुनें, लाजमर्ने कुरा हो, लाजलाग्दो कुरा हो अन्ठाउन्न करोड अझ खोज्दै जाँदा त्यो बढ्न सक्छ काम गरिसकेका निर्माण व्यवसायीको भुक्तानी दिन पर्ने अवस्थामा बजेट नभएको अवस्थाको सरकार हो यो । ल हेर्नुस् त । काम गरिसके खोज्दै जाँदा त्यो संख्या त्यति पुग्यो रकमको भोल्युम त्यो पुग्यो । त्यो हामीले वा प्रतिपक्षले उठाउनु पर्ने माग हो त ?भन्दा होइन त्यो स्वयं सरकारले तिर्नै पर्ने, भुक्तानी गर्नै पर्ने दायित्वमा हो तरपनि हाम्रो यस्तो सरकार र यस्तो प्रदेशसभा भयो कि हामीले त्यो माग उठाउनु पर्ने भो, सरकारसँग सम्झौता गराउनु पर्ने भो, सरकारसँगसहमति गर्नु पर्ने भो अनि सरकारले त्यो माग पूरा गरे वापत हामीले गुन जस लिएजस्तो गरेर अगाडि बढ्नु पर्ने परिस्थिति छ । यसैबाट थाहा हुन्छ कि बजेट कसरी बन्छ, खर्च कसरी हुन्छ सजिलै थाहा पाउन सकिन्छ त ।

चार वर्ष वितिसक्यो हामी चलाईरहेको सभाका खर्चपर्चको व्यवस्था नियमअनुसार होइन व्यवस्थाअनुसार होइन व्ययहारिकताका हिसाबले पनि व्यवस्था गर्दै समस्याको समाधान गर्दै गरेको भन्ने पनि सुन्दै छु आज । चार वर्ष भै सक्यो सभा यहीं चलिरहेको ठाउँको बारेमा पनि । त्यसकारणले सरकार एउटा विधिबाट चल्थ्यो, एउटा प्रक्रियाबाट चल्थ्यो, एउटा मान्यताबाट चल्थ्यो तर सबै भत्काएको अवस्थाबाट सरकार चलाएका कारणले गर्दा आज यो बाटो हिंड्न कठिन छ नै होला जस्तो लाग्छ....कठिन छ होला जस्तो लाग्छ । त्यसकारणले सुशासन कायम गर्ने कुरामा जे कुराको पहलकदमी यहाँ सरकारको नेतृत्वले गर्नु भएको छ त्यसलाई मैले अघिपनि भनें त्यसलाई मैले सकारात्मक ढङ्गले बुझ्दछु । संसद् र सरकारका बीचमा समिति र सरकारका बीचमा धेरै पत्राचार गरेर स्वयं सभापति अध्यक्ष भएर अनुभव गर्नुहुने माननीय सदस्यहरू पनि यहाँ हुनुहुन्छ । तितो अनुभव छ जस्तो लाग्छ । संसद् र समिति र सरकारको रवर स्टयाम्प होइन सरकार पक्षधर सांसद भए पनि । त्यसको आफ्नो ठाउँ रहन्छ । त्यसकारणले मैले त्यो कुरा उठाएको एउटा कुरा चाहिँ यहाँ राख्न चाहन्छु । यस आधारबाट अब हामीले सकारात्मक ढङ्गले लिन चाहन्छौं । तर लेखिएका कुराका बारेमा सरकारको नेतृत्व गर्नुहुने माननीय मुख्यमन्त्रीज्यूले जे भन्नुभाछ र जे गर्नुभाछ बाँकी विषय छलफल गरेर समाधान गर्न सकिन्छ भन्ने निष्कर्षका साथ हामीले अस्ति जे भनिराथ्यौं त्यसमा हामी सकारात्मक सोचका साथ अगाडि बढेको कुरा माननीय सभामुखमार्फत् जानकारी गराउन चाहन्छु ।

यही क्रममा दुइटा सुझाव हरू दुइटा थप्न चाहन्छु । मैले अस्ति पनि भन्याथैं आजसम्म त्यो उद्घाटन गर्न सकिन्थ्यो । तर ढिलै भए पनि एउटा कर्णाली कै जहाँ बनेपनि गौरवको योजना रंगशाला बनाउँदै हुनुहुन्छ, बन्दै छ अझैपनि सकिन्छ भने त्यसको सिट संख्या भोलि यत्तिको जग्गा अन्त कहीं पाइँदैन । म विनम्रतापूर्वक अहिलेको काम नरोकिने गरी यसको सिट संख्या बढाउन सकिने कुरा कहीं ठाउँ रहन्छन् गुन्जायस हुन्छ भने त्यतापट्टी ध्यान दिउँ । किनभने भोलि फेरि अर्को ठाउँमा निर्माण गर्न सकिदैंन । अलि ठाउँ क्षेत्र बनायो भने त्यो राष्ट्रिय होइन अन्तर्राष्ट्रिय स्तरको एउटा रंगशाला निर्माण गर्ने आधार निर्माण हुन्छ । हामी गरिव, विपन्न, अनुदानमा बाँच्ने प्रदेशहरूले जे बनाउँछौं त्यो थोरै बनाउँ अरू धेरैका निम्ति बनायो भने हाम्रो नै सञ्चति हुन्छ यो कुरा राख्न चाहन्छु ।

दोस्रो कुरा मैले सुनें धेरै बुझ्न बाँकी छ । यो पहिलो वर्षदेखि नै सुरु भएको योजना हो साइकल लेनको कुरा रारामा । जसरी काँक्रिविहार तीन पटक रद्द हुँदै ठेक्का भयो अहिले अदालतमा छ त्यस्तै एउटा अर्को योजना साइकल लेनको रारा वरिपरी साइकल लेन बनाउने कुरा पहिलो वर्षदेखि ल्याएको कुरा हो ।

माननीय सभामुखज्यूमार्फत् ध्यानाकर्षण गर्न चाहन्छु । तर दुःखको कुरा मैले सुने कतिसम्म सत्य हो माननीय मुख्यमन्त्रीज्यू पैतालिस करोडको एउटै मात्रै ठेकेदार योग्य हुनेगरी त्यस्तो फ्रेमवर्क बनाइएको छ भन्ने सुनें । एउटा मात्रै त्यो हो भने बेलैमा अहिले त्यो सूचनाको तहमा छ..... सूचनाको तहमा छ यदि त्यस्तो हो भने त्यसमा बेलैमा ध्यान जाओस् । यत्रो प्रविधि र निर्माण ब्यवसायीको क्षमताको विकास भएका बेला एउटा मात्रै पक्ष योग्य हुनेगरी सूचना निकाल्ने कुरा त्यो शोभनीय हुँदैन, त्यो जायज हुँदैन । अहिले त्यसका पछाडि लुकेको कुरा गर्नु हतारो हुन्छ हाम्रो मतलब सुधार गर्ने कुरा प्रमुख कुरा हो, सच्याउने कुरा प्रमुख कुरा हो । तव त्यो बन्दै छ भने त्यस्तो तरिका बेलैमा सच्याउँ ।

तेस्रो कुरा, होसियारीका साथ मलाई त त्यो विस्वास लाग्दैन । तर, झण्डा हल्लाउने साथीहरूले आ-आफ्ना जिल्लामा पन्ध्र लाख के भयो त ? दुइटा दुइटा खप्ट्याउ त्यहाँ सम्झौता गरौं भनेर भन्ने विधि छ जस्तो मलाई लाग्दैन । दश-दश लाख आफा आफैं बीस लाख बनाएर उहीं सम्झौता गर्ने गरी अहिले भन्नु फेरि जनतालाई ढाँट्ने कुरा हुन्छ । योजना तर्जुमाका आफ्ना तरिका छन्, आफ्ना प्रक्रिया छन्, आफ्ना प्रोसेस छन् त्यो बाटो विराउँछ जस्तो मलाई लाग्दैन । त्यसमध्ये पनि संसद्मा जे अहिले उहाँहरूले प्रस्तुत गर्नुभएको चौरासी पचासी करोडको चाहिँ रकम छ। त्यो भनेको

सल्लाह गरेर सल्लाह भनेको सबैको साझा अन्ठाउन्न करोड तिर्नुपर्ने भए तिर्ने, योजना छुटेको भए छुट्ने, कुरामै ध्यान केन्द्रित गर्ने कुरा होला । तर फेरि आफूखुसी हाम्रो देशको झण्डा हल्लाउनेहरूको त वा देशै चलाउनेहरूको त आज एउटा छ भोलि अर्को छ तरपनि सम्वाद गरेर जानुपर्ने एउटा अवस्था छ । यस्तो अवस्थामा चाहिँ मलाई लाग्छ कि हामीले वातावरण विश्वासिलो वातावरण बनाउने जुन पहल गर्नुभएको छ मलाई लाग्छ हामी हाम्रो ठाउँबाट सकारात्मक सहयोग रहने कुरा यसकारणले कि त्यसले सु-शासनलाई बल पुऱ्याउँछ, त्यसले संस्थागत विकासलाई बल पुऱ्याउँछ, त्यसले बाडिचुँडी खाने कुरालाई हतोत्साहित गर्छ, त्यसले थोरै भए पनि हाम्रो ठाउँमा विकास निर्माणलाई टेवा पुऱ्याउँछ । त्यसकारणले मैले यति कुरा गरेको छु । यस आधारबाट फेरि पनि मैले सबै तलको विवरण त हेऱ्या छैन हेर्न पाएको छैन उहाँले सातओटा बुंदामा पोर्टफोलियोमा जसरी यहाँ लेख्नु भएको छ त्यसलाई सकारात्मक रूपले ठानेको छु र आगामी दिनमा जे हामीले सम्वाद र सहमतिका आधारबाट र सल्लाहका आधारबाट अगाडि बढ्ने कुरा गरेका छौं त्यो दिशाबाट सरकार हिँड्दा हाम्रो तर्फबाट सहयोग रहने कुरा राख्दै विदा हुन चाहन्छु, धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू प्रदेश सरकारका तर्फबाट सभामा पेश भई सभाबाट स्वीकृत भईसकेको कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ सभासमक्ष टेबुल गर्न कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ५ बमोजिम कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई अनुमति दिन्छु ।

<u>आर्थिक मामिला तथा योजना मन्त्रीमाननीय श्री बिन्दमान विष्टः</u> माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेशसभाको अधिवेशन चालु नभएको अवस्थामा कर्णाली प्रदेश प्रमुखज्यूबाट प्रदेशसभाको नियमित कार्यहरू सञ्चालन गर्नको लागि कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ जारी भई सभाबाट स्वीकृत समेत भईसकेकोले प्रतिस्थापन विधेयकको रूपमा सभामा प्राप्त भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ५ बमोजिम सभासमक्ष टेबुल गर्दछु । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ६ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक,

२०७८माथि छलफलका लागि यहीँ फागुन १९, २३ र २४ गतेका दिनहरू तोकि निम्नानुसारको कार्यतालिका निर्धारण गरेको छु ।

- फागुन १९ गते कर्णाली प्रदेश विनियोजन विधेयक २०७८ अन्तर्गतको आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेशसभा सचिवालय, सामाजिक विकास मन्त्रालय र जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय ।
- फागुन २३ गते भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र कर्णाली प्रदेश योजना आयोग।
- फागुन २४ गते भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका शीर्षकहरूमा दफावार छलफलका लागि समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, प्रत्येक मन्त्रालयगत र निकायगत छलफल सकिए लगत्तै सम्बन्धित मन्त्रीले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुहुने व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, प्रदेश सरकारका तर्फबाट सभामा पेश भई सभाबाट स्वीकृत भईसकेको कर्णाली प्रदेश आर्थिक अध्यादेश २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा कर्णाली प्रदेश आर्थिक विधेयक २०७८ सभासमक्ष टेबुल गर्न कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम १३९ को उपनियम १ बमोजिम कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई समय दिन्छु ।

<u>आर्थिक मामिला तथा योजना मन्त्रीमाननीय श्री बिन्दमान विष्टः</u> माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेशसभाको अधिवेशन चालु नभएको अवस्थामा कर्णाली प्रदेश प्रमुखज्यूबाट प्रदेश सरकारको नियमित कार्यहरू सञ्चालन गर्नको लागि कर्णाली प्रदेश आर्थिक अध्यादेश, २०७८ जारी भई सभाबाट स्वीकृत भईसकेकोले प्रतिस्थापन विधेयकको रूपमा सभामा प्राप्त भएको कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८ कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १३९ को उपनियम १ बमोजिम सभासमक्ष टेबुल गर्दछु । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेश आर्थिक विधेयक २०७८ माथि छलफल गर्न स्वीकृतिका लागि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम १३९ को उपनियम ३ बमोजिम कर्णाली प्रदेश आर्थिक विधेयक २०७८ माथि छलफल गर्न स्वीकृतिका लागि विचार गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

माननीय सभामुखः माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले छलफल गर्न स्वीकृतिका लागि सभासमक्ष राख्नुभएको कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८ माथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्, ।

माननीय सदस्यहरूः"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८ माथि छलफल गर्न स्वीकृतिका लागि विचार गरियोस् भनी सभासमक्ष राख्नुभएको प्रस्ताव सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८ माथि छलफलका लागि यहीँ फागुन २४ गतेको समय तोकेको व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई प्रदेशसभासचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक सभासमक्ष टेबुल गर्न समय दिन्छु ।

आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः माननीय सभामुखज्यू, प्रदेशसभाको काम कारबाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्न प्रदेशसभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मिति २०७५ चैत्र ५ गते जारी भई कार्यान्वयनमा रहेको सन्दर्भमा प्रदेशसभा सचिवको योग्यता, निजको आवास सुविधा र निजी सचिवको व्यवस्था गर्न समयानुकुल प्रस्तुत विधेयकमा संशोधन गर्नुपर्ने देखिएकोले प्रदेशसभासचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभासमक्ष टेबुल गर्दछु, धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू, सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक २०७८ माथि सैद्धान्तिक छलफल समाप्त भई सो विधेयकमाथि संशोधनको सूचना प्राप्त भएकाले प्रदेशसभा सदस्य माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ बमोजिम थप छलफलका लागि समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

<u>माननीय श्री नरेश भण्डारीः</u> माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले नेपालको मूल सभ्यता सिंजा सभ्यताको उद्‌गमस्थल जुम्ला जिल्लास्थित सिंजा क्षेत्र र सिंजा सभ्यतासँग सम्बन्धित कर्णाली प्रदेशका अन्य भूभागको ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक, धार्मिक एवं भाषिक पर्यटन प्रवर्धन गरी आर्थिक सम्वृद्धी र खुसी हाँसिल गर्ने उद्देश्यका साथ सिंजा सभ्यताको संरक्षण तथा विकास गर्न वाञ्छनिय भएकोले सम्मानित सभामा पेश भएको सिंजा सभ्यता संरक्षण तथा विकास विधेयकमाथि सैद्धान्तिक छलफल भई सो विधेयकमाथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकोले उक्त विधेयकमाथि दफावार छलफलका लागि कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ को (ख) बमोजिम सामाजिक विकास समितिमा पठाउन सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू, सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८ माथि थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउन उपयुक्त छ भनी प्रदेशसभा सदस्य माननीय श्री नरेश भण्डारीले राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

माननीय सदस्यहरूः"हुन्छ"

<u>माननीय सभामुखः</u> यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थः सिंजा सभ्यता संरक्षण तथा विकास विधेयक, २०७८ मा थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउनु उपयुक्त छ भनी प्रदेशसभा सदस्य माननीय श्री नरेश भण्डारीले राख्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल समाप्त भई सो विधेयकमाथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ बमोजिम थप छलफलका लागि समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय चन्द्रबहादुर शाहीः माननीय सभामुखज्यु, सहकारी सङ्घ संस्थाहरूको दर्ता, सञ्चालन एवं नियमन सम्बन्धी व्यवस्था गर्न कर्णाली प्रदेशसभाले बनाएको कर्णाली प्रदेश सहकारी ऐन कार्यान्वयनमा रहेकोमा ऐन कार्यान्वयनको क्रममा ऐनका प्रावधान सङ्घीयसंसद्ले बनाइ कार्यान्वयनमा रहेको सहकारी ऐन, २०७४ समेतको सापेक्षातामा सहकारी सम्बन्धी प्रदेशका संरचना, अधिकार र सहकारीको व्यवस्थापन तथा नियमन सम्बन्धी विषयहरू कार्यान्वयन गर्न असहजता भएकाले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक, २०७७ माथि सैद्धन्तिक छलफल भई सो विधेयकमाथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकोले उक्त विधेयकमाथि दफावार छलफलका लागि कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ को (ख) बमोजिम सामाजिक विकास समितिमा पठाउन सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

माननीय सभामुखः माननीय सदस्यहरू, कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका भूमी, व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीले राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

माननीय सदस्यहरूः"हुन्छ" ।

माननीय सभामुखः यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थः कर्णाली सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमा थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास

समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीले राख्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, शान्ति तथा पुनःस्थापना केन्द्र स्थापना गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल समाप्त भई सो विधेयकमाथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ बमोजिम थप छलफलका लागि समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

आन्तरिक मामिला तथा कानून मन्त्री माननीय हिमबहादुर शाही: माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले जनयुद्ध, जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनका क्रममा मृत्यु भएका र बेपत्ता पारिएका ब्यक्तिका परिवार तथा घाईते, अपांगता र अशक्त भएका ब्यक्तिलाई हेरविचार, पुनःस्थापना र सिपमूलक तालीम प्रदान गरी सहज जीवनयापन गर्न सक्षम तुल्याई दिगो शान्ति स्थापनार्थ कानूनी व्यवस्था गर्न आवश्यक भएकोले सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको शान्ति तथा पुनःस्थापना केन्द्र स्थापना गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल भई सो विधेयकमाथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकोले उक्त विधेयकमाथि दफावार छलफलका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को (ख) बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाउन सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

माननीय सभामुखः माननीय सदस्यहरू, शान्ति तथा पुनःस्थापना केन्द्र स्थापना गर्न बनेको विधेयकमाथि थप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीले राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

माननीय सदस्यहरूः "हुन्छ" ।

माननीय सभामुखः यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थः शान्ति तथा पुनःस्थापना केन्द्र स्थापना गर्न बनेको विधेयकमा थप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला

समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीले राख्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७८ साल फागुन १९ गते विहीवार दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।

# नवौं अधिवेशन

## कार्यवाहीको सम्पूर्ण विवरण

## २०७८ फागुन १९ गते

## विहीवार

## (बैठक संख्या-१२)

राष्ट्रिय गान,

मानसीय सभामुखः मानसीय सदस्यहरू, कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको बाह्रौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकारका तर्फबाट सभामा पेश भई सभाबाट स्वीकृत भई सकेको कर्णाली प्रदेश खेलकुद विकास पहिलो संशोधन अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको प्रस्तावन विधेयक सभासमक्ष टेबुल गर्न कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीलाई अनुमति दिन्छु ।

सामाजिक विकास मन्त्री माननीय यज्ञबहादुर बुढाक्षेत्रीः माननीय सभामुखज्यू, कर्णाली प्रदेश खेलकुद विकास पहिलो संशोधन अध्यादेश, २०७८ जारी भई उक्त अध्यादेश सम्मानित सभाबाट स्वीकृत समेत भई सकेकोले उक्त अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको प्रतिस्थापन विधेयक प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभासमक्ष टेबुल गर्दछु । माननीय यज्ञबहादुर बुढा क्षेत्री, मन्त्री सामाजिक विकास मन्त्रालय ।

माननीय सभामुखः माननीय सदस्यहरू, कर्णाली प्रदेश सूचना, प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापना सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल समाप्त भई सो विधेयकमाथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ बमोजिम थप छलफलका लागि समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

आन्तरिक मामिला तथा कानून मन्त्री माननीय हिमबहादुर शाहीः माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले संविधान प्रदत्त विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई सुनिश्चित गर्दै सूचना, प्रविधि तथा आमसञ्चारको विकास गरी सर्वसाधारणसम्म पहुँच

पुऱ्याउनआसञ्चार तथा सूचना प्रविधि क्षेत्रमा आवद्ध जनशक्तीको ब्यवसायिक क्षमताको अभिवृद्धीका लागि अध्ययन, अनुसन्धान र प्रशिक्षणको व्यवस्था गर्न कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनाको लागि कानूनी व्यवस्था गर्न वाञ्छनिय भएकोले प्रदेश सरकारका तर्फबाट सभामा पेश भएको कर्णाली सूचना, प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल भई सो विधेयकमाथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकोले उक्त विधेयकमाथि दफावार छलफलका लागि कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ को (ख) बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाउन सभासमक्ष प्रस्ताव पेश गर्दछु । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू, कर्णाली प्रदेश सूचना, प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापना सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमाथि थप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना मन्त्री माननीय श्री हिमबहादुर शाहीले राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

माननीय सदस्यहरूः"हुन्छ"।

<u>माननीय सभामुखः</u> यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् । "हुन्न" भन्ने आवाज सुनिएन । तसर्थः कर्णाली प्रदेश सूचना, प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापना सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमा थप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीले राख्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू, कृषि व्यवसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल भई सो विधेयकमाथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ बमोजिम थप छलफलका लागि समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय चन्द्रबहादुर शाही: माननीय सभामुखज्यू, कर्णाली प्रदेशको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न कृषियोग्य जमिनको सदुपयोगद्वारा कृषिको आधुनिकिकरण उत्पादनको विविधिकरण, बजारिकरण सामूहिक खेति प्रवर्धन तथा ब्यवसायिकरणबाट उत्पादन वृद्धी गरी कृषि क्षेत्रको समग्र विकास गर्न र खाद्य सुरक्षाको प्रत्याभूत गर्नका लागि कानूनी व्यवस्था गर्न आवश्यक भएकोले प्रदेश सरकारका तर्फबाट सभामा पेश भएको कृषि व्यवासाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल भई सो विधेयकमाथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकोले उक्त विधेयकमाथि दफावार छलफलका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को (ख) बमोजिम सामाजिक विकास समितिमा पठाउन सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

माननीय सभामुख: माननीय सदस्यहरू, कृषि व्यवसायप्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास समितिमा उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीले राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

माननीय सदस्यहरू:"हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, कृषि व्यवसायप्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा थप छलफल गर्न आवश्यक भएकाले सामाजिक विकास समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीले राख्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा सभामा पेश भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ अन्तर्गतको आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेशसभा सचिवालय, सामाजिक विकास मन्त्रालय र जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयका शीर्षकहरूमाथि कर्णाली

प्रदेशसभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ७ बमोजिम छलफल प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय श्री दल रावल । समय ७ मिनेट ।

<u>माननीय दल रावलः</u> माननीय सभामुख महोदय, अब हामीले त यो जनताको सार्वभौम थलो जनताका प्रतिनिधिहरूबीच कर्णालीको साँच्चिकै समृद्धीको लागि हाम्रा आर्थिक वर्ष ७८/७९ को बजेट माथि छलफल गर्ने गर्नुपर्ने दिन चाहिँ करिब करिब दुई के भन्छ यो चौमासिक वितेपछि चाहिँ आज छलफल गर्दैछौं । यसका लागि पूर्ववर्ती सरकारलाई धन्यवाद छ ।

लोकतन्त्रको सौन्दर्यता भनेकै आवधिक निर्वाचन, त्यसपछि जनताका प्रतिनिधिहरू छानिएर आईसकेपछि जनताका सपना पूरा गर्ने थलो भनेकै संसद् हो, प्रदेशसभाहरू हुन्, स्थानीय सरकारहरू हुन् । त्यसैका लागि नेकपा एमाले चाहिँ प्रतिबद्ध थियो । माननीय सभामुखज्यूमार्फत् सम्मानित सदनलाई म आग्रह गर्न चाहन्छु नेकपा एमालेले तत्कालीन अवस्थामा तत्कालीन राजनीतिक घटनाक्रमलाई लिएर आफ्नो चाहिँ विरोध जारी राख्याथ्यो । यो सत्य हो । तरपनि हामीले के भनेका थियौं र हामी सर्वदलीय बैठक र संसद्भित्रका सबै दलहरूको उपस्थित भएको बैठक सरकारको प्रतिनिधि हुँदा सरकारका तत्कालीन मुख्यमन्त्री हुँदा पनि त्यो संवैधानिक बाटो छ, हामी भोलि बिहान ८ बजे बैठक बसौं त्यसलाई फुकाउने काम गरौं भनेर हाम्रो दलको नेता स्वयम्ले त्यो चाहिँ कुरा राख्नुभएको त्यो बैठकमा । हामीले के भन्यौं भने सरकारलाई त्यतिखेर सम्झायौं । संविधानको धारा २१० को उपधारा १ र २ तथा कर्णाली प्रदेशसभा नियमावलीको नियम १३८ को उपनियम १ मा प्रदेशसभामा विनियोजन विधेयक छलफलमा रहेको अथवा यो चाहिँ विचाराधीन रहेको अवस्थामा तत्काल पेश्की खर्च गर्नको निम्ति एक तिहाई बजेट ल्याउने व्यवस्था छँदैछ । यो व्यवस्थाका निम्ति हामी चाहिँ अगाडि बढौं र हामी असारको महिना भरी हामी छलफल गरेर साँच्चिकै कर्णालीको समृद्धीको लागि अब हामी हाम्रो अन्तिम कालमा पनि हामी छौं यो बजेट चाहिँ विनियोजन गरौं बजेटलाई ल्याउँभन्दाभन्दै सरकारको तत्कालीन कुत्सित मानसिकता, सरकारको लोकतन्त्र विरोधी तानाशाही मानसिकताका कारण चाहिँ बजेटलाई बन्धक बनाएर संसद्लाई बन्द गरेर रातारात संसद् बन्द गरेर अध्यादेशबाट बजेट ल्याइयो । जसको परिणाम आज सरकार आफैंत्यहाँ भएर यो त अचम्मका योजनाहरू तल तल गएछन् भनेर फेरि फिर्ता लिन बाध्य भयो ।

सरकारले अहिले हिजो हाम्रो संसदीय दलको नेताले पनि भनिसक्नु भाछ एउटा होमवर्क गरेर अस्ति भएको सहमतिलाई एउटा अलिअलि प्रगतिशीलढङ्गले एउटा काम ल्याएको छ । तर लिखित मिस्टेक हो कि के हो मैले त मैले थाहा पाइन । बाहिर सुन्दा चौरासी करोड भन्ने सुनिएको थियो । तर यो पानामा तल हेर्दा २ अरब ५४ करोड २७ लाख छ । यो अङ्क तलमाथि पर्‍यापनि हुनसक्छ । यति बराबरको सानो रकम फिर्ता गरिएको हो वा आधा खर्च भै सम्झौता भएर खर्च गरिसकेर जम्मा ८४ करोड बचेको हो यो चाहिँ स्पष्ट पर्‍यो भन्ने मलाई लाग्छ । तरपनि प्रयास चाहिँ सरकारले गर्‍यो यसका लागि धन्यवाद छ । अनि त्यस्तो खालको संवैधानिक व्यवस्था हुँदाहुँदै सरकारले संसद्लाई रातारात बन्द गरेर जुन बजेट ल्यायो बजेटलाई चाहिँ एकदम वितरमुखी गर्ने ग्याम चेन्जर प्रोजेक्टहरू दुनियाका देशहरूमा हामी देख्छौं । यहीं नजिकैको छिमेकी देश चीनले पनि एउटा मात्रै २२ हजार ४ सय मेगावाटको एउटा ठुलो हाइड्रोपावर चाहिँ संसारकै ठुलो हाइड्रोपावर निकाल्यो । जसले लाखौं चिनियालाई चाहिँ रोजगारी सिर्जना गर्‍यो । अरवौंको चाहिँ रेभिन्यू चाहिँ थ्रिनेट गर्‍यो । भने हामीले पनि कमसेकम एउटा ग्याम चेन्जर प्रोजेक्ट गर्न पाएको भए अथवा हामीले प्रदेशले तय गरेका अन्तर प्रदेशका सडकहरू छन्, रणनीतिक सडकहरू छन्, थुप्रै शिक्षा, स्वास्थ्यका रणनीतिक विषयहरू थिए, कृषिका रणनीतिक विषयहरू थिए, पर्यटनका थिए यस्ता मेगा प्रोजेक्टमा अलि लगानी गरेर आर्थिक रूपान्तरण, सामाजिक आर्थिक रूपान्तरणका विषय चाहिँ सरकारले गर्न सक्थ्यो । तर सरकारको उँधोगति, सरकारमा बस्ने मान्छेहरूको क्षमताको कुरा पनि होला कसैले अलि पर देख्छन् कोही अगाडि पनि देख्दैनन् । त्यो अगाडि नदेख्ने सरकारले के गरिदियो भने १० लाख, १५ लाख, २ लाख अझ त मैले सुने कत्तिको लाजमर्दो । मन्त्री त टेवलमाथि पैसा उठाउँदै योजना बाँड्दै थिए रे । आज ती मन्त्रीको हविगत के होला ? कसरी पैसा तिर्ने होलान् जनताका । यस्तो अवस्थामा चाहिँ लाजमर्दो ढङ्गले चाहिँ कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष ७८/७९ को बजेट ल्यायो । जसको कार्यान्वयन आज १५ प्रतिशत मात्र रैछ । मैले आज मात्र सोधैं, २ चौमासिक सकिसक्यो आर्थिक वर्षको १५ प्रतिशत बजेट कार्यान्वयन भाछ । त्यही बजेटमै जुन जसरी सिस्टम चाहिँ अवलम्वन गर्‍यो त्यही बजेटको सिस्टमका कारणले आज १५ प्रतिशत मात्रै अझ पुँजीका खर्च त अझ न्यून छ टोटलमा १५ प्रतिशत मात्रै बजेट खर्च भएको छ ।

हाम्रो जस्तो अत्यन्तै सानो इकोनमिकको साइज भएको प्रदेश, जम्मा नेशनलजिवीमा जम्मा ४ प्रतिशत मात्रै योगदान गर्न सक्ने प्रदेशको बजेटको अवस्था यस्तो हुँदा

स्वभावत ढङ्गले हामी चाहिँ निराश भएर होइन उदाश भएर चाहिँ भन्नुपर्ने जनताका प्रतिनिधिहरू यो चाहिँ गरिमामय रोष्ट्रममा आएर भन्नुपर्ने अवस्था चाहिँ छ । यसको सिर्जना गर्ने जनताका प्रतिनिधिहरू जनताप्रति कसरी उत्तरदायी हुन सक्छन् ? भोलिको आउँदो निर्वाचनमा कुन मुख लिएर त्यहाँ जनाताका अगाडि जान सक्छन् ? यो चाहिँ यो सार्वभौम थलोमा सबैका कर्णालीका १७ लाख जनताको अगाडि यो प्रश्नको विषय हो । हामीले छातिमा हात राखेर भनेका थियौं, हामीले प्रदेशको नामकरण गर्दा राजधानी तय गर्दा हामीले भनेका थियौं हाम्रो प्रतिपक्ष भनेको गरिबी हो, रोग हो, अशिक्षा हो, तर आज त्यो रोगी र भोगी जनताहरूलाई होइन ती रोगी मन्त्रीहरूले यो ढोंगी सरकारले चाहिँ टुक्रा टुक्रा योजना जनताको ३० करोड आज एकतिस करोड राजश्व उठ्यारैछ । साठी करोड उठाउने हाम्रो लक्ष्य हो । फिप्टी प्रसेन्ट अझैपनि २ चौमासिक सकियो फिप्टी प्रसेन्ट मात्रै आज हामीले राजश्व सङ्कलन गऱ्याछौं । साठी करोड राजश्व भएका प्रदेशका जनताहरू हामी जनप्रतिनिधि र सरकारहरूले यस्तो बजेटको वेवास्ता गर्ने, बजेटका न्यूनतम सिद्धान्तभन्दा तल झरेर बजेटलाई आफ्नो पकेट मनि जस्तो । त्यो पब्लिक पर्स हो त्यो बजेट भनेको पकेट पर्स होइन । त्यो भएको नाताले पकेट पर्स जस्तो व्यक्तिगत घरको सम्पत्ती बाँडेजस्तो टुक्रा टुक्रा बजेट बाँड्दा हामी चाहिँ अत्यन्तै दुःखी छौं । दुःखित भएर नै हामीले चाहिँ प्रतिपक्षले हामीले प्रश्न उठायौं, संसद्मा सुरुमै उठायौं । उठाउँदा बित्तिकै सरकारले जे भए पनि जे भए पनि एउटा सम्बोधनको डकुमेन्ट चाहिँ हाम्रा अगाडि दिएको छ अझैपनि मिस्टेक छ त्यो ।

यो हाम्रो साझा दायित्व हो । एउटा प्रतिपक्ष र सत्तापक्ष भएर यो होइन । राजनीतिमा कहिले को कता कता हुन्छन् । हामीपनि हिजो सत्तामा थियौं आज प्रतिपक्षमा छौं । भोलि के भन्न सकिन्छ अँझै एक वर्ष छ । त्यो भएको नाताले हामी चाहिँ अत्यन्तै अत्यन्तै यो सरकारलाई म चाहिँ आग्रह गर्न चाहन्छु अत्यन्तै संवेदनशील भएर अगाडि बढौं । त्यसैगरी विषयगत मन्त्रालयका कुराहरू पनि थिए ।

सभामुख महोदय, म २ मिनेट मात्रै बढी टाइम चाहिँ माग्ने अनुमति चाहन्छु । अब ऊर्जा जलस्रोत मन्त्रालय भन्ने छ गठबन्धनको उपज मन्त्रालय । त्यसको नाम त्यही राखेपनि हुन्छ । हामी ३० करोडबाट त्यो खर्च गर्दैछौं त्यो मन्त्रालय अर्को थप गरेर। त्यो मन्त्रालयको भार थपेर । त्यसमा १० करोड कर्णाली उज्यालो भन्ने कार्यक्रम रैछ त्यो । मैले आज मात्रै हेरें । सदरमुकामहरू चाहिँ अँध्यारा छन् । माननीय मुख्यमन्त्रीलाई मैले धेरै चोटि भनी सक्याछु । सदनमा पनि उठाएको छु । ३ हजार मिटर माथिको हुम्ला जिल्लाको सदरमुकाम अहिले पनि अँध्यारो छ ।

त्यसलाई कसरी व्यवस्थापन गर्न सकिन्छ ? त्यस्तै अन्य सदरमुकाम र अन्य चाहिँ गाउँवस्तीहरू पनि अँध्यारा छन्। कसरी व्यवस्थापन गर्न सकिन्छ त्यतातिर ध्यान जाओस् भन्ने म आग्रह गर्न चाहन्छु । सिँचाइको राम्रो प्रयाप्त व्यवस्थापन सानातिना टुक्रा होइन जहाँ जहाँ अलि राम्रो सिँचाइ गर्न सक्छौं चार्जका सिँचाइहरू हुन सक्छन् । सबै खालका सिँचाइहरू गरेर उत्पादन वृद्धी गर्न सक्छौं । त्यतातिर पनि हामी ध्यान दिउँ । अँझैपनि हामीसँग समय कम भए पनि त्यतातिर ध्यान देओस् भन्ने म चाहिँ आग्रह गर्न चाहन्छु ।

त्यसैगरी आन्तरिक मामिला तथा कानून मन्त्रालय त विकासे त्यति मन्त्रालय नभए पनि त्यहाँ चाहिँ केही कुराहरू छन् । मैले एउटा कुरा त्यहाँ के बुझिन भने सार्वजनिक संस्थाहरूलाई चाहिँ अनुदान दिने पुँजीगत अनुदान दिने भन्याछ । त्यो भनेको के हो ? त्यो कसलाई अनुदान दिने हो ? त्यसकारण माननीय यो प्रस्ट पार्नु नै हुनेछ । त्यसलाई पनि व्यवस्थित गरौं । हाम्रा चाहिँ चौकीहरू अधुरा छन् ? चौकीको टेण्डर गऱ्यौं चौकी बने ? पैसा तिर्न सक्या अवस्था मलाई लाग्छ अहिले पनि छैन । त्यो कसरी अगाडि बढाउन सकिन्छ ? त्यतातिर आन्तरिक मामिला तथा कानून मन्त्रालयले ध्यान देओस् भन्ने म चाहन्छु ।

त्यसैगरी सामाजिक विकास मन्त्रालयले पनि पुँजीगत खर्चहरू सार्वजनिक शिक्षा सुधार कार्यक्रम भनेर पूर्वाधारका ७ करोड राख्याथ्यो । खेलकुदको (<u>माननीय सभामुखः</u> सकौं माननीय सदस्य) एक मिनेट मात्रै माननीय सभामुखज्यू । त्यो बजेटलाई कसरी व्यवस्थापन गऱ्यो? त्यो स्वयं माननीय मन्त्रीज्यू यहाँ हुनुहुन्छ । सरकार प्रमुख यहाँ हुनुहुन्छ आफैं जान्नुस् । यो हिजो हामीले तय गरेका चिजहरू त्यसता संरचनाहरूलाई प्रवर्धन गर्ने गरी गऱ्यो कि फेरि टुक्रा टुक्रा पारेर क्षतविक्षत गऱ्यो? त्यसमा पनि सामाजिक विकास मन्त्रालय चाहिँ आफैंजानकार होस् भन्ने म चाहन्छु ।

त्यसैगरी प्रदेशसभाको कुरा छ, प्रदेशसभाव्यवस्थित मलाई लाग्छ हाम्रो जस्तो सानो बजेट भएको ठाउँमा पनि प्रदेशसभाव्यवस्थित छ । यहाँका इन्फर्मेशन व्यवस्थित छन्। अझ राम्रो मलाई के लाग्छ भने लोकतन्त्रको सौन्दर्यता दिने खालको प्रदेशसभा भएको नाताले प्रदेशसभाका माननीयज्यूहरूको क्षमता विकास गर्ने कुरा, प्रदेशसभामा कार्यरत कर्मचारीहरूको क्षमता विकास गर्ने कुरामा चाहिँ प्रदेशसभा चाहिँ लागोस्, प्रदेशसभामा चाहिँ प्रदेश सरकारले बजेट व्यवस्थापन गरोस् भन्ने म आग्रह गर्न चाहन्छु । धन्यवाद ।

**<u>माननीय सभामुखः</u>** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा सभामा पेश भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ अन्तर्गतको आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेशसभा सचिवालय, सामाजिक विकास मन्त्रालय र जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयका शीर्षकहरूमाथिको छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहने माननीय सदस्यहरूले रोष्ट्रमको वायाँतर्फरहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनु होला। अब माननीय श्री देवी ओली ।

**<u>माननीय श्री देवी ओली</u>**ःमाननीय सभामुखज्यू, आज प्रदेशसभाको बाह्रौं बैठकमा हामी छौं, नवौं अधिवेशनको । यसमा अध्यादेशमार्फत् कार्यान्वयनमा रहेको सरकारका चालु आवका विभिन्न मन्त्रालयगत योजना कार्यक्रमहरू सञ्चालन भईरहेका छन् । दोस्रो चौमासिकमा आइपुग्दासम्म भए पनि यो छलफल गर्ने एउटा अवसर जुरेको छ । लामो समयपछि हामीले कर्णालीमा गर्न खोजेको जनताको जीवनस्तरमा परिवर्तनका कार्यक्रमहरूको विषयमा यो सार्वभौम सम्मानित सदनमा छलफल गर्न पाउनु आफैंमा सकारात्मक पक्ष हो । प्रदेशका, स्थानीय तहका, सङ्घका बजेट योजनाहरू कसरी अगाडि बढिरहेका छन् भन्ने कुरा एक्काइसौं शताव्दीका नेपाली नागरिकहरूले नजिकबाट नियालेर हेरिरहेकै छन् । आजसम्म हाम्रो थोरै कार्यकाल बाँकी छ । संसद्बाट पारित गरिएका अध्यादेश आउनुभन्दा अगाडिका बजेटहरू पनि हामीले नजिकबाट अनुभूति गरेकै छौं । त्यसका परिणामहरू त्यसले जनतामा दिर्घकालिन जीवनयापनका प्रभाव असरहरू के कस्ता छन् भन्ने कुरा सबैका अगाडि छर्लङ्गै हामीले देखेका छौं । र, त्यो मूल्याङ्कनको कसिमा हामी उभिएका छौं जस्तो मलाई लाग्छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र जव प्रजातन्त्र आउँदाखेरी शिशु प्रजातन्त्र भन्ने गरिन्थ्यो आज यो सङ्घीय लोकतान्त्रिक गणतन्त्र पनि शिशु अवस्थामा छ । यसमा सबैको साझा दायित्व यसलाई संस्थागत गर्ने र दिगो विकासका निम्ति सुशासन कायम गर्ने सरकार, संसद्, नागरिक सबैको दायित्व हो जस्तो मलाई लाग्छ । यस सिलसिलामा प्रदेश सरकारले गरेका कामकाजहरू, योजनाहरूको विषयमा सभामुख महोदय धेरै समय गुजारिसकेको हुनाले र एकले अर्कालाई चिन्ने मौकापनि भएको हुनाले हामीले कल्ले के गर्‍यो भन्नेभन्दापनि त्यसको परीक्षणको घडी नजिक आउँदैछ । त्यो समयमा त्यसको परिणाम हामी सबैले लिनुपर्ने अवस्था स्थिति छ । त्यसकारण मैले धेरै लामो कुरा गरिन । यो अवस्थामा आज कर्णाली प्रदेश सरकारले सुरुदेखि संसद्भित्र बजेट ल्याउँदा होस्, विधेयकमा छलफल गर्दा होस् कर्णालीमा रहेका कुरीति, कुसंस्कार, यहाँको

गरीबि यो हामी आज थाकिसक्यौं । हरेक सुचकांकबाट पछाडीबाट मूल्याङ्कन गर्नुपर्ने हाम्रो प्रदेशको विडम्वनालाई एउटा प्रणालीमा लिएर जानुपर्ने सरकारको दायित्व सरकारको नेतृत्वमा को कति बस्नु भो ? हिसाब किताव जनताले गरेरै बसेका छन् । सभामुख महोदय, त्यसकारण आज जति कुरा गर्‍यौं ब्यवहारमा जाँदाखेरी हामी त्यो भेट्टाउन सक्दैनौं । समावेशीका कुरा होस्, यहाँका छुवाछुतका कुरा होस्, आज टुक्रे बजेटका नाममा केही योजना त साना सामाजिक रूपान्तरणका कुराहरू कुनै आज अल्पसंख्यक, सीमान्तकृत समुदायहरू त्यो समुदायको संख्या नै सानो छ भने त्यहाँ ५ लाखले पनि एउटा योजना सम्पन्न हुन सक्ने हुन्छ । त्यसकारण आज हामी जनप्रतिनिधि भनेको हरेक कुरालाई दलले गरेकोसँग निर्णयलाई समर्थन गर्ने कुरा पनि होइन । आज यो कुराले कतिपय जनताहरूको योजना खोसिएको अनुभूति भैराखेको छ।

सभामुख महोदय, यो सर्वदलीय निर्णयका आधारमा जुन खालका योजनाहरू कटौती गर्ने अभ्यास भैरेहेको छ सरकारले यसमा विशेष ध्यान देओस्, जोड देओस् कि त्यहाँ कस्ता समुदायका मान्छेहरूका साना योजनाहरू फिर्ता हुँदैछन् ? यो कुरामा मैले सरकारलाई समग्र रूपमा ध्यानाकर्षण गर्न चाहें । र विशेष गरेर सामाजिक विकास मन्त्रालयले विगतदेखि कुल बजेटको ७० प्रतिशत बजेट स्वास्थ्यमा लगाएका छौं भन्ने कुरा आइराखेको छ सरकारको तर्फबाट आजपनि त्यो दावी छ । तर स्वास्थ्यको क्षेत्र हेर्दाखेरी अस्तव्यस्त छ । आज मैले आफ्नो जिल्लाको मात्रै कुरा गर्छु । जिल्ला अस्पताल सल्लेमा ४० जनाको दरवन्दी छ, त्यसमा जम्मा १७ जना जनशक्तीहरू कार्यरत हुनुहुन्छ । स्वास्थ्य कसरी पहुँच होला जनताको स्वास्थ्यमा ? स्वयं सेवक २ वर्षका लागि नियुक्ति पाएका स्वयं सेवक स्वास्थ्यकर्मीहरू बजेट अभावको कारण देखाएर चालु आ.व. सुरु हुनेवेलादेखी उहाँहरूको सबैको आज सेवा दिने अवस्था छैन पत्राचार गरेर उहाँहरू खाली बसिरहनु भएको छ । दुर्गम ठाउँहरूमा हामीले सानो भए पनि बर्थिङ सेन्टर राखौं भन्ने खालका कार्यक्रमहरू थिए ती पनि आज कटौती भएका छन् । आज ठुला प्रोजेक्ट मेघा प्रोजेक्टका नाउँमा सीमान्तकृत समुदाय, राउटे, बोटे, माझी, दलितहरूका योजनाहरू कहीं धरापमा नपरुन् । यो विषयमा सरकारले विशेष ध्यान देओस् भन्ने कुरा म राख्न चाहन्छु ।

सभामुख महोदय, त्यसकारण आज आन्तरिक कानून आन्तरिक मामिला तथा कानून मन्त्रालयको विपद्को कोषमा जिल्ला जिल्लामा पठाउनु पर्ने बजेटहरूको अभावका कारणले गएको जेठ असारमा विपद्बाट जो प्रभावित भएका जनसमुदायहरूले आफ्नो वास

निर्माण गरेर पनि अहिलेसम्म भुक्तानी नपाएको अवस्था स्थिति देखिन्छ, यतापट्टी पनि सम्बन्धित मन्त्रालयको ध्यान जाओस् र विनियोजन भएका बजेटहरूलाई अब थोरै छोटो समयमा कार्यान्वयन गर्नको निम्ति, सुशासन कायम गर्नको निम्ति यी मन्त्रालयहरूले विशेष गरेर ध्यान दिनुपर्छ र मैले यति कुरा भनेर टुक्रे योजनाका नाममा अझैपनि सामाजिक विकास मन्त्रालयले ती समुदायहरूका योजनाहरूलाई धरापमा पार्ने कुरा नगरोस् भन्ने कुरा राख्दै आफ्नो भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**<u>माननीय सभामुखः</u>** माननीय कौशिलावती खत्री । समय ७ मिनेट । त्यसपछि माननीय श्री दानसिंह परियार तयारी अवस्थामा रहनुहोला ।

**<u>माननीय कौशिलावती खत्रीः</u>** माननीय समामुख महोदय, कर्णाली प्रदेश आर्थिक अध्यादेश २०७८ र कर्णाली प्रदेश विनियोजन अध्यादेश अन्तर्गत आज आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेशसभा सचिवालय, सामाजिक विकास मन्त्रालय र जलस्रोत ऊर्जा विकास मन्त्रालयका विनियोजन विधेयकमाथि छलफलमा भाग लिन गैरहेकी छु ।

विनियोजन विधेयकमा भाग लिँदा म माननीय दल रावलको कुरालाई समर्थन गर्दै विनियोजन विधेयक प्रदेशसभा सचिवालय बाहेक अन्य मन्त्रालयको विनियोजन विधेयक राजनीतिक पूर्वाग्रही, आफ्नो कार्यकर्ता भर पोषणमा लिप्त योजना पक्षधरताका आधारमा वितरणमूखी बनाइ कार्यकर्तालाई आफ्नो पार्टी प्रवेशका निम्ति छरापष्ट बजेट वितरण गरेर गाउँगाउँमा पार्टी प्रवेशको लागि आव्हन गर्न पठाएको जस्तो मलाई अनुभूति भएको छ । र यस्तो बजेट वितरण कर्णालीबाट के साँच्चै कर्णालीको समृद्धी हुन सक्छ ? र हामीले भन्ने गरेका जो निम्न वर्गका समुदायसम्म जो आवश्यकताको आधारमा बजेट दिनुपर्ने थियो, योजनाहरू सम्पन्न हुनुपर्ने थियो ती हुन सक्छन् ? प्रतिपक्ष दलले बाटो खोल्दाखोल्दै पनि आज हामी दोस्रो चौमासिकमा बजेटको बारेमा छलफल गर्न गैरहेका छौं । के यो गतिले उँभो साँच्ची कर्णाली लाग्न सक्छ ? त्यसैले अँझैपनि सरकारले ब्यापक छलफल माननीयहरूको सल्लाह सुझाव र प्रतिपक्ष दलको सहमतिकाअनुसारमा केही संशोधन नियन्त्रणको रूपमा रहेका बाँकी रहेका अधुरा योजनाहरूलाई छरपष्ट नछोडेर सम्पन्न गर्न तर्फलाग्यो भने अलि सरकारको इज्जत ढाकिन्छ कि जस्तो मलाई लाग्छ । म यति भन्दै कर्णाली प्रदेशको प्रदेशसभा सचिवालयको बजेटमा प्रदेशसभा सदस्य महिला सदस्यहरू र त्यहाँ काम गर्ने महिला कर्मचारीहरूका लागि सभा सञ्चालन भएको दिन अति आवश्यक केही सामग्री हामीले सामग्रीका कुरा उठाउँदै आएका थियौं । यो सम्मानित सभालाई जानकारी नै छ त्यो अहिलेसम्म केही अत्तोपत्तो नै छैन । साथै प्रदेशसभा सदस्य र प्रदेशसभा सचिवालयका

कर्मचारीलाई क्षमता अभिवृद्धीको कार्यक्रम पनि समावेश गरिएको छैन । त्यो भैदिएको भए राम्रो हुन्थ्यो जस्तो लाग्छ । र आन्तरिक मामिलाको तथा कानून मन्त्रालय अन्तर्गतको बजेट हेर्दा मलाई कता कता अस्पष्ट लाग्यो । मैले बुझ्न सकिन । छाउभाउ कार्यक्रम भनेको के हो ? बुझ्नै सकिएन । बजेट विनियोजन गर्दा प्रस्ट भाषामा बुझियो भने सजिलो हुन्छ जस्तो मलाई लाग्छ । छाउभाउ कार्यक्रम के हो ? यो स्पष्ट रूपमा बुझिने भाषामा त्यो कार्यक्रम हुनुपर्छ । र यो क्याम्पस स्तरमा र स्कुलका शिक्षिका स्तरमा प्रशिक्षण र अन्तरक्रिया भनिएको छ, यो त्यहाँ नभएर विद्यालयका उमेर पुगेका वालवालिकालाई कानूनसम्बन्धी प्रशिक्षण दिएको भए उपलब्धि हुन्छ जस्तो मलाई लाग्छ । अर्को सशस्त्र युद्ध, जनआन्दोलनका घाइते शान्ति पुनःस्थापनाको डाटा सङ्कलन गर्दाखेरी जिल्ला जिल्लामा जो बजेट पठाएको छ डाटा सङ्कलन गर्न जिल्लाका समितिलाई लिएको अधिकारमा जो माननीयहरू लिएर जनप्रतिनिधिहरूले सिफारिस गर्ने त्यहाँ छुटेको भन्ने छ  त्यो मा ब्यापक अनियमितता भएको छ । आफ्नो पक्षधरताका आधारमा त्यहाँ डाटा सङ्कलन गरेर बजेटको दुरूपयोग भएको छ। यसमा विचार गरियोस् । साथै यहा सशस्त्र युद्ध र आन्दोलनमा घाईते भएकाहरूलाई भत्ता दिने भन्ने कुरा छ, दूइ विशेष भत्ता र भत्ता भन्ने छ । यो एउटै किसिमको बनाएर खासगरी उहाँहरूको जीविकोपार्जनको लागि विशेष कार्यक्रम बनाएर दिएको भए राम्रो हुन्थ्यो । यो कार्यकर्ताको लागि पैसा बाँड्ने मात्रै काम भएजस्तो लाग्छ । जलस्रोत तथा ऊर्जा मन्त्रालयक अन्तर्गत यो खास गठबन्धन सरकार टिकाउनको लागि व्यवस्था मन्त्रीको भागबण्डा नपुगेर व्यवस्था गर्न बनेको मन्त्रालय अन्तर्गत भएको योजनाहरू थोरै बजेट थोरै थोरै विनियोजन गरेर त्यहाँ योजनाहरू छोइएको छ । तर, अहिले ती बजेटले मात्रै सम्पन्न हुन सक्दैनन् । पाँच लाख, दुई लाख, तीन लाख, यस्ता बजेटले के ती योजनाहरू सम्पन्न हुन्छन् ? क्रमागत रूपमा भएका योजनालाई अलि यहीं वर्ष सम्पन्न हुनेगरी बजेट हालेको देखिँदैन । यस्तो बजेटले खास गरेर कसरी ती योजनाहरू छरापष्ट भएका छन् । त्यो बजेट कसरी छरापष्ट गरेर कसरी योजना छरापष्ट देखिन्छन् भन्ने कुराको प्रमाणित गर्छु । जस्तै यसको उदाहरण म केही उदाहरण छन् । जस्तै जलपानी आदला सिँचाइ भन्ने कम्तीमा १५ लाख रुपैयाँ विनियोजन भैदिएको भए अहिले सम्पन्न हुन्थ्यो । त्यहाँ ५ लाख मात्र छ । त्यो कसरी सम्पन्न हुन्छ ? यस्तै गरी खानेपानि जहाँ खानेपानिको अत्यन्तै अभाव छ गाग्रीमा पानी बोकेर अहिलेपनि त्यहाँका मान्छेहरू काकाकुल अवस्थामा छन् । छेडागाडको वडा नं. ५ वडावनमा पटक-पटक सरकारले बजेट

विनियोजन गर्दा थोरै रकम १० लाख मात्रै विनियोजन गर्छ । १० लाखले मात्रै त्यहाँको खानेपानी सम्पन्न हुन सक्छ ? त्यसैले यो पक्षधरताको आधारमा बजेट विनियोजन भएको कुरालाई यो कुरालाई हटाउनु पर्छ । र आवश्यकताका आधारमा बजेट विनियोजन गरिनुपर्छ ।

यो सामाजिक मन्त्रालयको कुरै नगरौं । सामाजिक मन्त्रायलअन्तर्गत यो सामाजिक विकासका लागि योजनाहरू गर्छन् ती उपलब्धिमूलक छँदै छैनन् । प्रपोजल खोल्ने आफ्ना कार्यकर्तालाई पहुँच पुग्ने मान्छेलाई ती योजनाहरू दिने र उनीहरूले आफ्नो औपचारिकता मात्रै निभाएर निम्न वर्गसम्म त्यो योजना पुगेका छैनन् । र खाने काम बाहेक विकास बनाउनको लागि होइन विकास खानको लागि मान्छेको सामाजिक जीवनस्तरमा परिवर्तन होइन अमुक मान्छेको जीवनस्तर परिवर्तन भएको छ । यसलाई तल्लो वर्गसम्म पुग्नेगरी यसको कार्यविधिहरू बनाउनुपर्छ । र साथै स्वास्थ्यमा ७० प्रसेन्ट बजेट छुट्ट्याएको छ भन्ने छ । तर, पूर्ववर्ती सरकारले केही स्वास्थ्य इकाइहरू स्थापना गरेको थियो, वर्थिङ सेन्टरहरू स्थापना गरेको छ । अहिले त्यहाँ पटक्कै बजेट छैन । जो छेडागाडको ७ नम्वर उदाहरणको लागि मात्र भनें टिकाचौर दिनभरी हिँडेर एउटा सिटामोल किन्न मान्छेहरू छेडागाडको थलह बजारमा आउँछन् । त्यहाँ स्वास्थ्य इकाई स्थापना थियो । अहिले यो सरकारले त्यहाँ कुनै पनि बजेट छुट्ट्याएन । न त्यहाँ वर्थिङ सेन्टर, न स्तर उन्नति न केही (**माननीय सभामुखः** छोटो बनाउनुस् माननीय सदस्य) सभामुख महोदय, एक मिनेट समय चाहन्छु दूई मिनेट । यो केहीपनि बजेट छुट्ट्याएन । र ती लथालिङ्ग अवस्थामा छन् । अनि के साँच्चै त्यहाँ जनताको स्वास्थ्यमा पहुँच पुगेको छ ? र जिल्ला अस्पताहरू पनि त्यही लथालिङ्ग स्थितिमा छन्। साँच्चै यसरी के स्वास्थ्य जनताको पहुँचमा हुनसक्छ ? केही पूर्वाधार निर्माणमा स्कुलका पूर्वाधार निर्माणमा बजेट संगोलमा थियो । त्यो बजेट त झन् जहाँ आवश्यकता हो त्यहाँ पुगेको छैन । सिफारिस गरेका योजनाहरू यो पक्षधरका आधारमा त्यहाँ सिफारिस नगरेर जसले कुम्लो बोकेर आज त हाम्रो सरकार भयो हाम्रो पहुँच पुग्छ अब त हामीले प्रचार गर्न पठाउन कुम्लो बोकेर आए । झ्यालबाट छिरेका जुन योजनाहरू थिए तिनै सिफारिस भएका छन् । जस्तै म उदाहरण सहित भन्न चाहन्छु । जुनिचाँदे ५ को जयगरा प्रावि विद्यालय भनेको त्यहाँ स्पेशल रूपमा दलित वस्तीको विद्यालय हो। त्यहाँ दलित नै प्रधानाध्यापक हुनुहुन्छ । र त्यहाँ सडक खन्नेबेला जम्मै विद्यालय भताभुङ्ग भएको छ । पानी सबै त्यहीं जान्छ । विद्यालयमा विद्यार्थीहरू बसेर पढ्न पाउँदैनन् । बस्नै सक्दैनन् । बर्खा लाग्यो भने (**माननीय सभामुखः** छोटो बनाउनुस्

माननीय सदस्य) विद्यालयमा पानी पर्छ । पानी भरिभराउ हुन्छ । त्यस्ता विद्यालयलाई भवन निर्माणमा सिफारिस नगरेर हचुवाको तालबाट यी योजनाहरू वितरण गरिएको छ। यसरी सभाका सदस्यहरूलाई बन्धक बनाएर योजना आफ्नो उपयुक्ततामा वितरण गर्ने कुरा कतिसम्म वैधता हुन्छ ? कतिसम्म वैज्ञानिक हुन्छ ?

यसैगरी, जुन ठाउँमा सेभहाउसहरू स्थापना गरिएको थियो केही महिलाहरूले राहत पाउँथे । कानूनी उपचारदेखि आफ्नो कानूनमा आफ्नो मुद्दा लड्नको लागि उनीहरूलाई राहत हुन्थ्यो । सेभहाउसको कुरै छैन । त्यो पनि जिल्ला जिल्लामा गएका लथालिङ्ग छन् । लथालिङ्ग रूपमा विकासका योजनाहरू विकासका कामहरू छन् । यिनीहरूलाई बेलैमा माननीय सदस्यहरूको सुझाव सहित सञ्चालन गरियो भने अझ केही हुन्छ कि भन्ने अझै लाज ढाकिन्छ कि सरकारको भन्ने भनाइ राख्दै मेरो भनाइ यहीं टुङ्ग्याउँछु। धन्यवाद ।

<u>**माननीय सभामुखः**</u> माननीय सदस्य श्री दानसिंह परियार । समय ७ मिनेट ।

<u>**माननीय दानसिंह परियारः**</u> सभामुख महोदय, कर्णाली प्रदेश विनियोजन अध्यादेश प्रतिस्थापन विधेयकमा चाहिँ मैले आफ्नो धारणा राख्नको लागि यहाँ उपस्थित भएको छु। प्रथमतः करिब आठ नौ महिना पहिला छलफल गर्नुपर्ने विधेयकमा हामीले आठ नौ महिनापछी छलफल गर्दैछौं हामीले । यसले समग्रतामा चाहिँ प्रश्नचिन्ह खडा गर्छ कि हाम्रो सरकारको अभ्यास के छ ? र जनताका चाहिँ एजेण्डाहरू के छन् ? र हामीले काम गरिरहेको अभ्यास के हो ? र हामीले गरिरहेको कामले चाहिँ वास्तवमा कर्णालीका जनताको चाहिँ समृद्धी र परिवर्तनमा योगदान दियो कि दिएन ? यहाँ, प्रथमतः म भन्न चाहन्छु कि चाहिँ सार्वभौम संसद्लाई छलेर जसरी अध्यादेशको नाममा चाहिँ कर्णालीमा चाहिँ बजेटको अभ्यास गरियो । यो नै सबैभन्दा दुःखद कुरा हो । यो नै कर्णालीका आम जनताहरूलाई भ्रमित पार्ने, कर्णालीका आम जनताहरूलाई ठग्ने, कर्णालीका आम जनताहरूलाई चाहिँ तपाईंको चाहिँ निरुत्साहित गर्ने जसरी सार्वभौम संसद्लाई चाहिँ निरुत्साहित गरियो त्यसको प्रतिफल चाहिँ के हो त आम जनताको समृद्धी र परिवर्तनको एजेण्डालाई चाहिँ कमजोर बनाउने हो । लोकतान्त्रिक अभ्यासमा सत्तापक्ष र प्रतिपक्ष हुन्छ, हैन । सत्तापक्ष र प्रतिपक्षबीच चाहिँ अभ्यासबाटै चाहिँ लोकतन्त्रको अभ्यास हुन्छ । हामीले पहिलो कुरा हेरौं सरकार कसरी बन्यो ? प्रथमतः सरकारको चाहिँ रूप के हो ? यसो हेर्दा कांग्रेस जस्तो पनि देखिन्न, यसो हेर्दा माओवादी जस्तो पनि देखिन्न, यसो हेर्दा समाजवादी पनि देखिदैंन यसो जौ, भट्ट, तिलसँगै भएर एउटा चाहिँ खिचडी बनाएजस्तो सरकार देखिन्छ । रूपमा त्यस्तो देखिन्छ भने यसले सार के दिने

हो ? सारको त हामी परिकल्पना गर्न सक्दैनौं हामीले । यसले वास्तवमै केही सार दिन सक्दैन । कर्णालीका आम जनताले चाहिँ बुझ्ने कुरा त्यो हो । यसले कुनै सार दिन सक्दैन । हामीले कर्णालीमा हेऱ्यौं हामीले तीन वर्षको कार्यकालमा पूर्व यो प्रदेशको चाहिँ मुख्यमन्त्री हुँदा तीन वर्षको कार्यकालमा ३ किलोमिटर हामीले सडक पिच गऱ्यौं। पहिलो काम हामीले त्यो गऱ्यौं कर्णालीमा । दोस्रो काम हामीले के गऱ्यौं? तीन चार वर्षको कार्यकालमा कर्णालीका एकजना पनि बेरोजगारलाई चाहिँ रोजगारी दिन कुनै परिकल्पना गरेनौं हामीले । दोस्रो काम हामीले त्यो गऱ्यौं । तेस्रो काम हामीले के गऱ्यौं भने नेपालको अर्थतन्त्रमा राष्ट्रिय जिडिपिमा कर्णाली प्रदेशले चाहिँ चार प्रसेन्ट मात्रै चाहिँ कन्टीब्यूट गर्छ चाहिँ योगदान गर्छ । तर हाम्रो कार्यकाल चार वर्ष चाहिँ करिब पूरा हुन लाग्यो १ प्रसेन्ट राष्ट्रिय अर्थतन्त्रलाई चाहिँ कर्णालीले योगदान दिन सकेन ।

अर्को कुरा मैले बारम्बार चाहिँ संसद्मा उठाइरहेको थिएँ । हामीले कर्णालीमा केही निश्चित राष्ट्रिय गौरवका आयोजनाहरू छँदैछन् । प्रदेश गौरवका आयोजना हामी तय गरौं । कमसेकम हाम्रो कार्यकालमा एउटा कुनै हाइड्रो हुनसक्छ, कुनै एउटा अन्तर्राष्ट्रिय सडक हुनसक्छ, कुनै तपाईंको चाहिँ कर्णाली प्रदेशको चाहिँ समग्र समृद्धीलाई चाहिँ परिवर्तन गर्ने किसिमको तपाईंको चाहिँ प्रदेश गौरवको उद्योगहरू हुनसक्छ, हामीले त्यो पनि तय गर्न सकेनौं हामीले । बरु हामीले के गऱ्यौं सत्ताको दुरूपयोग गऱ्यौं हामीले । पाँच लाखसम्मका योजनाहरू वितरण गऱ्यौं हामीले । सत्ताको निमित्त चाहिँ मन्त्रालय बढायौं हामीले । सत्ता गठजोड बचाउनको लागि आज त यतिसम्म गऱ्यौं कि तपाईंको चाहिँ त्यो भन्न मिल्ने हो कि नमिल्ने हो ? कृतेहरू, बलात्कारीहरूर मुर्ती चोरहरूलाई पनि हामीले कहाँ ल्यायौं त ? सरकारमा ल्यायौं हामीले । यतिसम्मको कर्णालीमा अभ्यास गऱ्यौं हामीले । यसको वास्तविकता जनतालाई हामी के सन्देश दिन चाहन्छौं हामी ? वास्तवमा कर्णालीका आम परिवर्तन चाहने, समृद्धी चाहने, रूपान्तरण चाहनेर कर्णालीको समग्रतामा चाहिँ तपाईंको चाहिँ आम जनताको चाहिँ समृद्धी र परिवर्तन गर्ने एजेण्डाको नेतृत्व अब हामीले गर्न सक्छौं ? जहाँ कि हामीले संसद्लाई छल्छौं भने जनतालाई कति छले हौंला । सार्वभौम संसद्मा चाहिँ बजेटको विषयमा, सरकारका गतिविधिहरूको विषयमा छलफल हुँदैन भने कहाँ गएर छलफल हुने ? यस्तो परिस्थिति निर्माण भैराख्याछ चाहिँ तपाईंको । त्यसो भएकोले मैले सभामुख महोदय, भन्न चाहन्छु कि कर्णालीमा हामीले ५२ प्रसेन्ट बहुआयामिक गरिबी छ भन्यौं हामीले । गरीबीलाई निरुत्साहित गर्ने हाम्रो योजना के

हो ? यहाँका ८० प्रसेन्ट युवाहरू बेरोजगार छन् भन्यौं । हामीले यहाँका कति किसिमका चाहिँ प्राकृतिक स्रोत साधनहरू, यहाँका उद्योगहरू, यहाँका कलकारखानाहरू हामी स्थापना गरेर कर्णालीका चाहिँ बेरोजगार युवाहरूलाई रोजगार दिन हामीले प्लान बनायौं ? सामाजिक विभेद ज्युँ को त्युँ छ, कर्णालीमा चाहिँ विभेदका कारणले कयौं मान्छे मारिएका छन् । महिलाको अवस्था अहिलेपनि त्यही छ । तर हामीले गर्न खोजेको वास्तवमा समृद्धी र परिवर्तनको ठोस् हाम्रो रणनीति के हो ? कहाँबाट हामीले कर्णालीको समृद्धी खोजिराख्या हो ? कुन एजेण्डाबाट जाँदा वास्तवमा चाहिँ हामीले समाजवादी राज्य व्यवस्थाको थोरै अभ्यास गर्न सक्छौं ? र त्यसको पहिलो गम्भीर अभ्यास हामीले कहाँबाट सुरुवात गर्दैछौं त कर्णालीमा ? कताबाट हो ? हाइड्रोबाट हो कि ? उद्योगबाट हो कि ? उत्पादनबाट हो कि ? हामी कुनै पनि कुरामा चाहिँ सामिप्यताा जान सकेनौं हामीले तरहामीले संविधानमा के भन्यौं भने समाजवादउन्मुख अर्थ व्यवस्था । एकातिर हामीले दलाल पूँजिवादलाई स्वीकार्ने, अर्कोतिर खुला बजारलाई स्वीकार्ने, अनि राष्ट्रिय राजनीति मात्र होइन, देशको अर्थतन्त्रमा चाहिँ दलाल पूँजिवादलाई निरुत्साहित गर्न नसक्ने र बाहिर हेर्दा चाहीं, केही त्यस्तो अवस्था देखिन्छ। त्यसो भएकोले मैले मन्त्रालयमा चाहिँ गइन किनभने जुन मन्त्रालयमा हामी बजेटमै हाम्रो संलग्नता छैन भने त्यहाँ के भई राख्याछ भन्ने कुरो छलफल गर्न आवश्यकतै छैन । देखियो तपाईंको चाहिँ । पाँच लाखसम्मका योजनाहरू विनियोजन गरियो । अनि मुख्यमन्त्री रोजगार कार्यक्रममा त्यो अभ्यास हेरें मैले यसो अनलाइन फर्मबाट चाहिँ तपाईंको निवेदन माग्ने अनि को को आफ्ना पार्टीका कार्यकर्ता छन् तिनीहरूको लिष्टिङ गरेर चाहिँ योजना दिने गरियो । अहिले दलित आय आर्जन कार्यक्रम पनि हेरें मैले । दलित सांसदहरूलाई यसो चाहिँ यसो भ्रमको रूपमा राख्ने तल समन्वय प्रमुखको चाहिँ नेतृत्वमा चाहिँ तल अर्कै किसिमको कार्यदल बनाएर फेरि चाहिँ योजनामा चाहिँ ब्रह्मलुट गर्ने र केही भ्रमित चाहिँ वातावरण सिर्जना गर्ने स्थिति गरियाछ ।

त्यसो भएकोले सभामुख महोदय, मैले के भन्न चाहन्छु भने एकपटक फेरि हामीले गम्भीर तरिकाले हामी विश्लेषण गरौं । कर्णालीको समृद्धी, परिवर्तन र रूपान्तरणमा के कुराले रोकि राख्याछ ? कता कुन क्षेत्रमा चाहिँ राज्यको स्रोत साधनको अधिकतम चाहिँ प्रयोग गर्दा वास्तवमा कर्णालीको चाहिँ आम गरीबी अन्त्य हुन्छ, आम बेरोजगारिता अन्त्य हुन्छ, आम प्राकृतिक स्रोत साधनको हामीले प्रयोग गर्न सक्छौं ? र हाम समाजवादको हामीले अभ्यास गर्न सक्छौं भन्ने कुरा अहिलेसम्मको गतिविधिले देखाई

राख्याछैन । त्यसो भएकोले एकपटक म सरकारलाई के आग्रह गर्न चाहन्छु भने एकपटक फेरि गम्भीर तरिकाले चाहिँ कर्णालीको समृद्धी र परिवर्तनका निमित्त, कर्णालीका गरीबीका विरुद्धमा, कर्णालीको असमानताको विरुद्धमा, कर्णालीको चाहिँ सामाजिक चाहिँ आमूल रूपान्तरणको निमित्त एकपटक फेरि छोटो समय भए पनि चाहिँ प्रदेश सरकारले गम्भीर रूपले चाहिँ सोच राखोस् र आगामी कर्णालीको चाहिँ समृद्धीको योजनामा हामीले नयाँ ढङ्गले सोचौं भन्ने भनाइ राख्दै मेरो भनाइ यहीं टुङ्ग्याउँछु । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री अमृता शाही । समय ७ मिनेट ।

<u>माननीय अमृता शाही</u>ः सभामुखज्यू, आज नवौं अधिवेशनको बाह्रौं बैठकमा कर्णाली विनियोजन विधेयकमाथिको छलफलमा हामी भाग लिदैं छौं । यो विनियोजन रकम विनियोजन विधेयक भन्ने महत्त्वपूर्ण छ । कर्णालीको हामी पहिला पहिला भर्खर भर्खर सदनमा छिरेको बेला हामीले भन्थ्यौं कर्णालीको रोग, भोक, गरीबीले थिचिएको छ । हामी चाहिँ यो सदनबाट हामीले कर्णालीका जनताको भाग्य र भविश्य उज्यालो गराउने अथवा उहाँहरूलाई रोग, भोकबाट मुक्त गराउने भन्ने थियो । हामी सरकार पक्ष पनि नाई प्रतिपक्ष पनि कोही न आउने सरकार पक्ष पनि नभएर सबै एउटै भएर हामीले बजेट विनियोजन गरौं भन्ने सल्लाह सुझाव पनि प्रतिपक्षबाट आउँथ्यो । अहिले चाहिँ यो किन ढिला भयो ? कसरी ढिला भयो भन्ने कुरा यो हामी सबैले हामी सबैलाई थाहा छ। किन ढिला भयो यो विनियोजन विधेयक अथवा यो आउनलाई किन ढिला भयो बजेट आउनलाई । यो सदनमा किन आएन ? अहिले ७-८ महिनापछि आयो भन्ने कुरा यहाँ माननीयज्यूहरूले धेरैले राखिसक्नुभएको छ । किन आएन त्यतिखेर, किन छलफल भएन भन्ने कुरा हामी सबैले बुझ्ने कुरा हो । किन आएन र यो बजेट किन ढिलाइ भयो भन्ने कुरा अहिले त्यतिखेर बजेटमा छलफल भैदिएको भए अहिले विकासका आधि कामहरू हुन्थे होलान् । र अब चाहिँ आधी रहन्थे होलान् । त्यतिखेर यो बजेटमा चाहिँ छलफल हुन रोकिएको थियो । र म के भन्न चाहन्छु भने कर्णालीका जनताको लागि हामी कुनै तेरो र मेरो नभनेर हामी सबै लाग्नुपर्छ । योजनामा पछाडि पारिएको ठाउँमा सबैजना लागेर योजना दिनुपर्छ र भ्रष्ट्राचार छ भनेपनि हामी सबैले आ-आफ्ना ठाउँबाट त्यसको लागि रोक्ने गर्नुपर्छ । यहाँ चारओटा मन्त्रालय माथि छलफल रैछ। ऊर्जा, आर्थिक योजना मन्त्रालय लगायत सबैलाई यो बजेटमाथी कर्णालीको जनताको रोग, भोक र पछाडि पारिएकोलाई सही ढङ्गबाट स्कुलहरू छैनन्, अथवा खाद्यान्न पुगेको छैन अहिले हामीलाई कोरोनाले गर्दाखेरि कोरोनाको महामारीले गर्दाखेरी एकदमै आहात

पुऱ्याएको छ । यसको लागि पनि सरकारले हेर्नुपर्छ र अहिलेसम्म जति काम भएका छन् एकदमै ठिकै भएका छन् । अझैपनि सरकारले राम्रोसित यो कामलाई हेर्नुपर्छ । अस्ती हामी एउटा कार्यक्रममा गएका थियौं त्यो कार्यक्रम डब्लुएचओले गरेको थियो । सुई गाउँ-गाउँमा कुना कन्दरामा सुई नलगाएका ठाउँमा गएर सुई लगाउन तपाईंहरूमार्फत् भनेर हामीलाई एक दिने कार्यक्रममा हामी धेरै जना माननीयहरू गएका थियौं र यो विनियोजन बजेटमाथी छलफल हुने मन्त्रालय अन्तर्गतका मन्त्रालयले जहाँ जता बजेट पुऱ्याएपनि सही ढङ्गबाट सदुपयोग हुन्छ भन्ने एकदमै विस्वासका साथ मैले यो छलफल यहीँ अन्त्य गरेँ । हवस्त धन्यवाद, जयनेपाल ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा सभामा पेश भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ अन्तर्गत विनियोजन भएका आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेशसभा सचिवालय, सामाजिक विकास मन्त्रालय र जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयका शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासामा सम्बन्धित मन्त्रीहरूले जवाफ दिनका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ८ बमोजिम समय निर्धारण गरेको छु ।

सर्वप्रथम आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेशसभा सचिवालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवं जिज्ञासामा जवाफ दिनका लागि कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई समय दिन्छु ।

<u>आन्तरिक मामिला तथा कानून मन्त्री माननीय हिमबहादुर शाही:</u> माननीय सभामुख महोदय, प्रदेशसभाका माननीयज्यूहरूबाट जुन जिज्ञासाहरू आएका छन् त्यस जिज्ञासाबाट कर्णाली प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण भएको छ । जहाँसम्म विस्वास छ कर्णाली प्रदेश सरकारलाई सचेत, सतर्कताको गतिशीलता दिनमा यहाँहरूको जिज्ञासाले बल पुऱ्याएकोमा फेरि पनि धन्यवाद दिन चाहन्छु । सरकार गठन भैसकेपछि सरकारले तपाईंहरूका माझमा कर्णाली प्रदेश सरकारको तर्फबाट तपाईंहरूको माझमा आएका, तपाईंहरूका अगाडि आएका सवभन्दा पहिलो आर्थिक अनुशासन, सुशासन र सेवा प्रवाह अत्यन्तै जटिल, अत्यन्तै चुनौतिपूर्ण र अत्यन्तै प्रदेशको लागि प्रदेशवासीको लागि अपरिहार्य कार्य हो । यस कार्यलाई कर्णाली प्रदेश सरकारले अत्यन्तै जटिल परिस्थितिको सामना गरेर पनि कर्णाली प्रदेशका सम्पूर्ण प्रदेशवासीहरूलाई आर्थिक

अनुशासन र सुशासनबाट अगाडि लैजान प्रतिबद्ध रहेको कुरा यहाँहरूलाई जानकारी गराउँछु । यस्तै विकासका कुरामा कर्णाली प्रदेश सरकारले सडक पूर्वाधारमा सडक पूर्वाधारको म सबै जाँदैन विषयगत आउला खानेपानी, सिँचाइ, तटबन्ध बाटो के के आउँछ । सडक पूर्वाधारमा गौरवका योजनाहरूमा र विशेषगरी रोजगारीमा अत्यन्तै निरन्तरताका साथ र लगनशीलताका साथ कर्णाली प्रदेश सरकार प्रतिबद्ध रहेर अगाडि गैरहेको कुरा यहाँहरूलाई यहाँहरूका अगाडि निवेदन गर्दछु ।

माननीयज्यूले उठाउनु भो, सरकार जौ, भट्ट र तिलको हो कि भनेर पनि । सरकार जौं, भट्ट र तिलको हुन सक्दैन । कर्णाली प्रदेश सरकारको यहाँलाई परिचय छैन भने कर्णाली प्रदेश सरकार नेपाली कांग्रेस, नेकपा माओवादी र एकीकृत समाजवादी तीन पार्टीको गठबन्धनको सरकार हो । जसले आज कर्णाली प्रदेशका अठार लाख जनताको आवश्यकता र अकांक्षालाई प्रतिविम्वित हुने गरेर प्रत्यक्ष परिणममूखी दिने कुरा हर कुरामा कर्णाली प्रदेश सरकार प्रतिबद्ध रहेको यहाँहरूलाई जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय, अब मेरै पालो आयो आन्तरिक मामिलाको हैसियतले । मैले यसभन्दा पहिला भनेका कुराहरू पनि आन्तरिक भएर केही लुकाएको छ कि भन्ने तँपाइहरूको जिज्ञासाले मेट्दिनका लागि यसभन्दा पहिलाका कुरा भनेको हुँ मैले । आन्तरिक भनेपछि केही लुकाएको हुन सक्छ। नलुकाएका कुराहरू पहिला तपाईंहरूका अगाडि प्रस्तुत गरेको हुँ । अब आन्तरिक मामिला आन्तरिक मामिला । लुकाउनै नपाईने । मामिला त लुकाउन पाइँदैन आन्तरिक त लुकाउन पाइन्छ । तर, अत्यन्तै निकट मित्र अलिकती यसो र यसो फरक छ । पूर्वमन्त्री सामाजिक मन्त्रीजीले भन्नु भो हामी निराश भएका छौं, निराशको अवस्था आएको छ । मन्त्रीज्यूलाई पूर्व मन्त्रीलाई आग्रह गर्न चाहन्छु । वर्तमान सरकार प्रदेशसभाका सम्पूर्ण माननीयहरूलाई निराश र उदाश हुने अवस्था होइन । यदि कर्णाली प्रदेश सरकार कर्णाली प्रदेशका अठार लाख जनताको हित र कल्याणको लागि आज उनमा थाती रहेका जे जतिसुकै आकांक्षा र अवसरलाई पुर्ति गराउनको लागि उदाश होइन साहसका साथ अगाडि बढौं। त्यसमा कुनैपनि सरकार सहयोग गर्न तयार छ । त्यसको लागि यहाँहरूले कुनै किसिमको संकिणता राख्नु पर्दैन, साँघुरो घेरामा पनि वस्नु पर्दैन । माननीयज्यूले उठाउनु भो जनआन्दोलन, जनयुद्धमा सङ्कलन गरेका डाटामा जिल्ला जिल्लामा बेथिती भैरहेको छ, पक्षपात भैराखेको छ, नातावाद भैराखेको छ भन्ने कुरा यहीं होला जहाँसम्म म यसबारेमा अत्यन्तै गम्भीर भएर मेरो गम्भीर ध्यानाकर्षण भएको छ । म यथाशीघ्र

सात दिन भित्रैमा यस बारेमा दशओटै जिल्लामा के भएको हो ? कसो भएको हो ? किन भएको हो ? भन्ने कुराको यथार्थ विवरण भोलिका दिनमा तपाईंहरूको माझमा पस्किने अहिले निवेदन गर्दछु ।

अर्को कुरा केरे हाम्रो विपद्को बारेमा यहाँ माननीयज्यूले धेरै कुरा उठाउनु भएको थियो। अघि हाम्रो माननीयज्यूले उठाउनुभाछ । विपद् पहिला विपद्का बारेमा भन्छु म २०७१ सालको जुन बाढी पहिरो थियो जुन बाढी पहिरोले विस्थापीत भएका सुर्खेत लगायत बाहिरबाट आएर बसेका जुन जनतापनि छन् । त्यसको लागि कर्णाली प्रदेश सरकारले वीरेन्द्रनगर नगरपालिका अन्तर्गतमा तत्कालीन गठित समितिको प्रतिवेदनअनुसारवीरेन्द्रनगर नगरपालिकामा एक करोड वीस लाख, चौकुने गाउँपालिकामा ४५ लाख, बराहताल गाउँपालिकामा ६ करोड ३१ लाख ५० हजार, भेरीगंगा नगरपालिकामा ५७ लाख, पञ्चपुरी नगरपालिकामा ३ करोड ६४ लाख ५० हजार, गुर्भाकोट नगरपालिकामा ३५ लाख गरेर ११ करोड ९४ लाख ४५ हजार रुपैंया स्थानीय तहलाई स्थानीय चाहिनी सरकारलाई हस्तान्तरण गरिसकेको छ । यसमा कुनै किसिमको पनि शङ्का उपशङ्का गर्नुपर्ने कुरा छैन । यो २०७१ सालको बाढी पहिरो थियो र गठित तत्कालीन सरकारले गठन गरेको गठित समितिको प्रतिवेदनअनुसार कर्णाली प्रदेशले हस्तान्तरण गरिसकेको छ । यसैले मन्त्रालयमा पेश भएका तत्पश्चात ७५/७६, ७६/७७ र ७७/७८ मा मन्त्रालयमा पेश भएका अठार सय उनान्चालिस विपद्का कारणका घटनाहरूमा पन्ध्र सय अठ्ठाइस घर परिवारलाई हामीले ५० हजारका दरले ७ करोड ६४ लाख रुपैंया सम्बन्धित जिल्ला प्रशासनमा हस्तान्तरण गरिसकेको छ भने तीन सय एघार जना यसभित्र तीन सय एघारमा १ करोड ५५ लाख ५० हजार राहत प्राप्तीको लागि हामीले सम्बन्धित निकायमा पत्राचार गरेर यथाशीघ्र छिटो उपलब्ध गराईदिन माग गरिसकेका छौं ।

माननीयज्यूबाट अस्ति पनि कुरा उठेको थियो । मुगुको जिल्ला गमगढी नजिक तप्ने खोलामा ३० वर्ष मुनिका ३ जना विद्यार्थीको मृत्यु भएकोमा प्रदेश सरकारले राहत दिएको के कुरा हो भन्नेमा यसमा आएको बस दुर्घटनामा ३० जना होइन ३३ जनाको मृत्यु भएको छ । ३० जना होइन । सायद जिज्ञासा राख्ने माननीयज्यूहरूको प्रत्यक्ष सम्पर्क नभएर होला । ३३ जनाको मृत्यु भएको हो । ३३ जनाको मृत्यु भएको घर परिवारको लागि २०७८ आठ ३ गने नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रु. ३३ लाख रुपैंया वितरणको लागि मन्त्रीपरिषदको कार्यालय विपद् व्यवस्थापनले पठाईसकेको छ । यसमा कुनै शङ्काराख्नु पर्ने कुरा छैन ।

अर्कोकुरा तपाईंहरूको मुगुमा आगलागीको कुरा छ । आगलागीमा त्यसमा त्यहाँको स्पष्ट प्रतिवेदनअनुसार १८ घर आगलागीबाट पूर्ण क्षति भएका छन् । २४ ओटा पसल व्यवसायमा क्षति भएका छन् । ३३ पीडित परिवार छन् । आंशिक रूपमा ५ घर छन् । यी सबैको लागि मन्त्रीपरिषदको ०७८ आठ २२ को निर्णयअनुसार २०७८/९/१२ गते नै ६१ करोड ८५ हजार रुपैंया सम्बन्धित निकायमा हस्तान्तरण गरिएको छ । यसमा कुनै पनि शङ्का उठाउनु पर्ने कुरा छैन । अब अहिलेको लागि लामो म समय लिँदैन । आन्तरिक मन्त्रालय भन्न कुरा भैहाल्यो । आन्तरिक मन्त्रालयमा आ.व. ०७८/०७९ मा कुल चालुतर्फ४० करोड १५ लाख रुपैंया ९० हजार र पूँजिगततिर २८ करोड ८५ लाख ५० हजार गरी जम्मा ६९ करोड १४ लाख बजेट विनियोजन थियो । यस अन्तर्गत अहिलेसम्म हामीले अब प्रत्येक शीर्षक वाइज नजाउँ ४५ प्रतिशत रकम केरे ३५ प्रतिशत रकम खर्च भई गैसकेको छ र ४५ प्रतिशत रकम अब अहिले कार्यान्वयनका लागि अगाडि बढिरहेको छ । यति भन्दै यहाँहरूबाट विदा हुन्छु हवस् । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू, अब सामाजिक विकास मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनका लागि कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीलाई समय दिन्छु ।

<u>सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्री</u>ः माननीय सभामुख महोदय, आर्थिक वर्ष ०७८/०७९ को विनियोजित बजेट ०७८ को प्रतिस्थापन विधेयक सम्बन्धमा आज यस गरिमामय सदनमा कर्णाली प्रदेश सरकार एवं सामाजिक विकास मन्त्रालयले गरेको विनियोजित गरेको बजेट संक्षिप्त रूपमा सभामुखज्यूमार्फत यस गरिमामय सदनमा जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय, आ.व. ०७८/०७९ को बजेट र खर्चको अवस्था ०७८ फागुन १८ गत्यसम्मको । यस चालु आर्थिक वर्ष ०७८/०७९ मा कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय अन्तर्गत चालु ३ अरब ५३ करोड ८ लाख ९१ हजार पुँजीगत २ अरब ३३ करोड ६४ लाख ७८ हजार गरी जम्मा ५ अरब ८६ करोड ७३ लाख ६९ हजार । खर्चको बजेट संक्षेप रूपमा यस गरिमामय सदनमा सभामुखज्यूमार्फत अवगत गराउन चाहन्छु । खर्चतर्फयो १८ गत्यसम्मको चालुतर्फ९५ करोड ४९ लाख २५ हजार पुँजीगत तर्फ५ करोड २५ लाख ३७ हजार जम्मा १ अरब ४६ करोड ३५ लाख २२ हजार खर्च भएको छ । यसमा चालु आर्थिक वर्षको प्रतिशतको

हिसाबले २७.४ चालु पुँजीगतमा २१.७६ जम्मा २४.९४ प्रतिशत चाहिँ सामाजिक विकास मन्त्रालयको काम चाहिँ परिणाम अहिलेसम्मको हालको परिणाम २४.९४ प्रतिशत रहेको जानकारी गराउन चाहन्छु । र यसै गरेर ०७८ माघमा सम्पादित प्रमुख कार्यहरू: कोभिड १९ को बजेट व्यवस्थापन ८ करोड ४८ लाख, शववाहन एम्बुलेन्स दैलेख, कालिकोट, सल्यान, रुकुम पश्चिम, जाजरकोट, मुगु र जुम्ला चन्दननाथ १ करोड ७२ लाख । सामुदायिक स्वास्थ्य इकाई ६६ ओटा सामुदायिक स्वास्थ्य इकाई हुन् । कर्णाली प्रदेश सरकारको गठनपछि पुनःर्गठन माननीय प्रदेश मुख्यमन्त्री आदरणीय नेता जीवनबहादुर शाही आइसकेपछि सामुदायिक इकाईमा स्थानीय तहमा ५/५ लाखका दरले ३ करोड ३० लाख रुपैंया सबै स्थानीय तहमा पठाईएको छ ।

अब विद्यालय पूर्वाधार विकास तर्फ ३५ करोड ५१ लाख ८० हजार । १ सय ३७ ओटा विद्यालयहरू खेलकुद विकास पूर्वाधार विकास तर्फटोटल १० करोड, र सबै जिल्लामा हामीले यो सामाजिक विकास कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयले १/१ करोडको हिसाबले सबै जिल्लाहरूमा सामाजिक विकास मन्त्रालय मातहतका चाहिँ कार्यालयमा पठाईसकिएको । प्रदेश जनस्वास्थ्य प्रयोगशाला उपकरण मेशिनरी २ करोड, कर्णाली नागरिक अध्ययन सेवा गृह निर्माण, क्रियापुत्री भवन, सम्भाव्यता अध्ययन र डिपिआर तयार र प्रारम्भिक निर्माण कार्य ६ करोड हामीले स्थानीय तह, प्रदेश सरकारले स्थानीय तह वीरेन्द्रनगर नगरपालिकाको दायित्वमा पठाइदिएका छौं । आधारभूत अस्पताल पूर्वाधार सहयोग २ करोड २५ लाख, भेरीगंगा, पञ्चपुरी, गुर्वाकोट र दुल्लु डुंगेश्वर ।

यसैगरी, हाल भैरहेका प्रथम कार्यहरू अघि नै माननीय सांसदज्यूहरूले पनि उठाउनु भएको थियो जनशक्तीका कुराहरू स्वास्थ्यमा । स्वास्थ्य जनशक्ती दरवन्दी करार १५० जना, एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम, संगठन तथा व्यवस्थापन मन्त्रालयको प्रदेश रंगशाला निर्माण, जनस्वास्थ्य सेवा नियमावली, दलित विधेयक, प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र स्थापना, प्रदेश आपूर्ति केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला भवन निर्माण, अस्पतालको भवन निर्माण, सल्यान, रुकुम पश्चिम, डोल्पा, हुम्ला र दैलेख । सार्वजनिक शिक्षा सुधारका कुरा पनि अघि निक्ल्याथे सार्वजनिक शिक्षा सुधार । नियमित सेवा प्रवाह कार्य ।

सभामुख महोदय, अब म यस सम्मानित सदनमा माननीयज्यूहरूले उठाउनु भएका र दिनुभएका सुझावका वारेहरूमा केही कुरा यहाँ राख्न चाहन्छु । सर्वप्रथम माननीय दल रावलजीले विषयगत मन्त्रालयका कुराहरू राख्दै गर्दा सामाजिक विकास मन्त्रालयको

कुरा पनि उठाउनु भएको थियो । उहाँले सार्वजनिक शिक्षा सुधार कार्यक्रमका कुराहरू ल्याउनु भएको थियो । यो पनि कहीँ वितरणमूखी त भएन कता भन्ने कुरा उठाउनु भएको थियो । यो सन्दर्भमा सामाजिक विकास मन्त्रालयले सार्वजनिक शैक्षिक सुधारको कार्यक्रम अगाडि बढाउनका लागि हामीले विनियोजित गरेको रकममा केही रकम खर्च भएको छ । बाँकी चाहिँ उहाँले ७ करोड भन्नुहुन्थ्यो तर हाम्रो प्रस्ताव चाहिँ ३ करोडको थियो । र त्यो यथावतै छ । अब यो कार्यक्रम हामीले यो कार्यविधि बनाउनका लागि मन्त्रालयका विज्ञज्यूहरूलाई निर्देशन गरिसकेको छु । र कार्यविधि बनाइसकेपछि हामीले कार्यान्वयन पक्षमा अगाडि बढाउने छौं ।

त्यसपछि माननीय देवी ओली ज्युले प्रदेश सरकारको समय गुज्रेको, यो लक्षित वर्गका यो साना जस्तो साना टुक्रे योजनाहरू छन् र यसलाई टुक्रे योजनाहरूमा यथावत राख्नुपर्छ भन्ने जिज्ञासा राख्नुभएको छ । यस सन्दर्भमा हामीले सामाजिक विकास मन्त्रालयले हामीले पत्राचार गऱ्यौं मातहतका कार्यालयहरूमा पत्राचार गरिसकेका छौं र हाम्रो टुक्रे योजना भनेको खेलकुद मैदान १० लाखदेखी मुनिका र कोही १५ लाखका पनि खेलकुद मैदान छन् । त्यो टुक्रे योजनाहरू प्रतिपक्ष दलबाट सहमतिको आधारमा टुक्रे योजनाहरूलाई १५ लाखदेखि तलका योजनाहरू सहमति विना अगाडि न बढाउने आदरणीय मुख्यमन्त्रीज्यू र प्रमुख प्रतिपक्ष दलका नेतागण लगायत सर्वदलीय संयन्त्रबाट जो सहमति भएको छ त्यो सहमतिअनुसार, त्यही सहमतिलाई अक्षरसः पालना गर्दै सामाजिक विकास मन्त्रालयले आफ्ना मातहतका कार्यालयहरूलाई पत्राचार अहिले कार्यान्वयन नगर्नु भनेर पत्राचार गरिसकेको छ । अब सहमतिको आधारमा मुख्यमन्त्रीज्यू लगायत प्रतिपक्ष दलका नेताज्यू र अन्य दलका नेतागण बसेर सहमतिको विन्दुमा पुगेपछि तिनि जो टुक्रे योजनाहरू छन् अगाडि बढ्ने कुरा पनि म यहाँ अवगत गराउन चाहन्छु। सर्वसम्मतको हिसाबले सहमतिको आधारमा अगाडि बढ्ने कुरा जानकारी गराउन चाहन्छु सभामुख महोदय ।

त्यसपछि स्वास्थ्य क्षेत्रमा अस्त ब्यस्तता छ भन्ने कुरा आएको छ । जहाँसम्म लाग्छ, हामीसँग कानूनी प्रावधान, कार्यविधि समयमै बनाउनका लागि मेरो मन्त्रालयका विज्ञ ज्युहरू लागिराख्नुभएको छ। र त्यसैमा हामीले स्थाई पदपुर्ति गर्न नसकी सकेपछि जनशक्ती अभावका कारण तत्काल चाहिँ करारमा डेढ सय जनाको विज्ञापन निकालेर अब त्यसको परिक्षा पनि सु सम्पन्न भैसकेको छ । र केही समयमै नियुक्ति लिएर सबै जिल्लाहरूमा जिल्ला अस्पतालहरूमा पठाउने काम तत्काल हुने कुरा पनि सभामुख महोदयमार्फत् म यस गरिमामय सदनलाई जानकारी गराउन चाहन्छु ।

कौशिलादेवीज्यूले माननीय कौशिलादेवीज्यूले पनि राजनीति पूर्वाग्रहको हिसाबले विभाजन गरिएका छन्, विद्यालय भवन निर्माण गर्ने सवालमा भन्नुभयो । सभामुख महोदय, सामाजिक विकास मन्त्रालयको पूर्वाधारसम्बन्धीमा हाम्रो नीति तथा कार्यक्रमहरूमा एक नमूना विद्यालय एक स्थानीय तह भन्ने यो गरिमामय सदन जानकार नै छ । हामीसँग त्यति शिक्षा क्षेत्रको पूर्वाधार थिएन । र एक स्थानीय तह एक नमूना विद्यालय भन्ने जुन कार्यक्रम थियो त्यो अनुरूप हामीले माननीयज्यूहरूबाट आएका सुझाव र सम्बन्धित कार्यालयबाट आएका आवश्यकताको आधारमा हामीले त्यसरी योजना तर्जुमा गरेर विद्यालयहरूको भवन निर्माण गर्ने काम र रकम विनियोजन गरेको कुरा पनि सभमुख महोदयमार्फत् यो गरिमामय सदनलाई जानकारी गराउन चाहन्छु । हामीले कुनै पक्षपात, पूर्वाग्रही ढङ्गले कर्णाली प्रदेश सरकारले हेरिरहेको छैन त्यसैमा सामाजिक विकास मन्त्रालयले पनि कुनै राजनीति पूर्वाग्रह साझा भएका कारणले त्यो अवस्थामा कर्णाली प्रदेश सरकारले सबैलाई पक्ष विपक्ष नभनिकन सहमतिको आधारमा सहयात्रा गर्दै कर्णाली प्रदेशलाई समृद्धी बनाउने तरिकाले अगाडि बढीरहेको कुरा पनि सभामुख महोदयमार्फत् म यो गरिमामय सदनलाई जानकारी गराउन चाहन्छु ।

त्यसैगरी,माननीयज्यूहरूले आफ्ना जिज्ञासाहरू राख्नु भयो । त्यसैलाई सुझावको रूपमा ग्रहण गरेर कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय अगाडि बढ्नेछ र दानसिंह माननीय दानसिंह परियार ज्युले भन्नुभाथ्यो, र हाम्रो आन्तरिक मामिला तथा कानून मन्त्रीले पनि अघि यो सरकार तिल, जौ को होइन भनेर मलाई त के लाग्यो भने यो सरकार दानसिंह ज्युले भन्या जस्तै तिल र जौ पवित्र त्यसैमा तिल जौ मकैको त पवित्र गठबन्धनको सरकार हो । मलाई त त्यो लाग्छ । तिल र जौ भन्या त पवित्र वस्तु हो र त्यसलाई आत्मसात् गर्दै प्रतिपक्ष प्रमूख प्रतिपक्ष दलका मित्रहरू पनि आदरणीय सरकार प्रमूख मुख्यमन्त्रीज्यूले जसरी सहमतिको विन्दुमा अगाडि लैजाने कर्णालीलाई समृद्धी बनाउने जो प्रयास गर्नुभएको छ त्यसका निमित्त कर्णाली प्रदेश सरकारको सामाजिक मन्त्रालयको तर्फबाट सहयोग हुने कुरा पनि म यस गरिमामय सदनलाई जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय, अब म धेरै लामो समय लिन चाहन्नँ । कर्णाली प्रदेश प्रतिपक्ष दलका नेता, संसदीय दलका नेताज्यूले नवौं अधिवेशनको एघारौं बैठकमा यस रोष्ट्रमबाट दलको नेताको हैसियतले आफ्ना धारणाहरू राख्दै गर्दा प्रदेश गौरवको आयोजना रंगशालालाई क्षमता वृद्धी गरेर अझै केही सोच्नुपर्छ कि सरकारले भनेर जो सुझाव दिनुभएको थियो त्यस सुझावका लागि कर्णाली प्रदेश सरकार स्वागत गर्न चाहन्छ । र

धन्यवाद दिनपनि चाहन्छु, यसका निमित्त । यसका निमित्त गौरवका आयोजनाको रूपमा रहेको प्रदेश रंगशालाका सन्दर्भमा प्रमूख प्रतिपक्ष दल नेकपा एमाले संसदीय दलका नेता माननीय यामलाल कंडेलज्युले रंगशालामा अहिले भइरहेको काम काजलाई कुनै असर नपर्ने गरेर क्षमता वृद्धी गर्न सकिने सम्भावना अध्ययन गर्न दिनुभएको सुझावअनुसार कर्णाली प्रदेश सरकारले रंगशाला सिट क्षमता विस्तारको सन्दर्भमा आवश्यकता, सम्भाव्यता र उपयुक्तताको अध्ययन गरेर १५ दिनभित्र रिपोर्ट पेश गर्नका लागि समिति गठन गरेको छ । यसमा तत्काल कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यूले सामाजिक विकास मन्त्रालयमा तत्काल बैठक बसाएर बाह्रौं बैठकमा नवौं अधिवेशनको बाह्रौं बैठकमा गरिमामय सदनलाई जानकारी दिनेगरी बैठक बसाउने जुन निर्देशन गर्नु भो त्यो अनुरूप सामाजिक विकास मन्त्रीको हैसियतले तत्काल बैठक बोलाएर प्रदेश खेलकुद परिषदका उपाध्यक्ष प्रमोद हमालको संयोकत्वमा गठित समिति सामाजिका विकास मन्त्रालय युवा तथा खेलकुद महाशाखाका प्रमूख जहरलाल हमाल, आर्थिक मामिला तथा योजना मन्त्रालयका अधिकृत प्रतिनिधि पश्चिम विश्व विद्यालयका संरचना सम्बन्धी विज्ञ इञ्जिनियर सदस्य र प्रदेश खेलकुद परिषदका सहायक इञ्जिनियर भुपेन्द्र जैसीको सदस्य सचिव रहेको ५ सदस्यीय समिति गठन गरिएको छ ।

सभामुख महोदय, यस गरिमामय सदनमा नवौं अधिवेशनको एघारौं बैठकमा दलका नेता, प्रतिपक्ष दलका नेता यामलाल कंडेलज्यूले अविश्वासको खाडल हुँदै विस्वासको वातावरण बनाउने भनेर जो सुझाव दिनुभएको थियो। त्यो अनुरूप कर्णाली प्रदेश सरकारले विस्वासको खाडललाई पुर्दै अविश्वासको खाडललाई पुर्दै विस्वासको वातावरण बनाउनु वातावरण जो सिर्जना गरेको छ सभामुख महोदय र अब सामाजिक विकास मन्त्रालयले त्यही सन्दर्भमा १५ दिनभित्र रिपोर्ट पेश गर्नका लागि कार्यदल गठन गरेको कुरा यहाँ सभामुख महोदयमार्फत् गरिमामय सदनलाई जानकारी गराउँदै जो सुझावका लागि माननीय सदस्यज्यूहरूले सामाजिक विकास मन्त्रालयको बारेमा भएका गतिविधिहरूको बारेमा जे जति सुझाव दिनुभएको छ त्यसलाई आत्मसात् गरेर कर्णाली प्रदेश सरकार र सामाजिक विकास मन्त्रालय अगाडि बढ्ने कुरा जगजाहेर गर्दै मेरो भनाइ अन्त्य गर्दछु। हवस् धन्यवाद । जयनेपाल ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू, अब जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको शीर्षकहरूमाथि भएको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासामा जवाफ दिनका लागि कर्णाली प्रदेश सरकारका जलस्रोत तथा ऊर्जा विकास मन्त्री माननीय श्री गणेशप्रसाद सिंहलाई समय दिन्छु ।

**<u>जलस्रोत तथा ऊर्जा विकास मन्त्री माननीय श्री गणेशप्रसाद सिंहः</u>**माननीय सभामुखज्यू, सभामुखको अनुमतिले ऊर्जा जलस्रोत विकास मन्त्रालयको विषयमा माननीय सदस्यज्यूहरूले उठाउनुभएका जिज्ञासाको बारेमा मैले सर्वप्रथम माननीयज्यूहरूले वार्षिक विनियोजित बजेटमा कार्यान्वयनको सिलसिलामा सौर्य सोलार उज्यालो कार्यक्रमको जसको कार्यान्वयनको विषयमा माननीयज्यूले राखेको कुरा त्यो ध्यानाकर्षण भएको छ। र यो जायज कुरा उठाउनु भएको छ । र यो विषयमा मन्त्रालय लागि परेको छ । यो कार्यान्वयनको प्रक्रियमा जाने कुरामा मैले यो सम्मानित सदनमा सभामुखज्यूमार्फत् यथासक्य छिटो कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

मैले अब धेरै विषय त माननीयज्यूहरूको हाम्रो मन्त्रालयमा आएन । खानेपानीको समस्या छ । कर्णाली प्रदेश दुर्गम र पिछडीएको वस्ती हो । र शुद्ध पिउने पानीको समस्या छ । यो वनपैदावार, जलवायु जोखिम, विविध कारणले गर्दा कर्णाली प्रदेशका ७१८ ओटा वडाहरूमा ७९ ओटा स्थानीय तहहरूमा खानेपानीको समस्या छ । बत्तीको समस्या छ । बाढी पहिरो भुक्षय भएको छ । थुप्रै ठाउँमा तटवन्धको आवश्यकता छ । नदीनाला,सडक,सिँचाइ,नहरहरू थुप्रै ठाउँमा क्षति भएका छन् । त्यहाँ तटबन्धनका समस्याहरू छन् । कर्णाली प्रदेशमा सरसफाई ढल निकासको पनि समस्या छ । यो माननीयज्यूहरूले उठाएको कुरा यो सबै कुरा माननीयज्यूहरूले जिज्ञासामा राखिसक्नुभएको छ । सानो मन्त्रालय यो मन्त्रालयको आयु पनि धेरै लामो समय छैन । करिब १ वर्ष मात्रै भाछ । र यसले संवेदनशीलयसको जिम्मेवारी छ। अँध्यारोलाई उज्यालो बनाउनु पर्ने, पानी पिलाउनु पर्ने, आधारभूत आवश्यकता मान्छेलाई नभई नहुने यो आवश्यकताको आपूर्ति गर्नुपर्ने हो । र हामीले हाम्रो मैले छोटो जानकारी हामीलाई प्राप्त बजेट वार्षिक विनियोजित बजेट ३ अरब ५६ करोड ३६ लाख ३५ हजार प्राप्त भएको छ । मन्त्रालय सहित १० जिल्लामा यो चालु आर्थिक बजेट हो । कार्यान्वयनको हिसाबले यो हिजोसम्म ६.४ प्रतिशत मात्रै कार्यान्वयन भएको छ । यो मन्त्रालयका निमित्त कर्णाली प्रदेशको विभिन्न उतार चढावका बाबजुद र यो प्राविधिक राष्ट्रसेवक कर्मचारीहरूले आफ्ना केही माग राख्दा संवैधानिक संकट आएर पनि कार्यान्वयनको केही ढिलाइ हुन गएको छ भने अर्कातिर मन्त्रालय विभाजन हुँदा हामीलाई १५ गते मात्रै भौतिक पूर्वाधार मन्त्रालयबाट खानेपानीको विनियोजित वार्षिक बजेट हामीले प्राप्त गरेका छौं । हामीलाई हस्तान्तरण भएको छ ।

यसो हुँदा अहिलेपनि हामी व्यवस्थापन मैं छौं । यसको व्यवस्थापन गर्दै कार्यान्वयन गर्ने सवालमा हामीसित खानेपानीको कार्यविधि छैन, सिँचाइको कार्यविधि छैन, त्यो फाष्ट

ट्र्याकमा कार्यविधि ल्याउने तयारीमा छौं । उज्यालो कार्यक्रममा भन्नु पर्दाखेरी विद्युत विकास ऐन छैन । कर्णाली प्रदेश मैं त्यसको पनि हामी अब एउटा तयारीमा लाग्याछौं। अब मोटामोटी जानकारी १५ लाख मुनिका योजनाहरूको मन्त्रालयले सबै जिल्लाबाट १५ गत्यसम्म यी योजनाहरू सङ्कलन गरिसकेको छ । यसको समरीमा भन्नु पर्दाखेरी मैले छोटो जानकारी यो सम्मानित सदनलाई होस् भनेर कुल प्रदेश भरीका १५ लाख मुनिका योजनाहरूको खानेपानीमा, सिँचाइमा र तटवन्धमा कुल योजनाको संख्या ११ सय ३७, सम्झौता भएका योजनाहरू ४ सय ५०, सम्झौता नभएका योजनाहरू ७ सय २ जम्मा ४२ करोड ९७ लाख हो बजेट सम्झौता अब यो यसमा केरे ७५ लाख ३२ करोड यी योजनाहरूमा बजेट गएको छ भने ३२ करोडका सम्झौता भएको छ भने ४२ करोडको सम्झौता भएको छैन । यो समरीमा । आवश्यक परेपछि अब विवरणसहित पनि कुन पालिकाको कुन वडामा त्यस्ता खालका टुक्रे योजनाहरू छन् त्यो पनि हामीले सङ्कलन गरेका छौं ।

पल्छिल्लो काम अब हाम्रो मन्त्रालयबाट कर्णाली प्रदेश सरकारको निर्देशनमा मन्त्रालयले विश्व बैंकको गोष्ठीमा सहभागी भएको छ । विश्व बैंकले ८० प्रसेन्ट आफ्नो सब्सिडिमा कर्णाली प्रदेशमा खानेपानीमा साझेदारी गर्ने भन्ने अलिकति संकेत प्राप्त भएको छ । अब यी लगायत हामीले छोटो काम र वार्षिक विनियोजित बजेटलाई कार्यालय प्रमुखहरूसँग बैठक गरिएको छ । अब यो बजेटको खर्च वित्तीय खर्च बढाउन अब निर्देशन गरिएको छ भने १० ओटै जिल्लाका अन्य केन्द्रीय सरकारका विद्युत प्राधिकरणका कार्यालय प्रमुखसँग हामीले सहकार्य र सहजिकरण गर्नका निमित्त उहाँहरूसँग पनि हामीले रिपोर्टहरू सुनेका छौं । र सहकार्य गर्न हामी तयार भएका छौं । वैकल्पिक ऊर्जाको पनि केही जानकारी लिएका छौं । हाम्रो उज्यालो कार्यक्रम पनि अब विद्युत प्राधिकरण र वैकल्पिक ऊर्जाका कार्यक्रमहरूमा अहिले २-३ वर्षदेखि गै राख्याछ कर्णालीमा कर्णाली प्रदेश सरकारबाट । अब त्यो ऊर्जा जलस्रोत मन्त्रालयको हिसाबले कोर्डिनेशन र हाम्रो एउटा साझा संयन्त्रमा अगाडि बढ्नुपर्छ भन्ने हाम्रो मन्त्रालयको धारणा छ ।

अव यी विषय लगाएत यहाँहरूले उठाएका विषयहरू यो वार्षिक बजेट कार्यान्वयन गरेर जनतालाई सेवा दिने कुरामा मन्त्रालय अलिकति गम्भीर होस्, मन्त्रालयले तदारुकता गरोस् भन्ने आशयमा यहाँहरूले दिएको सुझाव मैले बुझेको छु । त्यसै आधारमा कामलाई विशेष प्राथमिकतामा दिएर आफ्नो जिम्मेवारी पूरा गर्नेप्रतिबद्धता सहित म विदा हुन्छु हवस् त । धन्यवाद ।

**<u>माननीय सभामुखः</u>** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा सभामा पेश भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ अन्तरगतका आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेशसभा सचिवालय, सामाजिक विकास मन्त्रालय र जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयका शीर्षकहरूमाथिको छलफल समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ६ बमोजिम समय तोकिएकोमा सोअनुसार कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा सभामा पेश भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ अन्तर्गतको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र कर्णाली प्रदेश योजना आयोगका शीर्षकहरूमाथि यहीं फागुन २३ गते छलफल हुने ब्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७८ साल फागुन २३ गते सोमवार दिनको १ बजेसम्मको लागि स्थगित हुनछ ।

कार्यवाहीको सम्पूर्ण विवरण

२०७८ फागुन २३ गते

सोमवार

(बैठक संख्या-१३)

राष्ट्रिय गान,

मानननीय सभामुखः माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको तेह्रौं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा सभामा पेश भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ अन्तर्गतको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लोक सेवा आयोग,मुख्य न्यायाधिवक्ताको कार्यालय र कर्णाली प्रदेश योजना आयोगका शीर्षकहरूमाथि कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम १३२ को उपनियम ७ बमोजिम छलफल प्रारम्भ हुन्छ । छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्ट्रमको वायाँतर्फरहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला ।

सर्वप्रथम माननीय श्री पद्मा खड्का । समय ७ मिनेट ।

माननीय पद्मा खडकाः सभामुख महोदय, प्रदेशसभाको नवौं अधिवेशनको यो तेह्रौं बैठकमा कर्णाली प्रदेश सरकारले जुन विनियोजन विधेयकमाथी हामी छलफलको घडीमा जुन उभिइरहेका छौं, भाग लिइरहेका छौं । सर्वप्रथम मैले कर्णाली प्रदेशसभा जुन सभामा कानूनी रूपमा संवैधानिक व्यवस्था हुँदाहुँदै पनि जुन हामीले सोचेका थियौं त्योअनुसार बजेट नआइकन जुन अध्यादेशमार्फत् बजेट आयो र अहिले अन्तिम चरणमा यो एउटा कानूनी वैधानिकता प्राप्त गर्नका लागि जुन अहिले छलफल चलिरहेको छ यो मलाई लाग्छ लगनपछिको पोते भन्या जस्तै यसले अलि जुन एउटा स्पिडमा, जुन एउटा उद्देश्यमा गर्नुपर्ने काम हो त्यो कुरा नगरीकन अहिले अन्तिममा आएर गर्नुपर्ने जुन अवस्था आयो यसले पक्कैपनि राम्रो त गर्दैन तर यसले हामीले फेरि पनि आउने दिनमा यसले पक्कैपनि सिकाई नै हुनेछ भन्ने मैले राख्न चाहन्छु ।

र आज विशेष गरी भूमि व्यवस्था तथा कृषि मन्त्रालय अन्तर्गत त्यसैगरी उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, त्यसैगरी आर्थिक मामिला तथा योजना मन्त्रालय र यी विभिन्न शीर्षकका विनियोजन विधेयकमाथी आज हामी छलफल गर्दै जाँदा सर्वप्रथम

कर्णाली प्रदेश सरकारले जुन सरकार स्थापना भयो स्थापना हुनेबेला जुन हामीले पहिलो क्याबिनेटले निर्णय गरेको आज कार्यान्वयनमा कहाँ पुगिरहेको छ कर्णाली सरकार ? हामीले पक्कैपनि सोचेका थियौं कर्णाली प्रदेश एउटा प्रचुर सम्भावना भएको प्रदेश जसमा हामीले कृषिबाट धेरै सम्भावना छ । कृषिबाट हामीले धेरै किसानहरूलाई धेरै यहाँ कर्णाली प्रदेशका नागरिकहरूलाई उत्पादनमा जोड्न सक्छौं । अर्गानिक कर्णाली प्रदेशमा प्रयाप्त मात्रामा हामीले अर्गानिक वस्तुहरू उत्पादन गर्न सक्छौं भनेर जुन एउटा चाहिँ अभियानकै रूपमा हामीले पहिलो बैठकले नै निर्णय गरेका थियौं, तर त्यो पहिलो बैठक कार्यान्वयनमा नपुग्दै दोस्रो पटक फेरि हामी हाइटेक नर्सरी गराएर कर्णाली प्रदेशमा विरुवा उत्पादन गरेर कहीँ कतैबाट हामी विरुवा ल्याउँदैनौं आप्mनै उत्पादनले हाम्रो प्रदेशलाई आर्थिक आयस्रोत पनि बृद्धी गर्छौं र यसैगरी कर्णाली प्रदेशका नागरिकलाई सबैलाई उत्पादनमा जोड्छौं भनेर दोस्रो वर्ष हाइटेक नर्सरी तेस्रो वर्ष सबै किसानलाई हामी सुनको हलो वितरण गर्छौं उत्पादनमा लागेका किसानहरूलाई हामी पुरस्कार वितरण गर्छौं, सुनको हलो जस्ता महत्त्वपूर्ण कुरा चर्चामा आउने कार्यक्रमहरू ल्याएर कार्यान्वयनमा अवस्था हेर्दा एकदमै अहिले खोज्न जाँदा ती हाइटेक नर्सरीहरूको अवस्था उदाहरणको लागि डोल्पाको हाइटेक नर्सरी कर्णाली प्रदेश सरकारले पनि गएर हेर्दा हुन्छ हामीले देखिरहेका छौं आज हाइटेक नर्सरीमा कुनै पार्टीका कार्यक्रमहरू सञ्चालन भएको अवस्था छ ।

त्यसकारणले हामी जति विनियोजन विधेयकमाथी यहाँ छलफल गरिरहेका छौं छलफल गरेर जुन निष्कर्ष निकालेर कर्णाली प्रदेश सरकारले अगाडि बढाइरहेका बजेटहरूको जुन कार्य प्रगति हेर्दा आज हामी प्रगतिमा केही प्रतिशत भन्ने अवस्था छैन । यस शून्य अवस्थालाई हामीले सुधार्नका लागि हामीले संवैधानिक व्यवस्थाअनुसारका बाटालाई आन्तरिक रूपमा छलफल गरेर ती छलफललाई समाधानको बाटोबाट अगाडि लानुपर्ने हो तर त्यो बाटो हामीले छोड्दा आज फेरि अन्तिममा त्यसको रिजल्ट राम्रो देखिएको अवस्था छैन ।

यसैगरी, मैले योजना आयोगका प्रदेश योजना आयोग छ त्यो योजना आयोग कहाँ सुतिरहेको छ ? कहाँ निदाईरहेको छ ? पक्कैपनि हामीले सङ्घीय सरकारका बजेटहरू हेरिरहेका छौं । राष्ट्रिय योजना आयोगले बार्षिक रूपमा देशभरीको बजेट कस्तो बनाउने कुन-कुन योजनाहरू बनाउने ? योजना आयोगले सबै कुरा चाहिँ फाइनल गर्ने र सरकारले त्योअनुसार ती योजना आयोगका पञ्चवर्षीय योजनाअनुसारलाई बजेट प्रवाह गर्ने जुन खालको एउटा चाहिँ नीति, जुन खालको एउटा विधि हामीले हेरिरहेका छौं तर

कर्णाली प्रदेशमा सायद कर्णाली प्रदेश योजना आयोगले पनि पञ्चवर्षिय योजना बनाएर त्यो योजनाअनुसार नैसँगसँगै सरकार चलेको भए आज ती टुक्रे बजेटका कुराहरू, आज फेरि ती साना कार्यकर्ता भरणपोषण गर्ने बजेटहरू बाँडिएका भन्ने हामीले यो संसद्मा बोल्नुपर्ने अवस्था आउने थिएन कि भन्ने मलाई लाग्छ ।

योजना आयोग एकातिर दौडिरहेका छ, प्रदेश सरकार एकातिर दौडिरहेको छ । बजेटको तालमेल काहीं कतै मिल्दैन, योजनाको तालमेल मिल्दैन । अनि भनिन्छ फेरि सांसदहरूले बजेट चाहिँ बाँड्नुभाको छ र सांसदहरूलाई पनि कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेशका यी यी योजना हुन्, प्रदेश योजना आयोगले यो प्रदेशको लागि यो महत्पूर्ण योजनाहरू छनौट भएको छ भनेर त्यो छलफलमा सायद सांसदहरू सहभागी भएको भए सायद कोही सांसदले प्रदेशका ठुला गौरवका आयोजनाहरू गर्न हुँदैन भन्ने चाहिँ थिएन होला भन्ने मलाई लाग्छ ।

यसैगरी, मैले आर्थिक मामिला मन्त्रालय आर्थिक योजना मन्त्रालयको बारेमा थोरै मैले यहाँ के भन्न चाहन्छु भने हामीले पक्कैपनि एउटा अर्थतन्त्र सम्हाल्ने मन्त्रालय जसको धेरै सबैले आशा गरिरहेका हुन्छौं तर अर्थ मन्त्रालयको कामको गतिविधि हेर्दा बजेट चाहिँ विनियोजन नगर्ने अर्थ मन्त्रालयमा एकदमै डल्लोको रूपमा राखिरहने र आफूअनुकूलका योजनाहरू जुन वितरण गर्ने शैली छ त्यसले पक्कैपनि यो कर्णालीको जो हामीले सपना देखिरहेका छौं, जसले हामीले आम कर्णालीका नागरिकका लागि जुन उद्देश्य जुन एउटा कर्णालीको उत्पादनदेखी लिएर हरेक क्षेत्रमा हामीले बजेटलाई चाहिँ एकदमै विकासमा चाहिँ पूँजिगत खर्चमा कसरी हामीले चाहिँ कार्यान्वयनमूखी लग्ने हो भन्ने जुन चिन्ता छ त्यो चिन्ताअनुसारको कार्यान्वयन गर्न नसकेको अवस्था देखिन्छ । र रकमान्तर गर्ने कुराहरू पनि जुन आवश्यक भएका निरन्तर गर्नेपर्ने योजनाहरूलाई रकमान्तर गर्ने कुरामा एकदमै चाहिँ मन्त्रालयको ध्यान नपुगेको र आफूअनुकूलका योजनाहरू रकमान्तर गर्ने जुन अर्थ मन्त्रालयको मनसाय त्यो पनि कर्णाली प्रदेशका लागि त्यति उपयुक्त छैन भन्ने मलाई लाग्छ ।

र, अन्त्यमा मैले यी सबै योजनाहरू जुन छलफल गरिरहँदा हामीले छलफललाई छलफलमा केन्द्रित मात्रै नभइकन कार्यान्वयनमा कर्णाली प्रदेश सरकारको महत्त्वपूर्ण ध्यान जाओस् यहीं भन्न चाहन्छु । धन्यवाद ।

<u>माननीय सभामुखः</u> अब माननीय श्री दल रावल । यसपछि माननीय श्री देवी ओली तयारी अवस्थामा रहनुहोला । समय ७ मिनेट ।

**<u>माननीय दल रावल:</u>** माननीय सभामुख महोदय, आज हामी यो विनियोजन अध्यादेश २०७८प्रतिस्थपन विधेयकमाथीका विभिन्न मन्त्रालयका शीर्षकहरूमाथि विभिन्न निकायका शीर्षकमाथी छलफल गर्दैछौं ।

एउटा यो नाइन्टिन सिक्स्टी वानमा अमेरिकाको राष्ट्रपती जोन अफ केनेडीले उहाँ चाहिँ जनवरी ट्वान्टीमा शपथ लिएपछि मे को शेसनमा अमेरिकी शेसन एउटा ड्रिम एउटा सपना देख्नुभा रैछ । सानो छोटो रूपमा चाहिँ उहाँले के भन्नुभा रैछ भने पिपुल द इफेक्ट इट आउट वील्स् एन म्यान अन द मुन एन रिटर्न सेफ्टी टु अर्थ । छोटो कुरा । उहाँले के एउटा सपना देख्नुभएछ भने हामी चाहिँ चन्द्रमामा चाहिँ एउटा मान्छे पठाउँछौं ती मान्छे चन्द्रमामा पाइला टेकेर सुरक्षित रूपमा पृथ्वीमा फर्किन्छन्। यो अमेरिकाको भिजन हो भनेर भन्नुभएछ । नाइन्टीन सिक्स्टी थ्री मा उहाँको हत्या भयो त्यसपछि नाइन्टीन सिक्स्टी नाइनको जुलाईतिर निल आर्मस्ट्रङले पहिलोचोटि चन्द्रमामा पाइला टेके । राष्ट्रपतिले चाहिँ संसद्मा घोषणा गरिसकेपछि समग्र अमेरिकी स्रोत साधन र त्यहाँको सरकारको प्रायोरिटी भनेको के भयो भने नाशालाई त्यहाँका वैज्ञानिकहरूलाई कसरी चन्द्रमामा पुग्ने र फर्केर सुरक्षित आउने भन्ने खालको चाहिँ रिसर्च त्यहाँ चाहिँ सेन्टरलाईज गरियो र उनि सफल भए । हामीले पनि कर्णालीमा सपना चाहिँ देख्यौं । ती सपना चाहिँ अलि अलि चाहिँ छरिनतिर लागे ।

यसमा हामी दोषी छौं । अहिले यो सरकारलाई मात्रै भन्न मैले खोज्या होइन । कर्णालीमा वास्तवमा हामीले सपना जुन देख्ने प्रक्रिया थालनी गऱ्याथ्यौं ती सपनाहरू चाहिँ अधुरा रहने भए तर पनि मलाई निराश लाग्दैन । पाँच वर्षको हामी अन्तिम अन्तिममा छौं । फेरि त्यहाँ सरकारले पनि राम्रा सपना देखोस् मेरो शुभकामना छ । अब आजका छलफलहरूमा यो वन पर्यटन उद्योग मन्त्रालयको छ, म चाहिँ डोल्पामा मन्त्री हुँदै भिजिट गऱ्याथिँए । यो दुनैको बिच टापुमा एउटा लगानी गऱ्या थिए । त्यतिखेर तत्कालीन जुन मन्त्रीज्यूले । मैले फर्केर आएपछि भनेँ त्यो टापुमा लगानी नगर्नुस् त्यो आएपछि लगिहाल्छ त्यो बेकार करोडौं रुपैंया रोक्नेवाला छन् त्यहाँ बरु त्यहाँ पुल हाल्नुस्, अस्पताल पारीतिर छ एम्बुलेन्स वारी रोकिन्छ पुल हाल्नुस् त्यो पैसा रोक्नुस् त तुरुन्त बरु चाहिँ मुख्यमन्त्रीज्यू र अर्थमन्त्रीलाई भन्नुस् पुल हाल्नुस् भन्याथैं। तर अहिलेपनि मैले त्यहाँ आज यसो छलफल गर्ने विषय के छ त भनेर यसो त्यो कितावमा हेरैं हेर्दाखेरी एक जिल्ला एक पर्यटकीय स्थल भन्ने छ कोष्ठभित्र दुनै भेरी नदी टापु त्यही टापु बनाउने १५ करोड रुपैंया राख्याछ । मलाई दुर्भाग्य लाग्यो । म अहिले पनि फेरि सरकारलाई के सुझाव दिन चाहन्छुभन्दा अब माननीय मन्त्रीज्यू

आजमात्रै सदनमा प्रवेश गर्नुभाछ । स्वागत पनि छ । म के तपाईंलाई चाहिँ अनुरोध गर्न चाहन्छु भने यो नचाहिँदो काम कर्णालीका गरिव जनताको १५ करोड रुपैंया पानीमा न बगाउँ है । बरु डोल्पाली जनतालाई फेरि पनि भन्छु सदनमा त्यही पैसा फिर्ता ल्याएर अन्त जिल्ला नपठाउँ डोल्पामै लगानी गरौं । तर पुल पारितिर बजार छ, पारितिर पपुलेशन छ, हस्पिटल पारी नदी पारी छ । विरामी बिचारा बोकेर पारी लैजान अफ्ठ्यारो छ । फेरि पनि त्यो पैसा त्यो पुलमा हालौं । र चाहिँ गरिव र विरामी जनताहरूको सेवा पुग्छ त्यहाँ । अब यस्ता काममा पनि गरियाछन् । मेरो विचारमा यो सरकारकले फिर्ता लिनुपर्छ । यस्ता यस्ता बजेट यहाँ थुप्रै छन् । अब भनेर साध्य छैन । यो एउटा मैले सेम्वोलिक सजेशन मात्रै दिएको हो । यहाँ चाहिँ माननीय मुख्यमन्त्री जी लाई यहाँ चाहिँ यसरी गर्दा राम्रो होला भनेर ।

यो बहुसंरक्षण तथा जलाधार भनेर साना साना नदी नियन्त्रण जस्ता खोल्सा सोल्सा गर्ने के के गर्ने जस्ता कामहरू पनि परिणाममुखी छैनन् । यसलाई कसरी नियन्त्रण गर्ने हो? त्यसैगरी तपाईंको यो प्रतिष्ठानका भवनहरू भन्याछन् १० हजार १० लाख ५ लाख सबै बाँडियाछन् । अब ती कतिका भवन प्रतिष्ठान बन्ने हुन् ? यस्ता यस्ता कुराहरूलाई अलि सेन्टरलाईज गरौं । यी बजेटलाई अलि परिणाममुखी बनाउँ । अन्यथा चाहिँ हाम्रो विकास र समृद्धीको सपना त्यै १० लाख र ५ लाखको बजेटले जानेवाला छ । यसमा त अन्यथा नमानेर यस्ता कामहरू चाहिँ नगरेर अलि अगाडि बढौं भन्ने म चाहन्छु । म अनुरोध गर्न चाहन्छु ।

त्यसपछि कृषि मन्त्रालयको बजेट ल्याउने मन्त्री अर्कै हुनुहुन्थ्यो अहिले कार्यान्वयन गर्ने मन्त्री अर्कै हुनुहुन्छ । अब जेठो बाठो पाको मन्त्री हुनुहुन्छ मलाई आशा छ अब पानी त्यो सिँचाइ पोखरी भनेर ५ लाख, अनि सुनको हलो त बन्दै होला कुन कारखानामा अब यस्ता यस्तातिर लाग्नुभन्दा कृषिको साँच्चिकै रूपान्तरणकारी काममा लागौं । अझैपनि सकिन्छ । मलाई आशा छ यी साना साना टुक्रे टुक्रे पैसालाई चाहिँ साँच्चैको कृषिमा मलाई त लाग्छ माथि हाम्रो माथिल्लो हिमाली भेगतिरभन्दा तराईतिर लगानी गर्दापनि होला । सुर्खेतमा कृषि उपज राम्रो गर्न सक्यौं भने उत्पादन गर्न सक्यौं भने सल्यानमा गर्न सक्यौं भने, दैलेखमा गर्न सक्यौं भने अल्टिमेट्ली माथिल्ला हिमाली जिल्लाका मान्छेहरू त कृषि उपज पाईहाल्छन् नि । जहाँ जे को सम्भावना छ त्यो लगानी गरौं । कृषिमा अँझ त म भन्छु, बढी लगानी चाहिँ सुर्खेतमा गरौं, दैलेखमा गरौं, सल्यानमा गरौं । र यहाँका चाहिँ उत्पादन रुकुमपनि राम्रो रैछ । उत्पादनलाई वृद्धी गरेर हामी माथि हिमाली जिल्लामा सप्लाई गर्न सक्छौं । त्यो भएको नाताले अलि

परिणाममुखी कृषि उत्पादनमा, पशुपालनमा चाहिँ लगानी गरौं छरिएर गर्ने कामहरू नगरौं । हैन, अलिकती माथितिर अब अर्गानिक अर्गानिक यो त फेशन नै भाछ । अलि माथिल्लो अपर कर्णालीतिर चाहिँ अर्गानिक लगानी गर्न सकिन्छ । त्यतातिर अलि हाई भ्यालु लेवलका कृषिका प्रोडक्टहरू चाहिँ उत्पादन गर्न सकिन्छ । त्यतातिर पनि सरकारले ध्यान देओस् । म अब त्योभन्दाअरू बढी भन्न चाहन्नँ ।

त्यसपछि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको छ, यो कर्णाली रोजगार कार्यक्रम अत्यन्त सोच राम्रो थियो यसको उद्देश्य राम्रो थियो । तर प्रोडक्टिभ भएको छैन । माननीय मुख्यमन्त्री यहाँ हुनुहुन्छ यो चाहिँ यो पनि वितरणमूखी र छरिएकै छ अब कसरी छर्‍यौं आफैंजान्ने कुरा भयो उहाँहरूले । तर छरिएको छ । साँच्चैको रोजगारी सिर्जना गर्नेगरी एउटा अलग्गै गरेर रोजगारको अथवा के बनाएर एउटा संरचना सानो बनाएर गर्ने हो कि ? यसलाई पनि हामी चाहिँ ५ वर्ष वितिसक्यो यस्तै यस्तै भन्दैमा खेर नफालौं । चार अरब पैसा कम होइन । चार अरब पैसाले ठुलो रोजगारी सिर्जना गर्न सक्छौं । ठुलो काम चाहिँ गर्न सक्छौं । आज इन्डिया जाने मान्छे कालापहाड जाने मान्छे कति रोक्न सक्यौं हामीले ? यति हजारको रोजगार सिर्जना गर्‍यौं भन्छौं तर मलाई लाग्छ प्रोडक्टिभ वे मा चाहिँ त्यो रोजगारी छैन । उत्पादनमूखी रोजगारी सिर्जना गर्नेगरी हामी यसमा लगानी गरौं । अब यस्तापनि अलिकति यसमा माननीय मुख्यमन्त्रीज्यूलाई म चाहिँ अनुरोध गर्न चाहन्छु । यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ ?

त्यसपछि योजना आयोगको कुराहरू पनि छन् । योजना आयोग अहिले डिस्कन्टिन्यु रहेछ । मैले आजै सोध्याथें म त छँदैहोला भन्ने ठान्याथें डिस्कन्टिन्यु रैछ । अब तपाईंहरूकै राख्ने मान्छेको नियुक्त गर्ने मान्छेका सबैका साझा सरकार भएको हुनाले ती मान्छे राख्ने हो कि ? अथवा नयाँ मान्छे ल्याउनुहुन्छ त्यो यहाँहरूको कुरा भयो तर एउटा प्लानिङ गर्ने चाहिँ निकाय चाहिँ अवरुद्ध नराखौं । त्यसलाई चाहिँ उ नराखौं । त्यसलाई चाहिँ छिटोभन्दा छिटो गरेर उनलाई अनुगमनको काम र अब आउँदो आर्थिक वर्षको प्लानिङ पनि त गर्नुपर्ने होला । त्यतातिर त्यो चाहिँ अवरुद्धै रैछ मैले आज सोध्दाखेरी । यसलाई पनि डिस्कन्टिन्यु गर्नु ठिक होइन । मेरो विचारमा यो एउटा महत्पूर्ण निकाय हो । त्यसलाई कसरी प्रयोग गर्ने ? सरकारको कुरा भयो, अन्यथा त्यो चाहिँ त्यसलाई चाहिँ प्रोडक्टिभ वे मा चाहिँ लगानी गर्न सकिन्छ ।

त्यसैगरी, लोक सेवाको कुरा छ । लोक सेवा पनि लोक सेवाको यो जुन हाम्रो निजामती ऐन हुन तसङ्घीयसंसद्ले पनि निजामती ऐन पारित नगर्‍या हुनाले हामीले गर्न

नसक्या होला । म चाहिँ आग्रह सरकारलाई के गर्न चाहन्छु भने धेरै बृत्ती विकास रोकिएको छ कर्मचारीहरूको । कर्णाली प्रदेशमा आएर कर्मचारीहरूको स्तरोन्नती, वृत्ती विकास रोकिएको छ । त्यो भएको नाताले बाजिएको अर्थमा भोलि खारेज गरौंला, तर छिटोभन्दा छिटो निजामती ऐन ल्याएर त्यसलाई पनि व्यवस्थित गर्न सकिन्छ कि ? भन्ने मलाई लाग्छ । यतातिर पनि सरकारको ध्यान जाओस् । र अलिअलि पैसा पनि मागेको सरकारले हामीलाई ध्यान दिएन भन्ने लोक सेवाको चाहिँ अलिकति उ रैछ, कम्प्लेन रैछ । किनभने त्यहाँ स्किल टेष्ट गर्ने कम्प्युटरसमेत पनि किन्न पाएनौं भन्ने उहाँहरूको गुनासो रैछ । त्यो भएको नाताले सरकारले चाहिँ अलि बजेट अब कसरी गर्ने हो त्यो सरकारले जाओस् भन्ने म चाहिँ भन्न चाहन्छु ।

त्यसैगरी आर्थिक मामिला तथा योजना मन्त्रालयको मैले बारम्वार पहिला हामी मन्त्री हुँदापनि मन्त्रीज्यूलाई म भन्ने गर्थें आर्थिक अनुशासन, वित्तीय अनुशासन कायम गर्ने मन्त्रालय त्यो हो । हैन, अरू विभागीय मन्त्रालयहरूले पठाउँदाखेरि पनि अरू बाहिर बाहिर आउँदाखेरी पनि त्यसले चाहिँ सकेसम्म कन्ट्रोल गर्ने, कन्ट्रोलको नाममा कन्ट्रोल होइन कि उत्पादनमुखी काममा साँच्चैको परिणाममूखी काममा चाहिँ लगानी गर्नको निम्ति आर्थिक योजना मन्त्रालय चाहिँ परिणाममूखी अलि प्रोडक्टिभ वे मा चाहिँ खर्च गर्न र रकमान्तर गर्नेतिर लागोस् । अब नियम विनियम आर्थिक नियम, प्रदेश आर्थिक ऐनभन्दा बाहिर गएर चाहिँ त्यस्ता पनि काम हुँदै आएका छन् भन्ने हामीले सुनेका छौं। त्यस्तो नहोस् भन्नेमा चाहिँ सुझाव दिन चाहन्छु । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री देवी ओली । यसपछि माननीय श्री मिनासिंह रखाल तयारी अवस्थामा रहनुहोला । समय ७ मिनेट ।

<u>माननीय देवी ओली</u>ः माननीय सभामुखज्यू, नवौं अधिवेशनको तेह्रौं बैठकमा सर्वप्रथम भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय हाम्रो कर्णाली प्रदेशका करिब १७ लाख नागरिकसँग सम्बन्ध राख्ने मन्त्रालय हो । हामीले अर्गानिक प्रदेश घोषणा गऱ्याछ सरकारले । त्यसको कार्यान्वयनको लागि कार्यक्रम गर्नुछ । यी कुराहरूलाई ध्यानमा राखेर आज कुरा त यहाँ उठिरहेकै छन्, विभिन्न कोणबाट । तर, कृषि र कृषकको जीवनलाई माथि उठाउने हो, सरकारले घोषणा गरेको छ प्रतिव्यक्ति आय ६ सय डलरबाट २ हजार पुऱ्याउने । त्यसका निम्ति पनि सरकारले कृषकलाई कृषि उत्पादनलाई उत्पादन, सङ्कलन र बजारीकरणलाई विशेष जोड दिनुपर्नेछ । उत्पादनमा बृद्धी गर्नका लागि साना सिँचाइ प्रदेश सरकारकै नीतिअनुसार कृषिमा साना सिँचाइहरू छन् । पक्कैपनि साना सिँचाइ २ लाखको पाइप किनेर दियो भनेपनि एउटा

जमिनमा सिँचाइ हुनसक्छ । मैले यो कुराप्रति ध्यान आकर्षित गरेँ सम्बन्धित मन्त्रालयको ।

भूमी पनि त्यो मन्त्रालयसँग जोडिन्छ । आज जिल्लामा मालपोत कार्यालयहरूले त्यहाँ सङ्कलन भएको राजश्व प्रदेशलाई दिने सरकारलाई तर आफ्नो सामान्य कार्यालय व्यवस्थापनको लागि र अहिले मालपोतबाट हुने सबै रजिष्ट्रेशनका कामहरू अनलाइनमार्फत हुने भएका कारणले उहाँहरूलाई त्यो प्रविधि जडान र मर्मत गर्नपनि हम्मे हम्मे भैरहेको गुनासो पनि आइरहेको छ । त्यसको व्यवस्थापनको निम्ति पनि हामीले सोच्नुपर्ने हुन्छहोला ।

त्यस्तैगरी, आज कृषकका निम्ति गर्नुपर्ने ठुला बजेटहरू पनि त्यहाँ छन् । हाइटेक नर्सरीहरू बनाउने कायक्रम पनि कुन अवस्थामा छन् ? सरकारलाई जानकारी नै छ । उत्पादन भएका चिजहरू चिस्यान घरमा राख्नुपर्ने सुविधा हुनुपर्ने कृषकलाई । यो कुराप्रति ध्यान जानुपर्छ । कृषकले उत्पादन गरेका चिजहरूलाई सम्बन्धित बजारसम्म ल्याउनको निम्ति अर गर्न नसकेपनि ढुवानी खर्च हामीले दियौं सरकारले दियो भने धेरै सहज हुनसक्छ । त्यसकारण ठुला बजेटका नाउँमा कृषकहरूलाई मर्का पर्ने कार्यक्रमहरू यहाँहरू गर्नुहुने छैन भन्ने कुरा तर्फमैले ध्यानाकर्षण गरेँ । यो विनियोजन बजेट सही ढङ्गले समयमा प्रतिफल निस्किने गरी यहाँहरूले कार्यान्वयन गर्नुस् भन्ने कुरा राख्न चाहन्छु ।

त्यसैगरी, उद्योग तथा पर्यटनतिरको कुरा गत वर्ष विशेष गरेर सीमान्तकृत दलित महिला आय आर्जन कार्यक्रम, महिला आय आर्जन कार्यक्रमहरू आर्थिक वर्षको अन्तिममा आफ्नो प्रगति देखाउनको निम्ति मात्रै अख्तियारी निकासा दिने र सम्बन्धित कार्यालयबाट फेरि पनि फ्रिज हुने अवस्था स्थिति, जिल्लाहरूको प्रगति कम देखिने अवस्था स्थिति नदोहोरियोस् यो कुरामा सम्बन्धित मन्त्रालयले ध्यान देओस् र अहिले पनि सम्बन्धित कार्यक्रमहरू छन् । यसलाई समयमा उद्यमीहरू निर्माण गर्नको निम्ति अथवा ती उद्देश्यमा आधारित कार्यक्रमहरू असारलाई न पर्खेर सम्पन्न गनुपर्छ भन्ने कुरा मैले राख्न चाहन्छु ।

मुख्यमन्त्री रोजगार कार्यक्रमसँग हामीले संसदीय निगरानिको सन्दर्भमा पनि यो कुरा गर्न खोजिरहेका छौं तर कार्यक्षेत्र हेर्दाखेरि को ले गर्ने भन्ने कुरा अलिकति स्पष्ट नभएका कारण हामीहरू अन्योलमा परेको अवस्था स्थिति छ । मुख्यमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रम उद्यमशीलता कार्यक्रमहरू छन् । यो कार्यक्रमलाई पनि कार्यविधि संशोधन गर्ने नाममा आर्थिक वर्षको अन्तिमसम्म

पर्खिरहने अवस्था स्थिति सिर्जना नहोस् । यी कार्यक्रमहरूलाई कार्यविधिले निश्चित लक्षित वर्गलाई छुनेगरी सहज रूपमा जान सकोस् र विशेष गरेर मुख्यमन्त्री रोजगार कार्यक्रममा निर्माण भएका कार्यक्रमका कार्यान्वयनका लागि निर्माण भएका कार्यविधिहरूको कार्यान्वयन कसरी भएको छ ? यो कुरातर्फपनि सरकारको ध्यान जाओस् । त्यतापट्टी अलिकति कार्यविधिमा भएका कुराहरू समान कामको समान ज्यालाको कुरा होस्, अथवा जुन वर्गलाई हामीले तालीम र प्रविधि दिने कुरा होस्, तालीमको समय अवधिको कुरा होस्, प्रविधि दिने कुरामा हामी १२ जनालाई सिप दिन्छौं भने ९ ओटा प्रविधि दिएर ती कसरी काम गर्न सक्छन् ? यस्ता कुराहरू पनि आएका छन् यतातर्फपनि ध्यान जाओस्

मैले योजना आयोगको कुरा गर्दाखेरि योजना आयोगले हुन त योजना बैंक बनाएको छ तरपनि त्योअनुसार सरकार र योजना आयोगको तालमेल भएर हाम्रा पञ्चवर्षीय योजनाहरूलाई एउटा प्रोजेक्ट बैंकको रूपमा अगाडि बढाउने र योजना माग गर्नको निम्ति सर्वसाधारण जनताहरूले मन्त्रीको ढोका धाउने जो स्थिति छ यो स्थितिको अन्त्य गर्नको निम्ति योजना आयोगले विशेष ध्यान दिनुपर्छ भन्ने कुरा राख्न चाहन्छु । र तल वस्तीस्तरमा भएका योजनाहरू आज जनप्रतिनिधिहरू एकातिर हुने र त्यो योजना माग गर्नको निम्ति जनतालाई मन्त्रालय धाउनु पर्ने अवस्था स्थिति छ यो चाहिँ गणतन्त्रात्मक व्यवस्थाको यो विडम्वना हो भन्न चाहन्छु ।

त्यसैगरी लोक सेवा आयोगको सेवा सुविधासँग सम्बन्धित कुराहरू केही प्रदेशसभा र लोक सेवा आयोगसँग सम्बन्धित रहेर प्रदेशसभाको गरिमालाई उँचो राख्नेगरी त्यसको व्यवस्थापन होस् । कर्मचारी अभावका कारणले कार्यान्वयन हुन नसकेका सरकारका बजेट कार्यक्रमहरू भन्ने हामीले यो वर्ष सुन्न नपरोस् भन्ने कुरा राख्दै आफ्नो भनाइ अन्त्य गर्छु । अभिवादन, धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री मिनासिंह रखाल । यसपछि माननीय श्री राजु नेपाली तयार अवस्थामा रहनुहोला ।

<u>माननीय मिनासिंह रखाल</u>ः सभामुख महोदय, आज हामी कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ माथि छलफल गरिरहेका छौं । र हाम्रो विडम्वना भन्नुपर्छ हामीले यो विनियोजन विधेयकलाई छलफल गर्दा हामीले सुरुमै गर्न पाउनु पर्‍यो । र हाम्रो कर्णाली प्रदेशको व्यवस्था अथवा हाम्रो कर्णाली प्रदेशमा सरकारले गरेका काम कारबाहीका कुराहरू गर्नुपर्दा हाम्रो उद्देश्य एकातिर छ हामी अर्को बाटोतिर हिँडिरहेको जस्तो मलाई लाग्छ । र सदन चलिरहेकै अवस्थामा पनि कर्णाली प्रदेशको सरकारको

उद्देश्य केही सांसदहरूको अथवा केही प्रतिपक्ष दलकोलाई बाई पास गरेर अगाडि जानु थियो त्यसैले सदन चलिरहेको अवस्थामा पनि एकाएक रातारात चाहिँ सदनलाई स्थगित गरेर अध्यादेशमार्फत् जो विनियोजन विधेयकहरू ल्याएर आयो आज हामी ६ महिनापछि यसमाथी छलफल गर्दैछौं ।

संविधानको धारा २१० मा पेश्की खर्च विनियोजन विधेयक विचाराधित रहेको अवस्थामा आर्थिक वर्षको लागी पेश्की रूपमा खर्च गर्न सकिने छ भनेर भने तापनि तर सदन नचलिरहेको अवस्थामा चाहिँ ल्याउनु पर्ने पेश्की विधेयकलाई न ल्याएर सदनलाई एकाएक बन्द गरेर जुन उद्देश्यले चाहिँ यो सरकारले जनताको मर्मलाई होइन आफू र आप्नालाई हेरेर जो विधेयक लिएर आयो र आज त्यही विधेयकमाथी हामीले आफ्ना धारणाहरू राख्न लागिराखेका छौं ।

सभामुख महोदय, आज कर्णाली प्रदेशमा यो गठबन्धनको सरकार टाउका अगाडि फर्किएको भए सायद यसले एउटा उद्देश्य पूरा गर्‍यो होला । तर पिठ्युँहरू जोडेर विचार फरक परेका गठबन्धनले गर्दाखेरी कर्णाली प्रदेशमा आज विभिन्न आन्दोलनको नाममा अशान्ति मच्चाईरहेको छ । यहाँका प्रहरी प्रशासनले मान्छे मारिरहेको अवस्था छ। हाम्रा मान्छेहरूलाई मारियो भनेर आन्दोलन गर्दाखेरी बच्चा र केही ब्यक्तिहरूलाई होटलभित्रै गएर पिटेर आज घाईते भएर काठमाण्डुको न्यूरो हस्पिटलमा चाहिँ उपचार गरिरहेको अवस्था छ । यसरी यहाँको प्रशासन र यहाँका आन्दोलन जो पिडक हुन् जो पिडित छन् उसले आफ्ना विचारराख्न राख्दा ढुंगामुढा गर्नुपर्ने, प्रहरीले लाठी बर्साउनु पर्ने यस्तो किसिमको यो प्रशासनले आज कर्णाली प्रदेश एकदमै आन्दोलनको रणभूमी बनेको छ ।

आज हामी यसमा छलफल गरिरहँदाखेरी पनि र यी कृषिका कुराहरू गर्दा, वन उद्योग पर्यटन मन्त्रालयका कुरा गर्दाखेरी योजना आयोगका कुरा गर्दा आज यो कुनै पनि बजेटहरूले जनतालाई सम्बोधन गरेको छैन । यी बजेटहरू वितरणमूखी छन् । र यी चाहिँ हाम्रो विनियोजन विधेयकमा छलफल गर्नुभन्दा अगाडि नै आफूखुसी र आफू र आफ्नोलाई सम्बोधन गर्ने गरेर ल्याएका बजेटले आज जिल्ला जिल्लामा चाहिँ मान्छेलाई भ्रमित पारेको छ । र त्यहाँका समुदायहरूलाई चाहिँ आवाज उठाउन बाध्य बनाएको छ यो वितरणमूखी बजेटले । कृषिकै कुरा गर्ने हो भने हामीले केही समय अगाडि यो कर्णाली प्रदेशलाई अर्गानिक प्रदेश बनाउनुपर्छ र ठुलाठुला उद्योगहरू, हाइटेक नर्सरी जस्ता कुराहरू ल्याउनुपर्छ र मल यहीं उत्पादन गर्नुपर्छ भनेर हामीले भाषण गर्‍यौं । र हाम्रो निवर्तमान सरकारले पनि ५० लाखभन्दा तल चाहिँ हामीले बजेट विनियोजन

गर्नु हुँदैन भन्ने कुरा पनि बोलेका अवस्था थियो । तर अहिले बजेट कस्तो गएको छ भने एउटा सानो कुवामा एउटा सानो धारामा वितरणमूखी भएको बजेटले कर्णाली प्रदेशका जनतालाई सम्बोधन गर्न सक्दैन ।

त्यसैगरी, हामीले युवालाई रोजगारी दिने भनेका छौं, हामीले उत्पादनमा जोड्ने भनेका छौं, हामीले ब्यवसायीकरण गर्ने भनेका छौं, हामीले हरेक नारा चाहिँ राम्रा लगाएका छौं तर, काम चाहिँ हामीले आफ्नो घर र आफ्नो परिवार, आफ्नो मान्छे, आफ्नो कार्यकर्तालाई सम्बोधन हुने गरेर वितरण गरेका छौं । र यसले गर्दापनि कर्णालीवासी जनताहरू सुखी छैनन् । अनि वन पर्यटनको कुरा गर्दाखेरी त्यो उद्योगमा जोडिने एउटा मन्त्रालय हो । त्यसले उद्योगलाई जोड्छ, त्यसले वनलाई जोड्छ । र वनमा केही युवाहरूले त्यहाँ रोजगारी पाइरहेको अवस्था थियो । त्यसलाई ती युवाहरूलाई रोजगारीको लागि २ करोड २५ लाख रुपैंया छुट्याइन्थ्यो र उनीहरूले सामाजिक काम गर्थे, र वनको सुरक्षा गर्थे, वनमा आगो निभाउने काम गर्थे, वनका उपभोक्ता समितिहरूको डाटा सङ्कलन गर्थे र ल्याएर आफ्नो कार्यालयमा बुझाउँथे । तर, त्यो सरकारको पालामा यो चाहिँ फजुल हो भन्ने हिसाबले चाहिँ ती आज १० ओटै जिल्लामा काम गरिरहेका ती सामाजिक परिचालकको नाममा अथवा कार्यालय सहयोगीको नाममा त्यहाँ काम गरेकाहरू आज बेरोजगारी भएर बसेका छन् । हाम्रो कर्णालीको उद्देश्य त्योहो त ? रोजगारी पाएकालाई बेरोजगारी बनाउने हो कि ? रोजगारी नपाएकालाई रोजगारी बनाउने हो ? र यसले गर्दाखेरी पनि धेरै युवाहरू अहिले बेरोजगारी देखिएका छन् ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको, मुख्यमन्त्री रोजगारको कार्यक्रम जो जिल्ला जिल्लामा गयो ०७६/०७७ मा त हामीले सांसदको अध्यक्षतामा अनि पालिकाको अध्यक्ष र उपाध्यक्ष राखेर योजनाहरू छनौट गर्‍यौं । पालिकाले ७ ओटा अनि सांसदबीचको ३ ओटा र यहाँचाहिँ मन्त्रालयले फेरि ३ ओटा बजेट छानेर यसरी मुख्यमन्त्री रोजगारमा चाहिँ विषयगत रोजगारका श्रमजीवि वर्गलाई वितरण गर्ने गरेको थियो । तर, यसपालिको मुख्यमन्त्रीको रोजगारमा कस्तो गरिएछ भनेपछि अनलाइनबाट फारम भर्ने, सरकारी समुहले भर्ने र आफ्ना मान्छेहरूले भरेको छनौट गरेर त्यसरी त्यहाँ वितरण गरियो र अहिले ती पालिका स्थानीय तहपनि विमुख भएर र यहींबाट दिएको छनौट बाध्य भएर अर्काले दिएको कार्यक्रममा चाहिँ सहभागी भएको देखिन्छ । र यसरी त्यो योजनामा पनि यहाँको सरकारले चाहिँ आफू र आफ्नालाई हेरेकै देखिन्छ । आफू र आफ्नालाई नहेर्ने भएको भए जनताको मर्म बुझेको भए आज गैह्र सांसदहरू

मन्त्री हुन्थेन होला । जनताबाट निर्वाचित भएर आएका सांसदहरू हेरेको हे¥यै छन्, गैह्र सांसदबाट मन्त्री भएर यहाँ चाहिँ झण्डा हल्लाईएको छ । र जनताले के आशा गर्ने जसलाई भोट हालेर दिएर पठाएको छ उत्तरदायित्व त त्यो व्यक्ति होला नि ? आज जनताले के आशा गर्ने ? कसलाई भन्न जाने ? त्यसैले यो कर्णाली प्रदेशको सरकारबाट यहाँको जनताले कुनै पनि आशा गर्ने ठाउँ छैन ।

यति भन्दै गर्दापनि आज गएका टुक्रे बजेटहरू प्रतिपक्ष दलले आवाज उठायो यो चाहिँ भएन कि भनेर र यसलाई सम्बोधन गरेर अहिलेको सरकारले जुन विचार लिएर आएको छ अब यसलाई कार्यान्वयनमा मात्रै हामीले हेर्न बाँकी छ । जसलाई कार्यान्वयन गरियोस्प्रतिपक्षलाई राखेर योजना छनौट गरियोस् त्यसपछि मात्रै हामीले यो सरकारले गरेको कामलाई चाहिँ धन्यवाद दिन पर्ने हुन्छ ।

सभामुख महोदय, हामीले चार चार वर्ष बिताइसक्यौं अब केही महिना मात्रै बाँकी छ । केही महिना मात्रै बाँकी छ । र हामीले यो कर्णाली प्रदेशलाई के काम ग¥यौं त ? यो सरकारले ५ ओटा मात्रै उदाहरण र यसले कामहरू चाहिँ हामीलाई देखाईदेओस् । हामी त्यही लिएर हाम्रो जिल्ला जिल्लामा जानेछौं । योजना आयोगको कुरा गर्दाखेरी अब जनप्रतिनिधि जो चाहिँ जनताबाट चुनिएर आएका सांसदहरूलाई थाहै छैन योजना आयोगले आफैंले योजना बनाउँछ, अनि कसरी बनाउँछ ? काँ काँ बनाउँछ ? ती अहिलेका मलाई लाग्छ कुनै पनि माननीयलाई थाहै छैन। रातो किताव जो अध्यादेशबाट ल्याएको किताव जसलाई अहिले मात्रै हेर्न पाईएको छ भने हामीले के बोल्ने ? हामीले के भन्ने त्यसमा ? त्यसैले सभामुख महोदय यो कर्णालीवासीको सम्बोधन हुने गरेर, कर्णालीवासीलाई समृद्धी गराउने गरेर, कर्णालीवासीलाई सुखी हुने गरेर अवको सरकारले समन्वय र सहकार्यबाट अगाडि बढ्नेछ भन्ने आशा गरेको छु । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री राजु नेपाली । समय ७ मिनेट । त्यसपछि माननीय श्री खडकबहादुर खत्री तयारी अवस्थामा रहनुहोला ।

<u>माननीय राजु नेपालीः</u> माननीय सभामुख महोदय, नवौं अधिवेशनको तेह्रौं बैठकमा अध्यादेश विनियोजन विधेयकमाथी छलफल गर्नको लागि उपस्थित भएको छु । हुनतः ६ महिना पहिलेपनि छलफलमा भाग लिन पाएको भए सायद अहिले यो त्यति हामीलाई बोल्न पर्ने थिएन होला । यो सरकार कै नियती होला । त्यति साह्रै प्रतिपक्ष दलले, प्रमुख प्रतिपक्ष दलले त्यति सहजै रूपले आउन मिल्छ बजेटभन्दाभन्दै पनि नियतै हराम भएपछि के लाग्ने रहेछ त ? चोरी बाटो भए पनि ल्याएर पास गरेर काम सञ्चालन गरेको छ । हामीले कहिँ कतै भाग लिन पाएका थिएनौं । कसरी भन्ने होला ? यो

कर्णाली प्रदेशका जनताका लागि यो सरकार उत्तरदायी छ ? यसले सम्पूर्ण यो प्रदेशलाई प्रदेशको भविश्य सुनौलो गर्छ भन्ने लाग्दैन सभामुख महोदय । हामीले चार तीन वर्ष अघि देखिका अहिले चार वर्षमा हिँड्दै छौँ हामी अब सायद मंसिरसम्म हाम्रो अवधि छ होला । त्यतिखेर हामीलेभन्दा ठुला-ठुला सपना देखायौँ । कर्णालीमा कुनै चिजको कमी छैन । कर्णाली यस्तो प्रदेश हो, हर चिज जडीबुटीदेखी लिएर नदिनालासम्म भएको प्रदेश हो भनेर हामीले बोलेका थियौँ । भएर मात्रै त हुँदो रहेनछ। तिनी भएका जडीबुटीलाई प्रशोधन गर्ने, ती नदिनालालाई कहाँनिर प्रयाग गर्ने, बत्ती निकाल्ने, यस्ता सानातिना हाइड्रोपावर निकाल्ने भन्ने योजना त सरकारले ल्याउँदै ल्याएन । तर, बोल्ने मात्रै कार्यान्वयन नगर्ने । कार्यान्वयन नगरेपछि हामीले अहिले यो प्रदेशमा हेर्ने लायकको र कसैलाई सुनाउने लायकको हामीले यो गरेका छौँ भन्ने गर्व गर्ने ठाउँ कहीँ छैन ।

सभामुख महोदय,

हिजो घोषणा पत्रमा लेख्दा सुर्खेतदेखी जुम्ला त चाहियाथेन त केवुलकार ? सायद मलाई लाग्छ त्यो सपना न देखाए हुन्थ्यो जनतालाई । आज सायद बन्दैहोला त्यो केवुलकार पनि । जहाँ जनताहरू आज हिँड्न नपाएर आज सडकमा हिँड्न नपाएर सारा बालबालिकाको त्यो बाटोमा हिँड्दा कहाँनिर कतिवेला घटना हुन्छ दुर्घटना हुन्छ भनेर जलत्रास भएका छन् बाउ आमाहरू । देखिने काम मैले त भनेकै थिएँ सुरुमै बोल्दा ३-४ ओटा चाहिँ आकाशे पुल गराइदेओस् सरकार राजधानि भएकै कारणले ती देखिन्छ । आज त्यो विद्यार्थीहरू स्कुल जान सक्ने अवस्था छैन । जनसंख्या ह्वात्तै बढेको छ । ती बच्चालाई आमा बाउले पनि क्रस गर्न सकेका छैनन् । तर, त्यतातिर ध्यान गएन सरकारको । हामीले कार्यक्रम ल्याउने, विधेयक पास गर्ने ठुलो कुरो होइन भनेर पनि बोलेका थियौँ । तर कार्यविधि किन त्यस्तो हुन्छ ? ती निमुखा, ती गरिब, ती सर्वहारा वर्गलाई त त्यो कार्यविधिले त यतिसम्म रुवाएन कि ? त्यस्तो पनि कार्यविधि बनाइन्छ त सरकारले ? र त्यो नबनाएर कार्यविधि सच्याउनुस् भनेर हामीले धेरैपटक सरकारलाई भनेका थियौँ । तर, जति पटक पठाए पनि त्यो कार्यविधि जस्ताको तस्तै आउँछ । संविधानले नदिएको कुरो सरकारको कार्यविधिमा आएको छ ।

सभामुख महोदय, समन्वय प्रमुख समन्वयकै भूमिका खेल्ने हो । योजना अनुगमन गर्ने हो । यो सबै गर्ने काम समन्वय प्रमुखको हो । तर, अहिले यो कार्यविधिमा यो मुख्यमन्त्री आयआर्जन कार्यक्रमको कार्यविधि हेर्दा माननीयहरूलाई वेवास्ता गरेर, माननीयहरूलाई पछाडि पारेर समन्वयलाई पूरै समन्वयलाई भूमिका दिएको छ सभामुख

महोदय । कति ठाउँमा कार्यान्वयन गर्न अप्ठ्यारो छ, साह्रोगाह्रो छ । यसलाई यसरी पनि कुन चाहिँ दलित, कुन चाहिँ महिला, कुन चाहिँ जनजाति कस्तो यो हो ? यो देशमा परिवर्तन हुन्छ भन्ने यो कार्यविधिले जम्मै ठुलाठालिलाई मात्रै समेटेको छ । हुने खानेका लागि छ । हुनेखानेका लागि मात्रै कार्यविधि छ नहुने खान नपाउनेका लागि यो कार्यविधिले छोएको छैन । अँझैपनि सकिन्छ भने सम्माननीय सभामुखमार्फत् सरकारलाई भन्न चाहन्छु सजिलै र सहज कसरी हुन्छ त्यो कार्यविधि सच्याइयोस् । अनि मात्र केही मात्र तिनि निमुखा दलित गरिबले अलिकति राहत पाउने छन् भन्ने कुरा राख्दै मेरो भनाइ अन्त्य गर्छु । हवस्त धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री खडकबहादुर खत्री । समय ७ मिनेट । त्यसपछि माननीय श्री ठम्मरबहादुर विष्ट तयारी अवस्थामा रहनुहोला ।

<u>माननीय श्री खडकबहादुर खत्री</u>ः सभामुख महोदय, विनियोजित विधेयक प्रदेश विनियोजित विधेयक २०७८ प्रतिस्थापन विधेयकका रूपमा आएको छ । यो विधेयक ८ महिना अगाडि गर्नुपर्ने छलफल गर्नुपर्ने ठाउँमा आज ८ महिना पछि आएर छलफल हुँदैछ । त्यो इतिहास यो गठजोडको सरकार अथवा गठबन्धनको सरकार, गठबन्धन पार्टी, जे नाम राख्दापनि हुन्छ । त्यसको उद्देश्य के रैछ सांसद जनताबाट, सार्वभौम सत्ताबाट निर्वाचित माननीयहरू जनताबाट चुनिएका जनप्रतिनिधिहरूबाटभन्दापनि मिलेमतो गरेर चुनावबाट नआएका त्यसको एउटा सुरुवात गरेको छ त्यो बाटो पकडेको छ यो इतिहास साछी छ ।

मन्त्री अहिले जनताबाट जनप्रतिनिधिबाट नआएको गैह्र सांसद आज मन्त्री बनेको अवस्था प्रमाणित छ । त्यसैले यो बजेट एमालेका जनप्रतिनिधिहरू, माननीयहरू एमालेका प्रदेशसभाका सदस्यहरूलाई सहभागी नगराएर, गठबन्धनको समुह मिलेर, संसदीय दलको नेतालाई भोलि ८ बजे छलफल गर्छौं भनेर, झुक्याएर रातारात आएको बजेट हो । त्यसैले यो बजेटले जनतालाई छोएको छैन । यो बजेट हाम्रो कर, हाम्रो पसिना कर्णाली प्रदेशले बनाएको बजेट पनि होइन । यो जनताको नेपाली जनताको खुन पसिनाबाट कर भएको, सङ्घीय सरकारमा पुगेर सामान्य कारण समपूरक विशेष सामाजिक विभिन्न शीर्षकमा आएको बजेट आज हामी भटाभट वितरण गर्दैछौं । हिजो कुनैबेला सरकारमा म पनि सहभागी थिएँ त्यतिखेर नयाँ नयाँ शीर्षक, नयाँ नयाँ उत्साह, नयाँ नयाँ शीर्षक मिलाउँदै नयाँ नयाँ कामका थालनी भए । अर्गानिक प्रदेश, गरिहाल्ला ट्रेनिङ मार्क, यस्ता यस्ता चाहिँ हिजोका शीर्षक बनाउँदै पैसालाई दुरूपयोग गर्ने र

कागज मिलाउने कुरा मिलाउने । कुरा मिलाउने कागज मिलाएर त्यसलाई अडिट गराएर पैसालाई दुरूपयोग गर्ने काम भयो ।

त्यसैले मलाई लाग्छ यो हामीले आर्जेको, कर्णाली प्रदेशले कुनै कर तिरेको, करबाट उठेको पैसा पनि होइन । मलाई लाग्छ अर्काले दिएको पैसा हामीले अर्कालाई सुम्पिराछौं । नेपाली जनताको पैसा हो प्रत्येकको खुन पसिना, यातायात, कपडा विभिन्न क्षेत्रबाट उठेको करबाट आएको पैसा आज दुरूपयोग भएको छ । त्यसैले यो सरकार, यो गठबन्धन सरकार, यो गठबन्धन पार्टीको सरकार एमालेको जनप्रतिनिधिलाई सहभागी नगराएर आज अरूपनि सांसदलाई सहभागी नगराएर मन्त्रीमुखी बजेट आएको छ । त्यसैले यो बजेट हिजोदेखीको सुरु गऱ्यो प्रतिपक्ष दलको अहिले मुख्यमन्त्री बन्नुभाछ हिजो यहीं रोष्ट्रमबाट धेरै राम्रा कुराहरू जनताका पक्षमा, रोग भोक हाम्रो शत्रु हो र सुर्खेतको राजधानि वीरेन्द्रनगरमा विकास हुनुपर्छ यहाँका बाटाघाटा हुनुपर्छ यहाँ मुख्यमन्त्री लगायत मन्त्रालयहरू तयार हुनुपर्छ भनेर भन्ने उद्घोष गर्ने यहीं मञ्चबाट आज मुख्यमन्त्री यो प्रदेशको नेतृत्व गर्नुभएको छ । मलाई आशा छ हिजो भएका दुरूपयोग हुने खालका बजेट, हिजो भएका छरिएका बजेटहरू, हिजो बनाइएका विभिन्न शीर्षकमा शीर्षक मिलाएर खाने बजेटहरू जुन किसिमले एउटा सदनलाई छलेर ल्याइएको बजेट छ र त्यो बजेट कर्णाली प्रदेशमा सुरुवातदेखी यो कार्यविधिका नाममा कार्यविधि भनेको त सदनबाट ऐन नियम बनाइसकेपछि, नियमावली बनाइसकेपछि अप्ठ्यारो घडीमा कुनै संकट परेका कुराहरू फुकाउनका निम्तिबनाइएको कार्यविधि हो जस्तो मलाई लाग्छ ।

नेपाल सरकारका फोटोकपी अथवा तिनै चाहिँ विधेयकहरू चाहिँ ल्याएर गरिएका चिजहरू आज कार्यविधिका नाममा मन्त्री र सचिव तजविजी हिसाबले, हुकुमी शैलीले जुन बनाउने काम गरिएको छ त्यो आफूअनुकूल, स्वार्थका निम्ति, लाभ प्राप्त गर्नका निम्ति मलाई लाग्छ यो भोटका निम्ति पनि छैन। म यहीं मञ्चबाट भन्न चाहन्छु जनतालाई भोटका लागि छैन पहिलो त आर्थिकको लोभका लागि मान्छे पहिलो चाहिँ बन्न लागिरहेको अवस्था छ । त्यसैले यो कार्यविधि जहाँपनि कार्यविधि कार्यविधि सदनबाट पास हुन्छ, सदनमा छलफल हुन्छ त्यसपछि ऐन बनेको छ, त्यसपछि नियमावली बन्छ । अप्ठ्यारो घडीमा मात्रै कार्यविधि प्रयोग गर्ने हो । सबै चिजमा कार्यविधि रटान गरेर माननीय सांसदलाई जनतालाई त छोडौं सांसदसहितलाई पनि गुमराहमा राख्ने काम भाछ । त्यहाँ मैले एउटा अनुभव मैले गरेको छु । यो मन्त्री सहभागी हुँदा अलि ५०० हो कि हजारभन्दा बढी भत्ता पाउँदो रैछ । एउटै दिनमा

पनि १० ओटा मिटिङ। पूर्व आर्थिक मामिला मन्त्रीले १० ओटा मिटिङ गरेको अहिले मलाई लाग्छ रेकर्ड छ। पच्चिस सय तीन हजार कार्यविधि बनाउँदा आउने, आफूअनुकूल पनि बनाउन मिल्ने, आफूले जे गर्दा पनि त्यस्तो किसिमको हुने भो ।

त्यसैले, यो मुख्यमन्त्री रोजगारको कुरा छ। यो न्यायाधिवक्ताको कार्यालय आफूले त्यस्ता खालका गलत किसिमका विधेयक, गलत किसिमका कार्यविधि बनाउने त्यसैमा अदालत गएर लडेर रोजगारीमूलक एउटा संस्था खडा गरेजस्तो मैलै महसुस गरेको छु। त्यसैले के हो तभन्दा यो जनताले हुनुपर्ने, जनताले पाउनुपर्ने जुन जनतासँग यहीं कर्णाली प्रदेशमा जान्छ सभा माननीयहरूलाई सहभागी बनाउने एउटा पाटो छ, जनतालाई निष्पक्ष ढङ्गले बाँडियो भने कर्णाली प्रदेशमै बजेट जान्छ । र पहिलो कुरा चालु बजेटमै पैसा दुरूपयोग हुन्छ आधा पैसा पनि चाहिँ विकास बजेटमा जाँदैन ।

त्यसैले हिजोका कृषिका, कृषि सडक, कृषि सिँचाइ कहाँ गए आज तिनी ? जहाँकी प्राविधिक थिएन बाटामा हिँड्ने प्राविधिकलाई टिपेर ल्याएर कन्सलटेन्टका रूपमा जवकी त्यो बाटोको नाम निशाना त्यसलाई थाहा छैन । त्यो बाटामा हिँड्ने मान्छेलाई ६ महिने परामर्शदाताको रूपमा ल्याइसकेपछि बाटा नाप्ने त्यसपछि खनेका बाटामा अर्काले काहीं जिविसले खनेको, हिजो सङ्घीय सरकारले खनेको, गाउँपालिकाले खनेको, वडा कार्यालयले खनेको, कुनै एनजिओ/आइएनजिओले खनेका बाटा गर्दै आज त्यस्ता बाटामा गरेर अख्तियारसहितलाई अख्तियारको प्रमुख अख्तियारसहितलाई हातमा लिएर राराको कुरा भन्नुस्, चाहे सडकका कुरा भन्नुस्, धेरै अख्तियारमा हजारौं उजुरी पऱ्यो ।

त्यसका निम्ति पनि सरकारको प्रमुखदेखी लगाएर मन्त्रीसहितको साँठगाँठ हुँदै यहाँको चाहिँ दुरूपयोग हुने गऱ्यो । यो कार्यविधिका नाममा यो म मुख्यमन्त्रीलाई आग्रह गर्न चाहन्छु यो कार्यविधि अब रोक्न सकिएन भने झन यो पैसा दुरूपयोग हुँदा आज ३३ अरब, २८ अरब हामी प्रत्येक वर्ष चाहिँ बजेट विनियोजन गर्छौं यी बजेटले म सबै समग्र ढङ्गले भन्न चाहन्छु आर्थिक मामिला योजना मन्त्री पनि अलि विवेकशील हुनुहुन्छ मलाई लाग्छ यो रकमान्तरका कुराहरू आवश्यकता कहाँ रकमान्तरमा पैसा पुगेन ? कुन योजना हामीले छुट्यायौं ? कहाँ अप्ठ्यारो पऱ्यो? त्यस्तो ठाउँमा रकमान्तर गर्ने हो। बजेट नै छुट्टै फेरि योजना बनाएर, सदनलाई छलेर, कुनै कार्य नियम ऐनलाई छलेर त्यस्तो किसिमले गरियो भने त्यसले बेठिक गराउँछ । जस्तै कुनै योजना हामी सुरु गर्छौं त्यो योजना सम्पन्न हुन सकेन कुनै घर चाहिँ बन्यो त्यो ढलाई हुन सकेन यस्तो किसिमको चाहिँ अवस्था छ ।

अव वन पर्यटनका कुरा गर्नुहुन्छ भने कालिकोट विशेष गरी कालिकोटमा एउटा ठुलो ढुंगो देख्न नहुने, महिलाको पेट दुख्यो भने चाहिँ हेलिकप्टर उड्ने, त्यो हेलिकप्टर यहाँ लगाममा, त्यो हेलिकप्टर आज चिङ्गाडमा, त्यो हेलिकप्टर यहाँ सिम्तामा, त्यो हेलिकप्टर मुगु अरू ठाउँमा जान सक्दैन ? त्यो जुम्ला जान सक्दैन ? यस्तो स्थिति सिर्जना भयो । त्यसैले म के आग्रह गर्न चाहन्छु तभन्दा हामीकहाँ धेरै विकृति विसंगति धेरै छ हामी नियमभन्दा विपरीत छौं, सदनलाई छलेका छौं, माननीयहरूलाई छलेका छौं, जनतालाई छलेका छौं । काममा पनि छलेका छौं मलाई लाग्छ काममा छैन हामी जम्मै काममा होइन । काम कागज ओरिन्टेड, प्रयोगात्मक होइन, फिल्डमा होइन । म आग्रह गर्न चाहन्छु मुख्यमन्त्रीलाई म अनुरोध गर्न चाहन्छु । अहिले पुलमा हालेका योजना आज ४ वर्ष भैसके ठेक्का लागेका योजनाहरू कर्मचारीहरूलाई पटक-पटकभन्दा, हामीले चाहिँ डिइहरूलाईभन्दा, कार्यालय प्रमुखलाईभन्दा उहाँहरू गर्नुहुन्न । आर्थिक ऐनमा २८ दिनसम्म काम गर्न साईडमा भएन भने त्यसलाई कानून लाग्छ । उहाँहरू के हो तभन्दा कसैको आडमा, सरकारको आडमा यस्तो किसिमले चाहिँ विकृति भाछ । अँझैपनि हाम्रो राष्ट्रको, जनताको खुन पसिना हो यसलाई सुरक्षा दिने ठाउँमा विवेकशील मुख्यमन्त्री हुनुहुन्छ, विवेकशील आर्थिक मामिला मन्त्रीज्यू हुनुहुन्छ मलाई लाग्छ यसलाई एउटा आर्थिक मितव्ययिताको अभिन्न अङ्गका रूपमा रहेको आर्थिक मामिला योजना मन्त्रालय र त्यसलाई सबै मन्त्रालय हेन्डील गर्ने मुख्यमन्त्री हुनुहुन्छ यसलाई सही बाटो सही दिशा लैजाने पैसालाई दुरूपयोग हुन नदिने मलाई लाग्छ फ्रिज भए पनि हाम्रै ढुकुटीमा रहन्छ कहिँ बगेर जाँदैन बरु फ्रिज होस् असारको महिना अथवा जेठको महिना काम नभएका ठाउँमा परिणात्मक तरिकाले हामीले सम्बन्धित ठाउँमा जान सक्यौं भने हुन्छ ।

म त्यस्तै अर्को आग्रह गर्न चाहन्छु यो कार्केविहारमा मुद्दा परिराछ । वन पर्यटन मन्त्रालयबाट चाहिँ डेफोले चाहिँ नाप गर्न सक्छ ? अहिलेसम्म चाहिँ दुई वर्ष तीन वर्ष भैसक्यो म मुख्यमन्त्रीलाई आग्रह गर्न चाहन्छु । प्रतिपक्ष दलको नेता हुँदा आज राजधानिमा बाटो चिल्ला हुनुपर्छ । यो क्षेत्रमा बजेट बढी हाल्नुपर्छ भन्ने मुख्यमन्त्री पहिले प्रतिपक्ष दलको नेता हुँदापनि त्यतिखेर चाहिँ यहीं रोष्ट्रमबाट आह्वान गर्ने अहिले मुख्यमन्त्री हुनुहुन्छ । यो क्षेत्रमा बाटाघाटा छैन, यो क्षेत्रमा खानेपानीको समस्या छ आज राजधानिमा जव मुख्यमन्त्री जब आईसकेपछि आज यो यहीं मञ्चबाट फेरि ती प्रतिबद्धताहरू हिजोका प्रतिबद्धता जाउन् भन्ने म आग्रह गर्दै मेरा भनाइ म यहीं अन्त्य गर्छु । हवस्त धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री ठम्मरबहादुर विष्ट । समय ७ मिनेट ।

**माननीय ठम्मरबहादुर विष्ट** माननीय सभामुखज्यू, हामी झण्डै एउटा यसको ८-१० महिनापछि विनियाजन विधेयक उपर हामी छलफल गरिरहेका छौं । अब यसको पृष्ठभूमी विभिन्न ढङ्गले हामी सबै सरकारको या माननीयज्यूहरूको हामीले छलफल गर्ने वैधानिक बाटोबाटै हामीले यहाँ बजेट अगाडि बढाउने या छलफल गर्दा त्यसले एउटा धरातल अथवा एउटा ठोस् आकार ग्रहण गर्थ्यो होला । अब यद्यपी अब विभिन्न जोडकोडको विभिन्न अब इगोको लडाई भन्नुस् अथवा एउटा खालको चाहिँ जवरजस्त यस्तो ठाउँमा पुग्यो कि अब हामी छलफल गर्ने स्थितिमा भएन । त्यसले गर्दा अब आज आठ महिनापछि अब यो अघि यहाँ लगनपछिको पोते भन्ने पनि भो । मलाई के लाग्छ भने यो कहिले मरिन् सासु अहिले आए आँशु भन्ने छ नि र तपाईंको कहिले चाहिँ बनाएको मन्त्री जीहरूलाई पनि थाहा छ फेरि यो बनाएको पनि अरूले हो कविले कविता लेख्ने अरू कथाकारले ब्याख्या गर्ने जस्तो हुने खतरा छ । उहाँहरूलाई पनि थाहा छ यो ।

त्यसले गर्दाखेरी अब यो एउटा विडम्वनापूर्वक फेरि पनि हामी यो चाहिँ जनताको सम्मानित सदनको कठघराबाट फेरि केही बोल्नैपर्ने एउटा इतिहासको जिम्मेदारी भा हुनाले हामीले बोल्नु पनि पर्ने स्थिति छ । अब जहाँसम्म मन्त्रालयगत कुराहरू अब ८-१० महिनापछि बोल्ने भैसकेपछि कुरा पनि होलसेलमै आउने भए, जवाफ पनि होलसेलमै आउने भए । अब यो कुनै चाहिँ टु दी पोइन्ट कुरा हुने पनि होइन अब यो यसलाई अलिकति करेक्शन गरेर हामीले केही गर्न सकिन्छ कि भनेर आशा राख्ने कुरा तै पनि मर्नेवेलासम्म यसो त्यान्द्रोको आशा गर्ने कुरा छँदैछ । अब विशेषगरी अलिकति अब यसो हुँदा के भो भने अब अहिले पनि मैले जस्तो निवेदन गर्न चाहन्छु । केही चाहिँ जस्तो हामीले डे वान देखि एउटा लफडा हाम्रो चाहिँ के भो भने तँर्पाइको यो करिब करिब चाहिँ यो हाम्रो यहाँको डिस्नेरिमा प्रयोग भैसक्यो । यो असन्तुलित बजेट, त्यसपछि तपाईंको दोहोरिएको बजेट, त्यसपछि चाहिँ यो नातावाद कृपावाद, त्यसपछि मन्त्रीमुखी यो त्यो यो अनेक खालको । हाम्रो आन्दोलन पनि भो फेरि । र मलाई के चाहिँ एउटा उ छ भने यो ०७७/०७८ को बजेटमा एउटा अहिले एउटा संयोग के परेछ भने जतिपनि अहिले मन्त्री जीहरू हुनुहुन्छ आन्दोलनमै थियौं हामी । त्यो एउटा मेग्नाकाटम नै भयो । र हामीले सबै चाहिँ करिब करिब तपाईं चाहिँ १० ओटा चाहिँ तपाईंको जनता सडक पैसा त २८-३० अरब हो । अहिले चाहिँ तपाईंको यो ग्याष्टिक लाएर पखाला के रे चाहिँ त्यो अल्सरले घिउ खाएजस्तो कहीं देखिदैन ।

त्यसवेला २८ सै अरब भए पनि जनता सडक गाछ्, अर्को सडक गाछ्‌ ५ करोड पनि गाछ्‌ हुने हो कि त गाँठ भन्नेपनि खालको थियो । अब अहिले तपाईंको छाम्दा केहीपनि चाहिँ तपाईंको खसिको चाहिँ आन्द्रा छाम्या जस्तो । त्यसले गर्दाखेरी यस किसिमबाट यो दुर्दशा छँदैछ । अब दोस्रो कुरा के हो भने मैले जस्तो यो मलाई लागेको के छ भने जस्तो संयोगवश यहाँ के छ भने हाम्रो सामाजिक मन्त्री जी दोहोरिएर आउनुभाछ । उहाँलाई बधाई पनि दिन चाहन्छु । किन कि यो भनेको एउटा चाहिँ यो अब त्यो खालको इतिहासमा एउटा चाहिँ दोहोरो नाम दर्ज गर्नपनि उहाँ सफल हुनुभाछ । अँझै तेहेरो पनि दर्ज गर्नुस् । मेरो शुभकामना छ । तर एउटा के भो भने त्यो मन्त्रालयको कुरा गर्दै गर्दा तपाईंको जतिपनि चाहिँ तपाईंको मेरो क्षेत्रमा कार्यक्रमहरू गए मन्त्रालय या चाहिँ खेलकुदसँग उहाँसँग मैले ब्यक्तिगत ढङ्गले कुरा पनि गरें । त्यो अन्धाधुन्धा केही पनि थाहा छैन, त्यो सन्तुलित पनि छैन । टिलिक्क परेको ह्वाँ माथ्तिर स्कुल छ त्यसैमा कार्यक्रम परेको छ जवाफ मैले दिन पर्‍यो उतै मन्त्रीले हाल्यो होभन्दा तँ के हेर्‍याथिस् त भनेर जनताले भन्ने भए । यस्तो खालको चाहिँ तपाईंको स्थितिमा हामी पुग्यौं ।

अव पर्यटनको त कुरै नगरौं । तपाईंको त्यो मा छँदापनि छैन छलफल पनि के गर्ने ? केही त्यहाँ जिरै छैन । त्यस्तो खालको अवस्था छ । अब सामाजिक कै कुरा गर्दाखेरी अब गर्ने काम त हामीले गरौं । जस्तो अगाडि नै हाम्रो सरकार हुँदाखेरी यो सरकार बन्नुभन्दा अगाडि नै जस्तो चाहिँ मेहेलकुना अस्पतालको कुरा अहिले पनि डाक्टरहरूले उठाइराख्नु भाछ । त्यहाँ समिति हुँदाखेरी धेरै कुरा सजिलो हुँदोरहेछ । त्यस्तै मैले अहिलेको पनि मन्त्री जीलाई भनें यो विरामीहरू अनेक खालका कोही किड्नी देखि लिएर मुटुदेखी हरेक खालको चाहिँ तपाईंको आईराख्याछ डकुमेण्टहरू त्यसलाई एउटा कार्यविधि बनाएर गरिदिउँ न । किनभनेपछि मान्छे मरिसकेपछि त्यो टेबुलमा रहिराख्दा त सराप पनि लाग्छ हामीलाई । यस नो के हो ? हामीले एउटा चाहिँ दिउँ न त्यो पनि एउटा सुशासन भित्र पर्छ । भने अब तर के के के के उहाँकै ब्यक्तिगत कारण अथवा समग्र क्याबिनेट वा अरू केही चाहिँ तपाईंको कार्यविधि के कता अल्झिराख्याछ यो चाहिँ भ्यू नपाई सक्नु खालको छ । त्यसले गर्दा अब यसमा धेरै अब छलफल गर्नुपर्छ जस्तो मलाई लाग्दैन । अब जहाँसम्म अरू मन्त्रालयको सवालमा एउटा मात्रै म उदाहरण दिन्छु यो भौतिक कृषि भन्ने अरूअगाडिको चाहिँ हाम्रो यो सरकारले गरेको अब ऐतिहासिक काम भनौन योजनाको नाम कस्तो छ भने घट्टदेखी मिलसम्म मिलदेखी स्कुलसम्म । स्कुलदेखि फलाना रामबहादुरको घरसम्म,

रामबहादुरको घरदेखि भट्टीसम्म, भट्टीदेखि चियासम्म । अब त्यो कस्तो योजना हुन्छ ? त्यो योजना छ ।

अनि अर्को चाहिँ मैले हेर्दै गएँ जहाँ बजारै छ त्यहाँ तटवन्धनमा भनेर पैसा हाल्याछ । मैले सोधेँ पनि त्यस बेलाको मन्त्रीज्यूसँग यो के गऱ्या ?भन्दाखेरी यस्तै कताकताबाट आयो भन्ने खालको कुरा भो । अब त्यसको पनि जवाफ हामीले कसरी दिने ? त्यसकारण अब यो त तपाईंको यो के गरेर राम्रो गर्ने कसरी गर्नेभन्दापनि हामीलाई त त्यो पैसा बजेट जानेभन्दापनि हैरान परेसान । १५ लाखदेखी तल जाँदैनौं त्यो त वडा र चाहिँ उ ले गर्ने हो भनेर एकदम थान्की थान्की गरी राख्याथ्यौं अहिले ५ लाख, २ लाख, ३ लाख । अब मेरो एउटा चुकेखोला भन्ने पुल छ ३ करोडमा स्टिमेट गऱ्याछ पैसा छुट्ट्याछ १० लाख । अब मलाई यो के यो कहाँ हुनुहुन्थ्यो तपाईं होस्मा हुनुहुन्थ्यो कि नाइँ तपाईं भन्ने भए कि नाइँ जनताले ? अब त्यो लेख्नेवेला गर्नेबेला त्यो कर्मचारी हुँदो हो त्यो मन्त्री हुँदो हो त्यसका दलका नेता हुँदाहुन् त्यो के होस् हुँदो हो कि नाइँ ?

यस्तो पूरै होस् गुमाएर गर्दाखेरि अब यो यहाँ जति चाहिँ तपाईंको नशा तन्काएपनि तत्तिएपनि अब परिणाममा हुने देखिदैंन । त्यसकारणले गर्दाखेरि अब यो किसिमले मैले अन्तिममा के भन्न चाहन्छु भने जसरी यो हामी जुन लयमा गएका छौं अब यो लयलाई हामीले सुधार्न सक्नुपर्छ । अब अहिलेपनि १५ प्रसेन्ट बजेटको कुरा छ । अब असारमा जेठ असारमा जाँदा हामी ६० प्रसेन्ट बजेटको खर्च हामी गर्छौं । त्यो खालको वेथिति हामीसँग छुँदैछ । फेरि अर्को वेथिती के छ भने अहिलेसम्म चाहिँ तपाईंको एउटा नजिर भनेको रकमान्तर रकमान्तर रकमान्तर भन्यो लाष्टमा असारमा पनि थाहा हुँदैन हामीलाई नयाँ बजेट बन्ने बेला । अहिलेसम्म मलाई चाहिँ थाहा छैन फेरि अरू माननीयज्यूहरूलाई थाहा छ होला । त्यो थाहै हुँदैन रकमान्तर भन्ने यस्तो भयो कि त्या कताकताबाट त्यो पनि कुटिरो सुटिरो बनाएर ट्याकटुक्क बनाइन्छ । लाष्ट तपाईंको अब यहाँ भन्नुहुन्छ सत्ता गठबन्धनले गर्दा हामीलाई चिसो चिसो हुन्छ हामीलाई पनि थाहा छैन त । अब त्यो लतक हामीले पन खाईराछौं । मन्त्रीलाई तपाईंले हेरिरहँदा हामीलाई पनि अब केही हड्डीमा मात्रै चोट लाग्ने भो के हामीलाई । अलिअलि खाएको, अलिअलि गरेको, अलिअलि बजेट चाहिँ गएको भए पनि ल ठिकै हो भन्न हुन्थ्यो । त्यसकारण अब यो त यहीं न्याउरी मारी पछुतो मात्रै हो तपाईंहरूले जति हिर्काए पनि । हैन त्यसो भएको हुनाले अब यो खालको एउटा अवस्था भएको छ। यद्यपी अब मैले अघि नै भने अब अहिलेको सरकारले यो खालका थिति

वेथितिहरूलाई अन्त्य गरोस् धेरै नभए पनि मर्नेवेला हरियो काक्रो भन्या जस्तो एक त त्यसै पनि समय छैन । धेरै चाहेरपनि उहाँहरूले गर्न सक्ने स्थिति छैन ।

एक त उहाँहरूले गऱ्यापनि होइन । केही कुरा त्यत्तिकै झुण्डिएर आयो अहिले अदालतको मुद्दा छ अब समावेशी खै ? महिला खै ? दलित खै ? यो खै ? सरकार चाहिँ तपाईंको नैतिकताको धरातलदेखी बाहिरबाट बन्यो । अब त्यो कुरा त उहाँले जवाफ दिन परिराख्याछ । अब यसको इरुद्ध विरुद्धमा कसरी बने सबै उहाँहरूले जवाफ दिने ठाउँमा पनि हुनुहुन्न होला । त्यसो भएका कारणले गर्दाखेरी तै पनि समथिङ वेटर देन एनिथिङ भन्या जस्तो कम्तीमा जाँदा जाँदै भए पनि केही यस्तो खालको जस्तो चौरासी करोडै पनि अहिले अब त्यहाँ एउटा चाहिँ फेरि अर्को डल्लो दगुरीराख्याछ । त्यो कताकता गएर फुट्ने हो । त्यसकारण त्यो डल्लोलाई पनि अँझ धेरै कति छ त्यसको पनि सबै ल्याएर एउटा खालको लेखाजोखा भएपछि स्माल इज ब्युटिफुल भन्याछ सानै भए पनि एउटा चाहिँ संकेत दिन सक्नुभो भने अहिलेको सरकारबाट केही आशा गर्ने ठाउँ रहनसक्छ । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा सभामा पेश भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ अन्तर्गत विनियोजन भएका भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र कर्णाली प्रदेश योजना आयोगका शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवं जिज्ञासामा सम्बन्धित मन्त्रीहरूले जवाफ दिनका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ८ बमोजिम समय निर्धारण गरेको छु ।

सर्वप्रथम भूमी, व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवं जिज्ञासामा जवाफ दिनका लागि कर्णाली प्रदेश सरकारका भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीलाई समय दिन्छु ।

<u>भूमी, व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय श्री चन्द्रबहादुर शाहीः</u> सभामुखज्यू, हामी कर्णाली प्रदेश विनियोजन विधेयकमाथी सम्मानित सदनमा गम्भीर छलफल भई रहेको छ । यो सदन जनताका आवाजहरू मुखरित गर्ने थलो हो । बजेट अधिवेशन सुखद भएन । त्यसैले बजेट अधिवेशनमा छलफल हुन सकेन । अब अहिले मप्रतिपक्ष

दलका नेता मुख्यमन्त्री लगायत अरू दलका सबै नेताज्यूहरूलाई म धन्यवाद दिन चाहन्छु । किनभने अनेकताको एकता, अमेलको मेल, असहजताको सहजताको जुन अवस्था यहाँ सिर्जना भयो आज त्यसैको फलस्वरूप हामीले हिजो सुखद नरहेको त्यो परिस्थितिलाई अहिले सुखद बनाएर हामी त्यो जनताका आवाजलाई हामी यहाँ सम्मानित सदनमा छलफल गरिरहेका छौं ।

माननीयज्यूहरूले थुप्रै सकारात्मक सुझावहरू यहाँ उठाउनु भएको छ । ती सुझावलाई भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयसँग जोडिएका थुप्रै कुराहरू यहाँ आएका छन् । यहाँ हाइटेक नर्सरीदेखि लिएर, सुनको हलोदेखी लिएर थुप्रै उत्पादनसँग जोडिएका कुराहरू यहाँ उठेका छन् । म ती सकारात्मक सुझावलाई भूमी कृषि तथा सहकारी मन्त्रालयले आत्मसात् गर्दै म केही कुरा यहाँ राख्न चाहन्छु । कर्णाली प्रदेश अधिकांस किसान कृषि पेशामा आधारित छन् । कर्णाली प्रदेश आयात मात्रै गर्ने प्रदेश होइन । यो प्रदेशले निर्यात पनि गरिरहेको छ । हिजो काम गर्ने दौरानमा केही कमी कमजोरीहरू रहेका हुन सक्छन् । ती कमी कमजोरीलाई हामीले न दोहोर्‍याउने गरी माननीयज्यूहरूले जुन सकारात्मक सोचका साथ जुन सुझावहरू यहाँ राख्नुभएको छ हामी त्यसअनुसारअगाडि बढ्ने छौं भन्ने कुराहरू म यहाँ राख्न चाहन्छु ।

कुनै पनि मुलुक सबै कुरामा आत्मनिर्भर हुन सक्दैन । हामी कर्णाली प्रदेश अहिलेपनि सबै कुरामा आत्मनिर्भर भैसकेको छैन । तै पनि कर्णाली प्रदेश जन्मिसकेपछि प्रदेश सरकार स्थापना भैसकेपछि जुन कृषि क्षेत्रमा कर्णाली प्रदेश सरकारले जुन सकारात्मक सोचका साथ अगाडि बढ्यो त्यसले गर्दा अहिले धेरै कुराहरू हामीले निर्यात गरिरहेका छौं । अहिले हामीले स्याउ १५ सय मेट्रिक टन ९ करोडको स्याउ हामीले बाहिर पठाएका छौं । सुन्तला १२ सय मेट्रिक टन ५ करोडको सुन्तला हामीले बाहिर पठाएका छौं । सिमि ५ सय ७० मेट्रिक टन ६ करोडको सिमि हामीले बाहिर पठाएका छौं । तरकारी ४ हजार ९ सय ८२ मेट्रिक टन २० करोड तरकारी हामीले यो कर्णाली प्रदेशबाट बाहिर पठाएका छौं । त्यस्तै अदुवा ४ करोड ७ सय ६५ मेट्रिक टन १५ करोडको अदुवा हामीले बाहिर पठाएका छौं ।  आलु ५ हजार ६ सय ७५ मेट्रिक टन २२ करोडको आलु हामीले बाहिर पठाएका छौं । मह मेट्रिक टन १० लाखको मह हामीले बाहिर पठाएका छौं । भैंसीको पाठापाठी १ करोड १० लाखको हामीले भैंसीका पाठापाठी जुन मुल्यको बाहिर पठाएका छौं । दुध विक्रि ६ करोड ५० लाख दुध विक्रि गरेर हामीले किसानले आय आर्जन गरेको अवस्था छ ।

खसी २० करोड ४० लाखका खसी बोकाहरू हामीले बाहिर पठाएका छौं । भने केहिपनि भएको छैन भन्ने कुरा होइन ।

तर कर्णाली प्रदेश सरकार बनिसकेपछि यो मन्त्रालयको स्थापना भैसकेपछि काम गर्ने दौरानमा धेरै कमी कमजोरी हुन सक्छन् मैले अघि नै भनिसकें । माननीयज्यूहरूका जुन सुझावहरू रहेका छन् हिजोका ती कमी कमजोरीहरूलाई न दोहोऱ्याउने गरी तर जुन कामहरू भएका छन् राम्रा पक्षहरूलाई सकारात्मक सोचका साथ हामी सबै अगाडि बढ्नु पर्छ भन्ने कुराहरू यहाँ राख्न चाहन्छु । त्यस्तै अर्गानिक अर्गानिक भनेर जुन प्रदेशले घोषणा गऱ्यो हामीले अर्गानिक दिवस मनाईरहेका छौं । अर्गानिक क्षेत्रमा केहीपनि हुन सकेन भन्ने कुराहरू यहाँ उठिरहेको छ तर अर्गानिक क्षेत्रमा मन्त्रालयले थुप्रै कामहरू अगाडि बढाईरहेको छ । प्राङ्गारिक ऐन २०७७ जारी भएको छ । मापदण्डसहितको मुल्यवान लोगो तयारी गरी स्वीकृति भएको छ । अर्गानिक एकीकृत सहित जिल्लाहरूमा अर्गानिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । अर्गानिक सम्बन्धी विभिन्न जनशक्ती तयार भएका छन् । अर्गानिक इन्स्पेक्टर तालीम, कन्फ्रेन्सन तालीम, क्रस ट्रष्ट तालीम, आरपिपिआर ल्याव सञ्चालनतालीम लगायतका तालीमहरू सञ्चालनमा रहेका छन् ।

सुर्खेत एयरपोर्टमा कर्णाली सौगात घर हामीले कर्णालीमा उत्पादन भएका अर्गानिक वस्तुहरू प्रत्येक एयरपोर्टमा प्रत्येक वसपार्कमा हामीले कोसेली घर राख्ने भन्ने जुन सरकारको निर्णय थियो मन्त्रालयको निर्णय थियो त्यसअनुसार सुर्खेतको एयरपोर्टमा कोसेली घर हामीले भर्खरै उद्घाटन गरेका छौं र कर्णालीका विभिन्न सेक्टरमा उत्पादन भएका वस्तुहरू त्यहाँ उपलब्ध हुने गरेर त्यो कोसेली घरलाई अगाडि बढाउने कुरा भएको छ ।

उच्च शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई अर्गानिक बालीहरूमा गरिने थेसिसहरूमा सहयोग हामीले गरिरहेका छौं । अर्गानिक बजारीकरणमा सहयोग ग्रेडिङ, प्याकेजिङ, लेभलिङ र ढुवानीमा हामीले अर्गानिक वस्तुहरूमा हामीले सहयोग गरिरहेका छौं । वास्तविक किसान पहिचानका लागि नेपाल सरकारले अवलम्वन गरेको किसान सुचिकरण गर्ने कार्य जारी रहेको र अन्य प्रदेशभन्दा बढी ६५ हजार किसानहरू सुचिकृत भैसकेका छन् । त्यसो भएकोले अर्गानिक क्षेत्रमा पनि थुप्रै कामहरू अगाडि बढिरहेका छन् । त्यसो भएकोले मन्त्रालयले केहीपनि गरेको छैन, केहीपनि भएको छैन भन्ने कुराहरू जुन उठेको छ तर हामी हाम्रो प्रदेश नयाँ छ, हामी सबै नयाँ छौं, त्यसैले काम गर्ने दौरानमा ढिलासुस्ती हुनसक्छ । त्यो किसिमले जुन फड्को नमरेको

हुनसक्छ तै पनि मन्त्रालयले थुप्रै कामहरू गरिरहेको कुरा म यहाँ जानकारी सम्मानित सदनमा जानकारी गराउन चाहन्छु। र जुन सम्मानित सदनमा माननीयज्यूहरूले जुन सकारात्मक सुझाव राख्नुभएको छ ती सकारात्मक सुझावलाई हामीले आत्मसात् गर्दै भोलिका दिनहरूमा हिजो रहेका कमी कमजोरीहरूलाई पुनः न दोहोऱ्याउने गरी हामी मन्त्रालय र मन्त्रालय मातहतमा रहेका समपूर्ण निकायलाई राख्ने छौं भन्दै म मेरो भनाइ यहीँ अन्त गर्छु । हवस्त धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू, अब उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवं जिज्ञासामा जवाफ दिनका लागि कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री माननीय श्री छिरिङ डङडुल लामालाई समय दिन्छु ।

<u>उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री माननीय श्री छिरिङ डङ्डुल लामाः</u> माननीय सभामुखज्यू, सम्मानित सभामा मेरो मन्त्रालयसँग सम्बन्धित माननीय सदस्यज्यूहरूले उठाउनु भएका जिज्ञासा प्रश्नको उत्तर दिन चाहन्छु ।

माननीय सभामुखज्यू, म चाहिँ भर्खर नयाँ अनुभव सिक्दैछु । त्यसकारणले मेरो यो पहिलो पनि यो सदनमा आउने मौका हो र यस सदनमा उपस्थित हुने जुन वातावरण बनाउनु भो यसमा म आफ्नो तह र तप्काबाट म सबैलाई सम्बन्धित निकायहरूलाई हार्दिक धन्यवाद पनि दिन चाहन्छु । र मेरो वन उद्योग, वन पर्यटन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश सरकारको आ.व. अठहत्तर उनान्सत्तरीको विनियोजित वजेटका वार्षिक बजेटका योजनाहरूको दशओटै जिल्लाका साना ठुला योजनाहरूको जानकारी म लिइरहेको छु । माननीयज्यूहरूबाट आएका सुझावलाई योजना कार्यान्वयनमा सुधार्ने र सच्याउने प्रयास गर्ने म प्रतिबद्धता छु । म धेरै आज चाहिँ बोल्नुभन्दा पनि म चाहिँ आगामी दिनमा मेरो मन्त्रालयबाट गर्ने गराउने कार्यहरूमा तपाईंहरूबाट नै हजुरहरूको नै सहयोग समर्थनमा मैले आफ्नो कार्यहरूलाई अगाडि बढाउने छु । किनभन्दाखेरी सरकार सञ्चालनको निम्ति सरकारको अनुभवको निम्ति यहाँ उपस्थित सम्माननीय के रे हाम्रो सम्मानित सदनमा उपस्थित सम्पूर्ण माननीय मन्त्रीज्यूहरू मेरो लागि तपाईंहरू नै गुरु हुनुहुन्छ। मेरो लागि सरकार सञ्चालनको लागि गुरु, मेरो लागि योजना विनियोजन गर्नको लागि गुरु । त्यसकारणले म आज धेरै बोल्न चाहिँ चाहँदैन । बाँकी चाहिँ सहयोग सुझावका लागि माननीय सभामुखज्यूमार्फत् माननीयज्यूहरूमा आगामी दिनमा सम्पूर्ण कुराहरू समेटेर अगाडि लैजानको लागि अपिल गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब आर्थिक मामिला तथा योजना मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासामा जवाफ दिनका लागि कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय बिन्दमान विष्टः** माननीय सभामुख महोदय, आर्थिक वर्ष ०७८/०७९ को विनियोजन विधेयक अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयकमाथी हामी छलफलमा छौं । छलफलको क्रममा आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सम्बन्धित विषयहरूमा महत्त्वपूर्ण सुझाव दिनुहुने सम्पूर्ण माननीयज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

योजना निर्माणको सन्दर्भमा हामीले दक्षतालाई बृद्धी गरेर जानुपर्ने आवश्यकता छ । हाम्रो प्रदेशको स्थितिलाई हेर्दाखेरी बजेट विनियोजनको क्षमतामा अभिवृद्धी गर्नुपर्नेछ । कार्यान्वयनको प्रक्रियालाई कार्यसूची अनुरूप आर्थिक वर्षमा सुशासन कायम गर्दै कार्यान्वयनको प्रक्रियालाई अघि बढाउनु पर्ने आवश्यकताको विन्दुमा हामीहरू छौं । यी सबै कामहरूलाई सम्पादन गर्नको लागि सम्पन्न गर्नको लागि हाम्रो मन्त्रालय र प्रदेश सरकारलाई आज यो सम्मानित सदनमा माननीय सदस्यहरूले महत्त्वपूर्ण सुझावहरू व्यक्त गर्नुभएको छ। र यो सदनमार्फत प्रदेश सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउनुभएको छ। म फेरि पनि माननीय सभामुखमार्फत् सबै माननीय सदस्यज्यूहरूलाई फेरि पनि आभार व्यक्त गर्न चाहन्छु । धन्यवाद दिन चाहन्छु ।

हिजो र अस्तीदेखी नै हाम्रो यो बजेटको सन्दर्भमा छलफल भैराखेको छ। हाम्रो मन्त्रालयसँग सम्बन्धित पनि छन्। र आर्थिक मामिला तथा योजना मन्त्रालय हुनुको नाताले यसको टोटल बजेटको कार्यान्वयनको सन्दर्भमा पनि केही प्रश्नहरू जरुर रूपमा उठेका छन् । मैले अगाडि पनि भनें हाम्रो बजेटको कार्यान्वयनको सन्दर्भमा हामीले कार्यसूचीअनुसार हामीले छिटोभन्दा छिटो बजेट विनियोजन भैसकेपछि कार्यान्वयनको प्रक्रियामा अगाडि लैजानुपर्ने आवश्यकता छ । हाम्रो विगतको बजेटको कायान्वयनको अवस्था हेर्दाखेरी कस्तो रैछ भने माननीय सभामुखज्यू हामी आज जुन अवस्थामा छौं जुन मितिमा छौं भनौं फल्गुणको २३ गते आज हामी छलफलको क्रममा छौं । गत २ आर्थिक वर्षको हेर्दाखेरी आर्थिक वर्ष ०७६/०७७ मा खासगरी माघ मसान्तसम्मको ०७६/०७७ मा कुल खर्च ९.५६ रैछ । नौ पोइन्ट पाँच छ रैछ । त्यसपछि गएर ०७७/०७८ मा माघ मसान्तसम्मको हाम्रो कुल खर्च ११.६० रैछ ।

र आज हामी ०७८/०७९ को माघ मसान्तसम्मको खर्च हेर्दाखेरी माघ मसान्तसम्मको खर्च १३.९७ छ । र त्यसपछि गएर आज फाल्गुण २२ हिजो फाल्गुण २२ गत्यसम्मको खर्च हामीले हेर्दाखेरी हाम्रो टोटल खर्च १५.६० छ । त्यसरी हेर्दाखेरी यो डाटा हेर्दाखेरी हामी एकदमै उत्साहित हुनुपर्ने हाम्रो एकदम सेटमा खर्च भैराखेको छ भन्नुपर्ने अवस्थामा त छैनौं । तर गत आर्थिक वर्षको खर्चको हाम्रो ट्रेन जे छ त्यो ट्रेनबाट हेर्दाखेरी हामी अलिकति सुधारोन्मुख अवस्थामै छौं । बजेटको भोल्युम ठुलो छ अहिले यो वर्षमा । विगत २ आर्थिक वर्षकोभन्दा अहिले बजेटको भोल्युम ठुलो छ । र खर्चको प्रतिशत पनि बृद्धी भएको छ । यसरी हेर्दाखेरी हामी सुधारको बाटोमा त छौं। तर, हामीले यहीं अवस्थालाई हेरेर एकदमै राम्रो भैसक्यो हामी धेरै केरे सन्तुलित ढङ्गले खर्च गरिराखेका छौं भन्ने अवस्थामा त हामी छैनौं । मैले फेरि पनि निवेदन गर्न चाहन्छु तर हामी विगतका आर्थिक वर्षकोभन्दा यो आर्थिक वर्षमा खर्च प्रक्रियालाई हेर्दाखेरी सुधारको बाटोमा अगाडि बढीराखेको छौं भन्ने कुरालाई माननीय सभामुखमार्फत् यो सम्मानित सदनलाई म जानकारी गराउन चाहन्छु ।

त्यसपछि गएर अर्को ट्रेन के रैछ भने सभामुख महोदय ०७६/०७७ मा वैशाखसम्मको खर्च केरे चालु खर्च ३४.२८ रैछ असारसम्मको चालु खर्च ३९.९० रैछ । त्यसपछि पुँजीगत खर्च वैशाखसम्मको १५.६ रैछ त्यसपछि गएर असारसम्म जाँदाखेरी १७.८७ मा हामी पुगेका रहेछौं तर ०७७/०७८ मा आउँदाखेरी के भएछ भने वैशाखसम्म हाम्रो चालु खर्च ३८.५१ रैछ । असारसम्म ५७.७४ पुग्यो त्यसपछि गएर पुँजीगत खर्च वैशाखसम्म हाम्रो २९.६३ रैछ त्यसपछि असारसम्म जाँदाखेरी हामी ७१.५२ प्रतिशत खर्चमा हामी पुगेका रैछौं । यसरी हेर्दाखेरी आर्थिक वर्षको अन्तिममा ठुलो बजेट खर्च भयो भन्ने त्यो डाटाले देखाउँछ तर हामीले यसो यसलाई सरसर्ती हेर्दाखेरी के देखिन्छ भने सभामुख महोदय हाम्रो बजेट खर्च भैसकेपछि त्यसको केरे भूक्तानीको प्रक्रियामा अलिकती समस्याहरू हुन् कि ? बेलामा भूक्तानी हुन नसकेका हुन् कि भन्ने कुरालाई अहिले हाम्रो मन्त्रालयले प्रदेश सरकारले आर्थिक मामिला मन्त्रालयले यसलाई भूक्तानीको प्रक्रियालाई रिभ्यु गर्ने समयमै भूक्तानी गर्ने र समयमै खर्च प्रणालीमा यसलाई समावेश गर्नेगरी हामीले यी कामहरूलाई अगाडि बढाईराखेको कुरा म सम्मानित सदनलाई माननीय सभामुखज्यूमार्फत् जानकारी गराउन चाहन्छु । अनुरोध गर्न चाहन्छु ।

र यो बीचमा हामीले हाम्रो प्रदेशका अवस्थाहरूलाई हेरेर १-२ ओटा काम हामीले अगाडि बढाएका छौं । वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि हामीले पास गरेका छौं

जसको कारणले गर्दाखेरी सबै मन्त्रालय त्यसपछि मातहतका कार्यालयहरूलाई वित्तीय जोखिम मूल्याङ्कन कार्यविधिमा त्यसपछि प्रवेश गरेर यसलाई काम कारबाहीलाई व्यवस्थित गर्नको निमित्त हामीले यो कार्यविधिमार्फत्व्यवस्थित गर्न खोजेका छौं । र त्यसपछि गएर बेरुजु व्यवस्थापन सूचना प्रणाली हामीले स्थापित गरेका छौं । हरेक कार्यालयले आफ्नो कार्यालयको बेरुजुलाई सूचना प्रणालीमा केरे राखेर त्यसपछि गएर त्यो बेरुजुलाई कम गर्ने र बेरुजुलाई फच्र्यौटको प्रक्रियामा लैजाने यो कुरालाई व्यवस्थित गर्नको निमित्त हामीले बेरुजु व्यवस्थापन सूचना प्रणालीलाई पनि हामीले व्यवस्थित गरेर अगाडि बढाएका छौं । र राजश्व सङ्कलन त हामीले ६० करोड यो आर्थिक वर्षको हामीले अनुमानित ६० करोड हो । अहिलेसम्म आइपुग्दाखेरी हामीले ५३.५५ प्रतिशत राजश्व सङ्कलन भएको छ । हामीलाई विस्वास छ आर्थिक वर्षको अन्त्यसम्म गईपुग्दाखेरी हामीले अनुमानित गरेको राजश्व हामी सङ्कलन गर्न सक्छौं भन्ने कुरा मन्त्रालयले अहिले यो अनुमान गरिराखेको छ । र अहिले अरू प्रदेशहरूसँगको तुलना गर्दाखेरी खर्चको तुलना गर्दाखेरी सातओटा प्रदेशमा अरू प्रदेशहरूसँगको खर्चको तुलना गर्दाखेरी सभामुख महोदय प्रदेश नम्वर १ र बागमती र लुम्वीनी प्रदेश बाहेक अरू प्रदेश अरूभन्दा खासगरी मधेश प्रदेश र सुदुरपश्चिमभन्दा हामी खर्चमा अगाडि बढेको डाटा हामीले प्राप्त गर्न सकेका छौं । त्यसकारणले गर्दाखेरी अब अर्को कुरा यो राजश्वको कुरा गर्दाखेरी म यहीं सन्दर्भमा यो सम्मानित सदनमा एउटा के विषय राख्न चाहन्छु तभन्दाखेरी राजश्व सङ्कलन हाम्रो कम छ ।
राजश्व बाँटफाँडको सुत्र जे स्थापित गरेको छ वित्त आयोगले त्यसबाट हामी ठगिएका छौं । र त्यसपछि गएर सङ्घीय सरकारले आफ्नो सङ्घीय आयोजनाको बजेट विनियोजन पनि हाम्रो प्रदेशमा कम भएको छ । गत आर्थिक वर्षको स्थिति हेर्दाखेरी सभामुख महोदय, बागमती प्रदेशमा ४६ प्रतिशत बजेट विनियोजन भएको रहेछ सङ्घीय सरकारको सङ्घीय आयोजना अन्तर्गत । हाम्रो प्रदेशमा ४ प्रतिशत विनियोजन भएको रहेछ । बागमती प्रदेशमा ४६ प्रतिशत विनियोजन हुने र त्यसपछि गएर हाम्रो प्रदेशमा ४ प्रतिशत विनियोजन हुने । यो खाडल जवसम्म हामी पुर्न सक्दैनौं तवसम्म हाम्रो बजेटको आकार बढ्ने र त्यसपछि गएर कार्यान्वयन गर्ने क्षमता बृद्धी गर्नुपर्ने योजना वैज्ञानिक बनाउनु पर्नेको निमित्त मेहेनत गर्नुपर्ने त्यसपछि गएर विनियोजन दक्षता हामीले अभिवृद्धी गर्नुपर्ने मैले सुरुमा उठाएका विषयहरू त छँदैछन् । तर यी विषयहरूलाई फुलफिल गर्दै जाँदाखेरी हामीसँग बजेटको पनि अभाव हुन्छ । हाम्रो आन्तरिक स्रोत कमजोर छ । त्यसपछि गएर राजश्व बाँटफाँडको जुन सुत्र छ त्यो

अवैज्ञानिक छ । र त्यसपछि सङ्घीय आयोजनामार्फत् प्रदेशलाई समृद्धीको बाटोमा अगाडि बढाउनको लागि, विकासको बाटोमा अगाडि बढाउनको लागि सङ्घीय सरकारको तर्फबाट नेतृत्व गर्नुपर्ने आयोजनाहरूको पनि अभाव छ ।

मैले अगाडि भनैं बागमती प्रदेशको ४६ प्रतिशत र त्यसपछि गएर कर्णाली प्रदेशको ४ प्रतिशत । ४ प्रतिशतमा पनि चालु बजेट अँझ उल्लेख्य मात्रामा रहेको र पूँजिगत बजेट कम रहेको अवस्था देखिन्छ । त्यसकारणले गर्दाखेरी अब यो हामीले यो प्रदेशबाट एउटा यो बजेटमाथी छलफल हुँदै गर्दाखेरी राजश्वका क्षेत्रहरूमा पनि छलफल हो त्यसपछि गएर बजेटको टोटलमा छलफल गर्दै गर्दाखेरी यो विषयमा पनि हाम्रो प्रदेशबाट गम्भीरतापूर्वक विषयहरू उठान गर्नुपर्ने र त्यसपछि गएर सङ्घीयसरकारसँग आफ्ना मतहरू दर्ज गर्नुपर्ने अवस्थामा हामी आइपुगेको कुरा यो सम्मानित सदनमा सभामुखज्यूमार्फत् म अनुरोध गर्न चाहन्छु ।

यहाँ केही सवालहरू माननीय सदस्यज्यूहरूले उठाउनु भएको छ । जस्तो यहाँ प्रश्न उठ्यो डल्लो बजेट राख्ने र त्यसपछि आर्थिक मामिला मन्त्रालयले आफूखुसी वितरण गर्ने भन्ने कुरो उठेको छ । म माननीय सभामुखज्यूमार्फत् सम्मानित सदनलाई म अनुरोध गर्न चाहन्छु कि आर्थिक मामिला तथा योजना मन्त्रालयमा राखिएको डल्लो बजेट भनेपनि जे भनेपनि भै परी आउने चालु ५० करोड र भै परी आउने पूँजिगत ५० करोड । यो अर्थ विविधको रूपमा यसलाई परिभाषित गरिन्छ । सबै विज्ञ माननीयज्यूहरूलाई थाहा छ अब अर्थ विविधको बजेट नेपालको बजेटिङ सिस्टममा यो विषय यसरी नै राखिने गर्छ । यो बाहेक अर्को डल्लो बजेट आर्थिक मामिला मन्त्रालयमा छैन । म यो निवेदन गर्न चाहन्छु ।

दोस्रो कुरा रकमान्तरको प्रश्न यहाँ उठेको छ । रकमान्तरको कुरा विगतमा विभिन्न मन्त्रालयहरूले राखेका डल्लो बजेटहरूलाई कार्यान्वयन प्रक्रियामा लैजानको लागि त्यसलाई विनियोजन गर्ने अथवा कार्यक्रममा विभक्त गर्ने बाहेक अरू रकमान्तर सायद अब दोस्रो चौमासिकभन्दाअगाडि हामीले गरेका छैनौं र अहिले भएको छैन । अब विभिन्न मन्त्रालयमा रहेका डल्लो बजेटहरू जसलाई कार्यान्वयन प्रक्रियामा लैजानुपर्नेछ त्यसलाई विभिन्न कार्यक्रममा विभक्त गरेर मन्त्रालयको केरे प्रस्तावमा त्यसलाई पनि अब एकचोटि डल्लो बजेट राखिसकेपछि फेरि त्यसलाई गर्दाखेरी त्यो पनि रकमान्तर देखिने सिस्टममा त्यो देखिने भएको कारणले गर्दाखेरी त्यो रकमान्तर बाहेक अरू रकमान्तर नभएको कुरा र त्यसपछि गएर त्यो जहाँ पायो त्यहीँ केरे आफ्नो अनुकूल रकमान्तर भयो भन्ने कुरा जसरी अलिकति आशङ्काको रूपमा माननीय सदस्यहरूले

यहाँ सम्मानित सदनमा उठाउनु भएको छ त्यसप्रति म यो कुरा व्यक्त गर्न चाहन्छु । र प्रदेश सरकार र आर्थिक मामिला मन्त्रालय खासगरी वित्तीय अनुशासन कायम गर्नको लागि र हामीले यहीँ सम्मानित सदनबाट बनाएका ऐन, नियम, कानूनको अधिनमा रही त्यसपछि गएर मन्त्रालयले प्रदेश सरकारले बनाएका विभिन्न कार्यविधिहरूको अधिनमा रही वित्तीय अनुशासन कायम हुनेगरी त्योभन्दा बाहेकबाट अर्थ मन्त्रालयले निर्णय गर्ने प्रक्रिया त्यस्तो भएको छैन । अँझैपनि माननीय सदस्यहरूले सम्मानित सदनमा गम्भीरतापूर्वक ध्यानाकर्षण गराउनुभएको छ फेरि पनि प्रदेश सरकार यसप्रति अँझ गम्भीर भएर आगामी दिनमा यी कुराहरूप्रति फेरि पनि अहिलेसम्म नभएको कुरा सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु । र आगामी दिनमा पनि यसप्रति बडो चनाखो भएर यो केरे फेरि समस्या पैदा भैहाल्छ कि भन्ने मसिनो गरी अध्ययन गरेर मात्रै निर्णय प्रक्रियामा पुग्ने अगाडि बढ्ने कुरा म सम्मानित सदनलाई अवगत गराउन चाहन्छु ।

र फेरि हामी केरे बजेट कार्यान्वयनको प्रक्रियामा अगाडि बढिराखेका छौं । बजेट मैले फेरि पनि भन्छु आगामी दिनहरूमा पनि प्रदेश सरकारले ब्यक्ति को हुन्छ ? भन्ने कुरा होइन । आगामी दिनमा पनि प्रदेश सरकारले बजेट निर्माणको प्रक्रियामा छ । म यहीँ सन्दर्भमा म के पनि भन्न चाहन्छु तभन्दाखेरी अब हाम्रो अलिकति समस्या कहाँ देखा परेको छभन्दाखेरी सांसद हुँदाखेरी सपना देख्ने मन्त्री हुँदाखेरी सपना छर्ने । अघि माननीय सदस्यज्यूहरूले यहाँ सपना देख्ने र सपना छर्नेको कुरा गर्नुभएको थियो । हाम्रो त्यस्तै हुँदै गईराखेको छ । यो विडम्वना हो । सांसद हुँदाखेरी सपना देखिन्छ त्यसपछि गएर मन्त्री भैसकेपछि सपना छर्ने रित पैदा हुन्छ । सपना छरेर सपना पूरा गर्न नसकिने अवस्था हुँदो रैछ । त्यसकारणले गर्दाखेरी म के प्रतिबद्धताव्यक्त गर्न चाहन्छु तभन्दाखेरी रप्रतिबद्धताभन्दापनि म यो सम्मानित सदनको माननीय सभामुखज्यूमार्फत् के ध्यानाकर्षण गराउन चाहन्छु तभन्दाखेरी बजेट ल्याउने सन्दर्भमा अर्को बजेट ल्याउने को हुन्छ ? के हुन्छ ? यो मुख्य कुरा होइन । तर एकचोटि हामी सबै माननीय सदस्यहरू संकल्प गरौं कि हामी एउटा नयाँ ट्र्याकबाट अगाडि जान सक्छौं त ? यो एउटा प्रश्न हो जस्तो लाग्छ आजको दिन एउटा गम्भीर प्रश्न यद्यपी यो आज धेरैपछि छलफल भो भन्नु भएको छ । यो छलफल आज भएर फेरि निकट भविश्यमा हामी अर्को बजेट निर्माणको छलफलमा हामी सहभागी हुँदैछौं ।

त्यसकारणले गर्दाखेरी हामी त्योप्रति हामी सबै प्रतिबद्ध हुन सक्छौं त ? विगतका हाम्रा बजेटमाथीका छलफलहरूमा राखेका धारणाहरू हामी सबैले एकचोटि देखिराखेका छौं।

चाहे सत्तापक्ष प्रतिपक्ष हिजो को थियौं ? के थियौं ? कहाँ थियौं ? त्यो कुरा होइन । सबैले राखेका धारणाहरू हामीले सुनिराखेका छौं, बुझिराखेका छौं । त्यो सबै छ । तर हामी एकचोटि पूरै संकल्पित भएर कर्णाली प्रदेशलाई विकास र समृद्धीको बाटोमा लिनको निमित्त विगतका हाम्रा कमी कमजोरीहरू के भएका छन् ? कमी कमजोरीहरूबाट सिकेर शिक्षा लिएर हामी दृढ संकल्पित भएर एउटा नयाँ बाटो नयाँ बाटो अपनाउन सक्छौं त ? हामी एकचोटिप्रयत्न गरौं । म यो आग्रह गर्न चाहन्छु । अनुरोध गर्न चाहन्छु । म फेरि पनि यो सम्मानित सदनमा माननीय सदस्यज्यूहरूले जुन महत्त्वपूर्ण सुझावहरू राख्नुभएको छ त्यो प्रदेश सरकारको लागि र खासगरी अझ आर्थिक मामिला तथा योजना मन्त्रालयको लागि महत्त्वपूर्ण मार्गनिर्देशन हुनेछन् । भन्ने कुरा राख्न चाहन्छु र फेरि पनि आभार व्यक्त गर्न चाहन्छु र मेरो भनाइ अन्त्य गर्दछु, धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्हरु, अब प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, कर्णाली प्रदेश योजना आयोगको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासामा जवाफ दिनका लागि कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई समय दिन्छु ।

<u>आन्तरिक मामिला तथा कानून मन्त्री माननीय हिमबहादुर शाहीः</u> सभामुख महोदय, सभामुखज्यूको अनुमतिले मलाई यस सम्मानित गरिमामय सदनबाट म आज अत्यन्तै हर्ष भएको छु, खुसी भएको छु । हिजो के भयो आज के भैराखेको छ र भोलि के हुने हो अब कसरी जाने ? भन्ने विषयमा प्रदेशसभा अत्यन्तै गम्भीर भएर, अत्यन्तै चिन्ता व्यक्त गरेर यहाँ जुनसुकै परिस्थितिमा पनि यहाँ आएका जिज्ञासा छन् त्यसलाई कर्णाली प्रदेश सरकार खुसी मात्रै व्यक्त होइन ग्रहण पनि गर्दछ । त्यसको साथै जे जति कर्णाली प्रदेशका माननीयज्यूहरूबाट आएका अभिव्यक्त छ त्यसले एउटा कुरोलाई प्रमाणित गरेको छ । प्रजातान्त्रिक प्रणालीमा शाश्वत स्रोत भनेका जनता हुन् । कर्णाली प्रदेशका जनताको आवश्यकता, आकांक्षालाई कसरी निरूपण गर्न सकिन्छ ? ती पीडालाई कसरी सम्बोधन गर्न सकिन्छ ? भन्ने कुरा यो समग्रमा आएको छ । यसलाई कर्णाली प्रदेश सरकार अत्यन्तै गम्भीरताका साथ ग्रहण गर्दछ ।

कर्णाली प्रदेश सरकारलाई कर्णाली प्रदेश सरकार सवभन्दा पहिले हिजो के भयो भन्ने कुरामा मात्रै कोट्ट्याउने खोतल्ने पक्षमा छैन । आज वर्तमान आज के गर्ने हो ? कसरी जाने हो ? भन्ने कुरा चाहे सत्तापक्ष होस्, चाहे प्रतिपक्ष होस् सबैको ब्यापक राय

परामर्श, सल्लाह, सुझावबाट अगाडि बढ्न तयार छ । यो यहाँहरूसँग मैले अपिल गर्न चाहन्छु । यहाँ मलाई आएको यो लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र कर्णाली प्रदेश योजना आयोग छ । माननीयज्यूबाट जिज्ञासा आएको थियो कर्णाली प्रदेश योजना आयोग सुतेको छ ? भन्ने । कर्णाली प्रदेश योजना आयोग कहाँ सुतेको छ भन्ने कुरा मैले यसभन्दा पहिले थोरै भनिसकेँ हिजोको कोट्ट्याउने पक्षमा कर्णाली प्रदेश सरकार छैन । अहिले योजना आयोग सुतेको होइन जन्मेको छैन । यथाशीघ्र केही दिनमा यो जन्मिन्छ । त्यसपछि त सबै माननीयज्यूहरू कर्णाली प्रदेश सरकारहरू छैटी खेलौँला, न्वारन गरौँला त्यो आफ्नो ठाउँमा छ । तर अहिले सुतेको छैन । अब यथाशीघ्र जन्मिन्छ त्यो । त्यसको लागि तपाईंहरूले कुनै सन्देश राख्नुपर्दैन । त्यो जन्मदाखेरी मैले भनिहालेँ सबै कर्णाली प्रदेश सरकारका माननीयज्यूहरू, सत्तापक्ष, प्रतिपक्ष सबैको चाहिँ ब्यापक राय परामर्शबाट अत्यन्तै एउटा उज्वल ताराजस्तो कर्णाली प्रदेश योजना आयोग जन्मिन्छ यसमा विश्वस्त रहनुस्, यसमा कुनै चिन्ता नगर्नुहोस्।

अव अर्को कुरो आएको थियो एउटा माननीयज्यू त गैहाल्नु भयो कुरा त उठाउनु भएको थियो त्यो विसंगति विकृतिहरू धेरै छन् त्यसलाई आज अत्यन्तै त्यसलाई हटाउनु पर्‍यो यो सल्लाह उहाँको एकदमै राम्रो । यो लोक सेवा आयोगको लागि यहाँहरूले उठाउनु भो । हाम्रो कर्णाली प्रदेशमा रहेका सबै राष्ट्रसेवक कर्मचारीहरूको स्तरवृद्धी, बढुवा, अवकास अथवा स्तरोन्नती यी सबै कुराहरूमा यसै कर्णाली प्रदेशको सदनमा हामीले भर्खरै संशोधन विधेयक पेश गरिसकेका छौं । त्यस विधेयकलाई अवश्यपनि हाम्रो समितिमा गएको होला । त्यो समितिमा ब्यापक विचार, विमर्श, मन्थन गरेर कुन किसिमको तथ्यगत स्टुलबाट हाम्रो कर्णाली प्रदेशका राष्ट्रसेवक कर्मचारीहरूलाई हामी सेवा सुविधा दिन सक्छौं ? स्तरोन्नत दिन सक्छौं ? बढुवा दिन सक्छौं ? जसले कर्णाली प्रदेशका राष्ट्रसेवक कर्मचारीहरू कर्णाली प्रदेशको सरकारलाई दृढ संकल्पका साथ अत्यन्तै सेवा पुगाउन सकुन् । यहीँ कुरालाई लिएर त्यहाँ उ गर्न म आग्रह गर्दछु ।

अर्को कुरा आएको थियो महान्यायाधिवक्ता । अघि माननीयज्यूले भन्नु भो महान्यायाधिवक्ताबाट एउटा कार्यविधि । कार्यविधिको कुरा महान्यायाधिवक्तासँग नगास्न आग्रह गर्दछु म । महान्यायाधिवक्ता भनेको प्रदेशको कर्णाली प्रदेशको महान्यायाधिवक्ता भनेको राष्ट्रको जुन मूल कानून हो संविधान । त्यो संविधानलाई कार्यान्वयन गर्ने गराउने, संविधानको आदर्श र निष्ठालाई पालना गर्ने गराउने दायित्व र

जिम्मेवारी लिएर महान्यायाधिवक्ता अवश्यपनि आफ्नो स्थानमा उभिएको हुन्छ । त्यसैले त्यसबारेमा पनि अन्यथा छैन । अब बजेटका कुरा गरौं भने त बजेटका कुरा त म यो कर्णाली प्रदेशको यो चाइनी केरे यो हाम्रो लोक सेवा आयोग, महान्यायाधिवक्ता, योजना आयोगका कुरा गरौं भने मलाई अलिकति अप्ठ्यारो पर्छ । यहाँ मुख्यमन्त्रीज्यूले, कृषि मन्त्रीज्यूले अघि धेरै यति मोटा कुरा गरिसक्नुभाछ । त्यहाँ सानो कुरा गर्न त म चाहँदैन अहिले । पातलो बजेटको कुरा त म गर्न चाहँदैन । अब मोटाका अगाडि पातला कुरा गरेर फाइदा पनि केही छैन, लाभ पनि केही छैन । त्यसैले यी कुराहरू आउनुपर्छ । हुने खानेको लागि कार्यविधि भयो निमुखा गरिवका लागि भएन भन्ने कुरा । यसलाई हामी सबैले जे गर्छौं भनेका छौं, जे संकल्प गरेका छौं निमुखा र गरिवका लागि नै गर्छौं भनेर जव हामीलेप्रतिज्ञा गरेका छौं, प्रतिबद्धता गरेका छौं भने अँझ हुने खानेका लागि मात्र भयो गरिव निमुखाहरूको लागि भएन भनेर यी कुराहरूमा अगाडि नजाउँ । म लामो भन्दिन । मेरो छोटो यत्तिनै कुरा हो ।

तर हो आज मैले थाहा पाएँ । मैले अलिकति स्मरण गरें अहिले हाम्रो आर्थिकमा अर्थमन्त्रीज्यूले भन्नु भो बागमती प्रदेशमा ४६ प्रतिशत, कर्णाली प्रदेशमा ४ प्रतिशत भनेको । बरु हामी यतातिर केन्द्रित हौं । हामी कान्छी आमाका छोरा त होईनौं होला कर्णाली प्रदेश पनि । कर्णाली प्रदेश पनि आमा कै छोरा होला आमाकै सन्तति होला । बागमती प्रदेश मात्रै जेठी आमाको र कर्णाली प्रदेश कान्छी आमाको त हैन होला । त्यसैले यसमा सबैको ध्यान केन्द्रित होस् । भन्दै अन्तिममा यहाँ केही कुराहरू आएका छन् । माननीयहरूभन्दा प्रदेशभन्दा बाहिरका भन्ने कुरा आएका छन् त्यसमा देशको मूल कानून देशको जो आज देशको एउटा मूल कानून भएर आज देशलाई नै परिचालन गरिरहेको छ, देशलाई नै अनुशासन नियम कानूनमा बाँधिरहेको छ संविधानको धारा १६८ लाई विर्सेर केरे १७० लाई विर्सेर १६८ लाई मात्र सदेव कोट्ट्याईरहनु अलिकति उपयुक्त नहोला । धारा १७० लाई पनि सबै प्रदेशसभाका माननीयज्यूहरूलाई कदर गरिदिन आग्रह गर्दै अहिले विदा हुन्छु । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा सभामा पेश भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ अन्तर्गतका भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र कर्णाली प्रदेश योजना आयोगका शीर्षकहरूमाथिको छलफल समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ६ बमोजिम समय तोकिएकोमा सोअनुसार कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा सभामा पेश भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ अन्तर्गतको भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको शीर्षकहरूमाथिभोलि फागुन २४ गते छलफल हुने ब्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७८ साल फागुन २४ गते मंगलवार दिनको १ बजेसम्मको लागि यहीं स्थगित हुन्छ ।

**कर्णाली प्रदेशसभा**

**नवौं अधिवेशन**

**कार्यवाहीको सम्पूर्ण विवरण**

**२०७८ फागुन २४ गते**

**मंगलवार**

**(बैठक संख्या-१४)**

**राष्ट्रिय गान,**

**माननीय सभामुखः**माननीय सदस्यहरू कणाली प्रदेशसभाको नवौं अधिवेशनको चौधौं बैठकको कारबाही प्रारम्भ हन्छ । माननीय सदस्यहरू कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा सभामा पेश भएको कणाली प्रदेश विनियोजन विधेयक, २०७८ अन्तर्गतको भौतिक पूर्वधार तथा सहरी विकास मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शीर्षकहरूमाथि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १३२ को नियम ७ बमोजिमको छलफल प्रारम्भ हुन्छ। छलफल आजै सकिने भएकाले छलफलमा भाग लिने चाहनुहुने माननीय सदस्यहरूले रोस्टमको वायाँ तर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला । सर्वप्रथम माननीय श्री गुलावजंग शाह समय सात मिनेट ।

**माननीय श्री गुलावजंग शाहः** माननीय सभामुखज्यू, आज ११२ औं अन्तर्राष्ट्रिय नारी दिवस यसको सन्दर्भमा शुभकामना व्यक्तगर्न चाहन्छु । म अहिले भौतिक पूर्वाधार र मुख्यमन्त्री कार्यालयको सन्दर्भमा आफ्नो थोरै केही टिप्पणी गर्न उपस्थित भएको छु । माननीय सभामुखज्यू , हामी कर्णाली प्रदेश कर्णाली प्रदेशमा रोग भोग र गरिबी हाम्रो प्रतिपक्षय हो भन्ने सबैको मूल नारा थियो । विगत देखि नै विगत चार वर्ष देखि विभिन्न स्तुदरमा सत्ता पक्ष र प्रतिपक्ष विकास निर्माणको सन्दर्भमा हामी राग भोग र गरीबीनै हाम्रो प्रतिपक्ष भन्ने मूल देयका साथ हामी संसद्मा विभिन्न समयमा झाकी प्रस्तुत गर्दै आहिरहेका छौं । मलाई यो लाग्दैनकी समय सन्दर्भमा कोही सत्ता पक्ष होला कहिले प्रतिपक्ष हुन्छ तर कर्णाली प्रदेशका दशै जिल्ला एउटा जिल्लाको एउटा वडामा विकासको पहुच राज्यको नजर पुगेन भने हामीले रोग भोक र गरीबि प्रतिपक्ष भन्ने नारा त्यानिर कहाँ निर मिल्छ एउटा प्रश्न गर्न चाहन्छु । सत्ता पक्ष हुदैमा अध्यादेशमार्फत् ल्याइएको बजेट होस् वा रेगुलर प्रथाको बजेट होस् । समग्र दशै जिल्लालाई समग्र आधारभूत तहमा विकास विनियोजित त्याहाँका जनताको नैर्सगी अधिकार हो भन्ने कुरा हामीले विरसिउ भने हामीले नारा त लगाउला, चिल्ला कुरा त

गराउला, मिठार गुलिया कुरा त गरौंला तर समग्रमा हामी कर्णाली प्रदेशको विकासमा एक मत हुन सक्दैनौ भन्ने कुराको पुष्टि र उदाहरण यो प्रतिस्थापन विधेयकले प्रमाणीत गरेको छ भन्ने कुरा सभामुख महोदय, राख्न चाहन्छु । मैले थोरै टिप्पणी गर्न चाहन्छु कर्णाली प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयले योभन्दा पहिला सुरु देखिनै सबै चौविसै निर्वाचन क्षेत्रमा एक एक ओटाकम्तीमा पनि वहुवर्षीय सडकहरू सम्पन्न गरिनेछन्। त्यो हाम्रै कार्यकालमा होस् वा त्योभन्दा पछि तर पनि एउटा एउटा निर्वाचन क्षेत्रमा वहुवर्षीय योजनाहरू सम्पन्न गरिनेछन भनेर सैद्धान्तिक एउटा आधार सरकारले गऱ्योको थियो । सभामुख महोदय, भन्न चाहन्छु सल्यान जिल्ला निर्वाचन क्षेत्र नम्बर १ क को अहिलेसम्म म सुन्दै छु चार वर्ष वितिसके अब हामी करीव करीव अन्तिम चरणमा छौं। सल्यान जिल्ला क्षेत्र नंमर १ मा सरकारले गरेको सैद्धान्तिक आधार सैद्धान्तिक निर्णय सल्यानमा के कती कारणले एउटा सडक त्यो पनि वहुवर्षीय पर्न सकेन । सल्यानी जनताले मत दिएर पठाको वास्तवमा त्यो खोस्टाहरू हुन्,खोस्टाहरू थिए । त्यो क्षेत्रको विकास गर्नु पर्दैन योभन्दाको सरकारले पुर्वाग्राही ढङ्गले अत्यन्त पुर्वाग्राही ढङ्गले राजनीति निज व्याहारका कारणले बहुवषिय परेन म सन्दै छु अहिलेको सरकारले सुहिकृति गरेको छरे । औपचारिक ढङ्गले बाहिर आएछ भने यो सरकारलाई बधाई त दिम्लानै तर पनि यसमा धेरै ढिलो भयो दुई वर्ष पहिला सडकहरू शरु भैसके कतिपय कामहरू अगाडि वढिसके तर हाम्रो सल्यानमा दुई वर्ष पछि भए पनि हुने भयो ढिलै भए पनि यो सरकारलाई धन्यवाद दिम्ला तर औपचारिक ढङ्गले आएको खण्डमा म सुन्दैछु त्यसैले सभामुख महोदय, फेरि पनि प्रश्न उठाउन चाहन्छु । भौतिक पूर्वाधार मन्त्रालयमा करीव करीव वार अरव चौतिस करोड पैतिस लाख बजेट विनियोजित गरिएको रहेछ । के सल्यानी जनता त्यो रकम वाट विनउन्मुख हुन पर्छ त्याहा पुल कुलेशाहरू छैन,सिँचाइ कुलाहरू छैन,बाटाहरू छैन, बाह्र अरब चालिस करोड पैंतिस लाख मध्यमा सल्यान निर्वाच क्षेत्र १ मा छुनु पर्दैन । त्यहाँ गत वर्षका निरन्तरता योजनाहरू छैन । नयाँ वर्षमा एउटा पनि योजना पर्नु पर्दैन एउटा प्रश्न गर्न चाहन्छु । अनी हामीले रोक भोक र गरिबी हाम्रोप्रतिपक्ष भनेर दिएको नारा कहाँसम्म म्याच गर्छ कहाँसँग मिल्छ । सरकारले ठिक छ बजेट प्रतिस्थापन विधेयक ल्याएर बहुमतको आधारमा पास गरेर नाटक मञ्चन गर्न सरकारलाई छुट छ तर समग्र कणाली प्रदेशको जनताको पक्षेमा यो सरकार अभिमूखीकरणमा छैन, हितमा छैन, जनताका पक्षमा छैन, नाटक मञ्चनमा मात्र छ भन्ने कुरा अहिलेको बजेटले विनियोजन गर्दैन । मैले सुन्दैछु मुख्यमन्त्री रोजगार कार्यक्रममा करिब करिब मुख्यमन्त्री कार्यालयमा चार

अरव पैसा विनियोजित गरिएको छ । यो बजेटको करिब करिब एक चाथाई हो । त्यो बजेट कसरी विनियोजित भएको छ । अब हामीलाई थाहा छ २०५१ सालमा नेकपा एमालेको सरकारले उपभोक्ता समितिको कन्सेप्ट ले योसङ्घीय सरकारले उपभोक्ता समितिको कन्सेप्ट भने वास्तवमा त्यहाँ बस्ने त्यो विकासको पहुँच पुग्ने थोरै सबै मान्छे त्यसैका हकदार हुन भनेर उपभोक्ता कन्सेप्ट आको थियो । अहिले मुख्यमन्त्री रोजगार कार्यक्रमअन्तर्गत चार अरब पैसा विनियोजित आधारमा भुक्तानीमा जादै छ तर हामीले कसरी ती योजना सम्पन्न गर्न खोजदै छौं । यस पटकबाट के बुझिन्छ भन्दाखेरिसरकार कही न कही हैन सबै ठाउँमा पुर्वग्राही छ एकांकी छ, नौटङ्की छ नाटककार छ । अनी यसले पुष्टि गर्दैन, यसले यर्थात झल्काउदैन अनी सरकार समानुपातिक प्रकृतिक न्याय सिद्धान्तको आधारमा विकास गर्न चाहँदैन । सरकारको आखा अन्धा छन । राति काला चस्मा लगाए जस्तै छ तर सरकार यसले पनि पुष्टि गर्छकि आमरूपमा हुन सक्छ यो बजेट योभन्दा पहिलाको सरकारले ल्याएको थियो । अब त्यो सरकारले गर्ने काम विनियोजित गर्ने रकमहरू समानुपाति न्याय सिद्धान्तका आधारमा प्राकृति न्याय सिद्धान्तका आधारमा विनिजित होस् र कार्यन्वयन होस् हामी हेर्न चाहन्छौं। फेरि पनि असारको अन्तिममा विगतमा अर्थ मन्त्रीज्यूले भन्दै हुन्थ्यो बजेट त दिने हो, खर्च गर्ने हो, दिने हो, खर्च गर्ने हो । नियम छैन, कानून छैन तर कुनै कुनै जिल्लामा र हाम्रो जिल्लामा जति विनियोजित गरिएको छ जति खर्च गर्न सरकार हउसेर अगाडि दौउडछ अन्तिमा फेरि त्यही घुमी आउछ सरकारलाई यसरी कर्णाली प्रदेशका जनताहरूलाई बिकाश हुन्छ भन्ने मलाई लाग्दैन यदपी सरकारले आफ्नो प्रक्रियामा आगाडि बढेको छ त्यसमा हाम्रो भनाइ केही छैन हवस् त धन्यवाद।

**<u>माननीय सभामुख</u>**ःमाननीय श्री खडक बहादुर खत्री समय सात मिनेट त्यस पछि राजु नेपाली तयारी अवस्थामा रहनुहोला

**<u>माननीय श्री खडक बहादुर खत्रीः</u>** माननीय सभामुख महोदय, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ अन्तर्गत भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र मुख्यमन्त्री कार्यालय र मन्त्रिपरिषद्को विनियोजित छलफलमा यो सरकारलाई मात्रै गाली गरेर पनि मात्रै जनतालाई सुनाउने मात्र काम हुन्छ । जनतालाई सुनाएर मात्र भन्ने हामी सरकारले नसुन्ने कार्यन्वयन गर्ने ठाउँमा तल कर्मचारीको हुन्छ कर्मचारीले मथिल्लो तहको कर्मचारीलाई नटेढ्ने त्योभन्दा माथिल्लो त्योभन्दा माथिल्लो को भनेको नमान्ने। मन्त्रीले भनेको मुख्यमन्त्री निर्देशन दिन नटेढ्ने त्यातो स्थितीको चाहिँ कर्णाली प्रदेश यसो कलपना गर्नुहोस् कर्णाली प्रदेश एउटा यो प्रसङ्गभन्दा बाहिर छ । दुई जना

विधायक एउटा सङ्घीय एउटा प्रदेश त्यो एउटा केस छनी त्यो एउटा भिडियो बनाउटी हो ? के हो ? त्यो यो कर्णाली प्रदेशको चिनारी यहीबाट प्रस्ट हुन्छ फलानोलाई यस्तो फसाउने मोहरालाई यस्तो फसाइया हो । यस्तो गर्‍यो भने त्यस्तो हुन्छ भन्ने किसिमका घटना हाम्रो चरित्र कर्णाली प्रदेशको त्यहाँ चित्रण भाकोछ । त्यसैले मलाई लाग्छ अब त्यस वाट पाठ सिक्दै हामी सत्य तथ्य सोझो बाटो हिड्न सकियो भने ठिक होला । होला गलत होला नहोला तर विधायिका छलफल कहाँ गर्न परथियो एउटा महिलासँग सहकार्य गरेर दुई ओटै माथि विधायिकाको प्रदेशको हाम्रो हैसियत हाम्रो प्रदेशसभा सदस्य प्रतिनिधि सभाको सदस्यको हाम्रो चिन्तन कस्तो छ त्यसै वाट प्रस्ट हुन्छ ।त्यसैले मलाई लाग्छ अरवौ पैसा छ पैसा चाहिँ यो तपाईं हामीबाट गाको पैसा छ जनताका निम्ति एउटा सङ्घीयप्रणाली आयो जनताको घर दैलोमा बजेट जाने मलाई लाग्छ यो सरकार परिवर्तन हुने थिएन । राणा शासन जाने थिएन,पञ्चायती व्यवस्था जाने थिएन, एघार वर्षको शासन जाने थिएन । पैसा धेरै भएको भए, आर्थिक राम्रो भएको भए, समान्ती भएको भए, हामी यो ठाउँमा आउन पाउथेनौं किन भने त्यति बेला जतासुकै पानीका धारा दिने, त्यसपछी चामल दिने, नुन दिने, सबै पुगेपछी त विरोधै हुने थिएन । चिज कम छ आवश्यता बढिछ छ तर त्यो चिज भएको पनि हामी वितरण प्रणालीमा, हामी मैले पनि एक दुई चोटि भन्ने गरेको छु नोट र भोटमा हामी फसिराछौं । मलाई लाग्छ हाम्रो हिजो आन्दोलन, धेरै सहिद हुनु भा छ । धेरै आन्दोलन भए धेरै रूपान्तरणका कुरा भाछन् र मलाई लाग्छ आज त्यो घटनाबाट हामी केही पनि परिवर्तन हुन सकेनौं । यो उपदेश दिए जस्तो होला यो मेरो अनुरोध हो मलाई लाग्छ कर्णाली प्रदेशको एउटा सङ्घठन संरचना सुरुवात भयो यो पनि एउटा सङ्घीय सरकार वाट हिजो पंचायिती व्यस्थामा पाचँ विकास क्षेत्र हुँदा बनाएका संरचना भौतिक संरचना बाटाघाटा आदी सार्वजनिक जग्गा छैन । चाहे केन्द्रका कुरा गर्नुहोस्, यहाँ तलका कुरा गर्नुहोस् । त्यसैले विषयसँग सम्बन्धित म यो शहरी विकास सम्बन्धीको कुरा योभन्दा पुर्व मुख्यमन्त्री भौतिक पूर्वाधार मन्त्रालयका माननीय मुख्यमन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु । अहिले सरकारले त्यो विस करोडको पैसा विस करोडको बजेट मुख्यमन्त्री कार्यालय मन्त्रिपरिषद्को चाहिँ भवन बनाउने बीस करोड दिएको । अर्गानिक खेतिको नाममा अब त्यहाँ मकै छ कि कृषि छ कि आफैं चाहिँ भनौ गाडिमा बसेर आफैं ट्र्याकटरमा बसेर उद्घाटन गर्नु भाको थियो मलाई लाग्छ । त्यहाँ दोस्रो तला, तेस्रो तला बन्ने थियो । म मुख्यमन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु, त्यो डिजाइन नौं लाखमा बनेको छ । त्यो भिजोल मलाई लाग्छ यहा उपलब्ध

होला,त्यो सत्ताइस अठ्ठाइस लाख पर्ने त्यो मलाई लाग्छ सोएल टेष्टका रिपोर्टहरू पाच ओटा गरेको छ ओटा मन्त्रालय सात ओटा मन्त्रालय एउटा मुख्यमन्त्री कार्यालय बिचमा राखेको विस करोड छिटिएको बजेट आज त्यो छैन । त्यसैले म आग्रह गर्न चाहन्छु भौतिक पूर्वाधार मेरुडण्ड हो मलाई लाग्छ सबै मन्त्रालयका चाहे पर्यटन होस्,चाहे कृषि हुन,चाहे समाजिक हुन समाजिकले शिक्षातिर हेर्ने हो । समाजका विकृती विसंगतीलाई, त्यसका निम्ति जाने जनता सूचित गर्ने समाजलाई अगाडि बढाउनका निम्ति ट्रेनिङहरू दिने,तालीमहरू दिने जनतालाई सम्बन्धित ठाउँसम्म मुख्यमन्त्री कार्यालय पूर्वाधार मन्त्रालय सम्बन्धित कार्यालयसम्म आउने पहुँच बनाउनका लागि सचेत गराउने समाजिक मन्त्रालयको काम हो सामाजिक मन्त्रालयले एउटा भनौ टिचरले एउटा शिक्षक अधिकृतले, प्रशासकीय अधिकृतले त्यहाँ के प्रविधि गर्न सक्छ । मलाई लाग्छ कृषि कुरा उठाए मैले, पर्यटन मन्त्रालयका कुरा उठाइराछु, त्यसैले यो टोटल जिम्मा अझ पनि भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत जानुपर्छ र हिजोको प्राविधिक वैंक कहाँ गयो ? प्राविधिक हक कहा गयो ? प्राविधिक बैंक बनाइ सके पछि सङ्घीय सरकारले के भन्याछ तभन्दा शहरी सडक अन्तर्गत एउटा प्राविधिक फाँट बनाइयो भने त्यो फाँटले आवश्यक भएका ठाउँमा विज्ञ समुह ल्याउन सकियो भने काम बन्न सक्छ । म आग्रह चाहन्छु तपाईं हामी मन्त्री छौं नेपाली पोशाक लाछौं । राष्ट्रियता झल्काएका छौं, राष्ट्रिय झन्डा पनि छ राष्ट्रियता हामीसँग छ । हामीले भनेको सचिवले कति टेढ्छ त्योभन्दा तल्लो निकाय उपसचिवले कति टेढ्छ, प्राविधिकले कति टेढ्छ, मलाई लाग्छ यो अहिले फिरौतीका रूपमा हिजो पन्ध्र देखि हुँदै पचास हुँदै आज पाचँ प्रतिशत दश प्रतिशत अनिर्वाय रूपमा अहिले पनि तपाइहरूलाई छातिमा हात राखेर भन्न सक्छु यो देउती गंगामाला बसेको ठाउँ हो । अहिले पनि त्यो फिरौती उठाउने काम भैराछ, फिरौती नदिएसम्म चाहे उपभोक्ता समितिको होस्, चाहे निर्माण व्यवसायको होस् । त्यसैले हामी त मलाई लाग्छ काटुर्न जस्ता मात्रै हौं, मन्त्रीले भन्यो जतिखेर कार्यक्रम हुन्छ सचिवजीले आफ्ना च्यानल तपाईं कर्णाली प्रदेश कल्पना गर्नुहोस् त विज्ञ समुह खडा भयो । अहिले अर्थ मन्त्रालय समाल्न पाछ केन्द्रीय विज्ञ समुहको भयो । डाक्टर पदम शाही हुनु हुन्थ्,यो पाचँ जना डाक्टरहरू आएको सडक सम्बन्धीमा डिपिआरका कुरा थिए ।प्लानिङका कुरा थिए, अन्तर प्रदेश सडक कुरा थिए जनता सडकका कुरा थिए यिनी कुरा सम्बन्धीमा अगाडि जाने कुरालाई त्यसैमा छेकबाड गरेर त्यहाँ कस्तो गरियो तभन्दा मलाई लाग्छ नौं किलोमिटर बाटोमा टनेलका कुरा आए। यी टनेल कोसँग जोडिया थिएतभन्दा चाइनिज

प्राविधिकसँग जोडिएको थियो । आजचाहिँ हिल्साको पैसा हिल्साको चाईनासँग सम्झौता गरियो । भौतिक पूर्वाधारमा म आफैं मन्त्रालयमा हुँदाखेरी यहाँबाट चाहिँ सत्ताईस लाख भुक्तानी दिन लाईयो । हेलिकप्टर चडेको त्यसैले म के आग्रह गर्न चाहन्छु तभन्दा यो मन्त्रालय जुन अर्गानिक खेति गर्ने ठाउँमा मन्त्रालय बनेको हेर्न चाहन्छन् यहाका मान्छेले । त्यसैले विशेष अनुरोध के चाहन्छुभन्दा प्राविधिकहरूलाई सम्बन्धित मुख्यमन्त्रीलाई आग्रह गर्न चाहन्छु, सम्बन्धित मन्त्रालय अन्तर्गत सचिवजीहरूलाई सम्बन्धित विभागअनुसारको म यहीं प्रदेशसभाको अगाडि उस्मा यो कस्तो हालत छ यो बाटोको म मन्त्री हुँदा मुख्यमन्त्रीले दुई चोटि समाल्नु भयो पहिलाको मुख्यमन्त्रीले भौतिक पूर्वाधार समाल्नु भयो । त्यस पछीको मुख्यमन्त्रीले समाल्नु भयो, त्यो डेट हेर्नुहोस् अख्तियार अगाडिको बाटो, बाटोको डेट मिलाउन भनौं प्राविधिक त्यस्तो सिपालु छैन । त्यहाँ हेर्ने दृष्टिकोण होइन, त्यहाँ अनुगमन होइन,त्यहाँ पैसा कति गयो ? कहिलेको म्याद हो ? कहिले सम्झौता भयो ? यीसम्म हेक्का नराख्नेभएपछिहामी मन्त्री राज्यको पैसा खाने कार्यविधि बनाउने चाङका चाङ लगाउने, त्यसैबाट पैसा लिएर आफ्नो तजविजि किसिमले हुकुमी सरकार जुन किसिमले बनेको छ । यो भोट लिने सरकार यो बजेट भोटका निम्ति बनाइएको हो । यो भोट लिनका निम्ति स्थानीय तहमा अध्यादेशबाट रातारात ल्याएर भोट फकाउने काहि पचास हजार, काहीं एक लाख, काहीं तीन लाख, काहीं पाँच लाख खानेपानि भएको ठाउँमा पैसा दिएर शीर्षक बनाउदै पैसालाई दुरूपयोग गर्ने, भरणपोषण गर्ने, जुन भएको छ, यो विरोधका निम्ति विरोध होइन । विशेष गरी आग्रह गर्न चाहन्छु (माननीय सभामुखः सकौं माननीय सदस्यज्यू) मन्त्रीज्यूमार्फत, सचिवमार्फत भएगरेका योजना जहाँ हामीले लागाएका छौं । त्यसलाई कार्यन्वयनमा एकदम पुर्णरूपले त्यहाँ चाहिँ निगरानी पुगोस् भन्दै मेरा भनाइ यहीं अन्त्य गर्दछु, धन्यवाद ।

<u>माननीय सभामुख</u>ः माननीय श्री राजु नेपाली त्ययसपछि माननीय श्री बदमी क्वारी बोहोरा तयारी अवस्थामा रहनुहोला समय सात मिनेट

<u>माननीय श्री राजु नेपाली:</u>सभामुख महोदय, ११२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा सम्पूर्णस्वदेश वा विदेश रहनुहुने सम्पूर्ण महिलाहरूमा हार्दिक शुभकामना दिन चाहन्छु । नवौं अधिवेशनको चौधौं बैठकमा भौतिक पूर्वाधार मन्त्रालयको विनियोजन विधेयकको रूपमा छलफल गरिरहँदा विनियोजन गरेका बजेटमा छलफल गरिरहँदा कर्णाली प्रदेशलाई आमुल परिवर्तन गर्ने भनेर लागेका हामी सरकार माननीयज्यूहरू कस्तो परिवर्तन तीन लाख,पाँच लाख,ढाई लाखको बजेटले यो

प्रदेशको परिवर्तन कस्तो परिवर्तन हेर्न खोजेको हो सरकारले यो बजेटका नाम यो कतै खल्तीमा हाल्ने र आफ्ना कार्यकर्ता भरणपोषण गर्ने बजेट छ । सकिन्छ भने हामीले राम्रो काम गर्ने हो राम्रो काम गर्नका लागि यो कर्णाली प्रदेशका जनताले भोट हालेर यहा पठाएका छन त्यी जनताहरूको भवना मर्म विपरीत काम गर्ने कुनै कसैलाई सायद अधिकार छैन होला सभामुख महोदय,हैन भने नराम्रो काम गर्न पाइदैन भाग्य र भविष्य कोर्ने हो कर्णाली प्रदेशका जनताका भनेर हिजोका ती खोक्रा नाराले हुने कहि कतै केही रहेन्छ । भोलिको दिनमा यसको हिसाब किताब गर्ने छन जनताले फेरि हजुर सरकारमा बस्नेले पनि अलिकति हेक्का राख्नु पर्ने हुन्छ । हामीले यहाका दलित गरिव निमुखा महिला पछाडि परेका वर्ग पछाडि परिएका समुदायका लागि क्षेत्रका लागि आएको बजेट बजेट जादै गर्दा अधिकार अकैले लिदा त्यही माथि पनि त्यही अधिकारलाई पनि जहाँ जिल्लामा जादा कार्यक्रम सञ्चालन गर्छुभन्दा एउटा समिति बनिसक्दा त्यो समितिलाई पनि हुत्याएर तिमिहरूको अधिकार छैन तिम्रा अधिकार हैन यसमा तिमीहरू त बस्ने मात्र हो बैठक मात्र बस्नेहो भनिएको छ सभामुख महोदय, हामीले कार्यक्रम हामीले छान्नि हो हामीले गर्ने हो भने आज ती जिल्लाहरूमा कर्मचारीहरू जुर्मुराहिएको अवस्था छ ठाउँ ठाउँबाट फोन आहिरहेको छ जन तन पहिलै वर्षको बजेट हो दलितहरूको पनि हामीलाई असफल बनाउनका लागि असारको महिना दिएको थियो फेरि पनि पाचँ जना माननीयज्यूहरूले गर्दा यो फर्काएर जस्ताको तेस्तै राखियोस् यो कोषमा हामीलाई अस्क्षेम देखाउनको लागि असारको महिनामा बजेट दिइयो हामी अहिले चलाउँदैनम अर्को वर्ष समयमा हामीलाई बजेट दिनु पर्छ भनेर बोलिरहँदा त्यो बजेट गएर राखिएको थियो आज यो वा त्यो वाहानामा फेरि पनि त्यो समुदायलाई त्यो लक्षित वर्गलाई गुम्रामा राख्ने र आफ्नो चाहिँ हालिमुवाली गर्ने काम भैरहेको छ सभामुख महोदय, यसलाई पनि सरकारले मध्यनजर गर्नुपर्ने हुन्छ । स्वास्थ्य मन्त्रीज्यू आज एक जना माननीय बाहिर ढल्नु भएको छ हेक्का छ कि छैन महिलाहरू हो भालि पुरुषहरू पनि हुन सक्छ खै स्वास्थ्य कर्मि कहाँ हुन्छ केही नभए पनि हामीलाई टाउको दुख्दैन हामीमा भैरहेका रोगका बारेमा त्यो माथि ध्यान दिनु पर्दैन खहि आज सामान्य सिटामोल दिनेर यो प्रेसर नाप्ने डाक्टर बाहिर हुन्छकि हुनुहुदैन ?यो के खेलवाड हो माननीय हुन भन्दै सधै स्वस्थ हुँदैन यस माथि पनि ध्यान जान जरुरी छ। यस्ता कुराहरू पनि सरकारले आखा सानोतिनो कुरा मान्नुहुदैन यतातिर ध्यान जान जरुरी छ । सरकार त यस्तो भहिदियो कि निक्मा नै भैदियो । सबै कुरा सम्पन्न भयो होला त भएको छैन त सानातिना कुरालाई पनि नजर गर्नुपर्छ यसमा पनि

सरकारको ध्यान जान जरुरी छ । भन्दै आफ्नो भनाइ यहीँ अन्त गरे हस्त धन्यवाद ।

**<u>माननीय सभामुखः</u>**माननीय श्री बदमीक्वारी बोहोरा समय सात मिनेट त्यस पछि माननीय श्री दानसिंह परियार तयारी अवस्थामा रहनुहोला ।

**<u>माननीय श्री बदमीक्वारी बोहोराः</u>**माननीय सभामुख महोदय, आज ११२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको उपलक्ष्यमा सम्पूर्ण त्यो २००७ सालको जहानिया राणा शासन होस् २०१७ साल होस् या २०४६ साल त्यसै गरेर २०५२ देखि सुरु भएको दश वर्षे जनयुद्ध २०६२/२०६३ मा जुन हाम्रो महिलाहरूको हक हित र अधिकारका लागि लडाई गरेर जुन आफ्नो ज्यानलाई आवुति दिने सम्पूर्ण महिला दिदिहरू नेपाली महिला दिदिहरू लाई भावपुर्ण श्रद्धाञ्जली दिँदै यो अन्तर्राष्ट्रिय महिला श्रमिक दिवसको सम्पूर्ण नेपाली दिदि वहिनीलाई लगायत विश्वका सम्पूर्ण श्रमिक महिला दिदिबहिनीहरूलाई शुभकामना व्यक्तगर्न चाहन्छु । आज यो भौतिक पूर्वाधारको विषयमा जादाखेरि हाम्रो यो कर्णाली प्रदेश सरकारको लकभक अन्तिम अन्तिम हामी अब कार्यकाल पूरा हुन लागि सकेको छ हाम्रो पाँच वर्ष विताहिम हामीले यो प्रदेश सरकारको सदस्य भएर मैले आफूले पाँच वर्षको अन्तरालमा गरेको मैले आफ्नो हरेक विकास नीतिका अनुभवमा भौतिक पूर्वाधार बिकाश अन्तर्गत केही काम कृषि मन्त्रालयका केही काम र प्रर्यटन मन्त्रालयले गरेका केही कामका बारेमा म केही भन्न चाहन्छु । विधेयक पनि त्यहीअनुसारको छलफल गर्ने कुरा छदै छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले हाम्रो पहिलो कर्णाली प्रदेशको पहिलो सरकार जुन रारा हामीले पर्यटन वर्ष ०७५ मा जुन हाम्रो उदघाटन भयो एउटा कर्णाली प्रदेश सरकारले नारा बनायो राराको बाटोलाई चाहिँ पर्यटन पद मार्गको नाममा हामीले यो कर्णालीको बिकाशको पहिलो खुट्किला चाहिँ राराको बाटो हो । जुन हामीले रारालाई चाहिँ पर्यटन एउटा व्यवसाहि कर्णाली प्रदेशको चाहिँ पर्यटन व्यवसायको मूल आधार हो भनेर जुन नारा बनायो त्यसै गरेर डोल्पाको शे-फोक्शुन्डो काललाई पनि जोड्यो यसमा धेरै कुपिण्डे तालहरू भए यस्ता सबै पर्यटकिय क्षेत्रहरूलाई जोडेर जुन एउटा नारा बनायो मेरो आफ्नो अनुभवमा के लाग्छ भने प्रदेश सरकारले हुन त मन्त्री एउटा पात्र हो । प्रदेश सरकारको मन्त्री चाहिँ एउटा पात्र हो तर मन्त्रालयका सम्पूर्ण मुख्यमन्त्रीज्यू लगाएत सम्पूर्ण मन्त्रीज्यूहरूले सरकारलेनै क्याबिनेटमा छलफल गरेर यो कर्णाली प्रदेशको विकासको लागी दिर्घकालिन छलफल गर्नुपर्ने हो भन्ने हाम्रो सोचाइ हो। त्यसमा हाम्रो पनि सहभागी छौं तर यसो हेर्दाखेरि प्रदेश सरकारका हुन त्यति खेर

हाम्रो डोल्पाकै मन्त्री हुन्नथियो नन्द सिंह बुढा पूर्वाधार विकासका नाममा टापुमा चार,पाँच करोड पैसा हालेर बार लगाइयो यो आधुनिक कृषि प्रणालीलाई अगाडि बढाउँछु। कर्णालीको मुखै एकै चोटि फेरछु भनेर जुन हाइटेक नर्सरीको कुराहरू गरीयो प्रदेश सरकारले तिनी बजेटहरू आज घरको न घाटको न गाई न बाच्छाको पेटमा न गाईको थुनमा भाछ हामीले हेर्दाखेरि । एउटा डोल्पा मात्रै हेर्ने भने तीन चार ओटा दुई,तिन ओटा पुल छन वेलिब्रिज पुलहरू टेन्डर भाको छ । कति ओटा तिन,चार अझै दुई तीन ओटा पुल वन्न बाँकी छ सर्बे भहिसकेछन तर पुलहरू बन्न बाँकी छ । त्यो टापुमा लगेर पाँच सात करोड फालेर खेर फल्ने बजेटले एउटा सदरमुकाममा हस्पिटलसँग जोडिने बनाइ दिएर पुल यो प्रदेश सरकारले बनाइ दिएको भए प्रदेश सरकारको नाम हुनथियो होला अथवा त्यो डोल्पाका तिनि छ,सात ओटा ठाउँमा समानहरू झार्दै सार्दै गर्ने ठाउँमा दुई,चार करोडको पुल हाल्देको भए प्रदेश सरकारको अहिले अलिकत राम्रै काम देखिनथियो होला आज जुन त्यसमा एउटा मन्त्री मात्रै दोसी छैन सरकारमा बस्ने प्रमुख मुख्यमन्त्री लगायत यो प्रदेश सरकार सम्पूर्ण दोसी छ । के त्यो बजेटको कुरा हामीले धेरै पटक पनि उठायौं प्रदेश योजना आयोगको उपाध्यक्षज्यूआफैं स्वयम गएर डोल्पा हेर्नु भयो टापु आज त्यो टापुमा न जनताको केही उपलब्धि हुने कामहरू छ । तिनि हाइटेक नर्सरी न केही उलब्धी हुने कामहरू छ न कृषिसँग जोडिएर उत्पादन केही जोडिएको छ । आज एउटा व्यतिका पेट पाल्ने काम भैराख्याछन । हामीले हिजो पनि बिरोध गरियौ सरकारको हामी तीन वर्ष नेकपा हुँदाखेरि हाम्रै मुख्यमन्त्री हाम्रै पाटिको मुख्यमन्त्री हामी नेकपा हुँदाखेरि मैले अस्ति भने अघिल्लो सरकार पनि शाहीको प्रतिनिधित्व थियो अहिले पनि शाहीनै हुन्छ भनेर । हामीले धेरै कुराहरूमा अनुरोध गऱ्यौ यो भौतिक पूर्वाधारमा त्यो मुख्यमन्त्री तगाएत अरूअरूहरू मन्त्री हुने ठाँउमा मात्रै विकासको आवश्यकता पर्छ भनेर जुन मैले अस्ति विषय समयमा पनि बोल्यौं । जहाँ मन्त्री पहुँचवला मन्त्री जहाँ अलिकति सरकारका लाई आउने ठाउँ दिने मान्छेहरूको ठाउँमा धेरै योजनाहरू परिख्याछन । हाम्रो तिनी पुल कुल्लेसाहरू कहिले बन्ने हुन आज रारा मुगुको अस्तिको बस दुर्घटनामा बतिस,त्यतिस विध्याथि भविस्यका इन्जिनिएर,डाक्टरहरूले ज्यान गुमाए । आज त्यो राराको बाटो लाई ध्यान नदिने कर्णाली प्रदेश सरकार डोल्पा,हुम्लाको यस्तै विभिन्न किसिमका योजनामा ध्यान नदिने सरकारले भौतिक पूर्वाधार विकास लगायत सर्मपुण मन्त्रालय लगाएतलाई भन्न चाहन्छु प्रदेश सरकारलाई भन्न चाहन्छु खै तपाईंहरूको ध्यान सरकारको ध्यान खै ? आज एउटा व्यक्तिका नाममा पार्क बनाउने कुनै व्यक्तिका

नाममा एउटा सानो घर बनाउने कुनै व्यक्तिका नाममा योजनाका नाममा विकासका नाममा चाहिँ विनाश एउटा कृषिका नाममा भौतिक पूर्वाधारका नाम करोडौं बजेटहरू छरप्रस्ट पारेर चाहिँ जनताको बिचमा लगेर चाहिँ फाल्ने तपाईँहरू डोल्पाको सिडिओलाई सोधन सक्नुहुन्छ तपाईँ डोल्पाको स्वास्थ्य प्रमुखम डक्टरहरूलाई सोधन सक्नुहुन्छ त्यो चार करोड,सात करोड,पाँच,छ करोड कति गाछ त्यो डोल्पाको दुनैको भेरीको टापुमा पैसा त्यति बेलापनि त मुख्यमन्त्रीज्यू हुनुहुन्थ्यो त के हेरे बस्नु भयो के तपाइहरू सबैलाई कमिसन आयोहोला र चिप लाग्नु भा होला के गऱ्यो त्यो उपलब्धि यस्तै भएर हुन्छ भौतिक पूर्वाधार विकास कर्णाली प्रदेश सरकाले अझै पनि धेरै सोच्न पर्ने अवस्था छ । यो ध्यान नदिने सरकार विकासका नाममा बजेट वितरण गर्ने त्यस पछि केही व्यतिहरूलाई पाल्ने कर्मचारीहरूलाई के गरेर काम लाउछन् कर्मचारीहरू के गरेर त्यो विल भुक्तानी गर्दिनुहुन्छ कर्मचारीलाई थाहा होला कर्मचारी साथीहरूलाई तर मन्त्रीज्यूहरू मुख्यमन्त्रीज्यू लगाएत प्रदेशमा सरकारले के हेरे बस्याछ ?तपाईँहरूलाई पनि कमिसन आउछ होला त्यही भएर चुप्प लागेर बस्नुभाछ उपलब्धि बिनाको बिकाश बन्द गरियोस् अवको यो भौतिक पूर्वाधारमा पनि समानुपतिक, समावेशी तरिकाले बजेट वितरण होस् भन्ने मेरो आफ्नो भनाइ राख्दै मेरो भनाइ यहीँ सिध्याउछु, हवस्त नमस्कार।

<u>माननीय सभामुखः</u> माननीय श्री दानसिंह परियार समय सात मिनेट त्यस पछि माननीय श्री पद्मा खड्का तयारी अवस्थामा रहनुहोला

<u>माननीय दानसिंह परियारः</u>सभामुख महोदय,प्रदेश विनियोजन अध्यादेश प्रतिस्थापन गर्न सदनमा पेस गर्नु भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ माथि यो छलफलमा भागलिन चाहिँ म उपस्थित भाछु । पहिलो कुरा त मैले अस्तिको चाहिँ केही मन्त्रालयको छलफलमा पनि मैले केही धारणा राखेको थिए कि एउटा सार्वभौम संसद्लाई जनताको प्रतिनिधित्व थलोलाई निषेध गरेर छलेर झुक्याएर जुन गलत बाटो बाट चाहिँ अध्यादेशको नामको चाहिँ नाटकबाट चाहिँ कर्णाली प्रदेशको चाहिँ बजेट विनियोजनको अभ्यास गरियो प्रथमतः मैले त्यसमै घोर आपति र घोर भत्सना गर्न चाहन्छु म किन भने हामीले अघिल्ला अघिल्ला वर्षहरूको बजेटहरूमा हामी नेकपा हुँदा केही दुई,चार ओटा कामको चाहिँ सुरुवात भएको थियो ।हामीले कृषिमा अर्गानिकको कुरा उठेको थियो आन्तारिक मामिला चाहिँ डिजिटलको कुरा उठेको थियो । भौतिक पूर्वाधार मन्त्रालयमा चाहिँ जनता सडकको कुरा उठ्या थियो पर्यटन मन्त्रालयमा चाहिँ कम्सेकम एक जिल्लाको चाहिँ एउटा पर्यटन पूर्वाधारको विकास गर्ने कुरा उठ्याथियो

लगाएतका केही महत्त्वपुर्ण कुराहरू उठेको थियो तर मलाई के लाग्छ भने सबै एजेन्डाहरू यिही पात्रहरू छौं हामी । हामी संसद्मै छौं ती सबै चाहिँ एजेन्डाहरू कम्जोर भए । आज डिजिटलको कुरा कता गयो,अर्गानिकको कुरा कता गयो,जनता सडकहरू कता गए,एकीकृत वस्ति विकासका कार्यक्रम कता गए ? मुख्यमन्त्री रोजगारको नाममा गरिएका अभ्यासहरू चाहिँ त्यसले चाहिँ प्रसि गरिरहेको कुरा प्रसि गऱ्यो कि गरेन यी गम्भीर प्रश्नहरू उठिरहेका छन् तपाईंको त्यो भएकोले मैले अस्ति पनि भन्यको थिए जुन कुराको चाहिँ रूपनै देखिन् यसो हेर्दा सरकारको रूपनै देखिन्न अनि रूपनै नदेखेको सरकारबाट चाहिँ सारको परिकल्पना गर्नु चाहिँ कर्णालीका आम मन्छेको चाहिँ भम्र हो । जस्को रूपनै छैन यस्सो हेर्दा के देखिन्छ त चाहिँ अनि त्यो वाट अपिक्क्षया गर्नु चाहिँ भम्र मात्र हो । त्यसो भएकोले मैले केही कुराहरू गर्न चाहन्छु यो आन्तरिक केरे यो भौतिक पूर्वाधार मन्त्रालयको कुरा गर्नु पर्दा यो वर्ष मेरो निर्वाचन क्षेत्रमा एउटा पनि चाहिँ मेरो जिल्लामा एउटा पनि कार्यक्रम छैन कसरी यसमा छलफल गर्ने त ? मेरो निर्वाचन क्षेत्रमा भौतिक पूर्वाधार मन्त्रलयको एउटा पनि कार्यक्रम छैन यो कुरा निषयत पुर्वआग्रह,आग्रहबाट बजेट ल्याईएको थियो र यसमा के छलफल गर्ने अनि मेरो जिल्लाका जनतालाई मैले उत्तर दिनुपर्ने छ कि सरभौ संसद्लाई छलिएको बजेटले जनतालाई छुदैन मुगालिलाई छुदैन केही गरिएको अभ्यासहरूले छोएको छैन त्यसो भएकोले यस कुरा चाहिँ विशेष गरी ध्यान दिनुपर्छ अहिलेको नयाँ मन्त्रीले भन्ने कुरा भन्न चाहन्छु म तपाईंलाई र यो मुख्यमन्त्री कार्यालयको कुरा गत वर्ष केही अभ्यास गरिएको थियो कर्णाली उज्यालो कार्यक्रम त्यो मुगुमा छ कि छैन अहिले ? एकीकृत वस्ती विकासको कार्यक्रम काका भैराख्या छ के हो त्यो के हुदैछ ? अनि मुख्यमन्त्री रोजगार कार्यक्रम काका केके भैराख्या छ ? र अरू डल्लो बजेटहरू चाहिँ मुख्यमन्त्री कार्यालयमा रहेको त्यो बजेट कहाँ विनियोजन गर्ने भन्ने कुरा कहा छलफल भैराख्या छ ? यो कुरा सार्मभौं संसद्लाई जानकारी हुनुपर्छ । अहिले मैले अस्तिमात्र हुम्ला गएको थिएँ। एउटा ताजाकोट भन्ने ठाउँमा एकीकृत वस्ति विकास कार्यक्रमको नाममा आफ्नो पाटीको कार्यकर्तालाई वितरण भएको कार्यक्रम देखें मैले । पूरै बजेटको चाहिँ दुरूपयोग एउटा अभ्यास त त्यो देखियो मैले। गत वर्ष त अब त मन्त्री नयाँ हुन्छ भौतिक पूर्वाधार मन्त्रालयको यहा योजना सुहिकृत नहुदै कालिकोट लगाएतको जिल्लामा डोजर पहिला चाहिँ सञ्चालन गरेर कमिशन पहिलै खाहि सक्थिए । यो वर्ष केभा छ अब हामीले त मुख्यमन्त्री चेन्ज गरेका छौं यसमा चाहिँ गंम्भिर रूपमा सोच्नुपर्छ । यो कुरा चाहिँ ध्यानाकर्षण होस्

त्यतै गरेर म अहिले मुख्यमन्त्री विशेष ध्यानाकर्षण के गर्न चाहन्छु भने मैले बारम्बार मैले संसद्मा बोलीराख्या कुरा राराको पर्यटन पूर्वाधार गरौ विश्वको गन्तव्य कर्णाली,कर्णालीको गन्तव्य चाहिँ एकपटक रारा बनाउ भनेर मैले सयौं पटक चाहिँ संसद्मा कुरा राख्य मैले तर त्यसको केही अभ्यासहरू गर्ने सन्दर्भमा चाहिँ सारा रारा वरिपरीको साइकल लेनको कुरा उठ्यो तर म त्यही क्षेत्रको निर्वाचित संसद्बारम्बार चाहिँ राराको बारेमा कुरा गर्ने मान्छे म यहीं छु तर अहिले एकै पटक चाहिँ तपाईंको चाहिँ जुनकि रारामा दुई महिनामा भन्दा काम हुँदैन पैचालिस करोडको रारा साइकल लेनको टेण्डर गरेर एउटाभन्दा अर्को फमले चाहिँ त्यसमा हाल्नै नमिल्ने किसिमको इन्डिकेटर वनाएर पैचालिस करोडमा पन्ध्र देखि बीस करोड सेटिङमा त्यो काम हुँदै छ भन्ने कुरा मैले सुन्या छु । यदि यो खाले चाहिँ हो भने यसले चाहिँ ठुलो रूप लिन्छ यसले चाहिँ तपाईंको चाहिँ वास्तविक रूपमा मुगालि जनताले यसको उतर खोज्ने छन । अहिले नै म जो आस्य पत्र वाहिर आएको छ यो वास्तव चाहिँ धेरै मान्छे चाहिँ प्रतिस्पर्धा नगरी त्यी निर्माण गरिएको छ यसको चाहिँ मुख्यमन्त्रीलाई चाहिँ म विशेष गरेर विशेष गरेर ध्यानआकर्षण गर्न चाहन्छु कि यसमा चाहिँ अधिक्तमप्रतिशपर्दा वाट धेरै मान्छेकोप्रतिशपर्दा वाट र धेरै किसिमको ठेक्काबाट चाहिँ त्यो काम होस् भन्ने कुरा राख्न चाहन्छु । र अन्तमा मैले विशेष गरेर बजेट ल्याउने क्रममा केही तलमाथि भए तापनि तर अहिलेको मुख्यमन्त्रीले सबै निर्वाचन क्षेत्रमा बजेटको चाहिँ कमसेकम चाहिँ सन्तुति र न्याय चित होस् त्यतातिर चाहिँ विशेष गरेर मुख्यमन्त्रीको विशेष ध्यान जावोस सबै निर्वाचन क्षेत्रमा काहा काहा केके बजेट छ त कुन मन्त्रालयमा के भा छत मन्त्री केन्द्रित बजेट छकि ? वितरणमूखी बजेट छकि ? जनताको आधारभूत आवश्यतालाई सम्मान गर्ने बजेट छकि छैन ? र आम कर्णालीका चाहिँ गरिव निमुखा विपन्न पछाडि परेका वर्ग समुदायका मान्छेहरू चाहिँ प्रत्यक्ष रूपमा प्राप्त गर्ने किसिमको बजेट छकि छैन त्यो कार्यन्वयनको चरणमा कहाँ पुगिराख्या छ ? भन्ने कुरा एक पटक चाहिँ मुख्यमन्त्रीको चाहिँ गम्भीर ध्यानाकर्षण होस् भन्ने भनाइ राख्दै मेरो भनाइ यहीं टुङ्ग्याउछु, धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री पद्मा खड्का समय सात मिनेट त्यसपछी माननीय श्री कौशिलावती खत्री तयारी अवस्थामा रहनुहोला ।

<u>माननीय श्री पद्मा खड्काः</u> सभामुख महोदय, नारी तिमी सागर हौं प्यासी नबन,नारी तिमी सिर्जना हौं दासी नबन । ११२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस । संसार भरीका महिलाका जसले मुक्तिका लागि आन्दोलन गरेर आज हामी यो दिवस मनाउन

गहिरहेका छौं । विशेष गरी विश्व भरि रहनुभएका महिला दिदिबहिनीहरू लाई मैले हार्दिक यो मन्च वाट शुभकामना दिन चाहन्छु । आज हामी जुन भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय र मुख्यमन्त्री कार्यालयको विषयमा हामी छलफलमा भाग लिरहेका छौं । सर्वप्रथम मैले कर्णाली प्रदेशको सबैभन्दा ठुलो बजेटको स्केल भएको मन्त्रालय भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय जहा हामीले धेरै अपेक्षा गरिराख्या थियौं कर्णालीका नागरिकले पनि पक्कै पनि यो मन्त्रालयबाट कर्णालीले केही मुहार फेर्ने जुन आशा जुन अपेक्षा गरिरहेका थिए त्यो सायद यो चार वर्षे कार्यकालमा देखाउने हामीले एउटा मात्र पनि त्यस्तो ठुलो अ प्रोजटे एउटा ठुलो जुन गहुरवको आयोजना कर्णाली प्रदेश सरकाले गर्न न सकेकोमा हामी जनप्रतिनिधि मात्रै नभएर कर्णालीका सत्र लाख नागरिक आज चिन्तित हुनुपर्ने अवस्था आयो एसका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय जुन गतिले जान पर्ने हो बजेटको सीमा हेर्दा सबैभन्दा ठुलो रकम भएको मन्त्रालय तर यसको बजेट बानाउने जुन खालको तरिका बजेटलाई कार्यन्वयन गर्ने जुन खाल्को तरिका हेर्दा ०७६/०७७ मा रातो किताबमा आहिसकेका योजनाहरू ०७७/०७८ मा हराएर जाने फेरि ०७७/०७८ मा आएका योजनाहरू फेरि ०७८/०७९ मा हराएर जाने यस्तो खालको एउटा बजेट बनाउने जुन खालको एउटा प्रविधि कर्णाली प्रदेशमा भयो यसले गर्दा हामी उपलव्धिमा केही पनि देखाउन सक्ने,हेर्ने सक्ने गरी हामले देख्न नसक्नु एउटा मुख्य कारण हामीले यहा निर देखिरहेका छौं । मैले भर्खरै मात्रै धेरै समय पनि भाको छैन अहिलेका मुख्यमन्त्री हालका मुख्यमन्त्री कर्णाली प्रदेशको धेरै अन्य जिल्लामा पनि त्यो समस्या छ । कर्णाली प्रदेशकै वीरेन्द्रनगर भित्र जहा वर्खा वर्षा सुरु हुने बित्तिकै एउटा विधालयमा जादा तीन घण्टा हिँडेर विधाालयका पुग्न पर्छ जहा आधा घण्टाको दुरी छ खोला ठुला ठुला खोलाहरू छन त्यहाँ अहिले पुलहरूको अवस्था छैन । मोटरेवल पुलमा ०७६/०७७ को बजेटमा सबै पुलहरूको डिपिआर गर्ने भनेर ती बजेटमा हामीले देख्न सकेका ती अक्ष्यरहरू आज बिलायर हराएर गएको अवस्था छ । कि त्यहाँ आवश्कता छैन? कि ती जनता ती नागरिकलाई त्याहा मेटेरेवल पुलको आवश्यता होइन ? यस्तो खालको हामी बजेट बनाउने जुन तरिका जुन शैली प्रयोग गर्दैछौं। त्यसले गर्दा कर्णालीको विकास तीव्र गतिमा जुन लग्ने इक्षया हुँदा हुँदै पनि फेरि हामी पछाडि फर्केको जुन अवस्था छ । यो अवस्थालाई रोक्न सकिन्छ । यो मुख्यमन्त्रीज्यूले विशेष ध्यान दिनु हुनेछ भन्ने मैले आग्रह र अनुरोध पनि गर्न चाहन्छु । र यसै गरी कर्णाली प्रदेशमा हाम्रो यो कर्णाली प्रदेशमा चालिस जनाको सिट संख्या भएको संसद्

त्यसमा पनि घटेर अहिले हामी पैंतिस जनामा छौं । र कर्णाली प्रदेश सरकारले त्यस्तो एउटा योजना र कर्णाली प्रदेशको कर्णाली प्रदेशको योजना आयोगले साचिकै भन्ने हो भने कर्णाली प्रदेश देशकै एउटा चर्चाको शिखरमा रहेका महत्त्वपूर्ण ऐतिहासिक क्षेत्र देखि लिएर महत्त्वपुर्ण धार्मिक क्षेत्रहरू र विश्वमानै चचित क्षेत्रहरू रहेको ठाउँ कणाली प्रदेश सरकारले सबै जनप्रतिनिधिलाई एकै ठाउँ राखेर कर्णालीको भेरी करिडोर कर्णालीको कर्णालीको करिडोरलाई सङ्घीय सरकारले के गर्दछ तपसिलको कुरा हो । हामी यहीँ बाटोलाई यहीं प्राथमिक्तालाई अगाडि सारेर चार वर्षमा हामी अगाडि बढौं भन्नेप्रतिवद्रता गरेको भए सायद यहाँ कुनै जनप्रतिनिधिले आफ्ना पालिका स्तरीय आफ्ना चाहिँ वडा स्तरका कार्यक्रमहरू अगाडि सार्नुपर्ने अवस्था आनुपर्ने थिएन होला र मलाई लाग्छ आज एक पटक कर्णाली त्यो रारा हर्न आउने पर्यटक अर्को चोटि फर्किने अवस्था छैन । एक पटक शे-फोक्शुन्डो पुगेका पर्यटकहरू अर्को चोटि फर्कने अवस्था छैन । यसरी कर्णालीको आर्थिक राजश्व कसरी बढाउन सक्छौं । यो कुरामा सरकारको ध्यान जान्छकी जादैन सोच्न पर्छकि पर्दैन ढिलै भए पनि त्यस्ता खालका बजेटलाई अगाडि सार्नु पर्छकि पर्दैन र कर्णालीमा आहि सकेका पर्यटकहरू कर्णालीमा आहि सकेका पाहुनाहरूलाई यहाँबाट फर्किदा हाम्रो उत्पादन के दि राखेका छौं । हाम्रो उत्पादनले हामीले कसरी बजारमा बिकाईरहेका छौं । यो कुरामा सरकारको ध्यान किन जान सकिरा छैन । कुरा यहाँ निर गम्भीर छ । र मैले मुख्यमन्त्री कार्यालयको विषयसँग जोडन चाहन्छु । सबैभन्दा सानो मन्त्रालय भएको यो कर्णाली प्रदेश त्यसमा पनि मुख्यमन्त्री कार्यालयमा धेरैभन्दा धेरै बजेट राखेर अवण्डा बजेट राखेर फेरि आर्थिक वर्षको मसान्तमा हामीले जुन बजेट विनियोजन गर्ने जुन खालको पहिले देखि गर्दै आएको अहिले पनि निरन्तरता छ । यसले कति उपलब्धि गर्छ भन्ने कुरा स्वयम आफैं मुख्यमन्त्री पनि जानकार हुन्छ । हामीले भनिरहुने पर्ने त होइन तर आज मुख्यमन्त्री सोरोजगारका नाममा दलित आय आर्जनका नाममा, महिला आयआर्जनका नाममा गरिएका ती तालीमहोलान्, दिएका विभिन्न सामग्री होलान् आज ती महिलाहरूले उत्पादन गरेका चिज, किसानहरूले उत्पादन गरेका चिज त्यो स्वरोजागारका निम्ति गरिएका वस्तुहरूलाई आज बजारको कुरा हामीले जोड्या छौं कि छैनौं । कर्णाली प्रदेश सरकारले बजार नपाएर ती किसानहरू रोहिरहेको अवस्था छ। आज फेरि हामीले सिकेका सिपहरूलाई घररै थन्काई रहेको अवस्था छ । हामीले सिप सिकाउन अगाडि तमतयार भएकाछौ तर उत्पादान गरेर वस्तुलाई वजारसम्म जोड्न हामी किन सकिरहेका छैनौं किन सरकारको ध्यान गहिरहेको छैन । चार, चार अरव

मुख्यमन्त्री कार्यालयमा राख्छौ भने बजारको व्यवस्थापन के हो एउटा उदाहणको रूपमा एउटा पालिकाबासुरु गर्दा एउटा प्रदेश सरकारले किन अगाडि बढाउन सकिरहेको अवस्था छैन । आज कर्णालीमा किन उत्पादनमा किसानको मन जादैन किन उत्पादनमा आज मान्छेहरू खुसिछैनभन्दा बजारको कुनै ग्यारेन्टी छैन एउटा मात्र बजारको व्यवस्थापन गर्न कर्णाली सरकारले सकेको भए आज यो कर्णालीको राजश्व वृद्धिदरमा पनि धेरै वृद्धि आउने थियो । हामीले सपना धेरै देख्यौं हामीले सपना धेरै लियौं तर कार्यन्वयनमा हामी आफूले लिएका सपनाहरू लाई विर्सिदै फेरि नयाँ नयाँ योजनाहरू अगाडि सार्दै बढ्यौं त्यसकारले आज कर्णालीको उपलब्धि शून्यतामा देखिएको छ । आज कर्णाली हामी बिधाई भएर जादा पनि तपाईंहरूले के गर्नुभोभन्दा हामी के देखाउने हामी आफैं चिन्तित भएका छौं । आज एउटा मात्र कर्णालीको करिडोर वनाई दिएको भए आज रारामा पर्यटकहरूको घुइँचो लाग्ने थियो आज रारामा पर्यटकहरू आउँदा ती पर्यटकहरूले हाम्रा होटल व्यावसायीहरू चल्ने थिए आज बजार चल्ने थियो आज यहाँका मान्छेले रोजगार पाउने थिए । त्यति कुरामा पनि हाम्रो ध्यान जान सकेन । आज एउटा जल विद्युत् आयोजना मात्र बनाउन सकेको भए आज कर्णालीका सत्र लाख जनताले शेयर लगानी गर्न सक्ने थिए । खै त्यस्तो खालको योजना बनाउन सकेको ।यो कुरामा कर्णाली सरकारको ध्यान जान सकेन । समय छोटो बनाउनुहोस् माननीयज्यू । सभामुख महोदय,यसैकारणले अबको बाँकी समय आज पनि टुक्रे नामका बजेटहरू हामीले एकीकृत गरेका छौं । छोट्याउनुहोस् माननीय सदस्य । त्यी बजेटलाई सकिन्छ भने कर्णाली प्रदेश सरकारले अधुरा रहेका योजनहरू तपाईंवीरेन्द्रनगरमा हेर्नुहोस् आज वीरेन्द्रनगरभन्दा बाहिर हेर्नुहोस् अन्य जिल्लामा हेर्नुहोस् कर्णाली प्रदेशको सरकारको आखा अगाडि तिनीहरूले हेरिरहेका छन् देखि रहेका छन्। ती योजना अधुरा योजनाहरूलाई सफल गराउने अधुरा योजनाहरूलाई संम्पन गराउनेतिर कर्णाली प्रदेशको विशेष ध्यान जाने छ भन्ने कुरा राख्दै मेरा भनाइ यहीं अन्त्य गर्दछु धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री कौशिलावती खत्री । समय ७ मिनेट । त्यसपछि माननीय श्री दल रावल तयारी अवस्थामा रहनुहोला ।

<u>माननीय कौशिलावती खत्रीः</u> माननीय सभामुख महोदय, एक सय बाह्रौं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस । यहीं क्रममा विभिन्न कालखण्डमा महिला अधिकारको निम्ति योगदान गर्ने देशदेखी विदेशमा रहेका महिला लगायत यो अन्तर्राष्ट्रिय नारी दिवस अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त गर्नमा योगदान दिने क्यालरा ज्याटकिन लगायत

अन्तर्राष्ट्रिय जुन श्रमिक कारखानाबाटै सुरु गरेर महिला अधिकारको निम्ति पहलगर्नुभो। उहाँहरूप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । साथै नेपालमा विभिन्न कालखण्डमा आफ्नो अधिकारको निम्ति अग्रपंक्तिमा खटेर लड्ने आफ्नो योगदान गर्ने योगमाया, सहाना, साधना प्रधान, मंगलादेवी सिंह, कनकलतालाई उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जलीव्यक्त गर्न चाहन्छु । र जो जीवित हुनुहुन्छ आदरणीय महिला नेतृहरू जो सडक र सदनबाट आज जुनसुकै राज्यका तहमा ३३ प्रतिशतको ग्यारेन्टी गरेर संविधानमा लेखाएर हामीलाई यो हैसियतमा पुऱ्याउने नेतृप्रति म आदर व्यक्त गर्न चाहन्छु ।

यसरी विभिन्न विनियोजित विधेयकको कुरा गर्ने कालखण्ड आउँछ मलाई पहिलो विनियोजित विधेयकको याद आउँछ । त्यतिबेलादेखी नै विनियोजित विधेयक कहाँनेर लक्षित थियो भन्ने कुरा चाहे कर्णालीका जनता होस् चाहे यो गरिमामय सदन अवगतै छ। मन्त्रीतिर लचक भएर मन्त्रीसँग मन्त्रीको आकांक्षामा बजेट विनियोजन त भएकै थियो । तर ०७७/०७८ को बजेट त्यस्तो प्रवृत्तिसँगै जोडिदैं ०७८/०७९ को विनियोजन विधेयक त झन् आफ्नो मतदाताप्रति गद्दारी गर्ने जो आफ्नो हितको निम्ति मात्रै मतदाताको ख्याल नगरेर आफ्नो कुनै पनि कहाँबाट निर्वाचित भएको हुँ भन्ने ख्याल नगरेर काहीं नभएको जात्रा हाडिगाउँमा सुरु गर्दै खुट्टा उचाल्दै सानका साथ हात हल्लाउँदै फ्लोर क्रस गर्ने प्रवृती सरकारका मन्त्री जी हुनुहुन्छ गैह्र सांसदहरू । जो आफूले के गरैं भन्ने कुराको हेक्का नराख्दै शानका साथ बजेट विनियोजन गर्न पनि सफल हुनुभयो । त्यो के साँच्चै जनताका हितमा हुनसक्छ ? जसले आफ्नो हितको निम्ति जे पनि मनलाग्दी गऱ्यो त्यसले के कर्णाली जनताको निम्ति के बजेट विनियोजनमा समान र छुटेका जुन याजनाहरू क्रमागत योजनामा ध्यान दिन्छ ? त्यो बजेट त मलाई के लाग्छ भने त्यही दल आफ्नो पार्टीले निर्वाचन लगत्तै आउँदा उम्मेद्वारी दिने उम्मेद्वार खडा गराउनको लागि कार्यकर्ता तयार गर्ने, कसैलाई गठबन्धन छुट्छ कि भन्ने पिर र कसैलाई सरकारमा समावेश भैदिनु पऱ्यो भनेका छन्, समर्थन दिएका छन्, होईदिनु त पऱ्यो भनेर चुप्प लागेर विनियोजन गरेको आफ्नो स्वार्थमा विनियोजन गरेको बजेट के हो ? त्यसैले कहाँनेर कर्णालीको विकासलाई छुन्छ र ? यसले कहाँनेर जो हामीले अपेक्षा गरेको सुखी समृद्ध कर्णाली र सुखारी कर्णालीवासीको नारालाई छुन्छ ? यो नारामा मात्र सीमित गर्न बनाएको हो सरकारले ? यो नारा मात्रै लाएर के मुखबाट नारा भन्दैमा के यो पूरा हुनसक्छ ? त्यसैले म के भन्न चाहन्छु भने भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रलयको योजनामा छलफल गरिरहँदा जो

पूर्ववर्ती सरकारले अघिल्ला अघिल्ला सरकारले छुट्टयाएका योजनाहरू जो जनता सडक जो विभिन्न रणनीतिक सडकहरू, वहुवर्षीय सडकहरू कहाँ गएर अस्ताएका छन् ? अनिवार्य रूपमा बन्नुपर्ने पुल पुलेसाहरू कहाँ विश्राम लिएका छन् ? अहिलेपनि तिनीहरू लथालिङ्गको अवस्थामा छन् । र त्यो अधुरा योजनालाई ख्याल गर्नु पर्छ कि पर्दैन ? कि जो मन्त्री भयो उसैले मात्र नयाँ नयाँ योजनाको सिर्जना गर्ने पुराना योजनालाई थन्क्याउँदै जाने कर्णालीको सरकारको नीति हो र ? त्यसैले म भन्न चाहन्छु अब बजेट विकेन्द्रीकरण हुनुहुँदैन । बजेटले जनतालाई केही प्रतिफल दिनुपर्छ भनेर आफ्नो आवाज पटक पटक सदनमा सशक्त रूपमा उठाइरहने माननीय मुख्यमन्त्रीज्यू सरकार प्रमुख हुनुहुन्छ । अब यो बजेटमा केही सुधार होला भन्ने मलाई लाग्छ ।

यस्तैगरी बजेट आफ्नो क्षेत्रमा मात्रै मन्त्रीज्यू ले केन्द्रित गर्नुभो । र आफ्नो क्षेत्रमा कुनै पनि बजेट विनियोजन गरिएन । त्यहाँ असमान बजेटको वितरण भयो भनेर पटक पटक आवाज उठाउने मन्त्रीज्यू भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयको नेतृत्व गर्नुभएको छ । अब यो बजेट अवदेखी त्यही कामको सुरुवात होला भन्ने म आशावादी छु । त्यो त रानिकानि सुपारीको खाए विचार होला । यो कामबाटै देखिने छ । र ब्यवहारबाटै देखिनेछ भन्ने म ठम्याई गर्न चाहन्छु । अर्को कुरा यो मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको बजेटमा छलफल भएको कारणले पनि म के पनि भन्न चाहन्छु भने जुन एकीकृत वस्तीका कुरा गरियो, जुन रोजगारका मुख्यमन्त्री रोजगारका कुरा गरियो ती अहिले कहाँ अलपत्रमा मुख्यमन्त्री रोजगार कसरी हामीले त्यहाँ रोजगार सबै समावेश हुने गरी गऱ्यौं? कि हामीले आफ्ना कार्यकर्ता भर्ती हुनेगरी त्यही किसिमको कार्यविधि बनाएर हामीले त्यहाँ बजेट विनियोजन गऱ्यौं? र त्यो बजेट कहाँ कसरी विनियोजन भएको छ भन्ने कुरामा ख्याल राख्नुपर्छ ।

र यसैगरी महिला जीविकोपार्जनको कार्यक्रम अहिले कहाँ छ ? अहिलेसम्म कुनै पनि जिल्लामा गएको छैन । त्यो जिविकोपार्जन गर्नको लागि केही त गर्नुपर्ने होला नि । अब समय घर्किदैं गएको छ असार अन्तिम अन्तिममा त्यो बजेट पठाउने कुनै पनि त्यो कार्यान्वयन गर्ने क्रममा पैसा मात्र खर्च हुने सही सदुपयोग नहुने स्थितिमा हुन्छ यसलाई पनि तुरुन्त जिल्लामा पठाउनुपर्छ । अब सरकारले केही न केही भए पनि अलिकती राम्रो कामको सुरुवात गर्नुपर्छ भन्नेमा म सभामुखमार्फत् सरकारलाई सुझाव दिन चाहन्छु । अन्त्यमा हरेक महिलाले सुरक्षितका साथ जीउन, राज्य र न्यायको आवास गर्न, निर्णायक तहमा महिलाको स्थान सुरक्षित गरी समाजमा जरो खरो रूपमा जरो गाडेको पुरातनवादी सोच परिवर्तन गर्न पुरुषवादी मानसिकतामा सुदृढीकरण गरी

समनाताको वातावरण निर्माण गर्न कर्णाली प्रदेश सरकारले सशक्त पहल कदमी लेओस् सरकारबाट विनियोजन हुने बजेट, निर्माण हुने कार्यविधिमा महिला सांसदहरूलाई साछी मात्र राखेर यो राख्नका लागि मात्रै राख्ने कार्यको अन्त्य होस् भन्ने सुझाव म सभामुखमार्फत् दिँदै आफ्नो छलफलको क्रम यहीँ विट मार्न चाहन्छु । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री दल रावल । समय ७ मिनेट । त्यसपछि माननीय श्री करविर शाही तयारी अवस्थामा रहनुहोला ।

<u>माननीय दल रावल</u>ः माननीय सभामुख महोदय, आज संसारका महिलाहरूले उत्पिडनबाट मुक्ती पाएको र विजय हाँसिल गरेको एउटा ऐतिहासिक दिन हो । संसद्को गरिमामय सभाबाट माननीय सभामुखज्यूमार्फत् नै यो एउटा कार्यसूची बनाएर शुभकामना दिएको भए अँझ राम्रो हुन्थ्यो । तैपनि थुप्रै महिलाहरूले औद्योगिक क्रान्तीसँगसँगै विशेषगरी श्रमिक समाजवादी महिलाहरूले सोसलिष्ट मुभमेन्टमा लागेको महिलाहरूले चाहिँ आफ्ना हक र अधिकारका निमित्त राजनीतिक अधिकार र श्रमिकहरूका अधिकारका निमित्त चाहिँ ठुला आन्दोनलहरू गर्नुभयो । बेलायतमा र सिंगो चाहिँ युरोपमा त्यसपछि अमेरिकामा । र उहाँहरूले चाहिँ एउटा आफ्नो श्रम गर्दाखेरीको श्रम शोषणका विरुद्धमा र राजनीतिक अधिकारका विरुद्धमा पनि चाहिँ अधिकारका पक्षमा पनि उहाँहरूले चाहिँ निकै ठुला सङ्घर्षहरू गर्नुभयो । त्यसपछि कलारा ज्याकिनले यो १९१० मार्च आज ८ मा उहाँले अन्तर्राष्ट्रिय महिला दिवस मनाउँ भनेर जुन संयूक्त राष्ट सङ्घसँग यो के भन्छ इन्टरनेशलन यो सोसलिष्टहरूको कन्फ्रेन्स् एउटा उसमा चाहिँ ओपन हेनमा चाहिँ प्रस्ताव गर्नुभयो । त्यो आज केही प्रस्ताव चाहिँ आज हामी दुनियाका मान्छेहरूले चाहिँ विशेषगरी महिला दिदीवहिनीले चाहिँ आज अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने गर्‍याछौँ । यसको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण महिला दिदीबहिनीहरूप्रति हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । अँझै महिलाका हक र अधिकारका निमित्त अगाडि बढ्नुस् म फेरि पनि यहाँहरूलाई चाहिँ शुभकामना दिन चाहन्छु ।

त्यसैगरी अब दुइटा विषयवस्तु छन्, मैले त अस्ति हाम्रो कार्य व्यवस्था परामर्श समितिमा जाने माननीयज्यूबाट प्राप्त भएको सूचनाअनुसार मैले हिजै चाहिँ मुख्यमन्त्री कार्यालयको भनिहालेँ । र आजको सूचिमा पारिया रैछ । मैले त्यही सूचना प्राप्त गर्‍याथेँ वास्तवमा । तैपनी मैले केही भन्नु छैन मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले अल ओभर मन्त्रालयको पनि मन्त्रालय भएको नाताले उसले विकास निर्माणभन्दा समग्रको मोनिटरिङ गर्ने गाइडेन्स गर्ने र पोलिटिकल कुराहरूको संयोजन

गर्ने हैन त्यो काम गर्ने चाहिँ मुख्यमन्त्री कार्यालय भएको नाताले र मुख्यमन्त्री स्वयं आफैंभएको नाताले त्यतातिर नै आफ्नो ध्यानाकर्षण गरेर विकास बजेट सम्बन्धित विभागीय मन्त्रालयलाई पठाउँदा राम्रो हुन्छ । मेरो सुझाव यत्ति हो । त्यसपछि भौतिक पूर्वाधार तथा शहरी विकास नामै काफी छ । मन्त्रीज्यू आफैंकाफी हुनुहुन्छ। विकास गर्छु मन्त्री हुन पाएको भए हुन्थ्यो भन्ने एउटा ऊर्जा भएको मन्त्री यो मन्त्रालयमा आउनु भएको छ । त्यो भएको नाताले म पहिल्यै शुभकामना दिन चाहन्छु कि छरिएका, ढाई लाख, तीन लाखका बजेटलाई परिणाममूखी बजेट बनाउनुस् । यसले कर्णालीको आर्थिक सामाजिक रूपान्तरण गर्दैन । दल रावलले पनि दुई लाखको बजेट माग्यो भने नाई भन्दिनसुस् तपाईं । त्यो हिम्मत गर्नुपर्ने हुन्छ मन्त्रीले । कतिपय अप्रिय कुरा हुन्छन् तर कर्णालीका जनताका पक्षमा बोलेपछि त्यो इतिहास त्यो काम लाग्छ । त्यो भएको नाताले शहरी विकास आफैंमा नामै अत्यन्त युनिक शहरै नभएको कर्णाली प्रदेशमा शहरको विकास गर्नुस् । माउन्टेन सिटीहरू थुप्रै ठाउँमा हुनेवाला छन्। तपाईं माउन्टेन एरियाबाट आउनु भएको मन्त्री हुनुहुन्छ ।

तपाईंकै सिंजामा एउटा सभ्यताको शहर हुनसक्छ । त्यो खालका शहरहरूको विकास गरौं। टुरिजम सिटीहरू हुनसक्ने सम्भावनाहरू छन् । हिल्सामा टुरिजम सिटी हुनसक्छ हुम्लाको त्यहाँ धेरै राम्रो चाहिँ सम्भाव्यता छ । क्यापिटल सिटी सुर्खेतमा पनि अहिले जग्गाहरू यति अतिक्रमित भएको मलाई लाग्छ । माननीय मुख्यमन्त्री पनि सिटीप्रति अब पहिलादेखी भन्दै आउनु भएको छ । बरु ल्याण्ड अब के गरेर हुने हो ? प्राइभेट पनि हामी सरकारले लिएर हुने हो कि ? यसलाई प्लानिङ गरौं । विग्रिदैछ फेरि पनि काठमाण्डौको जस्तो कंक्रिट जंगल बन्दैछ सुर्खेत पनि यसो हेर्दा हेलिकोप्टर प्लेनबाट माथि हेर्दाखेरी अत्यन्त अव्यवस्थित शहरको रूपमा विकास हुँदैछ । यसो भएको नाताले यो बाटोभन्दा माथि त ठिकै छ बाटोभन्दा तल जुन प्राइभेट ल्याण्ड छ त्यसलाई एक्युज गरेर हुनसक्छ कि के गरेर हुने हो हामी चाहिँ सिटी प्लान गरौं । क्यापिटल सिटी भनेको हाम्रो फेस हो । त्यो भएर राम्रो हुनुपर्ने हुन्छ । यसमा चाहिँ सरकारले अन्तिम भए पनि प्लानिङ गरेर त छोडौं पछि आउने सरकारले त बनाउला नि कमसेकम यो गरौं म चाहिँ मन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु । सानातिनातिर नलागौं । सकेको कुरा चाहिँ सिटी प्लानिङमा गरौं । किनभने तपाईंको मन्त्रालय नै अब अहिले शहरी विकास बनाउनु भाछ । शहरको विकास त गरौं । दुनियामा पनि त्यो देखिन्छ । जहाँ जहाँ शहर अमेरिकाले त्यही गऱ्यो, इण्डियाले त्यही गऱ्यो, चीनले त्यही गऱ्यो । संसारका ठुलठुला सिटीहरू पनि विकास गरे । त्यहाँ टुरिजम आउँछन्

आर्थिक गतिविधि बढ्छन् । त्यत्तिकै विकास हुन्छ । त्यो भएको नाताले शहरी विकासतिर पनि हामी लागौं, ठिक छ। त्यसपछि अब भौतिक पूर्वाधार त सिंगो भौतिक पूर्वाधार हाम्रो आवश्यकता हो । अब अहिलेसम्म गरिएका पूर्वाधार चाहिँ केही प्रयासहरू राम्रै छन् । फेरि अब यो आलोचनात्मक चेत सहितको चाहिँ हामीले भन्नुपर्ने हुनाले सबै आलोचना नै गर्नुपर्छ भन्ने छैन । नराम्रा कुरालाई सुधार्दै जाउँ राम्रा कुरालाई प्रमोशन गर्दै जाउँ । त्यो नै हो हामी सबैको धर्म पनि त्यही हो । गर्नुपर्ने पन त्यही छ ।

र यो अलिकती एकीकृत वस्ती विकासका कुराहरू अघि दानसिंह माननीयज्यूले कहाँ सुन्नु भएछ मैले आफैंप्रयत्न पनि गऱ्या हो । त्यतिखेरको सरकारले प्रयास गऱ्या हो । र यो चाहिँ कार्यविधि एकातिर दौडेको छ यहाँहरूले नै बनाएको कार्यविधि हेर्नुहोला आफैंले पनि पढ्नुहोला यसो गएर । कार्यविधि एकातिर दौडयाछ । त्यहाँ चाहिँ हामीले पैसा अर्कोतिर लगानी गर्दै हिँडयाछौं । त्यो पैसाको पनि मोनिटरिङ गर्न जरुरी छ । त्यो कस्तो गरी तल चाहिँ पैसा काम भाछ भन्ने कुरा पनि म एकै ठाउँको म भन्दिन । त्यसलाई पनि अलिकति पानीमा बग्या हो कि ? पैसा साँच्चैको चाहिँ हामी परिणाममूखी उसमा लगानी गऱ्याछौं । त्यतातिर पनि ध्यान दिउँ हामी । त्यसपछि जनता आवास कार्यक्रम थियो दुई वर्ष अगाडि अब यो प्रदेशसभाका सदस्यहरूको अध्यक्षतामा बस्ने थियो । त्यसपछि केही खोज खवर नै छैन । अहिले बीस करोड रैछ बजेट मैले अघि हेऱ्याथैं । हो यो पनि कसरी अगाडि जाने हो ? साँच्चैका वस्ती विकास गर्नुपर्ने साँच्चैका विचारा गरिब, विपन्न, दलित समुदायहरू छरिएका वस्तीहरूलाई कसरी चाहीँसँगै ल्याएर बजारको रूपमा विकास गर्न सक्छौं कसरी एकीकृत वस्तीका माध्यमबाट शिक्षा, स्वास्थ्य, रोजगारीका कामहरूलाई सिर्जना गर्न सक्छौं यतातिर चाहिँ सरकारले ध्यान देओस् भन्ने म चाहन्छु ।

त्यसैगरी पुर्व माननीय मुख्यमन्त्रीज्यू आउनु भयो यहाँ । ठिकै हो अब यो म पनि मान्म धेरैचोटी गएको छु । मान्मदेखी कोटवाडा वारिपारी छ । अब त्यो केवुलकार गर्न पाए राम्रै हुन्थ्यो । गरौं अँझैपनि गरौं । त्यहाँका जनतहरूको पनि विकासको अधिकारप्रति मलाई कुनै उ छैन । मैलेपनि साथ दिनुपर्छ । म यहाँको नागरिक हुँ। मैले त्यहाँ साथ दिनुपर्ने हुन्छ । तर सर्वे एकचोटि कहाँ सर्वे प्राईमरी यो फिजिविलिटी भयो कि भन्ने सुन्याथैं । अब त्यो कहाँ पुग्याछ थाहा छैन । तर आईडियल बजेट जस्तो लाग्छ २० करोड रुपैंया राख्नुभारैछ अहिले । मेरो विचारमा यो २० करोड रुपैंया अहिले कार्यान्वयन हुन्छ कि हुँदैन ? लाग्ला भोलि एक अरब पनि लाग्न सक्छ।

त्यो पैसा नहाल्नुस् भन्न मैले खोज्या होइन । तर यस्तो सर्वे नै नभएको ठाउँमा चाहिँ २०/२० करोड पैसा जाँदा अर्को पैसा चाहिँ ब्लक भएर बस्छ। हैन ? अर्को ठाउँको विकास ब्लक भएर बस्छ । त्यो भएको नाताले यो पैसा हामी जहाँ पहुँचमा छौं त्यसैले मात्रै तान्दै लैजाने गर्दाखेरी अलिकति अप्ठ्यारो पर्छ कि ? भन्नेतिर चाहिँ म चाहिँ सचेत गराउन चाहन्छु । मैले यत्ति कुरा राखें ।

त्यसपछि यो एउटा मात्रै म के कुरा गर्छु भने पहिला हामीपनि सरकारमा थियौं । तत्कालीन माननीय मुख्यमन्त्रीज्यूले निकै प्रयास एउटा कामको लागि गर्नुभाथ्यो । यो हामीले सुर्खेतदेखीभन्दापनि जमुनाहदेखी चाहिँ हिल्सासम्मको बाटो यो टुरिजम सडक पनि हुने इकोनमिक्स करिडोरको रूपमा पनि विकास हुने । त्यो भएको नाताले हाम्रो चीनको गभरर्मेन्टको रेल वे कम्पनीलाई चाहिँ अनुरोध गरेर रिक्वेष्ट गरेर चाहिँ उहाँले सर्वे गरिदिनुभाथ्यो । एउटा चाहिँ फिजिविलिटी स्टडी गर्नुभाथ्यो प्राइमरी रूपमा चाहिँ उहाँहरूले के भन्नुभाथ्यो भने जम्मा ६४ अरब रुपैंया लाग्छ, ५४ महिनामा यो बाटो कम्प्लिट हुन्छ, ८ देखि ९ घण्टामा सुर्खेतबाट गाडी चढ्यो भने मान्छे चाहिँ हिल्सामा पुग्छ हैन ? त्यो बाटो चाहिँ त्यस्तो फास्ट ट्र्याकको रूपमा चाहिँ हामी विकास गर्न सक्छौं भनेर उहाँहरूले भन्नुभाथ्यो । पैसा पनि कस्तो थियो भने १५ अरब रुपैंया कि हामी प्रदेश सरकार र कि सङ्घीय सरकारले हाल्नुपर्ने, अन्यथा अरू पैसा चाहिँ उनीहरूको चाईनाले बैंकबाट सफ्ट लोनमा चाहिँ लिएर उनीहरूले गर्नसक्ने भन्ने थियो तर त्यो चाहिँ हामीले निकै प्रयत्नगऱ्यौं । वास्तवमा अहिलेको सरकारलाई चाहिँ त्यो मैले भन्न खोजेको होइन । अहिलेको सरकारले अगाडि बढाओस् भन्ने मेरो चाहिँ अनुरोध हो । पहिला हामीले निकै प्रयत्नगऱ्यौं । सङ्घीय सरकारले खै के हो ? त्यो त्यति अगाडि बढाउन सकेन अथवा त्यो प्राथमिकतामा परेन । अवपनि फेरि हामी चाहिँ एउटा यो लाईफ लाईन वास्तवमा कर्णालीको इकोनमिक विकासको निम्ति, अर्थतन्त्रको विकासका निमित्त सुर्खेतबाट बिहान हिँडेको मान्छे बेलुका चाहिँ तपाईंको हिल्सामा पुग्यो भने र भोलि अहिले त कोरोनाले गर्दा चाईनाको बोर्डर बन्द छ । भोलि चाहिँ इण्डिया र चाइनाको बजार खुल्न थाल्यो र लाखौं मान्छे हामीले तल र माथि मोविलिटी गर्न सक्यौं भने यहाँका पर्यटनको विकास चिया मात्रै कफी बेचेर मात्रै मान्छेले लाखौं लाख कमाउनेवाला छन् । भने यो पाटोतिर फेरि पनि अहिलेको सरकारले ध्यान दिएर अगाडि बढाओस् । सङ्घीय सरकार यहाँहरूकै छ । अनि प्रदेश सरकारमा हुनुहुन्छ । अगाडि लाग्नुस् बरु हामी प्रतिपक्ष दलको तर्फबाट हामी

लाग्नुपर्छ भनेपनि केही छैन । विकासका निम्ति त हामी सबै एकठाउँ उभिनुपर्छ । यो लाग्नको निम्ति पनि म सरकारलाई चाहिँ आग्रह गर्न चाहन्छु ।
त्यसैगरी भेरी कोरीडोर । भेरी कोरीडोर बाटो त्यो पनि इकोनमिक कोरिडोर हो त्यो पर्यटकीय (<u>माननीय सभामुखः</u> सकौं माननीय सदस्य) मैले सिध्याएँ । त्यसपछि चाहिँ तपाईंको भेरी कोरिडोरलाई पनि हामीले सङ्घीय सरकारका प्रोजेक्ट हुन् अब उसैले गर्ला पनि नभनौं मेरो विचारमा यस्तो लाग्छ । अब ट्र्याक ओपन चाहिँ सङ्घीय सरकारले गऱ्यो, सङ्घीयसरकारसँग बरु हामी चाहिँ छलफल गरौं । तपाईंहरू गर्नुहुन्छ भनेपनि साँच्चैको प्रोडक्टिभ वे मा गरिदिनुस् कम्प्लिट प्लानका साथ गरिदिनुस्। गर्नुहुन्न भने हाम्रो सबै बजेट त्यहीँ राख्छौं र हामी स्तरोन्नती गरेर जान्छौं भनेर यी दुइटा कोरिडोर कर्णाली कोरिडोर र भेरी कोरिडोरलाई चाहिँ हामी सम्पन्न गरौं। यो सम्पन्न गऱ्यौं भने हाम्रो लाईफ लाईन हो । यी दुईटै चाहिँ आर्थिक विकासका निमित्त मेरुदण्ड हुन् । त्यो भएको नाताले यतातिर लाग्नको निम्ति म चाहिँ सरकारलाई आग्रह गर्न चाहन्छु ।
त्यसैगरी विजुली अब ठुला म्याक्रो प्रोजेक्टहरू त बिजुलीका हाइड्रोपावरहरू त अब हाम्रा लगानीले मात्रै पुग्दैन । हामी इन्सेक्ट गरौं, हामी चाहिँ बरु सर्वे गरौं, हामी चाहिँ मार्केटिङ बाहिरको दुनियालाई हामी भनौं यहाँ यस्तो सम्भावना छ भनौं । तर लगानी भित्र्याउने काम पनि गरौं । प्राइभेट उलाई पनि दिन सक्छौं हामी । पब्लिकप्राई पनि गर्न सक्छौं र सङ्घीय सरकारको लगानी पनि ल्याउन सक्छौं । र हाम्रो चाहिँ एक त मैले अस्ति पनि भनें सदरमुकाम अँध्यारा छन् । अहिले पनि मेरो जिल्लाको सदरमुकाम सिमिकोट अँध्यारो छ । ३ हजार मिटरका जनताहरू चिसोमा कठाङग्रीएर बस्छन् भने यस्ता थुप्रै जनता थुप्रै सदरमुकामका जनताहरूलाई समस्या छ । गाउँ वस्तीका जनताहरूलाई झनै समस्या छ । माइक्रोहाइड्रोका कुराहरू पनि हामी सहयोग गरौं । (<u>माननीय सभामुखः</u> सक्नुस् माननीय सदस्य) अलि ठुला हाइड्रोपावरको लागि पनि विकासको निमित्त कर्णाली प्रदेश सरकारले पनि अलिकति त्यो प्लान ल्याओस् भन्ने चाहिँ म आग्रह गर्न चाहन्छु । धन्यवाद ।
<u>माननीय सभामुखः</u> माननीय श्री करवीर शाही । समय ७ मिनेट । त्यसपछि माननीय श्री देवी ओली तयारी अवस्थामा रहनुहोला ।
<u>माननीय करवीर शाहीः</u> माननीय सभामुख महोदय, माननीय सभामुख महोदयको अनुमतिले सर्वप्रथम आज अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस यो सन्दर्भमा देशभित्र र

बाहिर रहनुहुने सम्पूर्ण सबै महिला दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु यो दिवसको अवसरमा ।

आज भौतिक पूर्वाधार र शहरी विकास मन्त्रालय, र मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको विनियोजन प्रतिस्थापन विधेयकका सन्दर्भमा छलफलको विषय राखिएको रहेछ । आज फागुन महिनाको २४ गते । विधेयक र विनियोजन विधेयक आएर छलफल भएर हामी दोस्रो चौमासिक पूरा हुनका लागि करिब ६ ओटा दिन बाँकी छन्। बजेट कार्यान्वयन भएर यो अवस्थामा कति कार्यान्वयन हुन्छ वा हुँदैन ? भनेर छलफल गरेर तेस्रो चौमासिकमा हाम्रो परम्पराअनुसार त्यही योजनाहरू फेरवदल हुने सम्भाब्यता अध्ययनका हिसाबले प्रि फिजिविलिटीका कारणले सम्पन्न हुन नसक्ने भएपछि फेरवदल गर्नुपर्ने अवस्थामा आज हामी प्रतिस्थापन विधेयक छलफल गर्दैछौं । यो विधेयकमाथी छलफल गरिरहनुभन्दा अगाडि अलिकति पूर्व कुरा हामीले सम्झीनुपर्ने हुन्छ । तत्कालीन परिस्थितिमा अध्यादेशमार्फत् यो बजेट ल्याइयो । हामी निरन्तर छलफलमा थियौं । छलफल चलिरहेकै थियो । सर्वदलीय बैठकहरू पनि हुन्थे । कार्य व्यवस्था परामर्श समितिका बैठकहरू पनि चलिरहन्थे । त्यसले त्यसको आउटपुटको रूपमा छलफल चल्थ्यो । भोलि बिहान फेरि बैठक बस्दै छ सर्वदलीय बैठक र यसले निकासको बाटो दिनेछ हामी त्यतातर्फउन्मुख हुँदै थियौं । यतातिर उन्मुख हुँदाहुँदै एकाएक संसद् अन्त्य गरेर जो अध्यादेशमार्फत् बजेट ल्याउने प्रयत्न गरियो र आयो यो मनसायगत हिसाबले यो कति कुत्सीत मनसायका साथ आएको हो ? यसमा खुलस्तै देख्न सकिन्छ । आज बजेट आयो, बजेटमा छलफल गर्दैछौं त्यो कितावमा लेखिएकोभन्दा त्यो विनियोजन विधेयकले प्रत्याभूत गरेका विषयहरू यहाँ राखेका विषयहरू केही थिए । सरकारले यो आर्थिक वर्ष सम्पन्न गर्दाखेरी यी यी विषयहरूमा यति प्रतिफल हाँसिल गर्नेछ भन्ने त्यहाँ केही कुराहरू राखिएको थियो । त्यो विनियोजन विधेयकमा । त्यसलाई आजका दिनसम्म आईपुग्दा अस्ति मैले माघ १८ गतेको स्मरण गर्न चाहन्छु । यो दोस्रो चौमासिकपछि अलिकति बजेट हेरफेर गर्ने विषयलाई सभाले केही कुरा खुलाईदेओस् भनेर यहाँ कुरा लेखिएको छ । एउटा समझदारी पत्रमा । तर त्यो बेला प्रस्तुत गरिएको बजेटलाई कति टुक्रा धुलो कण अथवा धुलो धुजाधुजा के बनाइएको छ ? एकचोटि हेर्नुस् त । यो पिजनलमा दिएको चिज उही जतिबेला अध्यादेश जारी भाथ्यो, त्यो बेला दिएको किताबले त १० चोटि हालिएको छ छापेर तर कार्यालयमा कार्यान्वयनको लागि गएका विषयहरू हेर्ने हो भने कस्ता टुक्रा, कण के भन्नुहुन्छ त्यसलाई ? त्यो हिसाबले गएको छ ।

त्यसकारणले यो आज हामी एउटा संसदीय परम्परामाथि छलफल गर्नुपर्ने भएर मात्रै गरिरहेका छौं । बजेट कहाँ छ ? अध्यादेशमार्फत् ल्याइएको भए पनि त्यो बजेट नै हो। सरकारले ल्याउन पाउने अधिकार हो । तर ती तिजहरू धुजाधुजा भएर कहाँ पुग्याछन् ? हेऱ्यौं भने कतै त्यसलाई भेट्न सकिदैंन र त्यसले प्रतिफलका कुरै नगरौं, त्यसले लाभ गर्ने कुराको हिसाबै नगरौं, कहाँ पुग्याछ ? यो बेला संयोग पऱ्याछ पटकपटक सरकारलाई सचेत गराउने र पहिलेको पूर्व प्रतिपक्ष दलको नेता सरकारको मुख्यमन्त्री हुनुहुन्छ । अलिकति अपेक्षा गरौं । माघ १८ ले पनि अलिकति सकारात्मक कोण दिएको छ । त्यसले केही प्रतिफल भनेजस्तो होइन, उलटका पुलट त होइन, केही कुरा होला कि भन्ने सम्भावना पलाएको छ । तरपनि कतिपय अब यो सरकारको निर्लज्जताका कारणले अघिल्ला निर्णयहरूलाई जवाफ दिँदै, लुकाउँदै, केही विषयहरूलाई ढाँट्दै, छल्दै अगाडि बढ्नुपर्ने सरकारको आफ्नो बाध्यता होला । अनि शहरी विकास मन्त्रालय, भौति पूर्वाधार । शहरी विकास भनेर फुर्को झुण्ड्याईएको छ। शहरी विकासका नाममा हामीले अहिले मन्त्रीलाई यसो सोध्यौं भने तपाईंका शहरी सडक कति हुन् ? तपाईंले कुनै स्मार्ट सिटी बनाउने सोच बनाउनु भएको छ ? वा कुनै शहरलाई स्मार्ट सिटीका रूपमा विकास गर्ने सोच्नुभएको छ ? भन्यो भने कुनै जवाफ छैन । बनाउनु पर्ने बाध्यता होला । नामको पछाडि फुर्को झुण्ड्याइएको छ त्यसका पछाडि त्यसले गर्नुपर्ने क्रियाकलापको बारेमा कहीं उल्लेख छैन । कहीं त्यस्तो देखिदैंन । किनभने अध्यादेश आयो, अध्यादेशमा यो मन्त्रालयको फुर्कोको हिसाबै थिएन। त्यो बेला भौतिक पूर्वाधार विकास मन्त्रालय मात्रै थियो । अहिले फुर्को जोडिएको छ, मन्त्रालय फुटाईएपछि । त्यसकारणले पनि यो के देखिदैंनभन्दाखेरी हामी गर्नका लागि केही कुरा गरिरहेका छौं, केही कुरा भन्नका लागि भनिरहेका छौं, हामी सबै तर, हाम्रो दायित्व के होभन्दाखेरी त्यो बेला कम्तीमा पनि हामी जन्मियौं नि । सरकार कसरी जन्मिन्छ ? हुनतः संविधानमा अलि अवैध बाटाहरू पनि छन् । अवैध बाटाहरूमार्फत् पनि हामीले सरकार बनाउने प्रयत्न गरिरहेकै छौं फेरि । मैले संसदीय अभ्यासका हिसाबले भनेको संविधानको विरोध गरेको होइन । तरपनि, जो जन्मने थलोलाई, जन्माउने जननीलाई सरकारले जहिले पनि उपेक्षा गर्ने यो संसदीय परम्पराको वास्तविक परम्परा हो के हो ? मैले आजसम्म बुझ्न नसकेको गोडा चार एक वर्ष यहाँ संगत गरियो, हेरियो, बोलियो मैले यति कुरा बुझ्न सकेको छैन । किनभन्दाखेरी जहाँबाट सरकार निर्माण हुन्छ त्योप्रति कहिल्यै पनि काउन्टेवल नहुने । कहिल्यै पनि नहुने । सरकार बनेदेखी म अर्कै ठाउँबाट, अर्कै स्वर्गबाट आएको जस्तो, अर्कै ठाउँबाट

भएको जस्तो तल फ्लोरमा हुँदाखेरि उठाउने माननीयज्यूहरू पनि अहिले सरकारमा पुगेपछि आफ्नो हिसाबले आफ्नो तर्क फेरि कर्मचारीले सिकाउँछन् कि के हुन्छ ? आप्mनै तर्क गरेर अगाडि बढ्ने परिस्थिति निर्माण हुन्छ । यसकारणले यो चिज भनेको कर्णालीका लागि घातक चिज हो भन्छु म ।

वास्तवमा हामीले कोर्डिनेशन गऱ्या विषयवस्तु हो । हामीले सुरुवाती अवस्थामै हाम्रो पछौटेपन नै हाम्रो गरिबी, यहीं चिज नै हाम्रो मुख्य दुष्मन हो कर्णालीको भनेर हामीले प्रतिबद्धताव्यक्तगऱ्यौं र त्यसैले हामीले कर्णालीको नामकरणगऱ्यौं, राजधानी तोक्यौं यी काम त पूरा गऱ्या हो नि । हामीले विर्सिनु हुँदैन । अलिकति मैले पहिले पनि यसो भन्या हो । पटक-पटक भनेको अघिल्लो पटक छलफल हुने त सरकारले ठाउँ नै दिएन । त्यो मुख्यमन्त्री रोजगार कार्यक्रम छ, यो कार्यक्रमलाई सङ्घको खर्वको बजेटमा १६ खर्व बजेटको ठाउँमा ७ अर्व मुख्यमन्त्री रोजगारमा छ । मैले अंक त ठ्याक्कै हिसाब त गरिन त्यो गर्दा पछि पनि होला । तर अरब मैं बजेट ल्याउनेले गोडा चार एक अरब फेरि छुट्टै थैलामा थन्क्याउने हो भने यो हामी कस्तो खालको विकास गर्न खोज्याछौं, अभ्यास गर्न खोज्याछौं र त्यसमा फेरि त्यो क्षेत्रका सांसदहरूलाई कार्यविधि बनाएर बाँड्ने परम्परा हुँदाहुँदै त्यहाँपनि फेरि विभेद गरेर हामीले कहिले काहीं प्रतिबद्धता अलि मोटा गरिदिन्छौं । त्यसकारणले पनि हामी कर्णालीका मान्छे अलि चुक्छौं पनि । पूर्व मन्त्रीज्यूलाई अलिकति स्मरण गराउन चाहन्छु सुरुवाती अवस्थामा सुरुमै के भन्छ कर्णालीमा एनजिओ नो इन्ट्री भनेर उहाँले आफैंभन्या हो । तर घुम्दैफिर्दै रुम्जाटार भन्या जस्तो फेरि उहाँ कहाँ आइपुग्नु भयो भने मुख्यमन्त्री रोजगारमा त्यही एनजिओको नक्कल गरेर तलबाट आफ्ना कार्यकर्तालाई ७ जना मिल्यो भने मिलेर पठायो भने त्यो योजना भैहाल्ने त्या उपभोक्ता भैहाल्ने कस्तो खालको परिपाटी वसाल्न खोजेको ? त्यो समाजवाद उन्मुख परिपाटी त्यही हो त ?

समाजवादले यस्तै कुरालाई टेकेर ४ जना कुनै ४ जना वा ७ जना मान्छेको भिड जम्मा भएर त्यसले लेखेको योजना समाजवादी योजना हुने ? हामी समाजवादको बाटोमा अगाडि बढ्ने । त्यस्तो कुरालाई हामीले कसरी हामीले अब यो कर्णालीको विकासको हामीले लाएको नाराको नारालाई पछ्याउँछ ? त्यो नारा भनेको न भजन गाउने चिज हो कि ? नारालाई परिपूर्ती गर्नका लागि हामी यो मञ्चमा बसिरहेका छौं, राज्यको केही ढुकुटी खर्च गरिरहेका छौं र वास्तवमा दिएको अनुदानबाट पालित पोषित भैराख्याछौं यति कुरालाई हामीले ध्यान दिनुपर्छ जस्तो मलाई लाग्छ । यी विषयलाई हामीले

ध्यान दियौं भने मात्रै कर्णालीको विकासको लागि हामी कोशेढुंगा यो सरकार अलि कोशेढुंगा सावित हुने, कार्यकारी हुने अवस्था छ ।

अव हामी कहिले अर्गानिक भनेर स्टण्ड गर्छौं, कहिले हाइटेक भनेर स्टण्ड गर्छौं काँ गए आज ? हाइटेक नर्सरीले कर्णालीमा ल्याउने विरुवा चाहिँ के भन्छ खरिद गर्ने (**<u>माननीय सभामुखः</u>** अलि छोटो बनाउनुस् माननीय सदस्य) सकेँ सभामुख महोदय, खरिद गर्ने प्रतिशतमा कति चाहिँ हामीले कट्टी गऱ्यौं? आजका दिनमा । यो सुरुवात कै वर्षमा आएको हो । कति प्रतिशत कट्टी भयो त ? १५ भयो कि ? १० भयो कि ? कम्तीमा ५ भयो कि ? तर हामीले विदेशबाट खरिद गरिरहेकै छौं त । काँ गए हाइटेक? हाइटेक भनेको च्याउ उमार्ने टनेल हुन् ? कि हाइटेकका नाममा केही गर्नलाई पालित पोषित गर्नलाई गरिएको चिज हो ? त्यसकारणले हामीले केही विषय सच्याउनै पर्नेछ । अध्यादेशका नाममा ल्याएको होस् वा, बजेटकै नाममा ल्याएका विषयहरू हुन् तथापी हामीले कर्णालीलाई कर्णाली जस्तो बनाउन र कर्णालीलाई आफ्नो ठाउँमा उभिन खुट्टामा उभिनका लागि हाम्रो ध्यान जान जरुर छ । सरकारले यसलाई ध्यान देओस् । धन्यवाद ।

**<u>माननीय सभामुखः</u>** माननीय श्री देवी ओली । समय ७ मिनेट । त्यसपछि माननीय श्री ठम्मरबहादुर विष्ट तयारी अवस्थामा रहनुहोला ।

**<u>माननीय देवी ओलीः</u>** सभामुख महोदय, सभामुखज्यूमार्फत् आज ११२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस सामाजिक न्याय लैंगिक समानता दिगो विकासको सुनिश्चितता भन्ने मूल नाराका साथ राष्ट्रिय नाराका साथ राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा आज मनाइदैं छ । यो दिवसको अवसरमा सम्पूर्ण महानुभावहरूमा हार्दिक शुभकामना भन्न चाहन्छु । सभामुख महोदय, यो दिवसको राष्ट्रिय नाराले नै भनेको छ सामाजिक न्याय र लैंगित समानता । आज महिलाका मात्रै कुरा गरिरहेका छैनौं हामी । मानव जाती नै मानव अधिकारको प्रत्याभूत र त्यसको सदुपयोग अथवा उपभोग गर्न पाउनु पर्छ भन्ने मानव चेतनाबाट राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा मानव जाती अगाडि बढिरहेको कुरा हामी सबैलाई सर्वविदितै छ । र हाम्रो यो दिवसको नाराले पनि त्यही भनिरहेको छ ।

त्यसकारण दिगो विकासको सुनिश्चितता गर्नको निम्ति दिगो विकास लक्ष्यले सन् २०३०सम्म प्राप्त गर्न खोजेका सम्पूर्ण गरिबी र विभेदहरू अन्त्य गर्ने जुन उद्देश्यहरू छन् त्यसको प्राप्ती गर्ने कार्यक्रमहरू प्रदेश सरकारका विभिन्न मन्त्रालयहरूले गर्ने सन्दर्भमा भौतिक पूर्वाधार मन्त्रालयको विनियोजन विधेयकमाथी आजको छलफलमा म केही आफ्ना कुराहरू राख्न चाहन्छु । सडक पूर्वाधार, भवन निर्माण जस्ता सबै

नागरिकले अत्यावश्यक योजना र विकासको दृष्टिले हेरिने ती पूर्वाधार संरचनाहरू हुन्। जसले गर्दा हाम्रो कर्णाली प्रदेशमा रहेको सामाजिक कुरुतीलाई लक्षित गरेर कार्यक्रम लिन त्यसको महत्त्वलाई छेकिरहेको हामीले महसुस गरिरहेका छौं । त्यसकारण यो भौतिक पूर्वाधार अथवा सडक, बिजुली, शहरका विकास, नमूना शहरहरू बनाउने कुरामा सरकारका योजनाहरू के छन् ? मैले चाहिँ मसिना साना कुराहरू मन्त्रालयले ध्यान दिनुपर्ने कुराहरू यहाँ राख्न चाहन्छु ।

सडकहरू कतिपय छोटा दुरीका सडकहरू पनि त्यहाँको समुदायको लागि, त्यहाँको उत्पादन भएको चिजलाई निकासी गर्नको निम्ति महत्त्वपूर्ण हुन सक्छन् । कतिपय ट्र्याक ओपन भएका सडकहरूलाई स्तर उन्नति गर्नुपर्ने पनि हुन सक्छ । विशेष गरेर हाम्रो कर्णाली प्रदेशको सुरुदेखी प्रदेश सरकार, प्रदेश व्यवस्थापिका यहाँ सुरु भएदेखीको अभ्यास यहाँका निर्माण ब्यवसायीहरूले पचास, साठी, पैंसठ्ठी, सत्तरी प्रसेन्टसम्म घटेर काम गर्ने इच्छा जाहेर गर्नु नै हामीलाई आज बाधकको रूपमा मैले महसुस गरेको छु। त्यसको क्वालिटी कत्तिको म्यान्टेन हुन सकेको छ भन्ने कुरा भौतिक पूर्वाधार मन्त्रालयको जनशक्तिले हेर्नुपर्ने कुरा मैले देखेको छु । जसका कारणले गर्दा आज स्तर उन्नतिका कुराहरूले गणस्तर कायम गर्न नसकिरहेको अवस्था छ । विभिन्न बेलामा सञ्चारमाध्यममा आएका कुराहरू पनि सर्वविदितै छ । कालोपत्रे गरिएका सडकहरू एक हप्तामा उत्रिएको कुरा पनि मन्त्रालय जानकार नै छ । यस्ता कुराहरूलाई पनि ध्यान दिनुपर्ने कुरातिर म यहाँ ध्यानाकर्षण गर्न चाहन्छु । र विशेष गरेर ठेक्काबाट काम हुने योजनाहरू र उपभोक्ता समितिबाट काम भएका योजनाहरूमा कामदारहरू ठगिएको कुरा पनि ब्यापक रूपमा आएको छ । आज अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको दिन हामी शुभकामना आदानप्रदान गरिरहेका छौं । यो दिवसको एउटा गौरव भनेको श्रमिक महिलाहरूले समान कामको समान ज्याला, समयको व्यवस्थापन, सुत्केरी अवस्थामा पाउनु पर्ने विभिन्न सेवा सुविधाहरूको विषयलाई लिएर आन्दोलनहरू सफलता भएको दिन हो । र आजको दिनमा देशभरी र हामीसँग संसदीय समितिहरूले त्यो ठाउँमा गरेका केही कार्यक्रमहरूको संकेत, सन्देश, ध्यानाकर्षण पनि के छ भने उपभोक्ता समिति र निर्माण ब्यवसायीहरूले गरिएका कामहरूमा कामदारहरू ठगिएको, ज्याला नपाएको, महिला र पुरुषमा ज्यालामा विभेद भएको, जिल्ला दररेट कायम भएअनुसार पनि महिलाहरूले ज्याला नपाएको गम्भीर विषय उठेको छ ।

त्यसकारण सम्बन्धित मन्त्रालयमार्फत् सरकारले यसलाई नागरिक बनेका योजना निर्माणका लागि बनाइएका कार्यविधिहरू कार्यान्वयनको निम्ति आज सबैभन्दा ठुलो चुनौति कार्यान्वयनमा देखिएको हामीले महसुस गरेका छौं । त्यसकारण यो समस्या समाधान गर्नका लागि ध्यान जाओस् । र अर्को कुरा आज सरकारले अभ्यास गर्दै गर्ने क्रममा साना टुक्रे योजनाहरूलाई एक ठाउँमा राखेर रकमान्तरको माध्यम होस् अथवा सरकारले के माध्यमबाट जान खोजिरहेको छ ? टुक्रे योजनाहरूको मर्ज गर्ने सिलसिलामा त्यो जिल्लाको अथवा त्यो निर्वाचन क्षेत्रबाट क्षेत्रमा विनियोजन भएका ती योजना शीर्षक, बजेटहरू नखोसियोस् भन्ने कुरा पनि मैले यहाँ राख्न चाहन्छु । शहरी विकास, भवन निर्माण, जनता अवासका कुराहरूलाई पनि विपद्मा परेका समुदायहरूले गएको असारमै निर्माण गरिसकेका भवनहरूको पनि अहिलेसम्म निकासा नपाएको भन्ने कुरा पनि छ । यी सबै कुराहरूको सम्बन्धित मन्त्रालयले काम अगाडि बढाउनको निम्ति र जनताका आवश्यकताका आधारमा योजना सम्पन्न गर्नको निम्ति विशेष ध्यान देओस् भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री ठम्मर बहादुर विष्ट । समय ७ मिनेट ।

<u>माननीय ठम्मर बहादुर विष्टः</u> माननीय सभामुखज्यू, हामी अत्यन्तै महत्त्वपूर्ण विधेयकको रूपमा अथवा यो अर्थ विधेयकको रूपमा हामी छलफलको क्रममा यहाँ छौं । र विनियोजन विधेयक अन्तर्गत विभिन्न शीर्षकहरूमा हामी छलफल गरिरहेका छौं । र त्यस अन्तर्गत जो आज भौतिक पूर्वाधार र शहरी विकास मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको हामी छलफलमा छौं । अब यसमा खासगरी अब सर्वप्रथम मैले महिला ११२ औं महिला दिवसको उपलक्ष्यमा सबैले भनेजस्तै मैले नभन्दाखेरी फेरि त्यो छुटेको जस्तो ठहर्ला । यसको लागि मैले यहाँहरू सबैलाई बधाई र शुभकामना दिन चाहन्छु । र अँझै अर्को हामीले महिला दिवस मनाउने बेलासम्म सके चारमा तीन नभए १ जना महिला अघिल्लो रो मा सरकारमा भएपछि अत्यन्तै सुहाउने हो । त्यो पनि अँझै चाहिँ होस् । त्यसले गर्दाखेरी जननी जन्म भुमिश्च स्वर्गादपी गरियसी भनिन्छ । यसो गर्दा फेरि हाम्रो पनि फेरि आत्मबल बढ्ला ।

अव दोस्रो कुरा अब जहाँसम्म यो भौतिक मन्त्रालयको विषयहरू छ अब यसमा धेरै त हामीले कुराहरू उठाउँदै आएका छौं । अब यसमा केही कति हामी सुधार गर्न सक्छौं अब भद्रगोलमा गोल हान्ने भन्ने हुन्छ नि । भद्रगोल त छँदैछ । अब कहिले काहीँ एकदम वल गुत्थेको बेला फ्यास्स मेस्सीले अथवा रोनाल्डोले गोल पनि हान्छ कहिले काहीँ । एउटा खेलको नियम पनि हो यो । भद्रगोलको त यहाँ चाङ लाएर साध्य

छैन । तर यस्तै भद्रगोलको बीचबाट कहिले काहीँ हाम्रो मुख्यमन्त्रीज्यूले फ्यास्स गोल हान्नु भो भने फेरि यो अन्तर्राष्ट्रियकरण हुनेपनि त्यत्तिकै सम्भावना छ र अब यो सबै सरकारको हिस्सा त ९५/९९ प्रसेन्ट नै जाला नै १ प्रसेन्ट हाम्रो पनि हिस्सामा आउला । अलि हामीले पनि धक्का मक्का लगाएको हुनाले भन्ने हुनसक्छ । त्यसकारण यो स्थितिको बीचबाट अब सरकार अगाडि बढोस् । र अब हामीले फेरि पनि मैले यसमा जोड दिनुपर्ने कुराहरू चाहिँ के छ भने अब धेरै कुराहरू पनि उठेको छ । अब खासगरी हामीले एउटा विकासको चाहिँ मोडेल के गराउने ? यो कुरा अत्यन्तै महत्त्वपूर्ण र मैले डे वान देखि राखेको किन कि मैले आलिकति आफैंले पनि केही आर्टिकलहरू केही कितावहरू सङ्घीयतादेखी गणतन्त्र देखि मैले केही प्रकाशन गर्ने लेख्दै आएको पनि थिएँ कुनै समयमा ।

त्यसकारण मैले बुझेको सङ्घीयतामा के हो भने हामी एउटा मोडेलमा नै चुक्यौं । यो कुनै एउटा सरकार वा अमुक व्यक्ति या मुख्यमन्त्री वा कुनै मन्त्री विशेषको कुराभन्दापनि हामी जानुपर्ने छ नेपालगञ्ज हामी सुगु लाग्यौं उता चाहिँ मुख्यमन्त्रीज्यूको जिल्लातिर हुम्लातिर लाग्यौं । त्यस्तो खालको हाम्रो चाहिँ बेथिति भो किन भने जस्तो तपाईँ हामीलाई थाहा छ हामी कुवेत दुवईतिर हामी आकाशमा जहाजमा घुम्दा त्यहाँ अत्यन्तै राम्रो एउटा उ देखिन्छ । तपाईंको नदी कहाँनेर छ, घर कहाँनेर छ, तपाईंको स्टेडियम कहाँनेर छ, समुन्द्रको पनि कति भन्ने त्यो सबै कुरा स्केचिङ गरेर त्यहाँ शहर बसालिएको छ । त्यति धेरै त हामी सक्दैनौं होला । अथवा अरू विकसित देशहरूमा चाइना या हङकङ थाइल्याण्ड जस्ता मुलुकहरूमा हामीले हेऱ्यौं भने त्यो खालको विकासको मोडेल पाउँछौं । किनकि त्यहाँ यस्तो मोडेल गरियो कि जो सुरुमा विकासको मोडेल बनाउनुभन्दा पहिले इञ्जिनियर एउटा चाहिँ सेटअप गरेर त्यो कामलाई अगाडि बढाईयो । र हामीकहाँ पनि त्यति नभए पनि जहाँसम्म मलाई लाग्छ ८० प्रसेन्ट हामी पनि त्यो अवस्थामा छौं । किन कि हामीले सुरुङ खोलेका छैनौं, हामीले ठुला हाइवेको परिकल्पना गरेका छैनौं, हामीले उत्तर दक्षिण फास्ट ट्र्याकको कल्पना गरेका छैनौं, हामीले पूर्व पश्चिम फास्ट ट्र्याकको कल्पना पनि गरेका छैनौं, हामीले साँच्चै भन्ने हो भने कर्णालीस्थित हामीले बनाउने शिक्षा, रोजगार ती सबै कुराहरूमा कस्तो खालको चाहिँ तपाईंको राज्य मेशिनरी वा मेशिनरी तयार गर्ने त्यो पनि हामीले बनाएका छैनौं । त्यसकारण त्यो प्रोफिट हामीलाई छ । अब यसमा अभ्यास गर्दाखेरि राम्रो हुन्छ । त्यो हामीले सुरुदेखी उठाएका हौं । यहाँ प्रश्नपनि उठ्छ जस्तो अब खुद्रा बजेट गयो टुक्रे प्रोजेक्ट गयो त्यो माननीयज्यूहरूले अलिअलि भनेर पनि हो ।

हामीले त्यो मलाई जहाँसम्म लाग्छ मैले आफ्नो कुरा गर्दा कहिलेपनि मेरो क्षेत्रमा धेरै बजेट दिनुस् भन्ने मेरोपनि आशय होइन हामी सबैको आशय हो जस्तो मलाई लाग्दैन। हाम्रो आशय के हो भने अलि मन्त्री केन्द्रित, अलि विकेन्द्रित, अलिकति अलि तपाईंको आफ्नो सरकार अनुकूलकेन्द्रित हुँदाखेरी यो किन हो भन्ने कुरा नै हाम्रो चाहिँ डिस्कसको विषय हो । अब त्यसमा अब पनि सरकारले के अभ्यास गरोस् भने एउटा चाहिँ तपाईंको रोल मोडल तयार पारिसकेपछि ल ठिक छ हामीसँग ३६ अरब पैसा छ अथवा आगामी हामी ४० अरब बनाउँला २४ ओटा क्षेत्रमा एकएक अरब हालौं न कुन माननीयले विरोध गर्दो रहेछ । जनताले देख्छ नि । बाँकी रहेको अरू ८-१० अरब । हामीले १-१ अरब २-२ अरब एउटा कुनै हामीले हालौं न । त्यसो गर्दा के हुन्छ भने २४ ओटा क्षेत्रमा सुरुङ काँ काँ पर्ने पर्ने भन्ने माननीयको भाग लाग्दैन के। त्यो एउटा सुरुङ हेरौं । अथवा ठुला ठुला तपाईंको हामीले रंगशालाहरू बनाउनु पर्ला त्यो त ठाउँको पनि अनुकूल हुनु पर्‍यो । त्यो कुनै माननीय विशेष हुँदैन । अथवा शिक्षामा हामीले काँ काँ कलेज गर्ने ? अहिले पर्वतीय विज्ञान तथा प्रविधिको हामीले कलेजको कुरा गरिराख्याछौं । त्यो कुराहरू पर्ला ।

त्यसकारण यसमा अलिकति सरकारले चाहिँ मेहनेत गरेर एउटा स्टक्चर हामीले तयार गर्‍यौं भने वास्तवमा फेडालिजम भनेको त्यही हो । फेडालिजम इज द सिस्टम अफ गभर्मेन्ट इन ह्विच द पावर ह्विच डिभाइडेड बिटवीन सेन्ट्रल अफ्रीकन मेक भेरिअस कन्सिसन युनिट भन्छ । तर हाम्रो त्यो हाम्रो के भो भने केन्द्रीकृतमा पन अत्यन्तै केन्द्रीकृत । केन्द्रीकृत पनि भएन एकदम तपाईंको हाम्रो त्यो एकदमै भद्दा खालको चाल संग्रहवादी टाईपको हाम्रो बजेट परिचालन, हाम्रो नीति कार्यक्रम निर्माण, कपिपेष्ट, अरू प्रदेशको यहाँ छन् यहाँ केन्द्रको यहाँ छ या अरू राज्यको यहाँ छ । यो किसिमले हामी अब उही चाहिँ राउण्डमा हामी दौडेर हामी अगाडि बढ्न सक्दैनौं । त्यसकारण यो किसिमबाट अलिकति हामीले अब यसो गर्दा खतरा त छ किन कि अब त्यसरी गर्दा बजेट त्यहीँ ठिक्क हुन्छ सरकारले आफ्नो ढङ्गले, मन्त्रीले खर्च गर्न सक्दैन। अलि बढी केही न केही आफ्नालाई गरौं भन्ने उसलाई प्रेसर पनि हुनसक्छ । उसले गर्न सक्दैन । र त्यसको लागि त सवभन्दा खतरा त सरकारले नै मोल्नु पर्‍यो । माननीयज्यूलाई अरू केही छैन । किन त्यो त हामीले अगाडि राखेर ल यसरी बनेको छ अब कर्णाली अब यसरी बन्छ भनेर हामीले भन्यौं भने कन्भिन्स नहुनु पर्ने कुराहरू छैन जस्तो मलाई लाग्छ । त्यसकारण यी विषयमा अलिकति हामीले गरौं भन्ने मलाई लाग्छ ।

अब अर्को चाहिँ अब यसमा जस्तो यो भौतिक पूर्वाधारकै कुराहरू गर्दा अब अहिले यसो ८४ करोड वा ८५ करोडको कुराहरू छ । अब कति पुग्दै जान्छ पछि । अब त्यसलाई पनि ५ लाख, ७ लाखमा गरिएको छ । म एउटा चाहिँ निवेदन गर्न चाहन्छु जस्तो मैले हिजोपनि त्यहाँ भने मेरो एउटा चुकेखोला पुल छ अर्को खोलाको पुल छ, सडक छ त्यहाँ ३ करोडको स्टिमेट गरिएको छ १० लाख ५ लाख जानु त्यो हाँस्यासपद कुरो हो । त्यसलाई बजेट सुनिश्चितताको कति छन् यस्ता । मेरो निर्वाचन क्षेत्रको मात्रै मैले कुरा गऱ्या होइन । यो एउटा तपाईंको चाहिँ सबै २४ ओटा क्षेत्रमा कति छन् ? त्यस्ता चाहिँ कुराहरूलाई प्राथमिकता दिएर आगामी बजेटमा त्यसलाई हालौं न हामीले । जहाँपनि जनता नै वस्छन् । सबै पार्टीका जनता बस्छन् । मत बढ्ने हो भने सबैतिर बढ्ला । नबढ्ला । त्यो पनि हामीले आफ्नो पालामा यति गऱ्यौं भन्ने एउटा त्यसले हाम्रो हाइवर्की पनि मेन्टेन गर्छ । त्यसकारण यो ढङ्गले हामीले गरौं जस्तो लाग्छ । र अब अन्तिममा मैले अब जहाँसम्म यो अलिकति यो सबै खालको चाहिँ तपाईंको अब यो क्यारे मन्त्रीको सेनाको पनि सेनापति भनेको मुख्यमन्त्री, मन्त्रीहरूको पनि मन्त्री, एउटा गार्जेन भएको हुनाले अब जसरी यो लक्षित वर्ग या आयआर्जनका कार्यक्रमहरू छन् यो नराम्रो होइन । किन कि हामी सङ्घीयताको पक्षधर र समावेशी समानुपातिकको पक्षधर हुनुको कारणले दलितले पाउने, महिलाले पाउने, त्यो पनि हाम्रो ठिक ढङ्गले तपाईंको चाहिँ वितरण भएको छैन ।

जस्तो सबैको काउन्ट गरिनु पऱ्यो नि । दलित, महिला, उत्पिडित, अल्पसंख्यक, जनजाति, राजी, राउटे, बोटे, कुसुण्डा यो सबै खालको तपाईंको टोटल चाहिँ एउटा तपाईंको फिगर राखेर त्यसलाई हामीले गर्न पऱ्यो नम्वर १ । नम्वर २ अर्को त्यसमा पनि कहाँ खराबी होभन्दाखेरी कार्यविधि र अनि तपाईंको कार्य प्रणाली र कार्यान्वयनमा एकदमै तपाईंको फितलो भयो र हाम्रो ढाड त्यहाँ सेकिनेवाला छ । अब बजेट नै कार्यान्वयन नहुने स्थिति छ विवाद छ हरेक कुराहरू छ यहाँ धेरै कुरा माननीयज्यूहरूले उठाइसक्नुभाछ । त्यसकारण मैले धेरै त्यतातिर नजाउँ । र यस्ता धेरै भेटिसक्यौं (<u>माननीय सभामुखः</u> सकौं सकौं माननीय सदस्य) हजुर धन्यवाद सभामुखज्यू, मैले सकें अब त्यसले गर्दाखेरी अब हामी मैले एउटा फाइनल्ली के भने यो बोल्नुपर्ने एउटा स्थिति छ । कतिपय यहाँ सरकारको मन्त्रीज्यूले भन्नुहुन्छ ल तँ त सत्तापक्षको दलको प्रमुखको केरे दलको सचेतक । यसरी उसरी भन्ने कुराहरू हुन्छ । त्यो सही कुरा हो। एउटा परिधिभित्र रहेर बोल्नुपर्छ त्यो मलाई थाहा छ त्यसको मर्यादा सँगसँगै अर्को कुरा के हो भने हामी त जनताबाट स्थापित केरे निर्वाचित भएर आएका हौं ।

हामीलाई त्यो तपाईंको प्रेसर पनि छ त्यसरी चाहिँ जनतालाई हामीले चाहिँ एउटा सम्बोधन गर्ने ? कसरी चाहिँ एउटा राम्रो खालको मोडल चाहिँ हामीले तयार गर्ने ?(**मानानीय सभामुखः** सकौं माननीय सदस्य) त्यसकारणले यो किसिमबाट हामीले केवल यो बोल्नको लागि बोल्न मात्रै नभएर वास्तवमै एउटा ठिक ढङ्गले सरकारले एड्रेस गरोस् । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा सभामा पेश भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ अन्तर्गत विनियोजन भएका भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासामा सम्बन्धित मन्त्रीहरूले जवाफ दिनका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ८ बमोजिम समय निर्धारण गरेको छु।

सर्वप्रथम भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासामा जवाफ दिनका लागि कर्णाली प्रदेश सरकारका भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्री माननीय श्री पदम रोकायालाई समय दिन्छु ।

**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्री श्रीमाननीय पदम रोकाया**ः माननीय सभामुखज्यू, सर्वप्रथम त आज नारी दिवसको अवसरमा शुभकामना दिन चाहन्छु । हाम्रो मन्त्रालयमा माननीयज्यूहरूले उठाउनु भएका प्रश्नको म केही कुरा आफ्नो जवाफ दिन चाहन्छु । जो माननीयज्यूहरूले भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयमा उठाउनु भएको यो जायज छ तपाईंहरूको कुरा । यो अनजायज छैन । हिजो पनि म त्यही ठाउँ हुँदाखेरि म पनि त्यही कुरा गर्थें । आज म यो ठाउँमा आएँ मैले जवाफ दिनुपर्ने भयो । म पन्छिन पनि मिल्दैन, मैले भाग्नुपनि मिल्दैन । मेरो यो अधिकारको कुरा हो । त्यसो भएको हुनाले सर्वप्रथम त हाम्रो माननीय गुलावजंग शाहले भन्नुभयो यो बजेट विभेद, पक्षपाती भयो र बहुवर्षीय योजनामा मेरो क्षेत्रमा बहुवर्षिय योजना परेन, २४ ओटा निर्वाचन क्षेत्रमा एउटा क्षेत्र एउटा बहुवर्षिय हाम्रो नीति थियो भन्नुभयो यो ठिकै हो । म पनि त्यसमै थिएँ । मेरो क्षेत्रमा पनि पऱ्या थिएन तपाईंलाई थाहा छ मैले बारम्बार यो सदनमा बोलेको थिएँ । अहिले तपाईंको पनि पऱ्याछ मेरो पनि पऱ्याछ । अहिलेको सरकारले यी छुटेको ठाउँमा पारेको छ । म मन्त्रीहरूको जवाफ दिने क्रममा पछि बोलौंला । अहिले यो हाम्रो मन्त्रालयले योजना यो यो भन्ने म

विषयमा नोट टिपोट गरिएको छ । बहुवर्षीय ठेक्का स्रोत सुनिश्चित गरेका आयोजना सम्बन्धी विवरण हालसम्म करिब ५५ ओटा आयोजना रहेको छन् । हाम्रो जिल्लामा यो कर्णाली प्रदेशमा २४ ओटा निर्वाचन क्षेत्रमा ५५ ओटा आयोजना भएका छन् । सुर्खेतमा १३ ओटा, मुगुमा ३ ओटा, जाजरकोटमा ७ ओटा, दैलेखमा ५ ओटा, जुम्लामा ३ ओटा, रुकुम पश्चिममा ५ ओटा, डोल्पामा ५ ओटा, हुम्लामा ३ ओटा, कालिकोटमा ५, सल्यानमा ६ । अब यो ५५ ओटा बहुवर्षीय योजना छन् अनि २४ ओटा निर्वाचन क्षेत्र छ यी क्षेत्रमा एउटा नपर्नु त अन्याय त हो यो । विभेद नै हो यो । भन्नु स्वभाविकै हो यो माननीयज्यूले ।

त्यसो भएको हुनाले निर्वाचन क्षेत्रका आधारमा समेट्ने गरी अहिले समेटेका बहुवर्षिय योजनाको संख्या १० ओटा । रु. १५ लाखभन्दा कम लागत भएका आयोजना सम्बन्धी विवरण कुल आयोजनाको संख्या ४ सय १ । १५ लाखभन्दा तलको योजनाहरू ४ सय १ । कुल लागत रु.३६ करोड ६२ लाख । १५ लाखभन्दा तलको । कुनै प्रक्रियामा नगएका आयोजनाको संख्या १ सय ६२ । ४ सय १ मा अरू प्रक्रियामा गएका, टेण्डर आव्हान भएका अथवा सम्झौता भएका, भए कि भएनन् त्यही जिल्लाले त्यही लेखेर पठाएको छ । ४ सय १ मा अरू सबै भैसकेका १ सय ६२ ओटा कुनै पनि प्रक्रियामा नगएका योजनाहरू १५ लाखभन्दा कमका योजनाहरू। कुनै प्रक्रियामा नगएका आयोजनामा छुट्ट्याईएको कुल बजेट १४ करोड ४४ लाख, अघि ८५/८६ करोड भन्ने होइन । प्रक्रियामा नगएका १४ करोड ४४ लाख । यो भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयबाट कुनै प्रक्रिया नभएका । यस आ.व.को उपलब्धि हालसम्म अहिलेसम्म उपलब्धि त्यो मन्त्रालयको के छ भने कालोपत्रे सडक निर्माण ६.७ कि.मी., ग्राभेल सडक निर्माण २९.०९ कि.मी., माटे सडक निर्माण १६४.०६ कि.मी., कि.मी भनेको किलोमिटर । जनता आवास इकाई निर्माण ७७८ ओटा, हाल सम्झौता भई सञ्चालन भएका योजनाहरूको संख्या पूर्वाधार विशेष कार्यक्रम ४२७ ओटा । मन्त्रालय स्थापना कालदेखि उपलब्धीको विवरण अहिलेसम्मकालोपत्रे सडक निर्माण २६.०४ किलोमिटर, ग्राभेल सडक निर्माण १४० किलोमिटर, माटे सडक निर्माण ९६३.०१ किलोमिटर, स्तर उन्नति २३.०३ किलोमिटर, जनता आवास इकाई निर्माण १८२८ ओटा भवन, झोलुङ्गे पुल निर्माण ३० ओटा, मोटरेवल पुल १७ ओटा यस आ.व. मा तर्जुमा गरिएका कार्यविधि तथा निर्देशिकाहरू कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम सञ्चालन तथा व्यवसाय निर्देशिका २०७८, कर्णाली प्रदेश विपन्न घर कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८,

एकीकृत वस्ती विकास कार्यक्रम कार्यविधि २०७८ हालसम्मको वित्तीय प्रगती १० प्रतिशत । २०७८ चैत मसान्तको लक्षित वित्तीय प्रगती ४५ प्रतिशत । चैत मसान्तसम्म हामी ४५ प्रतिशत काम गर्छौं भनेर हामीले भनेका छौं । चालु आ.व. २०७८/०७९ मा लागत अनुमान स्विकृत संख्या १५ ओटा, प्राविधिक मूल्याङ्कन सम्पन्न संख्या १४ ओटा, म्याद थप भएको ठेक्कापट्टा संख्या ५० ओटा ।

समपूरक कार्यक्रम तर्फक्रमागत योजना ७ ओटा, नयाँ योजना संख्या ५ ओटा, गतवर्षको दायित्व गतवर्ष काम सम्पन्न भएको यस वर्ष पिएलएमविआइएसमा कार्यान्वयन प्रस्ताव बजेट नभएको योजनाहरूका लागि कुल लाग्ने रकम रु. १५ करोड भूक्तानीका लागि बजेट निकासा प्रक्रिया रहेको छ । हस्ताक्षर छायाँपान तथा खानेपानी तथा सरसफाईको कार्यक्रम १० करोड ऊर्जा मन्त्रालयमा हस्ताक्षर भएको छ माननीयहरू थाहा छ । जनशक्ति व्यवस्थापन यो मन्त्रालयमा३ ओटा इन्जिनियरहरूलाई सङ्घबाट काजमा ल्याइएको कामकाज गर्नको लागि । संगठन तथा व्यवस्थापन ओएनएम सर्वेक्षण प्रतिवेदनको प्रयास तयारी । जनशक्तीको स्थायी पुर्तिका लागि विभिन्न सहायक स्तर पाँचौ तहका कुल २५ पद रिक्त दरवन्दीमा आकृति फारम भरी प्रदेश लोक सेवा आयोगमा पेश गरिएको हस्ताक्षर पाँचौ तह र अधिकृत सातौं गरी कुल ३८ जना प्राविधिक जनशक्ति करार सेवामा लिएको अहिले हामीले । ३८ जना खुलेको छ ।

अव हाम्रो मन्त्रीज्यूले भन्नु भएको सबै मन्त्रीज्यूका छुट्टाछुट्टै जवाफ दिन सकिदैंन । २ घण्टा लाग्छ होला । म होलसेलमा दिन सक्छु । अब यहाँ पूर्वाधार मन्त्री पहिलाको हाम्रो निवर्तमान हुन त मलाई भन्नुभएको होइन म लाग्छ होला त्यस्तो लाई मैले त्यो काम गऱ्या पनि छैन । गऱ्याभए दुःख पनि मान्दो हुँला । फिरौती लिने काम गरिएको भन्याछन् । अब को ले लियो कसरी लियो थाहा छैन । मैले योभन्दा पछाडि भर्खर आएको एक महिना भयो आज मैले पछाडि कुनै ठाउँबाट पदम रोकाया भौतिक पूर्वाधार मन्त्रीले एक रुपैंया काहीं फिरौती हो कि कमिशन हो एकै होला लियो भन्नु कुरा सुनियो र प्रमाणित गर्न सक्नुहुन्छ भने म यो पद छोडेर जान्छु अहिले भर्खर । मन्त्री भएर मात्र होइन हिजो माननीय हुँदाखेरी पनि तपाईं हामी सबै माननीयहरू पैसा कमाउन त आया होईनौं । प्रतिष्ठाको लागि, नामका लागि, इज्जतको लागि र कर्णाली प्रदेशको विकासका लागि आएका हौं । पैसा कमाउने बाटा धेरै छन् । व्यवसाय गर्न सक्नु पऱ्यो । मसँग थाहा थियो पैसा कमाउने बाटो धेरै जानेको थिएँ मैले । धेरै मार्ग जानेको थिएँ पैसा कमाउने बाटो । म यहाँ किन आएँ ? विकासको लागि आएको हो। कर्णाली प्रदेशको विकासको लागि आएको हो । तपाईं पनि त्यै गरी आउनु भएको

हो। अझै भोट माग्ने बजेट कसरी आयो ? को ले ल्यायो ? कहाँबाट आयो ? त्यो थाहा हुन्न । त्यो अहिलेको सरकारले ल्याएको होइन । अहिलेको सरकार मुख्यमन्त्रीदेखि लिएर हामी मन्त्रीले ल्याएको बजेट होइन । तपाईंहरू जानकार हुनुहुन्छ यो विषयमा । अब बजेट अध्यादेशमार्फत् आयो भन्ने कुरा आएको छ । स्वाभाविक हो एक महिनासम्म अवरोध गऱ्यौं सदन, चल्न दिएनौं असार मसान्तमा बजेट ल्याउनु पर्छ। के गर्ने त ? ल्याउनै पऱ्यो । ल्याउनु पऱ्यो । तपाईंहरू भए ल्याउनु हुन्थ्यो, म भए ल्याउँथे, अर्को भए ल्याउँथ्यो । सदन अवरोध भएपछि अनि असार मसान्तसम्म बजेट ल्याउनु पर्छ । के गर्ने ल्याउनु परेन ? ल्याउनु पऱ्यो । त्यसो भएको हुनाले बरु के भयो भने टुक्रे योजना धुजाधुजा पारेर ल्याईयो । त्यो मात्रै गलत भयो । ल्याउनु पर्ने त थियो बजेट ।

अव मैले त कुरो उठाएको थिएँ त्यहाँ हामी बजेटमार्फत् पनि कुरा उठाउँ है भनेरभन्दाखेरीमा बजेटको त कुरै उठाउन दिइएन । हाम्रो त विषय अर्कै छ भन्नुभयो। अनि अहिले बजेट हामी अध्यादेशमार्फत् ल्यायो भन्ने हामीलाई ? ल्याउनु स्वभाविक थियो । त्यसो भएको हुनाले अध्यादेशमार्फत् बजेट आउनु स्वाभाविक नै थियो । अनि अब हाम्रो पूर्व मन्त्रीले भन्नुभयो एकजना सामाजिक मन्त्रीले पदम रोकाय ऊर्जाशील हुनुहुन्छ अनि केही गरौं भन्ने विचार छ मन्त्री हुनुभयो भन्नुभयो । हजुर पनि त्यही गरौं भनेर मन्त्री भयाको हो । म पनि त्यै गरौं भनेर मन्त्री भयाको हुँ अरू माननीय पनि त्यै केही गरौं भनेर मन्त्री भयाका हुन् । नगरौं भनी त भयाका होइनन् । तर मैले भन्या हाम्रो सरकार पनि अहिले जीवन शाही मुख्यमन्त्री हुनुहुन्छ हिल्साको नाका ड्राइभरदेखि लिएर डोजर चलाएर प्लेन जहाज पनि चलाएका मुख्यमन्त्री हुन् । कर्णाली प्रदेशको माननीय देखि मुख्यमन्त्री भएका र प्रतिनिधि सभाको माननीय देखि मन्त्रीसम्म भयाको हुनुहुन्छ । उहाँ पनि सरकारको अहिले मुख्यमन्त्री उहाँ नै हो । उहाँकै निर्देशनमा चल्न्या हो हामीले । भने उहाँपनि राम्रो मान्छे हुनुहुन्छ, विवेकशील हुनुहुन्छ। त्यसो भनिरहँदा अगाडिका मन्त्री थिएनन् भनेको होइन । त्यो ब्यवहारले बताउँछ । अघिल्लो सरकारले कस्तो काम गऱ्यो अहिलेको सरकारले कस्तो काम गर्छ । ब्यवहारले बताउँछ ।

त्यसो भएको हुनाले सडक महत्त्वका योजनाहरू ठेकेदारले हो मैले पनि अहिले मैले मन्त्रालय सम्हालेबाट विहान पनि अनुगमन गयाको छु, दिनमा पनि अनुगमन गयाको छु। म आफैंमात्रै गएको छैन । प्राविधिक लिएरभन्दापनि मेरो छोरा इञ्जिनियर छ बेतलबी भएर कुनै सेवा सुविधा लिएको छैन मन्त्रालयबाट मेरो छोरा इञ्जिनियर लिएर

म विहान बेलुका अनुगमन गयाको छु म । कुनै मन्त्रालयको सेवा सुविधा छैन उसलाई । मसँग थाहा छैन तपाईंहरूसँग पनि थाहा छैन । हामी प्राविधिक होइनौं । कोही माननीय मन्त्री प्राविधिक होलान् थाहा होला । हामीसँग थाहा छैन । त्यसो भएको हुनाले हामी प्रत्यक्ष अनुगनम गयाका छौं । छिन्छु किन नहोस्, नेवारे पुल किन नहोस्, चौकुने किन नहोस् सबै ठाउँमा अनुगमक गयाका छौं । हामी सक्रिय भएका छौं । यति भन्दै मेरो भनाइ यहीं अन्त्य गर्छु । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू अब मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिन दिनका लागि कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवन बहादुर शाहीलाई समय दिन्छु ।

<u>कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवन बहादुर शाहीः</u> सम्माननीय सभामुख महोदय, सभामुख महोदयमार्फत् यस गरिमामय संसद्मा माननीय सांसदज्यूहरूले राख्नु भएका जिज्ञाशाहरू सरकारले पूरा गर्नु पर्ने कर्तव्य कुराहरू र विशेष गरेर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका काम कार्यवाहिहरू र साथसाथै सरकारको दायित्व भित्र पर्ने सम्पूर्ण मन्त्रालयको कुराहरूको विषयमा पनि म जवाफ दिनको लागि यहाँहरूको सामु उपस्थित भएको छु । सम्माननीय सभामुख महोदय बास्तवमा माननीयज्यूहरूले उठाउनु भएको सबै जिज्ञाशाहरू प्रदेश उन्नति कसरी गर्न सकिन्छ । प्रदेश अगाडि बढाउन कसरी सकिन्छ । सरकार भनेको सबैको अभिभावक हो । कुनै मानिस त्यो पोस्टमा बस्न सक्छ उले व्यक्तिगत मुनाफाका लागि अगाडि बढनु हुन्न भन्ने जेनिन कुराहरू बोल्ने सबै माननीयज्यूहरूबाट आएको छ । हो सरकार सबैको अभिभावक हो मैले पहिला पनि भन्ने गरेको छु सम्माननीय सभामुख महोदय सरकार परिवर्तन भई रहन्छ । प्रमुख प्रतिपक्षमा बस्नेहरू सत्ता पक्षमा छन सत्ता पक्षमा बस्नेहरू प्रमुख प्रतिपक्षमा हुन्छन तर उद्देश्य के हो भने कर्णालीलाई कसरी अगाडि बढाउने भन्ने कुरा हो । अत्यन्तै महत्त्वपूर्ण सुझावहरू त्यलाई हामीले कार्यन्वयन कसरी गर्ने त्यलाई अगाडि कसरी बढाउने भन्ने कुरो नै वर्तमान सरकारको दायित्व भित्र पर्छ । समय कति लामो र छोटो भन्ने कुरा होइन त्यलाई त्यो वस्तु स्थितिलाई कुन ट्र्याकमा हामीले हिनाउने भन्ने कुरा हो । यो हामी सबैको दायित्व भित्र पर्छ भन्ने मलाई लाग्छ सभामुख महोदय म अहिलै बास्तवमा यहाँ आएर मैले जवाफ दिंदा कर्णाली प्रदेशको सरकारको प्रमुखको हैसियतले मैले दिनु पर्थ्यो भन्ने मलाई लाग्छ । अघि पनि सभामुख महोदय, माननीय सदस्यज्यूहरूले भन्नु भएको छ

वास्तवमा कुरा त्यही हो । मैले बारम्बार भन्ने गरेको छु मन्त्रीको पनि मन्त्री भएको हुनाले मुख्यमन्त्री भएको सचिवको पनि सचिव भएको हुनाले प्रमुख सचिव भएको हो । तर कताकता हामीले के सोच्यै भने यो मन्त्रालय त मेरो हो म एउटा मन्त्रालयको मन्त्री हो मुख्यमन्त्री भन्यात को हो र अनि मैले मन्त्रीले जे जे गर्नुपर्छ भन्ने कुरो एक ढङ्गले त्यसरी गयो एक लय त्यसरी गयो सचिवहरूको पनि त्यसरी गयो होला अनि म अहिले किन यो यति धेरै पैसा मुख्यमन्त्री कार्यालयमा रहयो भन्न कुराहरू यहाँ उठिरहेको छ । त्यसैकोप्रतिरूप या प्रतिफल हो भन्ने मलाई लाग्छ । बास्तवमा हामी सङ्घमा भयौ मन्त्रालयले बजेट बनाउथ्यो प्रधानमन्त्रीलाई नसोधि अर्थमन्त्रीले या अरू मन्त्रीहरूले प्रधानमन्त्रीसँगको सल्लाह नलिएर त्यो अगाडि बढ्दैनथ्यो । अब हामी त कस्तो समन भयौ भने सभामुख महोदय अब कल्चर हाम्रो यहीँ हो अघिनै भन्नु भो कुन कल्चरमा हामी हुर्रेकेका छौँ त्यले गर्दा पनि यी समस्याहरू आएका होलान् भन्ने मलाई लाग्छ र मुख्य दुइटा कुराहरू यो मुख्यमन्त्री रोजगार हामी सरकारले यो त हामी सबैको सल्लाहले नै होला गरेका हामीले मुख्यमन्त्री रोजगार कुरा अलि धेरै किसिमका रोजगारहरू छन महिला रोजगार भन्याछ दलित रोजगार भन्याछ अर्को रोजगार भन्याछ अनि कार्यविधि पनि त्यही ढङ्गले बनाउनु पऱ्यो त्यही अवस्थाले जानु पर्ने पऱ्यो प्रत्यक व्यत्तिलाई के छ भने अरूलाई धारे हात लगाउन त सजिलै हुन्छ म यहाँ सभामुख महोदय एउटा उदारण दिन चाहन्छु भर्खरै दलित महिला आयआर्जनको कार्यक्रम अगाडि बढी रहेको छ । यो मुख्यमन्त्री रोजगारको विषयमा बोल्नु पर्दा या नपर्दा प्रत्यक दिन माननीयज्यूहरूले बोलि रहेको अवस्थामा मैले देखि रहेको छु सुनिरहेको छु र यो मुख्यमन्त्री रोजगार कार्यक्रम दलित होला महिला होला अन्य होलान् त्यसको विनियोजन गर्ने त्यसको संयोजन गर्ने सबै कुराहरू कहाँ थियो त मुख्यमन्त्री कार्यालयमै थियो । र मैले के प्रयास गरे यलाई अलिकति डिसेन्टरलाइज गरौं यसलाई मुख्यमन्त्री कार्यालयबाट होइन यलाई अरू अवस्थामा जाउ भनेर म एउटा सभामुख महोदय दलित महिला आयआर्जनको उदाहरण दिन चाहन्छु । हामीले गऱ्यौं सर्खेतबाट दशै ओटा जिल्लालाई अनुगमन गर्ने सकिन्छ त अहिले सरकारले गरिरहेको अवस्था छैन त्यो हो भने त्यो हो भने यहाँ दलितको कार्यक्रम भएको हुनाले दलित महिलाहरूको कार्यक्रम भएको हुनाले दलित समुदाएको कार्यक्रम भएको हुनाले उहाँहरूकै त्यही समुदायको जेष्ट माननीयज्यूको अध्यक्षतामा हामीले यो एउटा बार्ड बनाउने गऱ्यौ हिजो मैले सुन्दै थिय संविधान मैं नभएको जिल्लाको समन्वय समितिको अध्यक्षतामा जिल्लामा कमिटि बन्यो संविधानमा त पछाडि लेख्यकै जस्तो लाग्छ । यदि संविधानमा थिएन भने त्यो

कहाँबाट आकाशबाट खस्यको त होइन हामीले यो सदनमा बोल्दा हाम्रा शब्दहरूले हामीले प्रकट गर्ने शब्दहरले संसारले हेरेको हुन्छ । अनि त्यसमा के गर्‍यौंदलीयव्यवस्था छ दलीय व्यवस्थामा सबैसँग मिल्ने गरेर त्यहाँ सदस्यहरू पनि राख्ने गर्‍यौ जसले गर्दा त्यो जिल्लामा त्यो कार्यक्रम यिफेक्टिक रूपले अगाडि बढोस भन्ने अबधारण थियो तर यहाँ त के भयो भने हामी माननीयले बाँड्नु पर्ने हाम्रै हातबाट पो बाँड्नु पर्थ्यो यो कुन चाहिँ फेरि अर्को आई लाग्यो अरूलाई देखाउनु ठिकै होला र आज भन्छु सबैले आज नारी दिबसको उपलक्ष्यमा ११२ औं नारी दिबस भनेर म बिहान देखि त्यही नारी दिबसकौं लागि भनेर दैडि रहेको हुनाले मन्चमा सिह नबलेको होला त्यसमा चाहिँ दुःख नमान्नु होला अनि हामीले त्यो बनायै त्यस पछि के गर्‍यौ भने प्रत्यक जिल्लामा १/१ जना अध्यक्षज्यूहरूलाई पनि त्यहाँ राख्ने कमिटिमा त्यो कमिटिमा राख्ने भनेर भने सभामुख महोदय मुख्यमन्त्री कार्यालय के भन्थ्यो भने यो कुरा मुख्यमन्त्रीले नै गर्ने हो हैन यो दियोन पैला अधिकार दिउ दिईयो अधिकार दियो सभामुख महोदय मैले पैला पनि यो सदनमा भन्ने गरेको छु मानिस लोभि होकि हेन भन्ने उसको हातमा पैसा राख्नु पर्छ मान्छेको चरित्र हेर्नको लागि उलाई कुर्चि दिनु पर्छ भन्ने कुरा मैले गर्ने गरेको थिय सभामुख महोदय अनि बस्नु भो निर्णय भयो २ जना माननीयज्यूहरूले सल्लाह गर्नु भो अनि त्यो अध्यक्ष हुने चाहिँ २ ओटा माननीयज्यूले भागभण्डा गर्नु भो ६ तेरा ४ मेरा अधिकार हातमा आउने बित्तिकै त कुरा यस्तो आउँदो रैछ नि त अनि नारी दिबसमा नारी प्रमुख भएको बेला नारीले सल्लाह गरेको बेला त्यो १० जना प्रमुख अथवा अध्यक्षमा एक जना नारी छैन्न अनि पुरुसले असमान गर्‍यो नारीले गरेको निर्णयमा यी धेरै कुरा आईसक्य पछि यो कुरा केहोत भनेर मैले भन्नु पर्ने अवस्थाहरू आए सभामुख महोदय यो कसैलाई कसैलाई धनिमा धनि बनाउने र गरिबमा गरिब बनाउने हैन सभामुख महोदय हामीले गरेका छौं सरकारको नेतृत्व मैले लिएको हुनाले हाम्रा कार्यविधिहरू यस्ता छन हामीले बनाएका कार्यविधिहरू यस्ता छन बनाउँदाखेरि हामी कठोर भएका छौं । भैंकर कठोर रूपले बनाएका छौं । म उदारण दिन चाहन्छु सभामुख महोदय एकीकृतवस्तीविकासको कुरा होस् या रोजगारका कुराहरू हुन एकीकृत बस्ति विकासको कुराहरूमा कार्यविधि यति राम्रो छ प्लानिग रहेको हुनु पर्ने छ । जियोलिस्टले हेरेको हुनु पर्ने छ इन्जिनियरले हेरेको हुनु पर्ने छ कम्तीमा पनि २५ घरभन्दा तलको लागि एकीकृत बस्ति विकास भनिने छैन र दुइटा पाटाहर हुन । एउटा आगालागि हुँदा बस्ति स्थान्त्ररण गर्ने र अर्को एकीकृत बस्तिको जुन कन्सेप सरकारले ल्याएको छ अत्यन्तै महत्त्वपूर्ण कन्सेप हो सरकारमा धेरै जना

हामी सायद हामी ४० जनामा म सहिद अहिले २२ जना मन्त्री नै भैइसकेका छौं । विकास गर्न गाह्रो भो बिजुलीपुऱ्याउन गाह्रो भो बाटो पुऱ्याउन गाह्रो भो बस्तिहरू जोखिममा भए ती जोखिममा भएका बस्तिहरूलाई एकीकृत रूपले राख्ने भनेर चाहिँ हामीले कार्यविधि बनायै तर दुरभाग्य हामी म सरकारको प्रमुख महिले अघि पनि हजुरहरूलाई भन्नु छैन तल लेख्यर के गऱ्यौ भने २५ ओटा घरहरू कम्तीमा हुनु पर्ने छ भनेर मैले लेख्य तर तल गइसके पछि फेरि मैले के भने भने यसो हेर्दाखेरि दफा १ को उपदफा २ मा अन्यत्र जेसुकै लेखेको भए तापनि एउटा घर पनि निमार्ण हुन सक्ने भनेर मैले लेख्य अब मैले त्यही तपाईंलाई रियलाईजेसन पाटोको कुरा गर्दै छु । उद्देश्य थिएन नि माननीयज्यूहरूको आफू नजिकको भयो भने त्यो पनि फेरि राम्रै भयो भएन भने गलत भो त्यस्कैले हामी त्यसैले पनि सरकारका प्रमुख देखि माननीय सदस्यज्यूहरू देखि हामीले डबल यिस्टान्डर हामीले कसैले पनि गर्नु हुँदैन यदि कसैले गर्‍यौं भने हाम्रो विकास कसरी हुन सक्छ हुन सक्ने अवस्था छैन आज कति राम्रा राम्रा चाहिँ सुझावहरू हुन प्लानिङ्ग गरै मास्टर प्लान सायद हाम्रो मास्टर प्लान पनि भएको होला यदि त्यो जमानामा माथेमाले यो प्लानिङ्ग नभएको भए सायद आजको स्थिति पनि हुने थिएन । जब हामी गणतन्त्रमा हामी गणतन्त्रवादी भइसकेपछि बाटो मुनिको वागार्नेत हामी हो त कृषि जन्य जग्गा भने छुट्टाएको भक्का भक हामीले त्यही व्यथिति ढङ्गले हामीले बनाइ रहेका छौं । यसमा कन्ट्रोल गर्न सक्ने न मेरो हिम्मत छ । माननीय सभामुख महोदय न माननीयज्यूहरूको छ । हामीले यहाँ जति अघि १ जना माननीयज्यूले भन्नु भो मलाई ती चित्त त्यो शब्दप्रति मलाई चित्तै बुझेको छैन । झाकि प्रदर्शन अब सरकारमा जाने पनि ती जनताबाट नै उ हुन यहाँ आउने पनि ती हुन हामी सबै झाकि प्रद्रशन गर्नेका एउटा न एउटा अङ्ग छ । अब हामीलाई के छ भने त्यहाँ भनी हालै भोलि भोट पाउदिन कि भन्ने मलाई पिर छ अर्को लाई परी पिर छ बास्तबिक्ता त त्यही होनि अनि सरकारमा आईसक्य पछि मेरो पाटिको सरकार म यो पाटिको भनेर भन्ने मनै भए हामीले त सोच्नु पर्ने के थियो भने म सबैको सबैको लागि गर्नुपर्छ समान ढङ्गले विकास गर्नुपर्छ । होला १९/२० हुन सक्छ तर विभेद गर्नु हुन्न भन्ने कुरा हामी जो कुर्चीमा यहाँहरूले पठाउनु भएको थियो गर्नु दायित्व हो। त्यसको लागि हामीले प्रयास गर्ने नै हो आउँछु आजकल रिपोर्ट बुज्छु फलाना ठाउमा फलानाले यति यति प्रसेन्ट उठायो अब अहिले आइरहेको छ। सभामुख महोदय,कसले कति गरेको छ यति दिइ सके यति रोक्नु पऱ्यो। यो न सरकारका न प्रतिपक्षका न

पक्षका अगाडि यो माननीय झुन्याएको जुन हाम्रो लोगो छ त्यो जनताहरूको हामीप्रति कसैको राम्रो छैन ।

सभामुख महोदय, त्यसकारणले म आग्रह गर्न चाहन्छु कानून भनेको कुरा के हो भने मेरो सहजताको लागि बन्ने होइन कानून भनेको जनताको सहजताको लागि बन्ने हो अघिनै यहाँ आयो कुरा सभामुख महोदय हामीलाई धन्नै अजै हिजोबाट आउँदाखेरि थप्सिदाखेरि ५८ करोड रुपैया हामीले पुरानो भुक्तानी दिनु पर्ने छ । हिजो ठेकदार योसोसियनले आएर फेरि अर्को चाहिँ ४०, ४५ करोड फेरि अर्कोले ल्याएको छ । यो भुक्तानी दिन बाँकी छ भन्ने कुरा भुक्तानी त दिनु पर्ने होला हामी त पोलिटिकल मान्छे भयै स्थायी सरकार भनेको कर्मचारीतन्त्र नै हो ब्युरोक्रेसी नै हो उहाँहरू भन्नु हुन्छ यो काही पनि नाम र निसाना छैन हजुर भुक्तानी कति दिने काहीं देखिदैन यले बोल्दैन यत्रो पैसा कहाँ दिने अब भोलि अदालतमा मुद्दा गयो भने फेरि अदालतले हाजिर गर्नुपर्ने त हामीले नै होला त्यसकारणले मैले भने सभामुख महोदय, हामी क्याबिनेटबाट भए पनि त्यसको पैसाको खोजी गरेर हामीले त्यो त भुक्तानी दिनु पर्ने होला नि त सरकारमा पनि हो अघि भनियो हामीले यहीं ठाउँबाट आवाज उठायका है त्यो आवाज लाई कहिले पनि सभामुख महोदय प्रतिपक्षको ढङ्गले सरकार असफल होस् सरकारले नराम्र गऱ्योस भन्ने हाम्रो चाहाना कहिले पनि थिएन सरकार सहित बाटोमा जाओस् जस्तै अघि आयो एउटा कति राम्रो जमुना देखि हिल्सासम्मको फास्टट्र्याक जसले लाखौं भारतीय पिलिग्रिस टुरिस्टहरू हामीले ल्याउन सक्छौ । यो हम्रो लाईफलाईन हो भेरीको करीडोर हाम्रो लाईफलाईन हो यी लाइफलाइनलाई पनि बनाउनु पर्छ यसलाई सरकारका प्रमुखहरूले प्रयास गरेर सरकारका मन्त्रालयबाट गरेकोमा हाम्रो हातमा पनि हिसाब खोईत भन्ने कुार पनि हामी सबैबाट पनि भएका कारणले यो बजेट उथलपुथल पनि भएको कुरालाई पनि हामीले हेक्का राख्नु पर्छ भन्ने लाग्छ सभामुख महोदय अब अहिले सुरुमा आउने बित्तिकै मलाई एउटा आरोप पनि लाग्यो बाहिर सुनाय त्यो स्वाभाबिक होला सभामुख महोदय रकम त भटाभट चाहिँ रकमान्तर भइरहेको छ । भन्ने कुरा यी डल्लो रहेको बजेट के रहेछ भने सम्बन्धित मन्त्रालयमा राख्दाखेरिमा पनि त्यो बजेटलाई फुटाउदा खेरीत त्यो रकामान्तर हुँदो रैछ साच्चै रकामान्तर भएको हैन कि त्यो फुटाउदाखेरि पनि रकमान्तर हुँदो रैछ । अब हामीले क्षेत्र विकास पूर्वधार विकास कार्यक्रमको कुरा पनि एक मुस्ट राखिम सायद त्यति खेरनैं यति यति ओडालाई भनेको भए त्यो रकामान्तर हुन्नथ्यो होला । यो लडिन बाई डयूभन्छौ त्यो सिक्ने पनि हो । हामीले सिक्नु पनि पर्छ र यो सिक्ने क्रममा चाहिँ सबैले त्यो महसुस पनि

गर्नुपर्छ भन्ने मलाई लाग्छ सभामुख महोदय त्यसकारणले यहाँ आउछ सादरबका कुरा आय ४ अरबका कुराहरू आए अब मैले त्यहाँ हेर्दाखेरि चाहिँ २ अर्बभन्दा माथि कतै देखिदैन अनि त्यो कार्यालयबाट पनि जाने पनि देखिदैन एउटा डाइरेक्ट गयो भने मुख्यमन्त्री कार्यालयबाट गएको भनेको ऊर्जाको करीब २५ करोड जति स्थानीय तहमामार्फत् नै गएको छ । अहिले सरकारको चिन्ता पनि के भने स्थानीय तहसँग नै चुलोको सरकार हो त्यलाई हामीले साथमा लिएर जानुपर्छ भन्ने कुरो छ । त्यस कारण सभामुख महोदय, यी दुइटा विषयहरू यदि बस्दाखेरी हामी सबैको राय र सल्लाहले किने भने सायद माननीयज्यूहरू यो सदनमा कम बस्नु भएको होला सदन चलेको बेला म त्यो समय देखि अन्तिम समयसम्म म बसेको छु सभामुख महोदय आज मेरा कार्यक्रम पनि १ जना मन्त्रीज्यूलाई भन्नुस् भन्न सक्थैं होला मेरो यो मदर युनिट हो यो मदर युनिटमा म जिम्मेवार हुनुपर्छ। प्रत्येक मन्त्रीहरू मुख्यमन्त्री माथि एकान्टटेबल प्रत्येक मन्त्रीहरू मुख्यमन्त्री पल्स संसद् माथि चाहिँ एकाउनटेबल हुनुपर्छ सायद अहिले सरकार र मन्त्रीहरू आज दिन मात्रै होइन सभामुख महोदय, सदैं आएर चाहिँ हामी एकदम एकाउनटेबल छौं । हामी उत्तरदायी छौं हामीले प्रत्यकका कुराहरू सुनेका छौं हामीले प्रत्यकका कुरालाई आत्मसात् गरेका छौं त्यो कुनै जवाफ दिनको लागि हैन त्यो सिक्नको लागि हो । सरकार जहिले पनि के सजग छ भने कहाँ निर हामी चुक्यौ हामीले सुधार्ने कुरामा हामीले सुधार्न पर्छ । सम्माननीय सभामुख महोदय प्रत्येक माननीयज्यूहरले भन्नुभएको छ हो हाम्रो दुस्मन भनेको कोहो हाम्रो दुस्मन भनेको रोग, भोग, गरिबी हो हामी सबै भनेका छौं र हो आज पनि त्यही कुरा हो यसमा न सत्तापक्ष न प्रतिपक्ष यदि प्रतिपक्ष भएन भने सत्तापक्ष त मातेरै हिड्ने जस्तो हुन सक्छ सचेत बनाउनु उहाँहरको दायित्व पनि हो । तर केही कुराहरूमा आफूले गर्नेकुरामा केहुन् भन्नेमा पनि सचेत हुनुपर्छ भन्ने मलाई लाग्छ । आजका यी सल्लाह सुझावलाई हेर्ने हो भने बसै अब कसरी जान सक्छौ कसरी यसलाई एउटा प्लानिङगर्ने सक्छौ मैले खोजे सभामुख महोदय यो कर्णालीको करीडोरको त्यो भएको डकुमेन्ट्रिसेसनहरू अर्थमन्त्रालयमा त्यो पनि भेटिदैन माननीय सदस्यज्यूहरूले उठाउनु भको कुरा हाम्रै मन्त्रलयमा हेरौं त्यहाँ पनि भेटिदैन मुख्यमन्त्री कार्यालयमा भेटिदैन इन्चुचेसन रेकर्ड चाहिँ मेमोरी चाहिँ हुनुपर्छ त्यो नभएको हुनाले कहाँ पुगेको छ । अहिले एउटा जापानिज टिम आईराखेको छ उनीहरूले भनिरहेका छन् कमसेकम एउटा इसेन्सियल तपाईंहरूसँग रिपोर्ट भएको भए हामीले केही गर्नसक्छौं कि भन्ने कुरा आएको तर मैले त्यो यिन्चुलियट रिपोर्ड अब त्यो बेला चिनियाहरले त्यो बुझाए या बुझाएनन् त्यो चाहिँ

मलाई थाहा भएन अघि भर्खरै एक जना पूर्व भौतिक मन्त्रीले भन्नुभएको थियो सभामुख महोदय, २७ लाख रुपैया हेलिकप्टरको खर्च भएको छ भने रिपोर्ट नलिकन त भएको देखिन्न होला त कहि न काँहि होला यसमा पनि हामी लाग्नु पर्छ । एकदमसहि कुरा हो करिडोर २ ओटा करिडोरलाई नबनाउँदासम्म अनि बारम्बार हामीले भन्ने गरेका छौं सभामुख महोदय, बनेका त्यही भए र त अस्ति हामी बस्यौं सर्वदलीय यहाँ बस्यै सम्माननीय सभामुखज्यूको अध्यक्षतामा म स्वयम आफैं प्रमुख प्रतिपक्ष दलको नेताज्यू हाम्रो ठुलो पार्टीको संसदीय दलको नेताज्यू, पूर्वमुख्यमन्त्री हामी सबै बसेर चाहिँ हामीले त्यो जुन अहिले तपाईंहरूले बारम्बार भन्ने गर्नुभएको छ सात बुँदे कुराहरू यलाई सुधार्ने कुरामा सरकार सुधारोन्मुख छ । हामीले भनेकै छौं त्यसमा केही कुराहरू हामीले प्रयास गरिहरेका छौं केही कुराहरू भइरहेका छन् तर समस्या अहिले कहाँ आइपुगेको छ भने कतिपय पैसा चाहिँ पुरानो भुक्तानी दिनु पर्ने हो। अस्तिसम्म ५८ थियो हिजो फेरि ४० अर्को आयो र अघि मात्रै भन्नमा आयो १२ ओटा योजना नै लागु सुरु भएका छैन, पैसा छैन भन्छन् दिनका दिन यहाँका निमार्ण व्यवसायीहरू आएर म कहाँ घेरिरहेका हुन्छन् । यको लागि निकास गर्ने या रिसोर्सलाई खोज्ने हाम्रो सबैको दायित्व हो । अब जुन हामीले टुक्रे योजना भनेर हामीले रोक्यौं दिनका दिन सबैलाई फोन आएकै छ त मेरो त यति हुन्थ्यो नि मेरो यो आएन भन्ने पनि आएकै छ। सभामुख महोदय, अनि सम्बन्धित ठाउँका माननीयज्यूहरूले आफूले परेको छ भने त्यहाँ खप्टाएर बनाइ पनि हाल्यो भन्नु पनि भएकै छ । यो या उ भन्ने कुरा होइन सभामुख महोदय, त्यसकारणले मेरो भनाइ के छ भने हामी किलेर है बनेको छैन रोकै बनेको अवस्था छ कुन मितिमा चाहिँ त्यो सैम्झैता भयो त्यले चाहिँ त्यो कार्यन्वयन हुन्छ हुन्न भन्ने कुरामा हामीलाई आइसक्यो अहिले चाहिँ सरकारका सचिवहरू एकदम आत्तिनु भएको छ । सायद हामी सभामुख महोदय, यस पछि यहाँका अध्यक्षता माथि हामी बस्ने होला कि सरकारका सचिवहरूले के भनिरहनु भएको छ भने १/२ दिन भित्र यो पैसा कहाँ लगानी गर्ने कसरी गर्ने भन्ने कुरा नआउने हो भने भोलि आचारसंहिता लागु हुन सक्छ यो पैसा त्यसैजान सक्ने हुन्छ । उहाँहरूको फिस मलाई पनि त्यही पिर छ त्यसकारणले नै सभामुख महोदय, यी आएका विधेयकहरू कहिले सरकार ल्याउन्न भन्ने कहिले ल्याएका विधेयकलाई पनि हामीले चाहिँ मेरो काम पऱ्यो भनेर हामीले नगरेरै आएका विधेयकहरूलाई पास गरौं यो कुरालाई यो पनि अगाडि बढाउ सायद आज सर्वदलीय बैठक बस्यो भने यी सबैकुराको समस्याहरू कहाँ कहाँ छन् कसरी यसलाई सट्टाबट्टा गरेर हामीले चाहिँ भन्नुपर्ने कुराहरू छन् । महत्त्वपूर्ण कुराहरू एउटा सुर्खेतको

कुरा हैन सुर्खेत कुरा त हिजो पनि मैले भनेथे आज पनि भन्न चाहन्छु हाम्रो मुहार कर्णाली प्रदेशको मुहार सुर्खेत जिल्ला हो । सुर्खेत जिल्लाले राम्रो बनायौं भने अरूको पनि राम्रो देखिन्छ भलै म पनि एउटा जिल्लाबाट निर्वाचित भएको मान्छे हु। त्यहाँ पनि धेरै आशा र आकांक्षाहरू होलान् र तीन महिनासम्म सम्पूर्ण मन्त्रालय, मन्त्रालय विभागीय मन्त्री पनि म आफैं थिए यदि मौका यहीं हो भनेको भएत केही केहि बजेट त मैले पनि गर्ने सक्थे होला सभामुख महोदय, केही अस्ति माननीयज्यूहरूले भन्नुभयो यस्तो कुरा त्यही भएर मैले यहाँ चाहिँ स्पस्टीकरण दिनु पर्‍यो मेरो आफ्नो बुद्धि र विवेकले भ्याएसम्म सम्पूर्ण आदरणीय व्यक्तित्वहरू आदरणीय माननीयज्यूहरूले जुन सहयोग गरिरहनु भएको छ यो राम्रोको लागि हो हुन त कहिले कहिले लाग्छ यो पोडियम भनेको यस्तो हो प्रतिपक्षले सत्तापक्षलाई गाली गरेन भने केको प्रतिपक्ष हुनु सत्ता पक्षले पनि जे छ सबै राम्रै छ हामी ठिक गर्‍याछौं नि के सत्तापक्ष हुनु भन्ने पनि हुन सक्ला तर कर्णालीमा एउटा नयाँ कुरो पनि त हामीले सुरुवात गरियो सभामुख महोदय, प्रतिपक्षले समेत राम्रोलाई राम्रो तिम्रो करेक्सन गर सत्तापक्षले के भन्यो भने ठिक हो हामीलाई सही सल्लाह दिनु भो यलाई हामी करेक्सन गर्छौं। यो पनि त सभामुख महोदय, सात ओटा प्रदेशमा नयाँ अभ्यास हो भन्ने लाग्छ । त्यो कर्णाली प्रदेशको माननीयज्यूहरूबाट हुन आएको छ । अब यहाँ धेरै कुराहरू कार्यविधिका विषयमा आएका छन धेरै कार्यविधिबाट चाहिँ हामी संचालित भउका छौं तर अब हाम्रो त्यो बनाउने कुरामा पनि धेरैकुरा अहिले आएर अस्ति एक जना माननीयज्यूले भन्नुभो मुटुको बिरामी भएर आएको छ मुटुको बिरामी भएर आएको छ सरकारले नीतिमा भने मुटु मृगौला कलेजो के के हुनेलाई चाहिँ हामी पैसा दिन्छौ हैन त्यसको व्यवस्था गरिने छ भनेर नीति तथा कार्यक्रममा आयो अब अस्ति उहाँहरूले कुरा उठाइ सक्य पछि मैले स्वास्थ्य सचिवज्यूलाई भने यो त यस्तो यस्तो कुरा आयो त्यो गर्नु पर्‍यो हैन हजुर नीतिमा त आएको छ तपाईंहरूले पैसा राख्नु भाछैन म कहाँबाट दिउँ भन्नुभो। अब मैले बोल्ने बाटो पनि रहेन यो हुलमुलमा अनेक थरिमा हुनछन हामी सबैका जस्तै म आज जुन ठाउँमा छु भोलि त्यहाँ जाने बित्तिकै फेरि मैले चाहिँ मेरो त्यो अ विगतलाई म ब्रिसेर चाहिँ एकदम चाहिँ यस्तरी बोल्न सुरु गर्छु कि सबैकुरा चाहिँ मैले राम्रो गरेकै थिएतिमीले नराम्रो गर्‍यौ भन्ने प्रचलनबाट पनि हामी बिमुख हुनुपर्छ भन्ने लाग्छ र असाध्यै राम्रा राम्रा यी एक जना माननीयज्यूले कति राम्रोसँग के यो विकासको मोडेल केहो त साच्चै सङ्घीयता के हो त ह हामी त्यो रायिड ट्र्याकमा भयौं कि भएनौं करेक्सन गर्ने जहिले पनि समय हुन्छ करेक्सन गर्नलाई कहिले पनि ढिलो हुँदैन यो

कुरामा पनि हामी सबै लागौ र हामी सबैले गर्ने हामी सबैले गर्ने कुराहरू सबै जनताको लागि नि हो । मैले अघि पनि भने फेरि पनि म दोहोर्‍याउन चाहन्छु अलिकति पावर पाउने बित्तिकै त आफ्ना भन्ने खोजि त हाल्दारैछन् त यो आफूले नगरे अरूलाई गर्‍यो भने र अर्को करा म यहाँ भन्न चाहन्छु यो धेरै यिसु उठ्यको हुनाले जुन डोल्पाको टापु छ त्यो टापुको निमार्णमा रहदै हैन टापुनै रहन्छ त्यहाँ पैसा खर्च हुँदैन त्यको लागि चिन्ता नगर्नु होला बरु हर्को चोटि पल बन्ला पुराना भुक्तानी दिनु पर्नेमा देला यो चाहिँ यहाँबाट धेरै कुरा आईसक्य पछि अब टापुको लागि धेरे माननीयज्यूहरूले चिन्ता गरेर बेकारमा त्यसको लागि चाहिँ नलाग्नु होला किन भने पछि धेरै दिनमा त्यो आएको हुनाले मैले यो यहाँहरलाई यो सदनबाट नै सरकारको प्रमुखको हैसियतले बोलि सक्य पछि अ पक्कै पनि त्यो पैसा मिसावट हुने छैन र म यी कुराहरू राख्दै अ मार्केट केरे यो मास्टर प्लानको कुराहरू छन गोलमेडल गर्ने कुराहरू छन टडेल बनाउने कुराहरू छन यी विभिन्न हाम्रा सपनामहरू आएका छन ती सपनालाई साकार गर्ने कुन हतसम्मको सपना चाहिँ ठिक हुन्छ भन्नेमा हामीले विचार गर्नु पर्नेनै होला कहिले कहिले राति सपना देख्दा सिंगो बाघ माथि चाहिँ चढेको दिखिन्छ । विहान उठ्दाखेरि त बिरालो माथि चढ्न पनि डरैडर मान्ने हुन्छौं हामी त्यो खालको सपनाले पनि हाम्रो चाहिँ उ हुँदैन तर ड्रिम डिजाइन डेभलप भनेर हामीले भन्ने स्थिति गर्ने पर्छ र माननीयज्यू हरको सम्पूर्ण भावनालाई सरकारले सदर गर्ने छ र सम्भव भएसम्म अधिकतम लचकता लिएर हामी यलाई सुधार गर्ने अगाडि बढाउने कुरामा सरकार प्रतिबद्ध छ । र माननीयज्यूहरूका जिज्ञासा साथले सरकारलाई अझै पनि थप ऊर्जा मिलेको छ जस्को कारणले हामीले थप केही रचनात्मक कुरागर्न सक्ने क्षमता वृद्धि छ भन्ने कुरा राख्दै र यो मलाई बोल्ने मैका जिज्ञाशाको भावनाहरू व्यक्त गर्ने जुन मैका दिनुभएकोमा सम्माननीय सभामुख महोदयलाई म हार्द्धिक धन्यवाद दिदै ११२ औं महिला दिवस महिला श्रमिक दिवस मात्र होइन होला भन्ने लाग्छ महिला दिबस हो सब यसका इतिहासमा जादा अमेरीकामा के भएको थियो। फ्रान्समा के भएको थियो। कस्का कारणले भो १९०८बाट कसरी भयो भन्ने अर्को पक्ष छ त्यसकारणले मैले चाहिँ के भने सम्पूर्ण नारीहरूको दिवसमा प्रदेश सरकार हार्दिक सम्मानजनक प्रकट गर्दै यहाँबाट बिदा हुन्छु धन्यवाद । जय नेपाल

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा सभामा पेश भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ अन्तर्गतका भौतिक पूर्वधार तथा सहरी विकास मन्त्रालय र

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शीर्षकहरूमाथिको छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेश विनियोजन अध्याधेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा सभामा पेश भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

<u>आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः</u> माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयक रूपमा यस सभामा टेबुल भएको र छलफल भइसकेको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १३२ को उपनियम १२ बमोजिम पारित गरियोस् भनी प्रस्ताव गर्दछु, धन्यवाद ।

<u>माननीय सभमुखः</u> माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा सभामा पेश भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ पारित गरियोस् भनी राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयक कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले सभामा पेश गर्नु भएको कर्णाली प्रदेश आर्थिक अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयक कर्णाली प्रदेश विधेयकको रूपमा सभामा पेश भएको कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८ माथि छलफल प्रारम्भ हुन्छ । छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले रोस्टमको बाँया तर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनु होला

सर्वप्रथम माननीय श्री ठम्मर बहादुर विष्ट यस पछि माननीय करविर शाही तयारी अवस्थामा रहनु होला । समय सात मिनेट

**<u>माननीय श्री ठम्मर बहादुर विष्टः</u>** माननीय सभामुखज्यू अ जो विधेयक हामी छलफल क्रममा छौं वास्तवमा अब यो छलफल गरेर यलाई पास गर्नु पर्ने र यलाई चाहिँ कार्यन्वयनमा जति सक्दो छिटो हामीले यसलाई सक्छौ । त्यसमा नै यसको परिणाम यसले सुनिश्चित गर्न सक्छ भन्ने लाग्छ । अब यो भित्र रहेका थुप्रे विषयहरू अ छन जो तत्कालीन आर्थिक तथा योजना मन्त्रीले मेहेनत गरेर ल्याउनु भछ र अब यसमा खासगरी कन उनै उनै कुराहरू त्यहाँ अलिकति फोकस हुन पुग्छ सभामुख महोदय अब हामी कहाँ एउटा समस्याहरू छ । जस्तो खास गरी प्लानिङमा हामी कहाँ चाहिँ समस्या छ योजना हामीले कसरी चाहिँ प्लानिङगर्छौ त्यसमा समस्या छ त्यसकारणले गर्दा अब यो हामीसँग योजना आयोग त बनेको छ अ त्यो प्लानिङकमिसनले के कति त्यसमा चाहिँ काम गर्छ आर्थिक विनियोजन अथवा त्यसका सर्तहरू के हुन सक्छ त्यसका मापदण्डहरू के हुन सक्छन्न अ त्यो विषय धेरै त्यहाँ सम्बोधन त्यो विषयले गरेको जस्तो लाग्दैन अब त्यसले गर्दा अहिले पनि हामीले भोगि रहेका छौं जस्तो यहाँ पनि कुराहरू आइरहेको छ अब धेरै सैद्धान्तिक कुराभन्दा पनि सानो सानो कुराहरूमा हामीले सुधार गर्न पर्ने विषय अब अहिले अर्थ आर्थिक मामिला तथा योजना मन्त्री जी अथवा चाहिँ यसको समग्र चाहिँ कमाण्डर गर्नु भएको मुख्यमन्त्रीज्यूसँग नै बढी त्यो आर्कषित हुन्छ । अब जस्तो हामीले अब एक चोटि कुनै चाहिँ रातो बुक या कुनै हामीले किताबहरू त्यहाँ प्रस्तुत गर्छौ हामीले त्यलाई पास गर्छौ अब त्यो जाने बेलामासम्म त्यले धेरै रंगहरू ग्रहण गरिसकेको हुन्छ यो कुनै यो हाम्रो करिब करिब यो खालको बेथिति हामीले डेवान देखिनै यो व्यहोर्दै यहाँ आएका छौं अब सरकारले कति यसलाई करेक्सन गर्न सक्छ भन्ने कुरा अहिले पनि गम्भीर रूपमा तेस्रिएको अवस्था छ। अर्कोसँगसँगै यले के प्रश्न को चाहिँ पनि निम्ताएको छ भने अब ठिक छ २ लाख ४ लाखको योजना जादा अथवा कुनै पनि योजनाहरू जाँदा त्योत पिएलएमबिआइएस अन्तर गतै जान्छ होला नि त्यो त त्यहाँ अर्थ सचिवले पनि हेरर्छ होला त्यसको व्युउरोक्रेसीले हेर्छ होला र मन्त्रीले त स्वतः हेर्छ होला त्यसो भने त्यो विथिति चाहिँ कसरी भो र एकै चाटि पिएलएमबिआइएसमा एकै चोटि तपाईंको चाहिँ त्योमा त आउदैन प्बलिकेसायिनमा त आउदैन त्यसो भाको कारणले गर्दाखेरि पनि अब यो कुरालाई हामीले कति करेक्सन गर्ने सक्छौं। विधेयकमा थुप्रै कुराहरू त्यहाँ उल्लेख भएका छन यलाई हामीले कसरी चाहिँ अर्थतन्त्रलाई व्यवस्थित गर्ने अथवा विकास

कर्णालीलाई कसरी चाहिँ सुनिश्चित गर्ने भन्ने कुराहरू छन तर यी कुराहरूमा आएर यो कसले गर्ने हो त यो बिरालाको घाटिमा घन्टि कले झुन्डाउन सक्ने भन्याजस्तो छ कोबाट सुरु गर्ने त कसले सुरु गर्ने भन्ने प्रश्न जो सरकारमा छ जो मन्त्री छ उसले नै सुरु गर्नुपर्छ होला हैन त्यसले गर्दाखेरि यो कर्णालीलाई हामीले व्यवस्थित गर्ने सक्यै भने वास्तवमै अर्थ प्रणालीलाई अलिकति धेरै हामीले व्यवस्थित गर्ने सक्छौ र अहिले अर्को एउटा कुरा अब के आइराछ भने जस्तो हामीले हेरिराख्या छौं मेरै आफ्नो विर्वाचन क्षेत्रमा पनि बाहिर पनि अहिले एकदमै तपाईंको डामाडोलको अवस्था छ । जस्तो यो खनिज देखि लिएर अरू कयैन रिसर्चेचहरू दोहन भइराख्या छ । अलि अगाडि त एउटा समाचार पनि भारतले नै कतिपय सल्यानको सुर्खेतको पनि ठेक्का लएर इन्डियमा उले तपाईंको यो म्याट्रियल रम्याट्रियलहरू लैजाने भन्ने कुराहरू पनि आयो त्योत पर छदै छ त्यलाई रोक थामा गर्ने कुरा नेपालमै पनि हामीले यहाँ जस्तो अहिले पालिकाले एक खालको चाहिँ तपाईंको दोहन भइराख्या छ । त्यहाँ कुनै मापदण्ड छैन तपाईंको झुप्रा देखि वरपर हेर्नुस त्यो टयाक्स कसरी कलेक्सन भइराख्याछ त्यो टयक्सको बेथिति त्यस्तै छ त्यहाँ लडामाथि छ अनेक खालको त्यहाँ तपाईंको ठुला चाहिँ बबन्डरहरू भइराछ र अब एउटा चाहिँ पूर्जिको र एउटा चाहिँ पहुँचको आधारमा त्यहाँ तपाईंको विषयहरूलाई अथवा योजनाहरूलाई अगाडि बढाईराख्या स्थिति छ । अब पालिकाले के गर्ने अथवा चाहिँ सङ्घले कति ट्याक्स लिने अथवा चाहिँ प्रदेशले कति लिने त्यो कुनै खालको एउटा व्यवस्थित त्यहाँ देखिदैन एउटा तिग्रा ठटायर तपाईंको जसले सक्यो जसले हान्यो उसले जान्यो भन्या जसरी कन अब त्यसलाई चाहिँ अर्थमन्त्रीज्यूले अथवा यो विधेयकले कतिसम्मको सम्बोधन गर्न सक्छ त्यो कुरा धेरै गम्भीर प्रश्न छ । अब हामीले भनिराखेका छौं, अहिले ६० करोडको हामीले चाहिँ अधिकतम लक्ष्य राख्याछौं राजस्वको हामी चाहिँ झन्डै आधा पनि हामीले कुरा गर्ने सकिरहेका अवस्था छैन अहिलेसम्म त्यसकारण त्यसलाई पनि करको दायरालाई हामीले कसरी बढाएर लान सक्छौ । यो कुरा विशेष गरी मेहनत गर्नुपर्ने कुराहरू छ । करको दायरा नबढाउँदा जे छ त्यहिबाट बढाउदा फेरि त्यहाँ जनतामा दोमन हुने फेरि साना साना व्यपारीहरू र त्यहाँ तपाईंको उद्योगपतिहरू भएको पनि त्यलाई चाहिँ तपाईंको उनीहरूको चाहिँ घाटी निमोटेको जस्तो हुने अब त्योभन्दा पनि ठुलो दायरा हामीले चाहिँ इन्डस्ट्रिलाइज कसरी गर्ने जस्तो अब हामीले उद्योगमा एउटा मोडल कहाँ यो अर्थतन्त्रको प्याकेजमा हुँदा जस्तो अबको बजेटमा मैले त्यो सुझाव दिन चाहन्छु कि त्यसको एउटा मोडेल तयार गरियोस् जस्तो कति बराबरको अब एउटा कुनै हामीले

तपाईंको एउटा चाहिँ के भन्छ यो जडीबुटी अन्तर्गत हामीले गर्ने अथवा अरू त्यस्तै कुराहरूमा कति हामीले लगानी गर्दा पर्यटन भित्राउन सक्छौं आउन त विगतको सरकारले नगरेको हैन महोत्वकाक्षि योजना गरेको त्यो राम्रै पनि हो । तर अहिले पर्णिनाममा आएर न राराको कुरा न चाहिँ काक्रेबिहारको कुरा न साईकलको यात्राको कुरा त्यो त फेरि परिणाम त हामी भन्न सक्ने स्थितिमा त छैनउ यस्तो कुरामा पनि अर्थतन्त्रलाई कसरी चाहिँ तपाईंको विशेष गरेर जाने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ जस्तो मलाई लाग्छ । त्यसैले गर्दा यो कुराहरू गरियो भने यसले अझै मूर्तरूप पाउछ । अब एउटा अब हामी कहाँ अर्को भनेको के छ भने तपाईंको एकदमै ढिला सुस्ति सबै कुराहरू आइराख्याछ कुराहरू अब अहिलेसम्म १६ प्रसेन्टमा हामी छौं एकै चोटि २ महिनामा ६०, ६५ प्रसेन्ट खर्च हुन्छ अर्कोतिर खर्च भको पनि फ्रिज हुन्छ जस्तो अघि मुख्यमन्त्रीज्यूले राख्नु भो त्यसको समस्या त्यो पनि छ जस्तो मेरै क्षेत्रमा करोडै रुपैया अब तपाईंको फ्रिज गयो जो कि काम गरिसक्या थियो अब त्यो कसरी दिने त्यो त्यस्तै अरूको क्षेत्रमा पनि त्यो छ । भको पैसा काम पनि भयो २० गतेभन्दा अगाबै गर्नु पर्ने ३०, ३१ तारिखमा केरो गर्नु पर्ने उनीहरूले चाहिँ प्रेस गर्नु पर्नेमा २०, १८ गते नै पेश भएको छ तर पैसा पाएन हैन टेक्निकल भो कम्युटर ह्याङ्गभो के भो ४ कम्युटर राखौं अपरेटर गर्ने मान्छे राखौं अब त्यो त सरकारलाई त्यहाँ लेखा आयोग देखि केरे लेखा सेक्सन देखि सबैलाई व्यवस्थित गर्ने त्यहाँ मन्त्रीजी अथवा एउटा चाहिँ मेसिनरी छ । त्यसलाई व्यवस्थित गरौं त्यसो भो भने फेरि राम्रो हुन्छ र योसँगसँगै एउटा डरलाग्दो के छ भने हामीले म अब करप्सनलाई कसरी व्यवस्थित गर्ने कि कुरा अलिकति विधेयकमा त्यहाँ उल्लेख भएको छैन । करप्सनलाई कसरी चाहिँ गर्ने अब एउटा नेपाली मन्त्री र तपाईंको चाहिँ  अमिरिकन मन्त्रीको डाइलक हामीले सुनेका छौं अब अमेरिका गएछ कसरी चाहिँ यो तपाईंको त घर त निकै राम्रो छ। कसरी गर्नु भोत यत्रो क्यालिफोर्नियामा बनाउनु भाछ उ मन्त्रीले भन्यो मैले एउटा चाहिँ अरबौं रुपैयाको एउटा उद्योग थियो एउटा चाहिँ तपाईंको सर्भ गर्दा या त्यसको लागतअनुसारको एउटा सरकारीबाट पाउने किसिमले २ प्रसेन्ट १ प्रसेन्ट आयो त्यसले घर बनाको हुम त्यसकारण यहीं हामी कहाँ योजना पनि हाम्रो छ इस्टिमेट पनि भइराछ भनेछ नेपालबाट त्यही चाहिँ मन्त्री आएछ भौतिक मन्त्री हैन अनि आइसके पछि अनि मन्त्री कहाँ छिर्दाखेरि मेरोभन्दा पनि ठुलो घर छ यो त सारा तपाईंको कसरी बनाउनु भो हैन भन्दाखेरिउले कसरी भएछ भने तपाईंले त्यहाँ यसो स्केच गरेर १, २ पैसा लिएर बनाउनु भो मैले त अनि उ त्यहाँ चाहिँ तपाईंको झ्यालबाट देखायो मन्त्रीलाई उ त्यहाँ

देख्नु भो पुल अनि यसो मन्त्रीले पुल त देख्दिन त त्यहाँ देख्नु पर्ने नाई देख्नु पर्ने हो यहीं कुरा बुझ्नुस् हामीले कागजमा बनायौं खायौं त्यसकारण हुनु पर्ने परेन त्यही हो तपाईं र हाम्रो फरक त्यसकारण कागचमा मिलाउने बिल मिलाउने अ भनौं न यो कुनै यहाँको मन्त्री या कुनै सात प्रदेशको या प्रधानमन्त्री भन्याहैन हामी कहाँ मन्त्री मिल्ने सचिव मिल्ने कर्मचारी मिल्ने सप्पै मिले पछि तपाईंको त्यो चाहिँ साधुलाई अब चोरलाई चौतारो साधुलाई हुने कुरा भो त्यसकारण यो बेथितिलाई करप्सनलाई हामीले गर्न सक्यै भने वास्तवमै अब यो विधेयकले त्यो समेटियो भने अझ व्यबस्थित हुन्छ त्यसले गर्दाखेरि अब जसरीनि मेहेनतका साथ यो विधेयक तयार गरेको छ सरकारले अब धन्यवाद दिन्छु र यो याबत कुराहरूमा अलि परिमार्जन भएर यो जाओस् सभामुखज्यू मैले यहीं कुरा निवेदन गर्छु धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय श्री करविर शाही

<u>माननीय श्री कविर शाहीः</u> माननीय सभामुख महोदय कर्णाली प्रदेशको आर्थिक ऐन अध्यादेशलाई विस्थापित गर्न बनेको ऐनलाई हामी छलफल गर्दै छौं । मैले अघि पनि विधेयकका छलफलमा धेरै कुरा राखिसकेको छु हामी समृद्धिको कुरा गर्छौं तर हामीले छलफल गर्ने कुरा कति विषय बासी भइसकेका हुन्छन् । असारको महिना छलफल गर्नु पर्ने विषय आज छलफल गर्दै छौं । मलाई लाग्छ यो विनियोजन विधेयक जे आयो त्यो विनियोजन विधेयक आउने क्रममा त्यो विनियोजन विधेयकमा राखिएका बजेटहरूका स्रोतहरू कहाँबाट आउछन् के के तर्फबाट हुने हुन ती स्रोतहरूलाई कार्यन्वयन गर्नका लागि के के कार्यविधि बनाइन्छ के विधि अपनाइन्छ कानून कस्तो बनाउने यी विषयहरू राखेर आउने चाहिँ विधेयक हो यो अब दोस्रो चौमासिक आई पुग्दाखेरि मैले अघि भने जस्तो विनियोजन विधेयक भनेको अध्यादेशमार्फत् आयो छलफल फागुन २४ गते गर्दै छौं र यो पास हुने पास पनि भईसक्यो तर त्यसलाई कन्ट्रोल गर्ने मेकानिजम माथि अहिले बल्ल छलफल गर्दै छौं अब अपेक्षा के होला हाम्रो बासी कुराको ताजा जवाफ पाउने हाम्रो चाहिने हाम्रो अपेक्षा छ त्यो बेला सरकार एउटा थियो छलफल एउटा चरणमा हामीले अघि एउटा माननीय मन्त्रीज्यूले जवाफ दिनुभयो त्यो जवाफमा विषय त थिएन समय सान्दर्भिक त थिएन अध्यादेश माथि छलफल हुने क्रममा हामीले केही बाटो एउटा डोका खोल्दाथियौं बजेट त प्रस्तुत भाको थियो बजेट के भन्छ विचारधीन थियो संसदमा संविधानले व्यवस्था गरेकोअनुसार पनि त्यो पारित गर्ने ठाउहरू नहुँदा एउटा ठाउँ छँदै थियो एक तिहाई ल्याउने चालु खर्चका लागि तर सबै डोका आफैंले सरकारले बन्द गरेर हठातमा संसद् अन्त्य गरेर बजेट

ल्यायो नियत केहो त्यो नियतले के के काम भए आजसम्म हामी देखिसकेका छौं विनियोजन विधेयक भनेको अघि मैले भन्या जस्तै त्यो धुजा धुजा के के कहाँ गएर कहाँ पुगिसक्यो अब त्यलाई कन्ट्रोल गर्ने मेकानिजमको बारेमा अहिले छलफल गर्दै छम जवाफ दिने मन्त्री पनि त्यो बेला रातारात चाहिँ के भन्छ अन्त्य गरेर के भन्छ अध्यादेशबाट बजेट ल्याउने मन्त्री हुनु हुन्न अब जवाफ हामीले त कल्पना गऱ्या जस्तो सोभाव होला संसदीय परम्पराअनुसारको जवाफ आउने नै होला अपेक्षा यति गरै वास्तवमा हामीले जे त्यहाँ अपेक्षा गरेछौ यति करोड उठने चाहिँ के भन्छ हाम्रो चाहीने प्रदेशको चाहीँने रेविनिउ हिसब गरेछौं आजसम्म मलाई लाग्छ आधा पनि भाछइन होला । भाछैन होला जस्तो देखिन्छ हुने अपेक्षा पनि छैन अनि हामीले करका दायराहरूका विषयमा छलफल गर्दाखेरि करका दायराहरू के हुन हामीले जनता यसै पनि तीन ओटा तहका सरकारका करहरूले गर्दा दिक्क भाका छन ती मान्छेले कर थुपार्ने कुरा आज हामीले गऱ्यो भने त्यो कति सान्दर्भिक हुन्छ कति त्यो लयमा जान्छ कर्णालीका लागि कति राम्रा कुरा हुन्छ कर्णालीका मान्छे हाम्रो दलको नेताले भन्या जस्तो विकास गर्ने हैन विकास खाने बाटोमा लाग्या जनताका लागि कति त्यो भयावह हुन्छ यो हिसाबले पनि हामीले ध्यान दिनु पर्ने अवस्था देखिन्छ छलफल गर्दै छउ एउटा कुरा काम भइसक्यो अर्कोतिर आज हामी फेरि पनि यलाई यो मेकानिजम कन्ट्रोल गरै हामी के भन्छौं अनिमिता का विषयमा केही कुरा बन्देज लगाउ के गरै यो छलफलका लागि छलफल गर्दैछौं। माननीय सभामुख महोदय हामीले एउटा परम्परा एउटा परम्पराबाट चाहिने सबै विषयहरू पारित गर्नु पर्ने अगाडि जान पर्ने यो विषय भको हुनाले हामी छलफलको माध्यमबाट यहाँ सहभागी छौं तथापि हामीले गर्ने खोजेका विषयहरू मैले अघि पनि कुरा राखे वास्तवमा हाइटेक नर्सरीले कति प्रतिशत चाहिँ केभन्छ हाम्रो चाहीने कर्णालीको पैसा बाहिर जान रोक्यो हामीले त्यो ट्यास्क कति ल्याउदाखेरि लाग्ने कुरा लाई कति रोकियै अरू अ के भन्छ ऐन पनि पारित गऱ्याछौं लेबलिङगर्नका लागि ठुलै ठुलै एकदम के भन्छ छलफल चल्याथ्यो कर्णालीको अर्गानिक चिजविजलाई लेबलिङगरेर पठाउनका लागि त्यो कति प्रतिशत हामीले पठायौं र के के आम्दानी गऱ्यौं। यी विषयत हामीले छलफल गर्न यो बोला छलफल गर्नु पर्ने विषय हो नि वास्तवमा यी छलफल होइन छलफलका लागि छलफल र वास्तवमा अब यसलाई नियमित गरदिने प्रक्रियामा मात्रै यो आजको छलफलको अ मलाई विषयवस्तु जस्तो लाग्छ हामी साच्चै कर्णाली बनाउने कर्णालीलाई उमो लगाउने कर्णाली बनाउनका लागि लाग्ने सोच्ने हो भने वास्तवमा हामी यो पूर्वबद मान्यता जेछनि हामीले

एक पटक सरकारमा गयो भने त्यो छोड्दै नछोड्ने त्यो त्यहाँ पुगिसके पछि कसरी हुन्छ त्यलाई आफ्नो ठाउतिर र आफ्नो भुगोलतिर मात्रै तान्ने प्रवृत्तिको जब अन्त्य गर्न सक्दैनउ तब हामीले यी अध्यादेश माथिका छलफल विनियोजन विधेयकमाथिका छलफल कर्णाली प्रदेशको आर्थिक ऐनका विषय माथिका छलफल फकत हुने छन यसकारणले हामी सबैभन्दा पहिला हामीले एउटा संकल्पगरौंतपाइँ हामीले सम्पर्क गरौं यो उसबाट कर्णाली प्रदेश हामीले बनाउने हो त्यसकारण हामी यहाँ भेला भएका छौं यहाँ निर्वाचित भएर आएका छौं र हामी करिब करिब कार्यकालको अन्तिमतिर पनि छौं त्यसकारण अन्तिम समय जहिले पनि अन्तिम हुँदैन जति बेला हामीले प्रयास गर्दा त्यो कुरा सच्चिन्न सक्छ सम्भव छ यो कामका लागि सकारात्मक प्रयासका लागि मैले यो सरकारलाई सरकारका माननीय मन्त्रीलाई अनुरोध गरेर बिदा हुने अनुमति चाहन्छु, धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेश आर्थिक अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकका रूपमा सभामा पेश भएको कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८ माथि छलफल हुँदा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञाशामा जवाफ दिन समय दिन्छु ।

<u>आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः</u> माननीय सभामुखज्यू आर्थिक वर्ष ७८/७९ को अर्थ सम्बन्धी व्यवस्थापन गर्न बनेको विधेयकमाथिको छलफलको क्रममा हामीहरू छौं । यसमा छलफलमा भाग लिएर महत्त्वपूर्ण सुझावहरू दिनु हुने माननीय सदस्यहरूलाई म हार्दिक आभार व्यक्त गर्न चाहन्छु । धन्यवाद व्यक्त गर्न चाहन्छु । खास गरी अर्थ सम्बन्धित प्रस्तावलाई कार्यन्वयन गर्न राजस्व सङ्कलन गरी कर घटाउने बढाउने छुट दिने राजस्व प्रशासन सम्बन्धी कार्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको रूपमा यो विधेयक आएको छ र यस माथि त्यही प्रकृतिको छलफलहरू पनि भएका छन म सुरुमा के आग्रह गर्न चाहन्छु त भन्दाखेरिप्रदेश सरकार यो सम्मानिद सदनमा भएका छलफलहरलाई सामान्य तया छलफलको लागि छलफलको रूपमा मात्र लिएको छैन मैले सधै भन्ने गरेको छु । प्रदेश सरकार लड्दैपड्दै धुलो टकटकाउँदै अलिकति व्यवस्थित हुँदै अगाडि जाने प्रक्रिया गरिराखेको छ हामी प्रदेश स्थापना भए देखि आजसम्म राम्रा प्रयन्तहरू तिनै हुन । विगतभन्दा आज हामीले व्यवस्थित विगतभन्दा आज हामी अलिकति सुदृढ हुँदै पनि गएका छौं त्यो तपाईं हामी सबैले अनुभूति छ जस्तो मलाई लाग्छ चाहे सत्तापक्ष

चाहे प्रतिपक्षविभिन्न बेलामा सत्तापक्ष र प्रतिपक्ष फेरबदल हुने गरेको स्थिति पनि छ । त्यो भित्रबाट हेर्दाखेरि विगतभन्दा अनुभवहरू हासिल गर्दै सिक्दै थप व्यवस्थित हुँदै जाने प्रयत्न सबैले गरिराखेकै छौं । सरकार पनि त्यसमा व्यवस्थित हुँदै अगाडि बढी राखेको कुरा हो त्योअनुसार आजको यो छलफल पनि यद्यपी समय सन्दर्भका हिसाबले कति के छ भन्ने कुरा सबैले राख्नुभएको छ । म विनम्रतापूर्वक आग्रह के गर्न चाहन्छु भन्दाखेरिमाननीय सभामुखज्यूमार्फत् विगतमा यो विनियोजन विधेयक अर्थ विधेयक बेलैमा छलफल भएर यो हाउसबाट पास गर्ने वातावरण बन्न सकेन त्यसको बारेमा हामी सबै एक चोटि सबै समक्षित बनै हैन के कारणले गर्दाखेरि कस्को कारणले गर्दाखेरि के कति भयो सत्तापक्ष तर्फबाट गर्नु पर्ने समीक्षा रियलाजेसन के हो प्रतिपक्षको तर्फबाट गर्नु पर्ने समीक्षा र रियलाजेसन के हो हामी सबैलाई हृदयका साथ हामी भनिराखेका छौं सबैले कर्णाली प्रदेश समृद्धिको बाटोमा लैजाउ विकासको बाटोमा लैजाउ हामी सबैले भनिराख्यकै छौं त्यो बाटोमा अगाडि बढने क्रममा हाम्रा भूमिकाहरू के रहे भन्ने कुराको समीक्षा खुल्ला हृदयका साथ गर्न जरुरी छ । मैले यहाँ कसैलाई आरोपित गर्न खोजेको हैन बाटाहरू के थिए कुन बाटो हिडने हो त्यसको सबैले सत्तापक्ष र प्रतिपक्ष सबैले सत्तापक्ष प्रतिपक्ष नभनीकन यो सम्मानिद सदनमा हामी सबैले समीक्षा गरेर अगाडि बढ्ने हामीले साहास गरनै पर्छ । त्यो यद्यपी त्यो हिसाबले हेर्दाखेरि हामी आज दोस्रो चौमासिक अन्त्यसम्म आईपुग्दाखेरि हामी यस माथि छलफल गरिराखेका छौं । त्यो हुँदा हुँदै पनि यी छलफलहरू केरे छलफलको लागि छलफलको मात्रै हैन प्रदेश सरकारले यहाँबाट आउने आउट पुटहरू यहाँबाट लिनु पर्ने शिक्षाहरू हैन यहाँबाट लिनु पर्ने त्यस पछि आगामी दिनमा गर्नु पर्ने हुन पर्ने व्यवस्थित हुनु पर्ने अवस्थाहरूलाई हामीले शिरोधार्य गरेर त्यलाई अङ्गीकार गरेर अगाडि जाने कुराकोप्रतिबद्धता हाम्रो छ । त्यसकारणले गर्दाखेरि माननीयज्यूहरूले यहाँ करलाई व्यवस्थित गर्ने कुरा गर्नुभएको छ । विभिन्न तहका तीन तहका सरकारले कर माथि कर भन्ने कुरो पनि विषय उठेको छ मलाई के लाग्छ त भन्दाखेरिसंविधानले ऐनले कानूनले एउटै क्षेत्रमा विभिन्न सरकारका करहरूको निर्धारण गर्ने व्यवस्था गरेको छैन हामीलाई सङ्घीय सरकारले एक प्रकारको कुनै निश्चित क्षेत्रमा अ कर प्रणालीलाई स्थापित गरेको छ प्रदेश सरकार र स्थानीय सरकारको एकल त्यस पछि साझा अधिकारका क्षेत्रमा कर प्रणाली स्थापित गर्ने ऐनले कानूनले व्यवस्था गरेको छ त्यसकारणले गर्दाखेरि हामीले हाम्रो प्रदेशको स्रोतलाई बढाउनको निमित्त मेहनत गर्नु पर्ने कुरा सही छ त्यसकारणले गर्दाखेरि करका दायराहरू हाम्रो आन्तरिक स्रोतका

दायराहरू लाई फराकिलो कसरी बनाउने होला त्यसप्रति हामी गम्भीरतापूर्वक छलफल गर्नु पर्ने हामी ठाउमा छौं । त्यसकारणले गर्दाखेरि म यो सम्मानित सदनमा माननीय सभामुखमार्फत् के कुराको जानकारी गराउन चाहन्छु त भन्दाखेरिअहिले प्रदेश सरकार खास गरी आर्थिक मामिला तथा योजना मन्त्रालय हाम्रो प्रदेशको आन्तरिक राजस्वलाई कसरी वृद्धि गर्न सकिन्छ आन्तरिक स्रोतलाई कसरी व्यवस्थित गर्न सकिन्छ भनेर गहिरो अध्यन गरेर त्यसपछि गएर निष्कशमा पुग्ने स्थितिमा पुगेको छ त्यसमा माननीय सदस्यज्यूहरूको पनि यो केरे जनप्रतिनिधिज्यूहरूको पनि स्थानीय सरकार त्यसपछि गएर प्रदेशसभा र सङ्घीय सरकारसँग सम्बन्धित कतिपय निकायहरू त्यसपछि गएर व्यक्तित्वहरूसँगको साझा छलफल र निष्कर्षबाट हामी हाम्रो के रे आन्तरिक स्रोतलाई आन्तरिक राजस्वलाई वृद्धि गर्ने बाटोमा अगाडि बढ्नको निमित्त हाम्रो प्रयत्नशील छौं र यो प्रक्रियामा यो बाटोमा हामी अगाडि बढिराखेको कारणले गर्दाखेरि आगामी दिनमा यलाई व्यवस्थित गरेर हामी अगाडि बढने छौं र जुन चासो चिन्ता माननीयज्यूहरूले छलफल क्रममा यहाँ व्यक्त गर्नु भएको छ अगामी आर्थिक वर्षमा आगामी दिनहरूमा प्रदेश सरकार के कुरामा प्रतिबद्ध छभन्दा खेरा समयमा खुल्ला हृदयका साथ खुल्ला बातावरणमा छलफल गरेर त्यस पछि गएर एउटा साझा संकल्पका साथ हाम्रो विनियोजन प्रणालीलाई त्यस पछि गएर हाम्रो आयस्रोतलाई व्यवस्थित गर्नको निमित्त सबैका साझा शक्तिलाई साझा धारणालाई केन्द्रिकृत गरेर अगाडि बढ्ने सन्दर्भमा प्रदेश सरकार विगतका कमिकमोजोरीबाट विगतका सिमाहरूबाट शिक्षा लिएर अगाडि बढ्न प्रदेश सरकार तयार छ भन्ने कुराकोप्रतिबद्धता म यहाँ राख्न चाहन्छु र फेरि पनि माननीय सभामुखज्यूमार्फत् छलफलमा सहभागी हुने र महत्त्वपूर्ण सुझावहरू प्रस्तुत गर्नु हुने माननीयज्यूहरूप्रति म आभार व्यक्त गर्न चाहन्छु र आफ्नो भनाइ अन्त्य गर्छु धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले सभामा पेश गर्नु भएको कर्णाली प्रदेश आर्थिक अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा सभामा पेश भएको कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८ माथि छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेश आर्थिक अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्न बनेको विधेयक कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८ पारित गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः** माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेश आर्थिक अध्यादेश २०७८ लाई प्रतिस्थापन गर्ने विधेयकको रूपमा यस सभामा टेबुल भएर छलफल भइसकेको कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८ पारित गरियोस् भनी प्रस्ताव गर्दछु धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले कर्णाली प्रदेश आर्थिक अध्यादेश २०७८ लाई प्रतिस्थापन गर्ने विधेयक कर्णाली प्रदेश आर्थिक विधेयक २०७८ पारित गरियोस् भनी राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश आर्थिक अध्यादेश, २०७८ लाई प्रतिस्थापन गर्ने विधेयक कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८ सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू अब यो बैठक २०७८ साल फागुन २५ गते बुधवार दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेशसभा

नवौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७८ फागुन २५ गते

बुधवार

(बैठक संख्या-१५)

**राष्ट्रिय गान,**

**माननीय सभामुखः**माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको पन्ध्रौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

के होला माननीय सदस्य

**माननीय श्री पद्मा खड्काः** सभामुख महोदय, सङ्घीयसंसद्बाट जुन एमसिसी पास भएपछि सुर्खेतमा एकदमै हामीले सोचेभन्दा पनि फरक रूपले जुन उच्छृंखल आन्दोलन भयो । त्यो आन्दोलनले सर्वसाधारण, एक जना व्यवसायी, जो किसान एक जना किसान उहाँलाई चाहिँ धेरै आफ्नो पसल व्यवसाय गरिरहेको मान्छे उच्छृंखल व्यक्तिहरु आएर जुन चोटपटक एकदमै नराम्रोसँग लाग्यो र उहाँको अवस्था एकदमै सुर्खेतमा पनि उपचार हुन नसकी अहिले काठमाडौं अन्नपूर्ण न्यूरो हस्पिटलमा उपचार गराइराख्नुभएको छ र ३८ वर्षीय रणबहादुर डाँगी । उहाँको घरायसी अवस्था पनि एकदमै नाजुक छ । अहिलेसम्म उहाँको उपचारमा १५ लाखभन्दा बढी खर्च भइसकेको भन्ने उहाँको श्रीमती तुल्सा डाँगीले जानकारी दिनुभएको छ । र मैले विशेषगरी यो कुरा किन उठाइरहेकोभन्दा जुन एमसिसी सङ्घीयसंसद्बाट पास भइसकेपछि जुन सुर्खेतमा आन्दोलन भयो र निषेधाज्ञा पनि गर्नुपर्ने र कर्फ्यु पनि लगाउनुपर्ने जुन अवस्था सुर्खेतमा आयो । र त्यो अवस्थामा जो सामान्य (टुंग्याउ माननीय छोटयाउ) मजदूर गरेर खाने व्यक्तिलाई जुन खालको एउटा चाहिँ त्यो खालको अवस्था आएको छ । विशेषगरी कर्णाली प्रदेश सरकारलाई यथाशीघ्र राहतको लागि र उपचारको लागि ध्यानाकर्षण गराउन चाहन्छु धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरु, अब म प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई ‘प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८’ सभासमक्ष टेबुल गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाही**ः माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको प्रशासकीय कार्यविधि नियमित गर्न, कर्णाली प्रदेशको शीघ्र समृद्धिको लागि नीति तथा कार्यक्रम, बजेट तथा आर्थिक कार्यक्रम कार्यान्वयन गर्न, अत्यावश्यकीय बोर्ड, आयोग, समिति, परिषद् वा यस्तै प्रकृतिका संस्था गठन तथा सञ्चालनका लागि कानूनी लिखत तयार गर्ने उद्देश्यले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ जारी भई कार्यान्वयनमा रहेको र यसलाई समयानुकूल बनाउन संशोधन गर्न वाञ्छनीय देखिएकोले 'प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८कर्णालीप्रदेशसभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभासमक्ष टेबुल गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरु, कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई 'प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८' माथि सामान्य छलफलको लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीः** माननीय सभामुख महोदय, प्रदेशसभाको काम कारबाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापनसम्बन्धी कार्य समायानुकूल बनाउन प्रस्तुत विधेयकमा संशोधन गर्नुपर्ने देखिएकोले सभामा टेबुल भइसकेकोप्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८' माथिकर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सामान्य छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू, 'प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८' माथिको सामान्य छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले सभामुखको ड्यासको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला । सर्वप्रथम माननीय श्री गुलावजंग शाह, समय ७ मिनेट ।

**माननीय श्री गुलावजंग शाह**ः माननीय सभामुखज्यू, म 'प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८' विधेयक सरकारले प्रस्तुत गरेको छ । त्यो विधेयकमाथि टिप्पणी गर्न यहाँ उपस्थित भएको छु । सभामुख महोदय, सरकारले ऐनहरु चाहिँ बेलाबेलामा संशोधन गर्ने, आवश्यकताका आधारमा परिमार्जित गर्ने यो नियमित प्रक्रिया हो भन्न चाहन्छु । खासगरी प्रदेशसभा सचिवालयसम्बन्धी जुन

सरकारले संशोधन गर्ने आवश्यकता बोधले यो विधेयक प्रस्तुत गर्दैगर्दा अहिले खासगरी प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ को दफा ८ योग्यता, शैक्षिक योग्यतासम्बन्धी प्रस्तुत विधेयकमा जुन ढङ्गले विगतमा प्रदेशसभा सचिवालय सचिव हुनको लागि कम्तीमा पनि संसद् सचिवालयमा सहसचिव सरहको अनुभव बटुलेको, अहिले कानून तहको थप गरेको छ, जसले गर्दा कानून र प्रदेशसभा सचिवालयसम्बन्धी योग्यता पुगेको मान्छे, व्यक्तिलाई चाहिँ हाम्रो प्रदेशसभामा सचिव हुन न्यूनतम ढङ्गले त्यसको क्राइटेरिया मेन्टेन गरेको छ । यसमा अझ राम्रो के हुन्थ्योभन्दा हामीले अनुभवको आधारमा खारिएको मान्छे, खारिएको व्यक्तिलाई प्रदेशसभा सचिवालयको सचिव बनाउने कुरा एउटा हदसम्म ठिकै छ । हामीले यसभन्दा पहिला पनि कमसेकम कार्यपालिकामा काम गर्ने कर्मचारी साथी र प्रदेशसभामा काम गर्ने सचिवको कम्तीमा पनि त्यसको र्‍याङ्किङ एउटै लेभलमा भयो भनेपछि कमसेकम काम गर्नलाई सेपरेशन अफ पावरको रूपमा कुरा गर्दा, त्यसमा कम्पेयर गर्दा पनि सजिलो हुन्छ भन्ने ढङ्गले विगतमा हामीले विशिष्ट तहको कर्मचारीको व्यवस्था गरेको कुरा सर्वविदितै छ । जहाँसम्म सचिवले एउटा पाउने सुविधामा नेपाल सरकारको नियमावलीमा के भित्र पर्छभन्दा कानूनभित्र सङ्घीय सरकारका सहसचिवले पाउने सुविधा भनेको न्यूनतम रूपमा एउटा ना.सु. सरहको राजपत्रअनंकित प्रथम तहको स्वकीय सचिव पाउने सुविधा, त्यसको कानूनी लेजिस्टिमेट गर्‍या छ भने हामीकहाँ विशिष्टको कर्मचारीले खरदार तहको सुविधा पाउने तहमा मलाई त्यस्तो अन्यथा हुन्छ जस्तो लाग्दैन । जहाँसम्म यसको पूर्णताको कुरा छ हामीले कर्मचारी, सचिवको योग्यताको बारेमा निर्धारण गर्दैगर्दा अझ हामीले यसलाई पूर्णता गर्नको लागि यो प्रदेशसभालाई कसरी यसको ब्युटी यसको सुन्दरता कसरी थप्न सकिन्छ ? कतिपय सन्दर्भमा हामीले चाहिँ बिहानै हाम्रा समितिका कामहरु हुन्छन्, हामी करिब-करिब ८ बजेदेखि हामीले चाहिँ बैठकमा बस्नुपर्ने हुन्छ । यो समितिभित्र बसेर काम गर्ने थप अन्य कर्मचारीको बारेमा पनि सेवा सुविधाको बारेमा बोल्दिएको भए यसमा अझै सुन्दरता हुन्थ्यो, ब्युटी हुन्थ्यो भन्ने मेरो बुझाइ छ । जहाँसम्म हामीले देखिरहेका छौं, हामीले यहाँ संसद्सञ्चालन गर्दै होस् या समितिका बैठकहरु बस्दै गर्दा हामीले काम गर्दैगर्दा हाम्रो सेवा सुविधाको लागि यहाँभित्र खटिने मर्यादापालकहरु पनि वास्तवमा अहोरात्र ढङ्गले खटिरहनुभएको छ । उहाँको बारेमा पनि आज सरकारले सेवा सुविधाको बारेमा बोल्दा अझ राम्रो हुन्थ्यो । जहाँसम्म हामीले सङ्घीय सरकारको प्राक्टिसलाई पनि हेर्‍यौं भनेपछि वास्तवमा रातदिन सङ्घीयसंसद्मा खटिएको हामीले देख्छौं । त्यहाँ खटिएपछि त्यसबापत् पाउने सेवा

सुविधामा पनि सरकारले वास्तवमा पुनर्विचार गर्दियो भनेपछि त्यहाँ काम गर्ने कर्मचारी साथीहरुलाई पनि प्रेरणा मिल्थ्यो, हौसला मिल्थ्यो, यो विधेयकमा त्यो कुरा बोलेको छैन । त्यसले सरकारले त्यो कुरालाई पनि सम्बोधन गरेर अरू कर्मचारी साथीहरुलाई पनि काम गरेबापत् हामी प्रोत्साहित हुन्छौं भन्ने खालका मनोविज्ञानले काम गऱ्यो भने त्यसको अझ सुन्दरता थपिनेछ र काममा सुचारु हुनेछ । अझ यसमा मेहनतका साथ साथीभाइले काम गर्ने वातावरण बन्नेछ । जहाँसम्म योग्यताको कुरा छ, सकिन्छ भने त हामीले योङ्ग जेनेरेशनको भावना त वास्तवमा एकदम लेटेस्ट, फ्रेस, योङ्ग, इनेर्जेटिकलाई पनि सम्बोधन गरौं भन्ने कुराको माग छ । जहाँसम्म यसको योग्यताको कुरा छ, यसमा चाहिँ खिन्नता बनाउनुपर्ने कुरा केही छैन भन्दै विदा हुन चाहन्छु, धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीलाई 'प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८' माथि सामान्य छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

<u>आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाही</u>ः माननीय सभामुख महोदय, हाम्रो एक जना मात्रै आदरणीय माननीय फेरि म त शाही परे उहाँ त शाह नै हो । शाहजीले 'प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि अत्यन्तै आवश्यक पहिचानका कुराहरु राखेर जानुभो । उहाँलाई धन्यवाद छ । प्रदेश सरकार उहाँले राखेको कुराहरुलाई अत्यन्तै गम्भीरतापूर्वक लिएर यसलाई सकेसम्म सहज र सरलकै रूप दिएर सम्पन्न गर्ने कुरामा सरकार प्रतिबद्ध छ। 'प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक केवल योग्यता र केवल आर्थिक मितव्ययितालाई मात्रै यसले समेट्न खोजेको छैन । जहाँसम्म कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेश सचिवालय एक विशिष्ट पहिचानको रूपमा दरिलो, भरपर्दो भएर कर्णालीवासीको सेवामा सदैव अग्रसर हुन सकोस् भन्ने दृष्टिकोणले हामीले पत्र यो 'प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न कर्णाली प्रदेश सरकारले वाञ्छनीय भएर यो अगाडि ल्याएको छ । सम्पूर्ण प्रदेशसभाका माननीयज्यूहरुलाई आग्रह गर्न चाहन्छु, यसलाई अत्यन्तै गम्भीरताका साथ कर्णाली प्रदेशलाई कर्णाली प्रदेशको सचिवालयलाई सुसज्जित, एकदम दरिलो र भरपर्दो बनाएर कर्णाली प्रदेश सरकारको सेवामा सहज रूपमा अगाडि बढ्न सकोस् भन्ने दृष्टिकोणबाट जाओस् भन्ने प्रदेश सरकारको धारणा व्यक्त गर्छु । धन्यवाद ।

**माननीय सभामुख:**माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिमबहादुर शाहीले सभासमक्ष प्रस्तुत गर्नुभएको 'प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८' माथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरु, अब म 'प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८' माथि संशोधन गर्ने प्रयोजनका लागि मात्रकर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ११० को खण्ड (घ) लाई निलम्बनको प्रस्ताव पेश गर्न माननीय श्री ठम्मरबहादुर विष्टलाई समय दिन्छु ।

**माननीय श्री ठम्मरबहादुर विष्ट:** माननीय सभामुखज्यू,'प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८' माथि संशोधन गर्ने प्रयोजनका लागि मात्र कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम २१२ को उपनियम (१) बमोजिम कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ११० को खण्ड (घ) लाई निलम्बन गर्ने प्रस्ताव पेश गर्दछु । धन्यवाद ।

**माननीय सभामुख:**माननीय सदस्यहरु, 'प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८' माथि संशोधन गर्ने प्रयोजनका लागिमात्र कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ११० को खण्ड (घ) मा भएको व्यवस्थानिलम्बन गर्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला ।

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न"भन्नुहोला ।

"हुन्न"भन्ने आवाज सुनिएन तसर्थ 'प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८' माथि संशोधन गर्ने प्रयोजनका लागिमात्र कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम ११० को खण्ड (घ) मा भएको व्यवस्था सर्वसम्मतिले निलम्बन भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद–१५ (व्यवस्थापन कार्यविधि)को नियम १०९ को उपनियम १अनुसार'प्रदेशसभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८'मा

संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७८ साल चैत ७ गते सोमवार दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेशसभा

नवौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७८ चैत्र ७ गते

सोमवार

(बैठक संख्या-१६)

राष्ट्रिय गान,

मानननीय सभामुखः माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको सोहौं बैठक कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश प्रमुखको कार्यालयबाट विधेयक प्रमाणीकरणको पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरा वाचन गरेर सुनाउँछु ।

विषयः विधेयक प्रमाणीकरण गरी पठाइएको ।

श्री प्रदेशसभा सचिवालय,

कर्णाली प्रदेश, सुर्खेत

प्रदेशसभा सचिवालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतको पत्र संख्या २०७८/७९ च.नं. २९३ मिति २०७८/११/३०, च.नं. २९४, मिति २०७८/१२/०१ र च. नं. २९७ मिति २०७८/१२/०२ गतेको पत्र साथ प्राप्त विधेयकहरू क्रमशः प्रदेश सेवा प्रवाह सम्बन्धमाव्यवस्था गर्न बनेको विधेयक, २०७८, कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८, प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८, कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक र प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई नेपालको संविधान धारा २०१ को उपधारा २ बमोजिम माननीय प्रदेश प्रमुख तिलक परियारज्यूबाट मिति २०७८ साल चैत्र ६ गते प्रमाणीकरण गरी उक्त उक्त विधेयकको प्रमाणितप्रति थान एक यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

मितिः २०७८/१२/०६

भिमराज थानी

निमित्त सचिव

माननीय सदस्यहरू, यस कर्णाली प्रदेशसभाका सदस्य माननीय श्री ठम्मर बहादुर विष्टले मिति २०७८ फागुन २७ गते प्रदेशसभाको सदस्य पदबाट दिनु भएको

राजीनामा प्रदेशसभाको मेलमा प्राप्त भएको र मिति २०७८ चैत्र ४ गते शुक्रवार दिनको ५ बजे स्वयम् उपस्थित भई सनाखत गर्नु भएकोमा मिति २०७८ चैत्र ६ गते आईतबारदेखि लागुहुने गरी राजीनामा स्वीकृत भएकाले नेपालको संविधानको धारा १८० क र कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १८४ को उपधारा १ बमोजिम राजीनामा स्वीकृत भई मिति २०७८ चैत्र  गतेदेखि निजको प्रदेशसभा सदस्यको स्थान रिक्त रहेको जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली, २०७५ को नियम ४९ को उपनियम १मा भएको व्यवस्थानुसार माननीय श्री बझी कुमारी बोहरालाई सार्वजनिक लेखा समितिबाट विधायन तथा प्रदेश मामला समिति, माननीय श्री खडक बहादुर खत्रीलाई सार्वजनिक लेखा समितिबाट सामाजिक विकास समिति र माननीय श्री झोवा वि.क.लाई विधायन तथा प्रदेश मामिला समितिबाट सार्वजनिक लेखा समितिमा हेरफेरको प्रस्ताव गरेको छु। माननीय सदस्यहरू विषयगत समितिमा रहनुहने माननीय सदस्यहरूको नामावली  हेरफेर सम्बन्धित प्रस्तावलाई सभाद्वारा अनुमोदनका लागि पेश गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला,

यो प्रस्तावको बिपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्,

यो पक्षको बिपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनियन तसर्थ सदस्यहरूको समिति हेरफेर सम्बन्धी प्रस्ताव सभाबाट सर्वसम्मतिले अनुमोदन भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब म कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ सभासमक्षटेबुल गर्न समय दिन्छु ।

<u>आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः</u> माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई निरन्तरता दिन र आगामी बजेट तर्जुमा प्रक्रिया लाई सहजता दिलाउन आवश्यक भएकाले कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक २०७८ कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ बमोनजिम सभासमक्ष टेबुल गर्दछु । धन्यवाद ।

**<u>माननीय सभामुखः</u>**माननीय सदस्यहरू,प्रदेशसभासचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०७८ माथि सामान्य छलफल समाप्त भई सो विधेयकमाथी संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ नियम १०७ बमोजिम थप छलफलका लागी समितिमा पठाइयोस् भनी भन्ने प्रस्ताव प्रस्तुत गर्ने समय दिन्छु ।

**<u>आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीः</u>** माननीय सभामुखज्यू प्रदेशसभाको काम कारबाहीलाई नियमित प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, आर्थिक र भौतिक व्यबस्थापनसम्बन्धी कार्य समयानुकुल बनाउन प्रस्तुत विधेयकमा संशोधन गर्नुपर्ने देखिएकोले प्रदेश सरकारका तर्फबाट सभामा पेश भएको प्रदेशसभासचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०७८ माथि सैद्धान्तिक छलफल भई सो विधेयकमाथि मानननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकोले उक्त विधेयकमाथी दफावार छलफलको लागी कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को ख बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाउन सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद

**<u>माननीय सभामुखः</u>**माननीय सदस्यहरू प्रदेशसभा सम्बन्धी, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ माथि थप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला बैठकमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय हिम बहादुर शाहीले राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननिय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रदेशसभा सचिवालय ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ मा थप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीले राख्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री श्री हिम बहादुर शाहीलाई प्रशासकीय कार्यविधि, २०७५ लाई नियमित गर्ने ऐन संशोधन गर्न बनेको विधेयक, २०७८ माथि सामान्य छलफलका लागी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

<u>आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीः</u> माननीय सभामुखज्यू कर्णाली प्रदेश सरकारको प्रशासकीय कार्यविधि नियमित गर्न कर्णाली प्रदेशको शीघ्र समृद्धिको लागी नीति तथा कार्यक्रम बजेट तथा आदी कार्यक्रम कार्यान्वयन गर्न अत्यावश्यकीय बोर्ड, आयोग, समिति वा परिषद वा त्यस्तै प्रकृतिका संस्था गठन तथा सञ्चालनका लागी कानूनी लिखत तयार गर्ने उद्देश्यले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ जारी भई कार्यान्वयनमा रहेको र यसलाई समयानुकुल बनाउन, संशोधन गर्न वाञ्छनीय देखिएकोले सभामा टेबुल भईसकेको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ लाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सामान्य छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव टेबुल गर्दछु । धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू प्रशासकीय कार्यविधि २०७५ लाई नियमित गर्न ऐन संशोधन गर्न बनेको विधेयक, २०७८ माथि सामान्य छलफलमा भाग लिने माननीय सदस्यहरूको लागी समय निर्धारण गरेको छु । छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले सभामुखको डायसको बाँयातर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला ।सर्वप्रथम माननीय श्री दल रावल समय ७ मिनेट ।

<u>माननीय दल रावलः</u>माननीय सभामुख महोदय, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ लाई संशोधन गरेर सरकारले एउटा यो ऐनको संशोधन प्रस्ताव एउटा विधेयकको रूपमा ल्याएको छ । समयानुकुल ऐनहरू संशोधन स्वाभाविकढङ्गले हुन्छन् र हुने गर्दछन् । पहिला २०७५/४/३१ मा यो सभाबाट पारित भएर लागु भएको ऐनमा भएका व्यवस्थाहरू, सरकारले ल्याउने नीतिहरू, बार्षिक बजेट कार्यान्वयन गर्नको निमित्त त्यसका औजारहरू आवश्यक हुन्छन । बोर्डहरू, आयोगहरू, समितिहरू आवश्यकताका आधारमा गठन गर्नका निमित्त यो कानूनले ढोका खोलेको थियो । केही अपुग भएका विषयहरू सरकारलाई जो अनुभव भयो र थप त्यतिमात्र होइन यसको सट्टा कार्यविधिहरू मापदण्डहरू बनाउनु पर्छ ।नियम, ऐन बनिसकेपछि नियम, नियमावलीहरू बनाउनु पर्ने हुन्छ यसका लागी सरकारले संशोधन ल्याएको छ ।यसमा

खासै बढी छलफल गरिराख्न मलाई लाग्छ यो ठीकै छ फरक छ जस्तो पनि लाग्दैन तर मेरो आफ्नो अनुभव कस्तो भने यो कार्यविधि बनाउने मापदण्ड, नियम बनाउने कुराहरू ऐन पास भईसकेपछि ऐनमा टेकेर कतिपय ऐनले व्यवस्था गरेका विषयहरूलाई हामीले नियमावली बनाउनु पर्ने हुन्छ । त्यो नियमावली बनाउने कुरामा पनि निकै लेङ्गरिङ हुने, कानूनलाई कार्यान्वयन गर्नको निम्ति अलिकति अप्ठ्यारोहरू पर्ने, स्वाभाविकढङ्गले कर्मचारितन्त्रले पनि अलिकति गंभिर रूपमा नलिईदिने समस्याहरू छन् । कर्मचारी  मात्र होइन कि राजनैतिक वृतले पनि अलिकति चासो लिएर छिटोभन्दा छिटो नियमावली बनायौं भने त्यो ऐन छिटो कार्यान्वयनमा जान्छ र हाम्रा सेवा प्रवाह गर्ने प्रणालीहरू अलि प्रभावकारी हुन्छन् भन्ने कुराहरूलाई ध्यान दिन जरुरी छ । त्यसैगरी हामीले बजेट पास गर्छौं,  नीति पास गर्छौं आर्थिक वर्षको बजेट र नीति र कार्यक्रमहरू ल्याउछौं । नियमित बजेट पास भईसकेपछि नीति पास भईसकेपछि निरन्तर ल्यायौं । कुनै पनि जस्तै बैंक खाता छोरीको सुरक्षा जीवन भरिको एउटा उदाहरणको लागी जस्तै त्यसको कार्यविधि बनिसकेको छ ।त्यसको मेकानिज्म बनिसकेको हुन्छ । समय सन्दर्भमा कहिले परिवर्तन गर्नुपरे बाहेक अन्यथा त्यसलाई चलाउन आवश्यक परेन तर कतिपय नयाँ सरकारले नीति तथा कार्यक्रम ल्याउदाखेरि नयाँ आर्थिक वर्षका बजेट ल्याउदाखेरी फेरि थप कार्यविधि बनाउनु पर्ने हुन्छ, मापदण्ड बनाउनु पर्ने हुन्छ । अब यसलाईपनि ढिलो गर्दाखेरी हामीलाई चौमासिकहरू त्यत्तिकै जाने खर्चिला हुँदै जाने हाम्रो समय बजेट खर्च नहुने यो अहिलेसम्मक परम्परा छ । त्यो भएको नाताले छिटोभन्दा छिटो समयअवधिभित्रै हामीले असार १ गते बजेट पास गर्छौं भने साउनभित्र अथवा पहिलो चौमासिकभित्र हामीलाई कार्यविधिहरू पास गरेर बजेट कार्यान्वयनमा लैजानुपर्ने हुन्छ यतातिर ध्यान दिन पनि जरुरी छ एक अर्को नीति,मापदण्ड र यो कार्यविधि बनाउँदाखेरी अत्यन्त खर्चिला गर्ने चलन पनि छ । अनावश्यक बैठकका बैठक गर्ने त्यो कार्यविधिलाई लामो अब छोटो र एउटा फ्रेमको रूपमा पनि बनाउन सकिन्छ । वास्तवमा कार्यविधि भन्ने कुराहरू त्यो ताकि बजेटलाई प्रभावकारी कार्यान्वयन गर्नको निमित्त ब्रेकडाउन गरेको मात्र हो । त्यसको बाटोमात्र हो  तर पनि त्यो अनावश्यक झन्झटिलो गर्ने, तलका निकायहरूले बुझ्दै नबुझ्ने गर्दिने अथवा समय बढी लिएर २/३ महिना लगाएर यति ठुला ठेली बनाएर एकातिर खर्चिलो अर्कोतिर समय खर्च र समयकव बर्बाद हुने र अर्कोतिर प्रभावकारी कार्यान्वयन नहुने यी सम्पूर्ण समस्याहरू पनि छन् यतातिर पनि सरकरले अलिकति आवश्यक पर्ने कुराहरू गरौं ।अनावश्यक कुराहरूलाई नलिउ भनेर सरकारका संयन्त्रहरूलाई भन्न

जरुरी छ । अब त्यसैगरीकन यो आयोगहरू, समितिहरू, बोर्डहरू आवश्यकताका त्यो पनि आधारमा चाहिन्छ । जस्तै हामीले लोक सेवा आयोग गठन गर्यौं त्यो संवैधानिक थियो । हामीले बनाउनु पर्थ्यो अनि बोर्डहरू कतिपय गठन गर्नुपर्ने हुन्छ । समितिहरू पनि कतिपय आवश्यक पर्छ तर सरकारलाई बोझिलो हुने गरीकन हाम्रो जस्तो प्रदेश जहाँ आम्दानी अत्यन्त कम छ मैले बारम्बार भन्ने गर्छु । हामीलाई एउटा मन्त्रालयको कर्मचारी पाल्न सक्ने हामीसँग रिभ्यु छैन भने हामीले अनावश्यक मेकानिज्महरू बढी बनाएर, बोर्डहरू गठन गरेर, समितिहरू बनाएर त्यसलाई खर्चिलो बनाउनु जरुरी छैन । आवश्यकताका आधारमा बजेटलाई कार्यान्वयन गर्ने, नीतिलाई कार्न्वयन गर्नकव निम्ति त बनाउनु पर्ला । फेरि त्यसमा पनि कन्जुस्याइ गर्न पर्छ भन्न खोजेको होइन मैले तर अनावश्यक रूपमा मेकानिज्महरू बढी बनाउँदा त्यो झन्झटीला हुने, खर्चिला हुने झन् भोलि त्यही सरकारलाई बोझ बढ्ने हुन्छ । यसतर्फ पनि सरकारले ध्यान दिनुपर्ने जरुरी छ मलाई लाग्छ र विषेश गरी हामीले हाम्रा आर्थिक वर्षको बजेट कार्यान्वयन गरिसकेपछि म सरकारलाई अनुरोध गर्न चाहन्छु यो नियम अब कानून बनाउने प्रक्रिया सँगसगैं म के भन्न चाहन्छु भने हामीले अब आउँदो आर्थिक वर्षको बजेट बनाउँदाखेरी पनि बजेटलाई छोटो बनाँउदा त्यो बजेट आईसकेपछि तत्कालै कार्यविधिहरू बनाएर हामी साउनभित्रै, भदौभित्रै हामी कार्यान्वयनतिर बजेट लिन सक्यौ भने मात्रै हामीले चाहेको उपलब्धि हुन्छ अन्यथा पहिलो चौमासिकमै मापदण्ड, कार्यविधि, के के बजेट ब्रेकडाउन भन्दै जान्छ तैपनि सकिँदैन उत्तिकै खर्चिलो छ उत्तिकै बोझिलो छ अनि त्यसपछि दोस्रो चौमासिकमा गएपछि बल्ल बजेट हामी तल पठाउन थाल्छौ । तेस्रो चौमासिकमा गएपछि बल्ल कार्यान्वयन सुरु गर्छौं र चौथो चौमासिकमा बजेट भ्याइनभ्याइ खर्चिलो प्रभावकारी बाटोमा जाँदैन त्यो खर्चिलो, त्यो बजेटझन्झटिलो हुन्छ। त्यो भएको नाताले सरकारले यी खालका मेकानिज्महरू आवश्यक छन् नीतिलाई राम्ररी कार्यान्वयन गर्नको निम्ति, बजेटलाई राम्रो प्रभावकारी कार्यान्वयन गर्नको निम्ति यो ऐनमा टेकेर हामीले बनाउनु पर्ने त हुन्छ । ऐनलाई पनि प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हुन्छ तर पनि सकेसम्म खर्चिलो र भड्किलो नगरेर छिटो छरितो हुने ढङ्गको मेकानिज्महरू विकास गर्नको निम्ति आवश्यक छ । त्यहिअनुसार हाम्रो यो अगाडि बढौं । यो ऐनलाई त्यसरी लैजाऊ भन्ने म आग्रह गर्न चाहन्छु । धन्यवाद।

<u>माननीय सभामुख:</u>माननीय श्री कृष्णा शाह आचार्य समय ७ मिनेट ।

<u>माननीय कृष्णा शाह आचार्य:</u> सभामुख महोदय, हामी आज नवौं अधिवेशनको सोहौं बैठकमा उपस्थित छौं र आज हामी खासगरी प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन

२०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ माथि सामान्य छलफल गरिराखेका छौं र यो प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५/४/३१ गते कार्यान्वयनमा आएको थियो जुन उद्देश्य अनुरूप सरकारले कार्यन्वयनमा ल्यायो त्यो उद्देश्य अनुरूप त्यो भित्र हुनुपर्ने विषयहरू ठोस र स्पस्ट नहुँदाखेरी, केही विषय छुटेको हुदाँखेरी र अपुग हुँदाखेरी सरकारले फेरि पनि यसलाई संशोधन विधेयकको रूपमा २०७८ संशोधन विधेयकको रूपमा ल्याएको छ र त्यसमाथी हामीले छलफल गर्दाखेरि अब जुन विधेयकमाथी अस्पस्ट कुराहरू थिए।ठोस नभएका विषयवस्तुहरू थिए संशोधन विधेयकले ती विषयवस्तुहरूलाई ठोस गरेर ल्याएको छ । पुर्णता दिएर ल्याएको छ र व्यवस्थित भएर आएको छ। यसलाई हामीले कार्यान्वयनमा ल्याउँदाखेरी यो ऐनको रूपमा पारित भएको खण्डमा यसमा टेकेर सरकारले आफूलाई आवश्यक पर्ने कामकाजी हुनको लागी, आफ्ना भूमिकाहरू प्रभावकारी बनाउनको लागी त्यस्ता नियम कार्यविधि कार्यक्रमहरू बनाउन सक्नेछ । जसले गर्दाखेरी सरकारलाई अगाडि बढ्न र बाटो खोल्नको लागी यो ऐन एउटा दिशानिर्देशको रूपमा रहनेछ र सरकारले जसरी ल्याएको छ संशोधन विधेयकको रूपमा यसलाई छिटै हामीले ऐनको रूपमा कार्यान्वयनमा लिनु पर्छ र जसले गर्दाखेरी अहिले हाम्रा सामु आईराखेका विभिन्न बाधा अड्चनहरू, नीति, विधि, बजेट बनाउने सवालमा प्रशासकीय जुन विषयहरू नियमित गर्ने सवालमा भएका बाधा, व्यवधानहरू हट्नेछन् र सरकारलाई अगाडि बढ्नको लागी यसले थप सहयोग र सहज बनाउनेछ र सजिलो बनाउनेछ भन्नेकुरा मैले राख्न चाहन्छु, धन्यवाद ।

<u>माननीय सभामुख:</u>माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीलाई प्रशासकीय कार्यविधि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ माथि सामान्य छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एव जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

<u>आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाही:</u> माननीय सभामुख महोदय कर्णाली प्रदेश सरकारको तर्फबाट प्रशासिकय कार्यविधि नियमित गर्ने ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ माथि सामान्य छलफलको लागि प्रस्तावित कार्यविधिमाथि माननीय ज्यु हरूले राख्नुभएको जिज्ञासा अथवा अत्यन्तै महत्त्वपुर्ण सुझावलाई कर्णाली प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गर्दछ । र साथै कर्णाली प्रदेश आभार व्यक्त गर्दछ । माननीय सदस्यज्यूहरूले प्रशासकीय कार्यविधि

आजको आवश्यकता हो। कर्णाली प्रदेशका जनताको अपिरहार्य आवश्यकतालाई मध्यनजर गरेर प्रदेश सरकारलाई अगाडि बढाएको कार्यविधिलाई अगाडि लैजान नियमावली अत्यन्तै गतिशीलता दिएर अन्त्यन्तै निरन्तरताका साथ छिटो र छरितो जानुपर्छ भनेर मार्गनिर्देश गर्नुभएको र निमार्ण गर्दा आर्थिक मितव्ययिता पनि अत्यन्तै संवेदनशील अथवा स्वच्छ र पारदर्शीको हिसाबले अगाडि जानुपर्छ भन्ने कुरा जुन जिज्ञाशा राख्नुभएको छ, कर्णाली प्रदेश सरकारको त्यसप्रति गम्भीर ध्यानाकर्षण भएको छ । कर्णाली प्रदेश सरकारलाई माननीय ज्युहरूको जिज्ञासाले आफ्नो उत्तरदायित्व र जवाफदेहितामा अत्यन्तै सहज स्वच्छ यात्रा प्रारम्भ गरेर कर्णाली प्रदेश सरकारको दायित्व र जिम्मेवारी बहन गर्ने कुरामा लगनशीलता र निरन्तरतालाई लिएर अगाडि बढ्ने जुन सुझाव आएको छ, यहाँहरूले राखेको जिज्ञासालाई विश्वास दिलाउन चाहन्छु। प्रशासकीय कार्यविधि संशोधन गर्न बनेको विधेयक, २०७८  अत्यन्तै स्वच्छ र पारदर्शी रूपमा अगाडि बढेर यसबाट भोलि राज्यले सञ्चालन गर्ने कुनै पनि परिधिहरूलाई नियमावली निमार्ण गर्ने कुरा होस्अथवा आर्थिक मितव्ययितामा होस् सकभर सहज र सरल रूपमा सरकार यथासक्य छिटो र छरितो आफ्ना कदम कदम गरेर यसलाई पुर्णाता दिने कुरामा विश्वास दिन चाहन्छु । धन्यवाद ।

<u>माननीय सभामुख:</u>माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक योजना तथा कानून मन्त्री श्री हिम बहादुर शाहीले सभासमक्ष प्रस्तुत गर्नु भएको प्रशासकीय कार्यविधि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ माथीको छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेशसभानियमावली २०७४ को नियम ९ के उपनियम१अनुसार प्रशासकीय कार्यविधि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ माथि संशोधनकोसूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू अब यो बैठक २०७८ साल चैत्र २० गते आइतवार दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेशसभा

नवौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७८ चैत्र २० गते

आइतवार

(बैठक संख्या-१७)

राष्ट्रिय गान,

मानननीय सभामुखः माननीय सदस्यहरू कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको सत्रौं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेशसभामा विपक्षी दलका नेता माननीय श्री यामलाल कंडेलले समय माग गर्नु भएकाले उहाँलाई समय उपलब्ध गराउँदछु ।

माननीय श्री यामलाल कंडेलः माननीय सभामुख महोदय, सम्मानित सदन चलिरहेको बेला हाम्रो दल नेकपा एमालेलाई लागेका केही सार्वजनिक सरोकारहरूका वियहरू संसद्मार्फत् अभिव्यक्त गर्ने कुरा र सम्बन्धित निकायको ध्यानाकर्षण गर्ने कुरा नै उपयुक्त होला भन्ने हिसाबले केही विषय सभामुखमार्फत् म सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु । केही दिन अगाडि मात्रै हाम्रो प्रदेश अस्पतालको परिसर भित्र सबैको ध्यान आकर्षित गर्ने गरी एउटा तस्विर अहिले सामाजिक सञ्जालमा अलि बढी प्रचारित भएको अवस्था छ । त्यसले हामी सबैलाई आ-आफ्ना ठाउँमा जिम्मेवारीपूर्वक हेक्का राख्नु पर्ने, ख्याल राख्नु पर्ने ठाउँमा पुऱ्याएको होला भन्ने लाग्छ । प्रदेश अस्पताल बाहिरबाट हेर्दा साह्रैं राम्रो छ । बिगतकोभन्दा हामी सबैले ध्यान दिएर त्यसको भौतिक पूर्वाधारको विकास भएको एउटा अवस्था छ । सामाजिक सन्जालमा फोटो खिच्नका लागी लायक दृश्यका रूपमा पनि प्रचार भइरहेको एउटा अवस्था छ । तर त्यसको आन्तरिक अवस्था हिजोभन्दा आज विचारणीय अवस्थामा पुगेको छ । त्यसमध्ये पनि एउटा चित्र बच्चा र कुकुरको चित्र परिसरभित्र देखा पर्ने जुन एउटा परिस्थिति छ त्यो दुःखदायी अवस्था नै हो सबैको ध्यान गएकै हेला जस्तो लाग्छ । किन कि त्यो भनेर मात्रै ध्यानाकर्षण गर्ने कुरा छैन । त्यो चित्रले नै सम्बन्धित हामी सबैलाई अनुभूति दिलाउने कुरा रहन्छ ।

सम्बन्धित प्रशासनलाई पनि मैले बुझ्ने कुरा गरें तर जुन महत्त्वका साथ त्यो घटनाले समाजमा जे इम्प्रेसन वा प्रभाव पार्छ, त्यसअनुसारको बुझाइ गरेको त्यो अनुभूति गरेको मैले चाँहि पाउन सकिन भन्ने सम्बन्धित निकायलाई हो । त्यसकारणले सम्मानित

सभामार्फत हामी सबैको हामी सबैकोभन्दा पनि जसको त्यो जिम्मेवारि हो, जसले त्यो कानूनको पालना गर्नु पर्ने हुन्छ, जसको त्यो कार्यक्षेत्र हो त्यसको भूमिका प्रभावकारी बनाउन सक्दा मात्रै हामीले गरेका कामहरूले समाजमा सकारात्मक प्रभाव पार्नसक्छ भन्ने कुरा म राख्न चाहन्छु । सभामुखज्यू, समयक्रममा हाम्रै कर्णाली प्रदेशमा दक्ष जनशक्ति निर्माण हुने क्रममा दक्ष चिकित्सक पनि उल्लेखनिय रूपमा पैदा भइरहेका छन् वा निर्माण भइरहेका छन तर बिडम्बनाको कुरा सभामुख महोदय आज म भन्न चाहन्छु त्यो प्रदेश अस्पतालमा लामो समयसम्म काम गरेका वरिष्ठ र उल्लेखनिय सेवा पुर्‍याएका स्थानीय चिकित्सक आज त्यो अस्पतालमा टिक्न नसक्ने अवस्था किन बन्यो होला ? हिजो एउटा समय थियो चिकित्सक नपाएका कारणले गर्दा दरबन्दी खाली हुने एउटा स्थिति तर हाम्रो कर्णाली प्रदेशमा नाम कसैको चलेको भए पनि संकटका बेला महत्त्वपुर्ण भूमिका खेलेर जनविश्वास गुमाएका पुराना सिनियर चिकत्सकहरू क्रमश त्यो अस्पतालबाट स्वेच्छाले विदा लिनु पर्ने परिस्थिति निर्माण भइरहेको छ । त्यतापट्टी मलाई लाग्छ ध्यान गएको त होला तर अरूअनुभूति हुन सकेको छैन । प्रमुख पनि स्थानीय नै हुनुहुन्छ । म धेरै चर्चा गर्न चाहन्नँ । तर त्यसलाई त्यो ढङ्गले सञ्चालन कुरा गर्दा रहँदा राम्रा छन दृश्य त राम्रो छ तर आन्तरिक सेवा र आन्तरिक सेवामा संलग्न रहेका जनशक्तीहरूको वेहालको अवस्था छ । देशमा लोकतन्त्र आएको छ तर तर त्यो प्रदेश अस्पतालभित्र छैन। पेशागत हिसाबले आफूलाई लागेका कुरा बोल्ने कुरा गर्दा जोखिम उठाउँनु पर्ने परिस्थिति निर्माण छ । देशमा त लोकतन्त्र आएको छ तर त्यहाँ पेशाका हिसाबले आफ्ना कुरा राख्दा जोखिम उठाउनु पर्ने परिस्थति छ। कहिलेकाहींविचारका हिसाबले पनि भन्नु होला माननिय सभामुख महोदय दलीय व्यवस्थामा सबैले विचार स्वतन्त्रतापूर्वक गर्न सक्छन । मभन्दा फरक विचार राख्ने चिकित्सकहरू पनि त्यो अस्पतालमा टिक्न नसक्ने, सेवा दिन नसक्ने अवस्था छ । आजभोलि कहिले काहीं विचारले पनि दृष्टिकोणमा प्रभाब पार्ने स्थिति रहन सक्छ । त्यसकारणले म यसलाई विषय र मुद्दा बनाउनका निम्ति होइन । सुधार गर्नका निम्ति मैले गम्भीरतापूर्वक यो विषय उठाउन चाहाँन्छु र भन्न चाहाँन्छु कि यसमा ध्यान जाओस् फेरि यसलाई नै मुद्धा बनाएर छलफल गर्नु पर्ने निर्माण नहोस् अन्यथा बाहिर जस्तो राम्रो घर छ सेवा हिजोकोभन्दा बिचरणीय अवस्थामा छ । सुबिधा र साधन र स्रोतको सेवालाई स्तरउन्नति गर्ने ढङ्गले अगाडि बढिरहेको अवस्था छैन । जुन चित्र देखिएको छ फेरि त्यस्तो चित्र प्रकाशित हुन नपाउने गरी त्यस्तो अवस्था नपाउने गरी भित्रको वातावरण होस् कि बाहिरको वातावरण होस् सम्बन्धित निकायको ध्यान

आकर्षण गर्ने कुरामा मलाई लाग्छ  प्रदेश सरकारको ध्यान गएको भन्ने पनि सुनिरहेको छु । त्यसमा बल पुऱ्याउन चाहन्छु । दोस्रो कुरा हाम्रो प्रदेश सम्बन्धले पिडित प्रदेश हो । बिगतमा पनि स्थानीय तहमा वा सरोकारवालाहरूसँग छलफलै नगरीकन प्रदेश सरकार र संघिय सरकारका बिचमा हतारोमा एउटा सम्झौता गर्नै परिस्थिति निर्माण भैराखेको छ । अहिले पनि कर्णाली वा सुर्खेत र काठमाण्डौबाट हवाईसाधन या हवाईयात्राका माध्यमबाट मान्छेहरूले वा यात्रुहरले सेवा लिदा सहज छैनकी बाध्यतापूर्वक चर्को महसुल र अमुल्य दर व्यहोर्नु पर्ने परिस्थिति छ । दुई तहको सरकारले गरेको कुरा जसरी दुई तहको कुरा गर्दा छलफल भएन अहिले सुन्दैछु । सार्वजनिक छलफलका आधारबाट फेरि छलफल नगरीकन दिर्घकालीन प्रभाव पार्ने गरी फेरि हवाईसेवालाई सम्बन्ध विच्छेद गर्ने गरी प्रदेश सरकारको हवला दिँदै कतिपय कुराहरू बाहिर आइरहेका छन । एउटा बैठकमा म पनि सामेल भएको थिए मुख्यमन्त्रीले आयोजना गर्नु भएको म यहीँ चाहिँ क्षेत्रको जनप्रतिनिधि हुँ स्थानीय तहका जनता त्यहाँ पनि उपस्थित थिए मैले नै भनेको थिए अर्को बिकल्पको टुंगो नलाग्दै अहिले भइरहेको योजनालाई ड्रप गर्ने कुरा किमार्थ समर्थन गर्न सकिँदैन र त्यो उपयुक्त हुँदैन भन्ने एउटा जनप्रतिनिधि म नै हुँ तर म सुन्दैछु अहिले म अहिले तथ्यमा नपुगिकन भन्न त चाहन्नँ अहिलेको हवाईमाफियाहरूलाई यहाँ एउटा एयरलायन्सको सट्टा अर्को एयरलायन्सले पनि केही दिन अनुमति पायो केही दिन चलायो तर सरकारसँग सल्लाह गरेको त म भन्न सक्तिन तर हाम्रो प्रदेशका वरिष्ट मान्छेको सल्लाहबाट अनुमति प्राप्त गरेको हवाईसेवाले निरन्तरता पाउनुको सट्टा एउटैले हवाईसेवा निरन्तरता पाउने गरी व्यवस्था गर्ने वातावरणमा संलग्न भइयो भन्ने बजार चर्चा छ । त्यसकारणले फेरि पनि म बिनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु सरकारको जिम्मेवारिको कुरा हो । त्यहाँ होईन भने कहाँ हो भन्न पर्छ भएको बन्द गर्ने अर्को पनि भन्न नसक्ने गरी जाने कुरा जिम्मेवारीयुक्त कुरा होला र त्यसकारणले फेरि पनि म बिनम्रतापूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु यस्तो कुरा कहि हवाईमाफियाहरूसँग कोही कतै संलग्न भएर त्यसबाट प्रभावित भएर यस्ता काम त हुँदै छैनन् जसले गर्दा नेपालगंजबाट पाँचहजार सुर्खेतबाट अब अहिले त एघारहजार, तेह्रहजार तिर्नुपर्ने जुन बाध्यात्मक परिस्थिति छ त्यो कहिलेसम्म हो ? यसको जिम्मेवारी लिने कसले हो हिजो दुई तहमा सरकारका तहमा सम्झौता भएको एम. यु. भङ्ग गर्दाखेरी पनि कुनै प्रक्रिया तय गर्नुपर्ने अवस्था रहन्छ कि रहदैन ? कि यसलाई राजनितिक विषय बनाउने हो ? योभन्दाअगाडिका केही साथीहरूले भन्नु भो यो त उसको निर्वाचन क्षेत्र हो उसले

गराउन दिँदैन। निर्वाचन क्षेत्र विकास आफ्नो ठाउँमा होला तर विकास आफ्नो ठाउँमा छ । त्यही बैठकमा मात्रै हैन म स्थानीय तहका मान्छेहरूलाई पनि भेला गराएर पनि भन्यौ विस्तार गर्दा अन्तविस्तार गरेर हुँदैन यहीं पहिले भयो त अब के गर्नुहन्छ ? तर विस्तार गर्दा तपाईंहरूलाई अन्यायपुर्ण वा अन्याय हुन दिने कुरा हुँदैन । एउटा जनप्रतिनिधिका नाताले तर तपाईंले सरकारले बनाएको योजनाहरू तपाईंलाई उपयुक्त क्षेतिपुर्ति दिन्छ भने तपाईंले त्यसमा अवरोध सिर्जना गर्ने कुरा त्यति उपयुक्त हुन्छ जस्तो लाग्दैन भनेर स्थानीय तहका सरोकारवालालाई पनि भेला गराएर पनि मैल भनेको हुँ म फेरि आज भन्न चाहन्छु विषयहरू पनि अनुहार फेरिएअनुसार फेरिने हो भने विकास संभव छैन विकासले निरन्तरता पाउन सक्दैन त्यतापट्टी म ध्यान आकृष्ट गर्न चाहन्छु। अन्तिममा एउटा कुरा हो हामी हिजो हाम्रो पार्टीको बैठक भा हुनाले प्रदेशसभाको नियमित बैठकमा उपस्थित हुन सकेनौं । हाम्रो आग्रहलाई ध्यानमा राखेर स्थगित गर्नुभयो त्यसको लागी धन्यवाद दिन चाहन्छु तर केही मिडियाले केही हाम्रा समितिका माननिय सदस्यहरूले केही अरू माननिय सदस्यहरूले पनि ने.क.पा. एमालेप्रति परिलक्षित गर्दै केही कुरा सामाजिक संजालमा प्रेषण गरेको मैले देखिरहेको छु। सरोकारवालाहरूलाई जिम्मेवारवालाहरूलाई अनौपचारिक रूपले पनि दलका तर्फबाट मैले आफ्नो धारणाहरू राखिरहेको छु । मेरो यो पहिलो कर्तब्य ध्यान हो । अहिले सबै तहको मनसायमा म भन्न चाहन्नँ तर कस्तो थिति बसाल्ने हो त्यो चाहिँ छलफल गर्नुपनि एउटा विषय छ । यद्दपी सरकार छ विधानले व्यवस्था गरेको, नियमावलीले व्यवस्था गरेको, संविधानले व्यवस्था गरेकोआधारबाट विधायिकाको कुनै पनि सदस्यले आफूलाई लागेको कुरा प्रक्रिया पूरा गरेर सदनसमक्ष पेश गर्ने वैधानिक व्यवस्था छ । त्यसप्रति म जानकार छु । सरकारले विधेयक ल्याउने कुरा गर्छ विधेयक पास गर्ने आफ्ना तरिका र विधेयकहरू छन, तर यस्तो चलन छ कि ल्याउने बाटो आफ्नो एउटा ठाउँमा हुदाँ हुँदै पनि सार्वजनिक सरोकार र सार्वजनिक महत्त्वका राख्ने आधारबाट वातावरण मिलाएर ल्याउनु भयो भने त्यो एउटा ढङ्गले अगाडि बढ्न सक्छ । समितिहरू पनि विधेयक ल्याईसकेपछि परिवर्तन भएका छन् हुने व्यवस्था छ होला । तर पनि छलफल चलाउनु पर्ने अवस्था म चाहिँ देख्छु । कस्तो परमपराको थालनी गर्नै हो अहिले हाम्रो खासगरि अब परिस्थिति बदलिएको छ। म त्यो बदलिएको परिस्थतिलाई संसद्भित्र प्रवेश गराउन चाहन्नँ। म संसद् बाहिर नै त्यसका बारेमा सवाल जवाफ छलफल गरौंला। पाटीका हाम्रा कतिपय कामकारबाही र राष्ट्रिय अभिभारा पूरा गर्ने उद्देश्यका साथ अब तपाईंहरूलाई त त्यति प्रभाव पारीरहेको छैन

होला सबै मिलेर एउटै ठाउँमा एउटै पाटी बनाउने अभियानमा सामेल भएकाहरूलाई त्यति हतार छैन होला तर हामी ने.क.पा. एमालेलाई बैसाख ३० गतेको चुनावले प्रभाव अलिअलि पारिरहेकै छ। त्यसका कारणले पनि हाम्रो त्यति सहभागिताका साथ समितिमा बैठकमा जति सहभागिता हुनु पर्ने हो परिस्थितिबस त्यस्तो हुन सकिरहेकव छैन कहिलेसम्म चलाउने कुरा छ यो सरकारको कुरा रह्यो तर म बिनम्रतापूर्वक भन्न चाहन्छु कसेको विरोधका निम्ति होइन बहिष्कारका निम्ति होइन असहयोगका निम्ति होइन जे राष्ट्रिय अभिभारा छ त्यो पूरा गर्नें क्रममा हाम्रो अब सकृय सहभागिता वा यसैलाई समय प्दान गरेर जाने कुरा ध्यानाकर्षण गर्न मात्रे चाहन्छु किनभने हाम्रो निर्णयले मात्रै सबै कुरा त हुँदैन अहिले अब म केही देखिरहेको छैन बिति हाल्ने कुरा त्यो बैसाख, जेठर असारमा गरे पनि हुन्छ यद्दपी अभिलेखमा विधेयक पास गरेको सूची बढ्न सक्छ । सामाजिक समितिको बैठकको धेरै चर्चा गरेको सामाजिक संजाल र बैठकहरूमा पनि मैले सुने हाम्रा कुरा ती गम्भीरतापूर्वक राख्छौं, राखिरहेका छौं तर त्यसैलाई अनर्थ सोचेर अर्को बाटो अवलम्बन गर्ने भए पनि मेरो त्यसमा केही भनाइ छैन तर म फेरिपनि सभामुखमार्फत् खासगरी गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । परिस्थिति र अभिभारा काम जे छ त्यसका आधारबाट संसद्मा केन्द्रित भएर बितिहाल्ने काम पनि नदेखेका कारणले त्यतापट्टी सबैको ध्यान जाओस् भन्ने कुरा राख्न चाहन्छु हामीले हाम्रो ठाउँबाट रचनात्मक सहयोग गरौ भन्ने हिसाबले पनि यी विषयहरू उठाइयो सहमति भयो पहलकदमी लिने सरकारकै जिम्मेवारी हो आगामी दिनमा पनि हाम्रो सद्भावलाई सहयोगलाई हाम्रो रचनात्मक सहयोगलाई कायम राख्ने हो भने बैसाख ३० गतेको निर्वाचनलाई आधार बनाएर हामीसँग सल्लाह भएको कुरालाई सहमति भएको साधन र स्रोतलाई दुरूपयोग गर्ने कुराबाट कसरि बच्नुहुन्छ कसरी बचाउनु हुन्छ म त्यतापट्टी ध्यानाकर्षण गराउन चाहन्छु । सत्ता तपाईंहरूकै हातमा छ त्यसमा कुनै अनौठो मान्नु पर्दैन तर सदनभित्र संसद्भित्र हामीले जे वातावरण र जे सम्बन्धको विकास गरेका छौ त्यसलाई निरन्तरता कायम गर्ने कुरा हो भने म अहिले जिल्लाकै दृष्टान्त पनि केही बताउन चाहन्नँ म यति भन्न चाहन्छु सल्लाहभन्दा बिपरित कामहरू भइरहेका छन निर्णय र सहमतिभन्दाविपरीत कामहरू भइरहेका छन । निमन्त्रणा गर्नुहुन्छ वा सच्याउनुहुन्छ त्यो तपाईंहरूको कुरा हो निर्वाचन हो प्रभाव पार्ने अधिकम प्रयत्न सबैले गरीरहने कुरा हो तर त्यसका आधारबाट संसद्भित्र जे सहमति जे सल्लाह गर्नुभएको छ जे हामीले गरेका छौ यसलाई पालना गर्नें कुरा गर्दा बाहिर बिमती गरे पनि सदनभित्र सहमति सहकार्यका पाइलाहरूलाई अभ्यासहरूलाई अगाडि बनाउन

सकिन्छ । त्यसकारणले म फेरि पनि बिनम्रतापूर्वक नियमले कानूनले केले के गर्छ त्यो आफ्नो ठाउँमा छ तर त्यसका बाबजुद पनि यति भन्न चाहन्छु बिपरीत भएका छन कागजमा नभएको भए पनि बोलीमा भन्ने अभ्यासले तिव्रता पाईराछ । त्यस्तो कुराबाट बच्न असल संस्कृतिको विकास हुन सक्नेछ यो आधारबाट अगाडि बढ्न पर्ने जरुरी र आवश्यकता छ म त्यस्तो देख्छु यीनै कुरा मैले सभामुखमार्फत् सम्बन्धित निकायको ध्यानाकर्षण र नेकपा एमाले दलको सरोकारको विषय सदनसमक्ष राखे धन्यवाद । माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली, २०७४ नियम १०५ मा भएको व्यवस्थानुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री श्री माननीय हिम बहादुर शाहीलाई प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक सभासमक्ष टेबुल गर्न समय दिन्छु । माननीय सभामुखज्यू कर्णाली प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई प्रदेश लोक सेवा आयोग आधार मापदण्ड निर्धारण ऐन, २०७५ अनुकूल बनाउन सो ऐनमा रहेका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट गर्न र स्थानीय तहमा रिक्त पदपुर्ति गरी सेवा प्रवाह र विकास निर्माणलाई प्रभावकारी गराउन कानूनी व्यवस्था गर्न आवश्यक भएकोले प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम १०५ बमोजिम सभासमक्ष टेबल गर्दछु धन्यवाद । माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननय  हिम बहादुर शाहीलाई प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक सेवाका शर्त र सुबिधा सम्बन्धमा व्यवस्था गर्न विधेयक सभासमक्ष टेबुल गर्न समय दिन्छु । माननीय सभामुखज्यू प्रदेश लोक सेवा आयोग ऐ,न २०७५ बमोजिम नियुक्ति भएका प्रदेश लोक सेवाका पदाधिकारीको पारिश्रमिक सेवाका शर्त र सुबिधा सम्बन्धमा कानूनी ब्यबस्था गर्न आवश्यक भएकोले प्रदेश लोक सेवा आयोगको पदाधिकारीको पारीश्रमिक सेवाका शर्त र सुविधा सम्बन्धमा ब्यबस्था गर्न बनेको विधेयक कर्णाली प्रदेशसभा २०७४ को नियम १०५ बमेजिम सभासमक्ष टेबुल गर्दछु धन्वाद । माननीय सदस्यहरू अब कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थानुसार कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री माननीय श्री हिम बहादुर शाहीलाई मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन सभासमक्ष टेबुल गर्न समय दिन्छु । माननीय सभामुखज्यू मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार तथा सेवाका शर्तसम्बन्धी

ऐन, २०७५ लाई नेपालको संविधान अनुकूल बनाउन प्रदेश सरकारको हकहित र सरोकारवालाको विषय समावेश भएको मुद्दामा प्रभावकारी रूपमाप्रतिरक्षाको लागी थप व्यबस्था गर्न र मुख्य न्यायधिबक्ताले पाउने पारिश्रमिक बाहेक अन्य सुविधालाई स्पष्ट गर्न कानूनी व्यबस्था आवश्यक भएकोले मुख्य न्यायधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभासमक्ष टेबुल गर्दछु धन्यवाद । माननीय सदस्यहरू अब म कर्णली प्रदेश सरकारका आर्थक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई कर्णाली आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ माथि सामान्य छलफलको लागी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु । माननीय सभामुखज्यू कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई निरन्तरता दिन र आगामी बजेट तर्जुमालाई सहजता दिलाउन आवश्यक भएकोले सभामा टेबल भईसकेको कर्णाली प्रदेश आर्थिक कार्यविधि संशोधन विधेयक, २०७८ माथि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सामान्य छलफल गरियोस् भनी प्रस्ताव गर्दछु धन्यवाद । माननीय सदस्यहरू कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ माथीको सामान्य छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको लागी समय निर्धारण गरेको छु छलफल आजै समाप्त हुने भएकोले छलफलमा भाग लिन चाहने माननीय सदसयहरूले सभामुखको ड्यासको सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला सर्वप्रथम माननीय श्री दल रावल समय ७ मिनेट सभामुख महोदय अब षो संविधानहरू कानूनहरू सबै गतिशील दस्तावेज हुन आवश्यकताका आधारमा सरकारले परिवर्तन गर्नें कुरा नै हुन्छ ।र यो आर्थिक कार्यविधि ऐन बजेटको प्रक्रिया र आर्थिक प्रशासनलाई सुव्यवस्थित गर्ने विशेषगरी मूल कानून हो यो अब सरकारले गत यहीं चालु आर्थिक वर्षको बजेट जनताको सार्वभौम जनप्रतिनिधिहरूको जुन यो प्रदेशसभा हो यसलाई रातारात बन्द गरेर प्रि बजेट कन्सोल्टेशनको व्यवस्था गरेको छ यहाँ त्यसलाई समेत पनि समय १५ दिने समय त्यसलाई छोट्टयाएर ७ दिनमा ३ दिनमा ल्याउने र आफ्नो ढङ्गले आफ्नो सुविधाका लागी मात्रै त्यो चाहिँ व्यवस्था गरेको थियो त्यही विधेयक त्यही अध्यायदेशको उसमा हामी अहिले छलफलमा गर्दैछौं खास सदन चलेको पहिले टेबल भएको र पहिला पनि यसलाई अस्ति अस्ती निकै अगाडि हामी यसलाई पास गर्न सक्थ्यौं अब अहिले सरकारले थाहा पाएको थिएन कि कानूनी बाटो पनि नबुझेर हो कि अब अहिले अन्तिमा सदन बन्द हुँदाखेरी हामी पास गर्दैछौं । आफैं पनि त्यति शोभनीय होईन हामीले सभा

चल्दा बित्तिकै यी कुराहर पहिले पास गर्नु पर्थ्यो र एउटा कुरा अर्को कुरा के भने हाम्रा ती आर्थिक कार्यविधि ऐनका व्यवस्थाहरूले बन्देज गरेको थिएन सहजै नर्मल रूपले बजेट ल्याउने छलफल गर्ने हो भने त्यो चाहिँ यो सानो जुन प्रदेशसभा हो यसमा हामीले हाम्रा जनताका प्रतिनिधिहरू हामी र हामीले हाम्रो प्रदेशको बजेट कसरी बनाउने हाम्रो प्रदेशको आर्थिक सामाजिक रूपान्तरणका निमित्त आर्थिक विकासका निमित्त के गर्न सकिन्छ भन्ने कुराहर गर्न सकिन्थ्यो त्यो समय मेरो विचारमा ठिकै थियो तर अब रातारात बजेट ल्याउनुपर्ने संसद् बन्द गर्नु पर्ने यी सबै बाध्यताका बावजुद यस्तो कानून ल्याईएको छ अब यो मेरो विचारमा अलिकति आवश्यकै थिएन जरुरी थिएन जस्तो लाग्छ तैपनि अब आयो त्यहिअनुसार बजेट आएर आर्थिक वर्ष समाप्त हुन लागेको अवस्था छ अब यसलाई अझैपनि व्यावहारिकढङ्गले मेरो विचारमा राम्रो छलफल गर्नको निम्ति बहस गर्नको निम्ति समय प्रयाप्त राख्दा नै राम्रो हुन्थ्यो यसलाई १५ दिनबाट छोट्ट्याएर एक हप्तामा र तीन दिनमा संसद्को नियमावलीमा भएका व्वस्थाभन्दा पनि फरक ढङ्गले ल्याईएको छ यसलाई कसरी गर्न सकिन्छ यसमा अलिकति सरकारले पनि सोचेको राम्रो हुन्छ भन्ने म सुझाव दिन चाहन्छु धन्यवाद माननीय सदस्यहर अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रि माननीय श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ माथि सामान्य छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु। माननीय सदस्यरु कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ माथि सामान्य छलफलको क्रममा आफ्नो धारणा राखिदिनु भएकोमा माननीय सदस्यहरूप्रति म आभार व्यक्त गर्दछु । खासगरी यो चालु आर्थिक वर्षको बजेट ल्याउने सन्दर्भमा जुन हाम्रो आर्थिक कार्यविधि ऐनमा व्यवस्था भएको छ त्यो व्यवस्था भएबमोजिम टाइम प्रेशर भएपछि त्यतिखेर अध्यायदेश जारि भयो र त्यसपछि यो अहिलेको संशोधन विधेयकमा भएको व्यवस्था राखेर अध्यायदेश जारी गरियो र त्यो अध्यायदेश त्यतिखेर तसको लगत्तै चालु भउको अधिवेशनमा पेश पनि भयो र त्यतिखेर देशको समग्र परिवेश परिस्थितिले गर्दा फेरि त्यो अध्यायदेश छलफल भएर टुङ्गोमा पुग्ने विधि भएन जसको कारणले गर्दाखेरी त्यतिखेर जारी भएको अध्यायदेशको चरणमा निष्कृय हुने स्थिति भयो र यो बिचमा खाली अवस्था जो छ यो खाली अवस्थालाई पूरा गर्नको लागी यो संशोधन विधेयकको रूपमा यहाँ पेश भएको म यो सम्मानित सदनमा सभामुखज्यू मारपत के आग्रह गर्न चाहन्छुभन्दाखेरि माननिय सदस्यज्यूहरूले यो जे व्वस्था यहाँ प्रस्तुत भएको छ यसलाई

अब अझै बजेटका सबै पक्षहरूलाई पाटाहरूलाई व्यवस्थित गर्नको लागी अब यसमा संशोधनको प्रक्रिया जाला त्यसपछि छलफल होला समितिमा जाला बिबिध कुराको छलफल भएर एउटा सही निष्कर्षमा साझा निष्कर्षमा पुग्न सक्ने स्थिति बन्छ होला नै त्यसकारणले गर्दाखेरी यो प्रक्रियाम जान पनि माननीय सदस्यहरू ज्युहरूसँग माननीय सभामुखज्यूमार्फत् आग्रह गर्न चाहन्छु । हो बजेट निर्माणको प्रक्रियामा हामीले जे विधेयकमा व्यवस्था गरेका छौ त्यसलाई अलि बृहत रूपमा छलफल गरेर त्यसपछि सबैको साझा निष्कर्षमा पुग्ने स्थिति बनाउनु नै उपुक्त हुन्छ त्यसमा सरकारको पनि त्यसप्रति बिमत्ति छैन र फेरि यो संशोधन विधेयक हामीले दोस्रो संशोधन विधेयक जे पेश गरेका छौ माननीय सदस्य ज्युहरू हामीले आगामी प्रक्रियामा गम्भीरतापूर्वक छलफल गरेर एउटा निष्कर्षमा पुग्ने त्यसमा सरकारको फरक मत हुनुपर्ने कुनै जरुरी छैन यसलाई हामी खुल्ला रूपमा छलफल गरेर सही बाटो सपाट निर्माण गरेर अगाडि बढ्ने कुरा हामी तयारी छौं भन्नेकुरा पनि म यो सगै आजको छलफलमा राख्न चाहन्छु र फेरि पनि यसलाई हामीले बजेट निर्माणको प्रक्रिमा बजेट तर्जुमाको प्रक्रियामा हामी अलिकति सम्मानित सदनको र माननीय सदस्य ज्युहरूको बृहत धारणाहरू केन्द्रित गरेर नै हामी अगाडि बढ्ने कुरामा त्यतातिर त्यो वातावरण सिर्जना गर्नको लागी सरकार तयार नै छ भन्ने कुरा म राख्दै अब यसलाई यो जो संशोधन विधेयकयहाँ हामीले पेश गरेका छौं जो सरकारले प्रस्तुत गरेको छ। यसलाई अझै वैज्ञानिक र व्यावहारिक वस्तुवादी बनाउनको लागि माननीय सदस्यज्यूहरूको महत्त्वपुर्ण योगदान रहनेछ भन्ने कुराको अपेक्षा पनि गर्न चाहन्छु माननीय सभामुखज्यूमार्फत् यो सदनको ध्यानाकर्षण गराउदै म आफ्नो भनाइ अन्त्य गर्छु धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले सभासमक्ष प्रस्तुत गर्नुभएको कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ माथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउँदछु माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली, २०७४ कव नियम १०९ को उपनियम १अनुसार कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ मा संशोधनको सूचना पेश गर्न चाहनहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समयसिमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउदछु । माननीय सदस्यहरू प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ माथि सामान्य छलफल समाप्त भएपश्चात् कुनै पनि संशोधनको सूचना प्राप्त नभएकोले अब म कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून

मन्त्री माननीय श्री हिम बहादुर शाहीलाई प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ माथि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को खण्ड (क) बमोजिम विधेयकमाथि दफावार छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

<u>आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीः</u> माननीय सभामुखज्यू कर्णाली प्रदेश सरकारको प्रशासकीय कार्यविधि नियमित गर्न कर्णाली प्रदेशको शीघ्र समृद्धिको लागी नितिगत तथा कार्यक्रम बजेट आर्थिक कार्यक्रम कार्यान्वयन गर्न अत्यावश्यक बोर्ड आयोग समिति परिषद वा यस्तै प्रकृतिका संस्था गठन तथा सञ्चालनका लागी कानूनी लिखत तयार गर्ने उद्देश्यले प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन, २०७५ जारी कार्यान्वयनमा रहेको र यसलाई समयानुकुल बनाउन संशोधन गर्न वाञ्छनीय भएकोले सभामा टेबुल भई सामान्य छलफल समाप्त भईसकेको र कुनै पनि संशोधनको सूचना नभएकोले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ माथि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को खण्ड क बमोजिम दफावार छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीले सभामा पेश गर्नु भएको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ माथि दफावार छलफलका लागी समय निर्धारण गरेको छु ।छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोस्टमको बाँयातर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला । माननीय सदस्यहरू प्रशासकीय कार्यविधिलाई नियमित गर्ने ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ माथि सामान्य छलफल समाप्त भए पश्चात् कुनै पनि संशोधनको सूचना प्राप्त नभएको र कुनै पनि माननीय सदस्यहरूले दफावार छलफलमा भाग नलिनु भएकाले अब म कर्णाली प्रदेश सरकारका आन्तरिक तथा मामिला मन्त्री माननीय श्री हिम बहादुर शाहीलाई प्रशासकीय कार्यविधि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ कर्णाली प्रदेश नियमावली, २०७४ को नियम १२१ बमोजिम पारीत गरियोस् भनी सभासमक्ष प्रस्तुत गर्न समय दिन्छु ।

<u>आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाही:</u> माननीय सभामुखज्यू प्रशासकीय कार्यविधिलाई नियमित गर्ने ऐन २०७५ लाई संशोधन गर्न

बनेको विधेयक, २०७८ माथि प्रदेशसभामा छलफल भईसकेकोले कर्णाली प्रदेशसभा नियमावली २०७४ को नियम १२१ बमोजिम यस सभाबाट पारीत गरियोस् भनी पेश गर्दछु । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका आन्तरीक मामिला तथा कानून मन्त्री माननीय हिम बहादुर शाहीले प्रस्तुत गर्नुभएको प्रशासकीय कार्यविधि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ पारीत गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको बिपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रशासकीय कार्यविधि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८ पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू अब यो बैठक २०७८ साल चैत्र २२ गते मंगलवार दिनको १ बजेसम्मको लागी स्थगित हुन्छ ।

कर्णाली प्रदेशसभा

नवौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७८ चैत्र २२ गते

मंगलवार

(बैठक संख्या-१८)

राष्ट्रिय गान,

मानननीय सभामुख: माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको नवौं अधिवेशनको अठारौं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री जीवनबहादुर शाहीले सरकारको धारणा राख्न समय माग गर्नुभएकोले उहाँलाई समय उपलब्ध गराउँछु ।

मुख्यमन्त्रीमाननीय जीवनबहादुर शाही: माननीय सभामुख महोदय, माननीय सभामुख महोदयमार्फत् म सम्मानित संसद्मा आफ्ना केही कुराहरू राख्नचाहन्छु । सभामुख महोदय, यो सरकार जब सदनमा कुनै कुराहरू उठ्छन्, त्यसको मा एकदम सिरीयसनेस देखाएर सरकार अगाडि लाग्छ । र जुन हिजो सभामुख महोदय, प्रमुख प्रतिपक्ष दलको माननीय नेताज्यूले एउटा महत्वपूर्ण विषयहरू उठाउनु भएको छ । त्यसको लागी सरकारले के कस्तो भएको हो भन्ने कुराले चाहिँ खेजी राजनीतिगऱ्यो र ती कुराहरू सदनमा हामीले आफ्ना धारणाहरू राख्न पर्छ भन्ने हिसाबले माननीय सभामुख महोदयलाई समय उपलब्धताका लागि अनुरोध गरिएको हो र त्यो समय प्राप्त भएकोमा म धन्यबाद दिन चाहन्छु ।

विशेष गरेर अहिले, हिजो जुन अस्पतालमा एक खालको तस्विर भाइरल भएको थियो, त्यो तस्विर भाइरल हुने बित्तीकै सरकार प्रमुखको हैसियतले मैले पनि चासो राखेको थिए, त्यसको खोजी गर्न लगाइएको थियो र हामीले प्रहरीहरूलाई भनेर त्यसको छानविन गर्न लगाइएको थियो । यो पवित्रा वि.क. भन्ने पच्चीस वर्षकी महिला र उनका श्रीमान गोपाल वि.क. दैलेख आठबिस ९ नम्बर वडाका उहाँहरू हुनुहुँदो रहेछ र १९ गते त्यसरि घुमेर आएर २० गते सायद यो कुरा यदि हाम्रो यो दिन सदन बसेको भए यतिका दिनमा कुरा उठ्थ्यो होला, तर हिजो त्यो कुरा उठ्यो र २० गते प्रदेश अस्पतालले एउटा प्रेस बिज्ञप्ती जारी गरेको रहेछ र हामीले पनि त्यो खोज्न लगायौं प्रहरीलाइ भन्यौं र खोजी हुँदा उहाँहरूको बच्चा १४ गते मृत बच्चा जन्मिएको रहेछ र मृत बच्चा जन्मिएको बच्चालाई अस्पतालको प्रक्रिया पुऱ्याइसकेपछि

उहाँहरूको जिम्मा लगाईएको रहेछ । उहाँहरूले के गर्नुभएछ भने त्यही नजिक एउटा जङ्गल छ, जङ्गलमा सानो सानो खाल्डो खनेर त्यहाँ भित्र गाड्नु भएछ र २ ओटा ढुङ्गाले चेपिदिएको रहेछ । त्यसपछि त्यो कुकुरले चाई समातेर ल्याएको रैछ, मैले चै सभामुख महोदय यो सम्मानित सदनलाई मैले जानकारी गराउन चाँहे । त्यो कुनै अन्य खालको हो कि भन्ने हामीलाइ एउटा सनसनीपुर्ण न्युज आइरहेको थियो त्यसले गर्दाखेरि स्वाभाविक कुरा हो माननीयज्यूले उठाउनु भएको कुरा बाहिरको मान्छेले त यहाँ के भएको हो भन्ने कुरा चैं बुझ्दैनन् त्यसकारणले चाई त्यसको अवस्था त्यो भएको रहेछ भनेर मैले यहाँ चाई जानकारी दिनको लागी यो कुरा यहाँ राखेको छु सभामुख महोदय, र हिजो यो एअरपोर्ट सम्बन्धिको पनि विषय उठेको छ । वास्तवमा हाम्रो लागी कनेक्टभिटिमा एअरपोर्ट नभइ नहुने कुरो चाई हो । म पहिलेदेखि पनि म सरकारमा नहुँदा पनि सभामुख महोदय यो एअरपोर्टको विषयमा म एकदम सेन्सेटिभ छु ।यो चाहिन्छ, कनेक्टिभिटी विना विकास हुन सक्दैन भन्ने अवधारणा राख्ने मान्छे हुँ सभामुख महोदय । त्यसको लागी हामीले एकदम छलफल गऱ्यौं र हिजो यहाँ पनि कुरा आयो, प्रमुख प्रतिपक्ष दलका नेताज्यूलाई पनि हामीले अनुरोध गरेपछि हामी बसेर त्यहाँ छलफल पनि भएको हो । र त्यो बेला उहाँले काम गर्न पर्छ, त्यसको लागी तपाईंहरूले साथ दिन पर्छ भनेर पनि कुरो राख्नुभएको हो । र त्यो बेला क्यानका मान्छेहरू आइसकेपछि सभामुख महोदय उहाँहरूले के भन्नुभयो भने यो करिब करिब उनीहरूले रिपोर्ट देखाए ७/८ वर्ष करिब करिब ८ अरब लाग्छ भनेर उहाँहरूले त्यहाँ देखाउनुभएको थियो । र जुन जग्गा अधिग्रहण गर्नु पर्ने कुराहरूमा एकातिर चौध बिगाहा अर्कोतिर नौ बिगाहा भयो । त्यसपछि पनि हामीले सम्बन्धित वडाका मान्छेहरू र सबैलाई त्यो प्रिजेन्टेसन भईसकेपछि त्यसमा प्रमुख प्रतिपक्ष दलको नेताज्यूको पनि उपस्थिती थियो । र उहाँले त्यो बेला सबैलाई सम्झाउने कुरा पनि गर्नु भएको थियो। र त्यहाँ विकल्पका कुराहरू पनि निस्केका थिए । त्यो बेला त्यहाँ उहाँबाट नै कुरा उठेको थियो, कुनै कुराको समाधान नगरेर विकल्प नगरेर यसको काम रोक्न पाइन्न भनेर नै भन्नु भएको थियो । र हामीले फेरि प्रयास गऱ्यौं र त्यहाँका जो पीडितहरू हुनुहुन्छ उहाँहरूलाई बोलाएर करिब करिब १०० जनाको उपस्थिती थियो, र हामीले राखेर त्यस विषयमा छलफल गऱ्यौं । वडा अध्यक्ष देखि लिएर सारा सङ्ग हामीले छलफल गरेउ र छलफल गर्दा हामीले व्यापक त्यहाँको स्कुलको कुराहरू आयो अरू कुराहरू आयो । र करिब करिब प्रसेन्टेजमा लिने हो भने दशजना मान्छेले बोल्दा नौ जना मान्छेले लगभग उनान्सय पोइन्ट समथिङ मान्छेले चै हामीले कुनै पनि हालतमा

एअरपोर्ट बनाउन दिदैनौं तीन तिन चोटि चै विस्तार गरिसकेको यो एअरपोर्ट हो हामीलाई सधैं अपहेलना गर्ने दृष्टिकोणले र त्यो दृष्टिकोणले हेरिएको हुनाले हामीले यसलाई बढाउन दिन्नौं भन्ने कुरा पनि आयो । र अम्मरसिंह मा.वि. को प्रिन्सिपलले पनि बोल्नु भयो र केही व्यक्तिहरूले त यो स्कुल सार्‍यो भने त स्कुलको क्षतिपुर्ति त तिमीले दिनै छ, हाम्रा विद्यार्थीहरूको मानसिकता मा जुन चै मानसिक पीडा भएको छ त्यसको पनि तपाईँहरूले क्षतिपुर्ति दिन पर्छ भन्ने जस्ता कुराहरू पनि भए, र त्यही पनि हामीले प्रयास गर्ने कुराहरू गर्यौं र छलफलको विषयमा सटेन कुरा यसकों लागत लिइसकेपछि ६ महिना भित्र नै प्रदेश सरकारले पैसा दिनु पर्छ भन्ने कुरा पनि आयो । र मैले त यथार्थ कुरा भन्न नै पर्छ सभामुख महोदय, यो लगत लिने बित्तिकै हामी प्रयास गर्छौं तर अहिलेको वर्ष हामीसंग एअरपोर्टका लागी भनेर पैसा चाई छैन । गत आर्थिक वर्षमा पचास करोड रुपैंया भनेर छुट्याइएको रहेछ । र पचास करोड छुट्याएकोमा यो आर्थिक वर्षमा एक रुपैंयापनि छुट्याइएन सभामुख महोदय, अनि मैले त्यहाँ भनेको के हो भने ठिक छ तपाँइहरूलाइ जबरजस्ती गरेर प्रदेश सरकारले चाई जग्गा अधिक्रमण गर्ने कुरा गर्दैन तर यो एअरपोर्ट हाम्रो लागी एकदम आवश्यक हो । आवश्यकता छ, त्यसको लागी चै तपाईंहरूले सहयोग गर्नुपर्छ हामी जोरजबरजस्ती गर्देनौ र पुर्नविचार गर्नुस, सोच्नुस तपाईँहरूले जुन दिन ल आउनुस वास्तवमा चाहिने रहेछ भनेपछि हामी आउछौं र अहिले त यो एअरपोर्ट सञ्चालन भइनै रहन्छ र नाइटको लागी पनि गर्नको लागी एउटा आएरन्यार्प भन्ने एउटा टेक्नोलोजी हुन्छ, त्यो आरन्याप चाइ स्थापना गर्ने र बिहान र बेलुका फ्लाइट भयो भने हामीलाई कम्तीमा पनि अहिलेको टिकेट दरभन्दा कम्ती होला भन्ने कुरा चै त्यो बेला राखिएको हो, र कुनै एउटा एअरलाइन्सको मात्र कुरा होइन, यहाँ श्री भन्ने, बुद्धको अहिले आइरहेको छ, त्यसपछि गुण भन्ने पनि आयो, गुण ले त्यसको चै रेगुलर फ्लाइट छैन सभामुख महोदय। दिउँसो आउथ्यो अलि अलि भए पनि राहत मिलेको थियो त्यो गुण आइसकेपछिसभामुख महोदय अलि अलि पैसा पनि घटेको थियो वास्तवमा । वास्तवमै भन्ने हो भने हाम्रो जस्तो ठाँउमा हामीलाई एकदम अन्याय नै छ यो एकदम स्वाभाविक कुरा हो। त्यो कुरा उठेको छ, त्यसको लागी मैले धन्यवाद दिनै पर्छ सभामुख महोदय यो कुरा चै भएकै थियो र अहिले आएर श्री एअरलाइन्सले हाम्रो असी सिटको जहाज ल्याण्ड गर्न सक्छ हाम्रो यहीं एअरपोर्टमा भन्ने कुरा उहाँहरूले भनिसकेपछि अलिकति बाह्र नम्बर वडाका जो विशेष गरेर प्रभावित क्षेत्रमा हुनुहुन्छ उहाँहरू अलिकति भड्केको जस्तो देखिन्छ । असी जनाको बोक्ने फ्लाइट बस्छ भने यहाँ किन

जबरजस्ती लिन खोजिन्छ भन्ने कुरा पनि भयो सभामुख महोदय, त्यो बेला अलिकति क्यानका मान्छेहरूले पनि प्रेजेन्टेसन गर्दाखेरि जति हामीले एक्सटेन्सन गरे पनि वानओय ल्याण्डीङ्ग हो र नाइट ल्याण्डीङ्ग हुन सक्दैन भन्ने कुरा गर्दा पनि यदि तपाईंहरूले नाइट ल्याण्डीङ्ग हुँदैन अहिले जत्रो जहाज आएको छ र अरूआउने कुरा हो हामीले भनी सकेपछि यो यतिले पुग्छ भन्ने नै उहाँहरूको चै कुराहरू चै निस्केका हुन सभामुख महोदय यो कुरामा चै मैले अलिकति क्लियररिफाइ गर्न चाँहे ।

र यो हामीले अहिले बनाउदैनौ भन्ने कुरा छदै छैन । यो जहिले पनि त्यहाँका मान्छेहरू आउने त्यसपछि उद्योग व्यापारीहरू आएर चै हामी होटेल बन्द गर्छौं ताला बुझाउछौं, यो चाई प्रदेश सरकारले रोक्यो भन्ने कुराहरू पनि आए । कसैले हामी हडताल गर्छु पनि भन्नुभयो र मैले उहाँहरूलाई भने जुन दिन उद्योगी व्यवसायी साथीहरूले गएर उहाँहरूलाई सम्झाएर बुझाइदिनुहोस्, तपाईंहरूले पनि सहयोग गर्दिनुस एअरपोर्टको काम यो बनाउने काम रोकिएको छैन । तर चाइ यो सरकारले जबरजस्ती कसैको उठिबास गरेर जबरजस्ती चै गर्ने कुरा चै गर्दैन भन्ने कुरा गरेको छ। तपाईंहरूले पनि सहयोग गरिदिनुहोस् र कालान्तार भविष्यको लागी पनि कहाँ हुन सक्छ पश्चिममा हुन सक्छ पुर्वमा हुन सक्छ, त्यसको खोजीको विषय हामी खोज्दै छौं, खोजौंला पनि, हेरौंला पनि यो जिल्ला बाहेक अरू जिल्ला पो हुन्छ कि त्यो कुरा अर्को पाटो हो तर यो एअरपोर्टलाई सुधार्न, एक्स्टेन्सन गर्न कोही केही कुराले चै रोकिएको छैन । प्रदेश सरकारको कुनै त्यसमा कुनियत छैन सभामुख महोदय, यो सम्मानित सदनलाई चै म त्यो भन्न चाहन्छु ।

अनि अर्को कुरा जुन आएको छसभामुख महोदय, हामीले जुन सरकार जहिले पनि प्रतिबद्ध छ, जुन कुरा सरकारले बोलेको छ त्यसमा हामी निरन्तर लागिरहेका छौं । काममा अगाडि बढिरहेका छौं, जुन अगाडि हामीले सम्झौता गरेका छौं । सम्झौता बमोजिमका धेरै कामहरू अगाडि पनि बढिसकेका छन । सभामुख महोदय, म अर्को पनि भन्न चाहन्छु जुन मुख्यमन्त्री रोजगार कार्यक्रम थियो पहिला जुन खालले चाई अनलाइनबाट आयो र त्यो मध्येको एउटा मागमा हाम्रो सम्झौतामा के थियो भने वडाबाट नै सिफारिस भएर आउन पर्नि, पालिकाले चाई त्यसलाई हुबहु पास गर्न पर्ने, र त्यो माथि गइसकेपछि सम्बन्धित प्रदेशको निर्वाचित सांसदको अध्यक्षतामा बसेर पाँच ओटाबाट तीनओटा जुन चयन गरेर पठाउने र त्यो प्रदेश सरकारले त्यसको हुबहु तीनैलाई गर्ने भन्ने कुरामा सरकार लागेको छ र त्यसमा अझै हामीले परिमार्जित के गरेका छौं भने सम्बन्धित गाउँपालिकाका अध्यक्षहरू पनि मेयरहरू पनि त्यो समितिको

सदस्य हुने, किन त्यो गरियो भने हामीले देखेका छौं सभामुख महोदय हामी कोही कसैले कसैलाई दोष दिनु त छैन त्यतिखेर अध्यक्ष हुने माननीयज्यूहरूले पनि पाँचओटाबाट आएका ती पाँचओटाबाट तीन ओटा छान्नुपर्नेमा त्यहाँबाट अर्कै पनि राखियो सभामुख महोदय । र त्यसपछि यहाँ प्रदेशमा आइसकेपछि फेरि मुख्यमन्त्री कार्यालयबाट अरू पनि थपिए । त्यो नहोस् भन्नका लागि अहिले हामीले त्यसरी आइसकेपछि अहिल्यै नै, पछि चै अवण्डा बजेट राखेर होइन कि अहिले नै साउन १गतेबाट लागु हुने गरी अहिले हामीहरूले सबै गाउँपालिकाहरूलाई हामीले पत्राचार गरिसकेका छौं । यो काममा हामी अगाडि लागेकै जस्तो लाग्छ सभामुख महोदय । र अरू कुरा जुन पन्ध्रलाखभन्दा तलका कार्यक्रम रोकिएकै छन, आजका दिनसम्म पनि रोकिएका छन । त्यो बेला पनि मैले यहाँ सदनमा बिनम्र निवेदन गरेको थिए, केही कुराहरू पन्ध्र लाखभन्दा तलका तर पहिले नै क्रमागतमा रहेका र मुख्यमन्त्री रोजगारको कुरा, दलित आयआर्जनको कुरा, दुई चारओटा कुरामा त त्ये बेला हामीले पनि सहमति गरेका हौं, पन्ध्र लाखभन्दा तल भएतापनि यो एकपटकको लागी गर्ने भनेर गरेका कामहरू चै तिनीहरू अगाडि गइरहेका छन्, बढिरेका छन्, र जसले हामीलाई दायित्व फेरि बोकाउछ र तिनीहरूलाई हामी कुनै पनि हालतमा नगर्ने र सम्झौता नगरेकालाइ पनि नगर्ने, अब अलिकति त्यति गर्दागर्दै पनि केही ठाँउहरूबाट समयमा सम्झौता नभएका हुन सक्छन सभामुख महोदय, तर चाई जिल्लाले रिपोर्ट दिदाँखेरि सम्झौता भइसकेका गर्न सकिने भन्ने पनि आएको छन, त्ये पनि नआएको होइन । तर अब अहिले यो परिस्थितिमा चुनावको अवस्था आयो केही कुरा सिदिन्छन् भन्दाखेरि हामीले खबरदार पनि भन्न सकिरहेको अवस्था छैन । र भरसक आउने, जस्तै अहिले मात्र वनमा हेर्ने हो भने करिब करिब यहीं कार्यक्रम गर्दाखेरि वनले चै उन्नाइस करोड रुपैंया उसले चै सरेण्डर गर्नुपर्ने भएको छ सभामुख महोदय । त्यसमा हामी आफ्नो वचनबद्धताप्रति हामी एकदम प्रतिबद्ध छौं, त्यो चाइ सम्मानित सदनमा समामुखमार्फत् मैले यो कुराहरू भन्न चाहन्छु सभामुख महोदय । अनि अर्को कुरा, यसको हामीले निकै छलफल गरिरहेका छौं, जुन यहाँ एकदम मार्मिक कुरा उठेको छ म चाई एकदम आत्मसात् गर्छु सभामुख महोदय । जुन सदनमा प्रमुख प्रतिपक्ष दलको नेताज्यूको तर्फबाट उठेको कुरा छ, नेपालमा प्रजातन्त्र आएतापनि अथवा लोकतन्त्र आएतापनि प्रदेशमा प्रजातन्त्र आएन यहाँका चै स्थानिय रैथाने जसले आपतबिपतको बेला सहयोग गरे आज उनीहरू चै बस्न नसक्ने अवस्था छ भन्ने कुरा पनि आयो सभामुख महोदय । त्यसका लागि मैले एकदम आफूले खोजीनीति गरेर के रैछ त वास्तविक कुरो के रैछ

त साँचो के हो झुटो के हो के भइरहेको छ भनेर त्यो कामलाई पनि मैले अगाडि बढाएको छु । र कुन मान्छेहरूले किन कसैका म्याद थप किन भएन कुनै अरूअरू कारणले हो या के हो भनेर मैले एउटा मन्त्रीलाई पनि निर्देशन दिएर त्यसलाई एउटा समिति बनाएर हेर्नुहोस् वास्तविकता के हो भनेर मैले मन्त्रीलाई चै निर्देशन दिइसकेको छु । सभामुख महोदय, त्यसमा हामी तुरुन्तै नै वास्तवमा के भएको हो कसैलाई पनि अन्याय नहोस् भन्ने नै छ र केही कुराहरू बुझ्दाखेरिअहिले नेपालको प्रचलन पनि छ विशेष गरेर डक्टरहरूले जुन सरकारी अस्पतालहरूमा आफू काम गर्न बस्ने तर बिरामीहरूलाई चै राम्रोसंग चेक नगरेर चाई तपाईंहरू हाम्रा क्लिनिक मा आयोस भन्ने कुराहरू पनि छन्, त्यो कुरालाई चै यो प्रदेश सरकारले निरुत्साहित गर्न पर्छ भन्ने कुरामा चै प्रदेश सरकार छ सभामुख महोदय र जुन सुधारको लागि जुन रचनात्मक सहयोगसल्लाहहरू आएका छन त्यसलाई मैले धन्यवाद दिनै पर्छ र हामी जहिले पनि रचनात्मक कुराहरूलाई चै हामी तुरुन्तै किनभने आज मलाई बोलिरहनु पर्ने अवस्था थिएन । एउटा सम्मानित सदनमा प्रमुख प्रतिपक्ष जस्तो एउटा जिम्मेवार व्यक्तिले बोलिसकेको कुरालाई सरकार गम्भीरतापूर्वकयी कुराहरूलाई लिन्छ भनेर हिजो देखि नै मैले आफ्नो बुद्धि विवेकले भ्याएसम्म त्यसको छानविनहरू आफ्नो तरिकाले गरे भने अहिले समितिहरू पनि हामीले बनाएकै छौं । हो वास्तवमा भन्ने हो भने आजका दिनमा प्रत्येक जिल्लाबाट पनि त्यस्तै भइरहेको छ, जहाजहरू पनि सबै पुर्वतिर गएका छन । यहाँ कयौं मान्छेहरू नेपालगंजको गर्मीमा कुहिएर बस्नुभएको छ । यो सुर्खेतको अवस्था त्यस्तै छ  हाम्रो राजधानी हुँदाहुँदै पनि । हामीले यहाँबाट पनि फ्लाइट सञ्चालन गर्न सकिरहेका छैनौं । सायद हिजोको यो आवाजले पक्कैपनि सङ्घको सरकार, प्राइभेट एअरलाइन्सहरू र अरूलाई पनि घचघच्याएको छ जसले गर्दाखेरी यसलाई सकारात्मक रूपले अगाडि बढाउनको लागी पनि हामीलाई यसले साथ दिनेछ भन्ने मैले चै आशा र विश्वास लिएको छु ।

सभामुख महोदय,

अब अलिकति यो संसद्को कुरा आएको छ सभामुख महोदय, त्योभन्दा अगाडि जुन,हुन त विदेशमा भएको भए हामी सबै दण्डित हुन पर्नि हो, विदेशको अर्थनीतिलाई कार्यनीतिलाई हेर्ने हो भने संसारमा कहिँ पनि हुँदैन नेपालमा बाहेक । नेपालमा पनि अरू प्रदेशमा होला हाम्रो प्रदेशमा डेब्ट तिर्नुपर्ने । सदनले पास गरेको बजेटलाई त्योभन्दा अगाडि चै फेरि हामीले गर्ने कमीकमजोरी भएको छ त्यो सुधार्ने, यति डर लाग्दो अवस्था छ सभामुख महोदय मुख्यमन्त्री रोजगारबाट त्यो कार्यक्रममा मात्र

हामीले चौध करोड रुपैयाँ हामीले तिरीसक्यौं । चौध करोड । अब यो ठेक्कापट्टाको करिब यहाँ एकदम तालाबन्दी गर्छु भनेर ज्ञापन पत्र दिइरहेका छन अहिलेसम्मको मेरो रेकर्डमा सत्तरी करोड हामीले तिर्नु पर्ने छ । सत्तरी करोडमा चालिस करोड सुर्खेतमा मात्र छ सभामुख महोदय । अझैं आउने क्रमहरू बाँकि नै छन केही । के भएको रहेछ भने रातो किताबमा निस्क्यो, निस्किसकेपछि चै उपभोक्ता गठन गर्‍यो, काम गरिहाल्यो । तर पछि फेरि त्यो परिवर्तन भएछ । त्यो रातो किताबमा राखेको कुरा केही परिवर्तन भएछ, त्यो पनि काम गरिसक्यौं भनेर आएका छन । यदि हामीले यो पुरानो कुरा तिर्नु पर्नि कुरा नराखी हो भने बरु यो बजेट जति घटेर आएपनि त्यसबाट चै यो क्लियर गर्न पर्छ हुन त त्यो बेला पनि यो सदनमा उठेको हो, प्रमुख प्रतिपक्ष दलको नेताले उठाउनु भएको हो जाहेज थ्यो । तर अहिले डर लाग्दो अवस्था के भयो भने अझै पनि वृद्धि हुने काम जारी नै छ । हिजो मात्रै मैले मन्त्री सिंजा जानुभएको रहेछ मैले तुरुन्त आउनुहोस् भनेर बोलाए । सायद हिजो रकमान्तरको लागि त्यो त्यो चालिस करोड सुर्खेत को लागि चै । अब केही ठेकेदारहरू कस्ता छन भने उदाहरणको लागि सभामुख महोदय क्षेत्र विकास कोषको टेन्डर भयो, त्यसमा चै सरकारले भन्यो कुरा जाहेज हो, यो कुरामा चै काम गर्न आउनुहोस्तपाईंको पैसा पनि लिनुहोस् बाँकि काम पनि सिध्याइदिनुहोस् भन्दाखेरी मान्छे खोजेर पनि भेट्दैनौ । सभामुख महोदय, चलाउने भन्ने एकजना वडा अध्यक्षज्यू हुनुहुँदो रैछ बारम्बार भने मान्छेलाई खोजेर त ल्याइदिनुहोस् काम सिध्याउनपर्‍यो । शंकरचोकबाट गएको बाटोलाई । तर यसैमा फेरि केही माननीयज्यूहरूले चै उपभोक्ता समिति गठन गरेको त्यसैमा यो पनि केही घुसाउन पाइन्छ कि भनेर पनि अर्को पनि समस्या आएको छ । समस्या माथि समस्या त छदै छ, त्यसैकारण यति जिम्मेवारपूर्ण ढङ्गले सरकार लागेको छ । र हामीले कमीकमजोरी भएको छ, जस्तैयति हाम्रा बहुवर्षिय आयोजनाहरू छन त्यो कहिले सुरु भएको कहिले सकिनु पर्ने हो । अब कतिओटा हुन भन्ने पनि त्यो सबै ठाँउमा गएर सम्बन्धित मन्त्रालयमा पनि भेटिदैन सभामुख महोदय, यो मैले यहाँ भन्नै पर्छ सम्मानित संदनमा । र अहिले आएका विषेश गरेर कुनैपनि क्षेत्र नछुटोस भन्ने हिसाबले हामीले चौबिसमा एउटा बाहेक, एउटा पनि माग्न नआएपछि गर्न सकेन अरू चै तेइस ओटामा त्यो टेण्डरको प्रक्रियामा गएको छ । यो कुरा पनि हामीले गरेका छौं भनेर मैले सभामुखमार्फत् सम्मानित सदनलाई यो चाई आग्रह गर्न चाहे । अब यो समितिको कामकारबाही माथि पनि बाहिर प्रश्नहरू उठ्ने गरेका छन सभामुख महोदय, वास्तवमा समिति भनेको मिनि पार्लियामेन्ट हो । हिजो प्रमुख प्रतिपक्षदलको नेताज्यूबाट

कुरा उठ्यो वास्तवमा त्यो स्वाभाविक नै हो । बिती हाल्ने छैन भने अहिले अवस्था यस्तो छ । त्यो स्वाभाविक कुरा हो मलाई यसमा दुइमत छैन । र अहिले मैले सरसर्ती हेर्दाखेरी सभामुख महोदय, यहाँ हाम्रो समितिमा मात्र नौओटा विधेयकहरू रहेछन् । प्रदेश प्रहरी, सहकारी, आमसञ्चार, शान्ति तथा पुर्नस्थापना अब लोक सेवा र महान्याधिवक्तामा हामी अहिले छलफलको क्रममै छौँ । प्रदेशसभा सचिवालय, सिंजा सभ्यता, पर्वतीय विश्वविद्यालय । मेरो भनाइ के हो भने सभामुख महोदय यो कुनै प्रदेश सरकारले यतिओटा विधेयक हामीले पास गर्‍यौं भनेर चै नाम राख्नको लागी होइन । तर सदनको काम, संसद्को काम आएका विधेयकहरूलाई पास गर्नु त हाम्रो सबैको दायित्व होला सभामुख महोदय । देश दुनियाले के भन्ने होला गएका विधेयकहरू समितिमा गएर अड्किएर बसेका छन र त्यहाँका माननीयहरूले भत्ता खाएर बसेका छन भन्ने कुरा बाहिरबाट निस्क्यो भने हामीले के जवाफ दिने होला ? वास्तवमा भन्ने हो भने सरकारले चै विजनेस नदिने सदन बन्द गर्नु पर्ने अवस्था हुन्छ । अहिलेको अवस्थामा त्यस्तो देखिएको छैन सभामुख महोदय । हुन त भन्छन त अब चुनाव त आयो । चुनाव पनि अहिले त यति कडा आचार संहिता छ कि पदमा भएकोले त हिड्नै नपाउने भएको छ । आचार संहितामा त आएकै छ किन हिड्न दिएन भन्न पनि भएन सभामुख महोदय, त्यसकारणले मलाई कता कता हामीलाई पनि यो नआओस माननीय सांसदज्यूहरूलाई पनि यो चै नआओस् कि यो चाई यिनीहरूले काम नगरेर तलब खाए भन्ने कुरो नहोस् भन्ने मलाई लाग्छ सभामुख महोदय, केही विधेयकहरू जस्तै हामीले हिजोअस्ति बहसका रूपमा गइरहेका छौं, अब केही कुराहरूलाई हामीले संशोधन पनि गर्नु पर्ने छ सभामुख महोदय । जस्तै आर्थिक विधेयकका कुराहरू हेर्ने हो भने प्रि बजेट ल्याउने कुरामा हामीले तीन दिनमा गयौं, तर अहिले आएको कुरालाई त्यसलाई संशोधन गरेर फेरि पन्ध्र दिनमै लानुपर्ने होला । त्यो बेलाको अवस्थामा जे ढङ्गमा आएपनि अहिले हामीले चाई त्यसलाई परिवर्तन गर्न पर्ने होला । र केही कुराहरू प्रतिस्थापन विधेयक आईसकेर पनि फेल हुन गयो । किनभने हामीले त्यसलाई प्रायोरिटीमा तोकेनौं । जसले गर्दाखेरि फेरि विधेयकहरू ल्याउनु पर्ने कुरा भयो । म एउटा उदाहरण दिन चाहन्छु सभामुख महोदय, सबैलाई थाहा छ, कर्मचारीको अभावमा हामीले विकास गर्न सकेको छैनौ । कर्मचारीको अभावमा मन्त्रालयहरू अगाडि बढ्न सकेनन भनीसकेपछि लोक सेवा अहिले फङ्सलन छ । त्यसको पनि प्रतिस्थापन विधेयक आएको हो तर त्यो टाइममा भएन, त्यो भएन भन्नी कुरो त सभामुख महोदय, दुनियाले हेर्दाखेरि त सदनले किन गरेन भन्नी कुरा पनि त भोलि आउला तर पनि

हामीले प्रतिस्थापन विधेयक साठी दिन कट्यो भन्ने हिसाबले फेरि विधेयक आयो भने पछि अब जाँच चै सूचना निस्किसक्यो फेरि हामीले चै यो समयमा पास नगर्नी हो भने चै फेरि सरकारलाई बाध्यात्मक परिस्थितिले हामी चै यसलाई फेरि अध्यादेशबाट ल्याउन पर्ने । म के चाहन्छु भने सभामुख महोदय अध्यादेश भन्ने कुरालाई निरुत्साहित गर्नु पर्छ । अध्यादेशबाट हामीले आउनुहुदैन । हरेक कुराहरू चै लागेपुगेसम्म सदनले पास गर्नुपर्छ भन्ने नै कुरा हो । अब यदि भएन भने हामीले जाँच सञ्चालन गर्नको लागि भए पनि फेरि अध्यादेशबाट ल्याउन पर्नि कुरा हुन्छ । त्यस्ता महत्वपुर्ण कुराहरू छन । मेरो भनाइ के हो भने एउटा कुरा देखिएको छ ।आएको छ हिजो एउटा कुरा पनि उठ्यो, सामाजिकमा माननीयज्यूहरू नै नजाने । उपस्थिति नै नहुने । त्यसले गर्दा चै, ठिक छ त्यसको पनि विधि छन, यदि चित्त बुझेको छैन भने यो हुन सक्दैन भनेर त्यहीबाट पनि हामीले गर्न सकिन्छ तर अनुपस्थिति रहेर त्यसले गर्दाखेरि यसले रहेर बाहिर राम्रो म्यासेज जादैन सभामुख महोदय । यी कुराहरूलाई पनिजस्तै यो सचिवालयको कुरा पनि होला हामीले बारम्बार भन्ने गरेका छौं, सचिवका सम्बन्धमा लगेरमर्यादापालकाको कुरालाई लिएर, हाम्रा विधि र विधानका कुराहरूमा लगेर आजसम्म कर्णाली प्रदेशसभाको जुन इज्जत छ, हैसियत छ, त्यसमा आएका कुराहरू पनि भएरहन्छन भन्ने कुरा पनि हामी प्रत्येक व्यक्तिमा पनि त्यो आरोप आउने भएकोले मैले यो के गरेर हुन्छ यसलाई चै हामीले पूरा गर्नु राम्रो हो तर चै कोरोम नपुऱ्याएर अगाडि चै बढ्ने, त्यसले गर्दा चै यो मर्यादित संसद्को चै मर्यादा रहन सक्दैन भन्ने मलाई लाग्छ । र आएका जुन सुझाव छन, सल्लाह छन, त्यसलाई हामी आत्मसात् गरेर बुद्धि र विवेकले भ्याएसम्म आफूले दिएका वचनलाई परिपालना गर्ने र पुनः पनि सभामुखमार्फत् म सम्मानित संसद्लाई म हार्दिक हार्दिक म धन्यवाद ज्ञापन गर्न चाहन्छु कि सरकारलाई जहिले पनि घचघच्याइरहने । मैले बारम्बार भन्ने गरेको छु, मैले आजसम्म सुर्खेतमा हुदाँसम्म त्यस्तै मलाई जहाँसम्म लाग्छ, म यहाँ भएन भने बाहेक नत्र मैले कुनै पनि बैठक मैले छोडेको छैन सभामुख महोदय । किनभने सरकार संसद्प्रति एकाउन्टेबल हुन्छ, सरकारदे जवाफदेही हुन पर्छ सरकारले जवाफ दिन पर्छ, सरकार भनेको संसद्को एउटा अङ्ग हो भन्ने कारणले नै सायद मैले भएसम्म पनिसम्पूर्ण मन्त्री मण्डललाई नै ल्याएर राखेर हामीले सम्मानित संसद्मा उठेका प्रश्नहरूको टिपोट गर्ने र त्यसलाई हामीले जवाफ दिने गर्दाखेरि यो संसद्लाई हामीले एउटा मर्यादित बनाउने प्रयास गरिरहेका छौं सभामुख महोदयमार्फत् म आग्रह गर्न चाहन्छुसंसद्ले पनि संसद्कै हिसाबले अगाडि बढिदेओस् सहायोग गरिदियोस् भन्न म

चाहन्छु । र संसार को प्याक्टिस के हो भने सभामुख महोदय कि सरकार चै संसद्बाट भाग्न खोज्ने तर संसद्ले चै सरकार कहाँ गयो हुन्छ, योसंसद्मा के हुन्छ भने प्रतिपक्ष सत्तापक्ष भन्ने हुँदैन त्यो कुरालाई चै हामीले ख्याल गऱ्यौं भने यो प्रदेशको जरुर मर्यादा रहनेछ । यसैको लागि सभामुख महोदयमार्फत् सम्मानित संसद्लाई आग्रह गर्दे यी कुराहरूलाई ह्दियगम गर्दै अगाडि बढ्नको लागि म हार्दिक अनुरोध गर्दछु । धन्यवाद जय नेपाल ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू अब म कर्णाली प्रदेशक सरकारका तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीलाई प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि सामान्य छलफलका लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

<u>सामाजिक विकास मन्त्री माननीय यज्ञ बहादुर बुढाक्षेत्रीः</u>माननीय सभामुखज्यू, प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई प्रदेश लोक सेवाआयोग आधार र मापदण्ड निर्धारण ऐन, २०७५ अनुकूल बनाउन सो ऐन मा रहेका कतिपय अस्पष्टव्यवस्थालाई स्पष्ट गर्न र स्थानीय तहमा रिक्त पदपुर्ति गरी सेवा प्रवाह र विकास गर्न र स्थानीय तहमा रिक्त पद पुर्ति गरी सेवा प्रवाह र विकास निमार्णलाई प्रभावकारी बनाउन कानुनी व्यवस्था गर्न आवश्यक भएकोले सभामा टेबुल भइसकेको प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सामान्य छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथिको सामान्य छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूका लागि समय निर्धारण गरेको छु । छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले सभामुखको ड्यासको बायाँतर्फ रहनुभएकसचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । सर्वप्रथम माननीय श्री दल रावल, समय ७ मिनेट

<u>माननीय श्री दल रावलः</u>माननीय सभामुख महोदय अब यो प्रदेश लोक सेवा ऐन अत्यन्तै महत्वपुर्ण ऐन त्यही भएर हामीले अघिल्लो सरकार हुदाँपनि वास्तवमा त्यो ऐनको लेख्दाखेरी निवर्तमान माननीय धर्मराज रेग्मी र मैले एक रात एक दिन लगाएर लेख्यौं। अत्यन्तै महत्वपुर्ण छ त्यो छिटो गर्नु पर्छ भन्ने माननीय मुख्य मन्त्रीको निर्देशन पनि भयो र सरकार र विपक्षी दलमा संसद्मा पनि यसलाई महत्व दिउँ र छिटो ल्याँउ

भन्नेखालको सहमति पनि भयो र त्यो भएको नाताले हामीले एकदमै फास्ट ट्र्याकमा ल्याउन खोज्दाखेरि धेरै कुराहरू अपुग भएका धेरै छुटेका धेरै दोहोरिएका पनि थिए । वास्तवमा हामीले त्यतिबेलाको सिस्टम, कानुनका साथीहरू धेरै कम, हामी आफैं लाग्नु पर्ने हामीलाई कानुनी ज्ञान पनि हामीलाई अभाव नै हुने भयो यी सबै कुराहरूले गर्दाखेरि हामीलाई धेरै कुराहरूको अभाव थियो यो ऐनमा । तर पनि हामीले संसद्मा दर्ता गऱ्यौं । र सदनले चै त्यसलाई फास्टट्र्याकमा चै पास गर्दियो र पास गर्दा चै अब त्यो कानुन बनाउँदा चै एकदम फास्ट ट्र्याकमा भयो नियुक्ति गर्दाखेरि चै ढिलो भयो फेरि । अब के कुरा मिलेन । नियुक्ति अलि छिटो गर्न पाएको भए जस्तै अन्य प्रदेशहरूले चौंथो पाँचौ तहका कर्मचारीहरू पनि लिइसके तर हामी एउटा प्रोसेसमा छौं। फेरि त्यसैसँगसँगै अब संघिय सरकारले पनि निजामतीसेवा ऐन ल्याउन सकेन । संविधानको व्यवस्था फेरि त्यो माथिको सङ्घीय सरकारको संसद्ले बनाएको ऐन र त्यसको मापदण्डअनुसार चै संसद् सेवाका कर्मचारी नियुक्त हुन्छन भन्ने व्यवस्था थियो त्यसले गर्दा पनि अलिकति ढिलो भएको होला । तर पनि अब ऐन चै जारी भयो । प्रदेश लोक सेवा गठन भयो र त्यसले काम गरेको र विज्ञापन गरेको देखियो । यसलाई छिटोभन्दा छिटो टुङ्ग्याएर छिटोभन्दा छिटो कर्मचारीको अभाव छ, यसलाई व्यवस्थित गरेर अगाडि बढ्नु पर्ने हुन्छ । अब अहिले निकै धेरै संशोधन आएको मैले देखे । डिटेलमा त मैले हेर्न पाइन तर पनि धेरै दफाहरूमा संशोधन भएको छ । संशोधन हुँदाखेरि अब त्यतिखेरका अभावहरूलाई पनि पुर्ति गर्ने ढङ्गले पनि आएका छन्। कतिपय कुराहरू मसिना पनि छन, नियमावलीमा लैजाउ भन्ने कुरा पनि छन, कतिपय कुराहरू थप गरिएको पनि छ र कतिपय कुराहरू हटाइएको पनि छ । यो अब लोक सेवा आयोग गठन भएको र काम गरिरहेको हुदाँखेरि उसले व्यावहारिक ढङ्गले पनि पनि सिफारिस गऱ्यो होला कतिपय कुराहरू अट्केका कतिपय कुराहरू बाझिएका, यस्ता कुराहरू गर्दा यो कुरा राख्दा राम्रो हुन्छ भन्ने पनि सिफारिस गऱ्यो होला । अब अहिले कानुनमा धेरै साथीहरू पनि हुनुहुन्छ होला, उहाँहरूले पनि केही सुझाव दिनुभयोहोला तर अब यहाँ गरिएका व्यवस्थाहरू वास्तवमा धेरै भाषिक कुराहरू मिलाएको जस्तो मैले पाए । त्यस्तो ठुलो अन्तरै होइन । केही भाषिक कुराहरू चै मिलाएको छ, पहिले प्रदेश निजामती सेवा भनेको थियो अहिले प्रदेश सेवा मात्र भनिएको यस्तै यस्तै कुराहरू चै राखिएको मैले पाएँ । त्यसपछि यो प्रदेशसभा सेवा भन्ने थियो हामीले त्यतिखेर राखेको थियौं । अहिले यसको औचित्य छैन भनेर हटाइएको रहेछ । तर पनि हाम्रो प्रदेशको अब संवैधानिक रूपले मिल्ने हो होइन भन्नेमा त म त्यति

जानकार छैन । अन्यथा प्रदेश सेवामा रहेका कर्मचारी हरू पनि सचिव बाहेक अन्य चै नेपाल सरकारका कर्मचारीहरू हुनुहुन्छ जस्तो लाग्छ मलाई । हामीले प्रदेश सेवालाई पनि स्थायी रूपमा काम गर्ने दियौं कर्मचारीलाई हामीले लियौं भने उहाँहरूको इनकरेजमेन्ट हुने उहाँहरू इनकरेज हुने र चै उहाँहरूको आफ्नो वृतिविकासका लागी पनि हामी चै यहाँका स्थायी कर्मचारी हौं है, गर्नुपर्छ भन्ने रेस्पोन्सिविलिटि फिल हुने हुनाले उहाँहरूलाई चै पछि पनि सङ्घीयसरकारका कर्मचारी मात्रै आइराख्ने हुदैनन हामीले प्रदेश सेवाका मान्छेहरू चै, प्रदेशसभाका सेवाका मान्छेहरू चै अलिकति परमानेन्ट रूपले राख्नु पर्ने हो कि, त्यो चै हटाइएको रैछ । औचित्य छैन, राख्नु हुँदैन भन्ने रैछ, कानुनी ढङ्गले मिल्ने होइन भने चै म त्यति जानकार छैन । तर होइन भने त्यो पनि आवश्यक पर्छ होला भन्ने मलाई लाग्छ । त्यसपछि अब शपथ नै छुटेको रहेछ । वास्तवमा पदाधिकारीहरूको शपथ नै छुटेको रहेछ । अब यो थपिएको छ । त्यति ठुलो कुरा पनि भएन । अब आयोगको काम कर्तव्य र अधिकारको कुरालाई कतिपय कुरालाई नियमावलीमा व्यवस्थापन गरौं यो चै कानुनमा नराखौं भन्ने प्रस्ताव आएको छ । जस्तै पाठ्यक्रम निर्माण परीक्षणका कुराहरू छन मेरो विचारमा प्रदेश लोक सेवा ऐन त्यति ठुलो भ्योलुममा पनि हुँदैन । त्यो भएको नाताले कतिपय कुराहरू नियमावलीमा लिदाँखेरि हुन त ठिकै हुन्छ । सरकारले त्यो सजिलै ठान्छ नै त्यो स्वाभाविकढङ्गले तर कानुनमै भयो भने संसद्को ओनरसिप हुन्छ । सरकारको ओनसिप हुँदैन मैले भन्न खोजेको होइन फेरि । तर सरकारलेभन्दासंसद् जवाफदेही भयो भने अ त्यो कानुन चै राम्रो हुन्छ । मलाई लाग्छ यो परीक्षणका कुराहरू पार्टिका निर्धारणका कुराहरू पनि पहिलेको विधेयकमा छ पहिलाको कानुनमा छ र अहिले हटाउ र नियमावलीमा व्यवस्थापन गरौं भनिएको रहेछ । तर त्योभन्दा कानुन मैं हुदाँ राम्रो हुन्छ जस्तो लाग्छ मलाई । ठुलो भोल्युमको अटाउने भएत नियमावलीमा लिदाँ पनि बिग्रिदैन । अन्यथा यो चै त्यति ठूलो भोल्युमको कानुन पनि छैन । प्रदेश लोक सेवाको बारेमा गठन भएको कानुन हो । त्यो भको नाताले यसलाई यहीं राख्दा ठिक हुन्छ कि भन्ने मात्र हो । अनि परीक्षामा किसिमहरूमा पनि वास्तवमा त्यस्तो केही फरक छैन अहिले यो थोरे लिखित परिक्षालाई अलि इम्पोटेन्ट दिइएको र अनिवार्य गरिएको छ र वास्तवमा पहिला पनि त्यो व्यवस्था थियो । त्यसमा त्यस्तो ठुलो परिवर्तन मैले देखिन। अब यो प्रश्न पत्र निमार्णका कुराहरू पनि पहिला कानुनमा व्यवस्था गरिएको थियो अहिले चै होइन नियमावलीमा लैजाउँ भन्ने कुरागरियारैछ । यो पनि मेरो विचारमा अझ संसद्बाटै पास भएको ऐनमा भयो भने राम्रो हुन्छ । मलाई

लाग्छ त्यो त्यति ठुलो भोल्युम हुने र त्यति ठूलो चै ऐन अन्त्यन्तै ठुलो पनि हुने होइन।यी कुराहरू चै नियमावलीमै राख्दा पनि आपत्ति चै होइन तर ऐनबाट सिर्जना गर्दाखेरि त्यो कुरा अझ बढी लेजिटिमेट हुन्छन । अझ बढी चै जवाफदेही हुन्छ । कानुन बाट आयो भने त्यो कुरा चै अझ बढी परिपक्व हुन्छ भन्ने म चै सरकारलाई सुझाव दिन चाहन्छु । अब केही कुराहरू हामी संशोधन पनि राखौंला । संशोधनमा छलफल पनि गरौंला । हामी सबैको दायित्व भनेको हाम्रो संसद्ले बनाएको हाम्रो प्रदेशसभाले बनाएको कानुन चै अन्त्यन्त राम्रा बनोस अब अलि परिपक्व हुँदै पनि गयौं,चार वर्ष त बिताइसक्यौं, पाँचौं वर्षमा हामी छौं भने सरकार पनि अब परिपक्व भएको अवस्था, संसद् पनि परिपक्व भएको अवस्था भएको हुनाले अहिले हामीले कर्मचारी पनि अलि अनुभवि साथीहरू आउनुभएको होला । आउदै गर्नु भएको छ, त्यसले गर्दा पनि हामीले आउने कानुनहरू काचाँकचिला, मैले भनिहाले एउटा प्रदेश लोक सेवाको कानुन दुई जना बसेर दुई दिन एक रातमा लेखेको कानुन हो हामीले वास्तवमा । दिनको तीन बजेसम्म हामीले लेख्यौं । त्यस्तो अवस्था बाट चै अहिले त अब व्यापक छलफल बहस गरेर गर्न पाउने अवस्था भएको नाताले यो कानुनलाई राम्रो अझै महत्व दिउ हामी संशोधन पनि छलफल गरेर गरौं र पास पनि गरौं भन्ने चै म अनुरोध गर्न चाहन्छु, धन्यवाद् ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीलाई प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि सामान्य छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञाशाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

<u>सामाजिक विकास मन्त्री माननीय यज्ञ बहादुर बुढाक्षेत्रीः</u>माननीय सभामुख महोदय, प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको जुन छलफलमा यस गरिमामय संसद्मा सांसद माननीय श्री दल रावलजीले जुन कर्णाली प्रदेश सरकार लाई सुझाव दिएर ध्यान आकर्षण गर्नु भएको छ र यसका निमित्त कर्णाली प्रदेश सरकार माननीय दल रावलजीलाई धन्यवाद दिन चाहान्छ । विशेष गरिकन कर्णाली प्रदेश सरकारले लोक सेवा आयोग ऐन, २०७५ लाई जारी गर्दे गर्दा त्यसबाट उत्पन्न भएका सरकारलाई कार्यान्वयन गर्ने परिस्थितिमा अफ्ठ्यारो प्रावधान भएका कुराहरूलाई प्रदेश सरकारलाई प्रदेश लोक सेवा आयोगलाई व्यवस्थित ढङ्गबाट अगाडि बढाउनका लागि जुन२०७५ लाई संशोधन गर्न जुन विधेयक प्रदेश सरकारले ल्याएको छ, यसमा

माननीय दल रावलजीले राख्नुभएको सुझावमा भाषिक शब्दहरू मिलाएको पाए भनेर जुन सुझाव दिनु भएको छ, र त्यसका निमित्त कर्णाली प्रदेश सरकार धन्यवाद दिन चाहान्छ र लिखित परीक्षालाई विशेष गरिकन महत्व हुन त हिजो पनि २०७५ लोकसेवा ऐन जारी गर्दे गर्दा व्यवस्थित भएको थियो तर त्यलाई चै लिखित परीक्षालाई विषेश गरेर महत्त्व त्यति राखेको थिएन भन्ने कुरामा अहिले विषेश गरेर महत्त्व गरिएको छ भन्ने आफ्नो राय सुझाव पेश गर्नु भएको छ त्यसका निमित्त प्रदेश सरकार सुझावको रूपमा ग्रहण गिररहेको छ र त्यसका साथै कर्णाली प्रदेश सरकारले प्रदेश लोक सेवा ऐनलाई संशोधन गर्न बनेको विधेयक जुन यस गरिमामय सदनमा टेबुल गरेको छ र कर्णाली प्रदेश सरकार लोक सेवा आयोगलाई व्यवस्थित ढङ्गबाट सञ्चालन गर्नको लागि यो विधेयक ल्याएको कुरा गरिमामय सदनमा जानकारी गराउँदै माननीय दल रावलजीले दिनुभएको सुझावलाई कर्णाली प्रदेश सरकारले सुझावको रूपमा ग्रहण गर्दे अगाडि बढ्ने र त्यसको साथै प्रदेश सरकारले धन्यबाद दिँदै म मेरो कुरा यहीं नै अन्त्य गर्छु हवस त धन्यवाद् ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीले सभासमक्ष प्रस्तुत गर्नुभएको प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथीको सामान्य छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू कर्णाली प्रदेशसभानियमावली, २०७४ को नियम १०९ को उपनियम १अनुसार प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमा संशोधनको सूचनापेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीलाई प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधासम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सामान्य छलफलका लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

<u>सामाजिक विकास मन्त्री माननीय यज्ञ बहादुर बुढाक्षेत्रीः</u>प्रदेश लोक सेवा आयोग ऐन, २०७५ बमोजिम नियुक्त भएका प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधासम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक भएकाले सभामा टेबुल भइसकेको प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधासम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथी कर्णाली

प्रदेशसभानियमावली, २०७४ को नियम १०६ बमोजिम सामान्य छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

**<u>माननीय सभामुख:</u>**माननीय सदस्यहरू, प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधासम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सामान्य छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु। छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले सभामुखको ड्यासको बायाँतर्फ रहनुभएको सचिवालका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । सर्वप्रथम माननीय श्री गुलाबजंग शाह, समय ७ मिनेट

**<u>माननीय श्री गुलाबजंग शाह:</u>** माननीय सभामुखज्यू, सरकारले प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधासम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसद्मा प्रस्तुत भएर आज सैद्धान्तिक छलफलमा आज म पनि सहभागी भएको छु । सभामुख महोदय, विधेयकभन्दाबित्तिकैसंसद्को सम्पत्ति, माननीय सदस्यहरूको सम्पत्ति सरकारले विधेयक प्रस्तुत गरिसकेपछि माननीय सदस्यहरूले त्यसमा आफ्ना धारणाहरू राख्ने वास्तवमा एउटा अत्यन्त महत्त्वपूर्ण प्रक्रिया भन्ने मलाई लाग्छ । जब संसद्मा विधेयकहरू आउछन्, सम्पत्तिका रूपमा प्रस्तुत भइसकेपछि सबै सदनले त्यसलाई गम्भीरतापूर्वक छलफल गरेर आफ्ना रायहरू टिप्पणीहरू हामीले राख्दै गरेका छौं । विधेयक जब संसद्मा आउछ, संसद्बाट पास हुन्छ, हामी प्रदेशसभाका सांसदहरू त्यसमा सामेल भएर पास गरिसकेपछि त्यसको ठिक या बेठिक त्यसको जस या अपजस थोरै या बहुत हामी सबै त्यसका सहभागी हुन्छौं । हामी सबैलाई थाहा छ यो कर्णाली प्रदेश आर्थिक उर्पाजनका दृष्टिकोणले सबै प्रदेशहरू मध्येमा सबैभन्दा पछाडि परेको एउटा  प्रदेश पनि हो । हामी सबैलाई पनि थाहा छ हामी सङ्घीय सरकारको अनुदानमा टिक्न पर्ने बाच्न पर्ने प्रदेश मध्येमा एउटा प्रमुख प्रदेशमध्येमा एउटा प्रमुख प्रदेश हो ।  हामीले त्यो संसद्मा पेश गरेको विधेयकलाई हामीले त्यसको जवाफदेहिता सार्वजनिक रूपमा उठ्ने पनि गरेको छ । त्यसलाई पनि हामी गम्भीरताका साथ सहभागी भइरहेका छौं, सहभागी हुनुपर्छ भन्ने मेरो सुझाव छ । जहाँसम्म प्रदेशसभाबाट पास हुने पारिश्रमिक सुविधा छ, यसमा सरकारले केही शीर्षकवाइज यहाँ चाहिँ प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा सदस्यको सेवासुविधा राखेको मैले हेरे । मैले अघिनै उल्लेख गरे जस्तै हामीले सकभर त्यो कानुन बनाइसकेपछि त्यो विधेयक पास गरिसकेपछि बाह्य क्षेत्रबाट पनि यो गरिब प्रदेश आर्थिक उपार्जनको हिसाबमा पछाडि परेको प्रदेश र हामीले पास गरेको कानुन चै अलि

भड्किलो टाइपको नहोस् भन्ने मनसायका साथ हामी जानुपर्छ हामीलाई थाहा छ, अरू प्रदेशका सांसद पनि केही हदसम्म जवाफ दिने वातावरण बन्यो भने हामीले पास गरिसकेपछि पनि त्यसको उत्तरदायित्व, त्यसको जिम्मेवारी बहन गर्नेगरि हामी यसमा सहभागी हुन पऱ्यो भन्न चाहन्छु विशेष गरी । दोस्रो कुरो यसमा जुन खालको खाना लेखिएको छ जुन खालको एउटा कोलम बनाइएको छ, यसको एउटा बेशिकल्ली एउटा स्टाटस त आफ्नो ठाँउमा छदै छ, यहाँ तल लेखिएको छ, प्रदेश लोक सेवाको अध्यक्षलाई चै राजपत्राङ्कित विशिष्टको चै राखिएको छ । सदस्यहरूलाई चै नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको राखिएको छ ।तर त्यसको सेवा सुविधा दिँदा अलि यसमा चै अलि भड्किलो खालको नभइदिए राम्रो हुन्थ्यो उदाहरणको लागि दिन चाहन्छु मैले यसमा सबै जोड्दा अध्यक्षज्यू को चैप्रतिमहिना उनासिहजार एक सय असि त्यसमा तपाईंको चै वार्षिक पाउने साठी हजारबाहेक । टोटयालिटामा एक लाख उन्चालिस हजार करिब हुन आउँछ त्यसमा कुनै सुविधा छ यसमा चै । एक पटकमा फर्निचर भनेर चालिस हजार राखिएको छ । सेवा अवधिभर नलिने गरी एकपटक मात्र। अर्को कुरो चै वार्षिक रूपमा लिने गरिएको छ दश हजारको दरले घरभाडा मर्मत भनेको छ । म यसमा सुझाव के दिन चाहन्छुभन्दा हामी वास्तवमा सम्झौता बेसिसमा हामी भाडामा बसेको हुन्छ, एक वर्षमै हामी चै त्यो घर भाडामा बसिसकेपछि त्यसलाई रिपियर गर्नपर्ने त्यसको चै सैद्धान्तिक रूपमा त्यस्तो मलाई लाग्दैन । एक वर्षमै हामीले त्यो भाडामा बसेको घरलाई मर्मत गरिहाल्ने ? मतलब मैले भन्न खोजेको कुरा यो दश हजार अलि बढी हो कि ? मैले भन्न खोजेको टोटयालिटिमा१ लाख ४९ हजार १ सय ८०अध्यक्ष हुन आउछ भनेदेखि सदस्यको चै एक लाखउन्चालिस हजार हुन आउँछ । मलाई यो अलि बेसि हो कि, त्यसैले चै यसमा सरकारले अलि पुर्नविचार गर्ने हो कि । तथापि यसमा हामी संशोधन त राखौंला नै । तर पनि अलिकति प्रदेशसभाका सदस्यले त्यो कानुन पास गर्दे हुनुहुन्छ, प्रदेशसभाका सदस्यहरू कहाँ हुनुहुन्छ सबैलाई थाहा छ तर प्रदेशसभाले पास गरको कानुनले प्राप्त गर्ने रकमचै अलि बढी सुविधामुखी भयो कि भन्ने मेरो सुझाव छ, हवस त धन्यवाद् ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीलाई प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधासम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सामान्य छलफलका क्रममा माननीय सदस्यले उठाउनु भएका प्रश्न एवम् जिज्ञाशाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय यज्ञ बहादुर बुढाक्षेत्री:**माननीय सभामुख महोदय,यस गरिमाय सदनमा प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवा शर्त र सुविधासम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको छलफलमा माननीय गरिमामय सदनमा सांसद गुलाब जंग शाहज्यू ले सरकारको ध्यानाकर्षण गर्ने क्रममा कर्मचारीको सेवा सुविधाका बारेमा कहिँ यो बढी भयो कि भन्ने कुरालाई यस गरिमामय सदनमा आफ्नो छलफलको विषयमा जुन रोष्टमामा आएर सुझाव दिनुभएको छ । यस सन्दर्भमा उहाँले सर्वप्रथम यो कर्णाली धेरै पछाडि परेको गरिबीको कारणहरू पनि यहाँ राख्नु भयो तर कर्णाली प्रदेश सरकारले कर्णालीका प्रदेश लोकसेवाआयोगका पदाधिकारी एवम्हरूको पारिश्रमिक, सेवा र सुविधा सम्बन्धमा आफ्नो जिम्मेवारी र दायित्व र कर्णाली प्रदेश लाई सुव्यवस्थितलोक सेवा आयोगलाई सुव्यवस्थित बनाउदै र पदाधिकारीहरूलाई प्रोत्साहित हिसाबले इक्षाशक्तिका साथ कर्णाली प्रदेशमा काम गर्ने ऊर्जाशील शक्ति प्रदान गर्नको लागि कर्णाली प्रदेश सरकारले त्यो व्यवस्था गरको छ, किनभने हामीले अनुभव गरिसकेका छौं, विगतका वर्षहरूमा कर्णाली प्रदेश सरकार सञ्चालन गर्ने प्रक्रियामा कर्मचारीहरूको व्यवस्था गर्न नसकि मन्त्रालयबाट गरिनुपर्ने कामहरूका बारेमा कर्णाली प्रदेश सरकार अगाडि बढ्न कठिन भएकै कारणले प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक र सेवा सुविधा सम्बन्धमा जुन यो विधेयकमा छलफलका लागि टेबुल गरेको छ यस गरिमामय सदनमा प्रदेश सरकार गरिमामय सदनप्रति उत्तिकै उत्तरदायि छ र त्यसका निमित्त सरकारले त्यो लोक सेवा आयोगलाई व्यवस्थित गरेर कर्णाली प्रदेशमा व्यवस्थित गरेर कर्णालीका आयोगका पदाधिकारी एवम् कर्मचारीहरूको मनोबल बढाउनका लागि यो सरकारले व्यवस्था गर्न यो विधेयक ल्याएको हो । यसमा गरिमामय सदनका सांसद माननीय गुलावजंग शाहज्यू ले जुन सुझाव दिनु भएको छ यसलाई व्यापक छलफल गरिकन कर्णाली प्रदेश सरकारलाई सहज ढङ्गबाट अगाडि बढ्ने वातावरण बनाउनुहुनेछ भन्दै माननीय गुलावजंग शाहज्यूलाई धन्यवाद ज्ञापन गर्दै बिदा हुन्छु हवस् त धन्यवाद ।

**माननीय सभामुख:**माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीले सभासमक्ष प्रस्तुत गर्नुभएको प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधासम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सामान्य छलफल समाप्त भएको जानकारी गराउँछु। माननीय सदस्यहरू कर्णाली प्रदेश नियमावली, २०७४ को नियम १०९ को उपनियम १अनुसार प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवाका शर्त र

सुविधासम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको सूचना जानकारी गराउँदछु ।

माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीलाई मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार र सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि सामान्य छलफलका लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय यज्ञ बहादुर बुढाक्षेत्री:**माननीय सभामुख महोदय, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बन्धी ऐन, २०७५ लाई नेपालको संविधान अनुकूल बनाउन प्रदेश सरकारको हक हित वा सरोकारको विषय समावेश भएको मुद्धा मा प्रभावकारी रूपमाप्रतिरक्षाको लागि थप व्यवस्था गर्न र मुख्य न्यायाधिवक्ताले पाउने पारिश्रमिक बाहेक अन्य सुविधालाई स्पष्ट गर्न कानुनी व्यवस्था आवश्यक भएकोले सभामा टेबुल भइसकेको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथी कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सामान्य छलफल गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुख:**माननीय सदस्यहरू, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथीको सामान्य छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु । छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले सभामुखको ड्यासको बायाँतर्फ रहनुभएको सचिवालका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । सर्वप्रथम माननीय श्री पद्मा खड्का, समय ७ मिनेट

**माननीय श्री पद्मा खड्का:**सभामुख महोदय, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी बनेको ऐन, २०७५ लाई संशोधन गर्न बनेको जुन विधेयक टेबुल भएको छ र त्यसमाथी आफ्ना सैद्धान्तिक धारणा राख्न म यहाँ उपस्थित भएको छु । सर्वप्रथम कर्णाली प्रदेश सरकारलाई कानुनी अफ्ठ्याराहरू र सरकारका कामकारबाहीका कानुनी समस्याहरूलाई पैरवि गर्न र विभिन्न सरकारका कामकारबाहीमा आइपर्ने अफ्ठ्याराहरूलाई सहज रूपमा कार्यान्वयन गर्नका लागि एउटा पैरविको भूमिका निर्वाह गर्ने जुन एउटा महत्वपुर्ण भूमिका खेल्नको लागि नियुक्ति गर्ने

एउटा मुख्य पद छ, मुख्य न्यायाधिवक्ताको र यसले के के काम गर्ने भन्ने विषयमा हामीले जुन ऐन निमार्ण गर्‍यौं, २०७५ तर हामीले कर्णाली प्रदेशसभा को यो संसद्मा अलि हतार गरेर अलि हामीले व्यवस्थित गर्न नसकेर र छिटो पनि गराउन थियो, र हामीले छिटै ऐन अगाडि ल्याएको अवस्था र कार्यान्वयनमा जाँदा जुन अफ्ठ्यारो आयो जुन समस्या आयो र संशोधनमा आयो र यो प्रक्रियाले गर्दा हामी कानुन निमार्णमा हुन त हामी यो पहिलो कर्णाली प्रदेशसभा को कानुन निमार्णको चरणमै छौं, हामी सिक्दै पनि छौं । त्यसै कारणले पनि हाम्रा केही अपुगता हरू यहाँ देखिएका होलान् तरपनि संशोधन आइसक्दा अझैपनि हामी यसलाई संशोधनमार्फत् फेरि यसलाई व्यवस्थित गरेर कानुन निमार्णमा हाम्रो महत्त्वपूर्ण भूमिका हुनेछ । र मलाई लाग्छ संविधानको धारा १६० ले जे व्यवस्था गरिएको छ, मुख्य न्यायाधिवक्ता महान्यायाधिवक्ताको जुन मातहतमा रहने गरी जुन व्यवस्था गरिएको छ, त्यो व्यवस्थालाई पनि हामी ले मध्यनजर गर्दे र हामीले त्यस कार्यालयमा राख्ने विभिन्न कर्मचारी संयन्त्र कस्तो खालको राख्दा अझ कर्णाली प्रदेश सरकारलाई प्रभावकारी कार्यान्वयन गर्न सहज हुन्छ भन्ने कुरामा हामीले अलिकति सहज रूपले छलफल र बहस गरेर एन बनाउँदा आउन पर्थ्यो आउन सकेन र अझ यसलाई राम्रो गराउन, अझ यसलाई सुव्यवस्थित गराउन पक्कै पनि उच्च अदालतको न्यायधिश कम्तीमा पनि यो मुख्य न्यायाधिवक्ताको कार्यालय हाक्ने एउटा सिपाहि नियुक्ति गर्न सकियो भने पक्कै कर्णाली प्रदेश सरकारले सहज रूपमा आफ्ना कामकारबाहीहरूलाई अगाडि बढाउन सक्नेछ । सरकारलाई कानुनी बाटोहरू सहज रूपमा सरसल्लाह दिन सक्नेछ, र विभिन्न सरकारले गरेर वा नगर्दा कहिलेकाहीं जानेर वा नजानेर गरेका कामहरूलाई सहज रूपले कानुनी वकालत गर्न सक्नेछ, त्यो पाटोमा अगाडि बढाउन सक्नेछ र त्यसैकारणले पनि हामीले ऐन बनाउँदा हतार नगरीकन संविधानले दिएको जुन व्यवस्था छ, र हामीले बनाउन सक्ने कर्णालीको आधारलाई टेक्ने र हामीले ऐन बनाउन सक्यौं भने पक्कै पनि कर्णालीका लागि एउटा राम्रो कार्यान्वयन गर्न सक्नी र सहज सरल ऐन बन्ने छ भन्ने कुरा राख्दै मेरो भनाइ यहीं अन्त्य गर्छु धन्यवाद ।

<u>माननीय सभामुखः</u>माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीलाई मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथी सामान्य छलफल क्रममा माननीय सदस्यले उठाउनु भएका प्रश्न एवम् जिज्ञाशाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय यज्ञ बहादुर बुढाक्षेत्री:**माननीय सभामुख महोदय, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथी को सामान्य छलफलमा माननीय पद्मा खड्काज्यूले आफ्ना राय एवम् सुझावहरू प्रस्तुत गर्नु भएको छ र कर्णाली प्रदेश सरकार यो गरिमामय सदनप्रति उत्तरदायी छ र यसका निमित्त जुन हामीले कर्णाली प्रदेश मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्तसम्बन्धी जुन ७५ मा जुन ऐन ल्यायौं त्यो एकदम हतारमा ल्यायौं अब यो जुन संशोधन गर्न कानुन सम्बन्धी व्यवस्थाका निमित्त जुन सरकारले जुन विधेयका रूपमा ऐन संशोधन गर्न जुन विधेयक ल्याएको छ जुन टेबुल गरेको छ । अब यसका निमित्त व्यापक बहस र छलफल गरिकन मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको निमित्त कर्णाली प्रदेश यस गरिमामय सदनले जुन पास गर्नुपर्ने अवस्थामा व्यापक छलफल हुनुपर्छ भन्ने जुन सुझाव दिनुभएको यसका निमित्त कर्णाली प्रदेशका सरकारले सहज स्वीकार गर्नेछ र त्यसपछि धन्यवाद पनि कर्णाली प्रदेश सरकार दिन चाहान्छ । यसका निमित्त जुन कानुनी दृष्टिकोणलाई मुख्य न्यायाधिवक्ताको जुन सुझाव र सल्लाहको आवश्यकतालाई व्यवस्थित गर्न र सञ्चालन गर्नका लागि यो संशोधन विधेयक कर्णाली प्रदेश सरकारले ल्याएको छ । र कर्णाली प्रदेश सरकार यो सदनप्रति जिम्मेवारी र दायित्व बोध गर्ने कर्णाली प्रदेश सरकार भएका कारणले माननीय सांसदज्यूको सुझावलाई सहर्स स्वकिार गरेर अगाडि बढ्ने कुरा पनि म यहाँ राख्नचाहन्छु । र पुनः म धन्यवाद दिन चाहन्छु, हवस् त धन्यवाद ।

**माननीय सभामुख:**माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री यज्ञबहादुर बुढाक्षेत्रीले सभासमक्ष प्रस्तुत गर्नु भएको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउँछु। माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०९ को उपनियम १अनुसार मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँदछु । माननीय सदस्यहरू अब यो बैठक २०७८ साल चैत्र २५ गते शुक्रवार दिनको ३बजेसम्मको लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेशसभा

नवौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७८ चैत्र २५ गते

शुक्रवार

(बैठक संख्या-१९)

मानननीय सभामुखः माननीयसदस्यहरू, नवौं अधिवेशनको उन्नाइसौं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश लोक सेवा आयोग ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक सामान्य छलफल समाप्त भई सो विधेयकमाथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीयश्री हिम बहादुर शाहीलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ बमोजिम थप छलफलका लागी समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु।

आन्तरिक मामिला तथा कानून मन्त्री माननीय हिम बहादुर शाही: माननीय सभामुखज्यु,प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई प्रदेश लोक सेवा आधार र मापदण्ड निर्धारण ऐन,२०७५ अनुकूल बनाउन सो ऐनमा रहेका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट गर्न र स्थानीय तहमा रिक्त पदपूर्ती गरी सेवा प्रवाह र विकास निर्माणलाई प्रभावकारी बनाउन कानूनी व्यवस्था गर्न आवश्यक भएकोले यस सभामा टेबुल भई सामान्य छलफलसमेत समाप्त भईसकेको प्रदेश लोक सेवा ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकोले उक्त विधेयकमाथिदफावार छलफलका लागी कर्णाली प्रदेशसभा नियमावली,२०७४ को नियम १०७ को उपनियम १ को ख बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाउन सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

माननीय सभामुखःमाननीय सदस्यहरू परदशे लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि थप  छलफल र आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीले राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्हरुले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाइ संशोधन गर्न बनेको विधेयकमा थप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका आन्तरिकमामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीले राख्नुभएको प्रस्ताव सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ माथि सामान्य छलफल समाप्त भई सो विधेयकमाथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४को नियम १०७ बमोजिम थप छलफलका लागि समितिमा पठाइयोस् भन्ने प्रस्तावमाथि छलफल गर्न समय दिन्छु ।

<u>आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टः</u> माननीय सभामुखज्यू कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई निरन्तरता दिन र आगामी बजेट प्रक्रियालाई सहजता दिलाउन आवश्यक भएकोले सभामा टेबुल भई सामान्य छलफल समेत भै सकेको कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८माथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकाले उक्त विधेयकमाथि दफावार छलफलका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को (ख) बमोजिम अर्थतथा प्राकृतिक स्रोत समितिमा पठाउन प्रस्ताव गर्दछु । धन्यवाद ।

<u>माननीय श्री सभामुखः</u>माननीय सदस्यहरू कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक २०७८, माथि थप छलफल गर्न आवश्यक भएकाले सम्बन्धित समितिमा पठाउन उपयुक्त छ भनी  कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्हरुले "हुन्छ" भन्नुहोस्,

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्हरुले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थकर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन विधेयक, २०७८ मा थप छलफल गर्न आवश्यक भएकाले अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री बिन्दमान विष्टले राख्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक सेवाकाशर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सामान्य छलफल समाप्त भई सो विधेयकमाथि शंसोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ बमोजिम थप छलफलका लागि समितिमा पठाईयोस भन्ने प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

<u>आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाही:</u>माननीय सभामुख ज्यू प्रदेश लोक सेवा आयोग ऐन, २०७५बमोजिम नियुक्त भएका प्रदेश लोक सेवा आयोगका पदाधिकारीका पारिश्रमिक सेवाका सर्त र सुविधा सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक भएकाले सभामा टेबुल भई सामान्य छलफल समेत समाप्त भई सकेको प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भउकाले उक्त विधेयकमाथि दफावार छलफलका लागी कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को (ख) बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाउन सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेकोविधेयकमाथिथप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीले राख्नुभएको प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक सेवाका शर्त र थप सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा थप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीराख्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार जस्ता सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि सामान्य छलफल समाप्त भई सो विधेयकमाथि शंसोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीलाई कर्णली प्रदेश नियमावली, २०७४को नियम १०७ बमोजिम थप छलफलका लागि समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

<u>आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीः</u> माननीय सभामुखज्यू मुख्यन्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई नेपालको संविधान अनकुल बनाउन प्रदेश सरकारको हक हित वा सरोकारको विषय समावेश भएको मुद्दामा प्रभावकारी वाप्रतिरक्षाको लागि थप व्यवस्था गर्न र मुख्यन्यायाधिवक्ताले पाउने पारिश्रमिक बाहेक अन्य सुविधालाई स्पष्ट गर्न कानूनी व्यवस्था आवश्यक भएकाले सभामा टेबुल भएको छ सामान्य छलफल समेत भैसकेको मुख्यन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकाले उक्त विधेयकमाथि दफावार छलफलका लागि कर्णालीप्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को (ख) बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाउन सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

<u>माननीय सभामुखः</u> माननीय सदस्यहरू मुख्यन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि थप छलफल गर्न आवश्यक भएकाले विधायन तथा प्रदेश मामिला समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीले राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला,

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्,

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ मुख्यन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमा थप छलफल गरेन आवश्यक भएकाले विधायन तथा प्रदेश मिमिला समितिमा पठाउन उपयुक्त छ भनी कर्णालि प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री हिम बहादुर शाहीले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १४९ कोउपनियम १ मा भएको व्यवस्थाअनुसार माननीय श्री कृष्ण शाहलाई सामाजिक विकास समितिमा, माननीय श्री रातो कामीलाई अर्थ तथा प्राकृतिक स्रोत समिति र माननीय श्री विर बहादुर शाहीलाई समाजिक विकास समितिमा हेरफेरको प्रस्ताव गरेको छु ।

माननीय सदस्यहरू अब म विषयगत समितिमा रहनुहुने माननीय सदस्यहरूको नामावली हेरफेरसम्बन्धी प्रस्तावलाई सभाद्वारा अनुमोदनका लागि पेश गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला,

यो पक्षको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला,

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्,

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्

"हुन्न" भन्ने आवाज सुनिएन तशर्थ सदस्यहरूको समिति हेरफेरसम्बन्धी प्रस्ताव सभाबाट सर्वसम्मतिले अनुमोदन भएको घोषणा गर्दछु । माननीय सदस्यहरू अब योबैठक अर्को सूचना नभएसम्मका लागि स्थगित हुन्छ ।